# शिक्षक निर्देशिका

## माध्यमिक तह, कक्षा : १०

## विषय : नेपाली

पृष्ठपोषण प्राप्तिका लागि

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८१

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

## हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यही पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाल सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन तथा सम्पादन प्रा.डा. ऋषिराम शर्मा, श्री देवीदत्त पौडेल, श्री लेखनाथ दहाल, श्री चिनाकुमारी निरौला र श्री इन्दु खनालबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल र विषय समितिका पदाधिकारी प्रा.डा. गोपीन्द्रकुमार पौडेल, डा. धनप्रसाद सुवेदी, डा. केशव भुसाल, डा. जानुका नेपाल, डा. सीता सुवेदी पन्थी, श्री बुद्धिसागर अधिकारी र टुकराज अधिकारीको योगदान रहेको छ । यस निर्देशिकाको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

शिक्षक निर्देशिका शिक्षकलाई कार्यगत प्रशिक्षण दिने र सिकाइ सहजीकरण प्रक्रियामा नवीन प्रविधिसँग सधैँ सक्रिय राख्ने पूरक सामग्री हो । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षकता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । यसमा दिइएका क्रियाकलापलाई शिक्षकले आधारका रूपमा उपयोग गरी

उत्पादनमूलक क्रियाकलापका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र धारणको विकास गराई सिकेका विषयवस्तुलाई प्रयोगिक बनाउन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ । कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सहज होस भन्ने ध्येय यस निर्देशिकाको रहेको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ । यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

पाठ्यक्रम विकास केन्द्र

# शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू

## पृष्ठभूमि

नेपाली विषय कक्षा १० को यो शिक्षक निर्देशिका शिक्षकलाई नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यसामग्रीको सिकाइ सहजीकरणका लागि मार्गदर्शन गर्ने सामग्री हो । यसको प्रयोगले शिक्षकमा पाठ्यक्रम तथा पाठ्यसामग्रीमा रहेका विषयवस्तुको सहजीकरण गर्ने केही नवीन पद्धति उजागर हुन सक्छ । यसमा पाठ्यसामग्रीका प्रत्येक पाठका क्रियाकलाप सहजीकरण गराउनका लागि पाठगत परिचय, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्रगत योजना,शैक्षणिक सामग्री, सुरुआती क्रियाकलाप, विषयवस्तुसम्बद्ध क्रियाकलाप र मूल्याङ्कन खण्डका क्रियाकलाप दिइएको छ । नेपाली विषयको कक्षा १० को यो शिक्षक निर्देशिका प्रयोग गर्नुपूर्व यस खण्डमा दिइएका सबै पक्ष अध्ययन गर्नुहोस् :

१. नेपाली विषय कक्षा १० को पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासमा केन्द्रित शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्य/कार्य, सिर्जना र परियोजना कार्यलाई समेत ध्यान दिइएको छ । शिक्षक निर्देशिकाले यिनै क्रियाकलापमा आधारित भएर सहजीकरण क्रियाकलाप योजना तथा सिकाइ विधिका विभिन्न क्रियाकलाप प्रस्ताव गरेको छ । यो एउटा नमुना मात्र हो । शिक्षक वर्ग लामो समयदेखि कक्षाकोठामा शिक्षण अनुभव गरिरहनुभएको हुँदा यसमा मात्र सीमित नभई विभिन्न विधि र रणनीति अवलम्बन गरेर विद्यार्थीका सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न अग्रसर हुनुहोस् ।

२. यहाँ प्रस्तुत गरिएका क्रियाकलाप सामान्यतः औसत विद्यार्थीलाई आधार मानी तयार गरिएको हुन्छ । यद्यपि हाम्रा कक्षाकोठाको स्वरूप फरक फरक हुन सक्छ । जस्तै : मातृभाषा नेपाली हुने, दोस्रो भाषाका रूपमा नेपाली सिक्ने, विभिन्न प्रकृतिका अपाङ्गता भएका, फरक फरक सामाजिक पृष्ठभूमिबाट आएका आदि । त्यसैले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आफ्नो कक्षाकोठाको विशेषतालाई पहिचान गरी शिक्षण तथा मूल्याङ्कन विधिमा समेत विविधता ल्याई सहजीकरण गर्नुहोस् ।

३. हाल विद्यमान पाठ्यक्रम सक्षमतामा आधारित रहेको र यो व्यक्तिको व्यवहार पक्षसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले शिक्षणका विषयवस्तुका साथै सिकाइ विधि, व्यवहारकुशल सिप विकासका लागि बढी महत्त्वपूर्ण मानिन्छ । कक्षाकोठमा हुने सिकाइ विधिमा विविधता र सान्दर्भिकता व्यक्तिको सक्षमता विकासको आधार मानिएको छ । तसर्थ प्रस्तावित क्रियाकलापमा मात्र सीमित नभई विषयवस्तुअनुसार विधिको चयन र प्रयोग पक्षमा विशेष रूपमा शिक्षकको थप भूमिकाको अपेक्षा गरिएको छ ।

४. दैनिक सिकाइ क्रियाकलापले अनुभवलाई अझ निखार्दै लैजान सहयोग पुऱ्याउने र सिकाइका नयाँ नयाँ विधि पहिचान र प्रयोग गर्न सहयोग पुऱ्याँउने हुँदा दैनिक सिकाइको प्रतिविम्बन लेखन गर्ने र यसलाई निरन्तरता दिने प्रयास गर्नुहोस् ।

५. पाठ्यक्रममा समावेश गरिएका प्रत्येक क्रियाकलाप गराउँदा सिकारुको सिकाइ सहभागितामा विशेष ख्याल गर्नुहोस् । यसका लागि सिकाइमा जिज्ञासा राखे नराखेको, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिए नलिएको, आफ्ना विचार सहज तरिकाले प्रस्तुत गरे नगरेको तथा दिइएका सम्पूर्ण कार्यमा स्वयम्को अग्रसरता रहे नरहेको समेतलाई ख्याल गरी सिकाइ प्रक्रियामा सहभागी गराउनुहोस् । विद्यार्थीको आन्तरिक मूल्याङ्कनमा यिनै पक्षलाई आधार मानिने हुँदा सिकाइकै क्रममा अवलोकन गरी अभिलेखीकरणसमेत गर्नुहोस् ।

६. दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूमा विशेषतः उच्चारणमा समस्या, शब्दभण्डारमा सीमितता, बोधमा समस्या, वाक्यमा सङ्गतिको समस्या, व्याकरणिक समस्या हुन सक्ने हुँदा यसतर्फ विशेष ध्यान दिई थप अभ्यासको अवसर र सहयोग प्रदान गर्नुहोस् ।

७. सिकारुको सिकाइको अवस्थाअनुरूप सिकाइ रणनीतिको उपयोग र सुधारात्मक सिकाइ सहजीकरण अवलम्बन गर्न सहज हुने गरी कक्षाकोठाको बसाइ व्यवस्थापन गर्नुहोस् ।

८. विद्यार्थीलाई सिकाइमा सक्रिय बनाइराख्न कक्षामा सिकाइ स्तर समूह पहिचान गरी यस्ता समूहलाई समूहगत सिकाइका लागि परिचालन गर्नुहोस् साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरलगायत आधारमा क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गर्छौं, तपाईं गर्नुहोस्) लाई उपयोग गर्नुहोस् ।

९. विषयवस्तुको प्रकृतिअनुसार विषयवस्तु सहजीकरणको आरम्भ, विस्तार र समापन योजना तय गर्नुहोस् । यसका लागि तत्परता विकाससम्बन्धी क्रियाकलाप, ज्ञान आर्जनसम्बन्धी क्रियाकलाप, सिप विकाससम्बन्धी क्रियाकलाप, अभिवृत्ति विकाससम्बन्धी क्रियाकलाप, मूल्यमान्यता विकाससम्बन्धी क्रियाकलाप, (छलफल, समूह कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, प्रश्नोत्तर आदि) गराउनुहोस् ।

१०. पाठ्यपुस्तकमा आएका चित्रात्मक तथा सन्दर्भगत क्रियाकलाप पाठ सुरु गर्नुपूर्व विद्यार्थीको मस्तिष्क मन्थनका लागि आएकाले विद्यार्थीको सो विषयस्तुसँग सम्बन्धित पूर्वज्ञान, अनुमान जस्ता क्रियाकलाप मूल पाठमा आएका विषयवस्तुसँग जोड्न सोही मर्मअनुसार गराउनुहोस् ।

११. भाषिक प्रकार्य/कार्यको अभ्यास गराउँदा विद्यार्थीमा सन्दर्भपरक स्वभाषिक प्रस्तुतिमा जोड दिनुहोस् । यसमा विद्यार्थीको व्यक्तिगत भाषिक पक्ष महत्त्वपूर्ण हुने भएकाले प्रथम पुरुष एकवचनमा आफ्ना विषयसम्बद्ध विचार प्रस्तुत गर्ने अवसर दिनुहोस् । भाषिक प्रकार्य/कार्यको अभ्यास संवादात्मक रूपमा समूहमा गराउँदा पनि व्यक्ति केन्द्रित प्रथम पुरुष र एकवचनमा प्रस्तुत गर्न लगाउनुहोस् । यसमा विद्यार्थीलाई आफ्नो मातृभाषामा सिकाइ सहज हुने भए त्यसबाट पनि सहयोग र उपयोग गर्न सकिन्छ ।

१२. सिर्जनात्मक कार्य गराउँदा भाषिक उत्पादन र पुनरुत्पादनमा जोड दिनुहोस् । यसका लागि एक सन्दर्भ वा परिवेशमा सिकिएका विषयवस्तु उस्तै मिल्दो सन्दर्भ वा परिवेशमा प्रयोग गर्न प्रवृत्त गराउनुहोस् । यसका लागि मौलिक प्रस्तुतिलाई प्राथमिकता दिनुहोस् ।

१३. परियोजना कार्य भाषिक सिप विकासका लागि खोज तथा अनुसन्धानमूलक विषयवस्तु भएकाले विषयवस्तुको प्रकृति र आवश्यकताअनुसार एकल, युगल वा समूहमा सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस् । परियोजना कार्यका लागि विद्यालय पुस्तकालय, साझा सञ्जाल र परिवार वा समुदायलाई सिकाइ थलाका रूपमा उपयोग
गर्नुहोस् ।

१४. पाठ्यक्रम तथा पाठ्यसामग्रीमा गहन पठन र विषयवस्तुको बुझाइका लागि प्रश्न निर्माण, पाठगत संरचनाको ज्ञान जस्तै, पाठभित्रका अनुच्छेद संरचना, वाक्य संरचना पहिचानका लागि दिइएका सन्दर्भमा जोड दिएर प्रस्तुत भएका अंशले भन्न खोजेका कुरा आदि, मध्य र अन्त्यको संरचनामा व्यक्त गर्ने प्रयोजनका लागि व्याख्या खण्ड राखिएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१५. सुनाइ तथा बोलाइ सिपको विकासका लागि मूल पाठका साथै सुनाइ पाठ राखिएकाले केन्द्रको वेबसाइट www.moecdc.gov.np मा राखिएका सुनाइ पाठ सुनाएर पाठगत प्रश्नोत्तर अनिवार्य रूपमा गराउनुहोस् । इन्टरनेटको पहुँच नभएका क्षेत्रमा वैकल्पिक उपाय अवलम्बन गरी सुनाइ क्रियाकालाप गराउनुपर्ने छ । सुनाइ पाठ आवश्यक भएमा यसै निर्देशिकाको अन्त्यमा राखिएको छ ।

१६. निर्देशिकामा बोध र अभिव्यक्ति खण्डमा आउने अनुच्छेदबाट बोधसँगै सम्बन्धित पाठसम्बद्ध भाषिक संरचना पक्षलाई सामान्य परिचय गराउने गरी क्रियाकलाप राखिएको छ । विस्तृतरूपमा भाषिक संरचना खण्डमा सिकाइ हुने भएकाले भाषिक संरचनाको सामान्य क्रियाकलाप अनुच्छेदसँगै पनि अभ्यास गराउनुहोस् ।

१७. आन्तरिक मूल्याङ्कनका लागि विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्यालाई सिकाइ सहजीकरणकै क्रममा उपयोग गर्नुहोस् । यस अवस्थामा विद्यार्थीको रुचिलाई ख्याल गर्दै जानेका विद्यार्थीलाई थप अभ्यास

वा सहपाठी शिक्षणको अवसर दिई सिकाइ सबलीकरण एवम् सुधार आवश्यक भएका विद्यार्थीलाई सुधारात्मक सिकाइको अवसर प्रदान गर्नुहोस् ।

१८.सिकाइ सहजीकरणका लागि कक्षामा जानुपूर्व सिकाइ सामग्री तयार पार्नुपर्ने हुँदा यसतर्फ विशेष सचेत बन्नुहोस् । विद्युतीय सामग्री तयार गर्दा विद्यार्थी सङ्ख्या र समावेशी अवस्थालाई मध्यनजर गरी पावरप्वाइन्टको डिजाइन, रखाइ क्रम, रङ संयोजन, चित्र र अक्षर साइजमा विशेष ध्यान दिनुहोस् ।

**पाठ : १** **उज्यालो यात्रा**

**विधा : कविता** **कार्यघण्टा : १०**

**परिचय**

कवि रामप्रसाद ज्ञवाली (२०२४) द्वारा रचित ‘उज्यालो यात्रा’ नीतिपरक कविता हो । यस कवितालाई सहजीकरण गराउँदा नीतिपरक चित्र, फुटकर कविता तथा गीत आदिका नमुना सङ्कलन र प्रदर्शन गराएर छलफल गराउनुपर्छ । विषयवस्तुको अनुमान, कल्पना, धारणा निर्माण, कविताको संरचना, शैली, छन्दोबद्ध (पद्य) कवितामा हुने गति, यति, लय, मात्रा र गणको सामान्य परिचय दिनु राम्रो हुन्छ । यस्तै गद्य कविताका पनि केही नमुना देखाई गद्य र पद्य कविताको लय विधानबिच हुने अन्तरबारे सामान्य जानकारी दिएर धारणा स्पष्ट पारिदिनु उपयुक्त हुन्छ । नीतिपरक कविता शिक्षण गराउँदा असल आचरण र बानीका विविध उदाहरणको प्रस्तुतिबाट पनि विद्यार्थीमा उत्प्रेरणा जगाउन सकिन्छ ।

पाठको सहजीकरण तथा सबलीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइका सिप विकासमा केन्द्रित हुनुपर्छ । शिक्षकले सहजकर्ता, उत्प्रेरक, खोजकर्ता एवम् रचनाकारका रूपमा भूमिका खेल्दै कविता सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक तथा रुचिकर बनाउनुपर्छ । विद्यार्थीमा कविता वाचनको गेयात्मक सिपको विकास गराउनुपर्छ । यसमा विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । नैतिक आचरणसम्बद्ध चित्र वा प्रसङ्गको वर्णन, कविताको संरचना पहिचान, लयबद्ध पठनपश्चात् शब्दभण्डारअन्तर्गत पर्यायवाची र विपरीतार्थी शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, अनुप्रासको पहिचान, शब्दोच्चारण, शब्दार्थ र प्रयोग, उच्चार्य र लेख्य वर्ण पहिचान, बोधात्मक प्रश्नोत्तर, भावबोध, व्याख्या, लामा तथा छोटा प्रश्नोत्तर, पाठगत बोध आदिका अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र नै विनयशीलतासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत पदवर्गको पहिचान र प्रयोग, व्याकरणिक पदक्रमका आधारमा गद्यमा रूपान्तरण, शब्दको सुरु, मध्य र अन्त्यमा ह्रस्व इकार लागेका शब्दको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ १ मा आधारित भई वा पाठसँग सन्दर्भ मिल्ने अन्य कविता सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ १ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • नीतिपरक विषयवस्तुमा आधारित छलफल<br>• संरचना तथा अनुप्रास पहिचान<br>• लयबद्ध वाचन<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गरी भन्न<br>• कविताको संरचना पहिचान गर्न<br>• गति, यति र लय मिलाएर कविता वाचन गर्न<br>• निर्दिष्ट शब्द शुद्ध उच्चारण गर्न<br>• निर्दिष्ट शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न<br>• शब्दको आदि, मध्य र अन्त्यमा ह्रस्व इकार लागेका शब्द पहिचान गरी प्रयोग गर्न | • जनक, व्यास, बुद्ध, वाल्मीकि आदि आदर्श व्यक्तिका तस्बिर<br>• नैतिक आचरण झल्कने श्रव्यदृश्य सामग्री<br>• कविमा दिइएको तस्बिर<br>• कविताको संरचनाका नमुना<br>• श्लोकपत्ती<br>• कविता वाचनको श्रव्य सामग्री/ दृश्य सामग्री<br>• शब्द र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश<br>• प्रश्नोत्तर चार्ट | १ |
| **दोस्रो दिन** | • लयबद्ध वाचन (पुनरावृत्ति)<br>• कविताको भावबोध (१ – ७ श्लोक)<br>• बोधात्मक प्रश्नोत्तर | • कवितालाई लयबद्ध वाचन गर्न<br>• निर्दिष्ट कवितांशको भावबोध गर्न<br>• निर्दिष्ट श्लोकभित्रका विषयवस्तु बोध गरी प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | • श्लोकपत्ती तथा कविता वाचनको श्रव्य सामग्री वा दृश्य सामग्री<br>• भाव लेखिएको पत्ती<br>• बुँदापत्ती<br>• बोध प्रश्नोत्तरको नमुना चार्ट<br>• पदवर्गका प्रकार र उदाहरणको तालिका वा स्लाइड | १ |
| **तेस्रो दिन** | • कविताको भावबोध<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट कवितांशको भावबोध गर्न<br>• निर्दिष्ट श्लोकभित्रका विषयवस्तु बोध गरी प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• भावपत्ती<br>• बुँदापत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• पदवर्गका प्रकार र उदाहरणको तालिका वा | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | स्लाइड | |
| **चौथो दिन** | • पाठगत शब्दार्थ<br>• पर्यायवाची शब्द पहिचान र प्रयोग<br>• विपरीतार्थी शब्द पहिचान र प्रयोग<br>• उच्चार्य र लेख्य वर्ण पहिचान<br>• बोधात्मक प्रश्नोत्तर | • अर्थका आधारमा पाठबाट शब्द पहिचान गर्न<br>• पर्यायवाची शब्द पहिचान गरी प्रयोग गर्न<br>• विपरीतार्थी शब्द पहिचान गरी प्रयोग गर्न<br>• लेखन र उच्चारणमा फरक हुने पाठगत शब्द पहिचान र शब्दोच्चारण गर्न<br>• तोकिएको कवितांश पढी उत्तर बताउन | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश<br>• लेखन र उच्चारणमा फरक हुने पाठगत शब्दको सूची<br>• बोध प्रश्नोत्तर सूची | १ |
| **पाँचौं दिन** | • बोधात्मक प्रश्नोत्तर<br>• सङ्क्षिप्त प्रश्नोत्तर<br>• व्याकरणिक पदक्रम | • तोकिएको कवितांश पढी उत्तर बताउन<br>• सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिन<br>• पद्य कवितालाई व्याकरणिक पदक्रम मिलाई लेख्न | • बोध प्रश्नोत्तर सूची<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• कवितालाई व्याकरणिक पदक्रममा परिवर्तन गरिएको नमुना चार्ट | १ |
| **छैटौं दिन** | • भाव विस्तार<br>• मूल भाव लेखन | • निर्दिष्ट कवितांशको भाव विस्तार गर्न<br>• कविताको मूल भाव लेख्न | • भाव विस्तारको नमुना<br>• बुँदापत्ती | १ |
| **सातौं दिन** | • विषयवस्तुको बोध र प्रतिक्रिया<br>• छलफल र निष्कर्ष प्रस्तुति<br>• बोधात्मक प्रश्नोत्तर | • विषयवस्तु बोध गरी प्रतिक्रिया दिन<br>• निर्दिष्ट विषयवस्तुबारे साथीबिच छलफल गरी निष्कर्ष प्रस्तुत गर्न<br>• निर्दिष्ट अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन | • श्लोकपत्ती<br>• अनुच्छेदपत्ती<br>• निर्दिष्ट भनाइको सूची<br>• भाषिक संरचना र वर्णविन्याससम्बन्धी प्रश्न | १ |
| **आठौं दिन** | • भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ १) | • विनयशीलतापूर्वक भाषिक सञ्चार गर्न<br>• सुनाइ पाठ १ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • श्रव्य सामग्री/दृश्य सामग्री<br>• प्रश्नोत्तर चार्ट<br>• अनुच्छेदपत्ती | १ |
| **नवौं दिन** | • पदवर्गको पहिचान र प्रयोग<br>• अनुच्छेद रचना<br>• ह्रस्व इकारको पहिचान र प्रयोग (वर्णविन्यास)<br>• कविता सङ्कलन (परियोजना कार्य) | • पदवर्ग पहिचान गरी प्रयोग गर्न<br>• विभिन्न पदवर्ग विचलन भएका शब्दको प्रयोग गरी अनुच्छेद रचना गर्न<br>• शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार (ि) को पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट विषयवस्तु पहिचान गरी प्रस्तुति दिन | • पदवर्गका प्रकारअनुसारको उदाहरण तालिका<br>• वाक्यपत्ती<br>• शब्द तालिका<br>• अनुच्छेदपत्ती | १ |
| **दसौं दिन** | • कविता सङ्कलन र प्रस्तुति<br>• (परियोजना कार्य)<br>• कविता रचना (सिर्जनात्मक कार्य) | • विभिन्न स्रोतबाट कविता सङ्कलन गरी लयबद्ध वाचन गर्न<br>• विद्यार्थी जीवन शीषकमा कविता रचना गर्न | • कविता चार्ट<br>• कविताको श्रव्य सामग्री/दृश्य सामग्री | १ |

| जम्मा कार्यघण्टा | १० |
|---|---|

## पहिलो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| नीतिपरक विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गरी भन्न | • जनक, व्यास, बुद्ध, वाल्मीकि आदि आदर्श व्यक्तिका तस्बिर<br>• नैतिक आचरण झल्कने दृश्य सामग्री वा स्लाइड<br>• कविमा दिइएको तस्बिर<br>• कविताको संरचनाका नमुना<br>• श्लोकपत्ती<br>• कविता वाचनको श्रव्य सामग्री/दृश्य सामग्री<br>• शब्द र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश<br>• प्रश्नोत्तर चार्ट |
| संरचना तथा अनुप्रास पहिचान | कविताको संरचना पहिचान गर्न | |
| लयबद्ध वाचन | गति, यति र लय मिलाएर कविता वाचन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्द शुद्ध उच्चारण गर्न<br>निर्दिष्ट शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न<br>शब्दको आदि, मध्य र अन्त्यमा ह्रस्व इकार लागेका शब्द पहिचान गरी प्रयोग गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कक्षा १० को सिकाइ सहजीकरणको पहिलो दिन भएकाले शिक्षकले कक्षाका सम्पूर्ण विद्यार्थीलाई स्वागत गर्नुहोस् र विद्यार्थीलाई पनि आफ्ना साथीलाई स्वागत गर्न लगाउनुहोस् । नैतिक आचरण झल्कने दया, माया, करुणा, कर्ममा विश्वास गर्नुपर्ने भाव समेटिएका कुनै कथा वा प्रसङ्ग सुनाएर विद्यार्थीलाई सिकाइप्रति उत्साहित बनाउनुहोस् ।

(आ) गौतम बुद्ध, सीता, भृकुटी, जनक, विभिन्न ऋषिमुनि, पृथ्वी, सूर्य, चन्द्र, प्रकृति, फलेका वृक्ष आदिका चित्र, सहयोग गरेको, मिलेर काम गरेका आदि चित्र वा श्रव्य सामग्री दृश्य सामग्री आदि प्रदर्शन गर्नुहोस् र तीसँग सम्बन्धित विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### नीतिपरक विषयवस्तुमा आधारित छलफल

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । स्लाइड वा चार्टमा आफूले तयार पारेको असल आचरणसँग सम्बन्धित चित्र तथा विषयवस्तु प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् र विद्यार्थीले सिकेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(आ) असल र खराब बानी व्यवहार झल्काउने चित्र प्रदर्शन गरी तिनका विषयवस्तुबारे अनुमान र कल्पना गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई पाठमा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न लगाउनुहोस् । वर्णनका क्रममा विद्यार्थीले बताउन छुटाएका कुरा अन्य विद्यार्थीलाई नै सोधेर जानकारी दिन लगाउनुहोस् । अन्त्यमा आफूले पाठको विषयवस्तुसँग जोडेर सहजीकरण गरिदिनुहोस् ।

## कविताको संरचना तथा अनुप्रास पहिचान

(अ) दुई या तीनओटा फरक फरक छन्दका कविताका एक एकओटा श्लोक स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गर्नुहोस् र ती कविताको संरचनाका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् । आफूले प्रदर्शन गरेका कविता आफूले वाचन गरेर सुनाई विद्यार्थीलाई पनि समूहमा वाचन गर्न लगाउनुहोस् । ती कविताका प्रत्येक हरफमा भएका अक्षर/वर्ण सङ्ख्याबारे छलफल गराउनुहोस् ।

(आ) पाठ्य कवितामा रहेका पङ्क्ति तथा श्लोक सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । पाठ्य कविताका हरफमा भएका अक्षर/वर्ण सङ्ख्याबारे छलफल गराउनुहोस् ।

(इ) शास्त्रीय छन्दका बारेमा विद्यार्थीको पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् । विभिन्न शास्त्रीय छन्द र तिनका हरेक हरफमा हुने अक्षर/वर्ण सङ्ख्याबारे छलफल गराउनुहोस् ।

(ई) पाठ्य कविता अनुष्टुप् छन्दमा रचना गरिएको स्पष्ट पार्दै अनुष्टुप् छन्दका केही अन्य उदाहरण स्लाइड वा चार्टका माध्यमले प्रस्तुत गरी पाठ्य कवितासँग तुलनात्मक रूपमा छलफल गराउनुहोस् । अनुष्टुप् छन्दका कविताको शास्त्रीय नियम लेखिएको चार्ट वा स्लाइड प्रदर्शन गर्नुहोस् र छलफलका माध्यमले बताइदिनुहोस्, जस्तै :

कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन ।
घोटिएर सयाँपल्ट दाउरो बन्छ चन्दन ॥

**अनुष्टुप् छन्दका कवितामा आठ आठ अक्षरका चार पाउ हुन्छन् ।**

**पहिलो पाउ :** /कर्ममा छ भने शक्ति/
दोस्रो पाउ : /जङ्गलै बन्छ नन्दन/
तेस्रो पाउ : /घोटिएर सयाँपल्ट /
चौथो पाउ : /दाउरो बन्छ चन्दन /

– चारै पाउमा पाँचौँ अक्षर ह्रस्व र छैटौँ दीर्घ हुन्छन् ।
– पहिलो र तेस्रो पाउमा सातौँ अक्षर दीर्घ हुन्छन् ।
– दोस्रो र चौथो पाउको सातौँ अक्षर ह्रस्व हुन्छ ।

(उ) कविताको हरेक हरफको अन्तिममा आएका 'नन्दन' 'चन्दन' जस्ता अनुप्रास मिलेका शब्द पहिचान गर्न प्रेरित गर्नुहोस् र छलफल गरी धारणा स्पष्ट पारिदिनुहोस् ।

(ऊ) पाठ्य कविताको संरचनासम्बन्धी प्रश्न सोधी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । जस्तै :

- 'उज्यालो यात्रा' कवितामा कतिओटा श्लोक छन् ?
- कविताका हरेक हरफमा कतिओटा अक्षर छन् ?

## लयबद्ध वाचन

(अ) विद्यार्थीलाई कुनै कविता प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । कविता वा गीतमा हुने गति, यति, लयका बारेमा छोटो छलफल गराई जानकारी दिनुहोस् ।

(आ) पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा अनुष्टुप् छन्दको नियमानुसार लय मिलाई कविता वाचन

गर्न सके नसकेको पहिचान गर्नुहोस् र विद्यार्थीलाई पूर्वज्ञान र अभ्यासको स्मरण गराउँदै पहिले पढेका केही कविताका उदाहरण प्रदर्शन गर्नुहोस् वा कविता गाएर सुनाउनुहोस् र थप छलफल गराउनुहोस् ।

(इ) पाठ्य कविताको श्लोकलाई आदर्श वाचन गरी वा मोबाइलमा रेकर्ड गरेको सामग्री सुनाउनुहोस् । दृश्य सामग्री उपलब्ध भएमा देखाउनुहोस् । अनुष्टुप् छन्दको प्रत्येक पाउमा आठ अक्षर हुने र आठ आठ अक्षरमा विश्राम गरेर लयबद्ध वाचन गर्नुपर्ने विषयमा छलफलका माध्यमले बताइदिनुहोस् । जस्तै :

/कर्ममा छ भने शक्ति/ जङ्गलै बन्छ नन्दन/
/घोटिएर सयाँपल्ट/ दाउरो बन्छ चन्दन/

(ई) सुरुमा आफू सँगसँगै सबै विद्यार्थीलाई वाचन अभ्यास गराउनुहोस् । त्यसपछि विद्यार्थीलाई मात्र समूहगत, बेन्चगत तथा युगल तथा एकल रूपमा पालैपालो गति, यति, लय तथा हाउभाउसहित कविता वाचन अभ्यास गराई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई मौखिक उत्प्रेरणा वा स्याबासी प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई उच्चारणका लागि नयाँ शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(आ) शैक्षणिक पाटीका शब्दलाई पालैपालो उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले तयार पारेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

जस्तै : सयौँपल्ट /स.यौँ.पल्.ट/
सङ्कल्प /सङ्.कल्.प./

(इ) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी त्रुटि गर्ने विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् । यसै क्रममा बोध तथा अभिव्यक्ति अभ्यासअन्तर्गत क्रियाकलाप १ मा दिइएका शब्दको सूची प्रस्तुत गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(उ) ती शब्दको अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले तयार पारेका अर्थपत्ती प्रदर्शन गरी शब्दको अर्थ थप स्पष्ट पार्नुहोस् । शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् । बृहत् नेपाली शब्दकोश वा यसको एपबाट शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(ऊ) आफूले तयार पारेर लगेका शब्दार्थपत्ती र वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् ।

(ए) विद्यार्थीलाई लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गरी भन्न लगाउनुहोस् । आवश्यक पृष्ठपोषण तथा उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) पाठ्य कविताको कुनै एउटा श्लोक स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी दिनुहोस् ।

(आ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी कविताको अर्थ र आशय सामूहिक छलफल गर्न लगाउनुहोस् ।

(इ) पाठ्य कवितांशमा परेका ह्रस्व इकार लागेका शब्द पहिचान गराउनुहोस् । पाठ्य कविताका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

कविता : कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन
घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन ।
भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

प्रश्न

- केही कुरा असम्भव नहुन हामीमा के हुनुपर्छ ?
- दाउरो कसरी चन्दन बन्दछ ?
- कसरी मान्छे महान् बन्छन् ?
- शब्दको अन्तमा र बिचमा ह्रस्व इकार लागेका एक एक शब्द माथिको कविताबाट खोजेर लेख्नुहोस् ।

(ई) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने विषयमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) कविताबाट अनुप्रास मिलेका कुनै चारओटा शब्द पहिचान गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :
असम्भव, निर्माण, उद्यत, ईर्ष्या, धर्ती

(ग) दिइएका शब्दलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
कर्म, चन्दन, गौरव, जिन्दगी

(घ) तलको कवितांश लयबद्ध वाचन गर्न लगाउनुहोस् :
जसका कर्मले बन्छन् जिन्दगी हँसिला सुखी
अरूको लिनुमा भन्दा दिनुमा बन्छ जो खुसी ॥

(ङ) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) दाउरो कसरी चन्दन बन्दछ ?
(आ) कसरी मान्छे महान् बन्छन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| लयबद्ध वाचन (पुनरावृत्ति) | कवितालाई लयबद्ध वाचन गर्न | • श्लोकपत्ती तथा कविता वाचनको श्रव्य सामग्री वा दृश्य सामग्री<br>• भाव लेखिएको पत्ती<br>• बुँदापत्ती<br>• बोध प्रश्नोत्तरको नमुना चार्ट<br>• पदवर्गका प्रकार र उदाहरणको तालिका वा स्लाइड |
| कविताको भावबोध (१ – ७ श्लोक) | निर्दिष्ट कवितांशको भावबोध गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट श्लोकभित्रका विषयवस्तु बोध गरी प्रश्नोत्तर गर्न<br>भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै चुट्किला वा प्रसङ्ग सुनाएर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् । विद्यार्थीलाई पनि कुनै चुट्किला सुनाउने अवसर प्रदान गर्नुहोस् । कुनै विद्यार्थीले कविता रचना गरेका रहेछन् भने त्यस्ता विद्यार्थीलाई आफ्ना सिर्जना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**लयबद्ध वाचन (पुनरावृत्ति)**

(अ) शिक्षकले पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।
(आ) शिक्षकले गति, यति, लय र हाउभाउसहित लयबद्ध वाचन गरेर सुनाउनुहोस् वा कविता वाचनको नमुना श्रव्य वा श्रव्यदृश्य साधनका माध्यमबाट प्रस्तुत गर्नुहोस् ।
(इ) शिक्षकले पाठ्य कवितालाई पहिलो दिनको वाचन अभ्यासका आधारमा कक्षामा पुन: वाचन गराउनुहोस् । लयबद्ध वाचनका क्रममा देखिएका असहजतालाई आवश्यक सहजीकरण गर्दै जानुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
(ई) विद्यार्थीलाई उच्चारणमा नयाँ लागेका शब्द टिपोट गर्न लगाई शैक्षणिक पाटीमा लेखेर शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

**कविताको भावबोध**

(अ) शिक्षकले पाठ्य कविताको पहिलो र दोस्रो श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सामूहिक रूपमा लयबद्ध वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।
(आ) कविताको पहिलो र दोस्रो श्लोकको आशय वा भावार्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका कुरा बुँदागत रूपमा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र छलफल गराउनुहोस् ।
(इ) कविताको पहिलो र दोस्रो श्लोकको भावार्थका बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।
जस्तै :

- इच्छाशक्ति र मिहिनेत गरेमा उजाड पाखा र जङ्गललाई पनि सुन्दर बगैँचा बनाउन सकिने
- वनको दाउरो सयौँ पटक घोटिएपछि चन्दन निस्कने
- उच्च मनोबल र सङ्कल्पका साथ काम गरे केही कुरा असम्भव नहुने
- दृढ सङ्कल्प लिनेहरू नै महान् बनेका ।

(उ) विद्यार्थीलाई कविताको पहिलो र दोस्रो श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
(ऊ) शिक्षकले पाठ्य कविताको तेस्रो र चौथो श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । पाठ्य कविताको तेस्रो र चौथो श्लोकको अर्थ समेटिने बुँदा टिप्न लगाउनुहोस् । सम्भव भएसम्म पालैपालो बुँदा भन्ने अवसर प्रदान गर्नुहोस् । ती बुँदालाई समेटी अनुच्छेदमा भावार्थ भन्न अभिप्रेरित गर्नुहोस् ।
(ऋ) कविताको पाचौँ, छैटौँ र सातौँ श्लोकको भाव समेटिएका बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । ती बुँदा कुन श्लोकका हुन् भनी पहिचान गर्न लगाउनुहोस् ।
(ए) ती बुँदा समेटी भावार्थ भन्न प्रेरित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।
(ऐ) विद्यार्थीलाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई फरक फरक एक एक श्लोक दिई एक एक अनुच्छेदमा भावार्थ लेख्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको लेखन स्तर पहिचान गरी थप सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) शिक्षकले पाठ्य कविताका पहिलोदेखि सातौँ श्लोकसम्म वाचन गर्न लगाउनुहोस् ।
(आ) व्याकरणलाई पनि पाठसँगै जोडेर हेर्नुपर्ने अवधारणबारे कक्षामा छलफल गर्नुहोस् । पाठ्य व्याकरणअन्तर्गत पदवर्गका बारेमा पूर्व ज्ञानका आधारमा छलफल गर्नुहोस् र कवितामा प्रयोग भएका एक एकओटा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक शब्द पहिचान गरी पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीलाई कठिन लागेमा आफूले सहजीकरण गर्दै जानुहोस् ।
(इ) कविताबाट तयार पारिएका बोध प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस्, जस्तै :

- महान् बन्न हामीमा के चाहिन्छ ?
- मानिस गौरवसाथ कसका पथमा हिँड्छन् ?
- ईर्ष्याद्वेष हटाएर मानिसले के छर्छन् ?
- कवितामा प्रयोग भएका 'शक्ति', 'भने', 'जस', 'पल्ट' 'छन्' 'पार्दै' शब्द कुन कुन पदवर्गका हुन् ?

(ई) फरक विद्यार्थीलाई फरक प्रश्नको उत्तर भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् र शिक्षकले पाठ्य कविताको छैटौँ र सातौँ श्लोकभित्र रहेर बनाइएका एक अनुच्छेदमा उत्तर आउने खालका कुनै दुई प्रश्न प्रदर्शन गर्नुहोस् । ती प्रश्नको उत्तर पाँच मिनेटभित्र लेख्न प्रेरित गर्नुहोस्, जस्तै :

(क) कवितामा कस्ता महान् मानिसको चर्चा गरिएको छ ?

(ख) यस कवितांशको मूल भाव के हो ?

(ऊ) उत्तर लेखनपश्चात् समूहका प्रतिनिधि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएको कवितांशको भावार्थ भन्न लगाउनुहोस् :

ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ॥

(ख) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) मानिसहरू कसरी महान् बनेका हुन् ?

(आ) कसका पथमा मानिसहरू सगौरव हिँड्ने गर्छन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविताको भावबोध | निर्दिष्ट कवितांशको भावबोध गर्न | • श्लोकपत्ती<br>• भावपत्ती<br>• बुँदापत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• पदवर्गका प्रकार र उदाहरणको तालिका वा स्लाइड |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट श्लोकभित्रका विषयवस्तु बोध गरी प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै रमाइलो प्रसङ्ग वा गीत सुनाएर कक्षा सिकाइमा विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षाको अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न निर्देशन दिनुहोस् ।

(इ) आजका पाठ्यवस्तुबारे छलफलका माध्यमबाट स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**कविताको भावबोध**

(अ) विद्यार्थीलाई पाँच समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । एउटा समूहलाई कम्तीमा एउटा श्लोक तोकेर कविताको आठौँदेखि बाह्रौँ श्लोकसम्मको भावसँग सम्बन्धित बुँदा लेख्न प्रोत्साहन गर्नुहोस् ।

(आ) विद्यार्थीले समूहमा बसी भावार्थ टिपोट गर्दै गर्दा समूह समूहमा पुगी अवलोकन गर्नुहोस् ।

(इ) कविताको निर्दिष्ट श्लोकको आशय वा भावार्थ समूह नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले भनेका विषयवस्तु बुँदागत रूपमा शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् । प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीबाटै छलफल गराई शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

(उ) शिक्षकले तयार पारेको प्रत्येक श्लोकका भावार्थका बुँदा स्लाइड वा चार्टमा क्रमशः प्रदर्शन गर्नुहोस् र छलफल चलाउनुहोस् ।

(ऊ) विद्यार्थीले टिपेका भावार्थका बुँदा र आफूले टिपोट गरेका बुँदाबिच परेका र नपरेका विषयवस्तुका बारेमा समूह नेतालाई भन्ने अवसर दिनुहोस् । विद्यार्थीलाई कविताको भावार्थ भन्न लगाउनुहोस् । यस क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) टिपोट गरेका बुँदालाई आधार मानेर कविताको भाव लेखन अभ्यास गराउनुहोस् । आफूले विद्यार्थीको लेखन शैली र अवस्था हेरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

जस्तै : समर्पित भएका छन् जो सदा न्यायखातिर
संसारमा उठेका छन् तिनैका विजयी शिर ॥

**भावार्थ**

संसारमा न्यायको बाटामा हिँड्ने र न्यायकै लागि समर्पित हुने मानिस धेरै छन् । यस्तै मानिस सत् असत् विचार गरेर आफ्नो कर्ममा लागि पर्छन् । न्यायप्रेमी मानिस समाजमा आदर्श व्यक्तिका रूपमा चिनिन्छन् । यस्तै मानिसले संसारलाई न्यायको बाटामा हिँड्न प्रेरित गरिरहेका हुन्छन् । यस्तै मानिसलाई संसारले चिन्छ र सम्मान पनि गर्छ । उनीहरूले सम्पूर्ण मानिसको मन जितेका हुन्छन् । उनीहरूकै शिर विश्वमा उच्च रहन्छ । उनीहरू स्वाभिमानका साथ बाँच्चेका हुन्छन् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) शिक्षकले पाठ्य कविताका आठौँदेखि बाह्रौँ श्लोकसम्म वाचन गर्न लगाउनुहोस् ।

(आ) पाठ्य व्याकरणअन्तर्गत पदवर्गबारे पूर्व ज्ञानका आधारमा छलफल गर्नुहोस् र कवितामा प्रयोग भएका विभिन्न शब्दको सूची प्रदर्शन गरेर ती शब्द कवितामा कुन पदवर्गका रूपमा प्रयोग भएका छन् भनेर प्रश्नोत्तरका माध्यमले छलफल गराउनुहोस् । लक्षित शब्द पहिचान गरी पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीलाई असहज भएमा आफूले सहजीकरण गर्दै जानुहोस् ।

(इ) कविताबाट तयार पारिएका बोध प्रश्नको सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

(ई) फरक विद्यार्थीलाई फरक प्रश्नको उत्तर भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

जस्तै :

- कविले के बनेर बल्ने इच्छा व्यक्त गरेका छन् ?
- आफ्नै पौरखले कविले के गर्ने विचार गरेका छन् ?
- असल मानिसका मन मस्तिष्कमा के हुँदैन ?
- कविताबाट एउटा एउटा निपात, सर्वनाम, नामयोगी, क्रियापद, विशेषण, नाम, क्रियायोगी शब्द पहिचान गर्नुहोस् ।

(उ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् र शिक्षकले पाठ्य कविताको आठौँ, नवौँ र दसौँ श्लोकमा आधारित भएर बनाइएका एक अनुच्छेदमा उत्तर आउने खालका कुनै दुई प्रश्न प्रदर्शन गर्नुहोस् । एउटा समूहलाई एउटा प्रश्न दिएर पाँच मिनेटभित्र उत्तर लेख्न प्रेरित गर्नुहोस् ।

जस्तै :

- त्यागी व्यक्तिका लक्षण के के हुन् ?
- आदर्श र स्वाभिमानी मानिसलाई किन सबैले सम्मान गर्छन् ?

(ऋ) उत्तर लेखनपश्चात् समूहका प्रतिनिधि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएको कवितांशको भावार्थ भन्न लगाउनुहोस् :
यस्तो आदर्श यात्रामा कहिले चलुँला नि म ?
चन्द्रसूर्य बनी आफैँ कहिले बलुँला नि म ॥

(ख) तलका प्रश्नको एक वाक्यमा उत्तर भन्न लगाउनुहोस् :
(अ) कसका विजयी शिर संसारमा उठेका छन् ?
(आ) कविलाई के के बन्ने चाहना छ ?

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पाठगत शब्दार्थ र प्रयोग | अर्थका आधारमा पाठबाट शब्द पहिचान गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश<br>• लेखन र उच्चारणमा फरक हुने पाठगत शब्दको सूची |
| पर्यायवाची शब्द पहिचान र प्रयोग | पर्यायवाची शब्द पहिचान गरी प्रयोग गर्न | |
| विपरीतार्थी शब्द पहिचान र प्रयोग | विपरीतार्थी शब्द पहिचान गरी प्रयोग गर्न | |
| उच्चार्य र लेख्य वर्ण पहिचान | लेखन र उच्चारणमा फरक हुने पाठगत शब्द पहिचान र शब्दोच्चारण गर्न | |
| बोधात्मक प्रश्नोत्तर | तोकिएको कवितांश पढी उत्तर बताउन | • बोध प्रश्नोत्तर सूची |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले बालगीत वा स्वदेश गान वा अन्य प्रेरक प्रसङ्ग सुनाएर सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तुबारे एक वा दुई जना विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विषयवस्तुको सार पुनः सुनाउनुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठ पढ्न लगाई पाठबाट अर्थबोध हुन नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) शैक्षणिक पाटीमा टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न प्रोत्साहित गर्नुहोस् । एउटाले नजाने अर्कालाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । अन्त्यमा आफूले बताइदिनुहोस् । आफूले तयार पारेर लगेका शब्दार्थपत्ती प्रदर्शन गरी थप शब्दार्थ स्पष्ट पारिदिनुहोस् ।

(इ) आफूले अर्थ बताएर त्यो अर्थ आउने शब्द पाठबाट खोज्न लगाउनुहोस् । यसरी अर्थ दिई शब्द खोज्ने तरिकाका बारेमा छलफल गराउनुहोस् । पदावलीको नमुना प्रदर्शन गरी पाठबाट अर्थ दिने शब्द पहिचान गर्न सिकाउनुहोस् । विद्यार्थी वा विद्यार्थीको समूहलाई शब्द खोज्न समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । शब्दकोशको सहायता लिई थप शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(इ) प्रत्येक बेन्च वा आवश्यकताअनुसार विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । अभ्यासको शब्दभण्डार खण्डको क्रियाकलाप १ गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले गर्ने कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) समूह कार्य गरिसकेपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**पर्यायवाची शब्दको पहिचान र प्रयोग**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । पाठमा प्रयोग भएका 'कर्म, नन्दन, मानिस, पथ, धर्ती, सुन्दर' जस्ता शब्दको शब्दपत्ती प्रदर्शन गरी पर्यायवाची शब्द पहिचान गरी भन्न लगाउनुहोस् ।

(आ) समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको क्रियाकलाप २ का आधारमा उस्तै अर्थ दिने जोडी शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

(ई) विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले आफूले तयार पारेको पर्यायवाची शब्दको सूची प्रदर्शन गरी नमुना उत्तर देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएका शब्दको पर्यायवाची शब्द लेख्न लगाउनुहोस् । शिक्षकले तयार पारेको अनुच्छेद स्लाइड वा चार्टमार्फत प्रदर्शन गरी विद्यार्थीले लेखेका उत्तर स्वयम्लाई परीक्षण गर्न लगाउनुहोस् । परीक्षण कार्य सकिएपछि विद्यार्थीलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## विपरीतार्थी शब्दको पहिचान र प्रयोग

(अ) पाठमा प्रयोग भएका 'शिर, शक्ति, ज्ञान, रात, उदात्त' जस्ता शब्दको शब्दपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पालैपालो विपरीतार्थी शब्द भन्न लगाउनुहोस् । आवश्यक छलफल पछि अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(आ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास ४ पढ्न लगाई एउटा समूहलाई शब्द भन्न र अर्को समूहलाई विपरीत अर्थ दिने शब्द भन्न लगाउनुहोस् ।

(इ) विद्यार्थी समूहले अभ्यास छलफल गरिसकेपछि शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखिएको सूची प्रदर्शन गरी मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ई) विद्यार्थीलाई शब्दभण्डारको क्रियाकलाप ५ पढ्न लगाई पाँच जोडी विपरीतार्थी शब्द खोजी लेख्न लगाउनुहोस् । लेखन कार्य सकिएपछि विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले तयार पारेको विपरीतार्थी शब्दसूचीको स्लाइड वा चार्टमार्फत प्रदर्शन गरी थप सहजीकरणका साथ पृष्ठपोषण प्रदान गर्नुहोस् । ती शब्दको विपरीत अर्थ लेखी वाक्यमा प्रयोग गर्न समूहलाई लगाउनुहोस् । समूह कार्य सकिएपछि विद्यार्थीलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## शब्दको उच्चार्य र लेख्य फरक रूप पहिचान

(अ) शिक्षकले उच्चारण गर्दा र लेख्दा फरक फरक हुने शब्दको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । ती शब्दलाई पालैपालो विद्यार्थीलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उच्चारणका क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । जस्तै :

| उच्चारण | शुद्ध लेख्य रूप |
|---|---|
| संसार् | : संसार |
| सिर | : शिर |
| पौरख् | : पौरख |
| जीवन् | : जीवन |

(आ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ५ पढ्न लगाई उच्चारण र लेखनमा फरक हुने पाँच शब्द पाठबाट पहिचान गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा ती शब्द टिपोट गर्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपिएका शब्द मिले नमिलेको सुनिश्चित गरी उच्चारण र लेखन अभ्यास गराउनुहोस् ।

(इ) आवश्यकताअनुसार थप शब्दका शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस्  र उज्यालो यात्रा कविताको कुनै एक श्लोकलाई चार पाउमा छुट्ट्याएर लेखी स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । पहिलो समूहलाई पहिलो पाउ, दोस्रो समूहलाई दोस्रो पाउ, तेस्रोलाई तेस्रो पाउ र चौथो समूहलाई चौथो पाउ कविता वाचन गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएको जानकारी प्रत्येक समूहलाई मौन पठन गरी छलफल गर्न लगाउनुहोस् ।

(इ) आफूले अनुष्टुप् छन्दको शास्त्रीय लयविधानबारे लयवाचनका समयमा तयार पारेको चार्ट वा स्लाइड पुनः प्रस्तुत गरी छलफलका माध्यमबाट पुनरावृत्ति गराई धारणा स्पष्ट पारिदिनुहोस् ।

(ई) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ७ मा दिइएका बोध प्रश्नको सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र प्रत्येक समूहलाई पालैपालो उत्तर भन्न लगाउनुहोस् ।

(उ) मौखिक उत्तर भनिसकेपछि सबै विद्यार्थीलाई ती प्रश्नको उत्तर लेख्न वा पुस्तकमा रेखाङ्कन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको विपरीतार्थी शब्द लेख्न लगाउनुहोस् :
सम्भव, अन्याय, उदात्त, सधैँ, सुन्दर

(ख) दिइएका शब्दका पर्यायवाची शब्द भन्न लगाउनुहोस् :
शक्ति, प्रेम, जिन्दगी, हावा, नयन

(ग) तलका शब्दको उच्चार्य र लेख्य रूप पहिचान गरी लेख्न लगाउनुहोस् :
संसार, संसार्, जगत्, जगत,  शिर्, शिर, चन्दन् चन्दन

(घ) तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :
  (अ) कविताांशका चारै पाउ छुट्याएर लेख्नुहोस् ।
  (आ) कविताांशका चारै पाउका पाँचौँ, छैटौँ र सातौँ वर्ण छुट्याएर लेख्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोधात्मक प्रश्नोत्तर | तोकिएको कविताांश पढी उत्तर बताउन | • बोध प्रश्नोत्तर सूची<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• कवितालाई व्याकरणिक पदक्रममा परिवर्तन गरिएको नमुना चार्ट |
| सङ्क्षिप्त प्रश्नोत्तर | सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |
| व्याकरणिक पदक्रम | पद्य कवितालाई व्याकरणिक पदक्रम मिलाई लेख्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै कविता सुनाएर सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तुबारे पुनर्ताजगीका लागि विषयवस्तुको सार पुनः सुनाउनुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई मौन पठनका लागि तयारी गराउँदै मौन पठनपश्चात् सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(आ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ८ पढ्न लगाउनुहोस् र दिइएको कविताको श्लोक स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई २ मिनेटसम्म मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौन पठन गर्दै गरेको अवधिको अवलोकन गर्दै जानुहोस् ।

(इ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ मा दिइएका प्रश्न फलाटिन पाटी, स्लाइड वा चार्टमार्फत प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(ई) बोध प्रश्नको उत्तर लेखन ढाँचा, शैलीका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीबाट नै प्रश्नको संरचनाअनुसार उत्तरको पहिचान भए नभएको बारे छलफल चलाउनुहोस् र आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

जस्तै :

- धर्तीलाई केले मनोहर बनाएको छ ?

उत्तर : धतीलाई ज्ञानले मनोहर बनाएको छ

(ऊ) कविताका आधारमा अन्य थप प्रश्न तयार पारेर थप अभ्यास गराउनुहोस् ।

## सङ्क्षिप्त उत्तर

(अ) विद्यार्थीलाई पाँच समूहमा विभाजन गर्नुहोस् र पाठको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएका प्रश्न अध्ययन गर्न लगाउनुहोस् ।

(आ) सङ्क्षिप्त उत्तरको संरचनाका बारेमा छलफल गर्नुहोस् । छलफलका क्रममा समूहका साथी साथीबिच प्रश्नोत्तर छलफल गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(इ) सङ्क्षिप्त उत्तर लेखनका क्रममा ध्यान दिनुपर्ने विषयवस्तुबारे स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै : **सङ्क्षिप्त उत्तर लेखनका क्रममा ध्यान दिनुपर्ने विषयवस्तु**

- प्रश्न ध्यानपूर्वक पढ्ने र प्रश्नले खोजेको उत्तर पहिचान गर्ने
- उत्तर कम्तीमा ५/६ वाक्यमा लेख्नुपर्ने
- उत्तर मौलिक, भाषिक रूपमा शुद्ध र विषयवस्तुको गहनताले भरिपूर्ण हुनुपर्ने
- प्रश्नले खोजेको उत्तर लेखी सटिक निष्कर्ष वाक्य लेख्नुपर्ने ।

(ई) सङ्क्षिप्त उत्तर लेखनका लागि दिइएका प्रश्न एक समूहलाई एउटा प्रश्न दिएर ५ मिनेटको समयमा उत्तर लेख्न लगाउनुहोस् ।

(उ) आफूले विद्यार्थी समूहले गरेका कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

(ऊ) उत्तर लेखन सकिएपछि प्रत्येक समूहको समूह नेतालाई उत्तर प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् ।

(ऋ) सङ्क्षिप्त उत्तर लेखनको नमुना स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गरी मौन पठन गर्न लगाउनुहोस्, जस्तै:

**प्रश्न :** उज्यालो यात्रा कविताको सुरुका दुईओटा श्लोकको आशय वर्णन गर्नुहोस् ।

**उत्तर :** मानिसले मिहिनेत र परिश्रम गरेर घना जङ्गललाई पनि सुन्दर बगैँचा बनाउन सक्छ । उजाड पाखालाई हराभरा पार्न सक्छ । मानिसले दृढ विश्वास, धैर्य र निरन्तरको प्रयासले असम्भव जस्तो लाग्ने कामलाई पनि सम्भव तुल्याउन सक्छ । संसारमा जे जति महान् कर्म भएका छन् ती सबै मानिसको दृढ सङ्कल्प, निरन्तरता, मिहिनेत र सङ्घर्षबाट मात्र सम्भव भएका हुन् । विभिन्न वैज्ञानिक, निर्माता, आविष्कारक, ऋषि, महर्षिहरू पनि निरन्तर कठिन सङ्र्ष गरेर महान् कर्म गर्न सफल भएका हुन् । जसरी निरन्तर घोटिएर काठबाट चन्दन निस्किन्छ त्यसैगरी कठिन परिश्रम गरेपछि महान् कर्म गर्न सकिन्छ भन्ने यस कवितांशको मूल आशय रहेको छ ।

(ए) उत्तर लेखनमा समस्या परेका विद्यार्थी वा विद्यार्थी समूहलाई थप सहजीकरण गर्दै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पदक्रम मिलाई गद्यमा रूपान्तरण

(अ) विद्यार्थीलाई पदक्रमका बारेमा पूर्व जानकारी भए नभएको छलफल गर्नुहोस् ।

(आ) व्याकरणिक र आलङ्कारिक पदक्रमका बारेमा केही उदाहरण स्लाइड वा चार्ट वा फलाटिन बोर्डका माध्यमले प्रदर्शन गरी थप छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १० पढ्न लगाई त्यसको उत्तर लेख्न लगाउनुहोस् ।

(ई) आफूले विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्दै जानुहोस् । लेखन कार्य समाप्त भएपछि विद्यार्थीलाई उत्तरपुस्तिका साटासाट गरेर परीक्षण गर्न लगाउनुहोस् ।

(उ) आफूले तयार पारेको पदक्रम मिलाइएको वाक्य प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस् । लेखाइमा कमजोर, फरक मातृभाषा भएका विद्यार्थीलाई थप सिकाइको अवसर दिनुहोस् ।

(ऊ) आवश्यक पृष्ठपोषण र सहजीकरण गर्दै मूल्याङ्कन गरेर आजको कक्षा समाप्ति गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका प्रश्नको छोटो उत्तर भन्न लगाउनुहोस् :
(अ) कर्म गर्नेको जिन्दगी कस्तो बन्छ ?
(आ) धतीलाई केले मनोहर बनाएको छ ?

(ख) तलका प्रश्न सोधी सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :
(क) जीवन सार्थक पार्न के के गर्नुपर्छ ?

(ग) तलको कविताांशलाई व्याकरणिक पदक्रम मिलाई लेख्न लगाउनुहोस् :
उदात्त कर्मको यात्रा गर्दछन् जो सधैँ सधैँ
आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ॥

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाव विस्तार | निर्दिष्ट कविताांशको भाव विस्तार गर्न | • भाव विस्तारको नमुना<br>• बुँदापत्ती |
| मूल भाव लेखन | कविताको मूल भाव लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले गाउँखाने कथा वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार कक्षामा छलफल गराउनुहोस् र आजका सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### भाव विस्तार

(अ) शिक्षकले भाव विस्तारसम्बन्धी नमुना शैक्षिक सामग्रीको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । भाव विस्तार गर्ने तरिका र सोको संरचनासम्बन्धी प्रश्नोत्तरका माध्यमले छलफल क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**भाव विस्तार गर्ने तरिका**

- सम्बन्धित अंशले दिने अर्थ र त्यससँग सम्बन्धित विषयवस्तुको प्रस्तुति
- भाव विस्तार गर्ने अंशसँग सम्बन्धित साङ्केतिक विषयको उल्लेख
- सम्बन्धित अंशसँग मेल खाने उदाहरण प्रस्तुत गर्दै विषयवस्तुको तार्किक विश्लेषण
- मूल अर्थको पहिचान, व्याख्यान, पुष्टि र निष्कर्ष

## भाव विस्तारको नमुना

कवितांश :        ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
                  तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ॥

### भाव विस्तारको नमुना

उज्यालो यात्रा कवितामा नैतिक आचरण र मानव मूल्य र मान्यताको चर्चा गरिएको छ । मनमा भएका रिस, डाह, ईर्ष्या, द्वेष, वैमनस्यता जस्ता दुर्गुण हटाउनुपर्छ । मानव भएपछि असल कर्म गर्नुपर्छ र सबैको भलाइ हुने काम गर्नुपर्छ । यस्तै मानिस विश्वमा सम्मानित हुने कुरा कवितामा बताइएको छ । यस कवितामा मानिसलाई कर्मशील बन्न प्रेरित गरिएको छ र मानवीय सत्कर्मले मात्र सुन्दर समाज निर्माण गर्न सकिने कुरा बताइएको छ । दया, माया करुणा, स्नेह र सद्भावले मेलमिलाप र मित्रताको भावना बढ्छ । सुन्दर, शान्त, सभ्य समाजको निर्माण गर्न आपसी सहयोग र सद्भाव हुनुपर्छ । लोभ, पाप, ईर्ष्या, द्वेष र वैमनस्य जस्ता भावना मानव मनका दुर्गुण हुन् । मानिसको मनमा खराब भावना जागृत भयो भने समाज अशान्त बन्छ । अरूको डाहा गर्ने, अरूलाई दुःख दिने खराब नियतका मानिसलाई कसैले राम्रो मान्दैनन् । अरूको रिस र डाहा गर्ने मानिसबाट सभ्य समाज निर्माण हुन सक्दैन । खराब चालचलन र सोच भएका मानिसलाई कसैले पनि मन पराउँदैनन् । असल मानिसले आफ्ना मनका कुभावना हटाएर सबैको भलो गर्छन् । सबैमा स्नेहको भाव राख्छन् । सबैको कल्याण हुने काम गर्छन् । हामीले महापुरुष भन्दै आएका महान् व्यक्ति पनि सबैको हित हुने काम गरेरै सबैको मनमा बस्न सफल भएको हुन् । जो मानिस मनका दुर्गुणलाई हटाएर प्रेमको सुगन्ध छर्छन् त्यस्ता मानिस नै मानव समाजका गौरव हुन् । यस्तै मानिसलाई समाजमा सबैले सम्मान पनि गर्छन् । हामीले आदर्श मानेका गौतम बुद्ध, विभिन्न महर्षि, तपस्वीहरू पनि यस्तै आचरणका कारण महान् बनेका हुन् ।

यसरी यस कवितांशमा मानव मनका कलुषित भावना हटाउन र सबैप्रति स्नेह र सद्भाव राख्न आग्रह गरिएको छ । सबैको भलाइ गर्ने मानिसलाई नै विश्वमा सबैले मन पराउने कुरा बताइएको छ । प्रेमरूपी सौरभ छर्दै सभ्य समाज निर्माण गर्न र विश्वका लागि गौरव गर्न लायक कर्म गर्न प्रेरित गरिएको छ । सरल शब्द संयोजन गरी अनुष्टुप् छन्दमा रचना गरिएको यस कवितांशले मनबाट कुभावना हटाएर स्नेह र सद्भावको फूल फुलाउनुपर्ने गहन भाव व्यक्त गरेको छ ।

(आ) कक्षालाई विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक समूहमा विभाजन गर्नुहोस् । भाव विस्तारको संरचना, निर्दिष्ट कवितांशको भाव आदिका बारेमा पुनः छलफल गर्न लगाउनुहोस् ।

(इ) छलफलपश्चात् विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ११ को अभ्यास (क) र अभ्यास (ख) मा निर्देशित गरिएका श्लोकको भाव विस्तार गर्न लगाउनुहोस् । विद्यार्थीले कक्षाकार्य गर्दै गर्दा आफूले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) लेखनपश्चात् प्रत्येक समूहका विद्यार्थीमध्ये नमुना छनोट गरी पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई मूल्याङ्कन गर्न लगाउनुहोस् र विद्यार्थीबाटै पृष्ठपोषण दिनका लागि प्रोत्साहित गर्नुहोस् ।

(उ) विद्यार्थीले लेख्न छुटाएका विषयवस्तु तथा संरचनाबारे आवश्यक सहजीकरणसहित आफूले पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### मूल भाव लेखन

(अ) विद्यार्थी सङ्ख्याका आधारमा आवश्यकताअनुसार समूह निर्माण गर्नुहोस् । अगिल्ला कक्षामा सिकेका श्लोकका भावार्थलाई छलफलसहित पुनरावृत्ति गराउनुहोस् ।

(आ) यस क्रममा भावार्थ लेखनमा कविताको श्लोकमा केन्द्रित हुनुपर्ने र मूल भाव लेखनमा पूरै कविता वा पाठमा केन्द्रित हुनुपर्ने बताइदिनुहोस् ।

(इ) विद्यार्थी समूहलाई कविताको प्रत्येक श्लोकका मुख्य मुख्य विषयवस्तु समेटेर मूल भाव लेख्न उत्प्रेरित गर्नुहोस् । यसका लागि पूर्वकक्षामा यसै कविताको भावबोध गराउँदा प्रयोग गरिएका बुँदाको प्रयोग गरेर सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १२ मा दिइएको प्रश्नमा केन्द्रित भई कविताको मूल भाव विवेचना गर्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्यका क्रममा गरेका कामको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) समूहका कुनै एक जना विद्यार्थीलाई कविताको मूल भाव प्रस्तुतीकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) शिक्षकले पाठ्य कविताको मूल भाव लेखनका लागि आवश्यक बुँदा स्लाइड वा चार्टमा प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई पालैपालो वाचन गर्न लगाउनुहोस् । सोही क्रममा कविताको श्लोक, भावार्थ र मूल भावबिचको सम्बन्धका बारेमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको श्लोकको भाव विस्तार गर्न लगाउनुहोस् :
जुटेका ज्ञानले जो छन् पार्दै धर्ती मनोहर
उठेका कर्मले जो छन् गर्दै निर्माण सुन्दर ॥

(ख) कर्मशील बन्न कसरी सकिन्छ ? उज्यालो यात्रा कविताका आधारमा लेख्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विषयवस्तुको बोध र प्रतिक्रिया | विषयवस्तु बोध गरी प्रतिक्रिया दिन | • श्लोकपत्ती<br>• अनुच्छेदपत्ती<br>• निर्दिष्ट भनाइहरूको सूची<br>• भाषिक संरचना र वर्णविन्याससम्बन्धी प्रश्न |
| छलफल र निष्कर्ष प्रस्तुति | निर्दिष्ट विषयवस्तुबारे साथीहरूबिच छलफल गरी निष्कर्ष प्रस्तुत गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै रमाइलो कथा सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइ सहजीकरण क्रियाकलापका विषयवस्तबारे पुनरावृत्ति गराई कुनै विद्यार्थीलाई प्रस्तुति गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**विषयवस्तु बोध र धारणा**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार विभिन्न समूहमा विभाजन गर्नुहोस् र पाठ्य कवितांशमा कविले प्रस्तुत गरेका आदर्श कर्मबारे छलफल गराउनुहोस् ।

(आ) कविताको अन्तिम श्लोक स्लाइड वा चार्ट मा प्रदर्शन गरी कविको चाहनाबारे प्रत्येक विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् । टिपिएका विषयवस्तुका बारेमा विद्यार्थीका समूह समूहबिच छलफल चलाउनुहोस् ।

(इ) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको प्रश्न र आफूले तयार पारेको चार्ट वा स्लाइड प्रदर्शन गर्नुहोस्, जस्तै :

- कविले पौरख गर्न चाहेका
- आफ्नै पौरखले सिङ्गो समाजलाई बाटो देखाउन चाहेका
- असल व्यक्ति बन्न चाहेका
- सर्वप्रिय र उत्कृष्ट कृति रचना गरेर सिर्जनशील बन्न चाहेका ।

(ई) विद्यार्थीले टिपोट गरेका तथा स्लाइडमा देखाइएका विषयवस्तुबारे तुलनात्मक छलफल चलाई धारणा स्पष्ट पार्नुहोस् ।

(उ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको प्रश्नको उत्तर लेख्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**छलफल र निष्कर्ष प्रस्तुति**

(अ) विद्यार्थीलाई आवश्यकताका आधारमा समूहमा विभाजन गर्नुहोस् र बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १४ मा दिइएको प्रश्न पढी समूहमा छलफल गर्न लगाउनुहोस् ।

(आ) कुनै दुई समूहलाई क्रियाकलाप (क) र कुनै दुई समूहलाई क्रियाकलाप (ख) मा दिइएका वाक्यका बारेमा छलफल गरी निष्कर्ष निकाल्न लगाउनुहोस् । विद्यार्थीले समूहमा छलफल गर्दा शिक्षकले समूह समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) समूह कार्य सकिएपछि टोली नेतालाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहका विद्यार्थीलाई ध्यानपूर्वक सुनी मूल्याङ्कन गर्न र पृष्ठपोषण दिन लगाउनुहोस् ।

(ई) अन्त्यमा आफूले विषयवस्तुको सार समेटी निष्कर्ष निकालिएको स्लाइड वा चार्ट प्रस्तुत गरी थप सिकाइ सहजीकरण गरिदिनुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) बोध प्रश्नोत्तरबारे विद्यार्थीको पूर्वज्ञानमा आधारित भई छलफल गराउनुहोस् ।

(आ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १५ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) समूहले उत्तर लेखिसकेपछि समूह समूहलाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्वज्ञानका आधारमा गराउनुहोस् । भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत छलफल नवौँ दिनमा गरिने जानकारी गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् :

(अ) 'उज्यालो यात्रा' कवितामा कविले कस्तो व्यक्ति बन्ने चाहना व्यक्त गरेका छन् ?

(आ) धर्तीलाई कसरी मनोहर बनाउन सकिन्छ ?

(ख) तलको विषयमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

(अ) परिश्रमको फल मिठो हुन्छ ।

(आ) मानवीय सेवाको भावना राख्नु पवित्र कर्म हो ।

(ग) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १५ मा दिइएको अनुच्छेदबाट शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका दुई दुईओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | विनयशीलतापूर्वक भाषिक सञ्चार गर्न | • श्रव्य सामग्री/दृश्य सामग्री<br>• प्रश्नोत्तर चार्ट<br>• अनुच्छेदपत्ती |
| श्रुतिबोध (सुनाइ पाठ १) | सुनाइ पाठ १ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै गाउँखाने कथा वा जीवनका रमाइला क्षणबारे सुनाएर विद्यार्थीको ध्यानाकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे कक्षामा कुनै विद्यार्थीलाई प्रस्तुत गर्न लगाएर छलफल गराउनुहोस् र आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १६ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मौन पठन गर्न अभिप्रेरित गर्नुहोस् ।

(आ) चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहभित्र छलफल गरेर धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

(इ) शिक्षकले विनयशीलतापूर्वक कुराकानी गर्ने विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्य अभिव्यक्तिमा आधारित हुने कुरा स्पष्ट पारिदिनुहोस् ।

(ई) भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस्, जस्तै :

(एक जना वयस्क उमेरका व्यक्ति स्टेसनरी पसलमा बसिरहेका हुन्छन् । विदर्भ सामान किन्न त्यही पुग्छन् ।)

विदर्भ : नमस्ते बुबा ! सन्चै हुनुहुन्छ ?

पसले : नमस्ते बाबु ! म त सन्चै छु नि, बरु बाबुलाई पो के सेवा गरौँ होला ?

विदर्भ : बुबा, मलाई एउटा कलम देखाउनुहोस् न ।

पसले : कति दामको देखाऊँ बाबु ?

विदर्भ : अति महँगो त होइन, ठिकै दामको देखाउनुहोस् न है ।

पसले : (दुई तीन थरिका कलम देखाउँदै) यसको मूल्य रु. ५०, यसको ९९ र यसको चाँहि ७० मात्र पर्छ ।

विदर्भ : (तीनओटै कलम ओल्टाइपल्टाइ हेर्दै) ठिकै छ, (मध्यमखालको कलम देखाउँदै) यो मलाई ठिकै लाग्यो, यही राखिदिनुहोस् न है, मलाई एक दर्जन कापी र आधा दर्जन पेन्सिल पनि चाहिएको थियो । हजुर राखिदिनुहोस न है ?

पसले : भइहाल्छ नि बाबु, (कापी र पेन्सिल निकाल्दै) यो त मेरा लागि खुसीको कुरा हो । बरु कुन कापी राखिदिऊँ ?

विदर्भ : ऊ... त्यो खालको राखिदिनुहोस् न । मलाई त असाध्यै मन पऱ्यो ।

पसले : (कलम र कापी दिँदै) ल लिनुहोस् बाबु ।

विदर्भ : यी सामानको बिल पनि ल्याउन भनेर आमाले भन्नुभएको छ । बिल पनि बनाइदिनुहोस् न है बुबा ?

पुसले : भइहाल्छ नि (बिल बनाएर दिँदै ) लौ लिनुहोस् बाबु बिल ।

विदर्भ : बिल लिएर पैसा दिँदै ) बुबा लौ, यो पैसा लिनुहोस् । (पसले पैसा समाउँछन् र बिलअनुसार पैसा कटाएर बाँकी पैसा फिर्ता दिन्छन् ।)

पसले : लौ लिनुहोस् फिर्ता पैसा ।

विदर्भ : धन्यवाद, हजुरले यो पसल यहाँ राखेपछि त हामीलाई कति आनन्द भएको छ नि । हजुरहरूले धेरैतिरबाट सामान जम्मा पारेर यहाँ ल्याएर हामीलाई चाहिएको वेलामा दिनुहुन्छ । हामीले टाढा जानु पनि पर्दैन । त्यसका लागि हजुरप्रति म आभार प्रकट गर्न चाहन्छु ।

पसले : यस्तो नम्र बोलीवचन भएका बाबुहरूको माया र सद्भाव सधैँ पाइरहौँ ।

विदर्भ : हवस् बुबा, अहिले म जान्छु है त । विदर्भ पसले बुबालाई नमस्कार गर्दै आफ्नो घरतिर लाग्छन् ।)

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १६ मा दिइएको सन्दर्भ बुझेर प्रत्येक समूहलाई हाउभाउसहित पालैपालो आफ्ना विचार प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, वाक्य गठन, शैली, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) विद्यार्थीको बोली, हाउभाउ र व्यवहारमा विनयशीलताको भाव झल्किएको छ वा छैन भन्ने मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ए) भाषिक व्यवहारमा कमजोर देखिएका विद्यार्थीलाई थप अवसर प्रदान गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

**शिक्षक साथीका लागि**

**भाषिक प्रकार्यको परिचय**

सन्दर्भ र परिवेशअनुसार भाषाको प्रयोग गर्ने व्यावहारिक सिप नै भाषिक प्रकार्य हो । यसले विद्यार्थीको बोलाइ तथा अभिव्यक्ति सिपलाई निखार्ने काम गर्छ । कुराकानी, छलफल, प्रश्नोत्तर, अभिनय तथा अवस्था र व्यक्तिअनुसार भाषाको प्रयोग गर्न सिकाउनु यसको प्रमुख उद्देश्य हो । अभिव्यक्ति अभ्यासबाट बानी निर्माण गरेर सिकाउँदा मानसिक र शारीरिक दुवै पक्षको उपयोग हुन्छ । यसबाट भाषिक सिपको विकास प्रभावकारी रूपमा हुने भएकाले जीवन उपयोगी बनाउन सकिन्छ । त्यसैले भाषिक प्रकार्यको शिक्षण गर्दा अन्तरक्रिया, संवाद, अभिनय, कुराकानी, वक्तृता जस्ता अभिव्यक्ति कला र शैलीको प्रयोग गर्नुपर्छ ।

भाषिक प्रकार्यका लागि कक्षा १० का हरेक पाठका अभ्यासमा कुनै न कुनै सन्दर्भ दिइएको छ । पाठ्यपुस्तकमा खोज तथा प्रस्तुति, समय पालना, उत्साह, कृतज्ञता, आदर्श अनुकरण, स्वअनुशासन, स्वसंस्कृति वर्णन, नेतृत्व, रुचि र बानी, सद्भाव, समस्या समाधान, उत्प्रेरणा, अनुभव वर्णन, स्वज्ञानको प्रयोग र सहकार्य जस्ता अभिव्यक्तिमूलक अलग अलग अभ्यास राखिएका छन् । तिनै सन्दर्भमा आधारित भई विद्यार्थीलाई शिक्षकले मौखिक अभिव्यक्तिको अभ्यास गराउनुपर्छ । मौखिक अभिव्यक्तिबाट नै यसको मूल्याङ्कन गर्न सकिएन भने पाठ्यक्रमको अपेक्षा पूरा गर्न सकिँदैन तसर्थ यसमा विविध सन्दर्भअनुसार भाषिक अन्तरक्रियाको प्रयोगपरक प्रस्तुति गराउनु वाञ्छनीय हुन्छ ।

**श्रुतिबोध**

(अ) विद्यार्थी आवश्यकताअनुसार समूहमा विभाजन गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्नुहोस् ।
- सुनाइ र बोलाइ खण्डमा दिइएका प्रश्न ध्यानपूर्वक पढ्नुहोस् ।
- सुनाइ पाठमा आधारित भएर प्रश्नानुसार उत्तर दिनुहोस् ।

(इ) सुनाइ पाठ १ को श्रव्य सामग्री सुनाउनुहोस् वा शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेर्कड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताका आधारमा (दुई वा दुईभन्दा बढी पटक) सुनाउनुहोस् ।

(ई) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास १ को अभ्यासमा दिइएका प्रश्न सोधी मौखिक रूपमा उत्तर भन्न लगाउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ मा दिइएको प्रश्न पढ्न लगाई समूहमा छलफल गर्ने अवसर दिनुहोस् । समूहका कुनै विद्यार्थीलाई पालैपालो कविताका आधारमा नेपालको सुन्दरताबारे वर्णन गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि आवश्यक सहजीकरण गरिदिनुहोस् । सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पसले र ग्राहकबिच विनयशीलतापूर्वक हुने कुराकानी गर्न लगाउनुहोस् ।
(ख) सुनाइ पाठ १ का आधारमा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) कुन कुन जनावरलाई वनका उम्दा कलाकार भनिएको छ ?
(आ) सद्भावका चेतले हामीलाई के गरेको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पदवर्ग पहिचान र प्रयोग | पदवर्ग पहिचान गरी प्रयोग गर्न | • पदवर्गका प्रकारअनुसारको उदाहरण तालिका<br>• वाक्यपत्ती<br>• शब्द तालिका<br>• अनुच्छेदपत्ती |
| पदवर्गको प्रयोग र अनुच्छेद रचना | विभिन्न पदवर्ग विचलन भएका शब्दको प्रयोग गरी अनुच्छेद रचना गर्न | |
| ह्रस्व इकार (ि) को पहिचान र प्रयोग (वर्णविन्यास) | शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार (ि) को पहिचान र प्रयोग गर्न | |
| कविता सङ्कलन (परियोजना कार्य) | निर्दिष्ट विषयवस्तु पहिचान गरी प्रस्तुति दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले प्रेरक कथा सुनाएर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् ।
(आ) भाषिक संरचनासम्बन्धी छलफल गरी आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**पदवर्ग पहिचान र प्रयोग**

(अ) विद्यार्थी सङ्ख्याको अनुपात मिलाई समूह बनाउनुहोस् । पूर्वज्ञानका आधारमा विद्यार्थीलाई पदवर्गबारे समूहमा छलफल गर्न लगाई विभिन्न पदवर्गका शब्द भन्न उत्प्रेरित गर्नुहोस् ।
(आ) समूहबाट आएका शब्द शैक्षणिक पाटीमा तालिका बनाई टिप्नुहोस् । प्रत्येक वर्गका शब्दका उदाहरण आइसकेपछि तालिकामा टिपोट गरिएका शब्द मिलेका छन् किन छैनन्, पत्ता लगाउन भन्नुहोस् । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।
(इ) पाठ्यपुस्तकको भाषिक संरचना र वर्णविन्यास अभ्यासअन्तर्गत क्रियाकलाप १ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र समूहमा रेखाङ्कित शब्दको पदवर्गबारे छलफल गरी पहिचान गरेर लेख्न लगाउनुहोस् ।
(ई) विद्यार्थीले पहिचान गरेका शब्द समूहगत रूपमा विद्यार्थीलाई भन्न लगाई अन्य समूहलाई मिले नमिलेको यकिन गर्न लगाउनुहोस् । आफूले आवश्यक सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।
(उ) समूह कार्य सकिएपछि क्रियाकलाप २ मा दिइएको अनुच्छेद स्लाइडमा प्रस्तुत गर्नुहोस् र सबै विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् । मौन पठनपश्चात् दिइएको अनुच्छेदमा प्रयुक्त कुन कुन शब्दका पद विचलन भएको छ भन्ने विषयमा समूहमा छलफल गराउनुहोस् ।
(ऊ) छलफलपछि समूहका कुनै विद्यार्थीलाई पदवर्ग विचलन भएका शब्द पहिचान गरी भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
(ऋ) आफूले तयार पारेर लगेको चार्ट वा स्लाइड प्रदर्शन गरी पुनः छलफल गराउनुहोस् र कुन शब्द मूल रूपमा कुन पदवर्गमा रहन्छ र अनुच्छेदमा कुन वर्गका रूपमा प्रयोग भएको छ भन्ने विषयमा छलफलका माध्यमले स्पष्ट पार्दै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्, जस्तै :

- यो असल छ । (सर्वनाम)
- यो केटो असल छ । (विशेषण)
- त्यो ल्याऊ । (सर्वनाम)

- त्यो किताब ल्याऊ । (विशेषण)

(ए) पुनः यसै खण्डको क्रियाकलाप ३ को अनुच्छेद प्रदर्शन गरी रेखाङ्कित शब्दको पदवर्ग पहिचान गरी लेख्न लगाउनुहोस् । विद्यार्थीले कक्षाकार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऐ) विद्यार्थीले समूहमा लेखेको उत्तर पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् र आफूले तयार पारेर लगेको पदवर्ग पहिचानको सूची प्रदर्शन गरी विद्यार्थीले लेखेको उत्तर मिले नमिलेको परीक्षण गर्न लगाउनुहोस् ।

**पदवर्गको प्रयोग र अनुच्छेद रचना**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् भाषिक संरचना खण्डको क्रियाकलाप ४ पढ्न लगाउनुहोस् । पाठबाट एउटा समूहलाई नाम, दोस्रोलाई सर्वनाम, तेस्रोलाई विशेषण, चौथोलाई क्रिया, पाँचौँलाई क्रियायोगी र छैटौँलाई नामयोगी एक एकओटा शब्द पहिचान गरी भन्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र ती शब्दलाई पालैपालो वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले भनेका वाक्यको पदसङ्गति र वाक्य गठन मिले नमिलेको ख्याल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) यसैगरी, यसै खण्डको क्रियाकलाप ५ मा दिइएका पदवर्ग विचलनसम्बन्धी उदाहरण पढ्न र समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलपछि प्रत्येक समूहलाई पालैपालो वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । अन्य समूहलाई ध्यानपूर्वक सुन्न र आवश्यक पृष्ठपोषण दिन प्ररित गर्नुहोस् ।

(ई) विद्याथी समूहलाई भाषिक संरचनाअन्तर्गत क्रियाकलाप ६ मा दिइएको प्रश्न पढ्न लगाई छलफल गराउनुहोस् र अनुच्छेद लेखनको तरिकाबारे समूहमा छलफल गराउनुहोस् । त्यसपछि प्रत्येक समूहलाई उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेख्ने क्रममा विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) उत्तर लेखन सकिएपछि समूह नेता वा समूहको कुनै विद्यार्थीलाई अनुच्छेद वाचन गर्न लगाई छलफल गराउनुहोस् । आफूले आवश्यक सहजीकरणका साथ पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**ह्रस्व इकारको पहिचान र प्रयोग (वर्णविन्यास)**

(अ) ह्रस्व र दीर्घ मात्राका बारेमा छलफल गराई विद्यार्थीको पूर्वज्ञान पहिचान गरी विषयवस्तु प्रारम्भ गर्नुहोस् ।

(आ) शिक्षकले वर्णविन्यास खण्डको अभ्यास ७ मा दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका शब्द पहिचान गरी भन्न लगाउनुहोस् र शिक्षकले टिप्दै जानुहोस् । जस्तै : निरन्तर, मिहिनेत, साहित्य, अनि, प्राप्ति आदि ।

(इ) शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गर्नुहोस् । शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार लागेका शब्दलाई अलग अलग तालिका राख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) पाठको कविताबाट सुरु, बिच र अन्तिममा ह्रस्व इकार लागेर बनेका दुई दुई शब्द पहिचान गर्न लगाएर थप अभ्यास गराउनुहोस् ।

(उ) वर्णविन्यास खण्डको क्रियाकलाप ८ पढ्न लगाई समूहमा छलफल गराउनुहोस् । छलफलका क्रममा आफूले सुरु, बिच र अन्तिममा ह्रस्व इकार लागेका शब्द प्रयोग भएको कुनै प्रसङ्ग सुनाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग हुने १०/१० शब्द पर्ने गरी आफूलाई मन पर्ने कुनै विषयमा वर्णन गरेर लेख्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले लेख्दै गर्दा आफूले अवलोकन गरी सहजीकरण गरिदिनुहोस् । कतिओटा ह्रस्व इकार प्रयोग भएका शब्द प्रयोग भएका छन्, छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**कविता सङ्कलन (परियोजना कार्य)**

(अ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(आ) विद्यार्थीलाई सिर्जना र परियोजना खण्डको अभ्यास २ को क्रियाकलापअन्तर्गतको कुनै लयबद्ध कविता पुस्तकालय वा अन्य कुनै स्रोतबाट सङ्कलन गरेर ल्याउन लगाउनुहोस् ।

(इ) भोलिपल्ट कक्षाकार्यका रूपमा विद्यार्थी जीवन शीर्षकमा कविता रचना गरिने भएकाले तयारी गरेर आउन पूर्व जानकारी दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका अनुच्छेदबाट रेखाङ्कित शब्दको पदवर्ग पहिचान गर्न लगाउनुहोस् :
निरन्तर घोटिए**पछि** मात्र दाउराबाट चन्दन निस्कन्छ । मिहिनेत गरियो **र** पढियो **भने** **मात्र** **आफू**ले **चाहेको** लक्ष्य प्राप्त **गर्न** सजिलो **हुन्छ** । विद्यार्थीले चाहेको लक्ष्य**अनुसार** भविष्यमा चिकित्सक, इन्जिनियर, शिक्षक अनि साहित्यकार आदि बन्न सक्छन् । **आज** कर्म गर्नेले भोलि **फल** प्राप्त गरेरै **छाड्छ** ।

(ख) सुरु, बिच र अन्त्यमा ह्रस्व इकार प्रयोग भएका शब्दको प्रयोग गरी चार वाक्य लेख्न लगाउनुहोस् ।

(ग) पदवर्ग विचलन भएका कुनै तीन शब्द पर्ने गरी एउटा अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविता सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | विभिन्न स्रोतबाट कविता सङ्कलन गरी लयबद्ध वाचन गर्न | • कविता चार्ट<br>• कविताको श्रव्य सामग्री/दृश्य सामग्री |
| कविता रचना (सिर्जनात्मक कार्य) | विद्यार्थी जीवन शीषकमा कविता रचना गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै पद्यको कविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा दिइएको परियोजना कार्यका बारेमा छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**कविता सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) कविता लयवद्ध वाचन गर्दा ध्यान दिनुपर्ने विषयमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

(आ) सिर्जना र परियोजना खण्ड अभ्यास २ मा दिइएको निर्देशनअनुसार विद्यार्थीले सङ्कलन गरेर ल्याएको पद्य कविता पालैपालो प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(इ) सङ्कलित कविता र वाचनका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । कविता प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् । शिक्षकले पद्य कविता वाचन गर्दा ध्यान दिनुपर्ने यति, गति, लयबारे आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**कविता रचना (सिर्जनात्मक कार्य)**

(अ) कविता रचना गर्ने तरिकाका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् । छलफलको निष्कर्ष विद्यार्थीलाई भन्न उत्प्रेरित गर्नुहोस् । आवश्यक सहजीकरणसहित कविता रचना गर्ने तरिका सिकाउनुहोस् ।

(आ) शिक्षकले तयार पारेर ल्याएको कुनै कविता सुनाउनुहोस् र खाली ठाउँमा उपयुक्त शब्द राखी कविताको श्लोक पूरा गर्ने कविता स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । प्रत्येक समूहलाई खाली ठाउँमा उपयुक्त पद वा पदावली राखेर कविता पूरा गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस्, जस्तै :

.......... को जीवन यो, .......... हुन्छ,
.......... गर्न सके, ..........लाई छुन्छ ॥

जीवनको ............ पनि यहीँ सुरु हुने,
.......... गरे यस वेला, पछि........ हुने ॥

त्यसैले त हेर .........., आऊ .......... थालौँ,
.......... र ढिलासुस्ती, .......... फालौँ ॥

(विद्यार्थी, अनमोल, परिश्रम, आकाश, जग, अल्छी, दु:ख, साथी, पढ्न, आलस्य, आजैबाट)

(इ) कविताको श्लोक तयार भएपछि लय, गति, यति मिलाई वाचन गर्न उत्प्रेरित गर्नुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला दिनुहोस् ।

(ई) विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गर्नुहोस् । सिर्जना र परियोजना कार्यअन्तर्गत अभ्यास १ को विद्यार्थी जीवन शीर्षकमा कविता रचना गर्नलाई आवश्यक विषयवस्तु र शब्दबारे छलफल गराउनुहोस् । कविता रचना गर्न आवश्यक विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

(उ) टिपोट गरेका विषयवस्तुलाई कविताको लयमा कसरी संयोजन गर्ने भन्ने बारे छलफल गराउनुहोस् । विद्यार्थीले टिपोट गरेका विषय र शब्दलाई मिलाएर कविता रचना गर्न उत्प्रेरित गर्नुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

(ऊ) कविताको श्लोक तयार भएपछि विद्यार्थीलाई पालैपालो कविता वाचन गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले समूहले रचना गरेको कवितालाई प्रोत्साहन दिनुहोस् र आवश्यक सहजीकरण र थप पृष्ठपोषण दिँदै जानुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् । थप आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) शिक्षकले तयार पारेको कविताको नमुना प्रदर्शन गरी शिक्षक र विद्यार्थीले सामूहिक रूपमा कविता वाचन गरी कक्षा समापन गर्नुहोस् । जस्तै :

विद्यार्थीको जीवन यो, अनमोल हुन्छ
परिश्रम गर्न सके, आकाशलाई छुन्छ ॥

जीवनको जग पनि यहीँ सुरु हुने
अल्छी गरे यस वेला, पछि दु:ख हुने ॥

त्यसैले त हेर साथी, आऊ पढ्न थालौँ
आलस्य र ढिलासुस्ती, आजैबाट फालौँ ॥

**३. मूल्याङ्कन**

(क) 'विद्यार्थी जीवन' वा अन्य कुनै शीर्षकमा कविता रचना गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीले सुनेको वा पढेको कुनै कविता भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

| पाठ : २ | घरझगडा | |
|---|---|---|
| **विधा : कथा** | | **कार्यघण्टा : १०** |

## परिचय

कथाकार बदरीनाथ भट्टराई (वि.सं.१९६५-२०५२) द्वारा रचित 'घरझगडा' ऐतिहासिक कथा हो । नेपाल एकीकरणको महत्त्वपूर्ण समयमा रणबहादुर शाहको नायबी शासन चलाइरहेकी राजेन्द्रलक्ष्मी र उनका देवर बहादुर शाहबिचको द्वन्द्वसँग सम्बन्धित विषयवस्तु यसमा समेटिएको छ । ऐतिहासिक विषयवस्तुलाई लिएर सामाजिक सन्देश दिने यस कथाको सहजीकरण गराउँदा कथाले वर्णन गरेको इतिहाससँग सम्बन्धित भई क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

कथावस्तु, उद्देश्य, पात्र, संवाद, परिवेश आदिको संयोजन गरेर विद्यार्थीलाई कथा विधाअन्तर्गतका क्रियाकलाप गराउँदा शिक्षकले सहजकर्ता, उत्प्रेरक, खोजकर्ता एवम् रचनाकारका रूपमा भूमिका खेल्नुपर्छ । त्यसैले यस कथाको सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक, रुचिकर एवम् प्रभावकारी बनाउने प्रयास गरिएको छ । कथनात्मक अभिव्यक्ति सिपको विकास गराउन सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट सिकाइसम्बद्ध क्रियाकलाप प्रस्तुत गरिएको छ । कथा सहजीकरण गराउन कथाकथन, कथाश्रवण, सस्वर तथा मौन पठन, शब्दोच्चारण, संरचना पहिचान, अनुलेखन, श्रुतिलेखन, बोध प्रश्नोत्तर, चरित्रको चित्रण तथा तुलना, बुँदा टिपोट, सारांश, व्याख्या, घटना टिपोट तथा घटनाक्रम मिलान, कथासार, कथा निर्माण, आज्ञा तथा आदेशसम्बद्ध भाषिक प्रकार्य तथा श्रुतिबोध जस्ता क्रियाकलाप प्रस्तुत गरिएको छ । समावेशित सिर्जना एवम् परियोजना कार्यसम्बद्ध क्रियाकलाप सकेसम्म मौलिक होउन् भन्ने अपेक्षा गरिएको छ ।

विद्यार्थीमा कथयिताको भावोत्सुकता जगाउन क्रमशः ज्ञानार्जन तथा मूल्याङ्कन गर्ने क्रियाकलाप प्रस्तुत गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत धातु, कृदन्त शब्द, सकर्मक अकर्मक पहिचान र प्रयोग तथा शब्दको सुरु, मध्य र अन्त्यमा दीर्घ ईकार लागेका शब्दको पहिचान र प्रयोग गर्ने विषयलाई कार्यमूलक र रुचिकर बनाइएको छ । विद्यार्थीको रुचि र स्तरलाई ख्याल गरी निर्धारित कार्यघण्टाभित्र पाठाभ्यासमा सान्दर्भिक अभ्यास समेटेर प्राथमिकता क्रममा राखिएको छ । यसका साथै सुनाइ पाठ २ वा कुनै उपयुक्त सामाजिक कथा सुनाएर श्रुतिबोधको प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

### पाठ २ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • ऐतिहासिक विषयवस्तुमा आधारित छलफल<br>• कथाको संरचना पहिचान | • चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न<br>• कथाको संरचना पहिचान गर्न | • स्लाइड वा चार्ट<br>• इतिहासका विविध घटना झल्कने | १ |

| | | | | |
|---|---|---|---|---|
| | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १, २ र ३)<br>• पाठगत शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद हाउभाउसहित गतियति मिलाई सस्वर र शुद्ध पठन गर्न<br>• पाठगत शब्दको अर्थ पहिचान गरी प्रयोग गर्न<br>• निर्दिष्ट/ अनुच्छेदका शब्दार्थ र उखान, टुक्का, बोध, प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट/दोस्रो अनुच्छेदका सकर्मक र अकर्मक क्रियाको पहिचान गर्न | चित्रहरू<br>• कथाको संरचनासम्बन्धी चार्ट<br>• शब्दसूची<br>• वाक्यसूची<br>• शब्दार्थपत्ती<br>• निर्दिष्ट अनुच्छेदबाट बोध प्रश्नसूची<br>• निर्दिष्ट अनुच्छेदका सकर्मक/ अकर्मक क्रियासूची | |
| **दोस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण<br>• (अनुच्छेद ४, ५, ६ र ७)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद हाउभाउसहित गतियति मिलाई सस्वर पठन र शुद्ध उच्चारण गर्न<br>• निर्दिष्ट शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन<br>• अनुच्छेदमा प्रयुक्त टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट दीर्घ ईकार लागेका शब्द पहिचान गर्न | • सलाइड वा चार्ट<br>• वाक्यसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दसूची ( उच्चारण)<br>• शब्दकोश<br>• टुक्कासूची र वाक्यका नमुना<br>• दीर्घ ईकार शब्द प्रयोगसूची<br>• बोध प्रश्नसूची | १ |
| **तेस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण<br>• (अनुच्छेद ८, ९, १० र ११)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद हाउभाउ, गति, यतिसहित सस्वर पठन गर्न<br>• शब्दार्थ बताई वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदका उखान टुक्का पहिचान गर्न र वाक्यमा प्रयोग गर्न<br>• कृदन्त शब्द पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन | • सलाइड वा चार्ट<br>• वाक्यसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दसूची (उच्चारण)<br>• शब्दकोश<br>• टुक्कासूची र वाक्यका नमुना<br>• कृदन्त शब्दसूची<br>• बोध प्रश्नसूची | १ |
| **चौथो दिन** | • पठन बोध र संरचना पहिचान<br>• शब्दकोशको प्रयोग र शब्दार्थ पहिचान<br>• उखान, टुक्का र अनुकरणात्मक शब्द<br>• कथाको घटनाक्रम<br>• प्रश्नोत्तर | • कथाको संरचना पहिचान गरी बताउन<br>• शब्दकोशको प्रयोग गरी शब्दको अर्थ लेख्न र शब्दको क्रम पत्ता लगाउन<br>• उखान, टुक्का र अनुकरणात्मक शब्द पहिचान र प्रयोग गर्न<br>• कथाको घटनाक्रम मिलान गर्न<br>• निर्दिष्ट अनुछेदबाट प्रश्न निर्माण र उत्तर पहिचान गर्न | • सलाइड वा चार्ट ( विधागत संरचना र शब्दकोश क्रम)<br>• शब्दकोशको क्रमको पत्ती<br>• मोबाइल एपबाट प्रज्ञा नेपाली शब्दकोश<br>• उखान टुक्कासूची<br>• अनुकरणात्मक शब्दसूची | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | • वाक्यपत्ती<br>• घटनाक्रमपत्ती<br>प्रश्नसूची<br>उत्तरका नमुना | |
| **पाँचौँ दिन** | • बुँदा टिपोट र कथासार लेखन<br>• पात्र तुलना र प्रमुख पात्रको चरित्र चित्रण<br>• व्याख्या लेखन | • निर्दिष्ट कथाका बुँदा टिपोट गर्न<br>• निर्दिष्ट कथाको कथासार भन्न<br>• पात्रका बिच तुलना गर्न र प्रमुख पात्रको चरित्र चित्रण गर्न<br>• निर्दिष्ट पङ्क्तिको व्याख्या गर्न | • कथासारका मुख्य मुख्य बुँदाको चार्ट<br>• पात्र तुलनाको चार्ट<br>• पात्र चरित्र चित्रणका आधार र पात्रको चरित्र तुलना गरिएको चार्ट<br>• व्याख्याको नमुना | १ |
| **छैटौँ दिन** | • सङ्क्षिप्त उत्तर लेखन<br>• विषयवस्तुमा आधारित अनुमान र निष्कर्ष<br>• तार्किक लेखन | • निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन<br>• विषयवस्तुमा आधारित रही अनुमान गर्न र निष्कर्ष दिन<br>• निर्दिष्ट प्रश्नको तर्कपूर्ण उत्तर दिन | • सङ्क्षिप्त प्रश्नोत्तरको नमुना<br>• विषयवस्तुमा आधारित नमुना लेखन र निष्कर्ष लेखन चार्ट<br>• तर्कपूर्ण उत्तर लेखनशैली ढाँचा | १ |
| **सातौँ दिन** | • समीक्षात्मक उत्तर लेखन<br>• बोध प्रश्नोत्तर | • निर्दिष्ट प्रश्नको समीक्षात्मक/विवेचनात्मक उत्तर लेख्न<br>• निर्दिष्ट अनुच्छेद पढी बोधात्मक प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बन्धी प्रश्नको उत्तर दिन | • बुँदाको चार्ट वा स्लाइड<br>• समीक्षात्मक उत्तरको नमुना<br>• अनुच्छेदपत्ती<br>• बोधात्मक प्रश्नोत्तर चार्ट | १ |
| **आठौँ दिन** | • भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ २) | • आज्ञा वा आदेशमा आधारित भाषिक सञ्चार गर्न<br>• सुनाइ पाठ २ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • आज्ञा वा आदेशसम्बन्धी भाषिक सञ्चारबारे श्रव्य सामग्री वा दृश्य सामग्री<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• सुनाइ पाठ २ को श्रव्य सामग्री | १ |
| **नवौँ दिन** | • धातु र क्रियापद पहिचान र प्रयोग<br>• कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग<br>• सकर्मक र अकर्मक क्रिया पहिचान र प्रयोग<br>• दीर्घ ईकार पहिचान र प्रयोग (वर्णविन्यास)<br>• कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | • धातु र क्रियापद पहिचान र प्रयोग गर्न<br>• कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट प्रश्नमा आधारित सकर्मक क्रिया पहिचान र प्रयोग गर्न<br>• दीर्घ ईकारको पहिचान र प्रयोग गर्न<br>• निर्दिष्ट विषयवस्तु पहिचान गरी प्रस्तुति दिन | • धातु र क्रियापद लेखिएको पत्ती<br>• सकर्मक र अकर्मक क्रियाको सूची र वाक्यपत्ती<br>• सुरु, बिच र अन्त्यमा दीर्घ ईकार प्रयोग भएका शब्दको सूची<br>• परियोजना कार्यको आरेख | १ |
| **दसौँ दिन** | • निर्देशित कथा लेखन (सिर्जनात्मक कार्य)<br>• सङ्कलित ऐतिहासिक कथाको प्रस्तुति (परियोजना कार्य) | • दिइएका बुँदाका आधारमा कथा तयार पार्न<br>• आफूले सङ्कलन गरी ल्याएको ऐतिहासिक कथा प्रस्तुत गर्न | • कथाका बुँदाको स्लाइड वा चार्ट<br>• कथाको श्रव्य सामग्री/दृश्य सामग्री<br>• कथाको नमुना चार्ट | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | • सङ्कलित ऐतिहासिक कथा | |
| **जम्मा कार्यघण्टा** | | | | **१०** |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| ऐतिहासिक विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | • स्लाइड वा चार्ट<br>• इतिहासका विविध घटना झल्कने चित्रहरू<br>• कथाको संरचनासम्बन्धी चार्ट<br>• शब्दसूची<br>• वाक्यसूची<br>• शब्दार्थपत्ती<br>• निर्दिष्ट अनुच्छेदबाट बोध प्रश्नसूची<br>• निर्दिष्ट अनुच्छेदका सकर्मक/ अकर्मक क्रियासूची |
| कथाको संरचना पहिचान | कथाको संरचना पहिचान गर्न | |
| सस्वर पठन र शब्दोच्चारण<br><br>(अनुच्छेद १, २ र ३) | निर्दिष्ट अनुच्छेद हाउभाउसहित गतियति मिलाई सस्वर र शुद्ध पठन गर्न | |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | पाठगत शब्दको अर्थ पहिचान गरी प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट/ अनुच्छेदका शब्दार्थ र उखान, टुक्का, बोध, प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट/दोस्रो अनुच्छेदका सकर्मक र अकर्मक क्रियाको पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. इतिहासका विषय, पात्र र परिवेशलाई लिएर कथा रचना गर्न सकिन्छ भनी पुष्टि हुने खालका दृष्टान्त बताउनुहोस् । पृथ्वीनारायण शाह, भीमसेन थापा र राणाकालीन इतिहासका घटनालाई लिएर कथा रचेको सन्दर्भ सुनाउँदै सेतो बाघ जस्ता डायमन शमशेरका उपन्यास इतिहासमा आधारित रहेर रचेको सन्दर्भ बताउनुहोस् ।

२. कक्षा आठमा पढेको साकार सपना कथा ऐतिहासिक विषयवस्तुमा आधारित भएको प्रसङ्गको चर्चा गर्दै आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध क्रियाकलाप**

**ऐतिहासिक विषयवस्तुमा आधारित छलफल**

(अ) ऐतिहासिक विषयवस्तुअन्तर्गत विद्यार्थीले अगिल्लो कक्षामा पढेका वा अन्यत्र पढेका वा सुनेका विषय सुनाउन लगाउनुहोस् र इतिहाससँग सम्बन्धित स्लाइड, चार्ट वा चित्र प्रदर्शन गर्नुहोस् ।

(आ) ती प्रदर्शित स्लाइड, चार्ट, चित्रबारे विद्यार्थीसँग अन्तरक्रियात्मक छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई समूह विभाजन गरी एकआपसमा छलफल गर्ने वातावरण बनाउनुहोस् र समूहका तर्फबाट कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठ २ मा दिइएको चित्रबारे छलफल गर्न लगाउनुहोस् ।



(उ) नेपालको इतिहासमा नेपाल राज्यको एकीकरणपछि दरबारमा सुरु भएको गुटबन्दी, नायबी सञ्चालनका लागि भएको होडबाजी र एकीकरण अभियानलाई अगाडि बढाउने प्रयासबारे छलफल गराउनुहोस् ।

(ऊ) पाठसँग प्रसङ्ग जोड्दै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**कथाको संरचना पहिचान**

(अ) विद्यार्थीमाझ यसभन्दा अगिका कक्षामा पढेका कथाका आधारमा कथा बन्न कुन कुन पक्षको आवश्यकता पर्छ सो बारेमा छलफल गराउनुहोस् ।

(आ) छलफलमार्फत आएका उत्तरलाई शैक्षणिक पाटीमा बुँदागत रूपमा टिपोट गर्नुहोस् । ती टिपोट गरिएका विषयवस्तुलाई समेटी कथामा के कस्ता कुरा समेट्नुपर्छ वा कथा बन्नका लागि के के कुरा चाहिन्छ भन्ने कुरा बताउँदै विद्यार्थीको स्तर सुहाउँदो ढङ्गबाट कथाको संरचनाबारे प्रस्ट पारिदिनुहोस् । यसका लागि कथाको संरचना तालिका प्रदर्शन गर्नुहोस्, जस्तै :

| |
|---|
| शीर्षक |
| विषयवस्तु (घटना) |
| पात्र (व्यक्ति) |
| परिवेश (स्थान, समय र वातावरण) |
| संवाद (कुराकानी) |
| दृष्टिबिन्दु |
| भाषाशैली |
| सन्देश |

(इ) उपर्युक्त तत्त्वका आधारमा कथा बन्ने कुरालाई यसअगिका कक्षामा पढेका कथासँग सन्दर्भ जोडी प्रस्ट पारिदिनुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य कथाका अनुच्छेद १ देखि ३ सम्म स्मार्ट बोर्ड, स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तु जानकारी गराई पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) कथा संवादात्मक प्रस्तुतिलाई अभिनयात्मक तरिकाले पठन गर्दा वाचन थप प्रभावकारी बन्ने विषयमा बताइदिनुहोस् ।

(इ) पाठका १ देखि ३ सम्मका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) अरू विद्यार्थीलाई साथीले सही पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि विषयमा प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीको वाचन कला विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दको अक्षर संरचनासहित शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी अक्षरीकरणका माध्यमले विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

मुर्कट्टा : /मुर्.कट्.टा/
सर्वस्व : /सर्.बस्.स्व/
आश्वासन : /आस्.वा.सन्/

(ए) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलाप विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी शब्दोच्चारण प्रतियोगिता पनि सञ्चालन गर्न सक्नुहुने छ । सक्रिय सहभागिता जनाउने विद्यार्थीको प्रशंसा गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) सस्वर पठनका क्रममा विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्तीका सहायताले वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

जुम्सो : लोसे, अल्छी
कुपात्र : अयोग्य व्यक्ति, खराब व्यक्ति
षड्यन्त्र : अरूको कुभलोका लागि गरिने जालझेल

(इ) अर्थ पहिचानका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी अर्थपूर्ण वाक्य निर्माणका लागि सहजीकरण गर्नुहोस्, जस्तै :

पतन : (अवनति) : आफन्त आफन्तबिचको झगडाले मानिसलाई पतनको बाटोतर्फ लैजान्छ ।

(उ) यसैगरी प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलाई पाठ्य कथांशबाट **'बडो मुस्किलसँग .......... बेकुफी हो ।'** अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र मौन पठन गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई सस्वर पठन र मौन पठन गरेका अंशभित्र रहेका उखान र टुक्का जस्ता पदावली उत्तरपुस्तिकामा टिपोट गर्न लगाउनुहोस्, जस्तै :

उखान : कुपात्रमा परेको अमृत विष बन्नु

टुक्का : जुम्सो बन्नु, नाग बनेर आउनु, तिलाञ्जली दिनु

(इ) उल्लिखित उखान, टुक्का प्रयोग भएका वाक्य हेरी आफ्नै किसिमका वाक्य बनाउन लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) कथाको निर्दिष्ट अनुच्छेदबाट बोधात्मक प्रश्न सोधी विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीले उत्तर भन्न नसके आवश्यक सहजीकरण गर्नुहोस् । यसका लागि प्रश्नसूचीको प्रयोग गर्नुहोस्, जस्तै :

- कथामा सबैभन्दा पहिले कसले नजरबन्द गरेको सन्दर्भ छ ?
- केमा परेको अमृत पनि विष बन्दो रहेछ ?
- राजेन्द्रलक्ष्मीले मातृत्वलाई तिलाञ्जली दिने कुरा किन गरिन् ?

(उ) उपर्युक्त प्रश्नका आधारमा विद्यार्थीलाई सामूहिक वा व्यक्तिगत रूपमा उत्तर भन्ने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीबाट आएका उत्तरलाई ध्यान दिँदै शिक्षकले तयार गरी ल्याएका उत्तरसूची प्रदर्शन गरी बोधात्मक उत्तर दिँदा ध्यान दिनुपर्ने पक्षका बारेमा छलफल गराउनुहोस् । प्रश्नको पूर्ण संरचनासहितको लिखित उत्तर दिन अभ्यास गराउनुहोस् । **(पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।)**, जस्तै :

(क) गजराज मिश्रले गर्नुभएको ठुलो टीकाटिप्पणी के थियो ?

उत्तर : गजराज मिश्रले गर्नुभएको ठुलो टीकाटिप्पणी भनेकै बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण नै घरझगडा हो भन्ने रहेको थियो ।

(ऋ) विद्यार्थीले पठन गरेका निर्दिष्ट (१, २, ३) अनुच्छेदमा प्रयुक्त २/२ ओटा सकर्मक र अकर्मक क्रिया पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस्, जस्तै :

- सकर्मक : हेरौँ
- अकर्मक : निस्के ।

प्रयोग : आज गाइजात्रा हेरौँ ।

हरि सफल हुन्छ ।

(ए) पाठ्य कथाका पहिलो, दोस्रो अनुच्छेदमा भएका सकर्मक र अकर्मक क्रियाका नमुना

| **सकर्मक** | **अकर्मक** |
|---|---|
| बन्दोरहेछ, लिए, हेरौँ, ढाले, भन्ला, थुरे, खोजे, राख्लान् | डराउनु, गए, बस्थी |

**३. मूल्याङ्कन**

(क) कथा बन्नका लागि आवश्यक पर्ने तत्त्व के के हुन् ? भन्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको उच्चारण गर्न, शब्दको अर्थ बताउन र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अस्मान, नादानी, तिलाञ्जली

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) केमा परेको अमृत पनि विष बन्दो रहेछ ?

(आ) राजेन्द्रलक्ष्मीले मातृत्वलाई तिलाञ्जली दिने कुरा किन गरिन् ?

(घ) विद्यार्थीलाई तेस्रो अनुच्छेदमा भएका क्रियापद टिप्न लगाई तिनी सकर्मक र अकर्मक के हुन् चिन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ४, ५, ६ र ७) | • निर्दिष्ट अनुच्छेद हाउभाउसहित गतियति मिलाई सस्वर पठन र शुद्ध उच्चारण गर्न | • सलाइड वा चार्ट<br>• वाक्यसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दसूची (उच्चारण)<br>• शब्दकोश<br>• टुक्कासूची र वाक्यका नमुना<br>• दीर्घ ईकार शब्द प्रयोगसूची<br>• बोध प्रश्नसूची |
| पाठगत शब्दार्थ र प्रयोग | • निर्दिष्ट शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन<br>• अनुच्छेदमा प्रयुक्त टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट दीर्घ ईकार लागेका शब्द पहिचान गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई पूर्व पठनअन्तर्गत अगिल्लो कक्षामा पढेका कुरा स्मरण गराउँदै 'घर झगडा' बारे रोचक घटना वा प्रसङ्ग सुनाउन लगाउनुहोस् वा शिक्षकले कुनै प्रसङ्ग सुनाउनुहोस् ।

२. आजको कक्षमा छलफल गरिने विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) पाठ्य कथांशका चौथोदेखि सातौँ अनुच्छेद स्लाइड वा चार्टपेपरमा प्रदर्शन गरी विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् ।

(आ) अरू विद्यार्थीलाई साथीले सही पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि विषयमा प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(इ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीको वाचन कला विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ई) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(उ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दको अक्षर संरचनासहित शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी अक्षरीकरणका माध्यमले विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

| | | | |
|---|---|---|---|
| अमृत | /अ.मृत्/ | प्रतिघात | /प्र.ति.घात्/ |
| छक्याउनु | /छक्.क्या.उनु/ | कमलपित्त | /क.मल्.पित्.त/ |

(ऊ) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) सस्वर पठनका क्रममा विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्तीका सहायताले वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

| | | |
|---|---|---|
| कुभावना | : | खराब विचार |
| थुनुवा | : | थुनिएको, थुनामा परेको |
| सपथ | : | वचनबद्धता, कुनै पदभार ग्रहण गर्दा गरिने प्रतिज्ञा |

(इ) अर्थ पहिचानका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी अर्थपूर्ण वाक्य निर्माणका लागि सहजीकरण गर्नुहोस् ।
जस्तै :
व्याधा : (सिकारी) : व्याधाको निसानामा परेको दुम्सी ठाउँको ठाउँ ढल्यो ।

(उ) यसैगरी प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) पाठ्य कथांशका चौथोदेखि पाँचौँ अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले पठन गरेका अनुच्छेदभित्र रहेका टुक्का रेखाङ्कन गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका टुक्का पालैपालो भन्न लगाउनुहोस् । शिक्षकले तयार गरी ल्याएको टुक्कासूची प्रदर्शन गरी छलफल गराउनुहोस् ।

जस्तै : आगो पानी बन्नु, बाँच्नु न मर्नु हुनु, जन्मभूमिलाई शिरमा राख्नु, तिललाई पहाड बनाउनु, फिस्फोट बनेर निस्कनु, अमृतका कप कपमा विष देख्नु, तरबारको धारमा हिँड्नु, राल काढ्नु, सुतेको सिंहको टाउकामा टेक्नु, आगो खेलाउनु

(इ) प्रदर्शित टुक्काको अर्थ छलफल गराउनुहोस् र ती टुक्कालाई वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् । शिक्षकले नमुना पनि दिएर युगल रूपमा उक्त कार्य गराउनुहोस्, जस्तै :

तिललाई पहाड बनाउनु : पल्लाघरकी काकीको बानी कहिल्यै नसुध्रने भयो; तिललाई पहाड बनाएर कुरा गर्ने उहाँको बानीले गाउँका कसैले पनि उहाँलाई पत्याउन छाडे ।

(ई) निर्दिष्ट अनुच्छेद पुनः एक पटक पढ्न लगाएर अनुच्छेदसँग सम्बन्धित प्रश्नसूची र उत्तरको नमुनाका सहायताले बोध प्रश्नोत्तर गराउनुहोस्, जस्तै :

प्रश्न :

(क) सुतेको सिंहको टाउकामा टेक्नु के बुद्धिमानी हो ? यो वाक्य कसले भनेको हो ?

उत्तर : यो वाक्य राजेन्द्रलक्ष्मीले भनेकी हुन् ।

(उ) प्रश्नसूचीमा प्रदर्शित प्रश्नका आधारमा विद्यार्थीलाई सामूहिक वा व्यक्तिगत रूपमा उत्तर भन्ने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीबाट आएका उत्तरलाई ध्यान दिँदै शिक्षकले तयार गरी ल्याएका उत्तरसूची प्रदर्शन गरी बोधात्मक उत्तर दिँदा ध्यान दिनुपर्ने पक्षका बारेमा छलफल गराउनुहोस् । प्रश्नको पूर्ण संरचनासहितको लिखित उत्तर दिन अभ्यास गराउनुहोस् । **(पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।)**

(ऋ) निर्दिष्ट अनुच्छेदभित्रका वाक्यमा परेका शब्दभित्रका सुरु, बिच र अन्त्यमा दीर्घ ईकार भएका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा आफूले आवश्यक सहजीकरण गरी दीर्घ ईकार प्रयोग भएका शब्द तालिका बनाएर टिप्न लगाउनुहोस् । जस्तै :

| **सुरुमा दीर्घ ईकार भएका शब्द** | **मध्यमा दीर्घ ईकार भएका शब्द** | **अन्त्यमा दीर्घ ईकार भएका शब्द** |
|---|---|---|
| सीता<br>.................. | डोरीले<br>.................. | चिनी<br>.................... |

(ए) छलफल सकिएपछि बोधात्मक प्रश्नोत्तरका लागि प्रश्न र नमुना उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

(क) राजेन्द्रलक्ष्मीले कैदीका रूपमा बस्नुपर्दा के भनेर चित्त बुझाइन् ?
उत्तर : राजेन्द्रलक्ष्मीले कैदीका रूपमा बस्नुपर्दा आफ्ना पतिले त्यागेका मान्छेलाई घरभित्र हुलेको पापको फल भोग्दै छु भनेर चित्त बुझाइन् ।
(ख) राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई डाकेर के भनिन् ?
(ग) राजेन्द्रलक्ष्मी र बहादुर शाहबिच कसले वैमनस्य बढाइदिए ?

(ऐ) विद्यार्थीलाई समूहगत रूपमा पालैपालो उल्लिखित बोध प्रश्न सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् ।
(ओ) विद्यार्थीको उत्तर र विषयवस्तु बोधको अवस्था हेरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

### ३. मूल्याङ्कन

**(क) विद्यार्थीलाई तलका शब्द उच्चारण गर्न लगाउनुहोस् :**

खसम, गेगर, श्रद्धा, मातृत्व, वात्सल्य, दृष्टि

**(ख) विद्यार्थीलाई टुक्का वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

तिलाञ्जली दिनु, आँधी भएर उडाउनु, पातालमा पस्नु

**(ग) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) बहादुर शाहले आफ्नो मनसाय के रहेको बताए ?

(आ) राजेन्द्रलक्ष्मी किन मैदानमा उत्रिएकी हुन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ८, ९, १० र ११) | • निर्दिष्ट अनुच्छेद हाउभाउ, गति, यतिसहित सस्वर पठन गर्न | • सलाइड वा चार्ट<br>• वाक्यसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दसूची (उच्चारण)<br>• शब्दकोश<br>• टुक्कासूची र वाक्यका नमुना<br>• कृदन्त शब्दसूची<br>• बोध प्रश्नसूची |
| पाठगत शब्दार्थ र प्रयोग | • शब्दार्थ बताई वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदका उखान टुक्का पहिचान गर्न र वाक्यमा प्रयोग गर्न<br>• कृदन्त शब्द पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई उखान, चुट्किला वा कुनै प्रेरक प्रसङ्ग सुनाउनुहोस र प्रतिनिधि विद्यार्थीलाई पनि सुनाउने अवसर दिनुहोस् ।

(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(इ) पाठका ८ देखि ११ सम्मका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पूर्व क्रियाकलापअनुसार नै पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) अरू विद्यार्थीलाई साथीले सही पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि विषयमा प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीको वाचन कला विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दको अक्षर संरचनासहित शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी अक्षरीकरणका माध्यमले विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

| **शब्द** | **उच्चारण** | **शब्द** | **उच्चारण** |
|---|---|---|---|
| हात्ती | /हात्.ति/ | विचार | /बि.चार्/ |
| श्रद्धा | /स्रद्.धा/ | पतिङ्गर | /प.तिङ्.गर्/ |

## पाठगत शब्दार्थ र प्रयोग

(अ) सस्वर पठनका क्रममा विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्तीका सहायताले वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

| **शब्द** | **अर्थ** |
|---|---|
| खुद | वास्तविक खास |
| प्रतिघात | कसैले आफूलाई प्रहार गरेमा बदलामा गरिने प्रहार |
| पासा | लुडोको गोटी जस्तो पाँच, दुई र एक थोप्लो हुने लाम्चो आकारको तर गुडाएर खेलिने खेल |

(इ) अर्थ पहिचानका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी अर्थपूर्ण वाक्य निर्माणका लागि सहजीकरण गर्नुहोस्, जस्तै :

चहक (उज्यालो, चमक) : लामो समयसम्म बिरामी परेर ठिक हुँदै गएका रमाकान्त बाको अनुहारमा चहक देखिन थालेको छ ।

## बोधात्मक प्रश्नोत्तर

(अ) शिक्षकले पाठ्य कथांशका अनुच्छेद स्लाइड वा प्रोजेक्टर वा स्मार्ट बोर्डमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले पठन गरेका अनुच्छेदभित्र रहेका टुक्का रेखाङ्कित गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका टुक्का पालैपालो भन्न लगाउनुहोस् । शिक्षकले तयार गरी ल्याएको टुक्कासूची प्रदर्शन गरी छलफल गराउनुहोस् । जस्तै :

टुक्का : वाल्ल पर्नु, कन्सुत्लो पसे जस्तै हुनु, कानमा तेल हाल्नु, हुरी भएर आउनु, मानवताको साँध नाघ्नु, पासोमा पार्नु, चोचोमोचो मिलाउनु, फुकीफुकी पाइला चाल्नु, मनमा जौ तिल पाक्नु

(इ) प्रदर्शित टुक्काको अर्थ छलफल गराउनुहोस् र ती टुक्कालाई वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् । शिक्षकले नमुना पनि दिएर युगल रूपमा उक्त कार्य गराउनुहोस् । जस्तै :

वाल्ल पर्नु : नयाँ ठाउँमा घुम्न जाँदा चिनेजानेको कोही नभेटेपछि म त वाल्ल परेर उभिएँ ।

(ई) निर्दिष्ट अनुच्छेदमा प्रयोग भएका कृदन्त शब्द सङ्कलन गर्न लगाउनुहोस् । त्यसमा शिक्षकले सहजीकरण गरिदिनुहोस् । शिक्षकले अनुच्छेदभित्रका कृदन्त शब्दका शब्दपत्ती प्रदर्शन गरेर आवश्यक छलफल गराउनुहोस्, जस्तै :

डाकेर, काढेर, छम्याउनु, सुतेकी, भएको, मिलेर, भनेर, गर्न, भने, बुनेर, उड्नु, खेल दिने, गरेको, परेर, बालेका, देखा पर्दा, मरिमेट्ने, पुगेका, अत्तालिएर, रच्न, पछ्याउने, हत्याउने, नजान्नु, खटाइदिएको, नाघेको, जानुपर्ने, पार्न, लाउन, रचेको, फुकीफुकी

(उ) उल्लिखित कृदन्त शब्द पाठ्य अनुच्छेदमा खोज्न लगाउने वा विद्यार्थीमा कसले पहिले खोज्न सक्छ भनी प्रतिस्पर्धात्मक खेल खेलाउनुहोस् ।

(ऊ) खेल खेलाउँदा विद्यार्थी विद्यार्थीबिच प्रतिस्पर्धा गराई प्रथम, द्वितीय र तृतीय घोषणा गर्नुहोस् ।

(ऋ) निर्दिष्ट अनुच्छेद पुनः एक पटक पढ्न लगाएर अनुच्छेदसँग सम्बन्धित प्रश्नसूची र उत्तरको नमुनाका सहायताले बोध प्रश्नोत्तर गराउनुहोस्, जस्तै :

प्रश्न :

(क) बहादुर शाह बेतिया पुगेको खबरले राजेन्द्रलक्ष्मीलाई कस्तो भयो ?

उत्तर : बहादुर शाह बेतिया पुगेको खबरले राजेन्द्रलक्ष्मीलाई कानमा कनसुत्लो पसे जस्तै भयो ?

(उ) प्रश्नसूचीमा प्रदर्शित प्रश्नका आधारमा विद्यार्थीलाई सामूहिक वा व्यक्तिगत रूपमा उत्तर भन्ने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीबाट आएका उत्तरलाई ध्यान दिँदै शिक्षकले तयार गरी ल्याएका उत्तरसूची प्रदर्शन गरी बोधात्मक उत्तर दिँदा ध्यान दिनुपर्ने पक्षका बारेमा छलफल गराउनुहोस् । प्रश्नको पूर्ण संरचनासहितको लिखित उत्तर दिन अभ्यास गराउनुहोस् । **(पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।)**

### ३. मूल्याङ्कन

**(क) बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दको शुद्ध उच्चारण गराउनुहोस् ।**

**(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

देवर, हमला, वेला

**(ग) पाठको आठौँ अनुच्छेदबाट पाँचओटा कृदन्त शब्द टिपोट गर्नुहोस् ।**

**(घ) दिइएका बोध प्रश्नको उत्तर दिन लगाउनुहोस् :**

(अ) राजेन्द्रलक्ष्मीले किन बहादुर शाहलाई बोलाइन् ?

(आ) गोरखामा कुन कुन राज्यले हमला गर्न लागेको खबर आएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पठन बोध र संरचना पहिचान | कथाको संरचना पहिचान गरी बताउन | • सलाइड वा चार्ट ( विधागत संरचना र शब्दकोश क्रम)<br>• शब्दकोशको क्रमको पत्ती<br>• नेपाली शब्दकोश<br>• उखान टुक्कासूची<br>• अनुकरणात्मक शब्दसूची<br>• वाक्यपत्ती<br>• घटनाक्रमपत्ती<br>प्रश्नसूची<br>उत्तरका नमुना |
| शब्दकोशको प्रयोग र शब्दार्थ पहिचान | शब्दकोशको प्रयोग गरी शब्दको अर्थ लेख्न र शब्दको क्रम पत्ता लगाउन | |
| उखान, टुक्का र अनुकरणात्मक शब्द | उखान, टुक्का र अनुकरणात्मक शब्द पहिचान र प्रयोग गर्न | |
| कथाको घटनाक्रम | कथाको घटनाक्रम मिलान गर्न | |
| प्रश्नोत्तर | निर्दिष्ट अनुछेदबाट प्रश्न निर्माण र उत्तर पहिचान गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई पूर्वज्ञानका आधारमा उखान र टुक्काको चर्चा गर्दै उखान टुक्काको प्रयोगले भाषामा हुने सौन्दर्य र सङ्क्षिप्तताबारे उदाहरणसहित छलफल गराउनुहोस् । जस्तै : शिक्षकले पढाएको समयमा कानमा तेल हालेर बस्ने विद्यार्थीले असफलता व्यहोर्नुपर्छ ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**पठन बोध र संरचना पहिचान**

(अ) विद्यार्थीलाई पूर्वज्ञानका आधारमा कथाको संरचनाका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) घरझगडा कथा र अन्य कुनै कथाको स्लाइड वा चार्ट प्रदर्शन गरी संरचनाका बारेमा छोटकरीमा छलफल चलाउनुहोस् । एउटा कथा र अर्को कथाबिच तुलना गर्न लगाई कुन कथाको कस्तो ढाँचा रहेछ, आदि, मध्य र अन्त्यको संरचना कसरी बुनिएको रहेछ भनी जिज्ञासा उत्पन्न गराइदिनुहोस् ।

(इ) कथावस्तु, पात्र, संवाद, परिवेश, कथा लेख्नाको उद्देश्य, लेखकीय सम्बन्धबारे दृष्टिबिन्दु तथा भाषाशैली र कथाको संरचना स्पष्ट पार्नका लागि सङ्क्षिप्तीकृत रूपमा प्रश्नसमेत सोधी संरचना पहिचान गर्न लगाउनुहोस् ।

(ई) कथा हुनका लागि विषय, पात्र, भाषा शैली आदि के के चाहिन्छ भन्ने कुरा समूहगत रूपमा छलफल गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

(उ) पाठ्य कथामा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाउनुहोस् साथै अनुच्छेदमा भएका वाक्यको लम्बाइ र सङ्ख्यात्मक विविधताबारे छलफल चलाउनुहोस् ।

(ऋ) पाठ्य कथाको संरचनासम्बन्धी प्रश्न सोधी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएका प्रश्न तथा यस्तै अन्य प्रश्न सोधी मौखिक रूपमा संरचनासम्बन्धी बोध अभ्यास गराउनुहोस्, जस्तै :
(क) 'घरझगडा' कथामा कतिओटा अनुच्छेद छन् ?

(ख) कथाको प्रारम्भ कुन घटनाबाट भएको छ ?

(ग) कथाको सबैभन्दा धेरैओटा वाक्य भएको अनुच्छेद कुन हो ?

(ए) विद्यार्थीले उत्तर दिएपछि आवश्यक सहजीकरण गरी थप पृष्ठपोषण दिनुहोस् ।

**शब्दकोशको प्रयोग र शब्दार्थ पहिचान**

(अ) कक्षाका पाँच जना विद्यार्थीको नाम लेख्न लगाउनुहोस् र त्यसलाई शब्दकोशको क्रममा मिलाउन लगाउनुहोस् ।

शिक्षकले शब्दकोशमा शब्द अकारादि क्रमअनुसार हुन्छन् भनी विद्यार्थीलाई बताउनुहोस् र प्रज्ञा नेपाली बृहत् शब्दकोशको एप वा शब्दकोश नै प्रदर्शन गर्नुहोस् :

| शब्द | शब्दकोशको क्रम |
|---|---|
| चमत्कार | घोडा |
| पालो | चमत्कार |
| घोडा | टसमस |
| न्वारान | तिमी |
| तिमी | न्वारान |
| टसमस | पालो |

(आ) विद्यार्थीलाई शब्दकोश उपलब्ध गराई माथिका शब्दको अर्थ पहिचान गर्न लगाउनुहोस् ।

(इ) शब्दभण्डारको क्रियाकलाप १ मा दिइएका शब्द शब्दकोशको वर्णानुक्रमअनुसार क्रमशः मिलाएर लेख्न लगाउनुहोस् । ती शब्दको अर्थ शब्दकोश हेरेर लेख्न लगाउनुहोस् र आफूले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) शब्दको अर्थ, बनोट र स्रोतका बारेमा शब्दकोशमा उल्लेख भएका कुरा विद्यार्थीलाई बताउनुहोस् । अकारादि क्रम नमिलेका शब्द दिएर तिनलाई शब्दकोशको क्रमअनुसार लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई शब्दभण्डारको अभ्यास ५ मा दिइएका शब्दलाई शब्दकोशको क्रममा मिलाएर लेख्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीलाई शब्दकोशको क्रममा शब्द लेखन कार्य गर्दा र तिनको अर्थ खोज्न र अर्थ पहिचान गर्न असहजता भए सहयोग गरिदिनुहोस् ।

**उखान, टुक्का र अनुकरणात्मक शब्द**

(अ) शिक्षकले उखान प्रयुक्त अनुच्छेदको स्लाइड र पाठ्यांशमा रहेका उखानको सूची क्रमशः पाठ्यकथाबाट प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई अनुच्छेदमा उखानको प्रयोग कहाँ कहाँ भएको छ र कसरी प्रयोग भएको छ भन्ने छलफल गराउनुहोस् । विद्यार्थीले आफूले सुनेका वा जानेका उखान भए सुनाउन लगाउनुहोस् ।

(आ) उखान र टुक्कासम्बन्धी अनुच्छेद स्लाइडमा प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै :

आए आँप गए झटारो भने झैँ वर्षभरि एक अक्षर पनि नपढेका श्रीहरि जे त पर्ला भन्दै परीक्षा दिन गएछन् । कृषिविज्ञान विषय नपढे पनि खेतीपातीका मामलामा कृषि अधिकृतलाई समेत सुझाव दिने उनी कि पढेर जानिन्छ कि परेर जानिन्छ भन्ने कुराका साक्षात् उदाहरण थिए । दीनदुःखीलाई हेप्नेहरू देखे भने कसैले पनि जो होचो उनका मुखमा घोचो गर्नुहुँदैन भन्दै उपदेश दिने उनी आँखामा राखे पनि नबिझउने अर्थात् सबैका असाध्यै प्यारा थिए । जीवनमा उनले धेरै शत्रु बनाएनन्, उनी सबैको भलो चाहन्थे र अरू पनि बुढाको भलो नै चाहन्थे । आफू भलो त जगतै भलो भन्ने कुरा त्यहाँ सार्थक हुन्थ्यो ।

(इ) विद्यार्थीलाई पाठको शब्दभण्डारअन्तर्गत क्रियाकलाप ३ मा रहेका उखानको अर्थ छलफल गराई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् र त्यस क्रममा शिक्षकले सहजीकरण र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई टुक्का प्रयुक्त वाक्य वा अनुच्छेदको स्लाइड प्रदर्शन गर्नुहोस् । पाठको शब्दभण्डारअन्तर्गत क्रियाकलाप २ मा रहेका टुक्काको अर्थबारे छलफल गराउनुहोस् र ती टुक्कालाई अर्थखुल्ने गरी वाक्यमा प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीले वाक्यमा प्रयोग गर्न नसके शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ऊ) वाक्यमा प्रयोग गरिएका नमुना वाक्यपत्ती प्रदर्शन गरी टुक्काबारे छलफल गराउनुहोस्, जस्तै :

ओरालो लाग्नु : आजभोलि हरि साहुको आर्थिक अवस्था ओरालो लागेको छ ।

घैँटामा घाम लाग्नु : तपाईंले नपढाइकन त मेरो घैँटामा घाम लाग्दैन ।

तातो लाग्नु : उसलाई जाँच आएपछि पढ्न तातो लाग्यो ।

टाप कस्नु : प्रहरी देखेपछि चोरले टाप कस्यो ।

लुत्रे कान लगाउनु : गृहकार्य नगरेर होला कञ्चन लुत्रे कान लाएर बसेको

(ऋ) अनुकरणात्मक शब्द प्रयुक्त स्लाइड, चार्ट वा श्रव्य सामग्री सामग्री प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई अनुकरणात्मक शब्द पहिचान गर्न लगाउनुहोस्, अनुकरणात्मक शब्दको अर्थ दिँदै वाक्यमा प्रयोग गर्नुहोस्, जस्तै :

| शब्द | क्रिया | शब्द | क्रिया |
|---|---|---|---|
| कुपुक्क | सानु | झल्याँस्स | बिउँझनु |
| गमक्क | पर्नु | झुलुक्क | झुल्किनु/देखापर्नु |
| चिटचिट (पसिना) | आउनु | टुकुटुकु | हिँड्नु |
| जुरुक्क | उठ्नु | पिटिक्क | भाँचिनु |
| झनक्क | रिसाउनु | ढकमक्क | फुल्नु |

(ए) अनुकरणात्मक शब्दको प्रयोग भएका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् वा स्लाइड देखाई उदाहरणमा जस्तै गरी वाक्यमा प्रयोग गर्न सकिने विषयमा छलफल गराउनुहोस् । जस्तै :

(क) काग काँकाँ गर्छ । राम मनको पिर थाम्न नसकी घुँक्कघुँक्क रोयो । थकाइ लाग्दा स्वाँस्वाँ हुन्छ । पानी खलल पोखियो ।

(ख) घाम झुलुक्क लाग्यो । श्याम टुप्लुक्क आइपुग्यो । म जुरुक्क उठेँ । सीताले रामतिर पुलुक्क हेरी ।

(ग) फूल ढकमक्क फुलेका छन् । जून टहटह लागेको छ । पानी कलकल बग्छ । उसले मतिर टुलुटुलु हेर्‍यो ।

(ऐ) विद्यार्थीलाई शब्दभण्डारको क्रियाकलाप ४ को अनुच्छेद प्रदर्शन गरी अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ओ) शिक्षकले विद्यार्थीका समूह कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**कथाको घटनाक्रम**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरी पाठ्य कथा मौन पठन गराई मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपेका घटनावस्तु भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) कथामा घटेका मुख्य मुख्य घटना आउने गरी प्रश्न बनाएर विद्यार्थीलाई सोध्नुहोस् ।

(इ) विद्यार्थीले बताएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका मुख्य घटना विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको मितिअनुसारका घटना पहिचान गरी क्रमबद्ध रूपमा घटना टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच कापी साटासाट गर्न लगाई परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा मिति र जीवनका घटनाको क्रम लेखिएको तालिका देखाउनुहोस् र विद्यार्थीले तयार गरेको क्रम मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई एक एकओटा अनुच्छेद वितरण गर्नुहोस् ।

(आ) अनुच्छेद राम्ररी अध्ययन गरी त्यस अनुच्छेदबाट पाँच पाँचओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले समूहमा काम गर्दैगर्दा शिक्षकले उनीहरूको क्रियाकलापको निरीक्षण गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) प्रश्न निर्माणको कार्य सम्पन्न भएपछि प्रत्येक समूहलाई निर्मित प्रश्न प्रस्तुतीकरणका लागि समय दिनुहोस् र प्रस्तुतीकरणसँगै प्रश्नका बारेमा छलफल पनि गराउनुहोस् । शिक्षकले पनि बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ ले निर्दिष्ट गरेको अनुच्छेदमा आधारित भई तयार गरेका नमुना प्रश्नसूची प्रदर्शन गरी थप धारणा दिनुहोस् ।

(ई) एउटा समूहले निर्माण गरेका प्रश्नको उत्तर पहिचान गर्न अर्को समूहलाई निर्देशन गरी आलोपालो गरी प्रश्नको उत्तर पहिचान गर्ने अवसर प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार गरेका उत्तर प्रदर्शन गर्न लगाई शिक्षकले तयार गरी ल्याएको नमुना उत्तरसमेत प्रदर्शन गरी आवश्यक छलफल गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका शब्दलाई शब्दकोशीय अनुक्रम मिलाई लेख्न लगाउनुहोस् :**

**शब्द, कमल, मलम, गङ्गा,**

(ख) पाठबाट पाँचओटा टुक्का र पाँचओटा अनुकरणात्मक पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ग) कथाका मुख्य मुख्य घटना भन्न लगाउनुहोस् ।

(घ) पाठको पहिलो अनुच्छेदबाट दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बुँदा टिपोट र कथासार लेखन | निर्दिष्ट कथाका बुँदा टिपोट गर्न<br>निर्दिष्ट कथाको कथासार भन्न | • कथासारका मुख्य मुख्य बुँदाको चार्ट<br>• पात्र तुलनाको चार्ट<br>• पात्र चरित्र चित्रणका आधार र पात्रको चरित्र तुलना गरिएको चार्ट<br>• व्याख्याको नमुना |
| पात्र तुलना र प्रमुख पात्रको चरित्र चित्रण | पात्रका बिच तुलना गर्न र प्रमुख पात्रको चरित्र चित्रण गर्न | |
| व्याख्या लेखन | निर्दिष्ट पङ्क्तिको व्याख्या गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) इतिहासमा भएका कुनै दुई पात्रको नाम भन्न लगाउनुहोस् वा आफैं नाम भनिदिएर ती पात्रका स्वभाव, काम, बानी आदिबारे तुलना गरेर कक्षामा सुनाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बुँदा टिपोट र कथासार लेखन**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरी कथाको सार बताउन लगाउनुहोस् । पाठ्य कथाको सार खिच्नका लागि विद्याथीलाई आदि, मध्य र अन्त्यका केही प्रश्न सोध्नुहोस्, जस्तै :

- यस कथामा रहेका मुख्य पात्र को को हुन् ?
- यसमा सुरुमा राजेन्द्रलक्ष्मीले कसका बारेमा कुरा गरेर कथा सुरु भएको छ ?
- राजेन्द्रलक्ष्मी र रणबहादुर शाहबिचको नाता सम्बन्ध के हो ?
- राजेन्द्रलक्ष्मी र बहादुर शाहका बिचको झगडा किन भयो ?
- बहादुर शाह किन बेतिया पुगे ?

(आ) माथि उल्लिखित प्रश्न र घटनाक्रम टिपोटका आधारमा बुँदा टिप्न लगाउनुहोस् ।

(इ) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १० प्रदर्शन गरी अगिल्लो क्रियाकलापका बुँदाका आधारमा कथासार लेख्नका लागि छलफल गर्नुहोस् र एक अनुच्छेदमा कथासार लेख्न दिनुहोस् ।

(ई) विद्यार्थीले कथासार लेखेपछि समूहगत रूपमा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीको प्रस्तुति अवलोकन गरेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) कथाको सार आउने गरी शिक्षकले टिपेका बुँदा स्लाइडमा प्रदर्शन गर्नुहोस् ।

(ऊ) शिक्षकले पाठ्य कथाबाट टिपिएका बुँदाका आधारमा कथाको सारका बारेमा छलफल गराउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**पात्र तुलना र प्रमुख पात्रको चरित्र चित्रण**

(अ) बोध र अभिव्यक्ति खण्डको प्रश्न ६ क मा दिइएको प्रश्न वा त्यस्तै प्रश्न सोधी पात्रसम्बन्धी जिज्ञासा जगाउनुहोस् अर्थात् पात्रको परिचय, कथामा पात्रको भूमिका र कार्य उनीहरूको बसाइँ, आर्थिक अवस्था, स्वभाव तथा अन्य पात्रबिचको सम्बन्ध आदि बारेमा प्रश्न सोधी पात्रका चरित्रका बिच तुलना गर्न लगाउनुहोस् ।

(आ) पाठ्य कथामा उपस्थित चरित्रको टिपोट गरी विशेषताको चर्चा गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

(इ) एउटा विद्यार्थीलाई राजेन्द्रलक्ष्मी र अर्को विद्यार्थीलाई बहादुर शाह बन्न लगाई एकआपसमा तुलनात्मक रूपमा बोल्न लगाउनुहोस् ।

(ई) कथाका पात्रको नाम भन्न लगाउनुहोस् र कथाका मुख्य र सहायक पात्र पहिचान गर्न लगाउनुहोस् ।

(उ) राजेन्द्रलक्ष्मी र बहादुर शाहका चरित्रको तुलना हुने खालका विषयमा छलफल चलाउनुहोस् र थप बुँदा भन्न लगाई छलफल गराउनुहोस् । यसका लागि तुलनाका आधार दिनुहोस्, जस्तै :

भूमिका : प्रमुख र सहायक, स्वभाव : गतिशील र गतिहीन, प्रवृत्ति : अनुकूल र प्रतिकूल, वर्गीयता : उच्च, मध्यम र निम्न, लिङ्ग : पुरुष र महिला आदि ।

(ऋ) उपर्युक्त आधारमा केन्द्रित रही विद्यार्थीलाई मौखिक रूपमा पात्रको चारित्रिक तुलना गर्न लगाउनुहोस् र विद्यार्थीले गरेका तुलनालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार गरी ल्याएको तुलना चार्ट प्रदर्शन गरी धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

**प्रश्न : घरझगडा कथाका पात्र राजेन्द्रलक्ष्मी र बहादुर शाहका चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।**

**उत्तर :**

घरझगडा कथामा राजेन्द्रलक्ष्मी मुख्य पात्र हुन् भने बहादुर शाह सहायक पात्रका रूपमा रहेका छन् । राजेन्द्रलक्ष्मी देशलाई मुटुको केन्द्रमा राख्ने राष्ट्रवादी पात्र त हुन् तर उनको उनी शङ्कालु प्रवृत्तिले भने दरबारभित्रको तत्कालीन झगडाले घरझगडाको रूप लिएको देखिन्छ । आफ्नो पुत्र नाबालक राजाप्रति असीम स्नेह राख्दै र राष्ट्र एकीकरणको डट्नु उनको विशेषता रहेको छ । पृथ्वीनारायण शाहले आरम्भ गरेको नेपालको एकीकरण अभियानलाई उत्कर्षमा पुऱ्याउने काम उनले गरेकी छिन् ।

त्यस वेलाको दरबारिया दाउपेचअनुसार उनलाई सती पठाउने षड्यन्त्रलाई उनले चिरिन् यसरी सती जान नमान्ने उनी परम्परागत कुसंस्कारको विरुद्धमा उभिएकी हिम्मतिली देखिन्छिन् । देवर बहादुर शाहले शासन सत्ता हत्याउन लागेका हुन् भन्ने उनको तर्क र शङ्का रहेको छ । राष्ट्रिय एकता र स्वाधीनताको पक्ष लिनु उनको विशेषता रहेकै छ । देश र जनताका पक्षमा सकारात्मक कार्य गर्नु, निडर साहसी हुनु, देश निर्माणमा समर्पित हुनु जस्ता कारणले उनको दुरदर्शी र त्यागी विशेषता पुष्टि हुन्छ आफ्नो कर्तव्यपथबाट विचलित नहुने भएकाले उनलाई कर्तव्यनिष्ठ पात्र हुन् । बहादुर शाह घरझगडा कथाका पुरुष पात्र हुन् । उनी आफ्नै भाउजूका कारण नजरबन्दमा परेका छन् । उनले आफ्नी भाउजूलाई आमासमानको दर्जा दिएका छन् । भाउजूप्रति सधैँ सकारात्मक दृष्टिकोण राख्ने उनी सत् पात्र हुन् । कनसुत्ला र कुरौटेहरूले देवर र भाउजूको सम्बन्धमा दरार सिर्जना गरेका कारण यो घरझगडा निम्तिएको भन्ने उनको ठम्याइ रहेको छ ।

प्रवल रूपमा देशप्रेमको भावना हुनु, नारी जातिलाई जननीको रूपमा हेर्नु, नारीलाई सिर्जनाको स्रोत ठान्नु उनका विशेषता रहेका छन् । समग्रमा दुवैका चरित्रमा राष्ट्रवादी र सकारात्मक सोच जस्ता साझा विशेषता देखिन्छन् ।

**व्याख्या लेखन**

(अ) पाठ्य कथाको बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ को **क** र **ख** व्याख्येय अंशलाई मनन गर्न दिनुहोस् ।

(आ) सम्बद्ध अंशमा केन्द्रित रही व्याख्या गर्नका लागि उक्त अंशले के भन्न खोजेको हो, यससम्बन्धी बुँदा बनाउन लगाउनुहोस् ।

(इ) शिक्षकले व्याख्या गर्दा आदि, मध्य र अन्त्य भाग अर्थात् तीन भागमा लेख्नुपर्ने विषयका बारेमा छलफल गरी मनन गर्न लगाउनुहोस् र आवश्यक सबलीकरण गरिदिनुहोस् ।

(ई) मुख्य बुँदा पहिचान गर्न लगाउनुहोस् । सबैको फरक फरक बुँदालाई एकीकृत गरी आवश्यक बुँदा राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् । यस सन्दर्भमा व्याख्याको नमुना पनि प्रदर्शन गर्नुहोस् । जस्तै :

**"बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो ।"**

उत्तर : भाइ फुटे गँवार लुटे भन्ने उक्तिलाई यस वाक्यले स्मरण गराएको छ । शत्रुले सधैँ विरोधी पक्षलाई कमजोर बनाई आफ्नो स्वार्थ लुट्न चाहन्छ । स्वार्थी तत्त्व फुटाऊ र राज गर भन्ने नीति अपनाउँछन् । घरका सदस्यबिचको आन्तरिक कलह, वैमनस्यता, घातप्रतिघातले शक्ति क्षीण भई घर कमजोर बन्छ । घर कमजोर हुँदा बाहिरी शत्रु कमजोर भए पनि जुर्मुराएर उठ्छन् । आन्तरिक कलहको अवसर पारेर नै बाहिरी शत्रु एक हुन्छन् र आक्रमण गर्छन् । घरझगडा गर्नु भनेको आफ्नै घरमा आगो सल्काएर वैरीलाई आगो ताप्ने अवसर दिनु हो । यही विषयवस्तु घरझगडा कथामा पाइन्छ ।

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानको क्रमलाई निरन्तरता दिने क्रममा अढाई वर्षका नाबालक राजा रणबहादुर शाहको नायबी शासन चलाएका देवर बहादुर शाह र भाउजू राजेन्द्रलक्ष्मीबिचमा राज्यसत्ता र शक्तिका लागि भएको सङ्घष यस कथामा पाइन्छ । उनीहरुबिच भएको घातप्रतिघात एवम् घरझगडालाई रोचक तरिकाले प्रस्तुत गरिएको छ । आफ्नो स्वार्थसिद्धिका लागि स्वार्थी भरौटे, छेपारे चमेरे प्रवृत्तिका पात्रहरुले अनेक षड्यन्त्र रच्छन् । उनीहरु जता लाग्दा स्वार्थपूर्ति हुन्छ त्यतै चोचोमोचो मिलाउन अनेक खेल खेल्छन् । शासनमा बस्नेले विचार पुऱ्याउनुपर्छ । शङ्काले लङ्का जलाउँछ । त्यसैले तिललाई पहाड बनाएर सानोतिनो कुरामा घरझगडा गरी बाहिरी शत्रुलाई उठ्ने अवसर दिनु हुँदैन । आपसी समझदारी, सहकार्य र विश्वासले नै घर मजबुत हुन्छ । यसका विपरीत देवर भाउजूबिच राज्यसत्ता र शक्तिका लागि भएको सङ्घर्ष, घातप्रतिघात एवम् झगडाका कारण नेपाल एकीकरण अभियानले गति लिन सकेन । घरभित्र झगडा भएकै कारण विरोधी राज्यले एकजुट भएर हमला गर्ने प्रयत्न गर्छन् । घरझगडा एवम् आपसी वैमनस्यताले व्यक्तिलाई मात्र होइन, सिङ्गो देशलाई कमजोर बनाउँछ र शत्रुलाई माथि उठ्न बल पुऱ्याउँछ ।

अतः घरझगडाकै कारण बाहिरी शत्रु उठ्छन् र घरकै अस्तित्व सङ्कटमा पर्छ । त्यसैले आपसी झगडा पतनको कारण हो भन्ने उक्तिलाई मनन गर्नुपर्छ । यही गहन विषयवस्तुलाई सरल भाषा र रोचक शैलीमा यस काथांशले प्रस्तुत गरेको छ ।

(उ) उपर्युक्त नमुनाका आधारमा विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ को **ख** को व्याख्येय पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेखन गर्दा उनीहरूको कार्य अवलोकन गरी सहजीकरण गर्दै रहनुहोस् । व्याख्या लेखिसकेपछि प्रस्तुत गर्न लगाई उत्तरमा थपघट गर्नुपर्ने भए विद्यार्थीलाई सचेत गराउनुहोस् ।

(ऊ) उत्तरपुस्तिका परीक्षण गरी आवश्यक सहजीकरणका साथ पृष्ठपोषण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कथाले व्यक्त गरेको सार मौखिक रूपमा भन्न लगाउनुहोस् ।

(ख) राजेन्द्रलक्ष्मी र बहादुर शाहका चारित्रिक विशेषताबिच मौखिक रूपमा तुलना गर्न लगाउनुहोस् ।

(ग) तलको वाक्यलाई व्याख्या गर्न लगाउनुहोस् :

(अ) कुपात्रमा परेको अमृत पनि विष बन्दो रहेछ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • सङ्क्षिप्त प्रश्नोत्तरको नमुना<br>• विषयवस्तुमा आधारित नमुना लेखन र निष्कर्ष लेखन चार्ट<br>• तर्कपूर्ण उत्तर लेखनशैली ढाँचा |
| विषयवस्तुमा आधारित अनुमान र निष्कर्ष | विषयवस्तुमा आधारित रही अनुमान गर्न र निष्कर्ष दिन | |
| तार्किक लेखन | निर्दिष्ट प्रश्नको तर्कपूर्ण उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कविता वा चुट्किला सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सङ्क्षिप्त उत्तर लेखन**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरी सङ्क्षिप्त उत्तर लेखनका बारेमा छलफल गर्न लगाई छलफलको निष्कर्ष सुनाउने अवसर दिनुहोस् । सङ्क्षिप्त उत्तर सटिक, खँदिलो हुनुका साथै पाँच, छ वाक्यको संरचनामा हुनुपर्ने विषय जानकारी दिनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएका प्रश्न प्रस्तुत गर्नुहोस् । विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाउनुहोस् । समूहका लागि चिट्ठाका माध्यमबाट प्रश्न छनोटको अवसर दिनुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् ।

(इ) छलफलपश्चात् प्रत्येक समूहलाई आआफ्नो समूहलाई परेको प्रश्नको उत्तर आउने खालका बुँदा तयार गर्न लगाउनुहोस् र सङ्क्षिप्त उत्तरको एउटा नमुना शिक्षकले प्रदर्शन गरी सोहीअनुसार उत्तर लेख्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । जस्तै :

**बहादुर शाह बेतिया पुगेपछि राजेन्द्रलक्ष्मी किन आत्तिइन् ?**

उत्तर : नेपाल एकीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएका बहादुर शाह पृथ्वीनाराणण शाहकै जस्तो नेतृत्व क्षमता भएका कुशल राजनीतिज्ञ, दूरदर्शी, शूर, वीर, रणकौशल एवम् कूटनीतिक चातुर्य भएका सुझबुझपूर्ण कुशल नेतृत्वकर्ता एवम् महत्त्वाकाङ्क्षी महापुरूष थिए । राजेन्द्रलक्ष्मीको नजरमा बहादुर शाह हीरा थिए, राज्यको सुरक्षाकवच अनि ढाल तरबार थिए । उनको सहायता नभएको भए आफू भासमा फसिसक्ने राजेन्द्रलक्ष्मीको बुझाइ रहेको छ । आफ्नो स्वार्थसिद्धिका लागि भाइभारदारले षड्यन्त्र रचेको भेउ पाउन नसकेकै कारण बहादुर शाहलाई वेतिया निर्वासित गर्नुपरेको अनि आफूले घरझगडाको आगो निभाउनुपर्नेमा झन् सल्काएकोमा पश्चात्ताप गर्छिन् । बहादुर शाह वेतिया जाँदा कुन जाल रच्ने हुन् भनी शङ्का गर्छिन् भने पर्वत, लमजुङ, तनहुँ मिलेर गोरखामा हमला गर्न लागेको खबर पनि आएको हुन्छ । राजेन्द्रलक्ष्मीले बहादुर शाहबिनाको राज्य शक्तिहीन भएको महसुस गरेको अवस्थामा बहादुर शाह नै उनीसँग बदला लिन योजनाबद्ध रूपमा आउने हुन् कि भन्ने ठान्नु र पूर्वतिर थप राज्य विस्तार गर्न नसकेको अवस्थामा पर्वत, लमजुङ, तनहुँ मिलेर गोरखामा हमला गरेमा कसरी युद्ध गरी विजय प्राप्त गर्ने भन्ने चिन्ताले बहादुर शाह बेतिया पुगेपछि राजेन्द्रलक्ष्मी आत्तिइन् ।

(ई) बुँदाका बारेमा विद्यार्थी समूहमा छलफल गराउनुहोस् र उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

(ऊ) शिक्षकले आवश्यक सहजीकरण र पृष्ठपोषप्रदान गर्नुहोस् ।

**विषयवस्तुमा आधारित अनुमान र निष्कर्ष**

(अ) विद्यार्थीलाई पाठका विविध सन्दर्भ दिएर समूहमा अनुमान गर्न र आफ्नो धारणा बनाउन लगाउनुहोस्, जस्तै :

- तपाईं बहादुर शाह भएको भए के गर्नुहुन्थ्यो ?
- राजेन्द्रलक्ष्मीले बहादुर शाहको विचार किन नबुझेकी होलिन् ?
- राजेन्द्रलक्ष्मी र बहादुर शाहले आपसमा साँच्चै षड्यन्त्र गरेका हुन् त ?

(आ) प्रत्येक विद्यार्थीबाट पालैपालो प्रस्तुतीकरण गराई छलफल गराउनुहोस् ।

(इ) बोध; अभिव्यक्ति खण्डको अभ्यास ८ को प्रश्नमा आधारित रही सोसँग सम्बन्धित विषयवस्तुबारे छलफल गराउनुहोस् ।

(ई) सो प्रश्नमा राजेन्द्रलक्ष्मी र बहादुर शाह दुवै देशभक्त र सत्पात्र भएका हुँदा विद्यार्थीलाई ती दुवैलाई के सल्लाह दिनुहुन्थ्यो भनी अनुमान गर्न लगाउनुहोस् ।

(उ) छलफलपछि निष्कर्ष निकालेर प्रत्येक समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रस्तति सुनेर आवश्यक सुझाव प्रदान गर्नुपर्ने भए विषयवस्तुमा आधारित नमुना लेखनको सहायताबाट थप सहजीकरण गर्नुहोस् । जस्तै :

**राजेन्द्रलक्ष्मी र बहादुर शाहका बिच कुराकानी भइरहेको समयमा तपाईं पुग्नुभएको भए के सल्लाह दिनुहुन्थ्यो, कारणसहित वर्णन गर्नुहोस् ।**

उत्तर : राजेन्द्रलक्ष्मी र बहादुर शाह दुबै देशभक्त वीर वीराङ्गना नै हुन् जसले पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानलाई मूर्त रूप दिँदै राष्ट्रिय भलाइमा नै समर्पित भएका छन् तथापि दुबैमा राजमोह, शक्ति सङ्घर्ष एवम् देशी विदेशी राष्ट्रघाती तत्वहरूको खेलका कारण प्रतिशोधको भावना राखेकाले घातप्रतिघात गरी घरझगडालाई बढाएको पाइन्छ । दुबैले एकअर्कालाई बुझ्न सकेका छैनन् । तिललाई पहाड बनाएका छन्, शङ्काले लङ्का जलाएका छन्, स्वर्थी चमेरा भारदारका कुराको पछि लागेर वैमनस्यता बढाई एकअर्कालाई बन्दी बनाउने, नजरबन्दमा राख्ने, निर्वासित गर्ने कार्य गरेका छन् ।

यदि राजेन्द्रलक्ष्मी र बहादुर शाहका बिचमा कुराकानी भइरहेको समयमा म पुगेको भए दुबैलाई घरझगडा बन्द गरी सत्ता र शक्तिको मोह त्यागी दुबैले व्यक्तिगत स्वार्थभन्दा माथि उठी राष्ट्रिय स्वार्थलाई सर्वोपरि ठानी पृथ्वीनारायण शाहको नेपाल एकीकरण महाअभियानको महान् सपनालाई मूर्त रूप मेलमिलाप र सहकार्य गरी अगाडि बढ्न सल्लाह दिन्थेँ । बाहिरि शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो । आपसी फुट नै जातिको पतनको चिह्न हो जसले व्यक्ति र समाजलाई मात्र नभै देशलाई नै गम्भीर चोट लाग्छ । घरझगडाले घर नै कमजोर हुन्छ । देशी विदेशी शक्तिले चलखेल गर्ने ठाउँ पाउँछन् । राष्ट्रको अस्तित्व नै सङ्कटमा पर्छ । एकता नै बल भएकाले भाइ फुटे गँवार लुटे भन्ने उक्तिलाई दुबैले मनन गर्नुपर्छ भनी सम्झाउँथेँ । राजेन्द्रलक्ष्मी पनि पुत्रमोहबाट माथि उठ्नुपर्छ र बहादुर शाह पनि राजमोह त्यागेर देशको भलाइमा जुट्नुपर्छ, देवरले भाउजूलाई सति जान बाध्य नपारेको अनि भाउजूले पनि देवरलाई विश्वास गरी राजकाजमा सहभागी गरएकै हुन् भनी दुबैलाई आग्रह पूर्वाग्र त्यागी घातप्रतिघातमा नलागी एकता र सहकार्य गरी विशाल नेपाल निर्माणमा जुटनुपर्छ भनी सल्लाह दिन्थेँ । सङ्काले लङ्का जलाउने भएकाले सङ्कालु नबनी एकअर्कामा विश्वासको वातावरण सिर्जना गरी स्वार्थी भरौटे, कुरौटे, छेपारे, चमेरे भारदाहरूका कुरा नसुनी देवर भाउजू आमाछोराको जस्तै पवित्र सम्बन्ध स्थापित गरी बाइसे चौबिसे राज्यहरूलाई एकताको मालामा उनी सुन्दर शान्त विशाल राज्य नेपाल निर्माणमा पवित्र मन वचन र कर्मले लाग्न सल्लाह दिन्थेँ ।

**तार्किक उत्तर लेखन**

(अ) कथाको अभ्यासमा रहेको तार्किक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी आवश्यक उत्तरका बुँदा मनन गर्न लगाउनुहोस् ।

(आ) कुनै विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन फरक फरक बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा दिइएको तार्किक उत्तर लेखनको प्रश्न र शिक्षक निर्मित तर्कपूर्ण उत्तर लेखनशैली ढाँचा प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै :

**तार्किक उत्तर लेखनमा ध्यान दिनुपर्ने पक्ष**

- सम्बन्धित पाठभित्रको कुनै घटना, पात्र, परिवेश, समस्या आदिका बारेमा विद्यार्थीले आफ्नो विचार दिई तर्कले पुष्टि गर्नुपर्ने गरी सोधिने प्रश्नलाई तार्किक प्रश्न भनिन्छ ।
- यो पनि सङ्क्षिप्त उत्तरकै एउटा प्रकार हो । यसमा पनि छोटा लामा तीन अनुच्छेद हुनु राम्रो मानिन्छ ।
- सुरुको अनुच्छेदमा सम्बन्धित प्रश्नले उठाएको समस्या र त्यसप्रति आफ्नो सहमति वा असहमतिको स्थापना गरिन्छ ।
- दोस्रो अनुच्छेदमा तर्कहित विचारको पुष्टि गरेपछि तेस्रो अनुच्छेदमा सङ्क्षिप्त निष्कर्ष प्रस्तुत गर्नुपर्छ ।
- तार्किक प्रश्नको उत्तर लेख्नुअघि प्रश्न राम्ररी पढेर गहिरोसँग मनन गर्नुपर्छ ।

- यस्ता प्रश्नको उत्तर लेख्दा लेखकको परिचय विस्तृत रूपमा लेख्नतिर नलागी एउटै वाक्यमा लेखकको नाम एवम् प्रमुख विशेषतालाई धेरै छोटो रूपमा उल्लेख गरेर विषय प्रवेश गरिहाल्नु राम्रो हुन्छ ।
- त्यसपछि प्रश्नमा सङ्केत गरिएको समस्यालाई एकदुई वाक्यमा खुलाएर त्यसप्रति आफ्नो विचार के हो सोको स्थापना गर्नुपर्छ ।
- कुनै कार्य, पात्र वा प्रसङ्गमाथि आफ्नो सामान्य प्रतिक्रिया व्यक्त गरिसकेपछि त्यसलाई पाठभित्रका उदाहरण, सम्भावित परिणाम, मौलिक तर्क, विवेक र ज्ञानका आधारमा पुष्टि गर्नुपर्छ ।
- यस्ता उत्तरमा आफ्नो विचारलाई पुष्टि गर्ने तर्कको मौलिकता, प्रस्तुतिको सहजता, चिन्तनको गहिराइ र सिर्जनात्मकता अपेक्षित हुन्छन् ।
- त्यसैले तार्किक शिल्पका प्रश्नको उत्तर लेख्दा तौली तौली विचारको स्थापना गर्न सचेत रहनुपर्छ ।

(ई) विद्यार्थीलाई एउटै विचारप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाउनुहोस् । तार्किक प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीलाई मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न लगाई तार्किक उत्तर लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) तलका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :**

(अ) राजेन्द्रलक्ष्मी र बहादुर शाहले आपसमा साँच्चै षड्यन्त्र गरेका हुन् त ?

(आ) घरझगडा कथाको मूल सन्देश के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| समीक्षात्मक उत्तर लेखन | निर्दिष्ट प्रश्नको समीक्षात्मक/विवेचनात्मक उत्तर लेख्न | • बुँदाको चार्ट वा स्लाइड<br>• समीक्षात्मक उत्तरको नमुना<br>• अनुच्छेदपत्ती<br>• बोधात्मक प्रश्नोत्तर चार्ट |
| बोध प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी बोधात्मक प्रश्नोत्तर गर्न<br>भाषिक संरचनासम्बन्धी प्रश्नको उत्तर दिन | |

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई पूर्वज्ञानका आधारमा इतिहासका रोचक प्रसङ्गसँग जोड्नुहोस् ती प्रसङ्गमा ककसले केकस्तो काम गरेका छन् लेखाजोखा गर्न लगाउनुहोस् । उनीहरूलाई थाहा भएको कुनै ऐतिहासिक रोचक प्रसङ्ग भन्न लगाउनुहोस् ।

(आ) समीक्षात्मक लेखनबारे विद्यार्थीलाई के कस्तो पूर्वज्ञान छ ? छलफल गर्दै आजको विषयवस्तुतर्फ विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

**(ख) विषयवस्तुसँग सम्बन्धित क्रियाकलाप**

**समीक्षात्मक उत्तर लेखन**

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गराउनुहोस् । विवेचना वा समीक्षात्मक उत्तरका लागि बुँदा टिपोट गर्दा निम्न कुरामा ध्यान दिनुपर्नेबारे छलफल गर्नुहोस्, जस्तै :

- कथाकार र कथाको परिचय (एक एक वाक्यमा)
- कथाका पात्र र तिनीहरूको चरित्र
- कथामा वर्णन भएको परिवेश
- कथामा वर्णन गरिएका मुख्य मुख्य ऐतिहासिक घटना
- कथामा वर्णन भएका घटना र हाम्रो समाजमा हुने वास्तविक घटनाबिच तुलना
- विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयका राम्रा तथा नराम्रा पक्षको विश्लेषण
- निष्कर्ष

(आ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १२ विद्यार्थी समूहलाई बाँड्नुहोस् र साथी साथी मिलेर ती प्रश्नको उत्तर समेटिने खालका बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सुनी बुँदाका विषयवस्तुबारे प्रतिक्रिया दिन लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको प्रश्न १२ मा केन्द्रित भई शिक्षकले तयार पारेको नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउनुहोस्, जस्तै :

- घरझगडा कथा कथाकार बदरीनाथ भट्टराईद्वारा रचित ऐतिहासिक विषयवस्तुमा आधारित कथा
- यस कथामा दरबारिया सत्ता सङ्घर्षको विषयलाई 'घरझगडा' नाम दिइएको
- सत्ता प्राप्तिका लागि हुने दाउपेच र सङ्घर्षको जीवन्त चित्र मनोवादात्मक र संवादात्मक रूपमा प्रस्तुत गरिएको
- यस कथामा राजेन्द्रलक्ष्मी र बहादुर शाहका बिच नायबी भई शासन सञ्चालन गर्ने सत्ता होडबाजी चलेको
- राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई शङ्काको नजरले हेरेकी र बहादुर शाहले आफैँ राज्यको बागडोर सम्हालने दाउ रचेको बुझाइ उनमा रहेको
- उनी आक्रामक भएकी र उनले महान् मातृशक्ति रहेको हुँदा नझुक्ने नछोड्ने प्रण गरेकी
- कुरौटे र स्वार्थी भारदारले गर्दा सत्ताप्राप्तिको सङ्घर्ष उत्कर्षमा पुगेको
- बहादुर शाहले स्वयम् रानीसमक्ष कुरौटेले वैमनस्य बढाइदिएको बताउनु, नायबी सेनाको लागि आफू राल काड्ने गिद्ध नभएको बताउनु र बेतिया पुगेका
- बहादुर शाह बेतिया पुग्दा एकातिर राजेन्द्रलक्ष्मीले शङ्का गर्नु अर्कातिर उनले बहादुर शाहको गुन सम्झँदै उनको अभाव महसुस गरेकी
- बहादुर शाहको गमनपछि अभाव खड्किएको, दरबारमा घरझगडा हुँदा चौबिसी राज्य सङ्गठित हुन खोजेको र शत्रुले गोरखामाथि हमला गर्न खोजेको जस्ता आशङ्का भएको
- सत्ता सङ्घर्षको उत्कर्षको चित्रण देखिएको
- आपसमा लड्यो भने शत्रुको प्रवेश हुन्छ, भाइ फुटे.. उखान चरितार्थ भएको
- शङ्काले लङ्का जनाएको दृश्य देखिएको

- सत्ताप्राप्तिको अस्वस्थ सङ्घर्ष एकालाप र संवादात्मक रूपमा प्रस्तुत भएको

(उ) बुँदाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय दिनुहोस् ।

(ऊ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले तयार पारी ल्याएको विवेचनात्मक उत्तरको नमुनासमेत प्रदर्शन गरी उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**नमुना विवेचनात्मक उत्तर**

**सत्ता प्राप्तिका लागि हुने सङ्घर्षलाई कथाले कुन रूपमा देखाएको छ, समीक्षा गर्नुहोस् ।**

उत्तर : घरझगडा कथा बदरीनाथ भट्टराईद्वारा संरचित ऐतिहासिक कथा हो । उनी इतिहास, पुराण र वेदका अमूल्य एवम् रोचक तथ्यमाथि प्रकाश पारी विगतका यथार्थ घटना, चरित्र र प्रवृत्तिलाई टिपेर समसामयिक समाजका निमित्त प्रेरणादायी सन्देश दिन्छन् । प्रस्तुत घरझगडा कथामा पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरण अभियानलाई निरन्तरता दिने ऐतिहासिक वीर बहादुर शाह र वीराङ्गना राजेन्द्रलक्ष्मीको सत्ता र शक्ति प्राप्तिका लागि भएको सङ्घर्ष, जालझेल, षड्यन्त्र, घातप्रतिघात, नजरबन्द, निर्वासन, एकअर्कालाई गरेको अविश्वास, शङ्का, राजनीतिक दाउपेज, राजमोह, कूटनीतिक चलखेल, द्वन्द्व एवम् आन्तरिक कलहलाई चित्रण गर्दै भाइ फुटे गँवार लुटे भन्ने उक्तिलाई चरितार्थ गरिएको छ ।

ऐतिहासिक कालखण्डमा बाइसे चौबिसे राज्य रजौटाहरूमा विभक्त नेपाललाई एकताको मालामा उनी विशाल नेपाल रचना गर्ने सपना बोकेका एकताका प्रतीक पृथ्वीनारायणका जेठा छोरा प्रतापसिंह शाहको मृत्युपछि अढाइ वर्षका नाबालक राजा रणबहादुर शाहकी आमा राजेन्द्रलक्ष्मी नायबी बनी राजमाताका रूपमा शासनभार सम्हालेकी थिइन् । राजेन्द्रलक्ष्मी र बहादुर शाह दुबै देवर भाउजूको संलग्नतामा राज्य सञ्चालनका क्रममा दुबैका बिचमा अविश्वासको वातावरण बनी सत्ता र शक्तिका लागि सङघर्षको खेल सुरु हुन्छ । यस क्रममा राजेन्द्रलक्ष्मी पुत्रमोहमा फसी आफूलाई अविश्वास गर्दा राष्ट्रियता कमजोर भएको आशङ्कामा बहादुर शाहले राजेन्द्रलक्ष्मीलाई बन्दी बनाई आफूले नायबी बनी सत्ता सासन चलाएका थिए । राजेन्द्रलक्ष्मीको रिहाइ भएपछि उनले नायबी बनी नायबी बनी राजकाज चलाएकी थिइन् । आफूले देवरलाई दया मायाका साथै विश्वास गर्दा बहादुर शाहले विश्वासघात गरेको घरमा पनि बाघ बनेको, आस्मानमा पुऱ्याउँदा बाज बनेको अनि पतालमा पुऱ्याउँदा के बन्ने हुन् भनी प्रतिशोध एवम् बदलाको भाव राख्छिन् । छोरो रणबहादुर शाहको भलाइका लागि जस्तोसुकै कदम चाल्न पनि पछि पर्दिनन् । राजेन्द्रलक्ष्मीले सत्ताकै लागि बहादुर शाहलाई नुवाकोटमा नजरबन्द गराइदिन्छिन् । राजेन्द्रलक्ष्मी र बहादुर शाह दुबै सत्ता प्राप्तिकै लागि घातप्रतिघातमा उत्रेको देखिन्छ । राजेन्द्रलक्ष्मी र बहादुर शाह दुवै जना पृथ्वीनारायण शाहको राष्टिय एकीकरण अभियानलाई निरन्तरता दिने ऐतिहासिक वीर वीराङ्गना हुन् । दुबैले पृथ्वीनारायण शाहको विशाल नेपाल रचना गर्ने सपनालाई साकार पार्न महत्त्वपूर्ण योगदान दिएका छन् तथापि दुबैमा राजमोह, शक्ति सङ्घर्ष एवम् देशी विदेशी राष्ट्रघाती तत्वहरूको खेल नबुझी प्रतिशोधको भावना राखेकाले घातपतिघात गरी एकअर्कालाई शुङका गर्ने, अविश्वास गर्ने अनि नजरबन्द बनाई घरझगडालाई बढाएको । उसले नाश एवम् पश्चाताप निम्त्याएको देखिन्छ ।

आफ्नो स्वार्थसिद्धिका लागि दरवारिया स्वार्थी भरौटे, छेपारे, चमेरे प्रवृत्तिका पात्रहरू अनेक षड्यन्त्र रच्छन्, जता लाग्दा स्वार्थपूर्ति हुन्छ त्यतै चोचोमोचो मिलाउनेका कुराको पछाडि शासकहरू लाग्दा आन्तरिक कलह एवम् घरझगडाको आगो दन्किन्छ । आपसी समझदारी, सहकार्य र विश्वासले नै घर मजबुत हुन्छ । शङ्काले लङ्का जलाई तिललाई पहाड बनाई सानोतिनो कुरामा घरझगडा गरी बाहिरी शत्रुलाई उठ्ने अवसर दिनु हुँदैन । नेपाल एकीकरण अभियानको क्रममा नायवी शासन चलाएका देवर भाउजू बहादुर शाह र राजेन्द्रलक्ष्मी बिचमा राज्यसत्ता र शक्तिका लागि भएको सङ्घर्ष, घातप्रतिघात एवम् घरझगडाका कारण एकीकरण अभियानले गति लिन नसकेको अनि घरझगडा हुँदा चौबिसे राज्यहरू सङ्गठित भएको, पाल्पा, पर्वत र तनहुँको सङ्गठनको बल्दो अग्निमा सरदार बलि बानियाँ र केही गोर्खाली फौज मारिएको घटनाले राजेन्द्रलक्ष्मीलाई घरझगडा एवम् आपसी वैमनस्यताले व्यक्तिलाई मात्र नभएर घर नै कमजोर हुने शत्रुलाई बल पुग्ने महसुस गरी बहादुर शाहलाई नुवाकोटबाट नजरबन्द मुक्त गराई घरझडा एवम् आपसी फुट नै पतनको कारक भएकाले अतीतका विरोधी विचारलाई बिर्सेर देशभक्तिको मार्गमा लाग्न आग्रह गरेकी छिन् । सत्ता प्राप्तिकै लागि घातप्रतिघातमा उत्रिँदा राज्य कमजोर भई वैरीहरू सल्बलाउने र राज्यकै अस्तित्व सङ्कटमा पर्ने देखिन्छ । भाइ फुटे गँवार लुटे भन्ने उक्तिलाई मनन गरेमा नै घर बलियो हुने कुरा स्पष्ट हुन्छ ।

यसरी हेर्दा सत्ता प्राप्तिका लागि दरबारभित्र हुने वैमनस्यता, जालझेल, षड्यन्त्र, आपसी गुटफुट, घातप्रतिघात, सत्ता र

शक्तिका लागि गरिने चलखेल, शक्ति सङ्घर्ष, गुटउपगुट, चाकरी, चाप्लुसी, फुटाउने र स्वार्थसिद्धि गर्ने भाइभारदारहरूको चोचोमोचो मिलाउने चमेरे प्रवृत्ति, जालझेल र षड्यन्त्रको राजनीति, बन्दी बनाउने, नजरबन्दमा राख्ने, निर्वासित गर्ने जस्ता सत्तासङ्घर्षका गतिविधिलाई प्रभावपूर्ण तरिकाले प्रस्तुत गरिएको छ ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर अनुच्छेदबाट खोजेर उत्तर लेख्न लगाउनुहोस् । हरेक प्रश्नको उत्तर पूर्ण वाक्यमा दिनुपर्ने र उत्तर छोटो छरितो र सटिक हुनुपर्नेबारे धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :
(क) व्यक्तिका मनमा कुन कुन गुण रहेका हुन्छन् ?
उत्तर : व्यक्तिका मनमा सत्व, रज र तम गुण रहेका हुन्छन् ।

(ई) प्रदर्शित नमुनालाई आधार मानी उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया दिन लगाउनुहोस् । विद्यार्थीले दिएका उत्तरको स्तर र अवस्था हेरेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ को प्रश्न 'ख' मा दिइएको भाषिक संरचनासँग सम्बन्धित प्रश्न प्रदर्शन गरी पूर्वज्ञानका आधारमा प्रश्नोत्तर गराउनुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका प्रश्नको विवेचनात्मक उत्तर लेख्न लगाउनुहोस् :

(अ) नेपाल एकीकरणको ऐतिहासिक कालखण्डलाई घरझगडा कथाले कसरी प्रस्तुत गरेको छ ? समीक्षात्मक उत्तर दिनुहोस् ।

(ख) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको अनुच्छेदबाट निम्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :
(अ) कस्तो मनलाई तामस मन भनिन्छ ?
(आ) कुन कुन गुणलाई दोषपूर्ण मानिन्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | आज्ञा वा आदेशमा आधारित भाषिक सञ्चार गर्न | • आज्ञा वा आदेशसम्बन्धी भाषिक सञ्चारबारे श्रव्य सामग्री वा दृश्य सामग्री<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| श्रुतिबोध (सुनाइ पाठ २) | सुनाइ पाठ २ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

| | | |
|---|---|---|
| | | • सुनाइ पाठ २ को श्रव्य सामग्री |

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई आज पढ्ने पाठ निकाल्नका लागि आज्ञा वा आदेश गरी उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको सिकाइ सहजीकरणको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**भाषिक प्रकार्य**

((अ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई आज्ञा वा आदेशसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् र यसको धारणा स्पष्ट पारिदिनुहोस् । आज्ञा वा आदेश भनेको कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई कुनै कामका लागि खटाउने वा अह्राउनेक काम हो भन्ने कुरा जानकारी गराउँदै आज्ञा वा आदेश प्रदानका क्रममा शिष्ट र मर्यादित भाषाको प्रयोग गर्नुपर्ने विषयमा सचेत हुन सिकाउनुहोस् र अगि कक्षाको सुरुआतमै आफूले आज अध्ययन गर्ने पाठ खोल्न आदेश दिएको कुरा स्पष्ट पारिदिनुहोस् ।

(इ) शिक्षकले आज्ञा वा आदेश दिँदाको भाव, शब्द र शैलीमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस्, जस्तै :

**आज्ञा र आदेश**

लफडापुर गाउँमा चोरी भयो भनेर चौकीमा उजुरी आएपछि चौकीका हाकिम इन्स्पेक्टरले चौकीका अरू प्रहरीलाई आदेश दिँदै गरेको यो सन्दर्भ पढी आफूले पनि त्यस्तै अभिनय कक्षामा प्रस्तुत गर्नुहोस् ।

इन्स्पेक्टर : (लामबद्ध सिपाहीहरूलाई एक एक गरी सम्बोधन गर्दै) हर्के हवल्दार ! तिम्रो कमान्डमा तुरुन्त लफडापुर गाउँमा जानू र त्यहाँ लफडा गर्ने जो जो छन् तिनलाई पक्रेर ल्याउनू ।

हर्के हवल्दार : हस् सर् । जय नेपाल ! कति जना जाऊँ साप !

इन्स्पेक्टरः अँ ! सुन्दरे, प्रेमे र ललितालाई लिएर जानू, लफडा गर्ने महिलालाई ललिताले पक्रनू नि । केटाहरूले हातपात नगर्नू ।

हर्के हवल्दार : हस् साप !

सुन्दर सिपाही : (इन्स्पेक्टरलाई सम्बोधन गर्दै) साप ! लफडा गर्नेहरू भागे भने के गर्ने नि !

इन्स्पेक्टर : जसरी नि पक्रेर ल्याउनू । भाग्न नदिनू

सुन्दर सिपाही : हस् साप !

प्रेम सिपाही : तिमीले ती बदमास भाग्न लागे भने फोटो खिच्नू । (हाकिमतिर फर्केर) हस् साप छड्दैनौँ, ती बदमासलाई, सबलाई पक्रेर ल्याउँछौँ । भागेछन् भने फोटो खिचेर ल्याउँछौँ ।

इन्स्पेक्टर : ललिता ! तिमीले नि लफडामा संलग्न को को महिला छन् तिनलाई पक्रनू माने फकाएर ल्याउनू नत्र हत्कडी लगाएर भए पनि ल्याउनू !

(हस् भन्दै सबै इन्स्पेक्टरको आज्ञा र आदेशबमोजिम सबै हिँडे)

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको सन्दर्भ बुझेर हाउभाउसहित पालैपालो आज्ञा वा आदेशसम्बन्धी आफ्ना विचारलाई मौखिक प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीले आफना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गर्नुहोस् ।

(ऊ) विद्यार्थीको बोली, हाउभाउ र व्यवहारमा आज्ञा वा आदेशको भाव झल्किएको छ छैन त्यसको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**श्रुतिबोध**

(अ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । जस्तै :

- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्ने
- सुनाइ र बोलाइ खण्डमा दिइएका प्रश्न ध्यानपूर्वक सुन्ने
- सुनाइ पाठमा आधारित भएर प्रश्नमा आधारित भएर पूर्ण संरचनासहितको उत्तर भन्ने

(आ) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

(इ) विद्यार्थीलाई सुनाइ पाठ २ सुनाउनुहोस् । यस क्रममा सुनाइ पाठ २ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(ई) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको प्रश्नसूची प्रदर्शन गरी अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

- सुनको चरो देखेर बुढीऔँलालाई लोभ लागेछ । बेठिक
- चरो निकै कमजोर रहेछ । बेठिक
- माहिली औँलाले मलाई किन अग्ले भनेको भनेर निहुँ खोजेछ । ठिक
- हत्केलाको अनुरोधपछि पाँचओटै औँलाले सुनको चरो मुठीभित्र पक्रेर राखेको राख्यै गरेछन् । ठिक

(उ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस् र उत्तरको नमुनासमेत प्रदर्शन गरी अभ्यास गराउनुहोस् । जस्तै :

प्रश्न : सुनको चरो कहाँ गएर बसेछ ?

उत्तर : सुनको चरो हत्केलामा गएर बसेछ ।

(ऋ) सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठा निर्माण गर्नुहोस् । विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क)** **पाठ्यपुस्तकको सुरक्षाका लागि साथी साथीबिचमा आज्ञा वा आदेश प्रकट गर्न लगाउनुहोस् ।**

**(ख)** **सुनाइ पाठका आधारमा तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) सुनको औँलो देखेर कसलाई लोभ लागेछ ?

(आ) अग्ले भनेको विषयमा कसले निहुँ खोजेछ ?

(इ) पाँचओटै औँलाले के पक्रिएर राखेछन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| धातु र क्रियापद पहिचान र प्रयोग | धातु र क्रियापद पहिचान र प्रयोग गर्न | • धातु र क्रियापद लेखिएको पत्ती<br>• सकर्मक र अकर्मक क्रियाको सूची र वाक्यपत्ती<br>• सुरु, बिच र अन्त्यमा दीर्घ ईकार प्रयोग भएका शब्दको सूची<br>• परियोजना कार्यको आरेख |
| कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग | कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग गर्न | |
| सकर्मक र अकर्मक क्रिया पहिचान र प्रयोग | निर्दिष्ट प्रश्नमा आधारित सकर्मक क्रिया पहिचान र प्रयोग गर्न | |
| दीर्घ ईकार पहिचान र प्रयोग (वर्णविन्यास) | दीर्घ ईकारको पहिचान र प्रयोग गर्न | |
| कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | निर्दिष्ट विषयवस्तु पहिचान गरी प्रस्तुति दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क)** **सुरुआती क्रियाकलाप**

(अ) क्रियापद र धातु भएका तास आकारका पत्ती दिनुहोस् र उस्तै उस्तै समूह मिलाउनका लागि खेल खेलाई पाठ्य विषयप्रति रुचि जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा पढिएका धातु र प्रत्यय मेल भएर बनेका क्रियापद स्मरण गर्न लगाउनुहोस् र आफूले पनि अरू थप अभ्यासका लागि उत्साहित बनाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख)** **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**धातु र क्रियापद पहिचान र प्रयोग**

(अ) विद्यार्थीलाई भाषिक संरचनाअन्तर्गत जा, खा, बस्, पढ्, लेख्, भन्, सुन् धु, रु, हु, बोलाउ, देखाउ, लेखाउ, दि, लि, आदि धातु लेखिएका पत्ती प्रदर्शन गरी यी शब्द धातु हुन् भन्ने विषयमा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी प्रत्येक समूहबाट पाँच पाँचओटा क्रियापद भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गरेर ती क्रियापदमा रहेका धातु पहिचान गर्न लगाउनुहोस् ।

(इ) धातु, रूपायक प्रत्यय तथा क्रियापदबारे छलफल चलाउनुहोस् ।

(ई) शिक्षकले चार्ट वा स्लाइड प्रयोग गरी धातुमा प्रत्यय योग भएपछि क्रियापद कसरी बन्छ भनी स्पष्ट पार्नुहोस् । कुनै कार्य वा घटना वा अवस्था बुझाउने क्रियाको मूल रूप वा मूल आधार नै धातु हो भन्ने पहिचानका लागि छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीको एउटा समूहलाई फरक फरक धातुका उदाहरण लेखिएको धातुपत्ती, अर्को समूहलाई रूपायक प्रत्यय र अर्को समूहालाई तिनै धातु र रूपायक प्रत्ययबाट बन्ने क्रियापद लेखिएको एक एकओटा शब्दपत्ती दिनुहोस् ।

(ऊ) अब धातु, रूपायक प्रत्यय अनि त्यसबाट बन्ने क्रियापदको रूप विद्यार्थीबाट बनाएर देखाउन लगाउनुहोस् । धातु बोक्ने विद्यार्थी र प्रत्यय बोक्नेसँग नजिकै क्रियापद बोक्ने अर्को विद्यार्थी राखी प्रदर्शन गर्न लगाई अभिनयमूलक छलफल चलाउनुहोस् । जस्तै : पढ् + छ = पढ्छ

(ऋ) चार्ट वा स्लाइड प्रयोग गरी धातुमा 'नु' लगाउँदा क्रियामूल/नाम र रूपायक प्रत्यय योग भएपछि क्रियापद बन्छ भनी स्पष्ट पार्नुहोस् । कुनै कार्य वा घटना वा अवस्था बुझाउने क्रियाको मूल रूप वा मूल आधार नै धातु हो भन्ने पहिचानका लागि छलफल गराउनुहोस् ।

(ए) कथाबाट क्रियापदको र ती क्रियापदका धातुको पहिचान कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गराउनुहोस् ।

(ऐ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको क्रियाकलाप १ र २ प्रदर्शन गरेर छलफल गराउनुहोस् र उत्तर लेख्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् र धातुमा विभिन्न प्रत्ययको प्रयोग गर्दै शब्द तथा वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(औ) विद्यार्थीले लेखेको उत्तर छलफल गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग**

(अ) फरक फरक धातुबाट प्रत्ययसँग मेल भई बन्ने कृदन्त शब्दको रूप कस्तो हुन्छ भन्ने जिज्ञासा जगाई छलफल चलाउनुहोस् ।

(आ) कृदन्त शब्दका बारेमा जानेका कुरा भन्न लगाई आवश्यक सबलीकरण गरिदिनुहोस् । शिक्षक निर्मित धातु र क्रियापद लेखिएको सामग्रीबाट धातुको पहिचान र प्रयोगका बारेमा प्रस्ट पारिदिनुहोस्, जस्तै :

हेर् आइ : हेराइ

पक्र आउ : पक्राउ

लाग् एर : लागेर

(इ) सङ्कलित धातुबाट क्रियापद बनाई कृदन्त शब्दको पहिचान गर्न सामूहिक छलफल गराउनुहोस् । हु, पढ, लेख, गर् जस्ता सामान्य धातुमा प्रत्यय एर, एको, आइ, आदि लागेर बन्ने शब्द कृदन्त शब्द हुन् भने त्यस्ता प्रत्ययलाई कृत् प्रत्यय भनिन्छ भनी जानकारी दिनुहोस् ।

(ई) एक व्यक्तिलाई धातु भन्न, अर्को व्यक्तिलाई उक्त धातुसँग मिल्दो प्रत्यय भन्न र अर्को व्यक्तिलाई पहिलो र दोस्रो समूहले भनेका धातु र प्रत्यय मिलाई क्रियापद बनाउन लगाई धातु र प्रत्ययबाट कृदन्त शब्द

बनाउन लगाउनुहोस् । अर्को व्यक्तिलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । अवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

**सकर्मक र अकर्मक क्रियापदको पहिचान र प्रयोग**

(अ) सकर्मक क्रियाका बारेमा विद्यार्थीको पूर्व ज्ञानबारे जानकारी लिनुहोस् । थप जानकारीका लागि आफूले स्लाइड वा चार्टमा तयार पारी लगेको सकर्मक क्रियाको पहिचान र सान्दर्भिक प्रयोगका सामग्री प्रदर्शन गरी स्पष्ट पारिदिनुहोस् । जस्तै :

- सकर्मक : पढेँ ।
- अकर्मक : रोयो ।

(आ) कर्म नलिने क्रियालाई अकर्मक क्रिया भनिने कुरालाई उदाहरणबाट प्रस्तुत गर्दै सामान्यत: कर्म नलिने र के वा कसलाई भनी प्रश्न सोधेमा उत्तर आउँदैन भने त्यो अकर्मक क्रिया हुन्छ भनी छलफल गराउँदै शिक्षकले सहजीकरण गर्नुहोस् । जस्तै :

- सकर्मक : मैले पुस्तक पढेँ ।
- अकर्मक : भाइ धुरुधुरु रोयो ।

(इ) शिक्षकले आफूले स्लाइड वा चार्ट वा शब्दपत्तीमा तयार पारी लगेको अकर्मक क्रियाका उदाहरण वा सङ्कलित सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् र विद्यार्थीले बुझेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

(ई) तल सकर्मक कर्ता भएका वाक्यमा सकर्मकका क्रिया छन् भने अकर्मक कर्ता भएका वाक्यमा अकर्मक क्रिया छन् । यो अनुच्छेद पढ्न लगाई सकर्मक र अकर्मकबारे सबलीकरण गराउनुहोस्, जस्तै :

सकर्मक बस चढेछ । अकर्मक पैदल हिँडेछ । सकर्मकले चटपटे खाएछ र गीत गाएछ । अकर्मक नाचेछ । सकर्मकले अकर्मकलाई भनेछ, तिमी के खान्छौ ? अकर्मक बोलेनछ । अकर्मक भोकै बसेछ ।

**सकर्मक क्रियाको प्रयोग भएका वाक्य :**

बहादुर शाहले नायबीमा राल चुहाएका थिएनन् ।

राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई पक्राउ गरिन् ।

**अकर्मक क्रियाको प्रयोग भएका वाक्य :**

बहादुर शाह जुरुक्क उठे ।

बहादुर शाह बेतिया गए ।

(ई) सकर्मक र अकर्मक क्रिया भएका शब्दपत्ती दिएर विद्यार्थीलाई सकर्मक क्रिया भएका विद्यार्थीको र अकर्मक क्रिया प्रयोग भएका विद्यार्थीको समूह विभाजन गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गर्नुहोस् ।

(उ) एक एक जना समूहमा टोली नेता छान्न लगाउनुहोस् र बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ३ र ४ प्रदर्शन गरेर छलफल गराई लेख्न लगाउनुहोस् । सकर्मक र अकर्मक टोली नेताले आफू किन सकर्मक क्रिया बनेको भनेर संवाद गर्न लगाउनुहोस् ।

(ऊ) सकर्मक र अकर्मक क्रिया भएका वाक्य कस्ता हुन्छन् भनी भन्न लगाउनुहोस् र आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

**दीर्घ ईकार पहिचान र प्रयोग (वर्णविन्यास)**

(अ) 'क' 'ख' र 'ग' नाम राखेका टोकरी विद्यार्थीलाई दिनुहोस् ।

(आ) विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् र तिनका नाम 'क' सुरुमा दीर्घ समूह, 'ख' बिचमा दीर्घ समूह र 'ग' अन्त्यमा दीर्घ समूह गरी विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् ।

(इ) सुरुमा दीर्घ समूहले पाठभित्रका सुरुमा दीर्घ भएका सकेसम्म सबै नत्र पाँच शब्द कागजका टुक्रामा लेख्न लगाई 'क' टोकरीमा हाल्न लगाउनुहोस् ।

(ई) बिचमा दीर्घ समूहले पाठभित्रका शब्दका बिचमा दीर्घ भएका सकेसम्म सबै नत्र पाँच शब्द कागजका टुक्रामा लेख्न लगाई 'ख' टोकरीमा हाल्न लगाउनुहोस् ।

(उ) अन्यमा दीर्घ समूहले पाठभित्रका शब्दमा अन्त्यमा दीर्घ भएका सकेसम्म सबै नत्र पाँच शब्द कागजका टुक्रामा लेख्न लगाई 'ग' टोकरीमा हाल्न लगाउनुहोस् ।

(ऊ) ती प्रत्येक टोकरीका शब्द निकाली शिक्षकले मूल्याङ्कन गर्नुहोस् र शिक्षक निर्मित शब्दको सुरु, मध्य र अन्तिममा दीर्घ ईकार लागेका शब्दसूची प्रदर्शन गरी थप सहजीकरण गर्नुहोस् । जस्तै :

| सुरुमा दीर्घ ईकार भएका शब्द | मध्यमा दीर्घ ईकार भएका शब्द | अन्त्यमा दीर्घ ईकार भएका शब्द |
|---|---|---|
| तीर<br>.................. | कवीन्द्र<br>.................. | धामी<br>.................. |

(ऊ) कक्षामा ती शब्दका बिच विद्यार्थीबिच छलफल चलाउनुहोस् र विद्यार्थीलाई आआफ्ना नाममा समेत दीर्घ मात्रा लागेका भए कहाँ कहाँ लागेका छन् भन्नेबारे छलफल चलाउनुहोस् ।

(ऋ) भषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गतको प्रश्न क्रियाकलाप ५ र ६ को अभ्यास गराउनुहोस् ।

(ए) विद्यार्थी समूहलाई उत्तर लेखनमा कुनै असहजता भए आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीका उत्तर परीक्षण गरी थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) सिर्जना कार्य र परियोजना कार्यका बारेमा सङ्केत गरी कक्षामा छलफल चलाउनुहोस् ।

(आ) कुनै ऐतिहासिक विषयवस्तुमा आधारित कथा प्रस्तुत गरी छलफल गर्नुहोस् ।

(इ) विद्यार्थीलाई ऐतिहासिक विषयवस्तुमा आधारित कथा सङ्कलन गरेर ल्याउन र अर्को कक्षामा विद्यार्थीले प्रस्तुत गर्नुपर्नेबारे जानकारी दिनुहोस् ।

(ई) विद्यार्थीलाई कुनै असहजता भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका धातुबाट क्रियापद बनाउन लगाउनुहोस् :

खा, बस्, हिँड्, गर्

(ख) सुरु, बिच र अन्त्यमा दीर्घ ईकार लागेका पाँच पाँच शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

(ग) पाठबाट दुई दुईओटा सकर्मक र अकर्मक क्रियापद पहिचान गरी लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौं दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निर्देशित कथा लेखन (सिर्जनात्मक कार्य) | दिइएका बुँदाका आधारमा कथा तयार पार्न | • कथाका बुँदाको स्लाइड वा चार्ट<br>• कथाको श्रव्य सामग्री/दृश्य सामग्री<br>• कथाको नमुना चार्ट<br>• सङ्कलित ऐतिहासिक कथा |
| सङ्कलित ऐतिहासिक कथाको प्रस्तुति (परियोजना कार्य) | आफूले सङ्कलन गरी ल्याएको ऐतिहासिक कथा प्रस्तुत गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै ऐतिहासिक कथा सुनाएर विद्यार्थीलाई उत्साहित बनाउनुहोस् र विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिन दिइएको परियोजना कार्यका बारेमा विद्यार्थीलाई प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् ।

(इ) आज कक्षाकार्यका रूपमा कथाको समीक्षा र प्रस्तुतीकरण तथा कथा लेखन गरिनेबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**निर्देशित कथा लेखन (सिर्जनात्मक कार्य)**

(अ) विद्यार्थीलाई कथा लेखनको प्रक्रियाबारे सोधपुछ गरी उनीहरूको पूर्वज्ञानको जानकारी लिनुहोस् ।

(आ) कथा लेखन गर्दा ध्यान दिनुपर्ने कुरा बारेमा विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपश्चात् प्राप्त निचोड भन्न अवसर प्रदान गर्नुहोस् । कथाको शीर्षक राख्न, कथाको आदि भाग, मध्य भाग र अन्त्य भागमा कुन कुन घटनालाई प्रस्तुत गर्ने, निर्दिष्ट बुँदालाई विस्तार कसरी गर्ने आदि बारेमा कथा रचना गर्ने तरिका छलफल गराई शिक्षकले आवश्यक भएमा थप सबलीकरण गरिदिनुहोस् ।

(इ) कथा लेखन गर्दा ध्यान दिनुपर्ने पक्षबारे विद्यार्थीको छलफलपश्चात् प्राप्त निचोड प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ई) कथा लेख्दा निर्दिष्ट बुँदालाई विस्तार कसरी गर्ने तथा कथा रचना गर्ने तरिका आदि बारेमा छलफल गराई शिक्षकले आवश्यक परेमा थप सबलीकरण गरिदिनुहोस् ।

(उ) प्रत्येक विद्यार्थीलाई सिर्जना र परियोजना कार्यको अभ्यास १ का निर्दिष्ट बुँदा प्रदर्शन गरी ती बुँदामा आधारित भई कथा रचना गर्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

(ऊ) कथाको रचना गरिसकेपछि प्रतिनिधिमूलक रूपमा विद्यार्थीलाई कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ऋ) शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई आवश्यक छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**सङ्कलित ऐतिहासिक कथाको प्रस्तुति (परियोजना कार्य)**

(अ) सिर्जना परियोजना कार्यको क्रियाकलाप २ अनुसार अगिल्लो दिन खोजेर ल्याउन दिइएको ऐतिहासिक कथाबारे कक्षामा छलफल गर्नुहोस् ।

(आ) शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले खोजेर ल्याएको कथा सकेसम्म प्रत्येक विद्यार्थीलाई पठन गर्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा विद्यार्थीको प्रस्तुतीकरण शैली र हाउभाउमा विशेष ख्याल गर्नुहोस् ।

(ई) अन्य विद्यार्थीलाई आवश्यक प्रतिक्रिया दिन लगाई अन्तरक्रिया गराउनुहोस् ।

(उ) प्रस्तुत कथाबारे थप छलफल गराई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई आफूले सुने जानेको कथा भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा

**पाठ : तीन**

**विधा : निबन्ध** **कार्यघण्टा : १०**

### परिचय

'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' वस्तुपरक निबन्ध हो । विद्यार्थीमा वस्तुपरक निबन्धको माध्यमबाट गद्यात्मक अभिव्यक्तिको क्षमता विकास गराउन विभिन्न क्रियाकलाप यहाँ समावेश गरिएको छ । शिक्षकले यस निबन्धलाई सहजीकरण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बन्धी भाषिक सिपको विकासका लागि विद्यार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउँदै विचार र भावनालाई सङ्गठित रूपमा अभिव्यक्त गर्न उत्प्रेरित गर्नुपर्छ ।

विद्यार्थीको बोध क्षमताको अभिवृद्धिका लागि सस्वर तथा मौन पठन, शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत चिकित्सा क्षेत्रसँग सम्बन्धित पारिभाषिक तथा प्राविधिक शब्द, श्रुतिलेखन, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या, समीक्षात्मक उत्तर लेखन, अनुच्छेद लेखन, बुँदा टिपोट र सारांश लेखन, प्रश्न निर्माण र उत्तर लेखन आदि अभ्यासमार्फत सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएका छन् । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत उपसर्ग र प्रत्ययद्वारा शब्द निर्माण तथा ह्रस्व उ को प्रयोगमा जोड दिई कार्यमूलक बनाइएको हुँदा शिक्षकले पनि सोहीअनुरूप सहजीकरण गर्नुपर्छ ।

सिर्जना र परियोजनाअन्तर्गत निबन्ध लेखनमा जोड दिइएको र सुनाइ बोलाइका लागि सुनाइ र बोलाइ पाठ ३ मा आधारित राष्ट्रिय व्यक्तित्वको जीवनसँग सम्बन्धित उपयुक्त गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास राखिएको हुँदा शिक्षकले सोहीबमोजिम सहजीकरण गराउनुहुने छ भन्ने अपेक्षा गरिएको छ । सहजकर्ताबाट पाठ्यक्रमको अपेक्षाअनुरूप उद्देश्यमूलक र रुचिकर बनाउँदै सिकाइ सहजीकरण प्रक्रिया अगाडि बढाइने छ । पाठगत अभ्यासका साथै अन्य सान्दर्भिक अभ्यास पनि गराउनुपर्छ । शिक्षकबाट सहजकर्ता एवम् उत्प्रेरकको भूमिका निर्वाह गर्दै कारण र प्रभावसँग सम्बन्धित भाषिक प्रकार्यको अभ्यास गराउनुहुने छ भन्ने अपेक्षा गरिएको छ ।

## पाठ ३ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • चिकित्सा क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १, २, ३)<br>• पाठगत शब्दार्थ र वाक्यमा | • चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न<br>• निर्दिष्ट अनुच्छेदको सस्वर पठन र शुद्ध उच्चारण गर्न<br>• नयाँ शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न | • चिकित्सा क्षेत्रसँग सम्बन्धित चित्र, स्लाइड वा चार्ट<br>• वाक्यसूची<br>• शब्दसूची (उच्चारण), शब्दार्थ सूची, शब्दकोश वा मोबाइल एप<br>• वाक्यपत्ती<br>• निर्दिष्ट अनुच्छेदबाट बोध | १ |

| | | | | |
|---|---|---|---|---|
| | प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद मौन पठन गरी प्रश्न निर्माण गरी उत्तर पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेदभित्र प्रयुक्त कृदन्त र तद्धितान्त शब्द पहिचान गर्न | प्रश्नसूची र उत्तरको नमुना<br>• कृदन्त र तद्धितान्त शब्दको सूची | |
| **दोस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण<br>• (४, ५ र ६ अनुच्छेद)<br>• पाठगत शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको सस्वर पठन गर्न<br>• पाठगत शब्दको अर्थबोध गरी प्रयोग गर्न<br>• निर्दिष्ट पदावलीले दिने अर्थ पहिचान गर्न<br>• शब्द र अर्थबिच जोडा मिलाउन<br>• निर्दिष्ट बोध प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेदभित्र उपसर्ग र प्रत्यय लागेर बनेका शब्द पहिचान गर्न | • पाठ्य अनुच्छेद<br>• शब्दसूची (उच्चारण) र शब्दार्थपत्ती वा शब्दकोश, शब्दार्थ तालिका<br>• वाक्यपत्ती<br>• बोध प्रश्नसूची<br>• उपसर्ग र प्रत्यय प्रक्रियाबाट बनेका शब्दसूची | १ |
| **तेस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ७, ८, ९)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• पारिभाषिक शब्द पहिचान र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदको सस्वर पठन र शब्दोच्चारण गर्न<br>• पाठगत शब्दको अर्थ भनी वाक्यमा प्रयोग गर्न<br>• पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट बोध प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेदभित्र सुरु, बिच र अन्त्यमा ह्रस्व उकार प्रयोग भएका शब्द पहिचान गर्न | • सलाइड वा चार्ट<br>• वाक्यसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दसूची (उच्चारण)<br>• शब्दकोश<br>• टुक्कासूची र वाक्यका नमुना<br>• कृदन्त शब्दसूची<br>• बोध प्रश्नसूची | १ |
| **चौथो दिन** | • बुँदा टिपोट र सार लेखन<br>• संरचना पहिचान<br>• श्रुतिलेखन | • निर्दिष्ट निबन्धको सार लेख्न<br>• पाठमा रहेका अनुच्छेद र वाक्यको सङ्ख्या पहिचान गर्न<br>• सुनाइका आधारमा शब्द, वाक्य र अनुच्छेद लेख्न | • मुख्य मुख्य बुँदा समेटिएको चार्ट<br>• सार लेखनको नमुना<br>• अनुच्छेद र वाक्यका नमुना | १ |
| **पाँचौँ दिन** | • मौन पठन र प्रश्नोत्तर<br>• सङ्क्षिप्त प्रश्नोत्तर<br>• व्याख्या लेखन | • निर्दिष्ट अनुच्छेद मौन पठन गरी उत्तर दिन<br>• निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन<br>• निर्दिष्ट गद्यांशको व्याख्या गर्न | • अनुच्छेद<br>• प्रश्नसूची<br>• बोधात्मक प्रश्नको उत्तरका नमुना<br>• व्याख्याका लागि बुँदासूची र नमुना | १ |
| **छैटौँ दिन** | • तार्किक उत्तर लेखन<br>• समीक्षात्मक उत्तर लेखन<br>• प्रश्न निर्माण र उत्तर पहिचान | • निर्दिष्ट प्रश्नको तार्किक उत्तर लेख्न<br>• निर्दिष्ट प्रश्नको विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गरी उत्तर पहिचान गर्न | • तार्किक उत्तर लेखनको आधारका बुँदा र नमुना उत्तर<br>• समीक्षात्मक उत्तर लेखनका मुख्य मुख्य बुँदा र नमुना उत्तर<br>• प्रश्नसूची | १ |

| | | | | |
|---|---|---|---|---|
| **सातौँ दिन** | • बुँदा टिपोट र सारांश लेखन<br>• अनुच्छेद लेखन<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदबाट बुँदा टिपोट गरी सारांश लेख्न<br>• निर्दिष्ट विषय शीर्षकमा अनुच्छेद रचना गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | • बुँदा टिपोटको नमुना<br>• सारांशको नमुना<br>• अनुच्छेद लेखन नमुना<br>• अदृष्टांश बोध अनुच्छेदको नमुना<br>• उत्तरको ढाँचा | १ |
| **आठौँ दिन** | • श्रुतिबोध (सुनाइ पाठ ३)<br>• भाषिक प्रकार्य | • सुनाइ पाठ ३ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• कारण र प्रभावसँग सम्बन्धित विषयमा आधारित रही मौलिक भाषिक सञ्चार गर्न | • प्रश्नको चार्ट वा स्लाइड<br>• सुनाइ पाठ ३ को श्रव्य सामग्री<br>• प्रश्नोत्तरको नमुना<br>• कारण र प्रभावसम्बन्धी भाषिक सञ्चारबारे श्रव्य सामग्री वा दृश्य सामग्री | १ |
| **नवौँ दिन** | • उपसर्ग पहिचान र शब्द निर्माण<br>• प्रत्यय र शब्द निर्माण<br>• ह्रस्व उकारको पहिचान र प्रयोग (वर्णविन्यास)<br>• समाचार श्रवण, पठन तथा प्रस्तुति (परियोजना कार्य) | • निर्दिष्ट अनुच्छेदमा आधारित रही उपसर्ग पहिचान गर्न र दिइएका उपसर्गबाट शब्द निर्माण गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित रही प्रत्यय पहिचान गर्न र दिइएका प्रत्ययबाट शब्द निर्माण गर्न<br>• निर्दिष्ट पाठ र प्रश्नमा आधारित रही शब्दको सुरु, बिच र अन्त्यका ह्रस्व उकार पहिचान र प्रयोग गर्न<br>• समाचार श्रवण, पठन तथा प्रस्तुति गर्न | • उपसर्ग लागेका शब्दसूची र उपसर्गसूची<br>• प्रत्यय लागेका शब्दसूची र प्रत्ययसूची<br>• शब्दको आदि, अध्य र अन्त्यमा ह्रस्व उकार प्रयोग भएका शब्दसूची | १ |
| **दसौँ दिन** | • निबन्ध रचना ( सिर्जनात्मक कार्य)<br>• समाचार श्रवण, पठन तथा प्रस्तुति (परियोजना कार्य) | • निर्दिष्ट प्रश्नमा आधारित रही निबन्ध लेख्न<br>• समाचार श्रवण, पठन तथा प्रस्तुति गर्न | • निबन्धको संरचना तालिका<br>• निबन्ध लेखनका बुँदाचार्ट<br>• निबन्धको नमुना<br>• सङ्कलित समाचारका नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| चिकित्सा क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | • चिकित्सा क्षेत्रसँग सम्बन्धित चित्र, स्लाइड वा चार्ट<br>• वाक्यसूची<br>• शब्दसूची (उच्चारण), शब्दार्थ सूची, शब्दकोश वा मोबाइल एप<br>• वाक्यपत्ती<br>• निर्दिष्ट अनुच्छेदबाट बोध प्रश्नसूची र उत्तरको नमुना<br>• कृदन्त र तद्धितान्त शब्दको सूची |
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १, २, ३) | निर्दिष्ट अनुच्छेदको सस्वर पठन र शुद्ध उच्चारण गर्न | |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | नयाँ शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद मौन पठन गरी प्रश्न निर्माण गरी उत्तर पहिचान गर्न<br>निर्दिष्ट अनुच्छेदभित्र प्रयुक्त कृदन्त र | |

| | | |
|---|---|---|
| | तद्धितान्त शब्द पहिचान गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले चिकित्सा र आर्युर्वेदसम्बन्धी रोचक अनुभव र उत्प्रेरक भनाइ सुनाएर ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि बिरामी परेका वेला के दबाइ खाने गर्नुहुन्थ्यो भन्ने प्रश्न गरी विषयवस्तुप्रति आकर्षित गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरणसम्बन्धी क्रियाकलाप

**चिकित्सा क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल**

(अ) चिकित्सा क्षेत्रसँग सम्बन्धित चित्र भएका स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् । विद्यार्थीलाई आयुर्वैदिक औषधी र एलोप्याथिक औषधीका नमुना देखाई संसारभर बढिरहेको आयुर्वेदको महत्त्वबारे बताउनुहोस् र विद्यार्थीले बुझेका विषयवस्तुलाई पनि वर्णन गर्ने अवसर दिनुहोस् ।

(आ) आयुर्वेदिक, एलोपेथिक र होमियोपेथिक उपचार पद्धतिबारे छलफल गराएर ती उपचार गर्ने तरिकासम्बन्धी श्रव्यदृश्य सामग्री प्रदर्शन गर्नुहोस् ।

(इ) विद्यार्थीबिच अन्तरक्रियात्मक छलफल गराउनुहोस् । केही विद्यार्थीलाई निष्कर्ष र प्रतिक्रिया प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) पाठमा दिइएको चिकित्सा क्षेत्रको चित्रलाई स्लाइड वा चार्टपेपरमा प्रदर्शन गर्नुहोस् । चित्रका बारेमा विद्यार्थीलाई पालैपालो वर्णन गर्न लगाउनुहोस् । चिकित्सामा आधारित छलफलका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।



(उ) पाठ्य निबन्धको विषयवस्तुसँग सम्बन्धित भएर थप छलफल गराउनुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य कथाका अनुच्छेद १ देखि ३ सम्म स्मार्ट बोर्ड, स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तु जानकारी गराई पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) कथा संवादात्मक प्रस्तुतिलाई अभिनयात्मक तरिकाले पठन गर्दा वाचन थप प्रभावकारी बन्ने विषयमा बताइदिनुहोस् ।

(इ) पाठका १ देखि ३ सम्मका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) अरू विद्यार्थीलाई साथीले सही पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि विषयमा प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीको वाचन कला विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दको अक्षर संरचनासहित शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी अक्षरीकरणका माध्यमले विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| रोगव्याधि /रोग्.ब्या.धि/ | प्रादुर्भाव /प्रा.दुर्.भाव्/ |
| अभूतपूर्व /अ.भुत्.पुर्.ब/ | आयुर्विज्ञान /आ.युर्.बिग्.ग्यान्/ |
| प्रवर्धनात्मक /प्र.बर्.ध.नात्.मक्/ | चिकित्सा /चि.कित्.सा/ |

(ए) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलाप विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

(ऐ) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

**शब्दार्थ र वाक्यमा प्रयोग**

(अ) सस्वर पठनका क्रममा विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्तीका सहायताले वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

| शब्द | अर्थ |
|---|---|
| प्रत्याक्रमण | कसैले गरेको आक्रमणका बदलामा गरिने आक्रमण |
| व्युत्पत्ति | विशेष किसिमबाट भएको उत्पत्ति |
| इलाज | रोग निको पार्न गरिने उपाय |
| सावधानी | सतर्कता |

(उ) शब्दकोश पुस्तक वा एपको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको पुस्तक र एपसमेत प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ऊ) अर्थ पहिचानका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ऋ) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी अर्थपूर्ण वाक्य निर्माणका लागि सहजीकरण गर्नुहोस् ।
जस्तै :

| वाक्य | प्रयोग |
|---|---|
| मुक्ति | समयमा उपचार गराउँदा मैले रोगबाट मुक्ति पाएँ । |
| खानपान | हामीले स्वस्थ खानपानमा ध्यान दिनुपर्छ । |

(ए) यसैगरी प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऐ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् ।

(आ) पाठ्य निबन्धांशका कुनै अनुच्छेद स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद विद्यार्थीलाई मनमनै पढ्न लगाउनुहोस् ।

(इ) निबन्धको निर्दिष्ट अनुच्छेदबाट बोधात्मक प्रश्न सोधी विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीले उत्तर भन्न नसके आवश्यक सहजीकरण गर्नुहोस् । यसका लागि प्रश्नसूचीको प्रयोग गर्नुहोस्,जस्तै :

- सामान्य अर्थमा चिकित्सा भनेको के हो ?
- होमियोप्याथिक उपचार कुन मान्यतामा आधारित छ ?
- पाठको दोस्रो अनुच्छेदमा कति शब्द छन् ?

(ई) उपर्युक्त प्रश्नका आधारमा विद्यार्थीलाई सामूहिक वा व्यक्तिगत रूपमा उत्तर भन्ने अवसर प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीबाट आएका उत्तरलाई ध्यान दिँदै शिक्षकले तयार गरी ल्याएका उत्तरको नमुना प्रदर्शन गरी बोधात्मक उत्तर दिँदा ध्यान दिनुपर्ने पक्षका बारेमा छलफल गराउनुहोस् । प्रश्नको पूर्ण संरचनासहितको लिखित उत्तर दिन अभ्यास गराउनुहोस् । **(पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।),** जस्तै :

(क) कस्तो चिकित्सा निरोधात्मक चिकित्सा हो ?

उत्तर : रोग नियन्त्रणका लागि रोग लाग्नुपूर्व नै प्रदान गरिने स्वास्थ्य सेवा निरोधात्मक चिकित्सा हो ।

(ऊ) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई बोधसम्बन्धी थप सहजीकरण आवश्यक भए उपयुक्त विधि र प्रक्रिया अवलम्बन गरी सबलीकरण गर्नुहोस् ।

(ए) निर्दिष्ट अनुच्छेदमा प्रयोग भएका कृदन्त र तद्धितान्त शब्द सङ्कलन गर्न लगाउनुहोस् । त्यसमा शिक्षकले सहजीकरण गरिदिनुहोस् । शिक्षकले अनुच्छेदभित्रका कृदन्त र तद्धितान्त शब्दका शब्दसूची प्रदर्शन गरेर आवश्यक छलफल गराउनुहोस्, जस्तै :

कृदन्त शब्द : गर, हु, समेट, भन्, सक् आदि ।

तद्धितान्त शब्द : रोग, उपचार, निरोध, ज्ञान आदि

(ऐ) उल्लिखित कृदन्त र तद्धितान्त शब्द पाठ्य अनुच्छेदमा खोज्न लगाउने वा विद्यार्थीमा कसले पहिले खोज्न सक्छ भनी प्रतिस्पर्धात्मक खेल खेलाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) तलका शब्दको उच्चारण गर्न, अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अनधिकृत, व्याधि, पद्धति, एलोप्याथिक, समाविष्ट, चिकित्सा

(ग) दिइएका बोध प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) रोगले शरीरमा कसरी प्रवेश पाउँछन् ?

(आ) चिकित्सा शब्दको व्युत्पत्तिमूलक अर्थ के हो ?

(घ) पाठ्य अनुच्छेदबाट तीन तीनओटा कृदन्त र तद्धितान्त शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (४, ५ र ६ अनुच्छेद) | निर्दिष्ट अनुच्छेदको सस्वर पठन गर्न | • पाठ्य अनुच्छेद<br>• शब्दसूची (उच्चारण) र शब्दार्थपत्ती वा शब्दकोश, शब्दार्थ तालिका<br>• वाक्यपत्ती<br>• बोध प्रश्नसूची<br>• उपसर्ग र प्रत्यय प्रक्रियाबाट बनेका शब्दसूची |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | पाठगत शब्दको अर्थबोध गरी प्रयोग गर्न<br>निर्दिष्ट पदावलीले दिने अर्थ पहिचान गर्न<br>शब्द र अर्थबिच जोडा मिलाउन | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट बोध प्रश्नको उत्तर दिन<br>निर्दिष्ट अनुच्छेदभित्र उपसर्ग र प्रत्यय लागेर बनेका शब्द पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) रोग लाग्नुभन्दा रोग लाग्न नदिनु जाती तर रोग लागेपछि अरू औषधी खानुभन्दा आयुर्वैदिक औषधी जाती भन्ने कथनसहित उत्प्रेरक भनाइ सुनाउँदै विद्यार्थीलाई पनि आफ्ना भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य कथाका अनुच्छेद ४ देखि ६ सम्म स्मार्ट बोर्ड, स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तु जानकारी गराई पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) कथा संवादात्मक प्रस्तुतिलाई अभिनयात्मक तरिकाले पठन गर्दा वाचन थप प्रभावकारी बन्ने विषयमा बताइदिनुहोस् ।

(इ) पाठका ४ देखि ६ सम्मका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) अरू विद्यार्थीलाई साथीले सही पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि विषयमा प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीको वाचन कला विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको अक्षर संरचनासहित शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी अक्षरीकरणका माध्यमले विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :

| | | | |
|---|---|---|---|
| आयुर्वेद | /आ.युर्.बेद्/ | हाडजोर्नी | /हाड्.जोर्.नि/ |
| पद्धति | /पद्.ध.ति/ | विशिष्ट | /बि.सिस्.ट/ |

(ए) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलाप विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

(ऐ) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) सस्वर पठनका क्रममा विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्ती वा शब्दकोशका सहायताले वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

| **शब्द** | **अर्थ** |
|---|---|
| खुराक | एक पटकमा खानुपर्ने औषधीको मात्रा |
| वाजीकरण | औषधीका माध्यमबाट मानिसको शक्ति बढाउने कार्य |

(इ) शब्दकोश पुस्तक वा एपको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको पुस्तक र एपसमेत प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) अर्थ पहिचानका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(उ) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी अर्थपूर्ण वाक्य निर्माणका लागि सहजीकरण गर्नुहोस् ।
जस्तै :

| **वाक्य** | **प्रयोग** |
|---|---|
| वैकल्पिक | नेपाली विषय शिक्षक नभए पनि पढाइलाई निरन्तरता दिन प्रधानाध्यापकले वैकल्पिक शिक्षकको व्यवस्था गर्नुभएको छ । |

(ऊ) यसैगरी प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ तर्फ ध्यानाकर्षण गराउनुहोस् र अभ्यासले निर्देश गरेअनुसार समूह 'क' मा दिइएका अर्थ बुझाउने शब्द समूह 'ख' बाट पहिचान गरी लेख्न लगाउनुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(ऐ) विद्यार्थीको सक्रियतालाई अध्ययन गरी शिक्षकले आवश्यक सहयोग गर्नुहोस् । विद्यार्थीले तोकिएको कार्य सकेपछि त्यसलाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा शिक्षकले तयार पारी ल्याएको शब्दार्थ तालिका प्रदर्शन गरी विद्यार्थीमा रहेका द्विविधालाई समाधान गरिदिनुहोस्, जस्तै :

| समूह क | समूह ख |
|---|---|
| स्नायुसम्बन्धी रोग | पक्षघात |
| बात, पित्त र कफसम्बन्धी दोष | त्रिदोष |
| चिरफारका पद्धतिले गरिने रोगको उपचार | शल्यक्रिया |
| हानी वा घात पुऱ्याउने | घातक |
| प्रतिरोधका लागि तयार पारिएको | प्रतिरोधात्मक |

(ओ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ तर्फ ध्यानाकर्षण गरी दिइएका पारिभाषिक शब्द र ती शब्दसँग मिल्ने अर्थ जोडा मिलाउन लगाउनुहोस् । यस कार्यलाई कक्षाकोठाको स्वरूपअनुसार युगल रूपमा गराउन सक्नुहुने छ । त्यसरी अभ्यास गराउँदा एक जनाले शब्द भन्ने र अर्कोले अर्थ भन्ने गरी पालो बाँधी अभ्यास गराउनुहोस् ।

(औ) विद्यार्थीले युगल रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(अं) उपर्युक्त शब्द र अर्थको सम्बन्ध देखाई कुनै विशिष्ट क्षेत्रमा प्रयोग हुने, खास अर्थ भएका वा परिभाषा दिन मिल्ने शब्द नै पारिभाषिक शब्द हुन् भन्ने कुरा बताउनुहोस् र आफूले अगि कक्षामा पस्दै गर्दा यस्तै शब्दको प्रयोग गरेको थिएँ भनी यसको धारणा स्पष्ट पारिदिनुहोस् । विद्यार्थीले सुनेका र प्रयोग गरेका यस्तै किसिमका अन्य शब्दहरू भन्न लगाई छलफल गराउनुहोस् ।

### बोधात्मक प्रश्नोत्तर

(अ) पाठको निर्दिष्ट अनुच्छेदभित्रमध्ये कुनै एउटा अनुच्छेदको अंश स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत निबन्धांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(आ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची र नमुना उत्तर फलाटिन पाटी, स्लाइड वा चार्टका सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस्, जस्तै :

प्रश्न : आयुर्वेद चिकित्सा शास्त्रमा उपचारका कतिओटा शाखा छन् ?

उत्तर : आयुर्वेद चिकित्सा शास्त्रमा उपचारका आठओटा शाखा छन् ?

(ई) प्रदर्शित प्रश्नको उत्तर लेख्न लगाउनुहोस् र विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त भएका उपसर्ग लागेर बनेका केही शब्द शब्दपत्तीमार्फत कक्षामा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई त्यस्ता अन्य शब्द खोज्न लगाउनुहोस्, जस्तै :

उपचार प्रचलित, विकृति, निबन्ध आदि ।

(ऊ) निर्दिष्ट अनुच्छेदमा प्रयुक्त भएका प्रत्यय लागेर बनेका केही शब्द शब्दपत्तीमार्फत कक्षामा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई त्यस्ता अन्य शब्द खोज्न लगाउनुहोस् । जस्तै :

पूर्वीय, बुटी, मानसिक, घातक आदि ।

(ऋ) विद्यार्थीले खोजेका शब्द सही छन् वा छैनन् भन्ने सम्बन्धमा छलफल गरी सही शब्द लेख्ने विद्यार्थीलाई स्याबासी दिनुहोस् र शब्द पहिचान गर्न समस्या हुने विद्यार्थीलाई आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको पाचौँ अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।**

**(ख) दिइएका शब्दको उच्चारण गर्न, अर्थ बताउन र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

सदृश, पद्धति, क्षमता

**(ग) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) शल्यचिकित्साअन्तर्गत के के पर्छन् ?

(आ) पार्श्वप्रभाव भनेको के हो ?

**(घ) पाठ्य अनुच्छेदबाट उपसर्ग लागेका र प्रत्यय लागेका तीन तीनओटा शब्द पहिचान गर्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ७, ८, ९) | निर्दिष्ट अनुच्छेदको सस्वर पठन र शब्दोच्चारण गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती<br>• शब्दसूची (उच्चारण) |
| पाठगत शब्दार्थ र प्रयोग | पाठगत शब्दको अर्थ भनी वाक्यमा प्रयोग गर्न | |

| | | |
|---|---|---|
| पारिभाषिक शब्द पहिचान र प्रयोग | पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न | • शब्दकोश<br>• वाक्यपत्ती<br>• पारिभाषिक शब्दसूची<br>• बोध प्रश्नसूची |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट बोध प्रश्नको उत्तर दिन<br>निर्दिष्ट अनुच्छेदभित्र सुरु, बिच र अन्त्यमा ह्रस्व उकार प्रयोग भएका शब्द पहिचान गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई पनि बिसन्चो हुँदा कुन खालको दबाइ खाने गर्नुहुन्छ भनी प्रश्न सोध्नुहोस् वा कुनै उत्प्रेरक भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई सस्वर पठन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

(ई) पाठका निर्दिष्ट ७, ८, ९ अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(उ) सस्वर पठनका क्रममा नयाँ लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ऋ) ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस्, जस्तै :

| | | | |
|---|---|---|---|
| सर्वोत्तम | /सर्.बोत्.तम्/ | स्वीकृति | /स्वि.क्रि.ति/ |
| जनस्वास्थ्य | /ज.न.स्वास्.थ्य/ | गम्भीर | /गम्.भिर्/ |

(ए) बहुभाषी कक्षामा नेपालीबाहेक अन्य मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दको शुद्ध उच्चारण गराउने अभ्यास पनि गराउनुहोस् ।

**शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठको कविता पढ्न लगाई अर्थबोध हुन नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

जस्तै : स्वघोषित, अनुसन्धान, दुरुपयोग, सर्वोत्तम, प्रतिरोधात्मक

(इ) शब्दकोशको सहायता लिई ती शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) शब्दभण्डार खण्डअन्तर्गतको क्रियाकलाप ३ र ४ को शब्दार्थ अभ्यास गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) दिनको शब्दभण्डारअन्तर्गतको अगिल्लो दिनको अभ्यास दुईलाई पुनरावृत्ति गरी कुनै विशिष्ट क्षेत्रमा प्रयोग हुने, खास अर्थ भएका वा परिभाषा दिन मिल्ने शब्द नै पारिभाषिक शब्द हुन् भन्ने कुरा बताउनुहोस् र अभ्यास ३ र ४ मा पनि यस्तै शब्द रहेका छन् भनी परिभाषिक शब्दको धारणा स्पष्ट पारिदिनुहोस् । विद्यार्थीले सुनेका र प्रयोग गरेका यस्तै किसिमका अन्य शब्दहरू भन्न लगाई छलफल गराउनुहोस् ।

(ऊ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास ३ तर्फ ध्यानाकर्षण गरी दिइएका शब्दको अर्थ पहिचान गर्न शब्दकोशको सहायता लिन निर्देश गर्नुहोस् । **(यस कार्यलाई कक्षाकोठाको स्वरूप र विद्यार्थी सङ्ख्याअनुसार व्यक्तिगत वा सामूहिक रूपमा गराउन सक्नुहुने छ ।)**

(ऋ) विद्यार्थीले सामूहिक रूपमा कार्य गर्दैगर्दा शिक्षकले त्यसको निरीक्षण गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(ए) विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि अभ्यास ४ तर्फ केन्द्रित गरी निर्देशनअनुसार पारिभाषिक पारिभाषिक शब्द पहिचान र तिनलाई वाक्यमा प्रयोग गर्न निर्देश गर्नुहोस् । शिक्षक आफूले तयार पारेर ल्याएको पारिभाषिक शब्दसूची र वाक्यपत्तीको सहायताले त्यसको अर्थसहित थप धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

- शल्यक्रिया : मेरा दाजुको टाउकामा रहेको ट्युमरको **शल्यक्रियाका** लागि चिकित्सकले भोलिको समय निर्धारण गर्नुभएको छ ।

(ऐ) पारिभाषिक शब्द प्रयोग भएका अन्य वाक्यबाट पारिभाषिक शब्द झिकी यसरी नै वाक्य पूरण गर्न लगाई पारिभाषिक शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) पाठको निर्दिष्ट अनुच्छेदभित्रको कुनै एउटा अनुच्छेदको अंश स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत निबन्धांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(आ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । प्रश्नसूची र उत्तरको नमुनाका सहायताले बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् । जस्तै :

प्रश्न :

(क) नजानी नजानी औषधी खाँदा के हुन्छ ?

उत्तर : नजानी नजानी औषधी खाँदा जनस्वास्थ्यमा नकारात्मक असर हुन्छ ।

(इ) प्रश्नसूचीमा प्रदर्शित प्रश्नका आधारमा विद्यार्थीलाई सामूहिक वा व्यक्तिगत रूपमा उत्तर भन्ने अवसर प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीबाट आएका उत्तरलाई ध्यान दिँदै शिक्षकले तयार गरी ल्याएका उत्तरसूची प्रदर्शन गरी बोधात्मक उत्तर दिँदा ध्यान दिनुपर्ने पक्षका बारेमा छलफल गराउनुहोस् । प्रश्नको पूर्ण संरचनासहितको लिखित उत्तर

दिन अभ्यास गराउनुहोस् । (पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।)

(ऋ) निर्दिष्ट अनुच्छेदभित्रका वाक्यमा परेका शब्दभित्रका सुरु, बिच र अन्त्यमा ह्रस्व उकार भएका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा आफूले आवश्यक सहजीकरण गरी ह्रस्व उकार प्रयोग भएका शब्द तालिका बनाएर टिप्न लगाउनुहोस् । जस्तै :

| सुरुमा ह्रस्व उकार भएका शब्द | मध्यमा ह्रस्व उकार भएका शब्द | अन्त्यमा ह्रस्व उकार भएका शब्द |
|---|---|---|
| सुन्दर<br>.................. | आधुनिक<br>.................. | गरिनु<br>.................... |

३. **मूल्याङ्कन**

**(क) पाठको आठौँ अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।**

**(ख) दिइएका शब्दको उच्चारण गर्न, अर्थ बताउन र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

सर्वोत्तम, प्रभावकारी, पार्श्वप्रभाव

**(ग) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) आयुर्वैदिक उपचार पद्धतिका तीनओटा सीमा भन्नुहोस् ।

(आ) आयुर्वैदिक उपचार पद्धतिका तीनओटा विशेषता भन्नुहोस् ।

**(घ) पाठ्य अनुच्छेदबाट सुरु, बिच र अन्त्यमा ह्रस्व उकार भएका तीन तीनओटा शब्द पहिचान गर्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

१. **सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बुँदा टिपोट र सार लेखन | निर्दिष्ट निबन्धको सार लेख्न | • मुख्य मुख्य बुँदा समेटिएको चार्ट<br>• सार लेखनको नमुना<br>• अनुच्छेद र वाक्यका नमुना |
| संरचना पहिचान | पाठमा रहेका अनुच्छेद र वाक्यको सङ्ख्या पहिचान गर्न | |
| श्रुतिलेखन | सुनाइका आधारमा शब्द, वाक्य र अनुच्छेद लेख्न | |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको सिकाइ सहजीकरणको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बुँदा टिपोट र सार लेखन**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई पाठका एक एकओटा अनुच्छेद निर्देश गरी मनमनै पढ्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले निर्दिष्ट पाठ ध्यानपूर्वक पढे नपढेको निरीक्षण गरी पढ्नका लागि उत्प्रेरित गर्नुहोस् ।

(इ) अनुच्छेद पठनपश्चात् प्रत्येक समूहलाई आफूले पढेको अनुच्छेदको सार लेख्नका लागि तयार गराउनुहोस् । सार लेखनका लागि स्पष्ट निर्देशन दिनुहोस् र अनुच्छेदका मुख्य मुख्य कुरा समेटी बुँदा टिपोट गराउनुहोस् ।

(ई) आफ्नो समूहले पढेको अनुच्छेदले के सन्देश दिएको छ भन्ने प्रश्न गरी विद्यार्थीलाई बुँदागत रूपमा भन्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले भनेका कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र शिक्षकले तयार गरी ल्याएको मुख्य मुख्य बुँदा समेटिएको चार्ट प्रदर्शन गर्नुहोस् । जस्तै :

पहिलो अनुच्छेदका बुँदाहरू

१. मानिसको असावधानीका कारण शरीरमा रोग प्रवेश गर्ने

२. रोगलाई दमन र शमन गर्न चिकित्सा विज्ञानको प्रादूर्भाव भएको

३. चिकित्सा विज्ञानका एलोप्याथिक र आयुर्वेदिक उपचार पद्धति बढी प्रयोगमा हुनु

४. पाश्चात्य विज्ञानले एलोप्याथिक र पूर्वीय वैदिक सभ्यताले आयुर्वेदिक चिकित्सा उपहार दिएको

(उ) विद्यार्थीले भनेका बुँदालाई समेटी शिक्षकले कुनै एक अनुच्छेदको मौखिक रूपमा सार बताइदिनुहोस् र शिक्षकले तयार पारी ल्याएको सार लेखनको नमुना समेत प्रदर्शन गरी सार लेख्ने तरिका बताइदिनुहोस्, जस्तै :

**पहिलो अनुच्छेदको सार**

**चिकित्सा विज्ञान**

मानिसको असावधानीका कारण शरीरमा रोगले आक्रमण गरी खुसी लुट्छ । रोगलाई प्रत्याक्रमण गरी दमन र शमन गर्न चिकित्सा विज्ञानको प्रादूर्भाव भएको हो । चिकित्सा विज्ञानमा पाश्चात्य विज्ञानको एलोप्याथिक र पूर्वीय सभ्यताको आयुर्वेदिक उपचार पद्धति बढी प्रयोगमा छन् ।

(ऊ) यसै नमुनाका आधारमा प्रत्येक समूहलाई आफूलाई परेको अनुच्छेदको सार लेख्न प्रेरित गर्नुहोस् ।

**संरचना पहिचान**

(अ) निबन्धको विधा परिचयका क्रममा छलफल गरिएका बनोट, रचना, शैलीसम्बद्ध विषयवस्तु र स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् र ती अनुच्छेदका संरचनाका बारेमा पुनः छलफल गराई आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) निबन्धको आदि, मध्य र अन्त्यका विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएका संरचनासम्बद्ध प्रश्न सोधी संरचनाका बारेमा थप छलफल गराउनुहोस्, जस्तै :

प्रश्न : चिकित्सा विज्ञान र आयुर्वेद निबन्ध कति अनुच्छेदमा संरचित छ ?

उत्तर : चिकित्सा विज्ञान र आयुर्वेद निबन्ध ११ अनुच्छेदमा संरचित छ ।

(ई) विद्यार्थीको प्रश्नोत्तरपछि आवश्यक सहजीकरणसहित निबन्धको संरचना आदि, मध्य र अन्त्यको शृङ्खला, वाक्य, अनुच्छेल गठन आदिबारे छलफल गराई संरचितका सम्बन्धमा स्पष्ट पारिदिनुहोस् ।

**श्रुतिलेखन**

(अ) विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्द बनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

(इ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा तोकिएको अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

(ई) श्रुतिलेखनपश्चात् साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) श्रुतिलेखनका क्रममा सफा र स्पष्टसँग लेख्ने एक जना, सबैभन्दा थोरै त्रुटि गर्ने एक जना र राम्रा अक्षरमा लेख्ने एक जना विद्यार्थीको नाम घोषणा गरी ताली बजाएर हौसला दिन लगाउनुहोस् ।

(ऊ) सुनाइ, लेखाइ आदिमा समस्या भएका विद्यार्थी पहिचान गरी शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको अन्तिम अनुच्छेदको सार लेख्न लगाउनुहोस् ।**

**(ख) तलका प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् :**

(अ) पाठको पहिलो अनुच्छेदमा कति वाक्य छन् ?

(आ) दोस्रो अनुच्छेदको शीर्ष वाक्य कुन हो ?

**(ग) पाठको चौथो अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| मौन पठन र प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद मौन पठन गरी उत्तर दिन | • अनुच्छेद<br>• प्रश्नसूची<br>• बोधात्मक प्रश्नको उत्तरका नमुना<br>• व्याख्याका लागि बुँदासूची र नमुना |
| सङ्क्षिप्त प्रश्नोत्तर | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |
| व्याख्या लेखन | निर्दिष्ट गद्यांशको व्याख्या गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले रमाइला घटना सुनाउनुहोस् र विद्यार्थीलाई पनि रमाइला र उत्प्रेरक भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**मौन पठन र प्रश्नोत्तर**

(अ) मनमनै पठन गर्दा ध्यान दिनुपर्ने कुरा बताउँदै विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(आ) पाठको निर्दिष्ट बोध अनुच्छेद बोध अभिव्यक्ति खण्डको ५ मा दिइएको अनुच्छेदलाई स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत अंश पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(इ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : निबन्धांशमा चिकित्सा विज्ञानका कुन कुन पद्धतिको चर्चा गरिएको छ ?

उत्तर : निबन्धांशमा चिकित्सा विज्ञानका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धतिको चर्चा गरिएको छ ।

(ई) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउँदै आवश्यकताअनुसार थप सहजीकरण गर्नुहोस् ।

(ऊ) यस्तै, अनुच्छेदबाट थप अभ्यास गराई आवश्यक परेमा सहजीकरण र पृष्ठपोषण गरिदिनुहोस् ।

**सङ्क्षिप्त प्रश्नोत्तर**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाई टोली नेता छान्नुहोस् । सिकाइ सहजीकरणको दोस्रो क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएका सङक्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । यस्तो उत्तर कम्तीमा पाँच/सात वाक्यमा लेख्नुपर्ने अवधारणाबारे स्पष्ट पारिदिनुहोस् ।

(इ) एउटा समूहले कुनै एउटा प्रश्नको उत्तर लेख्नका लागि आवश्यक समय दिनुहोस् । सङ्क्षिप्त उत्तरको नमुना प्रदर्शन गरेर थप छलफल गराउनुहोस्, जस्तै :

**प्रश्न : उपचारात्मक स्वास्थ्य सेवाअन्तर्गत कस्ता उपचारात्मक पद्धति पर्छन् ?**

उत्तर : रोग लागेपछि निको पार्नका लागि प्रदान गरिने स्वास्थ्य सेवामा उपचारात्मक स्वास्थ्य सेवाअन्तर्गत पर्छन् । यस्तो उपचरात्मक स्वास्थ्य सेवा आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धति बाहेकका अन्य चिकित्सा पद्धति पनि हुने गर्छन् । तिनमा होमियोप्याथी, पकृतिक चिकित्सा, मनोचिकित्सा, अकुप्रेसर, युनानी चिकित्सा जस्ता अनेकौँ उपचार पद्धति यहाँ प्रचलनमा छन् । युनानी चिकित्सा पद्धति अरबमा प्रचलित चिकित्सा पद्धति हो । एलोप्याथिक उपचार पद्धति वर्तमान समयमा सर्वाधिक लोकप्रिय उपचार पद्धतिका रूपमा रहेको छ । यसलाई आधुनिक चिकित्सा पद्धतिको पर्यायका रूपमा हेर्ने गरिन्छ । होमियोप्याथिक शब्दको अर्थ सदृश रोग चिकित्सा भन्ने हुन्छ । यसअनुसार एउटा स्वस्थ मानिसमा औषधीय पदार्थ प्रयोग गर्नाले जुन प्रकारको रोगको लक्षण उत्पन्न हुन्छ यस्तै प्रकारको रोगको लक्षण भएका रोगीलाई त्यही औषधी सेवन गराउनाले आरोग्य प्रदान गर्छ भन्ने हो । आयुर्वेदिक चिकित्सा पद्धति भने सर्वप्राचीन चिकित्सा पद्धति हो । यस पद्धतिअनुरूप उपचार गर्दा रोगीलाई कुनै किसिमको नकारात्मक प्रभाव पर्दैन । उपचारात्मक स्वस्थ्य सेवाअन्तर्गत उल्लिखित पद्धति प्रचलनमा रहेका देखिन्छन् ।

(ई) विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् । विद्यार्थी समूहले लेखेको उत्तर समूहगत रूपमा पढेर सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा भए भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**व्याख्या लेखन**

(अ) विद्यार्थीलाई व्याख्या भनेको के हो ? व्याख्या कसरी गरिन्छ ? आदि प्रश्न सोधी पूर्वज्ञान पहिचान गर्नुहोस् ।

(आ) व्याख्या वा भाव विस्तारलाई कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने बारेमा छलफल चलाई व्याख्या गर्न उत्प्रेरित गर्नुहोस् ।

(इ) व्याख्याका लागि बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएका अंश स्लाइडमा प्रदर्शन गरी विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई एउटा अंश तोकेर दुबै समूहलाई आवश्यक बुँदा टिपोट गर्न लगाउनुहोस्, बुँदाका लागि आवश्यक परे शिक्षकले बुँदासूचीमार्फत सहजीकरण गरिदिनुहोस् ।

(ई) मुख्य बुँदा टिपोटको समूह कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) बुँदाका आधारमा व्याख्या गर्न लगाउनुहोस् । शिक्षकले अवलोकन र सहजीकरण गर्नुहोस् । यसका लागि यसभन्दा अगिल्ला पाठमा दिइएका व्याख्याका नमुना जस्तै नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

**व्याख्याको नमुना**

**“आयुर्वेदिक औषधीका लागि नेपाल भूस्वर्ग मानिन्छ ।”**

उत्तर : नेपाल जडीबुटीको भण्डार र अनन्त स्रोतका रुपमा विश्वमा चर्चित छ । यहाँ अथाह आयुर्वेदिक जडीबुटीको खानी भएकाले नेपाललाई स्वर्गीय भूमिका रुपमा लिइन्छ । विश्वकै सर्वप्राचीन आयुर्वेद चिकित्सा पूर्वीय वैदिक एवम् प्राच्य सभ्यताले दिएको अभूतपूर्व उपहार हो । यो अथर्ववेदको उपवेद हो । आयुर्वेद इशापूर्व ३ हजारदेखि ५० हजार वर्ष अगाडि भारतवर्षबाट विकास भएको मानिन्छ । हिमालयको काखमा अवस्थित नेपाल भौगोलिक रूपमा जसरी विविधतामय छ ।

त्यसैगरी यहाँको हावापानी, प्रकृति एवम् जैविक संरचनामा पनि विविधतामय पाइन्छ । यही भौगोलिक विविधतामय नेपाल बहुमूल्य एवम् घातक रोग निको पार्ने जडीबुटीको अजस्र भण्डार हो । नेपालमा ७ सय प्रकारका बहुमूल्य जडीबुटी औषधी बनाउन प्रयोग हुने गर्छन् । हिमालदेखि तराईसम्मको विविधतामय हावापानीमा विभिन्न जाति एवम् प्रजातिका हजारौँ जडीबुटी नेपालमा पाइन्छन् । तराईमा मेन्था, केमोमाइल, सिर्टिनेला, कुरिलो, सर्पगन्धा हर्रो, बर्रो, अमला आदि अनि मध्य पहाडमा चिराइतो, रिट्ठा, टिमुर, तेजपात वा दालचिनी, चाँपका साथै हिमाली क्षेत्रमा जटामसी, यार्सागुम्बा, पाँचऔँले, चिराइतो, टिमुर, कुट्की, अतिस, पदमचाल, निरमसी, लौठसल्ला जस्ता असङ्ख्य जडीबुटी पाइन्छन् । जडीबुटीजन्य उत्पादित औषधीको उच्च माग रहे तापनि प्रयोगशाला उपयुक्त प्रविधि र व्यवस्थापनलगायतका विभिन्न कारणले गर्दा नेपालमा आयुर्वेदिक औषधी उत्पादनले गति लिन सकेको छैन । हाल नेपालबाट युरोपका विभिन्न देशमा २० भन्दा बढी प्रकारका जडीबुटीजन्य सुगन्धित तेल र जडीबुटीजन्य उत्पादन निर्यात हुने गरेको पाइन्छ । हाल नेपालमा वन विज्ञानको तथ्याङ्कअनुसार वार्षिक ४ हजार ८ सय ३५ मेटिक टन जडीबुटी उत्पादन हुँदै आएको छ । वन विभागले सतुवा, लौठसल्ला, अतिसलगायत ३० प्रजातिका जडीबुटीलाई अध्ययन, अनुसन्धान र खेती विस्तार गर्दै आएको छ । रामायणमा वर्णन भएअनुसार युद्धमा लक्ष्मण घाइते हुँदा सञ्जीवनी बुटी लिन नेपालको र हनुमानले अनेकौँ जडीबुटीबिच सञ्जीवनी बुटी चिन्न नसकेर सिङ्गै पहाड उठाएर लगेका र त्यो जडीबुटी खुवाएपछि लक्ष्मणलाई सन्चो भएको पौराणिक कथ्यअनुसार परापूर्व कालदेखि नै नेपाल आयुर्वेदिक जडीबुटीको भूस्वर्ग रहेको कुरा पुष्टि हुन्छ । नेपालका आयुर्वेदिक महत्त्वका बहुमूल्य जडीबुटी उत्पादन एवम् सही व्यवस्थापन गरेमा नेपालले विकास र समृद्धिको सोपान चढ्ने कुरा निर्विवाद नै देखिन्छ ।

परापूर्व कालदेखि नै आयुर्वेदिक जडीबुटीका दृष्टिकोणले भूस्वर्ग मानिएको नेपालमा रहेका अथाह बहुमूल्य जडीबुटीको मूल्य, महत्त्व र उपयोगितालाई ध्यान दिई उपयुक्त व्यवस्थापन गरेमा निसन्देह देशले काँचुली फेर्ने छ भन्ने विषयलाई प्रस्तुत व्याख्यांशले सङ्केत गरेको छ ।

(ऊ) विद्यार्थीले व्याख्या लेखन कार्य सकेपछि कक्षामा दुवै समूहलाई प्रस्तुति गर्न लगाई अर्को समूहलाई ध्यान दिएर सुन्न र आवश्यक थपघट गर्नुपर्ने भए बताउन लगाउनुहोस् ।

(ऋ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् र समग्रमा सुधार गर्न आवश्यक पक्षलाई स्पष्ट पार्दै थप सहजीकरण गरिदिनुहोस् ।

३. मूल्याङ्कन

**(क) तलका प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् :**

(अ) उपचारात्मक स्वास्थ्य सेवा भनेको के हो ?

(आ) 'समानताले समानताको उपचार गर्छ' भन्नुको अर्थ के हो ?

**(ख) तलको अंशलाई व्याख्या गर्न लगाउनुहोस् :**

(क) आयुर्वेदिक औषधीको पार्श्व प्रभाव न्यून हुन्छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| तार्किक उत्तर लेखन | निर्दिष्ट प्रश्नको तार्किक उत्तर लेख्न | • तार्किक उत्तर लेखनको आधारका बुँदा र नमुना उत्तर<br>• समीक्षात्मक उत्तर लेखनका मुख्य मुख्य बुँदा र नमुना उत्तर<br>• प्रश्नसूची |
| समीक्षात्मक उत्तर लेखन | निर्दिष्ट प्रश्नको विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | |
| प्रश्न निर्माण र उत्तर पहिचान | निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गरी उत्तर पहिचान गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै छोटो कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् र आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**तार्किक उत्तर लेखन**

(अ) तार्किक उत्तर लेखन तरिकाबारे पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् । एक दुई जना विद्यार्थीलाई तार्किक उत्तर लेख्दा ध्यान दिनुपर्ने विषयमा पुनरावृत्ति गर्न लगाउनुहोस् ।

(आ) पाठ्य निबन्ध अभ्यासमा रहेको तार्किक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी आवश्यक उत्तरका बुँदा मनन गर्न लगाउनुहोस् ।

(इ) कुनै विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन फरक फरक बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न लगाई लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) विद्यार्थीलाई एउटै विचारप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाउनुहोस् । तार्किक प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् र शिक्षकले तयार गरी ल्याएका तार्किक उत्तर लेखनका नियमसम्बद्ध बुँदा पनि प्रदर्शन गरी सहजीकरण गर्नुहोस् । जस्तै :

**तार्किक उत्तर लेखनमा ध्यान दिनुपर्ने पक्ष**

- सम्बन्धित पाठभित्रको कुनै घटना, पात्र, परिवेश, समस्या आदिका बारेमा विद्यार्थीले आफ्नो विचार दिई तर्कले पुष्टि गर्नुपर्ने गरी सोधिने प्रश्नलाई तार्किक प्रश्न भनिन्छ ।
- यो पनि सङ्क्षिप्त उत्तरकै एउटा प्रकार हो । यसमा पनि छोटा लामा तीन अनुच्छेद हुनु राम्रो मानिन्छ ।
- सुरुको अनुच्छेदमा सम्बन्धित प्रश्नले उठाएको समस्या र त्यसप्रति आफ्नो सहमति वा असहमतिको स्थापना गरिन्छ ।
- दोस्रो अनुच्छेदमा तर्कहित विचारको पुष्टि गरेपछि तेस्रो अनुच्छेदमा सङ्क्षिप्त निष्कर्ष प्रस्तुत गर्नुपर्छ ।
- तार्किक प्रश्नको उत्तर लेख्नु अघि प्रश्न राम्ररी पढेर गहिरोसँग मनन गर्नुपर्छ ।
- यस्ता प्रश्नको उत्तर लेख्दा लेखकको परिचय विस्तृत रूपमा लेख्नतिर नलागी एउटै वाक्यमा लेखकको नाम एवम् प्रमुख विशेषतालाई धेरै छोटो रूपमा उल्लेख गरेर विषय प्रवेश गरिहाल्नु राम्रो हुन्छ ।
- त्यसपछि प्रश्नमा सङ्केत गरिएको समस्यालाई एकदुई वाक्यमा खुलाएर त्यसप्रति आफ्नो विचार के हो सोको स्थापना गर्नुपर्छ ।
- कुनै कार्य, पात्र वा प्रसङ्गमाथि आफ्नो सामान्य प्रतिक्रिया व्यक्त गरिसकेपछि त्यसलाई पाठभित्रका उदाहरण, सम्भावित परिणाम, मौलिक तर्क, विवेक र ज्ञानका आधारमा पुष्टि गर्नुपर्छ ।
- यस्ता उत्तरमा आफ्नो विचारलाई पुष्टि गर्ने तर्कको मौलिकता, प्रस्तुतिको सहजता, चिन्तनको गहिराइ र सिर्जनात्मकता अपेक्षित हुन्छन् ।
- त्यसैले तार्किक शिल्पका प्रश्नको उत्तर लेख्दा तौली तौली विचारको स्थापना गर्न सचेत रहनुपर्छ ।

(उ) पाठ्य निबन्धको बोध तथा अभिव्यक्तिखण्डको क्रियाकलाप ९ का आधारमा तार्किक वैचारिक मन्थन गरी उत्तर लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीका कार्यको अवलोकन गरी सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई प्रस्तुत गर्न लगाएर अन्त्यमा शिक्षकले तयार गरी ल्याएको तार्किक उत्तरको नमुनासमेत प्रदर्शन गरी आवश्यक सबलीकरण गर्नुहोस् ।

## समीक्षात्मक उत्तर लेखन

(अ) विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गर्नुहोस् र पूर्व ज्ञानका आधारमा समीक्षा गर्दा ध्यान दिनुपर्ने विषयमा छलफल गर्नुहोस् ।

(आ) पाठ्य निबन्धको समीक्षात्मक उत्तर लेखनका लागि छुटाउनै नहुने मुख्य मुख्य विषयवस्तु के हुन सक्छन् भनी अनुमान गर्न लगाउनुहोस् र छलफल गराउनुहोस् ।

(इ) निबन्धको विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन गर्दा परिचय, विषयवस्तु, सकारात्मक पक्ष, नकारात्मक पक्ष, सीमा, महत्त्व, फाइदा, बेफाइदा, वर्तमान स्थिति, सुधार गर्नुपर्ने पक्ष, निबन्धको ढाँचा, भाषाशैली र प्रस्तुतीकरण तथा संरचनाबारे थप छलफल गर्नुहोस् ।

(ई) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । साथी साथी मिलेर पाठमा व्यक्त परिचय, उपचार पद्धतिको प्रकार, तरिका, फाइदा, बेफाइदा, महत्त्व, यसप्रति बढ्दै गएको जनचासो र निष्कर्षबारे टिपोट गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षक आफूले टिपोट गरेर लगेका समीक्षात्मक उत्तर लेखनका बुँदाहरू प्रदर्शन गरी थप छलफल गराउनुहोस् । तिनै बुँदालाई समेटेर लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् र शिक्षकले तयार पारी लगेको समीक्षात्मक उत्तरको नमुना पनि प्रदर्शन गर्नुहोस् । जस्तै :

**आधुनिक चिकित्सा पद्धतिका सकारात्मक र नकारात्मक पक्षबारे समीक्षा गर्नुहोस् ।**

चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा शीर्षकको निबन्धमा आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिका बारेमा विश्लेषण गरिएको छ । चिकित्सा विज्ञानमा एलोप्याथिक चिकित्सा र आयुर्वेद चिकित्सा दुई किसिमका उपचार पद्धति बढी प्रयोगमा छन् । एलोप्याथिक उपचार पद्धति हाल सर्वाधिक र लोकप्रिय चिकित्सा पद्धति हो । यसलाई आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा समेत चिनिन्छ । आधुनिक चिकित्सा पद्धति लोकप्रिय भए पनि यस उपचार पद्धतिका सकारात्मक सँगसँगै नकारात्मक पक्ष पनि रहेका छन् ।

आधुनिक चिकित्सा पद्धतिमा रोग निको पार्नका लागि सुरूमै रोग घटाउने औषधी दिइन्छ र रोग छिटो सन्चो हुन्छ । यस उपचार पद्धतिमा विशेषज्ञ डाक्टर र औषधी सजिलै उपलब्ध हुन्छन् । मेडिकल काउन्सिल र औषधी व्यवस्था विभागबाट स्वीकृत लिएर मात्र उपचार गर्न पाइने भएकाले यसको सङ्गठन बलियो छ । दुर्घटनामा परी अङ्गभङ्ग भएको साथै एपेन्डिसाइटिस, हृदयाघात, पक्षाघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचार, सघन उपचार आदिमा राखेर गरिने उपचारमा आधुनिक चिकित्सा पद्धतिकै सहयोग लिनुपर्ने हुन्छ । उसरी आपतकालीन अवस्थामा गरिने एलोप्याथी औषधी उपचार धेरै प्रभावकारी सावित भएको छ । शल्यक्रियाबाट गम्भीर रोग निको पारिन्छ । प्रविधि र उपकरण समय समयमा अद्यावधिक गरिने भएकाले उपचार सहज एवम् प्रभावकारी भएको छ । आधनिक उपचार पद्धतिमा साना ठुला सबै रोग निको पार्न प्रभावकारी उपचार हुन्छ । ठुलो रोग लाग्नु अगाडि नै त्यसलाई रोक्न खोपको व्यवस्था रहेको छ ।

गम्भीर प्रकृति र आकस्मिक बिरामीहरूको आधुनिक चिकित्सा पद्धतिबाट नै प्रभावकारी उपचार भई बिरामीको ज्यान बच्न सक्छ जुन आधुनिक चिकित्सा पद्धतिका सकारात्मक पक्षहरू हुन् । आयुर्वेदिक उपचार पद्धतिका यति धेरै सकारात्मक पक्ष हुँदाहुँदै पनि केही नकारात्मक पक्ष पनि रहेका छन् । आधुनिक चिकित्सा पद्धतिमा दक्ष जनशक्तिको अभाव देखिन्छ । बिरामीको औषधीउपचार गर्दा एलोप्याथिक औषधीका पार्श्वप्रभाव वा नकारात्मक असरहरू देखिन्छन् । यस उपचार पद्धतिमा औषधी एवम् उपचार खर्च महँगो भएकाले सर्वसाधारण गरिब वर्गका नागरिकको पहुँचभन्दा बाहिर रहेको छ । एलोप्याथिक औषधी दुरूपयोग भएमा घातकसमेत हुन्छ । दीर्घकालीन रोगहरूको उपचारका क्रममा औषधीको मात्रा थप गर्नुपर्ने भएकाले रोग जटिल बन्दै जाने धन र जन दुबै क्षति हुने अवस्था पनि आउन सक्छ । औषधीको मात्रा धेरै प्रयोग गर्दा थप अरू रोग थपिने सम्भावना पनि हुने जस्ता नकारात्मक पक्षहरू पनि आधुनिक चिकित्सा पद्धतिमा रहेका छन् ।

वर्तमान समयमा सर्वाधिक लोकप्रिय आधुनिक चिकित्सा पद्धतिका सकारात्मकसँगै नकारात्मक पक्ष पनि प्रशस्तै रहेका देखिन्छन् । चिकित्सा क्षेत्रमा आयुर्वेदलगायत विभिन्न उपचार पद्धति भए पनि गम्भीर प्रकृति र आकस्मिक उपचार गर्नुपर्ने बिरामीले भने एलोप्याथी एवम् आधुनिक चिकित्सा पद्धतिको भर नगरी सुख छैन । रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै सर्वोत्तम उपाय हो । तसर्थ रोग लागेर उपचार गर्नुभन्दा शरीरको रोगप्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्नु नै बुद्धिमानी हो ।

(ऊ) उक्त नमुनाकै आधारमा विद्यार्थीले तयार गरेका बुँदालाई समेटी समीक्षात्मक उत्तर लेख्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

(ऋ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीले प्रस्तुत गरेका उत्तरको मूल्याङ्कन गरी थपघट गर्नुपर्ने भए आवश्यक सुझाव दिई थप सबलीकरण गराउनुहोस् ।

**प्रश्न निर्माण उत्तर पहिचान**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १२ मा तोकिएको अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् र विद्यार्थी समूहमा छलफल गराउनुहोस् ।

(आ) शिक्षकले कुनै अनुच्छेदबाट निर्माण गरेको प्रश्न नमुना प्रस्तुत गर्नुहोस् । जस्तै :

(क) आधुनिक चिकित्सा पद्धतिका सीमा के के हुन् ?

(ख) यो अनुच्छेदको मूल सन्देश के हो ?

(इ) विद्यार्थीलाई अर्को अनुच्छेदबाट विषयवस्तुको पहिचान, अनुमान, निष्कर्ष आदिमा आधारित भएर कम्तीमा तीन प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

(ई) एक समूहले निर्माण गरेका प्रश्नको उत्तर एक अर्को समूहलाई भन्न लगाउनुहोस् र विद्यार्थीले सही उत्तर दिए नदिएको अवलोकन गर्नुहोस् ।

(उ) प्रश्नोत्तर र छलफल सकिएपछि विद्यार्थीलाई प्रश्नको उत्तर लेख्न लगाउनुहोस् र प्रस्तुतीकरण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) तपाइँ आयुवेदिक उपचार पद्धति र आधुनिक चिकित्सा मध्ये कुनमा बढी विश्वास गर्नुहुन्छ, किन ? मौखिक तर्क दिन लगाउनुहोस् ।

(ख) एलोपेथिक र आयुर्वेदिक उपचार पद्धतिमा के के फरक छ ? समीक्षा गर्न लगाउनुहोस् ।

(ग) पाठको पाँचौँ अनुच्छेदबाट पाँचओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बुँदा टिपोट र सारांश लेखन | निर्दिष्ट अनुच्छेदबाट बुँदा टिपोट गरी सारांश लेख्न | • बुँदा टिपोटको नमुना<br>• सारांशको नमुना<br>• अनुच्छेद लेखन नमुना<br>• अदृष्टांश बोध अनुच्छेदको नमुना<br>• उत्तरको ढाँचा |
| अनुच्छेद लेखन | निर्दिष्ट विषय शीर्षकमा अनुच्छेद रचना गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदबाट प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षामा विद्यार्थीलाई आँखा बन्द गर्न लगाई तीन पटकसम्म लामो लामो सास तान्दै छोड्दै गर्न लगाउनुहोस् र दुवै हत्केला रगडी तातो हातले आँखा सेक्न लगाई पढाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बुँदा टिपोट र सारांश लेखन**

(अ) विद्यार्थीलाई समूहगत विभाजन गराएपछि पूर्वज्ञानका आधारमा बुँदा टिपोट र सारांश लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

(आ) समूहका कुनै विद्यार्थीलाई छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा आफूले लगेका बुँदालाई प्रदर्शन गराई विद्यार्थीमार्फत पठन गर्न लगाउनुहोस् वा मौन पठन गराएर विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ को निर्देशानुसार पाठको पहिलो अनुच्छेद मौन पठन गरी चारओटा बुँदा टिपोट गर्न १० मिनेटको समय दिनुहोस् । प्रत्येक समूहमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीका समूहले निर्धारित समयमा बुँदा टिपोट गरिसकेपछि बुँदाका आधारमा सारांश लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले सारांश लेखनको एउटा नमुना पनि प्रदर्शन गरी सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थी समूहले सारांश लेखिसकेपछि प्रत्येक समूहका कुनै सदस्य वा टोली नेतालाई बुँदा र सारांश प्रस्तुत गर्न र अन्य समूहलाई सुन्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) अन्य विद्यार्थीलाई साथीको प्रस्तुतिपछि प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**अनुच्छेद लेखन**

(अ) कुनै शीर्षकमा शिक्षकले तयार पारेको कुनै अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । जस्तै :

**भाषाशैली**

कुनै पनि भाव अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति काम गराइको ढाँचा, परिपाटी, छाटकाट आदिलाई नै शैली भनिन्छ । हुन त शैली एक साधन मात्र हो तर सबै साहित्यिक कृतिमा शैलीको महत्त्व हुन्छ । भाषाको स्वाभाविक सुन्दरता, सशक्तता, साहित्यिक उच्चता र लेखकको योग्यताबाट शैलीको जन्म हुन्छ । जबसम्म कुनै वैशिष्ट्य आउँदैन, त्यसलाई भाषाशैली भन्न सकिँदैन । शैली विज्ञानले कुनै रचनाकारको विशिष्ट रचना, कौशल वा अभिव्यक्तिलाई शैली मान्छ । शाब्दिक प्रयोग र भाषिक उच्चताका दृष्टिले शैली सरल र अलङ्कृत गरी दुई प्रकारका हुन्छन् । यस्तै शैलीलाई वर्णनात्मक, आत्मकथनात्मक, हास्यमय व्यङ्ग्यमय आदिमा विभाजन गरेको पाइन्छ । शैली रचनाकारको व्यक्तित्वको परिचायक भएकाले व्यक्तिपिच्छे फरक हुन्छ । शैलीले सामान्य भाषाको विचलन गरी विशिष्टता प्रदान गर्छ भने शैली सौन्दर्यबोधक तत्त्व पनि हो । त्यसैले बोलचालको सामान्य भाषामा विचलन देखापरेपछि त्यो विचलित अभिव्यक्ति नै रचनाको शैली बनेको हुन्छ ।

(आ) प्रदर्शित अनुच्छेदको शीर्षक र पहिलो वाक्य पहिचान गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले भनेका पहिलो वाक्यको आशय त्यस अनुच्छेदको मुख्य आशय हो वा होइन भन्नेबारे छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष स्वस्फूर्त सुनाउने अवसर दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) शिक्षकले बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा दिइएको शीर्षक प्रदर्शन गर्नुहोस् ।

अनुच्छेद लेखनका विधि र प्रक्रियाबारे समूहमा छलफल गराउनुहोस्, जस्तै :

- सबैभन्दा माथि दिइएको शीर्षक राखी एक अनुच्छेद मात्र लेख्ने
- शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई शीर्ष वाक्यका रूपमा लेख्ने
- वस्तुपरक अनुच्छेद लेख्दा निर्देशित वस्तुपरक शैली र त्यसको प्रक्रियालाई अवलम्बन गर्ने
- म, हामी र मेरा हाम्रा जस्ता पद वस्तुपरक अनुच्छेदमा नराख्ने
- लेखनलाई स्पष्ट, क्रमबद्ध र पूर्ण बनाउने
- अन्तिममा निष्कर्ष वाक्य लेख्ने

(उ) दिइएको शीर्षकमा आधारित भएर अनुच्छेद लेखनका बारेमा मुख्य मुख्य विषयवस्तु टिपोट गर्न निर्देशन दिनुहोस् ।

(ऊ) विद्यार्थीले टिपोट गरेका विषयवस्तुलाई संयोजन गरी अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

(ऋ) लेखन कार्य सकिएपछि विद्यार्थीलाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । राम्रो अनुच्छेद रचना गर्ने विद्यार्थीको प्रशंसा गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्याथीलाई समूहमा विभाजन गरी बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गनुहोस् र अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई पाठका अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(इ) यस क्रममा पाठ्य अंशमा प्रयुक्त उपसर्ग र प्रत्यय लागेर बनेका शब्द तथा कृदन्त र तद्धितान्त शब्दको ख्याल गरेर पढ्न सुझाउनुहोस् र पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् । यस्तै, पाठ्यांशमा प्रयुक्त ह्रस्व उकार प्रयोग भएका शब्द पनि ख्याल गरेर पढ्न लगाउनुहोस् ।

(ई) विद्याथीलाई बोधात्मक प्रश्नोत्तरको उत्तर भन्दा वा लेख्दा सकेसम्म एक वाक्यको छोटो र स्पष्ट हुनुपर्छ भनी बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको प्रश्नसूची तथा नमुना उत्तर प्रस्तुत गर्नुहोस् । यसको अभ्यासका लागि पाठ्यपुस्तकका प्रश्नको उपयोग गर्नुहोस् ।

(उ) विद्यार्थीलाई समूहगत रूपमा पालैपालो बोध प्रश्न सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) फरक फरक समूहबाट आएका उत्तरलाई तुलना गरेर उत्कृष्ट उत्तर भन्ने समूहलाई स्याबासी दिनुहोस् ।

(ऋ) विद्यार्थीको बोध क्षमता र उत्तरको अवस्था हेरी आवश्यकताअनुसार थप सहजीकरण गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको दोस्रो अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्न लगाउनुहोस् ।

(ख) 'सामाजिक मेलमिलाप' शीर्षकमा १०० शब्दसम्मको अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| श्रुतिबोध (सुनाइ पाठ ३) | सुनाइ पाठ ३ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • प्रश्नको चार्ट वा स्लाइड<br>• सुनाइ पाठ ३ को श्रव्य सामग्री<br>• प्रश्नोत्तरको नमुना<br>• कारण र प्रभावसम्बन्धी भाषिक सञ्चारबारे श्रव्य सामग्री वा दृश्य सामग्री |
| भाषिक प्रकार्य | कारण र प्रभावसँग सम्बन्धित विषयमा आधारित रही मौलिक भाषिक सञ्चार गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थी आफूले कुनै तोकिएको शीर्षकमा कहिल्यै हाउभाउ र अभिनयसहित कुनै कुरा कुनै समारोह वा उत्सवमा मौखिक रूपमा प्रस्तुत गरेका छन् वा छैनन् सोध्नुहोस् र पढूँपढूँ लाग्ने वातावरण बनाउनुहोस् । उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुको उठान गर्दै आजको कक्षामा प्रस्तुत हुने व्याख्या, अनुच्छेद लेखन तथा बुँदा टिपोट र सारांश लेखनबारेमा सङ्क्षेपमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**श्रुतिबोध**

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयमले पठन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै सामग्री सुनाउनुहोस् । सुनेका पाठ आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) सुनाइ पाठ ३ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइ पाठका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ का प्रश्न स्लाइड वा चार्टपेपरमा प्रदर्शन गरी समूहमा छलफल गराउनुहोस् । विद्यार्थीलाई इमानसिंह चेमजोमको भाषा र संस्कृति प्रेमबारे छलफल गर्न प्रोत्साहित गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न प्रश्नसूचीमा रहेका प्रश्नको उत्तर दिन थप अभ्यास गराउनुहोस् । यसका लागि नमुना उत्तरसहित थप पृष्ठपोषण दिनुहोस् ।

**भाषिक प्रकार्य**

(अ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मौन पठन गर्न अभिप्रेरित गर्नुहोस् ।

(आ) चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहभित्र छलफल गरेर धारणा बनाउन उत्प्रेरित गर्नुहोस् । विद्यार्थीलाई कारण र प्रभावसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् र यसको धारणा स्पष्ट पारिदिनुहोस् । कारण र प्रभाव भनेको कुनै पनि काम वा घटनाको आधार र त्यसको सकारात्मक वा नकारात्मक असर हो भन्ने कुरा जानकारी गराउँदै कारण र प्रभावसम्बन्धी भाषिक प्रकार्य प्रस्तुतिका क्रममा उचित चेष्टा, हाउभाउसहित भावानुकूल, शिष्ट र मर्यादित भाषाको प्रयोग गर्नुपर्ने विषयमा सचेत हुन सिकाउनुहोस्

(इ) शिक्षकले कारण र प्रभावसम्बन्धी विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस्, जस्तै :

**वायुप्रदूषण मेरो उमेरको शत्रु**

आदरणीय शिक्षक महोदय एवम मेरा प्यारा मित्रहरू ! आज मैले भोगेको र अनुभूति गरेको र एउटा गम्भीर कुरो तपाईंलाई सुनाउँदै छु । त्यो कुरो के हो भने वायुप्रदूषणको कारण र त्यसको घातक प्रभावबाट आज मेरो उमेर घटिरहेको रहेछ । साथीहरू कुरो के भने सहर तीनदिनदेखि धुलो र धुवाँले धुम्मिएको थियो । म त्यस वेला मास्क नलगाई साथीभाइसँग दिनभरि घुमेँ । यसरी पैदल हिँड्दा शारीरिक व्यायाममार्फत् मेरो स्वास्थ्य राम्रो होला भन्ने सोच थियो । तर मलाई अर्को दिनदेखि एक्कासि खोकी लागेर अस्पताल गएँ । डाक्टरले छातीको एक्सरे लिन भन्नुभयो र एक्सरेको रिपोर्ट हेरेर भन्नु भयो, 'तपाईंको फोक्सोमा निकै फोहोर जमेको छ । विगत तीनदिनदेखि यो सहरमा निकै वायुप्रदूषण थियो । तपाईं बाहिर निस्कनुभएको थियो र ? मैले हो भनेँ । त्यसपछि डाक्टरले जे भन्नुभयो त्यसले त मेरो सातो नै गयो ।

मानिस बाँचेको प्रमाण भनेको उसले सास फेर्नु हो मैले फेर्ने सास र मैले लिने हावा मेरो कारणले भन्दा अरूकै कारणले प्रदूषित छ । घुम्नु मेरो दोष थिएन तर मैले बाँच्नका लागि लिएको सासमा मेरो आयु घटाउने गरी प्रदूषित हावाको पुलिन्दा मेरो फोक्सोमा कसले र किन पठाइरहेछ ? म गम्भीर छु साथीहरू !

प्रदूषण बाहिर मात्र छैन ! यहाँ घर घरमा प्रदूषण छ । मैले घरमा कम्पाउन्ड लगाएर कुकुरदेखि सावधान भन्ने साइनबोर्ड गेटमा झुन्ड्याएको छु । मेरो घरमा मानिस त कुकुरको डरले आउँदैनन् तर बाँच्नका लागि मैले फेरेको सासबाट प्रदूषण पठाइ मेरो जीवन छोट्याउने कर्तुत गर्ने बदमास चाहिँ हावासँगै सुटुक्क घरभित्र छिर्छ । त्यो मैले बाँच्नका लागि पलपलमा फेर्ने साससँगै मेरो फोक्सोमा जान्छ र मेरो सुकिलो फोक्सोमा मैलो साम्राज्य जमाउँछ । त्यो दूषित हावा अनेकौँ प्रदूषण लिएर छातीमा छिर्छ, अनेकौँ रोग लिएर छिर्छ र मैले लामो समय बाँचेर समाजका लागि केही गरौँला भन्ने मेरो सपनालाई भाँच्न तम्सिन्छ ।

म बाटामा उभिएको हुन्छु, स्कुटर हुइँकिँदै आउँछ र मेरै नाकबाट प्रदूषण फोक्सोमा पठाउँछ । उद्योगधन्दा र कलकारखानाले उत्सर्जन गर्ने प्रदूषण पनि हावा हुँदै मेरो फोक्सोमा पुग्छ । डोजरले विकासका नाममा धुलो उडाएर मेरै फोक्सो उडाइरहेछ । अब के गर्ने तपाईं नै भन्नुहोस् ! म अब गर्न त केही सक्दिन तर प्रदूषण बढी भएको समयमा बाहिर ननिस्कन सक्छु । मास्क लगाएर निस्कन सक्छु । कम प्रदूषण भएका वेला निस्कन सक्छु । आउ साथीहरू हो ! जनचेतना जगाउँ र मानिसको आयुको महाबैरी वायुप्रदूषणको डरलाग्दो मन्दविषबाट मानव जातिको अस्तित्व बचाऔँ ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको सन्दर्भ बुझेर हाउभाउसहित पालैपालो कारण र प्रभावसम्बन्धी आफ्ना विचारलाई मौखिक प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीले आफना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गर्नुहोस् र प्रस्तुत गरेका विषयवस्तुमा कारण र प्रभाव झल्किएको छ वा छैन भन्ने मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) भाषिक व्यवहारमा कमजोर देखिएका विद्यार्थीलाई थप अवसर प्रदान गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) सुनाइ पाठ ३ मा आधारित निम्नानुसार प्रश्नोत्तर गराउनुहोस् ।

(अ) इमानसिंह चेम्जोङले केलाई पुनर्जागृत गर्ने काम गरे ?

(आ) चेम्जोङ कुन क्षेत्रमा समर्पित रहे ?

(ख) वातावरणीय विनाशका कारण उत्पन्न समस्याका विषयमा कारण र प्रभावसम्बन्धी विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| उपसर्ग पहिचान र शब्द निर्माण | निर्दिष्ट अनुच्छेदमा आधारित रही उपसर्ग पहिचान गर्न र दिइएका उपसर्गबाट शब्द निर्माण गर्न | • उपसर्ग लागेका शब्दसूची र उपसर्गसूची<br>• प्रत्यय लागेका शब्दसूची र प्रत्ययसूची<br>• शब्दको आदि, अध्य र अन्त्यमा ह्रस्व उकार प्रयोग भएका शब्दसूची |
| प्रत्यय र शब्द निर्माण | निर्दिष्ट अनुच्छेदमा आधारित रही प्रत्यय पहिचान गर्न र दिइएका प्रत्ययबाट शब्द निर्माण गर्न | |
| ह्रस्व उकार पहिचान र प्रयोग (वर्णविन्यास) | निर्दिष्ट पाठ र प्रश्नमा आधारित रही शब्दको सुरु, बिच र अन्त्यका ह्रस्व उकार पहिचान र प्रयोग गर्न | |
| समाचार श्रवण, पठन तथा प्रस्तुति (परियोजना कार्य) | समाचार श्रवण, पठन तथा प्रस्तुति गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै छोटो कथा सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् र आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**उपसर्ग पहिचान र शब्द निर्माण**

(अ)  विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र दिइएको कथा कथाबाट उपसर्ग निर्मित शब्द पहिचान गर्न लगाएर छलफल चलाउनुहोस् र यसको अवधारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

## उपसर्ग र प्रत्ययबारेको कथा

उपसर्ग र प्रत्ययको चौतारमा भेट भयो । उपसर्गले प्रत्ययसँग भन्यो हेलो । म उपसर्ग । म शब्दको अगाडि पट्टि बसेर शब्दलाई नयाँ बनाउने काम गर्छु । प्रत्ययले भन्यो, ए हो । म प्रत्यय हुँ, म शब्दको पछाडि बसेर नयाँ शब्द बनाउने काम गर्छु । ओहो ! हाम्रो अहिलेसम्म चिनजानै भएको रहेनछ है । एउटै कार्यालय रहेछ नि हाम्रो त । ल जाऊ त अब हाम्रो शब्द कार्यालयतिर ।

उपसर्गले भन्यो हिँड्नुस् हजुर ।

प्रत्ययले भन्यो होइन हजुर अगि हिँड्नुस् हजुर त शब्दको अगि लाग्ने हुनुहुन्छ क्यार ।

त्यसपछि उपसर्ग अगि अगि र प्रत्यय पछि पछि हिँडे ।

(आ)  अनुच्छेद स्लाइड वा चार्टमा दिइएका शब्द प्रस्तुत गरी उपसर्ग शब्द पहिचान र उपसर्गबाट शब्द निर्माण गर्ने प्रक्रियाका बारेमा छलफल गराउनुहोस्, जस्तै :

| **उपसर्ग** | **निर्माण प्रक्रिया** | **निर्मित शब्द** |
|---|---|---|
| अ | अ + काल | अकाल |
| अन | अन + मोल | अनमोल |
| कु | कु + काठ | कुकाठ |
| बि | बि + जोर | बिजोर |
| गैर | गैर + जिम्मेवार | गैरजिम्मेवार |
| बद | बद + नाम | बदनाम |
| अधि | अधि + नायक | अधिनायक |
| अनु | अनु + मान | अनुमान |
| अभि | अभि + मत | अभिमत |
| अति | अति + रिक्त | अतिरिक्त |
| अव | अव + सान | अवसान |
| अप | अप + मान | अपमान |
| आ | आ + वरण | आवरण |
| उप | उप + हार | उपहार |

उत्           उत् ं प्रेरणा           उत्प्रेरणा

(इ) भाषिक संरचना र वर्णविन्यास अभ्यास १ मा दिइएको अनुच्छेद कक्षामा स्लाइड वा अनुच्छेदपत्तीबाट प्रदर्शन गर्नुहोस् ।

(ई) अनुच्चछेदबाट उपसर्ग लागेर बनेका शब्द पहिचान गर्न लगाई शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् । उपसर्ग लागेर बनेका शब्द विद्यार्थीले पहिचान गर्न सके नसकेको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डका क्रियाकलाप २ का उपसर्ग शब्दको सूची स्लाइड वा चार्टपेपरमा प्रदर्शन गरी छलफल गरेर ती उपसर्गबाट एक एकओटा शब्द निर्माण गर्न प्रेरित गर्नुहोस् । विद्यार्थीलाई शब्द निर्माणमा समस्या भए आवश्यक सहजीकरण गर्नुहोस् ।

**प्रत्यय पहिचान र शब्द निर्माण**

(अ) विद्यार्थीका समूहमा प्रत्ययका बारेमा छलफल चलाउनुहोस् । अनुच्छेद स्लाइड वा चार्टमा प्रस्तुत गरी प्रत्यय लागेर बनेका शब्द पहिचान गर्न लगाउनुहोस् । जस्तै :

बनावट, पुर्बेली, घमाइलो, माननीय आदि ।

(आ) प्रत्यय लागेर बनेका यस्तै प्रकृतिका अन्य शब्द भन्न लगाई शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् । प्रत्यय लागेर बनेका शब्द विद्यार्थीले भन्न सकेको नसकेको मूल्याङ्कन गरी आवश्यक सहयोग गर्नुहोस् ।

(इ) शिक्षकले तयार पारेको प्रत्यय लागेर बनेका शब्द प्रयोग भएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र छलफल चलाई प्रत्यय पहिचान र निर्माण प्रक्रियासम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ३ र ४ मा दिइएका अभ्यास प्रस्तुत गरी प्रत्यय निर्मित शब्द पहिचान र दिइएका प्रत्ययबाट शब्द निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) यसैगरी भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ५ मा निर्देश गरिएको अनुच्छेद प्रदर्शन गरी पाठबाट उपसर्ग र प्रत्यय लागेका शब्द टिपोट गर्न निर्देशन दिनुहोस् । टिपोट गरिएका शब्दबाट मूल वा आधारपद र उपसर्ग वा प्रत्यय छुट्याउन लगाउनुहोस् । प्रस्तुतिको अवसर दिई मिले नमिलेको विद्यार्थीलाई नै मूल्याङ्कन गर्न लगाई थप सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्यार्थीबाट निर्मित शब्द प्रस्तुतीकरण गर्न लगाई अरू विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् ।

(ए) आली, आलु, आहा, इयार र इया प्रत्ययबाट बनेका शब्दको तालिका स्लाइड वा चार्टमा प्रस्तुत गर्नुहोस्, जस्तै : **प्रत्ययको तालिका**

आली : लेकाली, दङाली, कोर्काली

आलु : सिपालु, लयालु, मायालु, लजालु,

आहा : पिराहा, सुताहा, लुटाहा

इयार : होसियार, मतियार, अंशियार, सँधियार

इया : भित्रिया, बाहिरिया, सहरिया, बजारिया

(ऐ) यसै गरी अभ्यासमा दिइएका प्रत्ययबाट कसले एकभन्दा बढी शब्द बनाउन सक्छ भनी समूहमा प्रतिस्पर्धात्मक रूपमा लेख्न लगाउनुहोस् ।

(ओ) प्रतिस्पर्धात्मक रूपमा तयार पारेका प्रत्यय निर्मित शब्द कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक ठाउँमा शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(औ) अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औँल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**ह्रस्व उकार पहिचान र प्रयोग (वर्णविन्यास)**

(अ) 'क' 'ख' र 'ग' नाम राखेका टोकरी विद्यार्थीलाई दिनुहोस् ।

(आ) विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् र तिनका नाम सुरुमा ह्रस्व समूह, बिचमा ह्रस्व समूह र अन्त्यमा ह्रस्व समूह गरी विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् ।

(इ) सुरुमा ह्रस्व समूहले पाठभित्रका सुरुमा ह्रस्व भएका पाँचओटा शब्द कागजका टुक्रामा लेख्न लगाई **क** टोकरीमा हाल्न लगाउनुहोस् ।

(ई) बिचमा ह्रस्व समूहले पाठभित्रका शब्दका बिचमा ह्रस्व भएका पाँचओटा शब्द कागजका टुक्रामा लेख्न लगाई **ख** टोकरीमा हाल्न लगाउनुहोस् ।

(उ) अन्यमा ह्रस्व समूहले पाठभित्रका शब्दमा अन्त्यमा ह्रस्व भएका पाँचओटा शब्द कागजका टुक्रामा लेख्न लगाई **ग** टोकरीमा हाल्न लगाउनुहोस् ।

(ऊ) कक्षामा ती शब्दका बिच विद्यार्थीबिच छलफल चलाउनुहोस् र विद्यार्थीलाई आआफ्ना नाममा समेत ह्रस्व मात्रा लागेका भए कहाँ कहाँ लागेका छन् छलफल चलाउनुहोस् ।

(ऋ) भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ६ मा दिइएको अनुच्छेद कक्षामा स्लाइडद्वारा प्रदर्शन गर्नुहोस्, जस्तै :

**सुरुमा ह्रस्व उकार :** कुट्ने, सुख, खुसी, गुरुङ, मुकुन्दपुर, सुब्बा, गुरु, बुलेन्द्र, गुन्जमान, सुख, बुबा, हुनुहुन्छ, गुरागाइँ

**बिचमा ह्रस्व उकार :** विष्णुपुर, जमुना, घान्द्रुक, उखुबारी, बाबुराम, पृथुकुमार, राजुको, मधुको, ताप्लेजुङ, करुणा, श्यामुको

**अन्तिममा ह्रस्व उकार :** भिनाजु, मधु, राजु, गहुँ, सिपालु

(ए) विद्यार्थीलाई कुनै पत्रिका दिनुहोस् र पत्रिकामा लेखिएको समाचार हेरेर ह्रस्व उकार प्रयोग भएका शब्द टिपी कक्षामा प्रस्तुत गर्न प्रेरित गर्नुहोस् ।

**समाचार श्रवण, पठन तथा प्रस्तुति (सिर्जनात्मक कार्य)**

(अ) विद्यार्थीलाई समाचार सुन्नुभएको छ ? भनी प्रश्न गर्नुहोस् र समाचार सुन्दा हुने फाइदाका बारेमा छलफल गराउनुहोस् ।

(आ) रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि समाचारका मुख्य साधन भएको विषयमा थप जानकारी दिँदै विद्यार्थीले यस्ता कुन कुन माध्यमबाट समाचार सुनेका रहेछन् , जानकारी लिनुहोस् ।

(इ) विद्यार्थीलाई रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिबाट समाचार सुनी आफूलाई मन परेको समाचार टिपोट गरी ल्याउन निर्देशन दिनुहोस् । साथै, यसरी टिपोट गरी ल्याएको समाचार कक्षामा अर्को दिन प्रस्तुत गर्नुपर्ने विषयमा स्पष्ट पारिदिनुहोस् ।

३. **मूल्याङ्कन**

(क) **तलका उपसर्ग लगाएर शब्द निर्माण गर्न लगाउनुहोस् :**

प्र, परा, उप, सम्, निर्, बद, बे, निस्

(ख) **तलका उपसर्ग लगाएर शब्द निर्माण गर्न लगाउनुहोस् :**

ली, एली, ओट, अन, अनीय, मय

(ख) पाठको अन्तिम अनुच्छेदबाट दुईओटा उपसर्ग लागेका र दुईओटा प्रत्यय लागेका शब्द टिपी बनोट देखाउन लगाउनुहोस् ।

(ग) **पाठबाट शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार लागेका तीन तीन शब्द टिप्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| निबन्ध रचना (सिर्जनात्मक कार्य) | निर्दिष्ट प्रश्नमा आधारित रही निबन्ध लेख्न | • निबन्धको संरचना तालिका<br>• निबन्ध लेखनका बुँदाचार्ट<br>• निबन्धको नमुना<br>• सङ्कलित समाचारका नमुना |
| समाचार श्रवण, पठन तथा प्रस्तुति (परियोजना कार्य) | समाचार श्रवण, पठन तथा प्रस्तुति गर्न | |

**सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै विद्यार्थीलाई आफूले जानेको कथा सुनाउन लगाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**निबन्ध रचना (सिर्जनात्मक कार्य)**

(अ) नेपालका खोलानाला, हिमाल, पहाड र तराईको विविधताबारे रोचक वर्णन गर्दै विषयमा प्रवेश गर्नुहोस् । नेपालको प्रकृतिक विविधताका बारेमा राम्रो निबन्ध रचना गर्न सकिने कुरा विद्यार्थीलाई बताउनुहोस् वा देवकोटाले लेखेको 'के नेपाल सानो छ ?' निबन्धका प्राकृतिक विविधतासँग सम्बन्धित कुनै अनुच्छेद सुनाउनुहोस् ।

१. **निबन्धको आदि भाग : पहिलो अनुच्छेद**
यो निबन्धको सुरुको भाग हो । निबन्धको शीर्षक लेखेर त्यसभन्दा तल एक हरफ जति ठाउँ

खाली छोडेर पहिलो अनुच्छेद सुरु गरिन्छ । यसमा शीर्षकको शाब्दिक रूपमा परिचय, पृष्ठभूमि र विस्तार लगायत कुरा लेखिन्छन् । निबन्धको आदि भाग स्वरूप आउने पहिलो अनुच्छेद चित्ताकर्षक, पाठकलाई सहजै तानेर पाठमा खुसीसाथ प्रवेश गराउन सक्ने सामर्थ्यको हुनुपर्छ । यसले पाठकको मनलाई आन्दोलित गराउन र कुतूहलताको सिर्जना गर्न सक्नुपर्छ । आलङ्कारिक र प्रश्नात्मक कथनका रूपमा पनि निबन्धको थालनी प्रभावकारी बन्न सक्छ । निबन्धको प्रस्तुति आकर्षक ढङ्गले गर्नुपर्ने हुन्छ ।

२. **निबन्धको मध्य भाग : बिचका अनुच्छेद**

मध्य भाग निबन्धको मुख्य भाग हो । यस भागमा एक वा एकभन्दा बढी अनुच्छेद आउन सक्छन् । यस भागमा विषयसँग सम्बद्ध सूचना र तथ्यहरू तथा तिनीहरूप्रतिको धारणा सविस्तार प्रस्तुत गरिन्छ । सम्बन्धित विषयका गुण, दोष, शक्ति, सीमा एवम् तिनीहरूप्रतिको सहमति असहमति आदिलाई यस खण्डमा समावेश गरिन्छ । बिचको प्रत्येक अनुच्छेदमा एउटा शीर्ष वाक्य आउनु राम्रो मानिन्छ । प्रत्येक अनुच्छेदमा त्यस्तो शीर्ष वाक्यलाई समर्थन गर्ने कम्तीमा तीन चारओटा बुँदा समावेश गर्नुपर्ने हुन्छ । प्रत्येक सहयोगी बुँदाले शीर्ष वाक्यलाई र प्रत्येक शीर्ष वाक्यले पहिलो अनुच्छेदको सिद्धान्त कथनलाई टेवा पुऱ्याइरहेको हुनुपर्छ । बिचका अनुच्छेदमा यीबाहेक एउटा सारांश वाक्य पनि आउन सक्छ । तर यसलाई अनिवार्य चाहिँ मानिँदैन ।

३. **निबन्धको अन्त्य भाग : निष्कर्ष अनुच्छेद**

यो निबन्धको अन्तिम भाग हो । निबन्धको अन्तिम अनुच्छेदलाई निष्कर्ष अनुच्छेद बनाउनुपर्छ । यसमा मध्य भागमा आएका प्रत्येक अनुच्छेदको सार खिचिएको हुनुपर्छ । निष्कर्ष अनुच्छेद धेरै लामो हुनु हुँदैन र यसमा केही नयाँ कुरा थप्नु पनि परिहार्य हुन्छ । निष्कर्ष लेख्दा सामान्यतः सार कथनको प्रयोग गरिन्छ । निष्कर्ष पाठकलाई गाली गर्ने वा उपदेश दिने वा अभिमान प्रकट गर्ने खालको हुनु हुँदैन । यसमा निबन्ध पूरा भयो भन्ने अनुभूति गराउने सामर्थ्य रहनुपर्छ । निष्कर्ष अनुच्छेदको अन्तिम वाक्य संवेगात्मक प्रकृतिको अर्थात् पाठकको मन छोएर दीर्घ प्रभाव छोड्न सक्ने हुनुपर्छ ।

(आ) निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्षहरू (आदि, मध्य र अन्त्य) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे छलफल गराउनुहोस् । जस्तै :

(इ) शिक्षकले तयार पारेको लिखित निबन्धको नमुना प्रदर्शन गरी त्यस निबन्धमा रहेका परिचय, विषयवस्तुको मूल खण्ड, विषयवस्तुको गहनता, तार्किकता, तथ्य, भावना, विचार, भाषाशैलीका बारेमा छलफल गराउनुहोस् ।

(ई) शिक्षकले निबन्ध लेखनका लागि आफूले तयार पारी ल्याएका निबन्ध शीर्षकका सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीमाझ कुनै शीर्षक पस्कनुहोस् । निबन्ध लेखनका ढाँचा र शैलीका बारेमा छलफल गराउनुहोस् । निबन्धको शीर्षक बताउनुहोस् वा चार्टमा प्रदर्शन गर्नुहोस् । निबन्ध लेख्दा ध्यान दिनुपर्ने पक्षका बारेमा जानकारी गराउनुहोस् ।

- निबन्ध रचना गर्दा सर्वप्रथम लेखिने निबन्धको शीर्षकसँग सम्बन्धित विषयवस्तु सोचेर बुँदाका रूपमा टिपोट गर्नुपर्छ ।
- बुँदा टिपोट गर्दा आदि, मध्य र अन्त्य छुट्टाछुट्टै भागलाई खेस्राका रूपमा तयार गर्नुपर्छ ।
- यो क्रम निबन्ध लेखनमा अभ्यस्त नभएसम्म अपनाउनु राम्रो मानिन्छ ।
- निबन्ध लेखनमा विषयवस्तुको प्रस्तुतीकरण गर्दा वाक्य वाक्य वा अनुच्छेदका बिच सङ्गति मिलाउँदै शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गरी अन्तिम रूप दिनुपर्छ ।
- निबन्ध लेखन गर्दा तोकिएको शब्दमा नघटाई लेख्नुपर्छ ।

(उ) निश्चित समय तोकेर विद्यार्थीलाई निबन्ध लेख्न लगाउनुहोस् । आफूले विद्यार्थीसामु पुगेर अवलोकन गरी सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीले निबन्ध रचना गरिसकेपछि प्रतिनिधिमूलक रूपमा विद्यार्थीलाई प्रस्तुत गर्न लगाई अन्य अन्य विद्यार्थीलाई प्रस्तुत गरिएको निबन्धबारे प्रतिक्रिया दिन उत्साहित गर्नुहोस् ।

(ऋ) सबैको प्रस्तुति सकिएपछि अरू विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विद्यार्थीका प्रतिक्रियापछि कुनै विद्यार्थीको लेखनमा सुधार गर्नुपर्ने भएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ए) विद्यार्थीको प्रस्तुति र लेखनको मौखिक तथा लिखित परीक्षण गरी आवश्यक सवलीकरण र पृष्ठपोषण दिनुहोस् ।

**समाचार श्रवण, पठन तथा प्रस्तुति (परियोजना कार्य)**

(अ) सिर्जना र परियोजना कार्य २ मा रहेको प्रश्नअनुसार अगिल्लो दिनको गृहकार्यका आधारमा खोजेर ल्याएको कुनै समाचारको विषयवस्तु कक्षामा सुनाउन लगाउनुहोस् । यस क्रममा सर्वप्रथम शिक्षकले ल्याएको सामग्री प्रस्तुतीकरण गरी विद्यार्थीलाई पनि सोहीअनुसार गर्न निर्देश गर्नुहोस् ।

(आ) विद्यार्थीले प्रस्तुत गर्दा उनीहरूको प्रस्तुतीकरण शैली, भाव, शब्द आदिको अवलोकन गरी प्रतिक्रिया दिन कक्षाका साथीलाई लगाउनुहोस् । प्रस्तुतिसँगै ताली बजाएर हौसला दिन लगाउनुहोस् ।

(इ) सबै विद्यार्थीको प्रस्तुति सकिएपछि समग्रमा प्रतिक्रिया दिनुहोस् ।

(ई) विद्यार्थीका सकारात्मक पक्ष र त्रुटि क्षेत्र पहिल्याई थप सबलीकरण र पृष्ठपोषण दिएर आजको कक्षा समाप्त गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) **स्वच्छ पानी, स्वस्थ जीवन** शीर्षकमा निबन्ध लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

पाठ : ४

## यस्तो कहिल्यै नहोस्

**विधा : (रूपक) मनोवाद** **कार्यघण्टा : ८**

**परिचय**

'यस्तो कहिल्यै नहोस्' पाठ मनोवाद हो । 'मनोवाद' सामाजिक तथा व्यावहारिक अभिव्यक्तिमा आधारित रूपक विधाअन्तर्गत पर्छ । प्रयोजन र परिवेशअनुसार भाषाको प्रयोग गर्न सिकाउने उद्देश्यले **'यस्तो कहिल्यै नहोस्'** शीर्षकको मनोवाद यहाँ राखिएको हो । मनोवाद शिक्षणको मुख्य प्रयोजन विद्यार्थीमा संवेगात्मक अभिव्यक्तिको बोध क्षमतासहितको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । त्यसैले मनोवादात्मक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

**'यस्तो कहिल्यै नहोस्'** मनोवाद सहजीकरणका क्रममा बोध क्षमता अभिवृद्धिका लागि सस्वर तथा मौन पठन, संरचना बोध, पाठगत सन्दर्भ र विषयवस्तु बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । अभिव्यक्ति कौशल अभिवृद्धिका लागि प्रश्नोत्तर र विषयवस्तु बोध र संवेगात्मक प्रस्तुति, समीक्षात्मक लेखन, वर्णनात्मक अनुच्छेद लेखन, बुँदा टिपोट, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामै गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सामाजिक सञ्जालका क्षेत्रमा आधारित छलफल, मनोवादात्मक प्रस्तुति, संरचना पहिचान, सस्वर पठन, मौन पठन, सस्वर पठन र शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत लघुतावाची र समूहवाची शब्दको पहिचान र प्रयोग, सङ्क्षिप्त उत्तर लेखन, विषयवस्तु बोध र प्रतिक्रिया, समीक्षात्मक उत्तर लेखन, अनुच्छेद लेखन, बुँदा टिपोट व्यावहारिक सिप विकासका लागि विभिन्न प्रकारका फाराम भरण, विज्ञापन रचना आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र अनुभूतिसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत शब्दनिर्माणका समास र विग्रहको पहिचान र प्रयोग तथा द्वित्व प्रक्रिया, वर्णविन्यासअन्तर्गत दीर्घ ऊकार लागेका शब्दको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ ४ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ । यस्तै सिर्जना र परियोजना कार्यअन्तर्गत संवाद रचना र रजिस्ट्रेसन फाराम भरी प्रस्तुत गर्नुपर्ने अभ्यास राखिएको छ । यसबाट यस पाठका अभ्यास व्यावहारिक, खोजमूलक बन्न पुगेका छन् । शिक्षक साथीले यसको अभ्यास गराउँदा अभ्यासमूलक र खोजमूलक रूपमै गर्नु उपयुक्त हुने छ ।

## पाठ ४ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | दृश्यबोध र छलफल<br>सस्वर पठन र शब्दोच्चारण<br>(**अनुच्छेद १, २, ३ र ४**)<br>पाठगत शब्दार्थ र प्रयोग<br>संरचना र शैली पहिचान<br>बोधात्मक प्रश्नोत्तर | चित्र हेरेर छलफल गरी वर्णन गर्न<br>गति, यति, हाउभाउ, मात्रा, चिह्नको ख्याल गरेर शुद्धसँग सस्वर पठन गर्न<br>शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न<br>मनोवादको संरचना पहिचानसम्बन्धी प्रश्नको उत्तर दिन<br>निर्दिष्ट अंशबाट सोधिएका प्रश्नको उत्तर बताउन<br>भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | सूचना र प्रविधिका विभिन्न माध्यमहरूका तस्बिर<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• पाठ्यांशको स्लाइड वा चार्ट<br>• संरचनासम्बन्धी प्रश्नसूची<br>• बोधात्मक प्रश्नसूची | १ |
| **दोस्रो दिन** | सस्वर पठन र शब्दोच्चारण<br>(**अनुच्छेद ५, ६, ७ र ८**)<br>पाठगत शब्दार्थ र प्रयोग<br>बोधात्मक प्रश्नोत्तर | गति, यति, चिह्नको ख्याल गरी सस्वर पठन गर्न<br>अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>बोध प्रश्नको उत्तर दिन<br>भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | • पाठ्यांशको स्लाइड /पाठ्यपुस्तक<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती/स्लाइड<br>• प्रश्नोत्तर चार्ट / स्लाइड | १ |
| **तेस्रो दिन** | पाठगत शब्दार्थ<br>लघुतावाची तथा समूहवाची शब्द पहिचान र प्रयोग<br>टुक्का, पद तथा पदावलीको अर्थ बोध र प्रयोग<br>बोधात्मक प्रश्नोत्तर | शब्दको अर्थ बताएर जोडा मिलाउन<br>निर्दिष्ट अंशबाट लघुतावाची तथा समूहवाची शब्द पहिचान गरी प्रयोग गर्न<br>निर्दिष्ट टुक्का, पद तथा पदावलीको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>निर्दिष्ट पाठ्यांशबाट सोधिएका प्रश्नको उत्तर दिन | • शब्द र अर्थको तालिका<br>• लघुतावाची र समूहवाची शब्दका शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेद लेखिएको चार्ट | १ |
| **चौथो दिन** | घटना टिपोट<br>बोध र धारणा निर्माण<br>समीक्षात्मक उत्तर लेखन | पाठ पढी मुख्य मुख्य घटना टिपोट गर्न<br>निर्दिष्ट विषयवस्तुमा धारणा निर्माण गरी प्रस्तुति गर्न<br>विषयवस्तुको बोध गरी समीक्षात्मक उत्तर लेख्न | • अनुच्छेदको स्लाइड वा चार्ट<br>• प्रश्नोत्तर तालिका<br>• मुख्य मुख्य घटना टिपोट गरिएको तालिका<br>• सामाजिक सञ्जालका फाइदा र बेफाइदाका बुँदाको तालिका | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | • समीक्षाका लागि बुँदाको सूची | |
| **पाँचौँ दिन** | मनोवाद रचना<br>विज्ञापन लेखन<br>बोधात्मक प्रश्नोत्तर<br>बैङ्क भौचर भरण | निर्दिष्ट विषयमा मनोवाद रचना गर्न<br>निर्दिष्ट विषयमा विज्ञापन रचना गर्न<br>निर्दिष्ट अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन<br>भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न<br>बैङ्कमा रकम जम्मा गर्दा भरिने भौचर भर्न | • मनोवादको नमुना<br>• विज्ञापनको नमुना श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद चार्ट वा स्लाइड<br>• प्रश्नोत्तर चार्टहरू<br>• बैङ्क भौचरको नमुना | १ |
| **छैटौँ दिन** | भाषिक प्रकार्य<br>श्रुतिबोध (सुनाइ पाठ ४) | अनुभूतिसम्बन्धी भाषिक प्रकार्यलाई उपयुक्त भाषिक सञ्चारका साथ प्रस्तुत गर्न<br>सुनाइ पाठ ४ आधारमा सोधिएका प्रश्नको उत्तर बताउन | • भाषिक प्रकार्यसम्बन्धी अनुच्छेद, वृत्तचित्र, दृश्य सामग्री आदि<br>• सुनाइ पाठको श्रव्य सामग्री | १ |
| **सातौँ दिन** | समास र विग्रह<br>द्वित्व शब्दको पहिचान र प्रयोग<br>दीर्घ ऊकारको पहिचान र प्रयोग (वर्णविन्यास)<br>रजिस्ट्रेसन फाराम भरण (परियोजना कार्य) | समस्त शब्द पहिचान गरी प्रयोग गर्न र विग्रहित शब्द समूहलाई समास गरी समस्त शब्द बनाउन<br>द्वित्व शब्दको पहिचान गरी प्रयोग गर्न र द्वित्व प्रक्रियाबाट शब्द निर्माण गर्न<br>शब्दको आदि, मध्य र अन्त्यमा दीर्घ ऊकार प्रयोग भएका शब्दको पहिचान गरी प्रयोग गर्न<br>निर्दिष्ट विषयवस्तु बोध गरी प्रस्तुति दिन | • समास प्रक्रियाबाट निर्मित शब्द सूची<br>• द्वित्व प्रक्रियाबाट निर्मित शब्द सूची<br>• शब्दको आदि, मध्य र अन्त्यमा दीर्घ ऊकार प्रयोग भएका शब्दको सूची<br>• रजिस्ट्रेसन फाराम भरेको नमुना | १ |
| **आठौँ दिन** | संवाद लेखन (सिर्जनात्मक कार्य)<br>रजिस्ट्रेसन फाराम भरण (परियोजना कार्य) | दिइएको शीर्षकमा आधारित भई संवाद रचना गर्न<br>रजिस्ट्रेसन फाराम भरेर कक्षामा प्रस्तुत गर्न | • संवादको नमुना<br>• छोटो संवादात्मक दृश्य सामग्री<br>• रजिस्ट्रेसन फाराम भरेको नमुना | १ |
| | | **जम्मा कार्यघण्टा** | | ८ |

## पहिलो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| दृश्यबोध र छलफल | चित्र हेरेर छलफल गरी वर्णन गर्न | सूचना र प्रविधिका विभिन्न |

| | | |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण **(अनुच्छेद १, २, ३ र ४)** | गति, यति, हाउभाउ, मात्रा, चिह्नको ख्याल गरेर शुद्धसँग सस्वर पठन गर्न | माध्यमहरूका तस्बिर<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• पाठ्यांशको स्लाइड वा चार्ट<br>• संरचनासम्बन्धी प्रश्नसूची<br>• बोधात्मक प्रश्नसूची |
| पाठगत शब्दार्थ र प्रयोग | शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न | |
| संरचना र शैली पहिचान | मनोवादको संरचना पहिचानसम्बन्धी प्रश्नको उत्तर दिन | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अंशबाट सोधिएका प्रश्नको उत्तर बताउन<br>भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) मोबाइल, टेलिभिजन, रेडियो जस्ता सञ्चारका साधनबारे रोचक सन्दर्भ प्रस्तुत गरेर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) रूपक विधाका १, २ ओटा पुस्तक लगेर विद्यार्थीलाई यी कस्ता पुस्तक होलान्, तपाईंहरूले यस्ता पुस्तक अध्ययन गर्नुभएको छ वा छैन ? हाम्रो पुस्तकालयमा यस्ता पुस्तक छन् कि छैनन् भनी मस्तिष्क मन्थन गराउँदै पाठ्यवस्तुतर्फ आकर्षण गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**दृश्यबोध र छलफल**

(अ) कक्षाका केही विद्यार्थीलाई सामाजिक सञ्जालका फाइदा र बेफाइदासम्बन्धी विषयमा बोल्न लगाउनुहोस् । बोलेको विषयमा अन्य विद्यार्थीलाई प्रतिक्रिया दिन लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । सूचना र प्रविधिका विभिन्न माध्यमहरूका तस्बिर प्रोजेक्टर वा स्लाइड वा फलाटिन बोर्डका माध्यमले प्रस्तुत गर्नुहोस् र समूहमा ती सञ्चारका साधन र तिनको प्रयोग तथा उपयोगिता एवम् तिनका असरबारे छलफल गराएर बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् । आफूले प्रत्येक समूहमा पुगेर अवलोकन गर्नुहोस् ।

(इ) समूह छलफल सकिएपछि प्रत्येक समूहलाई छलफलको निष्कर्ष बताउन लगाउनुहोस् ।

(ई) आफूले तस्बिरमा देखिएका विषयबारे थप जानकारी दिँदै आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्याथीलाई पाठ्यपुस्तकको पाठ्य मनोवादसँग सम्बन्धित तस्बिर प्रदर्शन गरेर व्यक्तित्व विकासमा यिनको उपयोग र यसबाट हुन सक्ने नोक्सानी र दुर्घटनाबारे विशेष छलफल गराउनुहोस् । अन्त्यमा आफूले थप पृष्ठपोषण दिनुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) पाठको पहिलो अनुच्छेद प्रोजेक्टर वा स्लाइडमा प्रदर्शन गरी नमुना सस्वर पठन गरेर सुनाउनुहोस् ।

(आ) पाठका विभिन्न अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(इ) सस्वर पठन गर्ने क्रममा नयाँ तथा विद्यार्थीलाई उच्चारण गर्न कठिन लागेका तथा अर्थबोध गर्न जटिल शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र लेख्य चिह्नको ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण
गरिदिनुहोस् ।

(ई) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई पाठका उच्चारणमा अप्ठ्यारा शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र टिपोट गरिएका शब्दहरू विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । जस्तै :

विचित्र, सञ्जाल, व्यवहार, स्विकारिनस्, दुर्दशा, वायुपङ्खी, विवरणसिवरण

- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तै:
  सञ्जाल /सन्.जाल्/
  झल्यास्स /झ.ल्यास्.स/

(उ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऊ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ऋ) समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै सोधेर अर्थ पहिचान गर्न लगाउनुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(इ) शिक्षकले विकृति, जटिल, सङ्कट जस्ता शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी शब्दार्थ बोध गराउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

शब्द : सचेतना
अर्थ : सचेत बनाउने काम
वाक्यमा प्रयोग : प्रहरीले सर्वसाधारण जनताका लागि सचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै :
भण्डार, कुकर्म, धिक्कार, व्यक्तिगत, भुमरी
नमुना वाक्य :
लक्ष्मीप्रसाद देवकोटाले दर्जनौँ कृति रचना गरेर नेपाली साहित्यको भण्डार भरेका छन् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## संरचना पहिचान

(अ) मनोवादको नमुनाको स्लाइड वा चार्ट वा कुनै मनोवादात्मक अभिव्यक्तिको दृश्य सामग्री अंश प्रदर्शन गरी समूहमा मनोवादको सुरु, मध्य र अन्त्यको क्रम आदिबारे छलफल गराउनुहोस् र समूहको निष्कर्ष कुनै एक विद्यार्थीलाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) पहिले प्रदर्शित स्लाइड वा चार्टका माध्यमले मनोवादको संरचनाका बारेमा पुनः छलफल गराएर आफूले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) मनोवादको सुरुआत खण्ड (मिति, समय, स्थान र पात्र) तथा मनोवादको आदि, मध्य र अन्त्यका विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ मा दिइएका संरचनासम्बद्ध प्रश्न सोधी संरचनाका बारेमा थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित मनोवादको संरचना, विचार मन्थन कला, भाषाशैली र प्रस्तुति आदि बारे छलफलका माध्यमले स्पष्ट पारिदिनुहोस्, जस्तै :
(क) मनोवाद लेखनमा समय कहाँ लेखिन्छ ?
(ख) मनोवाद लेखन गर्दा सुरुमा कुन कुन कुरा उल्लेख गरिन्छ ?

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर भन्ने वा लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न वा लेख्न सिकाउनुहोस् ।

(आ) पाठको पहिलो अनुच्छेद स्लाइड वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस् । सम्भव नभए पाठ्यपुस्तकमा हेर्न लगाउनुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

(ई) कार्यमूलक व्याकरणअन्तर्गत यस पाठमा समास र विग्रह गरिएका शब्दलाई विशेष ध्यान दिनुपर्नेबारे पूर्व ज्ञानका आधारमा छलफल गराउनुहोस् । केही उदाहरणको सूची प्रदर्शन गरी समस्त शब्द र विग्रह भएको अवस्थाका बारेमा विद्यार्थीलाई अवधारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :
पाठमा प्रयुक्त केही समस्त शब्द :
समस्याग्रस्त, पाठ्यपुस्तक, बैङ्कखाता, लोककथा, वायुपङ्खी आदि ।
पाठमा प्रयुक्त केही विग्रह रूप
स्वर्ग नर्क, लोकको जीवन, घर परिवार आदि ।

(उ). पाठका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस्, जस्तै :
(क) सामाजिक सञ्जालले मानिसको जीवनलाई किन समस्याग्रस्त बनाउँछ ?
उत्तर : सामाजिक सञ्जालको दुरूपयोग गर्नाले मानिसको जीवनलाई समस्याग्रस्त बनाउँछ ।
(ख) कसले साइबर अपराधबारे बताउनुभएको थियो ?
(ग) म पात्र किन समस्यामा परेको रहेछ ?
(घ) कस्तो पढाइको अर्थ नहुने रहेछ ?
(ङ) अनुच्छेदबाट दुईओटा समस्त शब्द खोजी विग्रह गर्नुहोस् ।

(ऊ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया लिई मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क)** दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
विचित्र, सञ्जाल, अपराध, विवरण, सुस्केरा

(ख) तलका शब्द शुद्ध उच्चारण गर्न लगाउनुहोस् :
कुकर्म, व्यक्तिगत, क्राइम, स्वयम्, झल्यास्स

(ग) मनोवादको सुरुआतमा के के कुरा लेखिन्छ ?

(घ) पाठको पहिलो अनुच्छेद पढ्न लगाई तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) सामाजिक सञ्जालका कारण जीवन कस्तो बनेको छ ?
(आ) पढेका कुरालाई हामीले केमा उतार्नु पर्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण **(अनुच्छेद ५, ६, ७ र ८)** | गति, यति, चिह्नको ख्याल गरी सस्वर पठन गर्न | • पाठ्यांशको स्लाइड /पाठ्यपुस्तक<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती/स्लाइड<br>• प्रश्नोत्तर चार्ट / |
| पाठगत शब्दार्थ र प्रयोग | अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोध प्रश्नको उत्तर दिन | |

| | | |
|---|---|---|
| | भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | स्लाइड |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुबारे प्रस्तुत गर्न कुनै एक विद्यार्थीलाई लगाउनुहोस् । त्यसपछि कक्षामा थप छलफल गराई आफूले विषयवस्तुको सार बताइदिनुहोस् ।

(आ) आजको कक्षामा गरिने क्रियाकलापबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठको छैटौँ अनुच्छेद स्लाइड वा प्रोजेक्टरमा प्रदर्शन गरी सस्वर पठन गरेर सुनाउनुहोस् ।

(आ) पाठका सातौँ, आठौँ र नवौँ अनुच्छेद स्लाइड वा प्रोजेक्टरमा प्रदर्शन गरी विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(इ) सस्वर पठन गर्ने क्रममा नयाँ शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र लेख्य चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई पाठका उच्चारणमा नयाँ लागेका शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा निम्नलिखित क्रियाकलाप गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्द विद्यार्थीलाई नै पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।
- लक्षित शब्दको सूची प्रदर्शन गरी पटक पटक उच्चारणको अभ्यास गराउनुहोस्, जस्तै :
  वाइफाई, मरुभूमि, संस्था, दूरसञ्चार, बेहोर्नु, ब्युरो
- पाठको बोध तथा अभिव्यक्ति खण्डको अभ्यासको क्रियाकलाप १ मा दिइएका शब्दको सूची प्रदर्शन गरी शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तैः
  बेहोर्नु /बे.होर्.नु/
  विश्वस्त /विस्.स्वस्.त/

(उ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऊ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलाप कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ऋ) समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीबाट खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(इ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् र वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गर्नुहोस् र समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा दुईओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : भ्रम, नाभी ।

(ऊ) ती शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा पुनरावृत्ति गरी छलफल गराउनुहोस् ।

(आ) कार्यमूलक व्याकरणअन्तर्गत आज दीर्घ ऊकारको प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न सिक्नेबारे बताइदिनुहोस् । विद्यार्थीलाई पूर्वज्ञानका आधारमा दीर्घ ऊकार लागेका केही शब्द भन्न लागाएर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र छलफलका माध्यमले धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै : ऊर्जा, रुचीपूर्ण, आफू, पूर्वक, दूरसञ्चार आदि ।

(इ) पाठको आठौँ अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(ई) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस्, जस्तै :

**प्रश्न**

(क) कसले पठाएका इमेल वा म्यासेज खोल्नुहुँदैन ?
(ख) मोबाइल हराएमा के गर्नुपर्छ ?
(ग) समय समयमा केको पासवर्ड परिवर्तन गर्नुपर्छ ?
(घ) अनुच्छेदबाट दीर्घ ऊकार प्रयोग भएका शब्द पहिचान गरी लेख्नुहोस् ।

(उ) पाठका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**
उपाय, अपराध, पासवर्ड, कस्तुरी, अनाहक

**(ख) दिइएका शब्दलाई शुद्ध पार्न लगाउनुहोस् :**
हामीले सामाजिक सन्जालको सचेततापुर्वक सञ्चालन गर्नूपर्छ ।

(ग) तलका प्रश्नको एक एक वाक्यमा उत्तर भन्न लगाउनुहोस् :
(अ) खाताबाट कति रकम हर्राको थियो ?
(आ) लोभले लाभ लाभले विलाप भनेको के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्दार्थ | शब्दको अर्थ बताएर जोडा मिलाउन | • शब्द र अर्थको तालिका<br>• लघुतावाची र समूहवाची शब्दका शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेद लेखिएको चार्ट |
| लघुतावाची तथा समूहवाची शब्दको पहिचान र प्रयोग | निर्दिष्ट अंशबाट लघुतावाची तथा समूहवाची शब्द पहिचान गरी प्रयोग गर्न | |
| टुक्का, पद तथा पदावलीको अर्थ बोध र प्रयोग | निर्दिष्ट टुक्का, पद तथा पदावलीको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट पाठ्यांशबाट सोधिएका प्रश्नको उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै चुट्किला वा मुक्तक सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तुबारे एक वा दुई जना विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । पाठको विषयवस्तुको सार पुनः सुनाउनुहोस्

(इ) आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**शब्दार्थ**

(अ) विद्यार्थीलाई पाठ पढ्न लगाई पाठबाट अर्थबोध हुन नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) शैक्षणिक पाटीमा टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न प्रोत्साहित गर्नुहोस् । एउटाले नजाने अर्कालाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । अन्त्यमा आफूले बताइदिनुहोस् । आफूले तयार पारेर लगेका शब्दार्थपत्ती प्रदर्शन गरी थप शब्दार्थ स्पष्ट पारिदिनुहोस् ।

(इ) आफूले अर्थ बताएर त्यो अर्थ आउने शब्द पाठबाट खोज्न लगाउनुहोस् । यसरी अर्थ दिई शब्द खोज्ने तरिकाका बारेमा छलफल गराउनुहोस् । पदावलीको नमुना प्रदर्शन गरी पाठबाट अर्थ दिने शब्द पहिचान गर्न सिकाउनुहोस्, जस्तै :

अपरिचित : चिनजान नभएको

कस्तुरी : नाभीमा सुगन्धित पदार्थ हुने जीव

यसरी विद्यार्थी वा विद्यार्थीको समूहलाई शब्द खोज्न समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । शब्दकोशको सहायता लिई थप शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(उ) प्रत्येक बेन्च वा आवश्यकताअनुसार विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । अभ्यासको शब्दभण्डार खण्डको क्रियाकलाप १ को क्रियाकलाप गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले गर्ने कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) समूह कार्य गरिसकेपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**लघुतावाची तथा समूहवाची शब्दको पहिचान र प्रयोग**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । केही लघुतावाची र समूहवाची शब्दको सूची प्रदर्शन गरी पूर्व ज्ञानका आधारमा छलफल गराउनुहोस् र सिकाइ सहजीकरण गरिदिनुहोस्, जस्तै :

**लघुतावाची शब्द**

दाउरा : छेस्को

साग : त्यान्द्रो

आगो : झिल्को

पानी : थोपो, छिटो

**समूहवाची शब्द**

दाउरा : खलियो, बिटो

केरा : घरी

फोहोर : डङ्गुर

नोट : बिटो

(आ) समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा थप सिकाइ सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएको अनुच्छेद पढ्न लगाई लघुतावाची र समूहवाची शब्द पहिचान गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले आफूले तयार पारेको लघुतावाची र समूहवाची शब्दको सूची प्रदर्शन गरी नमुना उत्तर देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएको निर्देशनअनुसार एक अनुच्छेद रचना गर्नका लागि छलफल गराउनुहोस् । विद्यार्थीलाई समूहमा अनुच्छेद रचना गर्न लगाई आफूले अवलोकन गरी सहजीकरण गरिदिनुहोस् ।

(ऊ) समूह कार्य सकिएपछि टोली नेतालाई प्रस्तुति गर्न लगाई अन्य समूहका विद्यार्थीबाट प्रतिक्रिया दिन लगाउनुहोस् ।

(ऋ) शिक्षकले तयार पारेको अनुच्छेद स्लाइड वा चार्टमार्फत प्रदर्शन गरी विद्यार्थीलाई मौन पठन गर्न लगाई आवश्यक सहजीकरण र थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

शिक्षक साथी शब्दभण्डारको शिक्षण गराउँदा विद्यार्थीलाई विभिन्न समूहमा बाँडेर पर्यायवाची, विपरीतार्थी, समावेश्य, समावेशक, लघुतावाची, समूहवाची, सार शब्द, श्रुतिसमभिन्नार्थी, अनेकार्थी आदि शब्दको हाजिरीजवाफ प्रतियोगिता गराएर पनि शिक्षण गर्न सकिन्छ ।
यस्तै अन्य रमाइला खेलका माध्यमले पनि सिकाउन सकिने भएकाले स्वविवेकले अन्य क्रियाकलाप पनि सञ्चालन गराउन सकिन्छ ।

## पद तथा पदावलीको अर्थ बोध र प्रयोग

(अ) पाठमा प्रयोग भएका 'भाग्य चम्कनु, तालुमा आलु फल्नु, बुद्धिमा बिर्को लाग्नु, ठालु पल्टनु, सञ्जाल, चेतना जगाउनु' जस्ता टुक्का, पद तथा पदावलीको शब्दपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । आवश्यक छलफलपछि अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(आ) आवश्यकता र सङ्ख्याका आधारमा विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास ४ पढ्न लगाई एउटा समूहलाई शब्द वा पदावली भन्न र अर्को समूहलाई अर्थ भन्न लगाउनुहोस् र आफूले अर्थ बोधका लागि सहजीकरण गरिदिनुहोस् ।

(इ) विद्यार्थी समूहले अभ्यास छलफल गरिसकेपछि शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखिएको सूची प्रदर्शन गरी मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ई) विद्यार्थीलाई अर्थ बोध भएपछि ती टुक्का, पद तथा पदावलीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आफूले विद्यार्थीका कामको अवलोकन गरी सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् । मिले नमिलेको प्रतिक्रिया लिई आफूले थप सहजीकरण गरिदिनुहोस् ।

(उ) शिक्षकले तयार पारेको वाक्यपत्ती प्रदर्शन गरी थप सहजीकरणका साथ पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले मौन पठन गरेपछि विषयवस्तुबारेमा छलफल गर्न लगाउनुहोस् ।

(इ) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएका बोध प्रश्नको सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र प्रत्येक समूहलाई एक एक प्रश्नको उत्तर एक एक वाक्यमा लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखन कार्य सकिएपछि समूहका कुनै विद्यार्थीलाई ती प्रश्नको उत्तर प्रस्तुत गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) अनुच्छेदबाट अन्य प्रश्न बनाई मौखिक उत्तर दिन लगाएर थप अभ्यास पनि गराउनुहोस् र थप पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्दको लघुतावाची शब्द लेख्न लगाउनुहोस् :
आगो, पानी, दाउरा, घाम, भात

(ख) दिइएका शब्दका समूहवाची शब्द भन्न लगाउनुहोस् :
मौरी, रुख, कमिला, काग, मानिस

**(ग)** पाठको छैटौँ अनुच्छेद पढी तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) पात्र निदाउन नसक्नुको कारण के हो ?
(आ) पात्रले कहाँ गएर धन कमाएको थियो ?

(इ) पात्रले समाचारमा के कुरा पढेको थियो ?

(घ) तलका टुक्का, पद तथा पदावलीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
हरे, सञ्जाल, सुइँकुच्चा ठोक्नु, हुने हार दैव नटार

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटना टिपोट | पाठ पढी मुख्य मुख्य घटना टिपोट गर्न | • अनुच्छेदको स्लाइड वा चार्ट<br>• प्रश्नोत्तर तालिका<br>• मुख्य मुख्य घटना टिपोट गरिएको तालिका<br>• सामाजिक सञ्जालका फाइदा र बेफाइदाका बुँदाको तालिका<br>• समीक्षाका लागि बुँदाको सूची |
| बोध र धारणा निर्माण | निर्दिष्ट विषयवस्तुमा धारणा निर्माण गरी प्रस्तुति गर्न | |
| समीक्षात्मक उत्तर लेखन | विषयवस्तुको बोध गरी समीक्षात्मक उत्तर लेख्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो वा दुखद घटना सुनाएर विद्यार्थीलाई घटनाबारे मन्थन गर्न लगाउनुहोस् र विद्यार्थीलाई सिकाइप्रति ध्यान केन्द्रित गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**घटना टिपोट**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र पाठबाट मुख्य मुख्य घटना टिपोट र लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ को निर्देशानुसार विद्यार्थी समूहलाई पाठमा म पात्रले मनमा खेलाएका भावना र तर्कका मुख्य मुख्य घटना रेखाङ्कित गर्न लगाउनुहोस् । रेखाङ्कन सकिएपछि मुख्य मुख्य विषयवस्तु उत्तरपुस्तिकामा टिपोट गर्न लगाउनुहोस् र आफूले विद्यार्थीका कामको प्रत्येक समूहमा पुगेर अवलोकन र सहजीकरण गरिदिनुहोस् ।

(इ) घटना टिपोट सकिएपछि समूहको कुनै एक विद्यार्थीलाई टिपोट गरिएका बुँदा सुनाउने अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई सुनेर प्रतिक्रिया दिन प्रेरित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) अन्य विद्यार्थीलाई साथीको प्रस्तुतिपछि प्रतिक्रिया दिन लगाउनुहोस् ।

(उ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा आफूले लगेका मुख्य मुख्य घटनाको टिपोटका बुँदाहरूलाई प्रदर्शन गराई विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् ।

(ऊ) पाठमा भएका कुनै मुख्य घटना र विषयवस्तु विद्यार्थीले छुटाएका भए त्यसबारे स्मरण गराउँदै बुँद टिपोट गर्न सुझाउनुहोस् । विद्याथीका कार्यको प्रशंसा गर्दै आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

## बोध र धारणा निर्माण

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार विभिन्न समूहमा विभाजन गर्नुहोस् र साइबर अपराधबारे समूह समूहमा र कक्षामा छलफल गराउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ को निर्देशन स्लाइड वा चार्ट मा प्रदर्शन गरी साइबर अपराधबारे प्रत्येक विद्यार्थीलाई उनीहरूले अनुभव गरेका मुख्य मुख्य विषयवस्तु बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् । टिपिएका विषयवस्तुका बारेमा विद्यार्थीका समूह समूहबिच छलफल चलाउनुहोस् र निष्कर्ष निकाल्न लगाउनुहोस् ।

(इ) छलफलको निष्कर्ष विद्यार्थी समूहबाट प्रतिनिधिमूलक रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले प्रस्तुत गरेका मुख्य मुख्य विषयवस्तु टिपोट गर्दै जानुहोस् र ती बुँदाका आधारमा निष्कर्ष निकाल्न लगाउनुहोस् ।

(ई) आफूले टिपोट गरेका साइबर अपराधसम्बन्धी बुँदा प्रस्तुत गरी विद्यार्थीले टिपेका र आफूले तयार पारेका बुँदाबिचका समानता र असमानताबारे तुलनात्मक छलफल चलाई धारणा स्पष्ट पार्नुहोस् । थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## समीक्षात्मक उत्तर लेखन

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे पहिलेका पाठमा उत्तर लेखनका क्रममा गरिएको छलफल र पूर्वज्ञानका आधारमा पुनः स्मरण र छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को प्रश्न पढ्न लगाई प्रश्नबारे समूहमा छलफल गराउनुहोस् । छलफलपछि पाठको विषयवस्तुको सार र पाठले दिने सन्देश समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा प्रत्येक समूहमा पुगी विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदा समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सुनी बुँदाका विषयवस्तुबारे अन्य समूहका विद्यार्थीलाई प्रतिक्रिया दिन र थपघट गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

(ई) आफूले समीक्षात्मक उत्तरका लागि तयार पारेका बुँदाहरूलाई स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गरी थप छलफल गराउनुहोस्, जस्तै :

**समीक्षात्मक उत्तरका लागि बुँदा**

- सामाजिक सञ्जाल र दोहोरो सञ्चारका माध्यमबाट हुनसक्ने हानि र अपराधबारे पाठमा बताइएको
- सामाजिक सञ्जालबाट विभिन्न विषय, स्थान र व्यक्तिका सूचना आदान प्रदान गर्न सकिने
- एक्काइसौँ शताब्दीमा विज्ञानले विभिन्न प्रविधिको विकास गरेको
- सूचना आदान प्रदान गर्ने साधनले मानव जीवन सहज, सुविधायुक्त र सचेत बनाउने
- सामाजिक सञ्जालका माध्यमले अनेक ज्ञान प्राप्त गर्न सकिने
- इन्टरनेट तथा सामाजिक सञ्जालविना मानिस आफूलाई व्यर्थ ठान्ने
- विश्वका कुनाकाप्चाका खबर तुरुन्तै प्राप्त गर्न सकिने
- इन्टरनेट र सामाजिक सञ्जालको सही प्रयोग गर्दा अथाह ज्ञान पाइने
- शिक्षा, स्वस्थ्य, व्यापार, व्यवसाय, प्रशासन आदि क्षेत्रमा इन्टरनेट अपरिहार्य रहेको
- कतिपय व्यक्तिले सञ्चारका साधन र सामाजिक सञ्जालको दुरुपयोग गर्ने गरेका
- खराब स्वभावका मानिसका कारण सामाजिक सञ्जालका माध्यमले अनेक अपराधका घटना हुने
- सामाजिक सञ्जालको प्रयोग गर्दा हरेक व्यक्ति चनाखो हुनुपर्ने
- सामाजिक सञ्जालबाट फकाउने, थर्काउने, लोभ्याउने, फसाउने जस्ता घटना

घट्न सक्ने

- कुनै कार्य वा घटना वा कसैको भनाइ सही हो या गलत बुझेर मात्र पत्याउनुपर्ने
- इन्टरनेट, सामाजिक सञ्जाल र सञ्चारका साधनको गलत प्रयोग गर्नेलाई वेलैमा निरुत्साही गर्नुपर्ने
- साइबर अपराधबारे सधैँ सचेत र सजग हुनुपर्ने
- कुनै शङ्कास्पद विषय र कुरा आए तुरुन्त सम्बन्धित निकाय वा परिवारका सदस्यसँग कुरा गर्नुपर्ने

(उ) प्रदर्शित बुँदा र छलफलका आधारमा समीक्षात्मक उत्तर लेख्न १५ मिनेटको समय तोकेर दिनुहोस् ।

(ऊ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । उत्तर लेखन सकिएपछि प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् र आजको कक्षा समाप्त गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका प्रश्नको समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् :

(अ) सामाजिक सञ्जालमार्फत के कस्ता अपराध हुन सक्छन् ? चर्चा गर्नुहोस्

(आ) साइबर अपराधबारे विद्यार्थीले महसुस गरेका कुरा भन्न लगाउनुहोस् ।

(इ) यस्तो कहिल्यै नहोस् पाठमा बताइएका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| मनोवाद रचना | निर्दिष्ट विषयमा मनोवाद रचना गर्न | • मनोवादको नमुना<br>• विज्ञापनको नमुना श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद चार्ट वा स्लाइड<br>• प्रश्नोत्तर चार्टहरू<br>• बैङ्क भौचरको नमुना |
| विज्ञापन लेखन | निर्दिष्ट विषयमा विज्ञापन रचना गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन<br>भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | |
| बैङ्क भौचर भरण | बैङ्कमा रकम जम्मा गर्दा भरिने भौचर भर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती कियाकलाप

(अ) कुनै मनोवादात्मक प्रस्तुति दिएर विद्यार्थीको मस्तिष्क मन्थन गराउनुहोस् र विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित वज्ञापन गराउनुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गरी विद्यार्थीलाई सार भन्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### मनोवाद रचना

(अ) विद्यार्थीलाई विभिन्न समूहमा वर्गीकरण गरी मनोवादका बारेमा छलफल गराउनुहोस । मनोवाद रचना गर्ने तरिका, मनोवादमा विषयवस्तुको सुरुआत, मनोवादात्मक प्रस्तुति र अन्त्य, भाषाशैली

आदिबारे छलफल गराउनुहोस् ।

(आ) मनोवादको श्रव्य सामग्री वा दृश्य सामग्री प्रदर्शन गरी हेर्न र सुन्न लगाई थप छलफल गराउनुहोस् र निष्कर्ष निकाल्नुहोस् ।

(इ) शिक्षकले तयार पारेर ल्याएको मनोवाद लेखनको नमुना स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी सस्वर पठन गर्न लगाउनुहोस् र यसबारे छलफल गराउनुहोस्, जस्तै :

पात्र : वैदेही

समय : रातको १० बजे

स्थान : सुत्ने कोठा

(वैदेही ओछ्यानमा पल्टिएकी छिन् । तीन महिनाअगि दिइएको एसइईको नतिजा भोलि प्रकाशित हुने विषयमा परीक्षा नियन्त्रकले बोलेको कुरा उनको मनमस्तिष्कमा झलझली आइरहेको छ । उनको मनमा अनेक कुरा खेल्छन् ।)

वैदेही : ओहो ! समय पनि कति छिटै बितेछ, अस्ति जस्तो लाग्छ एसइई दिएको तीन महिना भइसकेछ । भोलि त परीक्षा फल प्रकाशित हुन्छ अरे । मैले परीक्षामा त राम्रै लेखेकी छु, तयारी पनि राम्रै गरे जस्तो लाग्छ तर खै परीक्षा फल कस्तो आउने हो ? वर्ष दिनभरि पढेको कुरा तीन घण्टामा लेख्नुपर्छ, मेरा अक्षर पनि त्यति राम्रा भएका छैनन् । (मुख खुम्च्याएर दिक्क मान्दै) हतार हतार लेख्दा त अक्षरै बिग्रिएका छन् । अङ्ग्रेजी विषयको परीक्षाका दिन त नयाँ वातावरण, नयाँ ठाउँ भएर हो कि किन हो मन नै आत्तिएको थियो । उत्तर त राम्रै लेखे जस्तो लाग्छ तर परिणाम कस्तो आउने हो, हेरौँ । (कोल्टे फर्कंदै) कुनै कारणवश म परीक्षामा असफल भएँ भने त बर्बादै हुन्छ । हत्तेरिका ! सोच्दा सोच्दै म त के के सोच्न पुगिछु । नचाहिने कुरा दिमागमा किन आउँछ होला (उठेर बस्दै) । परीक्षाको तयारी पनि गुरु र गुरुआमाले भने जसरी नै गरेको हो । (उत्साहित हुँदै) गणित र विज्ञानको जाँच पनि त सोचे जस्तै भएको छ । सामाजिक विषय चाहिँ सोचे जस्तो भएको छैन (नाक खुम्च्याउँदै) तैपनि फेलै त पक्कै हुन्न । सामाजिकमा त पढ्नु पर्ने पाठ पनि कति हुन् कति । समसामयिक विषयमा पनि उत्तिकै ध्यान दिनुपर्ने भएकाले पुस्तक मात्र पढेर पुग्दै नपुग्ने रहेछ । नेपाली विषयमा व्याकरणबाट सोधिने प्रश्नको उत्तर त सबै मिलेका छन्, निबन्ध र विवेचना लेख्नलाई अलि समय पुगेन । त्यसैले छोटो छोटो लेख्दा अक्षर झन बिग्रेका छन् । (फेरि ओछ्यानमा पल्टँदै) पहिले तिम्रो लेखाइ ढिलो छ भनेर गुरुहरूले भन्दा उहाँहरूको कुरालाई मैले वास्तै गरिनँ । त्यसैको परिणाम परीक्षामा भोगेँ । कतै परीक्षा फल नराम्रो आएर मेरो सपना चकनाचुर भयो भने ... ! छ्या, दिमागमा पनि कस्तो नचाहिने कुरा आउँछ । मेरो परीक्षाको नतिजा पक्कै राम्रो हुन्छ । अब भोलि नतिजा आएपछि त बुबाले भने जस्तै म विज्ञान विषय लिएर पढ्छु । कक्षा १२ उत्तीर्ण गरेपछि पाइलट पढ्ने तयारी गर्छु । अहो ! पाइलट बनेर नेपालका डाँडाकाँडामा हवाइजहाज र हेलिकोप्टर चलाउँदा कत्ति मजा आउँछ होला है (मुसुक्क हाँस्तै) ! कि आमाले भने जस्तै डाक्टर पो बनूँ कि ! दाइले भने झैँ वकिल या काकाले भने जस्तो इन्जिनियर बनौँ कि क्या हो ! म पनि के भएकी, नानी पाउनु कहिले कहिले कन्दनी बाट्नु अहिले भने झैँ एसइईको परीक्षा फल नै नआई के कल्पनामा डुब्नु । आ..., जे भए पनि पक्कै राम्रै हुन्छ । अहिलेदेखि के तनाव लिनु ? बरु अब सुत्नुपर्छ । (घडी हेर्दै) ओहो ! १२ पो बज्न लागेछ । अब सुत्नुपर्छ । (ओढ्नेले मुख छोपेर गुटुमुटु परेर सुत्छिन् ।)

(ई) विद्यार्थी समूहलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ८ मा दिइएको **'नतिजा प्रकाशनको अगिल्लो दिन' र 'पुरस्कृत हुँदाको क्षण'** शीर्षकमा छलफल गराउनुहोस् । ती विषयका सम्बन्धमा आएका विषयवस्तु टिपोट गर्दै जानुहोस् । विद्यार्थीलाई कम्तीमा चार समूहमा बाँडी दुई समूहलाई एउटा र अर्को दुई समूहलाई अर्को फरक फरक शीर्षक दिएर मनोवाद लेख्न लगाउनुहोस् । समूहमा मनोवाद रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् र समूह समूहबिच प्रतियोगितात्मक रूपमा १० मिनेटको समय तोकी मनोवाद लेखन क्रियाकलाप गराउनुहोस् ।

(उ) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) प्रत्येक समूहबाट रचना भएका मनोवाद कक्षामा हाउभाउसहित समूह समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् । पहिलो, दोस्रो र तेस्रो मनोवाद निर्क्योल गरी पुरस्कारसमेत दिन सक्नुहुने छ । अन्तमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## विज्ञापन लेखन

(अ) शिक्षकले विद्यार्थीलाई सङ्ख्याको आधारमा विभिन्न समूहमा विभाजन गरी विज्ञापनबारे छलफल गर्न लगाउनुहोस् । विज्ञापनका नमुनाको श्रव्य सामग्री तथा दृश्य सामग्री वा लिखित रूपका नमुनाहरू प्रस्तुत गर्नुहोस् । यिनीहरूको प्रयोगका बारेमा छलफल गरी गराई विद्यार्थीलाई स्पष्ट पार्नुहोस् ।

(आ) पाठ्यपुस्तकका बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएको नमुना पनि मौन पठन गर्न विद्यार्थीलाई लगाउनुहोस् र छलफल गराउनुहोस् ।

(इ) प्रत्येक समूहलाई फरक फरक संस्था वा व्यक्ति वा सामानका बारेमा बालपत्रिकामा छाप्नयोग्य विज्ञापन तयार पार्न निश्चित समय तोक्नुहोस् । आफूले विद्यार्थीका गतिविधि र कार्यको अवलोकन गरी विद्यार्थीलाई असहज भएमा सहजीकरण गरिदिनुहोस् ।

(ई) समय समाप्त भएपछि टोली नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार धन्यवाद वा पृष्ठपोषण क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(उ) विज्ञापन लेखनलाई समूहमा प्रतियोगितात्मक रूपमा पनि सञ्चालन गर्न सक्नुहुने छ ।

## बोधात्मक प्रश्नोत्तर तथा भाषिक संरचना

(अ) बोधात्मक प्रश्नोत्तर गर्दा ध्यान दिनुपर्ने कुराबारे विद्यार्थीको पूर्वज्ञानमा आधारित भएर छलफल गराउनुहोस् ।

(आ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित अभ्यासमा दिइएका प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) समूहले उत्तर लेखिसकेपछि समूह समूहलाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्वज्ञानका आधारमा गराउनुहोस् । भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप सातौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## भौचर भरण

(अ) शिक्षकले विद्यार्थीलाई बेन्चगत समूहमा विभाजन गरी बैङ्कमा रकम जम्मा गरे नगरेको विषयमा छलफल गराउनुहोस् । बैङ्कमा रकम जम्मा गर्न भौचर भनुपर्नेबारे छलफल गरी जानकारी गराउनुहोस् ।

(आ भौचरको नमुनाको दृश्य सामग्री वा लिखित रूप प्रस्तुत गर्नुहोस् । यिनीहरूको प्रयोगका बारेमा विद्यार्थीलाई स्पष्ट पार्नुहोस् । भरिएको भौचरको नमुना प्रदर्शन गरी भौचर भर्ने तरिकाकाबारे अध्ययन गर्न लगाउनुहोस् ।

(इ) पाठ्यपुस्तकका बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा दिइएको नमुना पनि मौन पठन गर्न विद्यार्थीलाई लगाउनुहोस् र छलफल गराउनुहोस् । भौचर भर्दा बैङ्कको नाम, खातावालको नाम, भौचरमा भरिने रकम, भौचर भरेर जम्मा गर्ने व्यक्ति, जम्मा गरिने रकमका नोट र सङ्ख्या आदिबारे नमुना भौचर देखाई छलफलका माध्यमबाट सहजीकरण गरिदिनुहोस् ।

(ई) प्रत्येक समूहलाई फरक फरक बैङ्कका एक एकओटा बैङ्क भौचर दिई भौचर भर्न लगाउनुहोस् । आफूले विद्यार्थीका गतिविधि र कार्यको अवलोकन गरी विद्यार्थीलाई असहज भएमा सहजीकरण गरिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् :

(अ) खेलमा विजयी हुँदाका क्षणको मनोवाद लेख्नुहोस् ।

(आ) पुस्तक पसलको प्रचार प्रसार गर्न छापिने विज्ञापनको नमुना तयार पार्नुहोस् ।

(ख) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) विद्यार्थीमा प्रविधिप्रति मोह बढ्नुको कारण के होला ?

(आ) विद्यार्थीलाई परियोजना कार्य गर्न प्रविधिले कसरी सहयोग गर्छ ?

(ग) बैङ्कको भौचर ल्याई भौचर भर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | अनुभूतिसम्बन्धी भाषिक प्रकार्यलाई उपयुक्त भाषिक सञ्चारका साथ प्रस्तुत गर्न | • भाषिक प्रकार्यसम्बन्धी अनुच्छेद, वृत्तचित्र, दृश्य सामग्री आदि<br>• सुनाइ पाठको श्रव्य सामग्री |
| श्रुतिबोध (सुनाइ पाठ ४) | सुनाइ पाठ ४ आधारमा सोधिएका प्रश्नको उत्तर बताउन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(क) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न १२ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई प्रेरणा र प्रभावसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहको धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

(इ) शिक्षकले प्रेरणाका विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् ।

(ई) छलफलपश्चात् टोली नेतालाई समूहको धारणा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

(उ) विषयवस्तु र प्रस्तुतिको शैलीका सन्दर्भमा आवश्यक सहजीकरण गर्नुहोस् र थप पृष्ठपोषण प्रदान गर्नुहोस् । पृष्ठपोषण प्रदान गर्दा प्रश्नोत्तरको शैली पनि अपनाउन सक्नुहुन्छ । जस्तै :

- कसले के काम गरेको देखेर तपाईँ प्रभावित हुनुभयो ?
- को को व्यक्तिको कुरा सुनेर तपाईँ प्रभावित हुनुभएको छ ?
- कसैबाट प्रभावमा परेर तपाईँले केही काम गर्नुभएको छ कि ?
- अरूबाट प्रेरित भएर तपाईँले के असल काम गर्न थाल्नुभएको छ कि ?
- कसैको जीवनी पढेर वा सुनेर केही नयाँ कुरा सिक्नुभयो कि ?
- कसैका कुराले तपाईँको जीवनमा केही परिवर्तन ल्याएको छ कि ?
- अरूका सुख, दुःख वा आरोह अवरोह देखेर, सुनेर वा पढेर तपाईँलाई कस्तो अनुभूति हुन्छ ? आदि

यी र यस्ता अन्य विषयमा थप छलफल गरेर धारणा स्पष्ट पारिदिनुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ मा दिइएको सन्दर्भ बुझेर विद्यार्थीले कसरी प्रेरणात्मक अनुभूति गरेका रहेछन् वा कोबाट कसरी प्रभाव ग्रहण गरेका रहेछन् भन्ने विषयमा प्रत्येक विद्यार्थीलाई आआफ्ना विचार व्यक्त गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि अभिव्यक्ति सिपको विकास गर्न थप अन्तरक्रियात्मक अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**श्रुतिबोध (सुनाइ पाठ ४)**

(अ) विद्यार्थीलाई चार समूहमा वर्गीकरण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइका विषयवस्तु छलफल गर्दा ध्यान दिनुपर्ने कुराबारेमा धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) सुनाइ पाठ ४ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् ।

(ई) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा दिइएका वाक्यको ठिक बेठिक छुट्याउन लगाउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ मा भएका प्रश्न समूहमा पालैपालो सोधी उत्तर भन्न लगाउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(इ) विद्यार्थीको उत्तर सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) असल कार्य गर्न तपाईँ को कोबाट प्रभावित हुनुभएको छ ?
(आ) कुनै महान् व्यक्तिको भनाइबाट आफूलाई भएको अनुभूति कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) सुनाइ पाठ ४ सुनाएर तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) स्वर्गबाट आगो चोरेर कसले ल्यायो ?
(आ) प्रमिथसलाई अजम्मरी पीडाको सजाय किन दिइयो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| समास र विग्रह | समस्त शब्द पहिचान गरी प्रयोग गर्न र विग्रहित शब्द समूहलाई समास गरी समस्त शब्द बनाउन | • समास प्रक्रियाबाट निर्मित शब्द सूची<br>• द्वित्व प्रक्रियाबाट निर्मित शब्द सूची<br>• शब्दको आदि, मध्य र अन्त्यमा दीर्घ ऊकार प्रयोग भएका शब्दको सूची<br>• रजिस्ट्रेसन फारम भरेको नमुना |
| द्वित्व प्रक्रियाबाट शब्द निर्माण | द्वित्व शब्दको पहिचान गरी प्रयोग गर्न र द्वित्व प्रक्रियाबाट शब्द निर्माण गर्न | |
| दीर्घ ऊकारको पहिचान र प्रयोग | शब्दको आदि, मध्य र अन्त्यमा दीर्घ ऊकार प्रयोग भएका शब्दको पहिचान गरी प्रयोग गर्न | |
| रजिस्ट्रेसन फाराम भरण (परियोजना कार्य) | निर्दिष्ट विषयवस्तु बोध गरी प्रस्तुति दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै शब्द खेल खेलाएर वा विद्यार्थीलाई गीत गाउन लगाई कक्षाको थालनी गर्नुहोस् ।

(आ) विद्यार्थीसँग अगिल्लो दिनको विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**समस्त शब्दको पहिचान र प्रयोग**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र पूर्वज्ञानका आधारमा समस्त शब्द तथा शब्दको विग्रहित अवस्थाबारे छलफल
गराउनुहोस् ।

(आ) आफूले तयार पारेर ल्याएका समास र विग्रहका शब्द सूची प्रोजेक्टर वा स्लाइड वा चाटमा प्रदर्शन गरेर बनोट प्रक्रियाबारे छलफल गर्नुहोस् जस्तै :

| **विग्रहित अवस्था** | | **समस्त शब्द** |
|---|---|---|
| महान् कवि | : | महाकवि |
| दुई वा चार | : | दुईचार |
| माछाको पुच्छर जस्तो छ जुन | : | माछापुच्छे |
| आधा बाहुला भएको | : | बाँकटे |

(इ) दुई वा दुईभन्दा बढी शब्द आपसमा जोडिएर बनेको एउटै शब्दलाई समस्तशब्द भनिने, यसरी शब्द बन्ने प्रक्रियालाई समास भनिने र छुट्टिएको अवस्थालाई विग्रह भनिने कुरा छलफलका माध्यमबाट स्पष्ट पारिदिनुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को अनुच्छेदमा भएका घरपरिवार, दिनरात, जेठोबाठो, निमुखा, आजभोलि जस्ता शब्दको बनोट प्रक्रिया देखाउन विद्यार्थीलाई सामूहिक कार्य दिनुहोस् । आफूले विद्यार्थीको कार्य अवलोकन गरी सहजीकरण गरिदिनुहोस् ।

(उ) यस्तै त्यसै अनुच्छेदमा भएका विग्रहित रूप पहिचान गरी तिनलाई समस्त शब्द बनाउन सामूहिक कार्य दिनुहोस् । विद्यार्थीलाई शब्द पहिचान गर्न वा समस्त शब्द बनाउन असहज भए आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

(ऊ) कार्य सकिएपछि टोली नेता वा कुनै विद्यार्थीलाई शब्द र बनोट प्रक्रिया भन्न लगाउनुहोस् । प्रत्येक समूहको सही बनोटका लागि धन्यवाद दिनुहोस् ।

(ऋ) यसैगरी भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास २ को प्रश्न पढी पाठबाट सही शब्द पहिचान गरेर लेख्न लगाउनुहोस् र आफू प्रत्येक समूहमा पुगी सहजीकरण गरिदिनुहोस् ।

(ए) यस्तै अभ्यास ३ मा दिइएका शब्दको बनोट प्रक्रिया देखाउन र समास गरेर समस्त शब्द बनाउन लगाउनुहोस् । समूह कार्य गर्दा प्रत्येक समूहमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) यसैगरी भाषिक संरचना र वर्णविन्यासअन्तर्गत क्रियाकलाप. ५ को अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी उत्तरपुस्तिकामा सार्न लगाउनुहोस् । सबै समूहकार्य सकिएपछि प्रत्येक टोलीलाई पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । अन्य समूहलाई ध्यानपूर्वक सुनेर सुझाव दिन प्रोत्साहित गर्नुहोस् । आफूले आवश्यक सहजीकरण गर्दै थप उदाहरणका साथ पृष्ठपोषण दिनुहोस् ।

**द्वित्व प्रक्रियाबाट शब्द निर्माण**

(अ) विद्यार्थीलाई द्वित्व प्रक्रियाबाट बनेका शब्दको सूची स्लाइड/शैक्षणिक पाटीको सहयोगमा प्रस्तुत गर्नुहोस् । जस्तै :

घर घर, झैझगडा, भुटभाट, कुटकाट, भातसात, लुगासुगा

(आ). विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर यस्ता शब्दको बनोट प्रक्रियाबारे छलफल गराउनुहोस् । समूहबाट आएका कुरा शैक्षणिक पाटीमा टिप्नुहोस् । शब्द पूर्ण रूपमा दोहोरिएर, आधा दोहोरिएर वा परिवर्तन भएर दोहोरिका शब्द बन्ने प्रक्रियाबारे थप उदाहरणसहित स्पष्ट पारिदिनुहोस् ।

(इ) भाषिक संरचनाको प्रश्न ४ मा रहेका शब्दलाई उत्तरपुस्तिकामा टिपोट गर्न र तिनको बनोट देखाउन लगाउनुहोस् ।

(ई) क्रियाकलाप न. ५ मा दिइएको अनुच्छेद प्रोजेक्टर, स्लाइड वा चार्टमा प्रदर्शन गरी दुईओटा द्वित्व प्रक्रियाबाट बनेका शब्द पहिचान गरी टिपोट बनोट प्रक्रिया देखाउन लगाउनुहोस् । विद्यार्थीलाई

टिपोट गरेर बनोट प्रक्रिया देखाएका शब्द वा शब्द समूह भन्न लगाई छलफल गराएर आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

**दीर्घ ऊकारको पहिचान र प्रयोग (वर्णविन्यास)**

(अ) शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका ऊर्मि, ऊर्जा, मयूर, कुतूहल जस्ता शब्दको तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा दीर्घ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) शब्दपत्ती प्रदर्शन गरी दीर्घ ऊकार प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :
**शब्दको सुरुमा दीर्घ ऊकार प्रयोग हुने शब्द :** भूमिका, पूर्व, पूर्ण, भूगोल, मूल, दूर, फूल
**शब्दको बिचमा दीर्घ ऊकार प्रयोग हुने शब्द :** विभूषण, विभूति, अनुभूति, अपूर्ण, सम्पूर्ण
**शब्दको अन्त्यमा दीर्घ ऊकार प्रयोग हुने शब्द :**आफू, बोलाऊ, बधू, सासू, माइजू

(इ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ६ मा दिइएको अभ्यास स्लाइड वा प्रोजेक्टरमा देखाएर वा पुस्तकमा पढ्न लगाउनुहोस । उनीहरूलाई त्यहाँ सुरु, बिच र अन्त्यमा दीर्घ उकार लागेका शब्द पहिचान गरी फरक फरक तालिकामा लेख्न लगाउनुहोस् ।

(ई). उनीहरूको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । प्रत्येक समूहबाट कुनै सदस्यलाई शब्द भन्न लगाउनुहोस् । कुनै असहजता वा गल्ती भए सच्याउन लगाउनुहोस् ।

(उ) आफूले तयार पारेको कुनै अनुच्छेद प्रदर्शन गरेर सबै विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् । पुनः उक्त अनुच्छेद हटाएर विद्यार्थीलाई श्रुतिलेखन गराउनुहोस् । पुनः अनुच्छेद प्रदर्शन गरेर कुनै गल्ती भए सच्याउन लगाउनुहोस् । आफूले आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

(उ) विद्याथीलाई चार समूहमा विभाजन गर्नुहोस् । एउटालाई टोली नेता छान्नुहोस् । भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ७ मा दिइएको प्रश्न पढ्न लगाउनुहोस् र वर्णविन्यासको सुरु, बिच र अन्तमा दीर्घ उकार लागेका पाँच पाँच शब्द खोज्ने प्रतियोगिता सञ्चालन गर्नुहोस् । यसका लागि प्रत्येकले सुरुमा दीर्घ उकार लागेका एक एकओटा शब्द पालैपालो भन्न लगाउनुहोस् ।

(ऋ) सबैको पालो सकिएपछि पुनः सबै समूहलाई दोस्रो पटक एक एकओटा शब्द भन्न लगाउनुहोस् । यसैगरी तेस्रो पटक, चौथो पटक र पाँचौ पटकसम्म सुरुमा दीर्घ उकार लागेका शब्द भन्न लगाउनुहोस् । जसले भन्छ उसलाई अङ्क दिँदै जानुहोस् । भन्न नसक्नेलाई नदिनुहोस् । यसैगरी बिचमा र अन्त्यमा दीर्घ उकार लागेका शब्द भन्ने प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

(ए) सबै सकिएपछि सबैभन्दा बढी अङ्क ल्याउनेलाई विजयी घोषणा गरेर ताली बजाएर बधाई तथा हौसला दिनुहोस् ।

(ऐ) विद्यार्थीले दीर्घ ऊकार लागेका शब्द खोजेर लेख्ने र भन्ने कार्य सकेपछि ती शब्दलाई मौखिक रूपमा वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । **जस्तै :**
भूमिका : देश निर्माणमा युवा वर्गको ठूलो भूमिका हुन्छ ।

(ओ) सिकाइ सहजीकरण प्रक्रियाका क्रममा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**रजिस्ट्रेसन फाराम भरण (परियोजना कार्य)**

(अ) विद्यार्थीलाई रजिस्ट्रेसन फारामको नमुना प्रदर्शन गरी भर्ने तरिकाका बारेमा छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई भोलिपल्टको कक्षामा प्रस्तुत गर्ने गरी सिर्जना र परियोजना खण्डको प्रश्न न. २ मा आधारित भएर रजिस्ट्रेसन फाराम भरेर ल्याउन लगाउनुहोस् ।

(इ) आफ्नो पढाइ र लेखाइका बारेमा दुई जना साथीबिच हुने संवादको तयारी गर्न निर्देशन दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ उकार लागेका तीन तीन शब्द भन्न लगाउनुहोस् ।

(ख) तलका शब्दको बनोट प्रक्रिया देखाउन लगाउनुहोस् :
घरभित्र, सुन्धारा, पढेलेखेको, आजभोलि, दुईचार, भान्दाइ

(ग) तलको अनुच्छेदबाट द्वित्व भई बनेका शब्द पहिचान गरी बनोट देखाउन लगाउनुहोस् :
म भातसात खान्न भन्दै खेल्न हिँडेको छोरोलाई बुबाले सबैले आआफ्नो काम ठिक समयमा गर्नुपर्छ । समय समयमा खेल्नुपर्छ । कसैसित झैझगडा गर्नुहुँदैन भनेर सम्झाउनुभयो ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| संवाद लेखन (सिर्जनात्मक कार्य) | दिइएको शीर्षकमा आधारित भई संवाद रचना गर्न | • संवादको नमुना<br>• छोटो संवादात्मक दृश्य सामग्री<br>• रजिस्ट्रेसन फाराम भरेको नमुना |
| रजिस्ट्रेसन फाराम भरण (परियोजना कार्य) | रजिस्ट्रेसन फाराम भरेर कक्षामा प्रस्तुत गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै छोटो लघु नाटक देखाएर वा विद्यार्थीसँग कुनै विषयमा कुराकानी गरेर कक्षामा सिकाइ सहजीकरणको वातावरण तयार पार्नुहोस् ।

(आ) विद्यार्थीसँग अगिल्लो दिन तयारी गर्न दिइएका विषयवस्तुबारे छलफल गरेर आजको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**संवाद रचना (सिर्जना कार्य**

(अ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा वर्गीकरण गरी सिर्जना र परियोजना खण्डको अभ्यास १ को प्रश्न पढ्न लगाउनुहोस । पूर्व ज्ञान र अभ्यासका आधारमा संवाद रचना गर्ने तरिका सिकाउनुहोस् । संवादमा समेटिनुपर्ने आवश्यक तत्त्वबारे छलफल गर्नुहोस् ।

(आ) संवादमा पात्र, परिवेश, पात्रका गतिविध, संवादका क्रममा हुने विषयवस्तुको क्रमबद्ध प्रस्तुति एवम् निष्कर्ष आदिबारे छलफल गराउनुहोस् र निष्कर्ष निकाल्नुहोस् । यस क्रममा संवादको नमुना प्रस्तुत गरेर छलफल गराउनुहोस् ।

(इ) कक्षाका कुनै दुई वा तीन विद्यार्थीलाई कुनै विषय दिएर संवादात्मक प्रस्तुतीकरणका लागि अभिप्रेरित गर्नुहोस् । विद्यार्थीले संवाद प्रस्तुत गर्दा अन्य विद्यार्थीलाई ध्यानपूर्वक अवलोकन गरी आवश्यक प्रतिक्रिया दिन लगाउनुहोस् । प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ई) शिक्षकले तयार पारेर ल्याएको संवादको नमुना स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी सस्वर पठन गर्न लगाउनुहोस् र यसबारे छलफल गराउनुहोस् ।

(उ) विद्यार्थी समूहलाई अभ्यास १ मा दिइएको पढाइका बारेमा संवाद लेखनका लागि आवश्यक बुँदा तयार पार्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) प्रत्येक समूहबाट रचना भएका संवाद कक्षामा हाउभाउसहित समूह समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

### रजिस्ट्रेसन फाराम भरण (परियोजना कार्य)

(अ) अगिल्लो दिन गरिएको छलफल र कार्य विभाजनअनुसार विद्यार्थीलाई आआफ्नो समूहमा राख्नुहोस् । अगिल्लो दिन भर्न दिइएको रजिस्ट्रेसन फाराम भरे नभरेको निर्क्योल गरी छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीले भरेर ल्याएका फाराम समूहमा छलफल गर्न र आपसमा रुजु गर्न लगाउनुहोस् ।

(इ) प्रतिनिधिमूलक रूपमा समूह समूहलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । सही रूपमा फाराम भरेमा ताली बजाएर हौसला प्रदान गर्नुहोस् । फाराम भर्ने क्रममा विद्यार्थीले कुनै त्रुटि गरेको वा सही भर्न नसकेको अवस्था भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) विद्यार्थीले भरेर ल्याएका फाराम केरमेट भए नभएको मूल्याङ्कन गरी उत्कृष्ट, मध्यम र सामान्य गरी वर्गीकरण गरिदिनुहोस्  र सामान्य फाराम भरेका विद्यार्थीलाई केरमेट नगरी फाराम भर्न र विवरण सही ठाउँमा लेख्न आवश्यक सहजीकरण र पृष्ठपोषण दिएर कक्षा समाप्त गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) सामाजिक सञ्जालको सदुपयोग विषयमा दुई जना साथीबिच संवाद गराउनुहोस्  ।

(ख) रजिस्ट्रेसन फारामको नमुना दिई फाराम भर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## लक्ष्मीप्रसाद देवकोटा

**पाठ ५**

**विधा : जीवनी** **कार्यघण्टा : ९**

### परिचय

'लक्ष्मीप्रसाद देवकोटा' जीवनीपरक पाठ हो । जीवनीमा समाज, राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको विभिन्न पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्री प्रस्तुत गरिन्छ । जीवनी शिक्षणबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ । जीवनी शिक्षणको मुख्य प्रयोजन भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति क्षमताको (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)को विकास गराउनु हो । यस विधा शिक्षणमार्फत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

यस जीवनीपरक पाठमा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र मौन पठन, शब्द उच्चारण र अर्थबोध, संरचना पहिचान, घटनाक्रम पहिचान, व्यक्तिवृत्त बोध, लक्ष्य निर्धारण, सन्देश बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । शब्दभण्डारअन्तर्गत सिङ्गो र सङ्क्षिप्त शब्दको पहिचान तथा प्रयोगसम्बद्ध सिकाइ क्षेत्र समेटिएको छ । अभिव्यक्ति क्षमता अभिवृद्धिका लागि घटनाक्रम टिपोट, प्रश्नोत्तर र व्याख्या, समीक्षात्मक लेखन, बुँदा टिपोट र सारांश लेखन, सार लेखन, व्यक्तिवृत्त लेखन, अनुकरणात्मक जीवनी लेखन, पाठक प्रतिक्रिया, सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सस्वर पठन र शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर,

शब्दभण्डार (सङ्क्षिप्त शब्द र सिङ्गो शब्द) संरचनाबोध सम्बद्ध प्रश्नोत्तर, घटनाक्रम पहिचान र मिलान, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या लेखन, समीक्षात्मक उत्तर लेखन, सार लेखन, बुँदा टिपोट र सारांश लेखन, व्यक्तिवृत्त लेखन, पाठक प्रतिक्रिया लेखन, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र अभिप्रेरणामा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत कारक र विभक्तिको पहिचान र प्रयोग तथा 'क्ष' र 'छ्य' को पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सिर्जना र परियोजना कार्यअन्तर्गत जीवनी सङ्कलन र प्रस्तुति, अनुकरणात्मक जीवनी लेखनमा जोड दिइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ ५ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ ५ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • राष्ट्रिय व्यक्तित्वमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-४)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र योगदानका आधारमा राष्ट्रिय व्यक्तित्व पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट छ्य/क्ष प्रयोग भई बनेका शब्द पहिचान गर्न | • राष्ट्रिय व्यक्तित्वका तस्बिर<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ५-८)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• मौन पठन र बोधात्मक | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेद मौन पठन | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | प्रश्नोत्तर | गरी बोधात्मक प्रश्नोत्तर गर्न | • प्रश्नोत्तरको नमुना चार्ट | |
| **तेस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ९-१२)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• सङ्क्षिप्त र सिङ्गो शब्दको पहिचान र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• सङ्क्षिप्त शब्द पहिचान गरी विस्तृत रूप लेख्न<br>• सिङ्गो शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• सङ्क्षिप्त शब्द र विस्तृत रूप तालिका<br>• सिङ्गो शब्द चार्ट<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| **चौथो दिन** | • संरचनाबोध सम्बद्ध प्रश्नोत्तर<br>• घटनाक्रम पहिचान र मिलान<br>• सङ्क्षिप्त उत्तर लेखन | • निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन<br>• घटनाक्रम पहिचान गरी मिलान गर्न<br>• निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • अनुच्छेद<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना | १ |
| **पाँचौँ दिन** | • व्याख्या लेखन<br>• समीक्षात्मक उत्तर लेखन<br>• सार लेखन | • निर्दिष्ट गद्यांश व्याख्या गर्न<br>• विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन<br>• पाठको सार लेख्न | • व्याख्याको नमुना<br>• बुँदा लेखिएको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना | १ |
| **छैटौँ दिन** | • बुँदा टिपोट र सारांश लेखन<br>• व्यक्तिवृत्त लेखन<br>• पाठक प्रतिक्रिया लेखन | • बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न<br>• व्यक्तिवृत्त तयार गर्न<br>• निर्दिष्ट भनाइप्रति सहमति वा असहमति प्रकट गर्दै पाठक प्रतिक्रिया दिन | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• व्यक्तिवृत्त नमुना चार्ट<br>• पाठक प्रतिक्रियाको नमुना चार्ट वा स्लाइड | १ |
| **सातौँ दिन** | • बोध प्रश्नोत्तर<br>• भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ ५) | • बोध प्रश्नोत्तर गर्न<br>• अभिप्रेरणामा आधारित भाषिक सञ्चार गर्न<br>• सुनाइ पाठ ५ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| **आठौँ दिन** | • कारक र विभक्तिको पहिचान र प्रयोग<br>• 'क्ष' र 'छ्य' को पहिचान र प्रयोग<br>• जीवनी सङ्कलन | • सरल र तिर्यक् कारक पहिचान र प्रयोग गर्न<br>• अर्थका आधारमा कारक र विभक्तिको पहिचान गर्न<br>• 'क्ष' र 'छ्य' प्रयोग भई बनेका शब्द पहिचान र प्रयोग गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• कारक र विभक्ति तालिका<br>• अनुच्छेदपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | (परियोजना कार्य) | • समाजका लागि योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गर्न | | |
| **नवौँ दिन** | • जीवनी लेखन र प्रस्तुति (परियोजना कार्य)<br>• अनुकरणात्मक जीवनी लेखन (सिर्जनात्मक कार्य) | • समाजका लागि योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गरी प्रस्तुति दिन<br>• दिइएका बुँदाका आधारमा तथा विशिष्ट व्यक्तिको जीवनका मुख्य मुख्य घटना सङ्कलन गरी जीवनी लेख्न | • जीवनीका बुँदा चार्ट वा स्लाइड<br>• जीवनीको नमुना चार्ट | १ |
| **जम्मा कार्यघण्टा** | | | | ९ |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| राष्ट्रिय व्यक्तित्वमा आधारित छलफल | चित्र र योगदानका आधारमा राष्ट्रिय व्यक्तित्व पहिचान गर्न | • राष्ट्रिय व्यक्तित्वका तस्बिर<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| सस्वर पठन ज्र शब्दोच्चारण<br>(अनुच्छेद १-४) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | |
| | निर्दिष्ट अनुच्छेदबाट छ्य/क्ष प्रयोग भई बनेका शब्द पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई लक्ष्मीप्रसाद देवकोटाको फोटो र सम्भव भएसम्म प्रोजेक्टरबाट साहित्यिक कृतिको दृश्य सामग्री देखाएर वा मोबाइलबाट उनको कुनै गीत सुनाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

(आ) जीवनी विधाका बारेमा सङ्क्षिप्त छलफल गराई सिकाइसम्बद्ध क्षेत्रमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**राष्ट्रिय व्यक्तित्वमा आधारित छलफल**

(अ) साहित्यिक, चिकित्सा, विज्ञान र प्रविधि, खेल, गायन आदि क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रसिद्धि कमाएका विशिष्ट व्यक्तित्वको तस्बिर प्रदर्शन गरी छलफल गर्नुहोस् ।

(आ) चित्रका आधारमा व्यक्तिको नाम र कामका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

(इ) साहित्यिक, चिकित्सा, विज्ञान र प्रविधि, खेल, गायन आदि क्षेत्रका व्यक्तिका बारेमा विद्यार्थीलाई धारणा राख्ने अवसर प्रदान गर्नुहोस् र यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई गति, यति मिलाई पढ्नुपर्ने, विराम चिह्नको ख्याल गरी पढ्नुपर्ने, हिज्जे (वर्णको लेख्य विन्यास) को ख्याल गरी पढ्नुपर्ने जस्ता विषयवस्तु जानकारी गराई शिक्षकले निर्दिष्ट पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) पाठको दोस्रो, तेस्रो र चौथो अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् । सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) पहिलो र दोस्रो अनुच्छेदमा रहेका उच्चारण र अर्थबोध अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द शिक्षकले सङ्कलन गर्नुहोस् ।

(ई) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परी शैक्षणिक पाटीमा रिपोट गरिएका कठिन शब्दहरू विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्दहरू : चिरस्मरणीय, समृद्ध, हर्षद्, श्लोक, हृदय, म्याट्रिकुलेसन आदि ।
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तैः

| | | |
|---|---|---|
| अधिष्ठात्री /अ.धिस्.ठात्.त्रि/ | सङ्ख्यात्मक /सङ्.ख्यात्.मक्/ | व्यङ्ग्य /ब्यङ्.ग्य/ |
| शीर्षक /सिर्.सक्/ | विद्वान् /बिद्.द्वान्/ | मुखाग्र /मु.खाग्.ग्र/ |

(उ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऊ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ऋ) समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) ती शब्दका अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका सहायताले वर्णन गरी अर्थ भन्नुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

युगपुरुष : युगनायक

समृद्ध : उन्नतिशील

अधिष्ठात्री : देवतामध्ये सबैभन्दा बढी मानिएकी देवी

हर्षद् : खुसीयाली क्षण

(इ) शुद्ध र स्पष्ट उच्चारणका लागि टिपोट गरिएका केही शब्द तथा शब्दको अर्थ सिक्नका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यमा प्रयोग गरी वाक्यपत्ती प्रदर्शन गरी सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । निर्माण गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

| **शब्द** | **पाठगत सन्दर्भ** | **वाक्यमा प्रयोग** |
|---|---|---|
| चिरस्मरणीय | विराट् प्रतिभाशाली र महान् कवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका अतुलनीय योगदान दिने चिरस्मरणीय स्रष्टा हुन् । | भूपी शेरचन नेपाली साहित्यका चिरस्मरणीय स्रष्टाका रूपमा चिनिन्छन् । |
| युगपुरुष | नेपालको प्रकृति, नेपाली धर्ती, नेपाली संस्कृति र नेपाली भाषा साहित्यलाई मुटुदेखि नै माया गर्दै साहित्य सिर्जना गर्ने देवकोटा नेपाली साहित्यका युगपुरुष हुन् । | भानुभक्त आचार्य नेपाली भाषा साहित्यका युगपुरुष हुन् । |
| समालोचक | त्यसो त देवकोटाले १० वर्षको उमेरमा नै कवितायात्राको थालनी गरेका कुरा समालोचकले स्विकारेका छन् । | समालोचक राजेन्द्र सुवेदीले देवकोटाको निबन्धकारिताको समालोचना गरेका छन् |

| | | |
|---|---|---|
| | | । |

(उ) प्रत्येक बेन्चका विद्यार्थीलाई एक एक समूहमा विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : अनवरत, समालोचक, अनुशिक्षण, नक्षत्र, आलोचना । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(आ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) पाठको तेस्रो अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(ई) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी ती प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् । जस्तै :

(क) लक्ष्मीप्रसाद देवकोटाले कुन कुन भाषामा कविता रचना गरे ?

(ख) देवकोटाले १५ मिनेटमा तयार पारेको कविताको शीर्षक के थियो ?

(ग) देवकोटालाई किन कोपिला कवि भनिएको हो ?

(घ) देवकोटाले कसरी शिक्षक र सहपाठीलाई चकित पारे ?

(ङ) अनुच्छेदबाट 'क्ष' प्रयोग भई बनेका तीनओटा शब्द टिपोट गर्नुहोस् ।

(ई) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई पाठको अनुच्छेद १ देखि ४ भित्रबाट छ्य/क्ष प्रयोग भई बनेका शब्द पहिचान गर्न लगाउनुहोस् । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

व्यङ्ग्य, संस्कृत, शीर्षक, मुखाग्र, नक्षत्र

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

हर्षद्, वरद, पावन, घनघोर, अनुशिक्षण

(ग) प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) लक्ष्मीप्रसाद देवकोटाको जन्म कहिले भएको थियो ?

(आ) लक्ष्मीप्रसाद देवकोटाको बाल्यकाल कसरी बित्यो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दोस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ५-८) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| मौन पठन र बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद मौन पठन गरी बोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर दिनुहोस् ।

(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले निर्दिष्ट पाठको पाचौँ अनुच्छेद सस्वर पठन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका छैटौँ, सातौँ र आठौँ अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गराउँदा विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) अरू विद्यार्थीलाई सस्वर पठनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी प्रस्ट उच्चारण नभएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ई) सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : असह्य, विह्वल, प्रख्यात, दूरदर्शिता आदि ।

(उ) ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

| | |
|---|---|
| असह्य /अ.सह्.य/ | विह्वल /बि.ह्वल्/ |
| प्रख्यात /प्र.ख्यात्/ | दूरदर्शिता /दुर्.दर्.सि.ता/ |

(ऊ) उच्चारण अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वर पठन प्रतियोगिता गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस्, जस्तै : स्वच्छन्द, समृद्ध, सिर्जित, छन्द, गहकिला ।

(इ). शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् । जस्तै

| | | |
|---|---|---|
| स्वच्छन्द | : | स्वस्फूर्त |
| समृद्ध | : | उन्नत, धनधान्य आदिले सम्पन्न |
| सिर्जित | : | सिर्जना गरिएको |

(उ) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माणसम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| स्वच्छन्द | उनले लेखेका रचनामा आफन्तको मृत्युबाट सिर्जित वेदनाका साथै प्रकृतिको स्वच्छन्द र भावमय वर्णन पाइन्छ । | माधवप्रसाद घिमिरेका कविता प्रकृतिसम्बद्ध स्वच्छन्द विचार सम्प्रेषण भएको पाइन्छ । |
| लोकभाका | अरू कविको नजरबाट ओझेल परेको झ्याउरे छन्द अर्थात् लोकभाकालाई 'मुनामदन' मार्फत | आमाले लोकभाकामा गीत गाएर सुनाउनुभयो । |

| | | |
|---|---|---|
| | देवकोटाले नै शिखरमा पुऱ्याएका थिए । | |

(ऊ). शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : शङ्खनाद, निरङ्कुशता, खण्डकाव्य, उपन्यास, आन्दोलन आदि । तीमध्ये कुनै तीनओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## मौन पठन र बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठको पाँचौँ अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(आ) मौन पठनका आधारमा दिइएका वाक्य ठिक बेठिक छुट्याउन सिकाउनुहोस् ।

(क) देवकोटाले जीवनमा पारिवारिक वियोगका असह्य पीडा खप्नुपऱ्यो ।

(ख) उनले वि.स. १९९२ असार २४ गते उनले आमा अमर राज्यलक्ष्मीदेवीलाई गुमाउनुपऱ्यो ।

(ग) उनको जीवनमा आइपरेका कहाली लाग्दा पीडाले उनलाई विह्वल बनायो ।

(घ) उनले साहित्य सिर्जना यात्रालाई अगि बढाइरहे ।

(इ) ठिक बेठिक छुट्याउने अभ्यासपश्चात् बेठिक वाक्यलाई ठिक बनाएर पुनर्लेखन गर्न लगाउनुहोस् ।

(ई) निर्दिष्ट अनुच्छेदभित्रका मुख्य मुख्य विषयवस्तु पालैपालो भन्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस्, जस्तै :

(क) उनका रचनामा वेदनाका साथै प्रकृतिको स्वच्छन्द र भावमय वर्णन पाइने

(ख) देवकोटा नेपाली भाषा साहित्यका स्वच्छन्दतावादी साहित्यकार

(ग) उनका 'शाकुन्तल', 'सुलोचना', 'महाराणा प्रताप' 'प्रमिथस' आदि प्रसिद्ध महाकाव्य, 'मुनामदन', 'कुञ्जिनी' र 'लुनी' जस्ता दर्जनौँ खण्डकाव्य लेखेका

(घ) कविता, निबन्ध, नाटक र उपन्याससमेत प्रकाशित

(ङ) नेपाली भाषा साहित्यमा सर्वोत्कृष्ट कविका रूपमा प्रख्यात

(च) प्रशस्त र गहकिला कविता, खण्डकाव्य, महाकाव्य जस्ता रचनाले गर्दा उनी महाकविका रूपमा सम्मानित

(उ) अन्य अनुच्छेदबाट शिक्षकले ठिक बेठिक छुट्याउने वा खाली ठाउँ भर्ने वा बहुवैकल्पिक प्रश्न तयार गरी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) शिक्षकले सरल र तिर्यक् कारकका उदाहरण प्रदर्शन गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई आठौँ अनुच्छेदबाट चार चारओटा सरल र तिर्यक् कारक टिपोट गर्न लगाउनुहोस् । टिपोटका क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

| सरल कारक | तिर्यक् कारक |
|---|---|
| | |

| | |
|---|---|
| (क) मनिषा पोखरा बस्छिन् ।<br><br>(ख) ऊ कलम र कापी बोकेर विद्यालय गयो । | (क) मनिषाले पोखरामा पसल खोलेकी छन् ।<br><br>(ख) उसले कलमले कापीमा लेख्यो । |

(ञ) विद्यार्थीलाई उनीहरूले टिपोट गरेका सरल र तिर्यक् कारकका उदाहरण प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । मिले नमिलेको यकिन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

निरङ्कुशता, सर्वोत्कृष्ट, विद्रोह, शाकुन्तल

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

जीवनयात्रा, महाकाव्य, प्रजातान्त्रिक, मानवता

(ग) दिइएको अनुच्छेदबाट तीन तीनओटा सरल र तिर्यक् कारक पहिचान गर्न लगाउनुहोस् :

उनले नेपालको उच्चपदस्थ शिक्षा मन्त्री जस्तो गहन जिम्मेवारी वहन गरेका थिए । उनी नेपाल एकेडेमीको प्राज्ञ र त्रिभुवन विश्वविद्यालयको कमिसन सदस्य पनि बने । पदको शिखरमा पुग्दा होस् वा पदमा नरहँदा होस् उनको साहित्यकार व्यक्तित्व कहिल्यै मुर्झाएन, जहिलेसुकै फक्रिरह्यो, फुलिरह्यो । कविता, गीत, निबन्ध, नाटक, उपन्यासलगायत थुप्रै रचनाका फूल उनको सिर्जनाको बारीमा निरन्तर फुलिरहे ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण<br><br>(अनुच्छेद ९-१२) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• सङ्क्षिप्त शब्द र विस्तृत रूप तालिका<br>• सिङ्गो शब्द चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| सङ्क्षिप्त शब्द र सिङ्गो शब्द पहिचान र प्रयोग | सङ्क्षिप्त शब्द पहिचान गरी विस्तृत रूप लेख्न | |

| | | |
|---|---|---|
| | सिङ्गो शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न | • प्रश्नोत्तरको नमुना चार्ट |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

(अ) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका नवौँ, दसौँ, एघारौँ र बाह्रौँ अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गराउँदा विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(आ) अरू विद्यार्थीलाई सस्वर पठनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी उच्चारणमा अप्ठ्यारो लागेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(इ) सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : मानवतावादी, शुभचिन्तक, स्मरणशक्ति, शृङ्खला, उद्दीप्त, सारगर्भित, प्रताडित

(ई) शैक्षणिक पाटीमा टिपिएका शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

मानवतावादी /मा.नब्.ता.बा.दि/ शुभचिन्तक /सु.भ.चिन्.तक्/

स्मरणशक्ति /स्म.रन्.सक्.ति/ शृङ्खला /सृङ्.ख.ला/

(उ) विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वर पठन प्रतियोगिता गराउनुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : पहलकदमी, ओजस्वी, परिवेष्टित, जलबिन्दु, अनवरत, मन्त्रमुग्ध ।

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् । शब्दार्थ जोडा मिलाउने अभ्यास गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

| **शब्द** | **अर्थ** |
|---|---|
| विराट् | दु:ख, चिन्ता आदिका कारण शान्ति नभएको |
| सहपाठी | लगातार |
| विह्वल | अर्को व्यक्ति नभएको |
| सर्वोत्कृष्ट | एउटै कक्षामा साथसाथै पढ्ने |
| निरन्तर | ज्यादै ठुलो |
| अद्वितीय | अग्रसरता |
| | सबैभन्दा उत्कृष्ट |

(ई) शब्दभण्डार खण्डअन्तर्गतको क्रियाकलाप १ को शब्दार्थ अभ्यास गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) अर्थयुक्त वाक्य निर्माणसम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

| **शब्द** | **पाठगत प्रयोग** | **वाक्यमा प्रयोग** |
|---|---|---|
| प्रजातन्त्र | मुलुकमा जति वेला प्रजातन्त्र प्राप्तिका लागि क्रान्तिको आगो सल्कँदै थियो, त्यति वेला उनले पनि विद्रोहको बाटो समाते । | नागरिकले प्रजातन्त्रमा मौलिक अधिकार प्राप्त गर्छन् । |
| स्वर्णकाल | नेपाली भाषानुवाद परिषद्मा नेपाली पुस्तक लेखकका रूपमा जागिरे भएपछि लेखन यात्राको स्वर्णकाल रह्यो । | वि.सं. २०७० को दशक सञ्चार र प्रविधिका क्षेत्रमा स्वर्णकाल रह्यो । |

(ऊ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पुन: शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : पठनपाठन, देहवसान, मन्त्रमुग्ध, भुलभुलैया, नवजात, त्रिमूर्ति आदि । तीमध्ये कुनै तीनओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सङ्क्षिप्त शब्द र सिङ्गो शब्द पहिचान र प्रयोग

(अ) शिक्षकले सङ्क्षिप्त शब्द र त्यसको पूरा रूपको चार्ट वा स्लाइट प्रदर्शन गरी सङ्क्षिप्त शब्दका बारेमा समूहमा छलफल गराउनुहोस् । जस्तै :

| **सङ्क्षिप्त शब्द** | **पूरा रूप** |
|---|---|
| मावि | माध्यमिक विद्यालय |
| रासस | राष्ट्रिय समाचार समिति |
| प्रजिअ | प्रमुख जिल्ला अधिकारी |
| पाविके | पाठ्यक्रम विकास केन्द्र |

(आ) शब्दभण्डार खण्डको क्रियाकलाप २ मा दिइएको अनुच्छेद प्रदर्शन गरी रेखाङ्कित शब्दका बारेमा छलफल गराउनुहोस् । रेखाङ्कित सङ्क्षिप्त शब्दको पूरा रूप विद्यार्थीलाई भन्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) शब्दभण्डार खण्डको क्रियाकलाप २ मा दिइएको अनुच्छेदमा दिइएको सङ्क्षिप्त शब्दको ठाउँमा त्यसको पूरा रूप राखी अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । लेखनका क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । लेखनपश्चात् प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ई) शिक्षकले तयार पारेको अनुच्छेद प्रदर्शन गरी सङ्क्षिप्त शब्द र पूरा रूपबारे थप स्पष्ट पारिदिनुहोस् । जस्तै :

प्रश्न : रापबोले यस वर्षको नतिजा सार्वजनिक गऱ्यो । पाविकेले अर्को वर्ष नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक जशिसाकेलिबाट छापिने बताएको छ । सो समाचार राससबाट प्रकाशित भएको थियो । विद्यालय शिक्षामा गुणस्तर वृद्धि भएपश्चात् उच्च शिक्षामा पनि गुणस्तर वृद्धि हुने कुरा त्रिविका उपकुलपतिले बताएका छन् ।

उत्तर : राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको नतिजा सार्वजनिक गऱ्यो । पाठ्यक्रम विकास केन्द्रले अर्को वर्ष नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र लिलिमिटेडबाट छापिने बताएको छ । सो समाचार राष्ट्रिय समाचार समितिबाट प्रकाशित भएको थियो । विद्यालय शिक्षामा गुणस्तर वृद्धि भएपश्चात् उच्च शिक्षामा पनि गुणस्तर वृद्धि हुने कुरा त्रिभुवन विश्वविद्यालयका उपकुलपतिले बताएका छन् ।

(उ) शिक्षकले सिङ्गो शब्द र अर्थ चार्ट प्रदर्शन गरी समूहमा छलफल गराउनुहोस् । जस्तै :

| **सिङ्गो शब्द** | **अर्थ** |
|---|---|
| आशुकवि | तुरुन्तै कविता रचना गर्न सक्ने |
| उपकारी | अर्काको उपकार गर्ने |

| | |
|---|---|
| मृदुभाषी | मिठो बोल्ने |
| चिरञ्जीवी | सधैँ बाँचिरहने |
| दूरदर्शी | पछिको कुरा थाहा पाउन सक्ने |
| समकालीन | उही समयको |
| | सय वर्षको अवधि |

(ऊ) सिङ्गो शब्द र तिनको प्रयोगबारे स्लाइड वा चार्टपेपर प्रदर्शन गरी थप छलफल गराउनुहोस् । जस्तै :

- क्षितिज : आकाश र पृथ्वी जोडिए जस्तो देखिने ठाउँ
  प्रयोग : पूर्वी **क्षितिज**बाट घाम उदाइसक्यो ।
- अद्योपान्त : सुरुदेखि अन्तिमसम्म
  प्रयोग : रमिलाले नेपाली पुस्तक **आद्योपान्त** पढिछन् ।

(ऋ) शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएको अनुच्छेद प्रदर्शन गरी समूहमा सिङ्गो शब्द पहिचान गर्न लगाउनुहोस् । पालैपालो पहिचान गरिएका सिङ्गो शब्द प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । मिले नमिलेको यकिन गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ए) विद्यार्थी समूहलाई सिङ्गो शब्दलाई वाक्यमा प्रयोग गर्न आवश्यक समय दिनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थी सङ्ख्याका आधार समूह निर्धारण गर्नुहोस् । पाठको अन्तिम अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(आ) मौन पठनका आधारमा छुटेका शब्द भरी वाक्य पुनर्लेखन गर्न लगाउनुहोस् ।

(क) देवकोटाको कवित्व प्रतिभा, कविताको ........ मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय छ ।

(ख) प्रतिभा, रचना परिमाण र उत्कृष्ट गुणस्तरका दृष्टिले देवकोटा ....... कवि मानिएका छन् ।

(ग) देवकोटाको देहावसानपछि वि.सं. ........ मा 'त्रिभुवन पुरस्कार' प्रदान गरी सम्मानित गऱ्यो ।

(इ) समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) अन्य अनुच्छेदबाट शिक्षकले ठिक बेठिक छुट्याउने वा बहुवैकल्पिक प्रश्न तयार गरी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) शब्दार्थ जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| युगपुरुष | हालको एसइई सरहको परीक्षा |
| नक्षत्र | चारैतिरबाट घेरिएको |

| | |
|---|---|
| जीवन | मान, सम्मान प्राप्त |
| धडाधड | कुनै निश्चित समयसीमाभित्र महान् व्यक्तित्व स्थापित गर्न सफल व्यक्ति |
| म्याट्रिकुलेसन | चाँडो चाँडो काम सिध्याउने गरी, सरासर, धमाधम |
| प्रज्वलित | हार्दिकतापूर्वक गरिएको सहयोग |
| परिवेष्ठित | ज्योतिष शास्त्रअनुसार मानिसका असलखराब अवस्थाका स्थापक |
| | शरीरमा प्राण रहेसम्मको अवस्था |
| | एकदम बलेको, दन्केको |

(ख) अनुच्छेदमा प्रयोग भएका सङ्क्षिप्त शब्दको पूरा रूप लेखी अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् :

राससका पत्रकार मोहन प्रमको अन्तर्वार्ता लिएर घर गए । उनकी श्रीमती रमा जनता माविमा प्रअ थिइन् । विव्यसको बैठक सकेर निस्कँदा उनलाई ढिलो भएछ । बाटामा त्रिविका उपप्राध्यापक दावासँग र प्रजिअ रमेशसँग रमाको भेट भएछ । उनीहरू एकछिन कुराकानी गरेर आआफ्ना घरतिर लागेछन् । रमा घर पुग्दा पत्रकार मोहन गोपमा प्रकाशित समाचार पढेर बसेका रहेछन् ।

(ग) सिङ्गो शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यमा बहुमुखी प्रतिभाशाली अद्वितीय व्यक्तित्वका रूपमा उदाए । उनी नेपाली साहित्यमा महाकाव्य अवतरण गराउने भगीरथ भए र आधा दर्जन महाकाव्यको रचना गरी नेपाली साहित्यको आइसल्यान्डमा महाकाव्यरूपी नागदेवतालाई उतारेर उनले असम्भवलाई सम्भव पारेर देखाइदिए ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| संरचनाबोध सम्बद्ध प्रश्नोत्तर | निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन | • अनुच्छेद<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना |
| घटनाक्रम पहिचान र मिलान | घटनाक्रम पहिचान गरी मिलान गर्न | |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**संरचनाबोधसम्बद्ध प्रश्नोत्तर**

(अ) जीवनीको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । जस्तै : शीर्षक, सामान्य परिचय, योगदान, सम्मान तथा पुरस्कार, मूल्याङ्कन आदि ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(इ) शिक्षकले तयार पारेको जीवनीको संरचनासम्बद्ध सामग्री कक्षामा प्रस्तुत गरी छलफल चलाउनुहोस् ।

| | | |
|---|---|---|
| जस्तै | : | **शीर्षक** |
| **आदि भाग** | : | जन्म, जन्मस्थान, मातापिता र बाल्यकाल |
| | | पारिवारिक जीवन र शिक्षादीक्षा |
| | | सम्बन्धित क्षेत्रमा लाग्ने सत्प्रेरणा |
| **मध्य भाग** | : | व्यक्तिगत स्वभाव र रुचिक्षेत्र |
| | | प्रकाशित कृति |
| | | विशिष्ट कार्य वा योगदानहरूको विश्लेषणात्मक प्रस्तुतीकरण |
| | | मान, पदवी |
| **अन्त्य भाग** | : | मूल्याङ्कन, आत्मधारणासँगै समापन |

(ई) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । समूहमा बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ संरचना बोधसम्बद्ध प्रश्नोत्तर छलफल गराउनुहोस् । जस्तै :

(क) लक्ष्मीप्रसाद देवकोटा जीवनीमा देवकोटाको बाल्यकालको वर्णन कुन अनुच्छेदमा गरिएको छ ?

उत्तर : 'लक्ष्मीप्रसाद देवकोटा' जीवनीमा देवकोटाको बाल्यकालको वर्णन दोस्रो अनुच्छेदमा गरिएको छ ।

(ख) जीवनीको अन्तिम अनुच्छेदको सार वाक्य कुन हो ?

(ई) समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## घटनाक्रम पहिचान र मिलान

(अ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रका कुनै विशिष्ट व्यक्तिको जीवनका मुख्य घटनाको सूची उदाहरणका रूपमा प्रस्तुत गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

(आ) लक्ष्मीप्रसाद देवकोटाका जीवनमा घटेका मुख्य मुख्य घटना आउने गरी प्रश्न बनाएर विद्यार्थीलाई सोध्नुहोस्, जस्तैः (क) लक्ष्मीप्रसाद देवकोटाको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) लक्ष्मीप्रसाद देवकोटा कहिले दरबार हाइस्कुलमा भर्ना भए ?

(ग) लक्ष्मीप्रसाद देवकोटाले प्रवेशिका र आइएस्सी कहिले उत्तीर्ण गरे ?

(घ) लक्ष्मीप्रसाद देवकोटा कहिले शिक्षामन्त्री बने ?

(इ) विद्यार्थीले बताएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका मुख्य घटना विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएका घटनाअनुसारको मिति पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा मिति र जीवनका घटनाको नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । जस्तै :

| | |
|---|---|
| लक्ष्मीप्रसाद देवकोटाको जन्म | वि.सं. १९६६ |
| मनदेवी चालिसेसँग विवाह | वि.सं. १९८१ |
| म्याट्रिकुलेसन परीक्षा उत्तीर्ण | वि.सं. १९८२ |
| आइएस्सी परीक्षा उत्तीर्ण | वि.सं. १९८५ |
| अङ्ग्रेजी पढ्न दरबार हाइस्कुलमा भर्ना | वि.सं. १९७७ |
| अफ्रो एसियाली लेखक सम्मेलनमा सहभागिता | वि.सं. २०१५ |
| डा. केआई सिंहको मन्त्रीमण्डलमा शिक्षा मन्त्रीमा नियुक्त | वि.सं. २०१३ |

## सङ्क्षिप्त उत्तर लेखन

(अ) सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गरी शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) शिक्षकले सङ्क्षिप्त उत्तरात्मक प्रश्न र उत्तरको नमुना स्लाइड वा चार्टपेपरमा प्रस्तुत गरी छलफल गराउनुहोस्, जस्तै :

**प्रश्न : लक्ष्मीप्रसाद देवकोटाको बाल्यकाल कसरी बितेको थियो ?**

**उत्तरका लागि मुख्य मुख्य बुँदा**

(अ) देवकोटाको जन्म १९६६ सालमा काठमाडौँमा भएको

(आ) उनको जन्म पठित र शिक्षित परिवारमा भएकाले घरमा नै पठनपाठनको वातावरण रहेको

(इ) देवकोटाले संस्कृतका विद्वान् एवम् कवि बाबुबाट घरमै संस्कृत अध्ययन गर्न पाएका

(ई) देवकोटाले १० वर्षकै उमेरदेखि कविता लेख्न थालेका

(उ) ११ वर्षको उमेरमा दरबार हाइस्कुलको पञ्चम श्रेणीमा भर्ना भएका

(ऊ) आमाबुबा, दाजु र दिदीका काखमा देवकोटाको बाल्यकाल सुखद् रहेको

**नमुना उत्तर**

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ मा भएको थियो । उनको जन्म पठित र शिक्षित परिवारमा भएकाले घरमा नै पठनपाठनको वातावरण रहेको थियो । संस्कृतका विद्वान् एवम् कवि बाबुबाट घरमै संस्कृत अध्ययन गर्न पाए । देवकोटाले १० वर्षकै उमेरदेखि कविता लेख्न थाले । ११ वर्षको उमेरमा दरबार हाइस्कुलको पञ्चम श्रेणीमा भर्ना भए । यसरी खेल्दै , पढ्दै, कविता लेख्दै आमाबुबा, दाजु र दिदीका काखमा देवकोटाको बाल्यकाल बितेको थियो ।

(इ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ६ मा दिइएको सङ्क्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा छलफल गर्न निर्देशन दिई विद्यार्थीलाई कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थीले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर दिनुहोस् ।

(उ) तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) लक्ष्मीप्रसाद देवकोटाका जीवनका कुनै पाँचओटा मुख्य घटना भन्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :

(अ) लक्ष्मीप्रसाद देवकोटाको व्यक्तिगत जीवनमा कस्ता कस्ता उतारचढाव आए, उनको जीवनीका आधारमा लेख्नुहोस् ।

(आ) देवकोटामा रहेको देशप्रेम र क्रान्ति चेतनाको वर्णन गर्नुहोस् ।

(इ) 'देवकोटा नेपाली साहित्यका महाकवि हुन्' भन्ने भनाइलाई जीवनीका आधारमा पुष्टि गर्नुहोस् ।

(ई) देवकोटालाई आशुकविका रूपमा चिनाउनुहोस् ।

(उ) लक्ष्मीप्रसाद देवकोटाको जीवनीबाट कस्तो सन्देश पाइन्छ, लेख्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट गद्यांश व्याख्या गर्न | • व्याख्याको नमुना<br>• बुँदा लेखिएको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना |
| समीक्षात्मक उत्तर लेखन | विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | |
| सार लेखन | पाठको सार लेख्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित
गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**व्याख्या लेखन**

(अ) व्याख्या लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) व्याख्या लेखनका बारेमा समूहमा थप छलफल गराउनुहोस् । सामूहिक छलफलपश्चात् वैयक्तिक रूपमा व्याख्या लेखनको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ मा दिइएका व्याख्या लेखनसम्बद्ध प्रश्न तथा अन्य सम्भावित प्रश्नका बारेमा छलफल गराउनुहोस् । जस्तै :

(क) मानिसको सेवा नै ईश्वरको सच्चा सेवा र पावन पूजा हो ।

(ख) हिउँको माझमा जन्मेको हाम्रो साहित्य कहिल्यै पनि एउटै पर्वतशृङ्खलाको भुलभुलैयामा बिलाउने छैन ।

(ई) समूहमा निर्दिष्ट प्रश्नमा केन्द्रित भएर व्याख्याका सम्भावित बुँदा तयार पार्न लगाउनुहोस् । तयार पारिएका बुँदा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(उ) निर्दिष्ट प्रश्नमा आधारित भई व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## समीक्षात्मक उत्तर लेखन

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् । जस्तै :

(क) लामो उत्तर परिचय, उत्तर र निष्कर्ष खण्डमा संरचित हुन्छ ।

(ख) परिचय खण्डमा पाठको परिचयसहित पाठको सन्दर्भ र प्रश्नमा प्रवेश गरेर तयार गरिन्छ ।

(ग) उत्तर खण्डमा प्रश्नमा केन्द्रित भएर पाठको क्रमशः विश्लेषण गरिन्छ । तर्कपूर्ण र विश्लेषणात्मक शैलीमा भावको समीक्षा गरिन्छ ।

(घ) निष्कर्ष खण्डमा उत्तरको निष्कर्ष, भाषाशैली र आफ्ना विचारसहित उत्तरको समापन गरिन्छ ।

(आ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । साथी साथी मिलेर पाठ पढी लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक योगदानसम्बद्ध प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

(ई) लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक योगदानसम्बद्ध शिक्षकले तयार पारेका नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउनुहोस् । जस्तै :

**समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य बुँदाहरू**

(क) देवकोटाले १० वर्षको उमेरमा नै कविता रचना गरेका

(ख) देवकोटाले नेपाली काव्य विधाअन्तर्गत फुटकर कविता, खण्डकाव्य र महाकाव्यमा कलम चलाएका

(ग) देवकोटाका कवितामा प्रकृतिको चित्रण हुने

(घ) देवकोटाको मानवतावादी चिन्तनको प्रभाव साहित्यिक कृतिमा समेत देखिने

(ङ) देवकोटालाई आशुकविसमेत भनिने

(च) देवकोटाले काव्य विधाका अतिरिक्त निबन्ध, नाटक र उपन्यास विधामा पनि कलम चलाएका

(छ) सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले देवकोटा सशक्त साहित्यकार

(ज) देवकोटाले अन्तर्राष्ट्रिय साहित्य सम्मेलनमा सहभागिता जनाएर नेपाली साहित्यको चिनारी बढाएका

(झ) नेपाली साहित्य, सङ्गीत तथा संस्कृतिको विकासका लागि प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय भूमिका खेलेका

(ञ) जीवनभर नेपाली साहित्यको सेवा गर्ने अमर पुत्र

(उ) बुँदाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

(ऊ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ऋ) शिक्षकले तयार पारेको नमुना उत्तर प्रस्तुत गरी समीक्षात्मक उत्तर लेखनसम्बन्धी अवधारण थप प्रस्ट पारिदिनुहोस् । जस्तै :

**(क) लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको समीक्षा गर्नुहोस् ।**

उत्तर : नेपाली साहित्यका शिखर पुरुष लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्तिक २७ गते भएको थियो । लक्ष्मीपूजाका दिन जन्मेका देवकोटाको नाम लक्ष्मीप्रसाद राखिए पनि उनी सरस्वतीका वरद पुत्र बने । देवकोटाले आफ्ना निबन्धमा आफू शान्त, सुशील, आज्ञाकारी र सन्तोषी स्वभावको रहेको कुरा व्यक्त गरेका छन् । युवा अवस्थामा देवकोटा बाल्यकालका झैँ दयालु, उदार र अति शिष्ट व्यक्तिका रूपमा चिनिन्थे । दीनदुःखी मानिसलाई भेटे भने सर्वस्व दिनसमेत पछि नपर्ने उनको हृदय अत्यन्तै कोमल थियो । उनी वि.सं. १९७७ मा दरबार हाइस्कुलमा पञ्चम श्रेणीमा भर्ना भए । त्यही अङ्ग्रेजी भाषाप्रतिको चासो र व्यङ्ग्य समेटी पछि उनले 'हाइहाइ अङ्ग्रेजी' निबन्ध लेखेका थिए ।

दरबार हाइस्कुल पढ्दादेखि नै कविता लेख्न सुरु गरेका देवकोटाले त्यसै वेला अङ्ग्रेजीमा कविता लेखेर समस्त शिक्षक र सहपाठी साथीलाई चकित पारिदिन्थे । उनले साथीहरूकै अगाडि १५ मिनेटमा 'दरबार स्कुल' शीर्षकको कविता रचना गरी सुनाए । देवकोटाले १० वर्षको उमेरमा नै कवितायात्राको थालनी गरेका कुरा समालोचकले स्विकारेका छन् । वि.सं. १९८२ मा उनले म्याट्रिकुलेसन परीक्षा र वि.सं. १९८७ मा बिए उत्तीर्ण गरे । देवकोटाले जीवनमा पारिवारिक वियोगका समय लेखेका रचनामा आफन्तको मृत्युबाट सिर्जित वेदनाका साथै प्रकृतिको स्वच्छन्द र भावमय वर्णन पाइन्छ । उनका 'शाकुन्तल', 'सुलोचना', 'महाराणा प्रताप' 'प्रमिथस' आदि प्रसिद्ध महाकाव्य हुन् । उनले 'मुनामदन', 'कुञ्जिनी' र 'लुनी' जस्ता दर्जनौँ खण्डकाव्य लेखे । उनले 'यात्री', 'पागल' र 'प्रभुजी मलाई भेँडो बनाऊ' जस्ता सयौँ कविता लेखे । उनले लेखेका सारै गहकिला निबन्ध 'लक्ष्मी निबन्ध सङ्ग्रह' 'दाडिमको रुखनेर' मा सङ्कलित छन् । उनको एउटा 'सावित्री सत्यवान्' भन्ने नाटक र 'चम्पा' उपन्याससमेत प्रकाशित छ ।

देवकोटाले लगातार चार दशकसम्म विभिन्न विधाका दर्जनौँ साहित्यिक कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध तुल्याए । अरू कविको नजरबाट ओझेल परेको झ्याउरे छन्द अर्थात् लोकभाकालाई 'मुनामदन' मार्फत देवकोटाले नै शिखरमा पुऱ्याएका थिए । आफ्नो जीवन अवधिमा उनले कविताका क्षेत्रमा ७०० जति फुटकर कविताका साथै आधा दर्जन महाकाव्य रचना गरे । यिनै योगदानका कारण उनी नेपाली भाषा साहित्यमा सर्वोत्कृष्ट कविका रूपमा प्रख्यात छन् । प्रशस्त र गहकिला कविता, खण्डकाव्य, महाकाव्य जस्ता रचनाले गर्दा उनी महाकविका रूपमा सम्मानित छन् । उनले उत्कृष्ट खालका महाकाव्य र खण्डकाव्यका साथै थुप्रै कविता, गीत, बालकविता, कथा र निबन्धहरू रचना गरेका छन् ।

देवकोटाले विद्रोहको बाटो समाते । उनी वि.सं. २००४ मा प्रजातान्त्रिक आन्दोलनमा संलग्न भए । 'युगवाणी' पत्रिकामार्फत निरङ्कुशता विरुद्ध युगले चाहेको विद्रोहको वाणी फुके । उनी २०१३ सालमा डा. के.आई. सिंहको मन्त्रीमण्डलमा शिक्षामन्त्री बने । पदको शिखरमा पुग्दा होस् वा पदमा नरहँदा होस् कविता, गीत, निबन्ध, नाटक, उपन्यासलगायत थुप्रै रचनाका फूल उनको सिर्जनाको बारीमा निरन्तर फुलिरहे ।

देवकोटाको साहित्य सिर्जना यात्रा विचार र सिर्जनात्मक प्रवृत्तिका दृष्टिले पनि आरोह अवरोहपूर्ण रह्यो । सुरुमा संसारलाई घनघोर दुःखसागर ठान्ने देवकोटाले मानव सेवालाई धर्म र कर्मलाई ईश्वरको पूजा ठान्दै 'भिखारी' कवितामा मानवतावाद र कर्मवादको शङ्खनाद गरे । त्यस्तै 'जरुर साथी म पागल' भन्ने 'पागल' कविताका देवकोटा 'प्रभुजी मलाई भेडो बनाऊ' भन्ने कवितामा विद्रोही कविका रूपमा देखिन्छन् । खहरे झैँ गडगडाएर स्वच्छन्द बगेका 'शाकुन्तल' का देवकोटा; प्रेम, मानवता र उदारता प्रकट गर्ने 'मुनामदन' का देवकोटाको भव्य र उदात्त रूप नेपाली साहित्यमा परिचित छ ।

## सार लेखन

(अ) शिक्षकले लक्ष्मीप्रसाद देवकोटा जीवनीपरक पाठको मुख्य मुख्य विषयवस्तुका बारेमा समूहमा छलफल गराउनुहोस् ।

(आ) पाठका प्रत्येक अनुच्छेदका मुख्य विषयवस्तु रेखाङ्कन गर्न र रेखाङ्कित विषयवस्तु आदि, मध्य, अन्त्यको शृङ्खलामा टिपोट गर्न लगाउनुहोस् ।

(इ) टिपोट गरिएका विषयवस्तु प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । प्रस्तुत बुँदाहरूका आधारमा छलफल गर्न लगाई आवश्यकताअनुसार सबलीकरण गरिदिनुहोस् ।

(ई) शिक्षकले तयार पारेका मुख्य मुख्य विषयवस्तुको स्लाइड वा चार्ट प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(उ) छलफलबाट प्राप्त निष्कर्षलाई छोटकरीमा लेख्न दिई पाठसार तयार गर्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) व्याख्या गर्न लगाउनुहोस् :

मानिसको सेवा नै ईश्वरको सच्चा सेवा र पावन पूजा हो ।

(ख) लक्ष्मीप्रसाद देवकोटाको जीवन सङ्घर्ष र राष्ट्रिय योगदानलाई समीक्षा गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बुँदा टिपोट र सारांश लेखन | बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• व्यक्तिवृत्त नमुना चार्ट<br>• पाठक प्रतिक्रियाको नमुना चार्ट वा स्लाइड |
| व्यक्तिवृत्त लेखन | व्यक्तिवृत्त तयार गर्न | |
| पाठक प्रतिक्रिया लेखन | निर्दिष्ट भनाइप्रति सहमति वा असहमति प्रकट गर्दै पाठक प्रतिक्रिया दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) सम्भव भएसम्म प्रोजेक्टरबाट दृश्य सामग्री देखाएर वा मोवाइलबाट कसैले उद्घोषण गरेको सामग्री देखाएर वा सुनाएर बालबालिकालाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बुँदा टिपोट र सारांश लेखन**

(अ) बुँदा टिपोटका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बुँदा टिपोटका बारेमा समूहमा थप छलफल गराउनुहोस् । सामूहिक छलफलपश्चात् बुँदा टिपोटको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(इ) बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षका बारेमा समूह छलफल गराई समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । जस्तै :

(क) दिइएको अनुच्छेदलाई राम्ररी भावबोध नभएसम्म पटक पटक पढ्नुपर्छ ।
(ख) अनुच्छेदका मुख्य मुख्य कुरामा रेखाङ्कन गर्नुपर्छ ।
(ग) ती रेखाङ्कित अंशबाट आवश्यक सङ्ख्यामा बुँदा टिप्नुपर्छ ।

(घ) बुँदा टिपोट असमापक क्रिया वा पदावलीमा गर्नुपर्छ ।

(ई) शिक्षकले शैक्षणिक सामग्रीको रूपमा आफूले लगेका बुँदाहरूलाई प्रदर्शन गराई विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् ।

(उ) सारांश लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । सारांश लेखन गर्दा ध्यान दिनुपर्ने पक्षका बारेमा समूह छलफल गराई समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । जस्तै :

(क) टिपेका बुँदाहरूको प्रयोग गरेर क्रियापद राखी खेस्रा लेखन गर्नुपर्छ ।
(ख) एक तिहाइभन्दा बढी शब्दसङ्ख्या नहुने गरी अनावश्यक शब्दलाई फ्याँकेर साफी लेखन गर्नुपर्छ ।
(ग) साफी लेखनपछि भाव समेट्ने गरी शीर्षक र अन्त्यमा शब्दसङ्ख्या उल्लेख गर्नुपर्छ ।

(ऊ) आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत वाचन गर्न लगाउनुहोस् । सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

(ऋ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ को निर्देशानुसार अनुच्छेदलाई मौन पठन गरी चारओटा बुँदा टिपोट गर्न आवश्यक समय दिनुहोस् ।

(ए) विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच मूल्याङ्कन गर्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ को निर्देशानुसार शीर्षकीकरण सहित एक तृतीयांशमा सारांश लेख्न लगाउनुहोस् । जस्तै :

**दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :**

भाषाले भाषिक समुदायको संस्कृति र जीवनपद्धतिलाई प्रतिबिम्बित गर्छ । भाषाको मुख्य काम समाजको तथा व्यक्तिको आवश्यकता पूर्ति गर्नु हो । नेपाली भाषामा प्रखर अभिव्यक्ति क्षमता छ अनि अत्याधुनिक आविष्कारका

साथै विविध भाषामा प्रयोग भइरहेका नयाँ नयाँ शब्दलाई आत्मसात् गर्ने र सहज रूपमा पचाउने क्षमता पनि छ । देशको भाषिक मौलिकताको रक्षा राष्ट्रको अस्मितासँग नै गाँसिएको हुन्छ । मौलिक नेपाली शब्दले भाव सम्प्रेषण गर्न सक्ने अवस्था रहेसम्म सजिलोका लागि अरू भाषाका शब्दहरू प्रयोग नगर्ने प्रतिबद्धता यसका वक्तामा रहनुपर्छ । अन्यथा, भाषिक प्रयोगका हिसाबले नेपाली भाषाको मौलिकता विलीन हुँदै जाने र मिश्रित भाषाका रूपमा नेपाली भाषा रूपान्तरित हुने अवस्था आउन सक्छ । नेपाली पत्रकारितामा भाषिक प्रयोग नेपालको मौलिक पहिचानसँग गाँसिएको सवाल हो । यसका निम्ति भाषिक आत्मनिर्भरतातिर पनि हाम्रा सोच र प्रयास अगाडि बढ्नुपर्छ ।

**बुँदा टिपोट**

१. भाषाले भाषिक समुदायको संस्कृति र जीवनपद्धति प्रतिबिम्बित गरी समाजको आवश्यकता पूर्ति गर्ने

२. नेपाली भाषामा प्रखर अभिव्यक्ति क्षमता हुनुका साथै नयाँ शब्दलाई आत्मसात् गरी सहज रूपमा पचाउने सामर्थ्य भएको

३. भाषिक मौलिकताको रक्षा गर्न नसके मिश्रित भाषाका रूपमा नेपाली भाषा रूपान्तरित हुने

४. भाषिक प्रयोगले मौलिकता र भाषिक आत्मनिर्भरतातिर लैजाने

**सारांश लेखन**

**नेपाली भाषा**

भाषाले समुदायको संस्कृति र जीवनपद्धति प्रतिबिम्बित गरी सामाजिक आवश्यकता पूर्ति गर्छ । नेपाली भाषामा प्रखर अभिव्यक्ति क्षमता र नयाँ शब्द आत्मसात् गर्ने सामर्थ्य छ । भाषाले मौलिकताको रक्षा नगरे मिश्रित भाषामा रूपान्तरित हुन्छ । भाषिक प्रयोगमार्फत मौलिकताको रक्षा गरी भाषिक आत्मनिर्भरतातिर प्रयास बढाउनुपर्छ ।

अनुच्छेदको शब्दसङ्ख्या : ११६

एक तृतीयांश शब्दसङ्ख्या : ३९

साङ्क्षेपीकृत शब्दसङ्ख्या : ४०

(ओ) निर्धारित समय सकिएपछि कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित गरिदिनुहोस् ।

## व्यक्तिवृत्त लेखन

(अ) विद्यार्थीलाई आआफ्ना व्यक्तिगत विवरण भन्न उत्प्रेरित गर्नुहोस् । जस्तै : जन्म, जन्म स्थान, स्थायी ठेगाना, आमाबुबाको नाम, शिक्षा आदि ।

(आ) शिक्षकले पनि आफ्नो व्यक्तिगत विवरण प्रदर्शन गरी व्यक्तिवृत्त लेखनका बारेमा छलफल चलाउनुहोस् र धारणा स्पष्ट पारिदिनुहोस् ।

(इ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा दिइएको व्यक्तिवृत्तको ढाँचासम्बद्ध अनुच्छेद प्रदर्शन गरी समूह छलफल चलाउनुहोस् । छलफलको निष्कर्षअनुसार व्यक्तिवृत्त लेखनका लागि चाहिने मुख्य उपशीर्षक शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

व्यक्तिगत विवरणमा व्यक्तिका वैयक्तिक जानकारी प्रस्तुत गरिन्छ । यसमा व्यक्तिको नाम, जन्ममिति, आमाबुबाको नाम, स्थायी अस्थायी ठेगाना, शिक्षादीक्षा, पेसा व्यवसाय, काम, रुचि क्षेत्र, कामको अनुभव, तालिम, विशेष दक्षता, सम्पर्क नम्बर, इमेल आदि सूचना समावेश गरिन्छन् । जागिर खाने, पेसा व्यवसाय गर्ने, विदेश जाने आदि प्रयोजनका लागि व्यक्तिगत विवरण प्रस्तुत गरिन्छ । व्यक्तिगत विवरणको अन्त्यमा सम्बन्धित व्यक्तिको हस्ताक्षर अनिवार्य हुन्छ ।

(ई) विद्यार्थीलाई आआफ्ना अभिभावकको व्यक्तिगत विवरण तयार पार्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई प्रतिनिधिमूलक प्रस्तुतिका लागि अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी व्यक्तिगत विवरणको संरचनाबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० का आधारमा समूहमा व्यक्तिवृत्त तयार गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) समूह कार्यलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् र उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## पाठक प्रतिक्रिया लेखन

(अ) लक्ष्मीप्रसाद देवकोटा जीवनीपरक पाठका बारेमा विद्यार्थीलाई आआफ्ना विचार व्यक्ति गर्न लगाउनुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र छलफल चलाउनुहोस् ।

(आ) दिइएका प्रश्नका आधारमा विद्यार्थीका विचारलाई सङ्गठित पार्न लगाउनुहोस् । जस्तै :

- लक्ष्मीप्रसाद देवकोटाले सानै उमेरदेखि साहित्य सिर्जना नगरेका भए के बन्थे होलान् ?

(इ) पाठक प्रतिक्रिया लेखनको ढाँचा र संरचनाबारे समूहमा छलफल गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ र १२ का प्रश्न अलग अलग समूहलाई दिई प्रतिक्रिया लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) माध्यमिक तहमा शिक्षक हुनका लागि आवश्यक हुने विवरण समावेश गरी व्यक्तिवृत्त बनाउन लगाउनुहोस् ।

(ख) पाठको अन्तिम अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ग) देवकोटा मानवतावादी कवि थिए भन्ने भनाइप्रति सहमति प्रकट गर्दै पाठक प्रतिक्रिया लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| भाषिक प्रकार्य | अभिप्रेरणामा आधारित भाषिक सञ्चार गर्न | |
| श्रुतिबोध (सुनाइ पाठ ५) | सुनाइ पाठ ५ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**बोध प्रश्नोत्तर**

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस्, जस्तै :

(अ) 'पक्की भवनमा आश्रय लिनुपर्छ ।' वाक्यमा प्रयोग भएको कारक र विभक्ति लेख्नुहोस् ।

उत्तर : भवनमा — अधिकरण कारक र सप्तमी विभक्ति

आश्रय — कर्म कारक

(आ) अनुच्छेदबाट सरल र तिर्यक् कारक जनाउने दुई दुईओटा वाक्य टिपोट गर्नुहोस् ।

(इ) अनुच्छेदबाट क्ष प्रयोग भएका दुईओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप आठौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## भाषिक प्रकार्य

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई अभिप्रेरणासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले अभिप्रेरणासम्बन्धी विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

**अभिप्रेरणा**

(कर्ण र भगवान् कृष्णबिच संवाद हुन्छ ।)

कर्ण : मेरो आमाले मलाई जन्मदै त्यागिन् । क्षत्रीय नभएको हुँदा द्रोणाचार्यले मलाई शिक्षा दिन इन्कार गरे । मैले के अपराध गरेको थिए ? द्रौपदीको स्वयंवरमा मलाई अपमानित गरियो । मेरो के कसुर थियो ?

कृष्ण : (मुस्कुराउँदै) कर्ण ! मेरो जन्म जेलमा भयो । आफ्नै मामाले मलाई सबैभन्दा ठुलो शत्रु ठानेँ र म नजन्मदै मलाई मार्ने षड्यन्त्र गरे । जन्मेकै रात मलाई आमाबुबासँग छुट्याइयो । न कुनै शिक्षा, न कुनै महल, गाई चराउँदै, गोबर फाल्दै म हुर्किएँ । कसलाई कति अन्याय भयो ? र कसको कति अपमान भयो ? भन्ने कुराले खासै अर्थ राख्दैन किनकि जीवनमा सबैले कुनै न कुनै रूपमा यो भोग्नुपर्छ । अर्थ केले राख्छ भने त्यो चुनौतीलाई हामी आफ्नो कर्म ज्ञानले कसरी सामना गर्छौं !

(ई) प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका अभिप्रेरणा जगाउने विषयवस्तु वा सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**श्रुतिबोध (सुनाइ पाठ ५)**

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) सुनाइ पाठ ५ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर मौखिक बोध प्रश्न र उत्तर छलफल गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । विद्यार्थीलाई पालैपालो कालिदास र युवतीको संवादबाट के सन्देश पाउनुभयो, भन्न उत्प्रेरित गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

भगवान् श्री कृष्णले कर्णलाई अभिप्रेरणा दिए जस्तै जीवनमा सहयोग गर्ने कोही भएनन् भनी निराश भएका साथीलाई तपाइँ कसरी अभिप्रेरणा दिनुहुन्छ, कक्षामा सुनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कारक र विभक्तिको पहिचान र प्रयोग | सरल र तिर्यक् कारक पहिचान र प्रयोग गर्न<br>अर्थका आधारमा कारक र विभक्तिको पहिचान गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• कारक र विभक्ति |

| | | |
|---|---|---|
| ‘क्ष’ र ‘छ्य’ को पहिचान र प्रयोग | ‘क्ष’ र ‘छ्य’ प्रयोग भई बनेका शब्द पहिचान र प्रयोग गर्न | तालिका<br>• अनुच्छेदपत्ती |
| जीवनी सङ्कलन (सिर्जनात्मक र परियोजना कार्य) | समाजका लागि योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**कारक र विभक्ति पहिचान**

(अ) कारक र विभक्तिबारे अगिल्लो कक्षामा छलफल गरेका विषयवस्तु स्मरण गर्न लगाई जिज्ञासा जगाउनुहोस् । विद्यार्थीलाई कारकका उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् र पूर्वज्ञान लिनुहोस् ।

(आ) कक्षामा कारक र विभक्तिबारे सामूहिक छलफल चलाउनुहोस् र टोली नेतालाई प्राप्त निष्कर्ष सुनाउन लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई केही वाक्य दिई तिनमा के फरक छ, पहिचान गर्न लगाउनुहोस् र आवश्यक छलफलपश्चात् सरल तथा तिर्यक् कारक पहिचान र प्रयोगका बारेमा मन्थन गर्न लगाउनुहोस् ।

(ई) वाक्यमा प्रयोग भएका अवस्थामा कुनै परिवर्तन नआएको र विभक्ति चिह्न तथा नामयोगी नलागेका नामिक शब्द नै सरल कारक हुन् । विभक्ति चिह्न लागेका तथा नामयोगी लागेका र हरू लागेका नामिक शब्द तिर्यक् कारक हुन् भन्ने कुरा उदाहरणबाट प्रस्ट पार्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ३ को अनुच्छेद प्रस्तुत गरी सरल र तिर्यक् कारक पहिचान गर्न लगाउनुहोस् । पहिचानका क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) अर्थका आधारमा कारक र विभक्तिको तालिकासहितको चार्ट वा स्लाइड प्रस्तुत गरी कारक र विभक्तिको अर्थ र चिह्नका बारेमा छलफल चलाउनुहोस् र पहिचान तथा प्रयोगमा अभ्यस्त बनाउनुहोस् । जस्तै :

| कारक | विभक्ति | विभक्ति चिह्न | उदाहरण | स्पष्टीकरण |
|---|---|---|---|---|
| कर्ता | प्रथमा | ले, बाट, द्वारा | उसले गीत गायो । | यस वाक्यमा ‘उसले’ गीत गाउने काम गरेको छ । ‘ऊ’ कर्ता कारक र ‘ले’ प्रथमा विभक्ति हुन्छ । |
| कर्म | द्वितीया | लाई | म उसलाई बोलाउँछु । | यस वाक्यमा कर्ताले ‘उसलाई’ बोलाउने |

| | | | | |
|---|---|---|---|---|
| | | | | काम गरेको छ । ‘ऊ’ कर्म कारक र ‘लाई’ द्वितीया विभक्ति हुन्छ । |

(ऋ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप २ र ५ को अनुच्छेद प्रस्तुत गरी समूहमा अर्थका आधारमा कारक चिन्न लगाउनुहोस् । समूह नेतालाई कारक र विभक्ति चिह्न प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऐ) सबै प्रकारका विभक्ति प्रयोग गरी अनुच्छेद लेखन अभ्यास गराउनुहोस् र प्रस्तुतीकरण गर्न लगाई अरू विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस्, जस्तै :

> उमाको घर गाउँमा छ । उनी बिहान सबेरै उठेर गोठमा जान्छिन् । उनी गाईभैँसीलाई कुँडो दिन्छिन् । त्यसपछि गाईभैँसी दुन्छिन् । घरबाट डेरी पुग्न आधा घण्टा हिँड्नुपर्छ । उनी प्राय: आफैँ दुध बोकेर डेरी जान्छिन् । घर फर्किएपछि कैँचीले भुसा काटेर गाईभैँसीलाई दिन्छिन् । उनी विगत पाँच वर्षदेखि पशुपालन गर्दै छिन् । उनी आफ्नो पेसाप्रति गर्व गर्छिन् । गाउँलेहरू उनको पौरख देखेर चकित परेका छन् ।

(ओ) अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औँल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ‘क्ष’ र ‘छ्य’ को पहिचान र प्रयोग

(अ) शिक्षकले स्लाइड वा चार्ट प्रदर्शन गरी ‘क्ष’ र ‘छ्य’ प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्द विद्यार्थीलाई भन्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । जस्तै :

> सक्षम क्षत्री ओछ्यानमा सुतिरहेको थियो । आमाले छ्यास्छ्यास् गर्दै चामल केलाएको आवाजले ऊ बिउँझियो । छ्या ! यो छोराले त दिक्क गरायो भन्दै आमा कराउनुभयो । बिहान ढिलोसम्म सुतेकामा आमासँग क्षमा माग्दै आफ्नो कमजोर पक्ष स्विकाऱ्यो । त्यसपछि शिक्षकले कक्षामा दिएको गृहकार्य राम्रो अक्षर पारेर लेख्न थाल्यो ।

(आ) शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गर्नुहोस् । ‘क्ष’ र ‘छ्य’ प्रयोग भएका शब्दलाई अलग अलग तालिका राख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस्, जस्तै :

| ‘क्ष’ प्रयोग भएका शब्द | ‘छ्य’ प्रयोग भएका शब्द |
|---|---|
| सक्षम, क्षत्री, क्षमा | ओछ्यान, छ्यासछ्यास, छ्या |

(इ) यसै क्रममा जीवनी पाठबाट ‘क्ष’ र ‘छ्य’ प्रयोग भएका शब्द पहिचान गर्न लगाई प्रस्तुतीकरणको अवसर दिनुहोस् । अन्य समूहलाई सहजीकरण गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ८ मा दिइएको निर्देशानुसार एउटा समूहलाई छलफलसहित अनुच्छेद लेखन अभ्यास गराउनुहोस् र अर्को समूहलाई क्रियाकलाप ८ मा दिइएको निर्देशानुसार शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्नुहोस् :**

ग्यवाली शरले कछ्यामा आएर नेपाली भासा र शाहित्य पढाउनुभयो । उहाँको षिकाउने तरिका गजबकै छ । उहाँले पढाएको त क्षाङ्गै बुझ्भिन्छ । दिनेस, उमेष र रिसिलाई पनि उहाँले पढाएको शारै मन पर्च रे ।

**उत्तर :** ज्ञवाली सरले कक्षामा आएर नेपाली भाषा र साहित्य पढाउनुभयो । उहाँको सिकाउने तरिका गजबकै छ । उहाँले पढाएको त छ्याङ्गै बुझ्भिन्छ । दिनेश, उमेश र ऋषिलाई पनि उहाँले पढाएको सरै मन पर्छ रे ।

(उ) एउटा समूहका टोली नेतालाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अर्को समूहलाई मिले नमिलेको ख्याल गरी सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### जीवनी सङ्कलन (परियोजना कार्य)

(अ) कसैको जीवनी सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) सिर्जना कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(इ) विद्यार्थीलाई समाजका लागि योगदान दिने व्यक्तिको जीवनी परिवारका सदस्यलाई सोधी लेखेर ल्याउन लगाउनुहोस् । विद्यार्थीलाई पछिल्लो कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने पूर्व जानकारीसमेत दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेदमा रहेका रेखाङ्कित कारक सरल वा तिर्यक् के हुन्, पहिचान गर्न लगाउनुहोस् :

सुनिताले अनितालाई भनिन्, "म र तँ भएर पुस्तकालय जाऔँ । मलाई मुनामदन पुस्तक पुस्तकालयमा बुझाउनु छ । यो किताब साह्रै राम्रो रहेछ । यस किताबमा मुना र मदनको कथा रहेछ । तैँले देवकोटाको कुञ्जिनी खण्डकाव्य ल्याएर पढ् । त्यो किताब पनि साह्रै राम्रो छ अरे ।"

(ख). दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्न लगाउनुहोस् :

आज आकाश क्षाङ्ग छ । हिजो रोपाइँमा हिलो क्ष्यापेर लुगा फोहोर भएका छन् । उमेशले त अती नै गरेको थियो । पछि काकासँग छ्यमा पनि माग्यो रे । आदर गर्नु पर्ने व्यक्तिप्रतीको युवाहरूको बेबार देख्दा दिक्क लाग्छ । यिनीहरूले कहिले शिछ्या पाउलान खै !

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| जीवनी लेखन र प्रस्तुति (परियोजना कार्य) | समाजका लागि योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गरी प्रस्तुति दिन | • जीवनीका बुँदा चार्ट वा स्लाइड<br>• जीवनीको नमुना चार्ट |
| अनुकरणात्मक जीवनी लेखन (सिर्जनात्मक कार्य) | दिइएका बुँदाका आधारमा तथा विशिष्ट व्यक्तिको जीवनका मुख्य मुख्य घटना सङ्कलन गरी जीवनी लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**जीवनी लेखन र प्रस्तुति**

(अ) परियोजना कार्यका बारेमा छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीले तयार पारी ल्याएका समाजका लागि योगदान दिने व्यक्तिको जीवनी पालैपालो प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(आ) प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**अनुकरणात्मक जीवनी लेखन**

(अ) जीवनीको संरचना र आदि, मध्य र अन्त्य भागबारे छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) जीवनी लेख्दा ध्यान दिनुपर्ने विषयवस्तुका बारेमा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष समूह नेतालाई प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

**अनुकरणात्मक जीवनी लेख्दा ध्यान दिनुपर्ने पक्ष**

१. कुनै व्यक्तिको जीवनी पढी सोही जीवनीको ढाँचाको अनुकरण गर्दै अर्को व्यक्तिको जीवनी लेख्नु अनुकरणात्मक जीवनी लेखन हो ।

२. अनुकरणात्मक जीवनी लेख्दा जीवनीको संरचना सम्मूर्ण रूपमा उही हुन्छ भने घटना, मिति, कार्य जस्ता विषयवस्तु जसका बारेमा जीवनी लेखिँदैछ त्यसैसँग सम्बन्धित हुन्छ जस्तै : लक्ष्मीप्रसाद देवकोटाको जीवनी पढेर लेखनाथको जीवनी लेख्न लगाउनु अनुकरणतमक लेखनको उदाहरण हो ।

३. जीवनीमा वास्तविक र पत्याउन सकिने कुराको मात्र चर्चा गर्नुपर्छ, बढाइचढाइ गर्नुहुँदैन ।

४. भाषा सरल, मिठासपूर्ण हुनुपर्छ ।

(इ) सिर्जना र परियोजना खण्डको अभ्यास १ मा दिइएको निर्देशन र बुँदाका आधारमा निर्देशित जीवनी लेखनको अभ्यास गराउनुहोस् । जस्तै :

**अम्बर गुरुङ**

मानिस जन्मले होइन कर्मले महान् हुन्छ । सिर्जनशील कर्म, साहित्य, सङ्गीत र कलाको साधनामा आफ्नो जीवन समर्पण गर्नेहरू सबैको मनमस्तिष्कमा बस्छन् । त्यस्तै व्यक्तिहरूमध्ये एक महान् सङ्गीतकार अम्बर गुरुङ हुन् । उनको जन्म वि.सं. १९९४ फागुन १४ गते भारतको दार्जिलिङस्थित मिलिङ चिया कमानमा भएको थियो । पिता उजिरसिंह गुरुङ र माता रेणुका गुरुङका सुपुत्र अम्बर गुरुङको बाल्यकाल सामान्य रूपमा बितेको थियो ।

उनले दार्जिलिङकै टर्नबुल विद्यालयबाट सुरुआती शिक्षा हासिल गरेका थिए । औपचारिक शिक्षा सामान्य रहे पनि उनले पूर्वीय तथा पाश्चात्य सङ्गीतको गहन अध्ययन गरेका थिए । उनी विद्यालयमा पढ्दादेखि नै सबै जसो साङ्गीतिक कार्यक्रममा सहभागी हुने गर्थे । उनले सानैदेखि त्यहाँ उपलब्ध भएसम्मका सबै जसो बाजा बजाउँथे, गीत गाउँथे र रचना पनि गर्थे । उनी धार्मिक भजन पनि गाउँथे । 'हुने बिरुवाको चिल्लो पात' भने झैँ सङ्गीततर्फको अभिरुचि र साधनाले गर्दा उनी नेपाली सङ्गीतकर्मीका प्रेरणाका स्रोत र आदर्शका पुञ्ज बन्न पुगे ।

सङ्गीतसँग आफ्नो भावना गाँसिएको विचार राख्ने अम्बर गुरुङले वि.सं. २०१६ मा 'म अम्बर हुँ' र 'सम्हालेर राख' जस्ता गीतबाट आफ्नो साङ्गीतिक यात्रा सुरु गरेका थिए । त्यसपछि वि. सं. २०१८ मा वरिष्ठ साहित्यकार अगमसिंह गिरीद्वारा रचित 'नौ लाख तारा उदाए..' बोलको गीत उनको स्वर तथा सङ्गीतमा कलकत्तामा रेकर्डिङ भयो । प्रवासमा रहेर नेपालीहरूले भोग्नुपरेका दुःख र गर्नुपरेका सङ्घर्षलाई यस गीतमा अभिव्यक्त गरिएको छ ।

वि.सं. २०२६ देखि नेपाल प्रज्ञा प्रतिष्ठानमा सङ्गीतज्ञका रूपमा काम गर्दै लगभग २८ वर्ष सेवारत रहे । गुरुङले नेपाल आगमनपछि धेरै कालजयी नेपाली गीतसङ्गीतको सिर्जना गरे । जीवनमा आइपरेका घटनाहरूले नै आफूलाई सङ्गीत सिकाएको भन्ने धारणा व्यक्त गर्ने गुरुङको जीवन सङ्घर्षमय थियो । जीवनमा विभिन्न समस्या र आर्थिक अभावसँग सिँगौरी खेल्दै उनी नेपाली सङ्गीतको साधना र उत्थानमा अहोरात्र लागिरहे । पाश्चात्य सङ्गीतसँग नेपाली सङ्गीतलाई संयोजन गर्ने उनी एक प्रयोगवादी सङ्गीतकारसमेत मानिन्छन् । उनले नेपाली सङ्गीतका क्षेत्रमा गम्भीर अध्ययन, खोज, अनुसन्धान र नवीन प्रयोग गरे । यस कारण उनी एक प्रयोगशील सङ्गीतकारका रूपमा नेपाली सङ्गीत जगत्मा सुपरिचित बन्न पुगे ।

अम्बर गुरुङ नेपाली सङ्गीतका त्रिवेणी हुन् । नेपाली गीतसङ्गीतको विकासमा उनले पुऱ्याएको योगदानको उच्च कदर गर्दै नेपाल सरकार तथा विभिन्न सङ्घसंस्थाबाट विभिन्न पुरस्कार, सम्मान तथा उपाधिद्वारा उनलाई विभूषित गरियो । उनले प्रबल गोरखा दक्षिण बाहु चौथो (२०२८), इन्द्रराज्यलक्ष्मी पुरस्कार (२०३८), जगदम्बाश्री पुरस्कार (२०५४), छिन्नलता गीत पुरस्कार (२०४७), उत्तम शान्ति पुरस्कार (२०६४), भूपालमानसिंह कार्की पुरस्कार आदि प्राप्त गरे ।

जन्म र मृत्यु एकै सिक्काका दुई भाग हुन् । जन्मेपछि मर्नु प्राकृतिक नियम नै हो । जतिसुकै महान् व्यक्तिले पनि एक न एक दिन मृत्यु वरण गर्नै पर्दछ । सङ्गीतको विकासमा मन, वचन र कर्मले प्रतिबद्ध भई निरन्तर साधना गर्दै यसको उत्थानमा लाग्न सबैलाई उत्प्रेरणा दिने अम्बर गुरुङको निधन वि.सं. २०७३ जेठ २५ गते मङ्गलबारका दिन ७९ वर्षको उमेरमा काठमाडौँमा भयो । यसरी आधुनिक नेपाली गीतसङ्गीत र साहित्यको क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानले गर्दा आज उनी मूर्धन्य सङ्गीतकारका रूपमा अमर भएका छन् ।

(ई) समूहकार्यपश्चात् प्रस्तुतिको अवसर दिनुहोस् । यस क्रममा विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

**(क) दिइएका बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् :**

नाम : विष्णुकुमारी वाइबा

साहित्यिक नाम : पारिजात

जन्ममिति : वि.सं. १९९० फागुन ३० गते

जन्मस्थान : भारतको दार्जिलिङ

आमा/बुबा : अमृत मोक्तान/के.एस्.वाइबा

शिक्षा : स्नातक (बी.ए.) प्रकाशित

कृति : शिरीषको फूल, महत्ताहीन, अनिदो पहाडसँगै जस्ता उपन्यास, आदिम देश, सडक र प्रतिभा जस्ता कथा सङ्ग्रह, आकाङ्क्षा, बैँसालु वर्तमान जस्ता कविता सङ्ग्रह, लालीगुराँसको फेदमा आत्मवृतान्त आदि

विशेषता : बहुमुखी प्रतिभा, विशिष्ट नारी स्रष्टा, प्रगतिवादी चेतना, नारीवादी चिन्तन, गरिबवर्गप्रति सहानुभूति, मानवतावादी दृष्टिकोण, सरल र सरस भाषा तथा प्रतीकात्मक शैली

संलग्नता : मानव अधिकार, प्रगतिशील लेखक सङ्घकी अभियन्ता, त्रि.वि. सभाको मनोनीत सदस्य

सम्मान/पुरस्कार : मदन पुरस्कार (२०२२), गङ्की वसुन्धरा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार, प्रज्ञा प्रतिष्ठानद्वारा विद्वत्वृत्ति

निधन : वि.सं. २०५० वैशाख ५ गते, काठमाडौँ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**अधिकार ठुलो कि कर्तव्य ठुलो ?**

**पाठ : ६**

**विधा : रूपक (वादविवाद)** **कार्यघण्टा : ८**

**परिचय**

'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' रूपक विधाअन्तर्गतको वादविवादको पाठ हो । रूपकको मूल आधार नै अभिनय वा नाटकीकरण हो । मौखिक अभिव्यक्ति क्षमताको विकास गर्न रूपक शिक्षणको व्यवस्था गरिएको हुन्छ । रूपक शिक्षण गर्दा शिक्षकले निम्न कुरामा ख्याल गर्नुपर्छ । बोलाइ, रूपाकृति र स्वभावको अवलोकन, हाउभाउ, सञ्चालन आदिको निरीक्षण, प्रसङ्गअनुसारको भाषा प्रयोग, श्रोता वा दर्शकलाई आकर्षित पार्ने प्रस्तुति र शैली, स्वाभाविक तर्क प्रस्तुति र तर्कको खण्डन आदि कुरालाई यो विधा शिक्षण गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवाद सहजीकरणका क्रममा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र द्रुत पठन, संरचना बोध, पाठगत सन्दर्भ र विषयवस्तु बोध, बोध  र अन्तर्क्रिया, विषयवस्तुको खण्डनमण्डन आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । अभिव्यक्ति कौशल अभिवृद्धिका लागि प्रश्नोत्तर र मौखिक प्रस्तुति, समीक्षात्मक लेखन, वर्णनात्मक अनुच्छेद लेखन, बुँदा टिपोट, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ ।  पाठमा निर्दिष्ट सहजीकरण क्रियाकलापलाई रुचिकर बनाउन शिक्षकले सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत छलफल, विधा परिचय, संरचना पहिचान, सस्वर र मौन पठन, शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत श्रुतिसमभिन्नार्थी शब्द, श्रुतिलेखन, सङ्क्षिप्त उत्तर लेखन, अनुच्छेद लेखन आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र सम्प्रेषणमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत काल र पक्ष तथा वर्णविन्यासअन्तर्गत पदयोग र वियोगको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ ६ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ ६ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • दृश्यबोध र छलफल<br>• सस्वर पठन र शब्दोच्चारण **(चिदानन्द चौधरी र भरत भण्डारीको प्रस्तुति)**<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• संरचना पहिचान<br>• बोधात्मक प्रश्नोत्तर | • चित्रहरू हेरेर छलफल गरी वर्णन गर्न<br>• निर्दिष्ट अनुच्छेद शुद्ध उच्चारण गरी सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न<br>• वादविवादको संरचना पहिचान गर्न<br>• पठनबोधका आधारमा प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | • वादविवाद प्रतियोगिताका चित्रहरू र पाठको चित्र तथा सम्बन्धित अन्य चित्रहरू<br>• पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती,<br>• **वादविवाद कार्यक्रमको श्रव्यदृश्य चित्र (दृश्य सामग्री)**<br>• संरचनासम्बन्धी प्रश्न<br>• बोध प्रश्नको सूची | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण **(पदम गुप्ता र श्रुति शाहको प्रस्तुति)**<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• पाठमा प्रयुक्त शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• पठनबोधका आधारमा प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | • पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती, अर्थपत्ती, शब्दकोश<br>• बोध प्रश्नको सूची<br>• | १ |
| तेस्रो दिन | • शब्दार्थ र प्रयोग<br>• श्रुतिसमभिन्नार्थी शब्द पहिचान र प्रयोग<br>• श्रुतिलेखन | • शब्दको अर्थ पहिचान गरी जोडा मिलाउन<br>• निर्दिष्ट शब्द प्रयोग गरी अनुच्छेद रचना गर्न<br>• श्रुतिसमभिन्नार्थी शब्द र तिनको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अंशको श्रुतिलेखन गर्न | • शब्द र अर्थको स्लाइड वा तालिका<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती. | १ |
| चौथो दिन | • आशय बोध र धारणा निर्माण<br>• सङ्क्षिप्त उत्तर लेखन<br>• छलफल, निष्कर्ष र प्रस्तुति | • पाठका विभिन्न वाक्यका वक्ता र वाक्यको आशय बताउन<br>• वादविवादका वक्तामध्ये आफूलाई मन परेको अभिव्यक्तिबारे | • प्रश्न सूची<br>• पाठका विशिष्ट वाक्य र आशयको स्लाइड वा चार्ट<br>• प्रश्नको सूची र सङ्क्षिप्त उत्तरको नमुना<br>• अधिकार र कर्तव्यबारे | १ |

| | | | | |
|---|---|---|---|---|
| | | कारणसहित प्रस्तुत गर्न<br>● निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन<br>● पाठमा अभिव्यक्त विचारहरूबारे छलफल गरी निष्कर्ष निकाली प्रस्तुति गर्न | टिपिएका बुँदाहरू<br>● निर्दिष्ट शीर्षकमा पक्ष र विपक्षबाट टिपिएका बुँदाहरू | |
| **पाँचौँ दिन** | ● व्याख्या लेखन<br>● बुँदा टिपोट<br>● वादविवादको खण्डन<br>● बोधात्मक प्रश्नोत्तर | ● निर्दिष्ट वाक्यको व्याख्या गर्न<br>● निर्दिष्ट अनुच्छेदबाट बुँदा टिपोट गर्न<br>● पाठका पहिलो वक्ताको भनाइ खण्डन गर्दै विपक्षबाट वादविवाद लेख्न<br>● अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन | ● व्याख्याको नमुना<br>● बुँदा टिपोटको नमुना<br>● वादविवाद लेखनको नमुना<br>● बोध प्रश्नसूची<br>● भाषिक संरचना र वर्णविन्याससम्बन्धी प्रश्नसूची | १ |
| **छैटौँ दिन** | ● भाषिक प्रकार्य<br>● श्रुतिबोध (सुनाइ पाठ ६) | ● विनम्रतापूर्वक गरिने अनुनय र कृतज्ञतासम्बन्धी भाषिक सम्प्रेषणमा आधारित भएर प्रस्तुति गर्न<br>● सुनाइ पाठ ६ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | ● भाषिक सम्प्रेषणमा आधारित प्रेरक दृश्य सामग्री<br>● सुनाइ पाठ ६ रेकर्ड गरिएको श्रव्य सामग्री वा दृश्य सामग्री<br>● अनुच्छेद | १ |
| **सातौँ दिन** | ● काल र पक्षको पहिचान र प्रयोग<br>● पदयोग र पदवियोगको पहिचान र प्रयोग<br>● उद्घोषण (परियोजना कार्य) | ● विभिन्न काल र पक्षका वाक्य पहिचान गर्न<br>● कुनै काल र पक्षको वाक्यलाई अर्को काल वा पक्षको वाक्यमा परिवर्तन गर्न<br>● निर्दिष्ट वाक्य, वाक्यांश वा अनुच्छेदलाई पदयोग र पदवियोग मिलाई लेख्न<br>● निर्दिष्ट शीर्षकमा उद्घोषणको नमुना तयार पार्न | ● काल र पक्षका उदाहरणको चार्ट<br>● वाक्यपत्ती<br>● पदयोग र पदवियोग नमिलेका र मिलेका अनुच्छेदको चार्ट | १ |
| **आठौँ दिन** | ● उद्घोषण नमुना प्रस्तुति (परियोजना कार्य)<br>● वादविवादात्मक अनुच्छेद रचना (सिर्जनात्मक कार्य) | ● निर्दिष्ट शीर्षकमा उद्घोषण गर्दाको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्न<br>● निर्दिष्ट शीर्षकमा पक्ष र विपक्षबाट छुट्टाछुट्टै अनुच्छेद रचना गर्न | ● कुनै कार्यक्रममा गरिने उद्घोषणको नमुना<br>● कुनै कार्यक्रममा उद्घोषण गरेको श्रव्य सामग्री वा दृश्य सामग्री वा स्लाइड<br>● चार्ट वा स्लाइड<br>● वादविवादसम्बन्धी अनुच्छेदको नमुना | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | • वादविवादको श्रव्य सामग्री/दृश्य सामग्री | |
| **जम्मा कार्यघण्टा** | | | | ८ |

## पहिलो दिन

**१ सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| दृश्यबोध र छलफल | चित्रहरू हेरेर छलफल गरी वर्णन गर्न | • वादविवाद प्रतियोगिताका चित्रहरू र पाठको चित्र तथा सम्बन्धित अन्य चित्रहरू<br>• पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती,<br>• **वादविवाद कार्यक्रमको श्रव्यदृश्य चित्र (दृश्य सामग्री)**<br>• संरचनासम्बन्धी प्रश्न<br>• बोध प्रश्नको सूची |
| सस्वर पठन र शब्दोच्चारण **(चिदानन्द चौधरी र भरत भण्डारीको प्रस्तुति)** | निर्दिष्ट अनुच्छेद शुद्ध उच्चारण गरी सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न | |
| संरचना पहिचान | वादविवादको संरचना पहिचान गर्न | |
| बोधात्मक प्रश्नोत्तर | पठनबोधका आधारमा प्रश्नोत्तर गर्न भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै कथा, कविता वा कुनै गीत वा अभिनयात्मक प्रस्तुतिबाट विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**दृश्यबोध र छलफल**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । सहकार्यकलाप वक्तृता, हाजिरीजवाफ, नृत्य कार्यक्रम आदिका तस्बिर प्रोजेक्टर वा स्लाइड वा फलाटिन बोर्डका माध्यमले प्रस्तुत गर्नुहोस् र समूहमा ती कार्यक्रम सञ्चालन र प्रक्रियागत भिन्नताबारे छलफल गराउनुहोस् । आफूले प्रत्येक समूहमा पुगेर अवलोकन गर्नुहोस् ।

(आ) समूह छलफल सकिएपछि प्रत्येक समूहलाई छलफलको निष्कर्ष बताउन लगाउनुहोस् ।

(इ) आफूले तस्बिरमा देखिएका विषयबारे थप जानकारी दिँदै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) विद्याथीलाई पाठ्यपुस्तकको तस्बिर प्रदर्शन गरेर वादविवाद, वक्तृता जस्ता कार्यक्रमबारे विशेष छलफल गराउनुहोस् । जस्तै : वादविवादको विधा, वक्ता, उद्घोषक, सभापति, निर्णायक, समय सूचक, गुरुवर्ग, श्रोता आदिको भूमिकाबारे समूहमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले थप पृष्ठपोषण दिनुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठको पहिलो अनुच्छेद प्रोजेक्टर वा स्लाइडमा प्रदर्शन गरी नमुना सस्वर पठन गरेर सुनाउनुहोस् ।

(आ) पाठमा उद्घोषक र चिदानन्द चौधरीले भनेका विभिन्न अनुच्छेद क्रमशः स्लाइड वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पाठ्यपुस्तकमा हेर्न भन्नुहोस् र विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् । यसैगरी क्रमशः भरत भण्डारीले बोलेका विभिन्न अनुच्छेद प्रदर्शन गरेर पालैपालो सस्वर पठनको अभ्यास गराउनुहोस् ।

(इ) सस्वर पठन गर्ने क्रममा विद्यार्थीलाई उच्चारणमा असहज लागेका र अर्थ बुझ्न कठिन लागेका वा नयाँ शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र लेख्यचिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक

सहजीकरण
गरिदिनुहोस् ।

(ई) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई पाठ पढ्दा उच्चारणमा असहज भएका शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्दलाई शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास पटक पटक गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्द टिपोट गर्न लगाई शैक्षणिक पाटीको सहायताले विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस्, जस्तै :
  सभाध्यक्ष, अलौकिकम्, द्रव्येण, दृष्टान्त, कर्मण्यवाधिकारस्ते, कर्तव्यपरायण, उत्प्रेरित
- फरक सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तैः
  मर्यादा/मर्.या.दा/
  सम्पत्ति /सम्. पत्.ति /
  अस्तित्व /अस्.तित्.त्व /

(उ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऊ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ऋ) समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शुद्धोच्चारण नगरेसम्म शब्दपत्ती र अर्थ पत्तीको सहायताले बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) टिपोट गरिएका शब्द विद्यार्थीलाई नै उच्चारण गर्न लगाएर ती शब्दको अर्थ विद्यार्थीबाटै खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(इ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

शब्द : शिष्ट
अर्थ : सभ्य
वाक्यमा प्रयोग : हामीले सबैसँग शिष्ट व्यवहार गर्नुपर्छ ।

(उ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा पाँचओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै :
अनुमति, आमन्त्रण, कर्तव्य, गहन, मौलिक ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि एक समूहको कुनै एक विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । सबै समूहबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्दै अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## संरचना पहिचान

(अ) वादविवादको नमुना स्लाइड वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस् वा कुनै वादविवाद प्रतियोगितामा वक्ताले बोलेको अंशको दृश्य सामग्री प्रदर्शन गरी समूहमा वादविवादको सम्बोधन, सुरु, मध्य र अन्त्यको क्रम, विपक्षीका तर्कको खण्डन आदिबारे छलफल गराउनुहोस् र समूहको निष्कर्ष टोली नेतालाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(आ) वादविवाद (रूपक) विधा परिचयका क्रममा छलफल गरिएका शैलीसम्बद्ध विषयवस्तु र स्लाइड वा चार्टमार्फत प्रदर्शन गरिएको संरचनाका बारेमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) वादविवादको सुरुआत, आदि, मध्य र अन्त्यका विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ मा दिइएका संरचनासम्बद्ध प्रश्न सोधी संरचनाका बारेमा थप छलफल गराउनुहोस् ।

(उ) आवश्यक सहजीकरणसहित वादविवादको संरचना, बोल्ने कला, भाषा, शैली, कार्यक्रममा जिम्मेवारी लिने र सहभागी हुने विभिन्न व्यक्ति, वक्ताको प्रस्तुति आदि, मध्य र अन्त्यको शृङ्खलाबारे छलफलका र प्रश्नोत्तरका माध्यमले स्पष्ट पारिदिनुहोस् । जस्तै :

(क) वादविवादमा अध्यक्षता गर्ने व्यक्ति र कार्यक्रम सञ्चालन गर्ने व्यक्तिलाई के भनिन्छ ?
(ख) चिदानन्दले सम्बोधनपछिको पहिलो वाक्यमा कुन कुरा व्यक्त गरेका छन् ?

**बोधात्मक प्रश्नोत्तर**

(अ) शिक्षकले चिदानन्द चौधरीले सम्बोधन गरेपछिको तेस्रो अनुच्छेद स्लाइड वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस् । र मौन वाचन गर्न लगाउनुहोस् ।

(आ) व्याकरणलाई पनि पाठसँगै जोडेर हेर्नुपर्ने अवधारणबारे कक्षामा छलफल गर्नुहोस् । पाठ्य व्याकरणअन्तर्गत काल र पक्षका बारेमा पूर्व ज्ञानका आधारमा छलफल गर्नुहोस् र अनुच्छेदमा प्रयोग भएका वर्तमान, भूत कालका दुई दुईओटा क्रियापद पहिचान गरी पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीलाई पहिचान गर्न असहज भएमा आफूले सहजीकरण गर्दै जानुहोस् ।

(इ) पाठ्यांशबाट तयार पारिएका अति छोटो उत्तर आउने प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

(ई) फरक विद्यार्थीलाई फरक प्रश्नको उत्तर भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस्

**प्रश्न**

(क) कर्तव्यलाई बेवास्ता गर्दा के हुन्छ ?
(ख) स्वामी विवेकानन्दले कर्तव्यलाई केसँग तुलना गरेका छन् ?
(ग) नीतिशास्त्रमा कसरी धन आर्जन गर्न भनिएको छ ?
(घ) अनुचछेदमा भएका 'छ, देखेँ, गरेका छन्, बुझेँ, हुँदैन, हुँदोरहेछ' क्रियापद कुन कुन कालका हुन् ?

(उ) अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर बताउन कुनै विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण र थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
कर्तव्य, अनुभूति, गैरकानुनी, सम्पत्ति, आर्जन, प्राकृतिक

(ग) तलका प्रश्नको उत्तर दिनुहोस् :
(अ) पाठका पहिलो वक्ता को हुन् र उनले कसलाई सम्बोधन गरेका छन् ?
(आ) वादविवादका वक्ताले आफ्नो मन्तव्य के भनेर टुङ्ग्याउनुपर्छ ?

(घ) पाठ पढेर तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) वादविवाद कार्यक्रम कसको अध्यक्षतामा हुँदै छ ?
(आ) कर्तव्य भनेको के हो ?
(इ) पाठको पहिलो अनुच्छेदबाट वर्तमान कालको एउटा वाक्य पहिचान गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

### दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण<br>**(पदम गुप्ता र श्रुति शाहको** | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • पाठ्यांशको स्लाइड |

| | | |
|---|---|---|
| **प्रस्तुति)** | | • शब्दपत्ती, अर्थपत्ती, शब्दकोश<br>• बोध प्रश्नको सूची<br>• |
| पाठगत शब्दार्थ र प्रयोग | पाठमा प्रयुक्त शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | पठनबोधका आधारमा प्रश्नोत्तर गर्न<br>भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै चुट्किला वा प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षाको अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई पूर्वकक्षामा भएका सस्वर पठन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

(आ) शिक्षकले निर्धारित पाठ पदम गुप्ताले भनेका अनुच्छेद स्लाइड वा प्रोजेक्टरबाट प्रदर्शन गर्नुहोस् ।

(इ) विद्यार्थीलाई पाठमा दिइएको पदम गुप्ताले भनेका अनुच्छेद पालैपालो गति, यति मिलाएर सस्वर पठन गर्न प्रोत्साहन गर्नुहोस् ।

(ई) अरू विद्यार्थीलाई सस्वर पठनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी प्रस्ट उच्चारण नभएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(उ) यसैगरी, श्रुति शाहले बोलेका अनुच्छेद पनि प्रदर्शन गरी पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ऊ) सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका र उच्चारण गर्न र अर्थ बोध गर्न अप्ठ्यारा लागेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
जस्तै : उपनिषद्, सर्वोच्चता, दृष्टिविहीन, अन्तःप्रेरणा, बाध्यकारी, निर्दिष्ट, विश्वव्यापी, श्रेष्ठता

(ऋ) शैक्षणिक पाटीमा टिपिएका शब्दहरूलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस्, जस्तै :
सर्वोच्चता /सर्.वोच्.च.ता/
दृष्टिविहीन /दृस्.टि.बि.हिन्/

(ए) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दका शब्दपत्ती प्रदर्शन गरी पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

(ऐ) बहुभाषी कक्षामा नेपालीभन्दा अन्य मातृभाषा भएका र उच्चारण अभ्यास गराउँदा समस्या भएका विद्यार्थीलाई उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।
जस्तै : प्रतिस्पर्धा : होडबाजी
कायापलट : ठुलो परिवर्तन
विसर्जन : समाप्ति, टुङ्ग्याउने काम
हेक्का : सम्झना

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

शब्द : रोजगारी

वाक्य : सम्पूर्ण नेपाली युवा युवतीलाई स्वदेशमै रोजगारी दिनुपर्छ ।

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पुनः शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै :

कर्तव्य, अधिकार, मौलिक, आवश्यक, दृष्टान्त, प्राप्ति, ज्येष्ठ नागरिक, संविधान, स्मरण, पीडित, व्यक्तित्व

(ऊ) प्रत्येक समूहलाई दुई दुईओटा शब्द दिएर शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ सम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको अनुच्छेद र प्रश्नको सूची स्लाइड, स्मार्ट बोर्ड, फलाटिन पाटी वा चार्टको सहायताले प्रदर्शन गरी अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् र सामूहिक छलफल गराउनुहोस् ।

(ई) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एक प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस्, जस्तै :

(क) सुकरातले सत्यप्रतिको निष्ठा र कर्तव्यपरायणताका लागि के गरे ?

(ख) बुद्धले कस्तो रहस्यको खोजी गरे ?

(ग) हामीले कसरी कर्तव्य पालना गर्न सक्छौँ ?

(घ) वादविवादको अंशमा कस्ता मौलिक कर्तव्यको कुरा गरिएको छ ?

(ङ) 'बुद्ध पारिवारिक माया र मोहको घेरा नाघेर भिक्षु बने ।' यो वाक्य कुन काल र पक्षको हो ?

(उ) विद्यार्थीले तयार पारेका उत्तर प्रत्येक समूहलाई पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको अन्तिम अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) तलका शब्दको अर्थ भन्न लगाउनुहोस् :

सम्मान, स्मरण, जन्मसिद्ध, पुष्टि, स्वच्छ, समग्र

(ग) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) हामीले कसरी कर्तव्य पालना गर्न सक्छौँ ?

(आ) वादविवादको अंशमा कस्ता मौलिक कर्तव्यको कुरा गरिएको छ ?

(इ) 'बुद्ध पारिवारिक माया र मोहको घेरा नाघेर भिक्षु बने ।' यो वाक्य कुन काल र पक्षको हो ?

**तेस्रो दिन**

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्दार्थ र प्रयोग | शब्दको अर्थ पहिचान गरी जोडा मिलाउन<br>निर्दिष्ट शब्द प्रयोग गरी अनुच्छेद रचना गर्न | ● शब्द र अर्थको स्लाइड वा तालिका<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● शब्दकोश<br>● वाक्यपत्ती. |
| श्रुतिसमभिन्नार्थी शब्द पहिचान र प्रयोग | श्रुतिसमभिन्नार्थी शब्द र तिनको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| श्रुतिलेखन | निर्दिष्ट अंशको श्रुतिलेखन गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई कुनै उखान वा गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउनुहोस र विद्यार्थीलाई पनि सुनाउन प्रेरित गर्नुहोस्,

(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुबारे कुनै विद्यार्थीलाई छोटो प्रस्तुति गर्न लगाई पुनरावृत्ति गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफलका माध्यमले जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**शब्दार्थ र वाक्यमा प्रयोग**

(अ) पाठका सबै अनुच्छेद समेटिने गरी विभिन्न अनुच्छेद विभिन्न विद्यार्थीलाई तोकेर पढ्न लगाउनुहोस् । ती अनुच्छेदबाट विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट टिपोट गरेका शब्दहरू भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।

(आ) लेखिएका शब्दहरूका अर्थ बताउन विद्यार्थीलाई नै प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(इ) शैक्षणिक पाटीमा टिपोट गरिएका अर्थ सही भए वा नभएको स्पष्ट गरिदिनुहोस् । विद्यार्थीबाट अर्थ नआएका शब्दका लागि सम्भव भएसम्म शब्दपत्तीलगायत शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र अर्थ पढ्न लगाउनुहोस् । विद्यार्थलाई दुई समूहमा विभाजन गर्नुहोस् र पालैपालो एउटा समूहले शब्द भन्ने र अर्को समूहले अर्थ भन्ने प्रतियोगितात्मक खेलका माध्यमले शब्दार्थ बोध गरी जोडा मिलाउने अभ्यास गराउनुहोस् । विद्यार्थीले पाठका अन्य शब्द र तिनका अर्थ पनि आपसमा सोधासोध गरेर शब्दको अर्थ भन्ने प्रतियोगिता सञ्चालन गर्न सकिने छ । साथै, शब्दकोशको प्रयोग गरेर शब्दको अर्थ पहिचान गर्ने गराउने अभ्यास पनि गराउन सकिन्छ ।

(उ) विद्यार्थीलाई नै शब्द र अर्थ मिले नमिलेको यकिन गरी मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्दको अर्थ बताउने विद्यार्थी समूहलाई ताली बजाएर स्याबासी दिनुहोस् । जस्तै :

| शब्द | अर्थ |
|---|---|
| प्रतियोगिता | : प्रतिस्पर्धा, होडबाजी |
| वक्ता | : बोल्ने व्यक्ति |
| कायापलट | : ठुलो परिवर्तन |
| अभिमत | : मनको विचार, राय |
| कसी | : वस्तुको स्तर निर्धारण गर्ने साधन |
| कानुन | : राज्यमा न्यायिक व्यवस्था कायम राख्न बनाइएको नियमको समष्टि रूप |
| नैसर्गिक | : स्वाभाविक, प्राकृतिक |
| घोषणापत्र | : कुनै संस्था वा व्यक्तिको वचनबद्धता घोषित गर्ने पत्र |

(ऋ) शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका शब्दको अर्थ समूहमा छलफल गराउनुहोस् । आफूले तयार पारेको शब्दार्थपत्ती प्रदर्शन गरी अर्थ बोध गराउनुहोस् । शब्दको अर्थ बोध भएपछि अर्थ स्पष्ट हुने गरी ती शब्दको प्रयोग गरेर एक अनुच्छेद रचना गर्न लगाउनुहोस् । समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऐ) समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतीकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् । अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## श्रुतिसमभिन्नार्थी शब्द

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र श्रुतिसमभिन्नार्थी शब्दका केही नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

जाति – जाती          खालि – खाली

दीप –द्वीप          जुन – जून

फेरि –फेरी

(आ) पूर्वज्ञानका आधारमा सामूहिक छलफल गराउनुहोस् । छलफलको निष्कर्ष समूहका कुनै एक विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रदर्शित शब्दको अर्थ विद्यार्थीबाट लिने प्रयास गर्नुहोस् । अन्त्यमा अर्थपत्ती प्रस्तुत गर्दै अर्थ स्पष्ट पारेर विद्यार्थीलाई पालैपालो वाक्य निर्माण गरेर भन्न लगाउनुहोस् । आवश्यक सहजीकरणका साथ पृष्ठपोषण दिनुहोस् ।

(इ) शिक्षकले शब्दभण्डार खण्डको अभ्यास ३ पढ्न र निर्देशानुसार शब्द पहिचानका लागि आआफ्नो समूहमा छलफल गर्न लगाउनुहोस् ।

(ई) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(उ) छलफलपश्चात् टोली नेतालाई श्रुतिसमभिन्नार्थी शब्द र तिनले बुझाउने फरक अर्थ भन्ने अवसर प्रदान गर्नुहोस् । शिक्षकले अर्थपत्तीका सहायताले अर्थ स्पष्ट पारिदिनुहोस् ।

(ऊ) श्रुतिसमभिन्नार्थी शब्द र तिनको अर्थ पहिचान गराइसकेपछि शब्दभण्डार खण्डको अभ्यास ४ मा दिइएका श्रुतिसमभिन्नार्थी शब्द जोडीले बुझाउने फरक फरक अर्थ बोधका लागि सामूहिक छलफल गराउनुहोस् । समूहका कुनै विद्यार्थीलाई अर्थ भन्न लगाई मिले नमिलेको यकिन गर्नुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(ऋ) प्रत्येक समूहलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ए) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

बाजी : नेपाली क्रिकेट टोलीले खेल जित्छ भनेर साथीहरूले बाजी राखे ।

बाजि : सधैँ प्रथम हुने हाकुमाया यसबाजि द्वितीय भइछिन् ।

(ऐ) विद्यार्थीलाई वाक्यमा प्रयोग गरिएका शब्द जोडीले बुझाउने फरक सन्दर्भका अर्थबारे धारणा स्पष्ट पारिदिनुहोस् । आवश्यक परे थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## श्रुतिलेखन

(अ) विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ मा तोकिएको अनुच्छेद श्रुतिलेखन अभ्यास गराउनुहोस् । श्रुतिलेखनका क्रममा हरेक वाक्यलाई तीनपटक दोहोऱ्याएर भनिदिनुहोस् ।

(इ) श्रुतिलेखनपश्चात् अनुच्छेद प्रोजेक्टर वा अन्य कुनै माध्यमले प्रदर्शन गर्नुहोस् र साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

(ई) यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले श्रुतिलेखनमा त्रुटि गरेका शब्द, वाक्यांश वा वाक्यलाई पुनर्लेखनका लागि अभिप्रेरित गर्नुहोस् । सम्भव भएसम्म विद्यार्थीले लेखनका क्रममा त्रुटि गरेका शब्द वा वाक्यांशलाई पुनः श्रुतिलेखन गराएर परीक्षण गराउनुहोस् । यो प्रक्रिया सम्पूर्ण रुपमा शुद्ध लेखन नभएसम्म दोहोऱ्याउन सकिन्छ । अन्त्यमा थप पृष्ठपोषण प्रदान गर्दै आजको कक्षा समाप्त पार्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) तलका शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
अध्ययनरत, अतिथि, कर्मशील, पुष्टि, वितरण

(ख) तलका शब्दको श्रुतिसमभिन्नार्थी शब्द भन्न लगाउनुहोस् :
कृति, दीन, शीत, तीन, पूरा, अवधि

(ग) पाठको अन्तिम अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| आशय बोध र धारणा निर्माण | पाठका विभिन्न वाक्यका वक्ता र वाक्यको आशय बताउन<br>वादविवादका वक्तामध्ये आफूलाई मन परेको अभिव्यक्तिबारे कारणसहित प्रस्तुत गर्न | • प्रश्न सूची<br>• पाठका विशिष्ट वाक्य र आशयको स्लाइड वा चार्ट<br>• प्रश्नको सूची र सङ्क्षिप्त उत्तरको नमुना<br>• अधिकार र कर्तव्यबारे टिपिएका बुँदाहरू<br>• निर्दिष्ट शीर्षकमा पक्ष र विपक्षबाट टिपिएका बुँदाहरू |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |
| छलफल, निष्कर्ष र प्रस्तुति | पाठमा अभिव्यक्त विचारहरूबारे छलफल गरी निष्कर्ष निकाली प्रस्तुति गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै कविता सुनाएर सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तुबारे पुनरावृत्तिका लागि विषयवस्तुको सार पुनः सुनाउनुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**छलफल, आशय बोध र धारणा निर्माण**

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् र बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएको प्रश्न र वाक्य प्रोजेक्टर वा स्लाइडका माध्यमले प्रदर्शन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई क्रियाकलाप ५ मा दिइएका फरक फरक वाक्यबारे छलफल गर्न, ती वाक्य पाठमा कुन वक्ताले भनेको हो र त्यो वाक्यको मूल आशय के हो भनी पहिचान गरेर टिपोट गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले समूहमा छलफल गर्दा शिक्षकले समूह समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) समूह कार्य सकिएपछि समूहको कुनै विद्यार्थीलाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहका विद्यार्थीलाई ध्यानपूर्वक सुनी मूल्याङ्कन गर्न, प्रतिक्रिया दिन र पृष्ठपोषण दिन लगाउनुहोस् ।

(उ) आफूले विषयवस्तुको आशय मिले नमिलेको यकिन गरी आवश्यकताअनुसार थप सहजीकरण गरिदिनुहोस् ।

(ऊ) यसैगरी विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ८ मा दिइएको प्रश्न पढ्न लगाउनुहोस् र समूहमा छलफल गर्न लगाउनुहोस् ।

(ऋ) छलफलपछि पाठका वक्ताका भनाइमध्ये कुन वक्ताको भनाइ मन पर्‍यो र मन पर्नुको कारण के हो भनेर टिप्न हरेक समूहलाई लगाउनुहोस् ।

(ए) विद्यार्थीले कक्षाकार्यका रूपमा आफ्नो धारणा निर्माण गरिसकेपछि पालैपालो आफ्नो विचार प्रस्तुत गर्ने अवसर दिनुहोस् । यस क्रममा वाक्य गठन, प्रस्तुति शैली र तार्किकतामा ख्याल गरी आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

(ऐ) प्रस्तुतीकरण र धारणा निर्माणका क्रममा कुनै विद्यार्थीलाई असहजता भए थप सहजीकरण गरिदिनुहोस् ।

**सङ्क्षिप्त उत्तर लेखन**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । सङ्क्षिप्त उत्तर कति लामो लेख्ने, कसरी लेख्ने, कति कुरा समेट्ने आदिबारे छलफल गरी उत्तर लेखनको तरिकाबारे कक्षामा छलफल चलाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएका सङक्षिप्त उत्तरात्मक प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र प्रत्येक प्रश्नको उत्तर कम्तीमा पाँच छ वाक्यमा दिनुपर्ने बताइदिनुहोस् ।

(इ) ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । उत्तरमा समेट्नुपर्ने मुख्य मुख्य विषयवस्तु बुँदागत रूपमा टिपोट गर्न लगाउनुहोस् । एउटा समूहलाई कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थी समूहले लेखेको उत्तर पालैपालो भन्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई ध्यानपूर्वक सुन्न र आवश्यक सुझाब दिन प्रेरित गर्नुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा भए अन्य समूहका एक एक जनालाई भन्ने अवसर दिनुहोस् ।

(उ) शिक्षकले तयार पारेको नमुना उत्तरको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । उत्तरको संरचनाका बारेमा थप छलफल चलाउनुहोस् ।

(ऊ) समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथी साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**छलफल र निष्कर्ष प्रस्तुति**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा दिइएको प्रश्न पढी समूहमा छलफल गर्न लगाउनुहोस् ।

(आ) अधिकार र कर्तव्यबिचको सम्बन्धका बारेमा छलफल गरी बुँदागत रूपमा मुख्य मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् । टिपिएका विषयवस्तुबाट निष्कर्ष निकाल्न लगाउनुहोस् । विद्यार्थीले समूहमा छलफल गर्दा शिक्षकले समूह समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) समूह कार्य सकिएपछि टोली नेतालाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहका विद्यार्थीलाई ध्यानपूर्वक सुनी मूल्याङ्कन गरी प्रतिक्रियासहितको पृष्ठपोषण दिन लगाउनुहोस् ।

(ई) अन्त्यमा आफूले अधिकार र कर्तव्यबिचको सम्बन्ध झल्काउने बुँदा लेखिएको चार्ट प्रदर्शन गरी थप छलफल र सहजीकरण गरिदिनुहोस् ।

(उ) यसैगरी, विद्यार्थी समूहलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १२ मा दिइएको प्रश्न स्लाइडमा प्रदर्शन गरी पढ्न लगाउनुहोस् । हरेक समूहका विद्यार्थीलाई समूहभित्रै पक्ष र विपक्षमा विभाजन हुन लगाउनुहोस् र हरेक आमाबाबुले आफना सन्तानका लागि सम्पत्ति जोडिदिने कि स्तरीय शिक्षा दिने भन्ने विषयको पक्ष र विपक्षमा छलफल गराउनुहोस् र छलफलमा उठेका विषयवस्तु टिपोट गर्न लगाउनुहोस् । त्यसका लागि बढीमा पँच मिनेटको समय निर्धारण गर्नुहोस् ।

(ऊ) समय र छलफल सकिएपछि समूहगत रूपमा पक्ष र विपक्षबाट उठेका तर्क प्रस्तुत गर्ने अवसर दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि तालीबजाएर हौसला प्रदान गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण प्रक्रिया अवलम्बन गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) अधिकार र कर्तव्यबिचको सम्बन्धबारे निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) तलका वाक्यका वक्ता र वाक्यको आशय भन्न लगाउनुहोस् :

(अ) निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

(आ) खुसीको अजस्र स्रोत कर्तव्य भएकाले अधिकारभन्दा कर्तव्य नै ठुलो हो ।

(इ) नागरिक भएकै कारणबाट प्राप्त गर्ने अधिकार सम्पूर्ण नेपालीले विना भेदभाव प्रयोग गर्न पाएका छन् ।

(ग) विद्यार्थीलाई पाठका वक्तामध्ये कुन वक्ताको भनाइ मन पऱ्यो ? कारणसहित निष्कर्ष भन्न लगाउनुहोस् ।

(घ) तलका प्रश्नको छोटो उत्तर लेख्न लगाउनुहोस् :

(अ) कर्तव्यको विषयलाई हाम्रा पौराणिक ग्रन्थमा कसरी उल्लेख गरिएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट वाक्यको व्याख्या गर्न | • व्याख्याको नमुना<br>• बुँदा टिपोटको नमुना<br>• वादविवाद लेखनको नमुना<br>• बोध प्रश्नसूची<br>• भाषिक संरचना र वर्णविन्याससम्बन्धी प्रश्नसूची |
| बुँदा टिपोट | निर्दिष्ट अनुच्छेदबाट बुँदा टिपोट गर्न | |
| वादविवादको खण्डन | पाठका पहिलो वक्ताको भनाइ खण्डन गर्दै विपक्षबाट वादविवाद लेख्न | |
| बोधात्मक प्रश्नोत्तर | अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षा क्रियाकलापतिर ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**व्याख्या लेखन**

(अ) शिक्षकले व्याख्यासम्बन्धी नमुना शैक्षिक सामग्रीको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । कुनै वाक्यको व्याख्या गर्ने तरिका र व्याख्याको संरचनासम्बन्धी प्रश्नोत्तरका माध्यमले छलफल क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**व्याख्या गर्ने तरिका**

- सम्बन्धित अंशले दिने अर्थ र त्यससँग सम्बन्धित विविध विषयको वर्णन,
- विषयवस्तुको विश्लेषण गर्दै सम्बन्धित अंशसँग मेल खाने उदाहरण, उखान आदि पनि उल्लेख गर्न सकिने,
- व्याख्या गर्ने अंशसँग सम्बिन्धित पाठका विषयवस्तुको उल्लेख,
- मूल अर्थको पहिचान, व्याख्यान र निष्कर्ष

**व्याख्याको नमुना**

अधिकार नदिई कर्तव्य मात्र पूरा गर भन्नु बिना हतियार लडाइँमा पठाउनु जस्तै हो । खुट्टामा नेल लगाएर हिँड् भन्नु जस्तै हो ।

**व्याख्याको नमुना**

अधिकार भनेको कसैले कानुनी रूपमा प्राप्त गरेको हक हो भने कर्तव्यले कसैले पूरा गर्नुपर्ने जिम्मेवारीलाई बुझाउँछ । भनिन्छ, अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन् । जसरी एउटा सिक्काका दुई पाटालाई टुक्र्याएर दुइटा बनाउन सकिँदैन त्यसरी नै यी दुईलाई अलग गर्न सकिँदैन । जसरी शरीरसँगै हिँडेको छायाको अस्तित्वलाई शरीरभन्दा अलग राखेर हेर्न सकिँदैन । कुनै पनि व्यक्तिलाई कुनै काम वा कर्तव्यपालना गर्न अह्राउने तर सो काम गर्न चाहिने अधिकारबाट वञ्चित गराउने गर्नु हुँदैन । यदि यस्तो गरियो भने त्यो कर्म अस्वाभाविक र अप्राकृतिक हुन्छ, यस्तो गर्नु सरासर अन्याय हो ।
कसैले कर्तव्य पालना गर्नका लागि उसले अधिकार पनि पाएकै हुनुपर्छ । अर्को कुरा अधिकार भनेको मानिसले प्राप्त गर्ने कानुनी हक हो । त्यसैले अधिकारका पक्षमा बोल्ने वक्ताले वा अधिकारकर्मीहरूले यो कुरो जोडदार रूपमा उठाउने गर्छन् । खुट्टा बाँधेर दगुरेन भन्नु सुहाउने कुरा होइन, हिँड्न अराउनुभन्दा पहिले उसलाई हिँड्न सक्ने वातावरण सिर्जना गर्नुपर्छ । युद्धमा हिँडेको सिपाहीलाई हतियार नदिएर पठाउनु सोझै मृत्यु वरण गराउनु जस्तै हो । किसानलाई औजार नदिएर खेतमा पठाउनु जस्तै हो । त्यसैले कर्तव्य पूरा गर्ने सिलसिलामा अनेक निर्णय लिनुपर्ने पनि हुन सक्छ र तत्काले विचार गरेर कुनै कुरा भन्नुपर्ने, बोल्नुपर्ने वा गर्नुपर्ने हुन्छ । त्यस्तो वेलामा यदि अधिकार छैन भने कर्तव्य पूरा गर्न कठिन हुन्छ । त्यसैले कर्तव्य र अधिकार सँगसँगै जोडिएर आँछन् र आउनुपर्छ पनि । यी दुई भिन्न कुरा नभई एउटाको पूर्णताका लागि अर्को सहयोगी मात्र होइन, अपरिहार्य नै हुन्छ ।
यसरी अधिकार र कर्तव्य एक अर्काका परिपूरकका रूपमा आउँछन्, यी दुईलाई छुट्याएर राख्नु सरासर गलत हुन्छ । त्यसैले कर्तव्य सम्झाएर पूर्णअधिकारसहित काम गर्न दियो भने त्यो काम सफल पनि हुन्छ भन्ने मूल भाव यस अंशले व्यक्त गरेको छ । सरल भाषाशैलीमा संरचित यस वाक्यले अधिकार र कर्तव्यबिचको घनिष्ट सम्बन्धलाई उदाहरणसहित स्पष्ट पारेको छ ।

(आ) कक्षालाई विद्यार्थी सङ्ख्याको आधारमा चार समूहमा विभाजन गर्नुहोस् । व्याख्याको संरचना, निर्दिष्ट वाक्यको भाव आदिका बारेमा छलफल गर्नुहोस् ।

(इ) व्याख्याका लागि बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएका क्रियाकलाप (क) दुई समूहलाई र (ख) अन्य दुई समूहलाई दिनुहोस् र आपसमा छलफल गरी मूल अर्थ, सम्बन्धित उदाहरण र व्याख्यामा समेट्नुपर्ने मुख्य मुख्य विषयका बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ई) छलफल र बुँदा टिपोटपश्चात् विद्यार्थी समूहलाई व्याख्या गरी लेख्न लगाउनुहोस् । विद्यार्थीले कक्षाकार्य गर्दै गर्दा आफूले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) लेखनपश्चात् प्रत्येक समूहका प्रतिनिधि विद्यार्थीलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई मूल्याङ्कन गर्न लगाउनुहोस् र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

(ऊ) विद्यार्थीले लेख्न छुटाएका विषयवस्तु भए आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बुँदा टिपोट

(अ) विद्यार्थीलाई समूहगत विभाजन गराएपछि पूर्वज्ञानका आधारमा बुँदा टिपोट र सारांश लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

(आ) टोली नेतालाई छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा आफूले लगेका बुँदाहरूलाई प्रदर्शन गराई विद्यार्थीमार्फत वाचन गर्न लगाउनुहोस् वा मौन पठन गराएर विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् । विद्यार्थीलाई पूर्वज्ञानका आधारमा बुँदा टिप्न अभिप्रेरित गर्नुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ को निर्देशानुसार 'कर्तव्यभन्दा ठुलो ......... पुष्टि हुन्छ ।' अंश मौन पठन गरी चारओटा बुँदा टिपोट गर्न १० मिनेटको समय दिनुहोस् । प्रत्येक समूहमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीका समूहले निर्धारित समयमा बुँदा टिपोट गरिसकेपछि समूहका कुनै सदस्य वा टोली नेतालाई बुँदाहरू प्रस्तुत गर्न र अन्य समूहलाई सुन्न लगाउनुहोस् । प्रस्तुतिपछि टिपोट गरिएका बुँदा प्रदर्शन गर्न लगाउनुहोस् र उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) अन्य विद्यार्थीलाई साथीको प्रस्तुतिपछि आवश्यक सकारात्मक प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**वादविवादका वक्ताको खण्डन**

(अ) विद्यार्थीलाई समूहगत रुपमा वादविवादको शैली र संरचनाका बारेमा पूर्वज्ञानका आधारित भई छलफल गराउनुहोस् । वादविवाद रचना गर्ने तरिका, सम्बोधन, तर्क प्रस्तुति र खण्डनका क्रममा विषयवस्तुको सुरुआत, विवरण र अन्त्य, भाषशैली आदिबारे छलफल गराउनुहोस् ।

(आ) वादविवादको श्रव्य सामग्री वा दृश्य सामग्री प्रदर्शन गरी हेर्न र सुन्न लगाई थप छलफल गराउनुहोस् र निष्कर्ष निकाल्नुहोस् ।

(इ) शिक्षकले तयार पारेर ल्याएको वादविवाद लेखनको नमुना स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी सस्वर पठन गर्न लगाउनुहोस् र यसबारे छलफल गराउनुहोस् ।

(ई) विद्यार्थी समूहलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको प्रश्न पढ्न लगाई छलफल गराउनुहोस् । पाठमा पहिलो वक्ताले प्रस्तुत गरेका विषयवस्तु मनन गर्न लगाई ती तर्कको खण्डन गर्नेबारे छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीलाई पाठका पहिलो वक्ताले बोलेका विषयमा आधारित भई ७ मिनेटमा खण्डन लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) प्रत्येक समूहबाट समयसीमाभित्र रचना भएका वादविवादको खण्डन कक्षामा हाउभाउसहित समूह समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ सम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् र दिइएको अनुच्छेद कुनै एक जनालाई सस्वर पठन गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले अनुच्छेदसँग सम्बन्धित क्रियाकलाप (क) मा दिइएका प्रश्नको सूची स्लाइड, स्मार्ट बोर्ड, फलाटिन पाटी वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

(ई) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एक प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर प्रत्येक समूहलाई पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) यसैगरी यसै अभ्यासको क्रियाकलाप (ख) मा दिइएका भाषिक संरचनासँग सम्बन्धित प्रश्नको सूची स्लाइड, स्मार्ट बोर्ड, फलाटिन पाटी वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

(ऋ) यस खण्डमा दिइएका भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्वज्ञानका आधारमा गराउनुहोस् । भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप सातौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

(ए) प्रत्येक समूहको कुनै एक सदस्यलाई एक प्रश्नको उत्तर बताउन प्रेरित गर्नुहोस् । विद्यार्थीले सही उत्तर दिन सकेको वा नसकेको उचित मूल्याङ्कन गर्ने जिम्मेवारी अन्य समूहलाई दिनुहोस् । उत्तर मिले नमिलेको यकिन गरी आवश्यक सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको वाक्यको व्याख्या गर्न लगाउनुहोस् :

(अ) कर्तव्यको कसीमा घोटिँदा मात्र हरेक व्यक्तिको व्यक्तित्वको सफल परीक्षण हुन्छ ।

(ख) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा तोकिएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ग) विपक्षीका तर्कको खण्डन गर्दै अधिकार ठुलो हुन्छ भन्ने विषयमा एउटा वादविवादको नमुना तयार पार्न लगाउनुहोस् ।

(घ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको अनुच्छेदबाट वर्तमान कालको एउटा वाक्य पहिचान गर्न लगाई त्यस वाक्यलाई अज्ञात र अभ्यस्त पक्षमा परिवर्तन गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | विनम्रतापूर्वक गरिने अनुनय र कृतज्ञतासम्बन्धी भाषिक सम्प्रेषणमा आधारित भएर प्रस्तुति गर्न | • भाषिक सम्प्रेषणमा आधारित प्रेरक दृश्य सामग्री<br>• सुनाइ पाठ ६ रेकर्ड गरिएको श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद |
| श्रुतिबोध | सुनाइ पाठ ६ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई चुट्किला वा भाषिक अभिव्यक्तिसम्बन्धी रमाइला विषयवस्तु सुनाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) विद्यार्थीसँग आपूभन्दा ठुला व्यक्तिसँग कसरी कुराकानी गर्नुहुन्छ भनेर व्यावहारिक ज्ञानका आधारमा प्रश्न गर्नुहोस् र छलफल गराउनुहोस् ।

(आ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न १५ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(इ) भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने स्वाभाविक प्रस्तुति हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । आफूले अभिनयात्मक प्रस्तुति गरेर विद्यार्थीलाई थप हौसला र ज्ञान प्रदान गर्नुहोस्,
जस्तै : साथीको बुबालाई बाटोमा भेट्दा उहाँसँग हुने कुराकानीलाई अभिनयात्मक रूपमा प्रस्तुत गर्नुहोस् ।

(ई) विद्यार्थीलाई अभ्यास १५ का आधारमा ज्येष्ठ नागरिक र वृद्धवृद्धालाई विभिन्न समय र अवस्थामा भेट्दा कसरी बोल्ने, उहाँहरूलाई कसरी सम्मान प्रकट गर्ने भन्नेबारे छलफल गराउनुहोस् । विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् ।

(उ) उनीहरूलाई फरक फरक व्यक्तिलाई फरक फरक परिवेशमा भेटेर कुराकानी गर्दा वा व्यवहार गर्दा अपनाउनुपर्ने भाषा, शैली, हाउभाउ र तरिकाबारे अभिनयात्मक प्रस्तुति गर्न लगाउनुहोस्, जस्तैः

- **मामाघरको हजुरबुबा वा हजुरआमा आफ्नो घर आउँदा (एक जना हजुरबुबा र एक जना नाति वा नातिनी भएर अभिनयात्मक प्रस्तुति गर्न लगाउने ।)**
- **छिमेकी हजुरबुबालाई अचानक बाटोमा बिरामी अवस्थामा भेट्दा (एक जना छिमेकी हजुरबुबा र एक जना छिमेकी नाति भएर अभिनयात्मक प्रस्तुति गर्न लगाउने)**
- **बसमा अशक्त वृद्ध व्यक्ति भेट्दा (एक जना अशक्त र अर्को युवा भएर अभिनयात्मक प्रस्तुति गर्न लगाउने ।)**

(ऊ) विद्यार्थीले अभिनयात्मक रूपमा आफ्नो विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा फरक फरक परिस्थितिमा आधारित केही सन्दर्भ दिँदै भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीको प्रस्तुति अवलोकन गरी आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला बढाउनुहोस् ।

### श्रुतिबोध

(अ) प्रेरक प्रसङ्ग सुनाएर दोस्रो क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् र विद्यार्थीलाई सुनाइ पाठका आधारमा उत्तर दिँदा ध्यान दिनुपर्ने कुराका बारेमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) सुनाइ पाठ ६ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(ई) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर ठिक बेठिक छुट्ट्याउने अभ्यास सञ्चालन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही उत्तर दिन नसके सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ का प्रश्न पालैपालो विद्यार्थी समूहलाई सोध्नुहोस् । एउटा समूहले उत्तर दिन नसके अर्को समूहलाई पालो दिनुहोस् ।

(ऊ) विद्यार्थीले सबै प्रश्नका उत्तर दिइसके पछि थप प्रश्न निर्माण गरी थप अभ्यास पनि गराएर आवश्यक परे पृष्ठपोषण दिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) सुनाइ पाठ ६ सुनी सोधिएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) उँभौलीमा किन कसको पूजा गरिन्छ ?
(आ) उँधौलीमा किन धन्यवाद दिइन्छ ?
(इ) उँधौली र उँभौली पर्व कहिले मनाइन्छ ?

(ख) एक जना ज्येष्ठ नागरिक र एक जना युवा भएर युवाले वृद्धवृद्धालाई सम्मान गरेको झल्कने किसिमको अभिनयात्मक प्रस्तुति दिन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| काल र पक्षको पहिचान र प्रयोग | • विभिन्न काल र पक्षका वाक्य पहिचान गर्न<br>• कुनै काल र पक्षको वाक्यलाई अर्को काल वा पक्षको वाक्यमा परिवर्तन गर्न | • काल र पक्षका उदाहरणको चार्ट<br>• वाक्यपत्ती<br>• पदयोग र पदवियोग नमिलेका र मिलेका अनुच्छेदको चार्ट |
| पदयोग र पदवियोगको पहिचान र प्रयोग | निर्दिष्ट वाक्य, वाक्यांश वा अनुच्छेदलाई पदयोग र पदवियोग मिलाई लेख्न | |
| उद्घोषण (परियोजना कार्य) | निर्दिष्ट शीर्षकमा उद्घोषणको नमुना तयार पार्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कक्षाका विद्यार्थीलाई चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउन उत्प्रेरित गर्नुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गरी आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**काल र पक्षको पहिचान र प्रयोग**

(अ) फरक फरक विद्यार्थीका तीन समूलाई भूत वर्तमान र भविष्यत् कालका फरक फरक क्रियापद लेखिएका शब्दपत्ती दिनुहोस् । ती शब्द भन्न लगाई तिनले बुझाउने समयका बारेमा छलफल चलाउनुहोस् ।

(आ) चार्ट वा स्लाइड प्रयोग गरी भूत वर्तमान र भविष्यत् कालका विभिन्न क्रियापद प्रदर्शन गरी पहिचान गर्न लगाउनुहोस् । विद्यार्थी समूहले पहिचान गर्न नसके आवश्यक सहजीकरण गरिदिनुहोस् ।

जस्तै :

| भूतकाल | वर्तमान काल | भविष्यत् काल |
|---|---|---|
| पढे | पढ्छु | पढ्ने छु |
| बसेँ | बस्छु | बस्ने छु |
| भयो | हुन्छ | हुने छ |
| गयौ | जान्छौ | जाने छौ |
| भन्यौँ | भन्छौँ | भन्ने छौँ |

(इ) पाठको भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा दिइएको अनुच्छेद र प्रश्न प्रोजेक्टर वा स्लाइडमा प्रदर्शन गरी विद्यार्थी समूहलाई भूत, वर्तमान र भविष्यत् कालका क्रियापद पहिचान गरी सूची बनाउन लगाउनुहोस् । शिक्षक प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) समूह कार्य सकिएपछि समूहका प्रतिनिधि विद्यार्थीलाई प्रस्तुत गर्न लगाई अन्यलाई प्रतिक्रिया दिन लगाउनुहोस् ।

(उ) यसैगरी यसै खण्डको अभ्यास २ मा दिइएको प्रश्न पढ्न लगाई पाठबाट भूत र वर्तमान कालका तीन तीनओटा क्रियापद खोजेर लेख्न लगाउनुहोस् । क्रियापद पहिचान गरेपछि तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) वाक्यमा प्रयोग सकिएपछि समूह नेतालाई प्रस्तुतीकरण गर्न लगाई आवश्यक सिकाइ सहजीकरण गरिदिनुहोस् ।

(ऋ) प्रोजेक्टर वा स्लाइड वा चार्टमा काल र पक्षका एउटै धातुबाट बनेका केही उदाहरण प्रदर्शन गरी ती क्रियापदको बनोट र ती क्रियाले बुझाउने समयबारे सामूहिक छलफल गराउनुहोस् :

जस्तै :

**'खा' धातुबाट बनेका केही क्रियापद**

| पक्ष | भूतकाल | वर्तमान काल | भविष्यत् काल |
|---|---|---|---|
| अपूर्ण पक्ष | खाँदै थिएँ<br>खाँदै थियौँ<br>खाँदै थिइस्<br>खाँदै थियौ<br>खाँदै थियो<br>खाँदै थिए | खाँदै छु,<br>खाँदै छौँ,<br>खाँदै छस्,<br>खाँदै छौ<br>खाँदै छ,<br>खाँदै छन् | खाँदै हुने छु,<br>खाँदै हुने छौँ,<br>खाँदै हुने छस्,<br>खाँदै हुने छौ<br>खाँदै हुने छ,<br>खाँदै हुने छन् |
| पूर्ण | खाएको थिएँ,<br>खाएका थियौँ<br>खाएको थिइस्,<br>खाएका थियौ<br>खाएको थियो,<br>खाएका थिए | खाएको छु,<br>खाएका छौँ<br>खाएको छस्,<br>खाएका छौ<br>खाएको छ,<br>खाएका छन् | खाएको हुने छु,<br>खाएका हुने छौँ<br>खाएको हुने छस्,<br>खाएका हुने छौ<br>खाएको हुने छ,<br>खाएका हुने छन् |
| अज्ञात | खाएछु, खाएछौँ<br>खाइछस्, खाएछौ<br>खाएछ, खाएछौ | | |
| अभ्यस्त | खान्थेँ,<br>खान्थ्यौँ<br>खान्थिस्,<br>खान्थ्यौ<br>खान्थ्यो,<br>खान्थे | | |

(ए) कालका तीनै पक्षका सामान्य, अपूर्ण र पूर्ण पक्षका विभिन्न धातुबाट बनेका क्रियापदका थप उदाहरण प्रस्तुत गरी एक अर्का पक्षमा रूपान्तरण गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् । थप उदाहरण प्रदर्शन गरेर कालको पहिचान र प्रयोगका बारेमा प्रस्ट पारिदिनुहोस् ।

(ऐ) पाठको भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा दिइएको अनुच्छेद प्रदर्शन गगर्नुहोस र उदाहरणमा देखाए जसरी अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त पक्षका क्रियापद टिपोट गरी सूची बनाउन लगाउनुहोस् ।

(ओ) विद्यार्थीलाई असहजता भए सहजीकरण गर्दै पृष्ठपोषण दिनुहोस् ।

(औ) यसै खण्डको क्रियाकलाप ४ मा दिइएका अनुच्छेद प्रदर्शन गर्नुहोस् र पहिले नै प्रदर्शन गरेको उदाहरण तालिकाका आधारमा वाक्यलाई निर्देशनबमोजिम परिवर्तन गर्न लगाउनुहोस् । विद्यार्थी समूहले समूहकार्य गर्दा आफू प्रत्येक समूहमा पुगी कार्यको अवलोकन र सहजीकरण गरिदिनुहोस् ।

(अं) यसै गरी यसै खण्डको क्रियाकलाप ५ र ६ मा दिइएका प्रश्नको उत्तर समूहमा छलफल गरेर लेख्न लगाउनुहोस् । विद्यार्थीले कार्य गर्दा आफू प्रत्येक समूहमा पुगी उनीहरूका कार्यको अवलोकन गरी असहजता महसुस गरेको पाइए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(अः) समूह कार्य सकिएपछि प्रतिनिधिमूलक रूपमा प्रत्येक समूहका विद्यार्थीलाई प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पदयोग र पदवियोगको पहिचान र प्रयोग

(अ) वाक्यमा प्रयोग हुने शब्द नै पद हुन् । यी पदहरू कतिपय एकै डिकोमा जोडिन्छन् भने कतिपयलाई छुट्याउनुपर्छ । शब्दलाई जोडेर लेख्नु नै पदयोग हो भन्ने कुरा विद्यार्थीलाई पूर्व ज्ञान स्मरण गराउनुहोस् ।

(आ) वाक्यमा कस्तो अवस्थामा शब्द जोडिँदा रहेछन् भन्ने ज्ञानका लागि छलफल गराउनुहोस् । पदयोगसम्बन्धी जानकारी स्लाइड, चार्ट वा प्रोजेक्टरकमा प्रदर्शन गर्नुहोस् र छलफल गराउनुहोस्, छलफलका क्रममा तल दिइएका सन्दर्भमा प्रस्ट पार्नुहोस्, जस्तै :

### पदयोग हुने अवस्था

- विभक्ति र बहुवचनबोधक प्रत्यय पदयोग गरी लेख्ने, जस्तै : उनीहरूले, हामीलाई, तिमीदेखि, साथीहरू आदि ।
- नामयोगीलाई पदयोग गरी लेख्ने, जस्तै : घरबाहिर, तिमीसित, साथीसहित मसँग, घरतर्फ, तिमीबाहेक आदि ।
- समस्त शब्द पदयोग गरी लेख्ने, जस्तै : दुईचार, हिजोआज, लामखुट्टे, दाजुभाइ आदि ।
- आंशिक र आपरिवर्तित द्वित्व शब्द पदयोग गरी लेख्ने, जस्तै : झैझगडा, ससानो, कुटकाट, लुगासुगा आदि ।
- अकरणबोधक 'न' लाई पदयोग गरी लेख्ने, जस्तै : नजाला, हुँदैन, नबसुन्, नहेर आदि ।
- संयुक्त क्रियापदलाई पदयोग गरी लेख्ने, जस्तै : पढ्नुपर्छ, बसिहाल्छ, भनिदिनुपरेको, खाइसकिहालेछ आदि ।
- नाम र थरका बिचमा आउने मध्यवर्ती नामलाई पदयोग गरी लेख्ने, जस्तैः रामप्रसाद, हरिबहादुर, सोमनाथ आदि ।

(इ) पाठको भषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न ७ को अभ्यास गर्न दिई आवश्यक छलफल गर्नुहोस् र विभिन्न उदाहरणहरू प्रस्तुत गरेर अवधारण स्पष्ट पारिदिनुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यासको प्रश्न ८ को अभ्यास छलफल गर्न लगाई पदवियोगसम्बन्धी त्रुटि पहिचान गरी सच्याएर लेख्न दिनुहोस् । विद्यार्थीलाई पहिचान गर्न असहज भए सहजीकरण गरिदिनुहोस् ।

(उ) यस्तै पदयोगसम्बन्धी थप अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्

**उद्घोषण (परियोजना कार्य)**

(अ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(आ) यसै खण्डको अभ्यास १ मा दिइएको प्रश्न र उदाहरण अध्ययन गरी निबन्ध प्रतियोगितामा गरिने उद्घोषणको नमुना तयार पारेर ल्याउन र अर्को दिनको कक्षामा सुनाउन निर्देशन दिनुहोस् ।

(इ) भोलिपल्ट कक्षाकार्यका रूपमा रोजगार ठिक कि स्वरोजगार ठिक ? भन्ने शीर्षकमा वादविवादसम्बन्धी अनुच्छेद रचना गरिने भएकाले आवश्यक तयारी गरेर आउन पूर्वजानकारी दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका वाक्यलाई कोष्ठकका निर्देशनबमोजिम परिवर्तन गर्न लगाउनुहोस् :

(अ) मेरो साथी आज मेरै घरमा बस्यो । (पूर्ण वर्तमान )

(आ) साथीहरू चौतारोमा थकाइ मार्दै थिए । (पूर्ण भविष्यत् )

(इ) तिमीहरूले असहायलाई सहयोग गरेछौ । (अभ्यस्त भूत)

(ख) 'उनीहरूले काल र पक्ष बुझे ।' यस वाक्यलाई तीनओटै काल र सबै पक्षमा परिवर्तन गर्न लगाउनुहोस् ।

(ग) पदयोग र पदवियोग मिलाएर तलको अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् :

हाम्रो देशकोविकास गर्ने हो भने हामीसबैले आ आफ्नो स्थान बाट स्व कर्तव्यबोध गरी समाज र राष्ट्र लाई समृद्धतुल्याउने कार्य मा तल्लीन भएर लाग्नु पर्छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| उद्घोषण नमुना प्रस्तुति (परियोजना कार्य) | निर्दिष्ट शीर्षकमा उद्घोषण गर्दाको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्न | • कुनै कार्यक्रममा गरिने उद्घोषणको नमुना |

| | | |
|---|---|---|
| वादविवादात्मक अनुच्छेद रचना (सिर्जनात्मक कार्य) | निर्दिष्ट शीर्षकमा पक्ष र विपक्षबाट छुट्टाछुट्टै अनुच्छेद रचना गर्न | • कुनै कार्यक्रममा उद्घोषण गरेको श्रव्य सामग्री वा दृश्य सामग्री वा स्लाइड<br>• चार्ट वा स्लाइड<br>• वादविवादसम्बन्धी अनुच्छेदको नमुना<br>• वादविवादको श्रव्य सामग्री/दृश्य सामग्री |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै कविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा दिइएको परियोजना कार्यका बारेमा छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**उद्घोषण नमुना प्रस्तुति**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । उद्घोषण गर्दा ध्यान दिनुपर्ने विषयमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

(आ) सिर्जना र परियोजना खण्ड अभ्यास १ मा दिइएको जानकारी र निर्देशनअनुसार विद्यार्थीले तयार गरेर ल्याएको उद्घोषणको नमुना पालैपालो प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(इ) अन्य विद्यार्थीलाई साथीको प्रस्तुतीकरण ध्यान दिएर सुन्न र सुनेपछि त्यसका बारेमा स्वतःस्फूर्त सुझाव दिन लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ई) प्रस्तुतीकरण सकिएपछि शिक्षकले उद्घोषण गर्दा ध्यान दिनुपर्ने विषयबारे आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**वादविवादसम्बन्धी अनुच्छेद रचना**

(अ) विद्यार्थीलाई पक्ष तथा विपक्षका विभिन्न समूहमा विभाजन गर्नुहोस् । रोजगार ठुलो कि स्वरोजगार ठुलो ? भन्ने शीर्षकमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् । पक्ष र विपक्षका विद्यार्थी समूहले छलफल गरी टिपोट गरेका विषयवस्तु निष्कर्षका रूपमा समूहका प्रतिनिधि विद्यार्थीलाई भन्न उत्प्रेरित गर्नुहोस् । आवश्यक सहजीकरणसहित अनुच्छेद रचना गर्ने तरिका सिकाउनुहोस् ।

(आ) विद्यार्थीलाई विषयको पक्ष तथा विपक्षबाट उठेका विषयसँग सम्बन्धित मुख्य मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले पक्ष र विपक्षबाट तयार पारेर ल्याएको कुनै शीर्षकको अनुच्छेद स्लाइड वा प्रोजेक्टरमा प्रदर्शन गरेर विद्यार्थीलाई सस्वर पठन गराउनुहोस्, जस्तै :

**रोजगार ठिक**

रोजगार शब्दले रोजगारी गर्ने भन्ने अर्थ बुझाउँछ । रोजगार गर्ने कामलाई इलम पनि भनिन्छ । यो जीविका वा इलम उद्योगका निम्ति गरिने कुनै काम अथवा कामधन्दा हो । अरू व्यक्ति वा संस्था अथवा कुनै कार्यालयमा गएर दैनिक तोकिएको समय अवधिभर काम गर्नु नै रोजगार हो । यसलाई अर्को शब्दमा जागिर पनि भनिन्छ । रोजगार गर्ने व्यक्तिले काम गरेको ठाउँबाट निश्चित पारिश्रमिक पाउँछ । कार्यालयको आम्दानी होस् या नहोस् अथवा बढी खर्च होस् या कम खर्च होस्, नाफा होस् या घाटा यस्ता विषयसँग जागिर खाने मानिसलाई त्यति मतलब हुँदैन । तोकिएको काम आफ्नो क्षमताले भ्याएसम्म गर्दा हुन्छ । तोकिएको समयभरि काम गरेपछि रोजगार व्यक्तिको दायित्व पूरा हुन्छ । जागिर खाने मानिसलाई लगानीको चिन्ता हुँदैन, बजार व्यवस्थापनको तनाव रहन्न, कानुनको दायरामा रहेर आफ्नो काम खुरुखुरु गऱ्यो, महिना पूरा भएपछि तलब लियो, न झन्झट न त झमेला नै । सरकारी कर्मचारी, शिक्षक, सिपाही, सेना, प्रहरी, विभिन्न सङ्घसंस्था, उद्योगधन्दा, कलकारखानामा काम गर्ने

कर्मचारी, स्वदेशी तथा विदेशी नियोग तथा निकायमा काम गर्ने कर्मचारी आदि यस वर्गमा पर्छन् । स्वरोजगारमा जस्तो अनेक कुराको चिन्ता नहुने भएकाले जागिर वा रोजगार हुनु नै उत्तम हो । रोजगार हुँदा चाहिएको समय र दिनमा बिदा पनि पाइन्छ । त्यसैले रोजगार स्वरोजगारभन्दा राम्रो हुन्छ । अरूको जागिर खाँदा न कुनै झन्झट झमेला न कुनै मानसिक चिन्ता त्यसैले कर्मचारी भएर काम गर्नु स्वरोजगार गर्नुभन्दा ठिक हो ।

**स्वरोजगार ठिक**

आफैँ केही पेसा वा व्यवसाय गर्नुलाई स्वरोजगार भनिन्छ । कुनै व्यापार व्यवसाय, पसल, उद्योग स्थापना तथा सञ्चालनलगायत निजी स्तरबाट सञ्चालन गर्न सकिने विभिन्न पेसा तथा व्यवसाय स्वरोजगारभित्र पर्दछन् । स्वरोजगार हुने मानिसलाई कसैले जागिर नदेला कि भन्ने चिन्ता हुन्न न त जागिरबाट निकाल्ने हुन् कि भन्ने तनाव नै हुन्छ । रोजगारमा जस्तो बिहान समयमा कार्यालय पुग्ने चटारो पनि नहुने र हाकिमले वा माथिल्लो स्तरको कर्मचारीले गाली गर्छन् कि भन्ने तनाव पनि रहन्न । आफ्नै काम भएकाले काम गर्न कसैले बाधा पनि गर्दैनन् । लगानीअनुसारको नाफा प्राप्त हुन्छ । मिहिनेतअनुसार आम्दानी पनि हुन्छ । स्वरोजगारमा अरूसँग जागिर दिनुहोस् न भनेर दारा ङिच्याउनु पनि पर्दैन, बरु अरू मानिसलाई पनि काम मा लगाउन सकिन्छ । आफू पनि बाँच्ने र अरूलाई पनि बचाउने भएकाले स्वरोजगार बन्नु उपयुक्त हुन्छ । स्वरोजगारमा लागेका मानिसले अरूलाई जागिर दिएर अरू धेरै परिवारको जीवन रक्षा गर्ने काम गरेका हुन्छन् । आफू बाँच र अरूलाई पनि बचाऊ भन्ने भाव स्वरोजगारमा हुन्छ । स्वरोजगार व्यक्ति आफू स्वतन्त्र हुन्छ । स्वरोजगारमा संलग्न मानिसले रोजगारीका अवसर सिर्जना गर्छ र देशको बेरोजगारी समस्या समाधान गर्न, गरिबी हटाउन र मुलुकको आर्थिक विकास गर्न ठुलो योगदान दिएका हुन्छन् । स्वदेशी तथा विदेशी सामान आयात, निर्यात गर्ने तथा वस्तु तथा सामान उत्पादन गर्ने, समाजका विभिन्न पेसा, वर्ग र समुदायका मानिसको आवश्यकता पूरा गर्न स्वरोजगारमा लागेका मानिसको भूमिका महत्त्वपूर्ण हुन्छ । व्यापार, व्यवसाय सञ्चालन गर्ने, उद्योगधन्दा खोल्ने, सपिङ महल वा मार्ट सञ्चालन गर्ने, सिपमूलक कार्य गर्ने, पर्यटकीय क्षेत्रमा काम गर्ने होस् या दैनिक उपभोग्य वस्तु उत्पादन गर्ने कार्यमा स्वरोजगारमा लागेका मानिसको भूमिका महत्त्वपूर्ण हुन्छ । निजी कम्पनी सञ्चालन गर्ने वा निजी लगानी गरेर ठुला ठुला विकास निर्माणका काम गर्ने व्यक्ति पनि स्वरोजगारकै क्षेत्रमा लागेका हुन् । अर्काको भनाइ खाएर अरूको अधीनमा रहेर काम गर्ने रोजगारी गर्ने मानिसभन्दा स्वतन्त्र भएर आफ्नै इच्छा, चाहना, रुचि, लगानी र सोचअनुसार चल्न पाउने स्वरोजगार नै उत्तम हो । काम बिग्रन्छ कि, जागिर जान्छ कि, हाकिमले के भन्ने हुन्, भरे बढी समय पो बस्नुपर्ने हो कि, बिदा नपाइने पो हो कि भन्ने जस्ता अनगिन्ती मानसिक तनाव जागिरमा हुने हुँदा स्वरोजगार नै उत्तम हो । सवरोजगारमा काम गर्न सक्नेलाई समयले रोक्दैन, जागिरमा निश्चित आम्दानी हुन्छ तर स्वरोजगारमा संलग्नहरूको आम्दानी अथाह हुन्छ, थोरै लगानीबाट पनि बढी प्रतिफल पाइने व्यवसाय सञ्चालन गर्न सकिने भएकाले स्वरोजगार नै ठिक हो भन्ने मेरो निष्कर्ष छ ।

(ई) शिक्षक आफूले प्रदर्शन गरेका अनुच्छेद हटाउनुहोस् र प्रत्येक समूहलाई पक्ष र विपक्षका तर्फबाट ५, ५ मिनेट समय तोकेर एक एक अनुच्छेद लेख्न लगाउनुहोस् र आफूले अवलोकन गरी सहजीकरण गरिदिनुहोस् ।

(उ) अनुच्छेद लेखन सकिएपछि विद्यार्थीले तयार पारेका अनुच्छेद वाचन गरेर सुनाउन उत्प्रेरित गर्नुहोस् । अन्य विद्यार्थीलाई प्रतिक्रिया दिन तथा छुटेका केही विषय भए थप्नका लागि सुझाव दिन लगाउनुहोस् ।

(ऊ) यस क्रममा शिक्षकले अनुच्छेद लेखन शैली, वाक्य गठन आदिबारे सचेत भई आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) 'मेरो जीवनको लक्ष्य' वा अन्य कुनै शीर्षकमा अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

(ख) 'व्यावसायिक सिप ठिक कि सैद्धान्तिक ज्ञान ठिक भन्ने' पक्ष र विपक्षमा एक एक अनुच्छेद तयार गर्नुहोस्
।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**शत्रु**

**पाठः ७**

**विधा : कथा** **कार्यघण्टा : १०**

**परिचय**

'शत्रु' प्रसिद्ध मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१ - २०३९) द्वारा रचित मनोवैज्ञानिक कथा हो । पाठ्य कथाको सहजीकरणका क्रममा मनोवैज्ञानिक कथात्मक अभिव्यक्ति सिपको विकास गराउने जमर्को गरिएको छ । कथा शिक्षणको उद्देश्य विद्यार्थीमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । यस विधा शिक्षणमार्फत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

आख्यानात्मक पाठ भाषा शिक्षणका साधन हुन् । आख्यानात्मक पाठको शिक्षणमा कथाश्रवण, कथाकथन, संरचना पहिचान, कथा निर्माण, सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, चरित्र चित्रण र पात्र तुलना, बुँदा टिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, कथासार, नयाँ शब्दको उच्चारण, अर्थ बोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ । त्यसैले शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सस्वर पठन र शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डार (अनेकार्थी शब्द र अनुकरणात्मक शब्द) संरचनाबोध सम्बद्ध प्रश्नोत्तर, श्रुतिलेखन, प्रश्न निर्माण र उत्तर पहिचान, मुख्य विषयवस्तु टिपोट, चरित्र चित्रण, घटनाक्रम मिलान, परिवेश वर्णन, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या लेखन, तार्किक उत्तर लेखन, कथासार लेखन, समीक्षात्मक उत्तर लेखन, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र उत्सुकतामा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत क्रियाको भाव वा अर्थ तथा 'पदयोग' र 'पदवियोग' को पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सिर्जना र परियोजना कार्यअन्तर्गत कथा सङ्कलन र प्रस्तुति, कथा लेखनमा जोड दिइएको छ । सुनाइ बोलाइका लागि

सुनाइ पाठ ७ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ ७ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • मनोवैज्ञानिक विषयवस्तुमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-५)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र सन्दर्भका आधारमा मनोवैज्ञानिक विषयवस्तु छलफल गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट पदयोग र पदवियोग भएका शब्द पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ६-९)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| तेस्रो | • शब्दभण्डार | • अनेकार्थी शब्द पहिचान गर्न | • स्लाइड वा चार्ट | १ |

| | | | | |
|---|---|---|---|---|
| दिन | • अनेकार्थी शब्द<br>• अनुकरणात्मक शब्द<br>• संरचनाबोध सम्बद्ध प्रश्नोत्तर<br>• श्रुतिलेखन | • अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन<br>• सुनाइका आधारमा शब्द, वाक्य वा अनुच्छेद लेख्न | • अनुच्छेदपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनेकार्थी शब्द भएको चार्ट<br>• अनुकरणात्मक शब्द भएको चार्ट<br>• प्रश्नोत्तरको नमुना चार्ट | |
| चौथो दिन | • प्रश्न निर्माण र उत्तर पहिचान<br>• मुख्य विषयवस्तु टिपोट<br>• चरित्र चित्रण | • ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका प्रश्न निर्माण गरी उत्तर पहिचान गर्न<br>• पाठका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न<br>• पाठका पात्रको चरित्र चित्रण गर्न | • अनुच्छेदपत्ती<br>• प्रश्नपत्ती<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना | १ |
| पाँचौँ दिन | • घटनाक्रम मिलान<br>• परिवेश वर्णन<br>• सङ्क्षिप्त उत्तर लेखन | • पाठका मुख्य मुख्य घटना पहिचान गरी क्रम मिलाउन<br>• पाठको परिवेश वर्णन गर्न<br>• निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तर चार्ट | १ |
| छैटौँ दिन | • व्याख्या लेखन<br>• तार्किक उत्तर लेखन<br>• कथासार लेखन | • निर्दिष्ट गद्यांश व्याख्या गर्न<br>• तार्किक उत्तर दिन<br>• निर्दिष्ट कथाको कथासार लेख्न | • व्याख्याको नमुना<br>• बुँदाका चार्ट वा स्लाइड<br>• तार्किक उत्तरको नमुना | १ |
| सातौँ दिन | • समीक्षात्मक उत्तर लेखन<br>• बोध प्रश्नोत्तर | • विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन<br>• बोध प्रश्नोत्तर गर्न | • समीक्षात्मक उत्तरको संरचना चार्ट<br>• अनुच्छेद पत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| आठौँ दिन | • भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ ७) | • उत्सुकतामा आधारित भाषिक सञ्चार गर्न<br>• सुनाइ पाठ ७ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड | १ |
| नवौँ दिन | • भाषिक संरचना<br>• क्रियाको भाव वा अर्थ<br>• लोककथा सङ्कलन (परियोजना कार्य) | • सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ वाक्य पहिचान गरी प्रयोग गर्न<br>• गाउँ समाजमा प्रचलित लोककथा सङ्कलन गर्न | • क्रियाको भाव वा अर्थ चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती वा चार्ट | १ |
| दसौँ दिन | • 'पदयोग' र 'पदवियोग' को पहिचान र प्रयोग | • 'पदयोग' र 'पदवियोग' हुने पदावली पहिचान गरी प्रयोग गर्न<br>• गाउँ समाजमा प्रचलित लोककथा | • वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• लोककथाको चार्ट वा | १ |

| | | | | |
|---|---|---|---|---|
| | • कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य)<br>• कथा लेखन (सिर्जनात्मक कार्य) | सङ्कलन गरी प्रस्तुति दिन<br>• दिइएका बुँदामा थप घटना निर्माण गरी कथा लेख्न | स्लाइड<br>• कथाको नमुना चार्ट | |
| **जम्मा कार्यघण्टा** | | | | १० |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| मनोवैज्ञानिक विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा मनोवैज्ञानिक विषयवस्तु छलफल गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| सस्वर पठन र शब्दोच्चारण<br>(अनुच्छेद १-५) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न<br>निर्दिष्ट अनुच्छेदबाट पदयोग र पदवियोग भएका शब्द पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) मानवीय संवेगावस्था र त्यसले परेको प्रभावको वा बाह्य वातावरणले मनमा उब्जिएको वा सिर्जिएको विषयमा जिज्ञासा राख्नुहोस् ।

(आ) बालबालिकाको मनमा खेल्ने कुरासम्बन्धी विभिन्न विषयमा अनुभूतिका साथ क्रियाकलापमा प्रवेश गर्न उत्साहित बनाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**मनोवैज्ञानिक विषयवस्तुमा आधारित छलफल**

(अ) दुःख, सुख, हर्ष, विस्मात् आदि संवेगात्मक पक्षमा आधारित भएर छलफल चलाउनुहोस् ।

(आ) शिक्षकले संवेगात्मक सन्दर्भ र बालमनोविज्ञान झल्किने लघुकथा प्रस्तुत गरी पात्रको मनोविज्ञान पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीलाई पालैपालो प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(इ) पाठमा दिइएको चित्रमा आधारित भई छलफल गराउनुहोस् र छलफलको निष्कर्ष सुनाउने अवसर दिई आवश्यक सहजीकरण गर्नुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तु जानकारी गराई शिक्षकले निर्दिष्ट पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) कथामा भएका संवादका लागि कथाकै पात्रले बोले झैँ अभिनयमूलक तरिकाले पठन गर्न सहजीकरण गर्नुहोस् ।

(इ) पाठको दोस्रो, तेस्रो, चौथो र पाँचौँ अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर समूह बनाई विद्यार्थीको समूह नेतालाई सस्वर पठन गराउनुहोस् ।

(ई) अर्को समूह प्रतिनिधिलाई कथा वाचन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि कुराको प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शैक्षणिक पाटीमा रिपोट गरिएका शब्दहरू विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्दहरू : उपयुक्त, श्मशाने, मध्यस्थ, आक्रमणकारी, तन्द्रा, दुर्गुण आदि ।

- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तै:

| | | |
|---|---|---|
| उपयुक्त /उ.प.युक्.त/ | श्मशाने /स्म.सा.ने/ | मध्यस्थ /म.ध्यस्.स्थ/ |
| अचाक्ली /अ.चाक्.लि/ | मनुष्य /म.नुस्.स्य/ | तन्द्रा /तन्.द्रा/ |

(ए) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऐ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलाप कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई आवश्यक हौसलाका साथ शब्दोच्चारणका लागि प्रतिस्पर्धा गराउनुहोस् । सक्रियताका लागि प्रशंसा गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) सस्वर पठनका क्रममा अर्थ बोध हुन नसकेका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) ती शब्दका अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

| | | |
|---|---|---|
| सिद्धान्त | : | विचार, तर्क र अनुभवद्वारा स्थापित मत |
| असन्तुष्ट | : | असन्तोष, आहारिस |
| पुँजी | : | सञ्चित धन, सम्पत्ति |
| अप्रिय | : | मन नपरेको |

(इ) शुद्ध र स्पष्ट उच्चारणका लागि टिपोट गरिएका केही शब्द तथा शब्दको अर्थ सिक्नका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी छलफल चलाउनुहोस्, जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| सिद्धान्त | कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । | आइन्सटाइनले सापेक्षतावादी सिद्धान्त प्रतिपादन गरे । |
| मध्यस्थ | गाउँलेमा झगडा पऱ्यो भने तिनी नै मध्यस्थ हुन्थे | कमल र विमलबिचको मनमोटावलाई |

| | | |
|---|---|---|
| | । | कृष्ण सरले मध्यस्थ बनेर हटाइदिनुभयो । |
| सुइँको पाउनु | धेरै घोरिँदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो । | प्रहरीले सुन तस्करी गरेर ल्याएको सुइँको पायो । |

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा पाँचओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : फसाद, अचाक्ली, लज्जित, आक्रमणकारी, कर्जा आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) निर्दिष्ट अनुच्छेद पठन गरी प्रश्नको उत्तरको खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् । अनुच्छेदबाट विद्यार्थीलाई उत्तर खोज्न लगाउनुहोस् ।

(आ) उत्तर सन्तोषजनक नभएमा सबलीकरण गरिदिनुहोस् । बोध प्रश्नको उत्तर छोटो र स्पष्ट हुनुपर्छ भनी नमुना उत्तर प्रस्तुत गर्नुहोस् ।

**(क) कुन कुरालाई कृष्ण राय आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे ?**

उत्तर : कसैलाई कर्जा दिनु कृष्ण राय आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे ।

(ख) कृष्ण राय कति वर्षका थिए ?

(ग) कृष्ण रायको स्वभाव कस्ता थियो ?

(घ) कृष्ण राय किन मध्यस्थ हुन्थे ?

(इ) विद्यार्थीलाई पाठ्य कथांशबाट उपयुक्त गद्यांश दिई समूहगत रूपमा बोध प्रश्न सोध्नुहोस् ।

(ई) फरक फरक समूहबाट आएका उत्तरलाई तुलना गरेर उत्कृष्ट उत्तर लेख्ने समूहलाई स्याबासी दिनुहोस् ।

(उ) पदयोग र पदवियोग हुने अवस्थाका बारेमा छलफल चलाउनुहोस् । विद्यार्थीलाई अनुच्छेद १ देखि ५ भित्रबाट पदयोग र पदवियोग भएका शब्द पहिचान गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

असन्तुष्ट, मृत्यु, स्वभाव, गाह्रो, विश्वास

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

फसाद, बैरी, मध्यस्थ, कर्जा, पिर मान्नु

(ग) प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) कृष्ण रायलाई कुन कुन कुराको सुख थियो ?

(ख) कृष्ण रायमाथि के प्रहार गरिएको थियो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ६-९) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर दिनुहोस् ।

(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले निर्दिष्ट पाठको छैटौँ अनुच्छेद सस्वर पठन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका सातौँ, आठौँ र नवौँ अनुच्छेद क्रमैसँग गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गराउँदा विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) अरू विद्यार्थीलाई सस्वर पठनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी उच्चारणमा अप्ठ्यारा लागेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ई) सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : उदाहरण, पण्डित, निश्चय, कैयाँ, इर्ष्यालु आदि ।

(उ) शैक्षणिक पाटीमा टिपिएका शब्दहरूलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

| | | |
|---|---|---|
| उदाहरण /उ.दा.ह.रन्/ | पण्डित /पन्.डित्/ | इन्स्पेक्टर /इन्स्.पेक्.टर्/ |
| निश्चय /निस्.च.य/ | कैयाँ /कै.याँ/ | इर्ष्यालु /इर्.स्या.लु/ |

(ऊ) यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी शब्दोच्चारण प्रतियोगिता गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई अर्थबोध गर्न समस्या भएका नयाँ शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : गम्भीर, अकलुषित, झटनी, रैती, जमदार आदि ।

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहन गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्नुहोस् । जस्तै

गम्भीर : गहिराइ थाहा नपाइने

अकलुषित : कुनै प्रकारको खराब भावना नभएको

झटनी : हप्काउने वा झाट्ने काम

रैती : अरूको जग्गा कमाउने व्यक्ति

जमदार : सैनिक सेवाको एक पद

(ई) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माणसम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| अकलुषित | आफूलाई अकलुषित र दुर्गुणरहित भनी ठान्ने कृष्ण रायलाई आफ्नो एउटा ठुलो दोषको सम्झना भयो । | सबैले कलियुगमा अकलुषित मानिस पाउन गाह्रो छ भन्छन् । |
| झटनी | रामले योभन्दा ठुलो ठुलो गाली सहेको थियो र | हरिहरले कक्षाकार्य नगरेपछि |

| | | |
|---|---|---|
| | आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नुपर्ने । | शिक्षकको झटनी खायो । |

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गर्नुहोस् । त्यसपछि पुनः शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : सान्त्वना, अङ्कमाल, स्वाभिमान, समर्थक, फैसला आदि । तीमध्ये कुनै तीनओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठको आठौँ अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(आ) मौन पठनका आधारमा दिइएका वाक्य ठिक बेठिक छुट्याउन सिकाउनुहोस् ।

(क) घटनालाई बिर्सन कृष्ण राय निदाउने निहुँले भुइँमा बङ्ङ लडे ।

(ख) दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै बैरी नै हुन्छन् ।

(ग) कृष्ण रायले धेरैसँग सङ्गत गरे ।

(घ) कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ ।

(इ) ठिक बेठिक छुट्याउने अभ्यासपश्चात् बेठिक वाक्यलाई ठिक बनाएर पुनर्लेखन गर्न लगाउनुहोस् ।

(ई) अन्य अनुच्छेदबाट शिक्षकले ठिक बेठिक छुट्याउने वा खाली ठाउँ भर्ने वा बहुवैकल्पिक प्रश्न तयार गरी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

बिछ्यौना, निर्दोष, तन्द्रा, जाँच, पण्डित, निश्चय, कैयौँ

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

पुँजी, धैर्य, नाहक, इख, बेइज्जती

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अनेकार्थी शब्द र अनुकरणात्मक | अनेकार्थी शब्द पहिचान गर्न | • स्लाइड वा चार्ट |

<table>
<tr><td>शब्द</td><td>अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न</td><td rowspan="3">● अनुच्छेदपत्ती<br>● शब्दकोश<br>● वाक्यपत्ती<br>● अनेकार्थी शब्द भएको चार्ट<br>● अनुकरणात्मक शब्द भएको चार्ट<br>● प्रश्नोत्तरको नमुना चार्ट</td></tr>
<tr><td>संरचनाबोध सम्बद्ध प्रश्नोत्तर</td><td>निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन</td></tr>
<tr><td>श्रुतिलेखन</td><td>सुनाइका आधारमा शब्द, वाक्य वा अनुच्छेद लेख्न</td></tr>
</table>

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**अनेकार्थी शब्द र अनुकरणात्मक शब्द**

(अ) शिक्षकले अनेकार्थी शब्द, तिनको प्रयोग र अर्थको चार्ट वा स्लाइट प्रदर्शन गरी अनेकार्थी शब्दका बारेमा समूहमा छलफल गराउनुहोस् । जस्तै :

| शब्द | प्रयोग | अर्थ |
|---|---|---|
| गोल | उसले फुटबल खेल्दा दुई गोल हान्यो । | फुटबलको गोल |
| | तिमी गोल जम्मा गर । | कोइला |
| ताल | ऊ सङ्गीतको तालमा रमायो । | मादल, तबला आदिको धुन |
| | तिम्रो काम गराइको ताल मिलेन । | ढङ्ग वा तरिका |

(आ) शब्दभण्डार खण्डको क्रियाकलाप २ मा दिइएको अनुच्छेद प्रदर्शन गरी अनेकार्थी शब्द पहिचान गरी तिनको अर्थ लेख्न लगाउनुहोस् । लेखनका क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । लेखनपश्चात् प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) अनुकरणात्मक शब्दप्रयुक्त स्लाइड वा चार्ट वा श्रव्य सामग्री सामग्री प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुकरणात्मक शब्द पहिचान गर्न लगाउनुहोस् ।

(ई) अनुकरणात्मक शब्द सूची निर्माण गर्न, तिनले जनाउने कार्यबिचको सम्बन्ध प्रस्ट्याउन र वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् । जस्तै :

| अनुकरणात्मक शब्द | कार्य | वाक्यमा प्रयोग |
|---|---|---|
| मुसुमुसु | हाँस्नु | उनी मलाई देखेर मुसुमुसु हाँसिन् । |
| चिटचिट | पसिना आउनु | कमलको निधारमा चिटचिट पसिना आयो । |

(उ) शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएको अनुच्छेद प्रदर्शन गरी अनुकरणात्मक शब्द पहिचान गरी तिनको कार्य लेख्न लगाउनुहोस् । लेखनका क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । लेखनपश्चात् प्रस्तुतिको अवसर प्रदान गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थी समूहलाई क्रियाकलाप ३ मा पहिचान गरिएका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्न आवश्यक समय दिनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऋ) शब्दभण्डार खण्डको क्रियाकलाप ४ मा दिइएको निर्देशानुसार अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । लेखनका क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । लेखनपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अरू समूहलाई मिले नमिलेको यकिन गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## संरचनाबोधसम्बद्ध प्रश्नोत्तर

(अ) कथाको संरचनाबारे समूहमा छलफल गराउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । जस्तै : कथाको प्रारम्भ, कथाको विकास, चरमोत्कर्ष, ह्रास, समापन आदि ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । संरचना बोधसम्बद्ध प्रश्नोत्तर छलफल गराउनुहोस् । जस्तै :

(क) 'शत्रु' कथामा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) 'शत्रु' कथाको कुन कुन अनुच्छेदमा कृष्ण रायको चारित्रिक विशेषता उल्लेख गरिएको छ ?

(ग) लट्ठी प्रहार भएको घटना कुन अनुच्छेदमा छ ?

(घ) 'शत्रु' कथाको अन्तिम अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

(ई) समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ संरचना बोधसम्बद्ध प्रश्नोत्तर छलफल गराउनुहोस् । समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## श्रुतिलेखन

(अ) विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

(इ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(ई) श्रुतिलेखनपश्चात् साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) श्रुतिलेखनका क्रममा सफा र स्पष्टसँग लेख्ने एक जना, सबैभन्दा थोरै त्रुटि गर्ने एक जना र राम्रा अक्षरमा लेख्ने एक जना विद्यार्थीको नाम घोषणा गरी ताली बजाएर हौसला दिन लगाउनुहोस् ।

(ऊ) सुनाइ, लेखाइ आदिमा समस्या भएका विद्यार्थी पहिचान गरी शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

**(क) दिइएका अनेकार्थी शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

दर, कर, खोटो, रहर, हार, हुस्सु, कल, पत्र, जाली, उत्तर

**(ख) पद र पदावलीबिच जोडा मिलाउन लगाउनुहोस् :**

| | |
|---|---|
| अकमक्क | गनाउनु |
| कुरुमकुरुम | भन्नु |
| खुसुक्क | रिसाउनु |
| चिटचिट | पर्नु |
| डुङडुङ्ती | चपाउनु |
| | पसिना आउनु |

**(ग) 'शत्रु' कथाको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| प्रश्न निर्माण र उत्तर पहिचान | ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका प्रश्न निर्माण गरी उत्तर पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• प्रश्नपत्ती<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना |
| मुख्य विषयवस्तु टिपोट | पाठका मुख्य मुख्य विषयवस्तु टिपोट गर्न | |
| चरित्र चित्रण | पाठका पात्रको चरित्र चित्रण गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) दैनिक जीवनमा घट्ने प्रेरक घटना सुनाई पाठ्यवस्तुप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीको जीवनमा घटेका वा घट्न सक्ने घटनाको अनुमान तथा छलफल गराई विषयवस्तुको जानकारी दिनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**प्रश्न निर्माण र उत्तर पहिचान**

(अ) क्रियाकलाप तीनमा प्रवेश गर्दै प्रश्न निर्माण कसरी गर्न सकिन्छ र उत्तरको खोजी कसरी गर्ने भन्ने सिपबारे छलफल गर्नुहोस् ।

(आ) पाठ्य कथाबाट कुनै एक कथांश उद्धृत गरेर दिनुहोस् । यसमा भएका मुख्य मुख्य विषय के के छन्, पहिचान गर्न लगाउनुहोस् ।

(इ) प्रश्न निर्माण गर्दा अनुमान गर्ने, निष्कर्ष दिने, तर्क दिने, विश्लेषण गर्ने, विवरण दिने खालका प्रश्नसम्बन्धी धारणा निर्माण गर्न लगाउनुहोस् र अवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

(ई) के, कुन, कसलाई, कसरी आदि प्रश्नसूचक शब्द प्रयोग गरी प्रश्न सोध्ने र तिनको उत्तर पहिचान गर्ने कार्य कसरी भएको छ भनी अवलोकन गर्नुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ को निर्देशानुसार छोटो उत्तरात्मक प्रश्न निर्माण गरी उक्त प्रश्नको उत्तर पहिचान गर्न लगाउनुहोस् । प्रश्न निर्माण र उत्तर पहिचानका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । लेखनपश्चात् प्रस्तुतिको अवसर प्रदान गरी पृष्ठपोषण दिनुहोस् ।

## मुख्य विषयवस्तु टिपोट

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाएर पाठ्य कथाका अनुच्छेद बाँडिदिनुहोस् र मौन वाचन गर्दै विद्यार्थीले छलफलपश्चात् तयार गरेका मुख्य मुख्य घटनाहरू के के रहेछन्, अवलोकन गर्नुहोस् ।

(आ) कथाका मुख्य मुख्य घटना टिपोट गर्नका लागि उत्प्रेरित गर्नुहोस् ।

(इ) पाठ्य कथाबाट टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । कुनै बुँदा दोहोरियो वा मिलेन भने काँटछाँट गर्न आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ को निर्देशानुसार चौथो अनुच्छेद मौन पठन गरी मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच मूल्याङ्कन गर्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

## चरित्र चित्रण

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गरी कथाका मुख्य पात्र र तिनका स्वभावका बारेमा छलफल गराउनुहोस् । विद्यार्थीले कृष्ण रायका बारेमा भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) पाठ्य कथाको पहिलो अनुच्छेदका केही अंश स्लाइड वा चार्टमा प्रदर्शन गरी कृष्ण रायको चरित्रका बारेमा छलफल गर्नुहोस् ।

'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायको निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । तिनले यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन् । यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ ।

(इ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएका बुँदाका आधारमा कृष्ण रायको चरित्र चित्रण गर्न आवश्यक समय दिनुहोस् । लेखनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

नेपाली साहित्यका सुप्रसिद्ध मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'शत्रु' कथाका मुख्य पात्र कृष्ण राय हुन् । उमेरले ४५ वर्षका कृष्ण राय 'शत्रु' कथामा प्रमुख भूमिकामा देखापरेका छन् । गाउँमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल उनी सम्पन्न र सुखी व्यक्तिका रूपमा चिनिन्छन् । धन, यश, इज्जत, प्रतिष्ठा, मानसम्मान आदि सबै कुराले सम्पन्न कृष्ण रायका सन्तान भने थिएनन् । सन्तानको अभावलाई पूर्ति गर्न उनले टाढाको भतिजोलाई पालेका थिए । समाजसेवाका क्षेत्रमा पनि ठुलो ख्याति कमाएका कृष्ण राय हत्तपत्त कसैलाई ऋण भने दिँदैनथे तर आपत्विपत्मा परेकालाई सहयोग गर्थे । उनमा थुप्रै कमजोरी देखिन्छन् । आफूलाई अजात शत्रु ठान्नु उनको ठुलो भुल हो । उनी शङ्कालु स्वभावका पनि देखिन्छन् । तन्द्रावस्थामा उनीमाथि लट्ठी प्रहार भएपछि आफूलाई शत्रुरहित ठान्ने कृष्ण राय असामान्य अवस्थामा पुगी सम्पर्कमा आएका सबैलाई शत्रु देख्न पुग्छन् । झैझगडा मुद्दा मामिला आदिमा सहभागी भई एउटाका पक्षमा फैसला गर्दा अर्को पक्ष असन्तुष्ट भई आफ्ना विरुद्धमा जान सक्छ भन्ने बुझ्न नसक्नु उनको ठुलै कमजोरी हो । शत्रुताका वैरभावका निम्ति ठुलो कारण चाहिँदैन, सानातिना मनमुटाव र तिक्ततामा नै यसको बीज लुकेको हुन्छ भने शाश्वत पक्षलाई कृष्ण रायले बुझ्न सकेका छैनन् । उनी शङ्कालु मनोवृत्ति भएका पात्र हुन् । कृष्ण रायका चेतन अवचेतन मनका बिच द्वन्द्व पाइन्छ । उनमा थुप्रै मानसिक संवेग पनि उत्पन्न भएका छन् । मानसिक कमजोरीका कारण मनरोगी बनेका कृष्ण रायको चरित्रले मानवीय स्वभाव र व्यक्तिगत कमजोरीलाई उद्घाटन गर्ने हुनाले उनी वैयक्तिक चरित्र हुन् । समग्रमा कृष्ण रायलाई गतिशील, उच्च वर्गीय र मानसिक कमजोरीयुक्त पात्रका रूपमा लिन

सकिन्छ ।

(ई) लेखनपश्चात् समूह नेतालाई प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेदबाट प्रश्न निर्माण गरी उत्तर पहिचान गर्न लगाउनुहोस् :

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो; गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो । तर निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो होला ।

(ख) कृष्ण रायको चरित्र चित्रण गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटनाक्रम मिलान | पाठका मुख्य मुख्य घटना पहिचान गरी क्रम मिलाउन | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तर चार्ट |
| परिवेश वर्णन | पाठको परिवेश वर्णन गर्न | |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### घटनाक्रम मिलान

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाएर पाठ्य कथाका अनुच्छेद बाँडिदिनुहोस् र मौन वाचन गर्दै विद्यार्थीले छलफलपश्चात् तयार गरेका मुख्य मुख्य घटना के के रहेछन्, अवलोकन गर्नुहोस् ।

(आ) कथाका मुख्य घटनालाई टिपोट गर्न विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।

(इ) पाठ्य कथाबाट टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । कुनै बुँदा दोहोरियो वा मिलेन भने काँटछाँट गर्न आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) शिक्षकले आफूले तयार पारेका पाठ्य कथाका घटनाका बुँदालाई छ्यासमिस पारेर विद्यार्थीलाई बाँड्नुहोस् । उनीहरूसँग भएका बुँदा मनन गर्न लगाउनुहोस् । आफूले ल्याएको स्लाइड, चार्ट वा श्रव्य सामग्री सामग्री पनि प्रस्तुत गर्नुहोस् । जस्तै :

(क) नोकरी खोज्न आएको युवकलाई कृष्ण रायले उपदेश दिनु

(ख) कन्हैयाको पक्षमा न्याय हुँदा मास्टर रिसाउनु

(ग) इन्स्पेक्टरले सोध्दा रामे, केदार आदिको नाम लिनु

(घ) कृष्ण रायमाथि लट्ठी प्रहार हुनु

(ङ) कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झनु

(च) कृष्ण रायले को मेरो शत्रु हुन सक्छ भन्दै सोच्न थाल्नु

(छ) गोविन्द पण्डित र गोरे जमदारको झगडा मिलाइदिनु

(ज) हिसाब गोलमाल गरेर ठग्न खोज्ने बलभद्रमाथि शङ्का गर्नु

(झ) आफ्नै पोष्यपुत्रमाथि भरोसा नगर्नु

(उ) विद्यार्थीलाई बुँदा दिई तीमध्ये कुन घटना पहिले भएको हो, पहिलो घटना भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो अनि तेस्रो क्रमशः सबैले पालैपालो आफ्नो घटना बुँदा भन्दै टिप्दै घटनाक्रम मिलान गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले टिपेका घटनालाई सिलसिला मिलाएर लेख्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० को निर्देशानुसार दिइएका घटनालाई कथाका आधारमा क्रम मिलाएर लेख्न लगाउनुहोस् । लेखनपश्चात् प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**परिवेश वर्णन**

(अ) कुन ठाउँ, कस्तो वातावरण, कुन समयमा कथा बुनिएको छ आदि प्रश्न सोधेर कथाको परिवेशबारेमा विद्यार्थीको ध्यानाकृष्ट गरी छलफल गर्नुहोस् ।

(आ) शिक्षकले तयार पारेका परिवेशसम्बद्ध बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गरी छलफल गराउनुहोस् । जस्तै :

(क) ग्रामीण परिवेशमा लेखिएको कथा

(ख) दशबाह्र वर्षदेखि गाउँबाट बाहिर नगएको

(ग) स्थानगत परिवेशका रूपमा ग्रामीण नेपाली समाज आएको

(घ) सुत्ने समय, रातको समय, तन्द्रा अवस्थाको वर्णन

(इ) विद्यार्थीलाई कथामा प्रयोग भएको परिवेश टिपोट गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) टिपोटपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । घरायसी वातावरणको दृश्य तथा घटना घटेका स्थान, समय, आर्थिक परिवेश तथा वातावरणका बारेमा सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सङ्क्षिप्त उत्तर लेखन

(अ) सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गरी शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) शिक्षकले सङ्क्षिप्त उत्तरात्मक प्रश्न र उत्तरका सम्भावित बुँदा स्लाइड वा चार्टपेपरमा प्रस्तुत गरी छलफल गराउनुहोस् । जस्तै :

**(क) कृष्ण रायको सन्तोषको कारण के थियो ?**

**बुँदा**

(अ) जीवनमा असफल नभएका

(आ) रुपियाँका लागि कसैलाई कुनै पिर नपारेका

(इ) कोही बैरी वा शत्रु छैनन् भन्ने कुरा मनमा भएको

(ख) कस्तो अवस्थामा कृष्ण रायमाथि लट्ठी प्रहार भएको थियो ?

**बुँदा**

(अ) कृष्ण राय रातको समयमा खाइपिई सुत्ने तरखर गरिरहेका

(आ) जीवनमा कसैलाई शत्रु नबनाएको कल्पना गर्दै सन्तोषको सास फेरिरहेका -

(इ) तन्द्राको सुख बढाइरहेको वेलामा तिनीमाथि लट्ठीको प्रहार

(इ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा दिइएको सङक्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गराई एउटा समूहले कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

(उ) समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) 'शत्रु' कथाका आदि, मध्य र अन्त्यका दुई दुईओटा मुख्य घटना भन्न लगाउनुहोस् ।

(ख) दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :

(अ) कृष्ण रायले किन आफूलाई शत्रुविहीन ठान्थे, वर्णन गर्नुहोस् ।

(आ) प्रत्येक व्यक्तिका कृष्ण रायका जस्तै नदेखिने शत्रु होलान् त, कथाका आधारमा अनुमान गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट गद्यांश व्याख्या गर्न | • व्याख्याको नमुना<br>• बुँदाका चार्ट वा स्लाइड<br>• तार्किक उत्तरको नमुना |
| तार्किक उत्तर लेखन | तार्किक उत्तर दिन | |
| कथासार लेखन | निर्दिष्ट कथाको कथासार लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## व्याख्या लेखन

(अ) व्याख्या लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएका व्याख्या लेखनसम्बद्ध प्रश्न तथा अन्य सम्भावित प्रश्नका बारेमा छलफल गराउनुहोस् । जस्तै :

(क) कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन ।

(ख) कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ ।

(इ) समूहमा निर्दिष्ट प्रश्नमा केन्द्रित भएर व्याख्याका सम्भावित बुँदा तयार पार्न लगाउनुहोस् । तयार पारिएका बुँदा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ई) निर्दिष्ट प्रश्नमा आधारित भई व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## तार्किक उत्तर लेखन

(अ) तार्किक उत्तर लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) कुनै पनि विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन छलफल गराउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ तार्किक उत्तर लेखनसम्बद्ध प्रश्न तथा अन्य सम्भावित प्रश्नका बारेमा छलफल गराउनुहोस् र आवश्यक उत्तरका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् । जस्तै : 'शत्रु' कथाका कृष्ण रायमाथि लट्ठी प्रहार भएपछि पनि उनले किन शत्रु किटान गर्न सकेनन्, तर्क दिएर पुष्टि गर्नुहोस् ।

(ई) विद्यार्थीलाई एउटै विषयप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाउनुहोस् । बुँदा टिपोट गरी तार्किक प्रश्नको तर्कयुक्त उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् ।

(उ) शिक्षकले आफूले ल्याएको तार्किक उत्तरको नमुना प्रस्तुत गरेर संरचनाबारे छलफल गर्दै उत्तर लेख्न लगाउनुहोस र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## कथासार लेखन

(अ) कथासारका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीलाई कथाको सार खिच्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(आ) पाठ्य कथाको सार खिच्नका लागि विद्यार्थीलाई मौन पठन गर्न लगाउँदै आदि, मध्य र अन्त्यबाट प्रश्न निर्माण गर्न लगाउनुहोस् र उत्तरका आधारमा मुख्य मुख्य बुँदा टिपोट गर्न दिनुहोस् । जस्तै :

(क) कृष्ण रायको स्वभाव कस्तो थियो ?

(ख) कृष्ण रायलाई कुन समयमा लट्ठी प्रहार गरियो ?

(ग) लट्ठी प्रहारपछि कृष्ण रायको मनमा कस्ता विचार उब्जिए ?

(घ) कृष्ण रायले किन धेरै जनालाई आफ्ना शत्रु ठान्न थाले ?

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १५ को निर्देशानुसार कथाका मुख्य मुख्य घटना नछुट्ने गरी कथासार भन्न र लेख्न लगाउनुहोस् ।

(ई) विद्यार्थीबाट कथासार लेखिसकेपछि आवश्यक थपघट गरी कथासारलाई अन्तिम रूप दिन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) व्याख्या गर्न लगाउनुहोस् :

कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन ।

(ख) तपाईं कथाको मुख्य पात्र कृष्ण राय हुनुभएको भए प्रहरी इन्स्पेक्टरलाई ककसको नाम भन्नुहुन्थ्यो, तर्क भन्न लगाउनुहोस् ।

(ग) ‘शत्रु’ कथाका मुख्य मुख्य घटना नछुट्ने गरी कथासार लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| समीक्षात्मक उत्तर लेखन | विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | • समीक्षात्मक उत्तरको संरचना चार्ट<br>• अनुच्छेद पत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### समीक्षात्मक उत्तर लेखन

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गराउनुहोस् ।

(आ) आवश्यकताअनुसार समूह विभाजन गर्नुहोस् । साथी साथी मिलेर पाठ पढी कथाका आदि, मध्य र अन्त्यका घटना टिपोट गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) शिक्षकले तयार पारेको समीक्षात्मक उत्तर स्लाइड वा चार्टमा प्रस्तुत गरी छलफल गराउनुहोस् । जस्तै :

**प्रश्न : शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

उत्तर : 'शत्रु' विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको मनोवैज्ञानिक कथा हो । यस कथामा शत्रुतासम्बन्धी विषयलाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरिएको छ । जसले आफूसँग वैरभाव वा वैमनस्यता राख्छ त्यही शत्रु हो । संसारमा अजात शत्रु कोही हुन्छ भन्ने लाग्दैन । झन् व्यावहारिक जीवनमा त कोही न कोही, कसै न कसैको शत्रु बनेकै हुन्छ ।

कुरा ठुलो र सानोको मात्र हो । शत्रुता कमाउन कुनै ठुलै झगडा गर्नै पर्दैन । सानातिना कुराले पनि कसै कसैलाई चिढ्याएको हुन सक्छ । अन्जानमै कोही कसैको शत्रु बनेको हुन सक्छ । महाभारतका नायक युधिष्ठिर जसको नाम नै अजात शत्रु थियो । उनले पनि भयङ्कर युद्ध लड्नु पऱ्यो । भारतका महात्मा गान्धी अहिंसावादी थिए उनलाई पनि गोड्सेले माऱ्यो । अतः शत्रु हुँदै नभएको मान्छे नै हुँदैन । 'शत्रु' कथाका नायक कृष्ण राय पनि आफूलाई आजात शत्रु सम्झन्थे । उनी सिद्धान्तनिष्ठ थिए । उनले जानेर कसैसँग शत्रुता राखेका थिएनन् । उल्टो टोलसमाजमा वैरभाव राख्ने दुवै पक्षलाई मान्य हुने गरी फैसला गरेर सबैलाई मिलाउँथे । त्यसैले गाउँमा उनी पूज्य थिए, आदरणीय थिए । एक दिन तिनै कृष्ण रायलाई कसैले झट्टी हान्यो । उनले आफ्नो शत्रुको कल्पना गर्न थाले । आफ्नै नोकर रामे, आफैँले पालेको भतिजो, नोकरी खोज्दै आएको युवक, बलभद्र, गोविन्द पण्डित, मास्टर, केदार, कन्हैया, बुधे, लीला, पुष्पराज, रामचन्द्र आदि अनेकौंलाई आफ्ना शत्रु देख्न थाले । यथार्थ के थियो भने यिनैमध्ये वा अर्को कोहीले कृष्ण रायलाई लट्ठी हानेका थिए । यस घटनाबाट पनि शत्रु नभएको व्यक्ति हुँदैन भन्ने पुष्टि हुन्छ ।

मेरा विचारमा संसारमा शत्रु हुँदै नभएको व्यक्ति हुँदैहुँदैन । कसैले आफूलाई अजात शत्रु ठान्छ भने त्यो उसको गम्भीर भूल हो । उसको आत्मरति मात्र हो ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १४ को प्रश्न प्रस्तुत गरी समीक्षात्मक उत्तर लेख्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

(उ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहले तयार पारेका उत्तर कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस्  र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### बोध प्रश्नोत्तर

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १६ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । जस्तै :

| |
|---|
| (अ) माथिको अनुच्छेदमा रहेको 'नेपाली मूर्तिकलाको विकास लिच्छविकालदेखि सुरु भएको पाइन्छ ।' वाक्यलाई सम्भावनार्थमा परिवर्तन गर्नुहोस् ।<br><br>उत्तर : नेपाली मूर्तिकलाको विकास लिच्छविकालदेखि सुरु भएको पाइएला । |

(आ) माथिको अनुच्छेदमा रहेको 'विशेष प्रविधिका साथ कपडामा बनाइएको चित्रलाई पौभाचित्र भनिन्छ ।' वाक्यलाई इच्छार्थमा परिवर्तन गर्नुहोस् ।

(इ) 'छापाखाना को आविष्कार हुनु भन्दा पहिले आफू लाई आवश्यकपर्ने पुस्तक र ग्रन्थ हातै ले लेखेर तयारपार्ने गरिन्थ्यो ।' वाक्यलाई पदयोग मिलाएर पुनर्लेखन गर्नुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) 'शत्रु' कथाबाट के सन्देश पाइन्छ ? समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | उत्सुकतामा आधारित भाषिक सञ्चार गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड |
| श्रुतिबोध (सुनाइ पाठ ७) | सुनाइ पाठ ७ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १७ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई उत्सुकतासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले उत्सुकतासम्बन्धी विषयवस्तुमा केन्द्रित सन्दर्भ प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

> मामाले आफ्नो छोरालाई विदेशबाट आउँदा एउटा ल्यापटप ल्याइदिनुभएछ । उसलाई ल्यापटप चलाउने उत्सुकता जाग्यो तर उसलाई त्यो ल्यापटप चलाउन आएन । ऊ ल्यापटप बोकी म भएका ठाउँमा आयो । मैले ल्यापटप खोल्न र बन्द गर्न सिकाइदिएँ । उसले ल्यापटपको उपयोगिताका बारे सोध्यो । मैले उसलाई चिठीपत्रका लागि मेल पठाउने तरिका बताइदिएँ । पढाइसँग सम्बन्धित सामग्री खोज्ने तरिका पनि सिकाइदिएँ । उसले मलाई सोधेका र उसलाई पनि थाहा नभएका अन्य आवश्यक कुरा पनि सबै सिकाइदिएँ । वेला वेलामा ल्यापटपलाई भाइरस तथा ह्याकरले समस्या पार्ने जस्ता कुरा पनि सिकाइदिएँ । आजभोलि मेरा मामाको छोरो ल्यापटपबाटै लेखपढ गर्न थालेको छ ।

(इ) प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास १७ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

प्रश्न : तपाईं लामो समयपछि घर फर्कँदाको कल्पना गरी तपाईंको मनमा जागेका उत्सुकताबारे साथीसँग अभिनयात्मक प्रस्तुति गर्नुहोस् ।

(उ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका उत्सुकता जगाउने विषयवस्तु वा सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**श्रुतिबोध (सुनाइ पाठ ७)**

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) सुनाइ पाठ ७ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप १ मा रहेको ठिक बेठिक छुट्याउने अभ्यासमा आधारित भएर छलफल गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप २ मा दिइएका प्रश्नको उत्तर भन्न उत्प्रेरित गर्नुहोस् ।

(ऋ) विद्यार्थीले दिइएको उत्तर सुनेपछि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तपाईंलाई कस्ता विषयवस्तुले कामप्रति उत्सुकता जगाउँछ, यस प्रश्नको उत्तर विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

(ख) सुनाइ पाठ ७ का आधारमा उत्तर भन्न लगाउनुहोस् :

(अ) नरेशले कति कक्षासम्मको अध्ययन पूरा गरेको थियो ?

(आ) बुढाबुढीलाई कुन कुरामा विश्वास जाग्न छोड्यो ?

(इ) बुढाबुढीलाई के के कुराको अभाव भयो ?

(ई) नरेशका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**नवौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| क्रियाको भाव वा अर्थ | सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ वाक्य पहिचान गरी प्रयोग गर्न | • क्रियाको भाव वा अर्थ चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती वा चार्ट |
| लोककथा सङ्कलन (परियोजना कार्य) | गाउँ समाजमा प्रचलित लोककथा सङ्कलन गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका कविता, मुक्तक वा लघुकथा सुनाउन लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**क्रियाको भाव वा अर्थ**

(अ) शिक्षकले सामान्यार्थक, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ, सङ्केतार्थक भाव बुझाउने उदाहरण प्रदर्शन गरी छलफल गराउनुहोस् । जस्तै :

| सामान्यार्थक | आज्ञार्थ | इच्छार्थ | सम्भावनार्थ | सङ्केतार्थक |
|---|---|---|---|---|
| म चिठी पठाउँछु । | - | म चिठी पठाऊँ । | म चिठी पठाउँला । | पानी परे हिलो होला । |
| तिमी घर जान्छौ । | तिमी घर जाऊ । | तिमी घर गए । | तिमी घर जाऔला । | तिमी घर गए हुन्छ । |
| ऊ कथा पढ्छे । | - | ऊ कथा पढोस् । | ऊ कथा पढ्ली । | उसले कथा पढे हुन्छ । |

(आ) शिक्षकले क्रियाको भाव वा अर्थ जनाउने अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी सामान्यार्थक, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ, सङ्केतार्थका क्रियापद टिपोट गर्न लगाउनुहोस् । टिपोट गरेका क्रियापद मिले नमिलेको यकिन गरी आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

> उसले खाजा खाओस् । तिमीहरू पनि खाजा खाओ । म पनि एकछिनपछि खाजा खान्छु । उनीहरू पनि यतै आएर खाजा खालान् । सबै जना सँगै बसेर खाए रमाइलो हुन्छ ।

(इ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप १ को निर्देशानुसार आज्ञार्थ र इच्छार्थको अलग अलग सूची बनाउन लगाउनुहोस् ।

(ई) शिक्षकले तयार पारेको सूची प्रस्तुत गरी मिले नमिलेको यकिन गर्न लगाउनुहोस् । यदि नमिलेको भए सुधार गर्न उत्प्रेरित गर्नुहोस् । जस्तै :

आज्ञार्थ जनाउने क्रियापद : पकाउनुहोस्, ले

इच्छार्थ जनाउने क्रियापद : पकाऊँ, ल्याऊँ, पकाउन्, खाएस्, खाओस्, खाउन्, खाए

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप २ को निर्देशानुसार सम्भावनार्थ र सङ्केतार्थको अलग अलग सूची बनाउन लगाउनुहोस् । विद्यार्थीले सूची बनाउने क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । प्रस्तुतिको अवसर प्रदान गरी पृष्ठपोषण दिनुहोस् ।

(ऊ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ३ को निर्देशानुसार सङ्केतका आधारमा खाली ठाउँ भर्न लगाउनुहोस् । अभ्यासका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) शिक्षकले भाषिक संरचना वर्णविन्यास खण्डको क्रियाकलाप ४ र ५ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीको सङ्ख्याका आधारमा समूह निर्माण गरी प्रश्नको निर्देशानुसार सम्भावनार्थ र सङ्केतार्थमा परिवर्तन गर्न आवश्यक समय दिनुहोस् ।

(ए) पुनर्लेखन गरिएको अनुच्छेद समूह नेतालाई प्रस्तुति गर्न लगाउनुहोस् र अन्य समूहलाई मूल्याङ्कन र पृष्ठपोषण गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

(ऐ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ६ को निर्देशानुसार अनुच्छेद रचना गर्नका लागि समय दिनुहोस् ।

(ओ). विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## लोककथा सङ्कलन (परियोजना कार्य)

(अ) कुनै लोककथा सुनाएर विद्यार्थीको ध्यान आकर्षण गर्नुहोस् ।

(आ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(इ) विद्यार्थीलाई गाउँ समाजमा प्रचलित लोककथा सङ्कलन गरी ल्याउन लगाउनुहोस् । विद्यार्थीलाई पछिल्लो कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने पूर्व जानकारीसमेत दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेदबाट सामान्यार्थक, आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थका क्रियापद पहिचान गरी लेख्न लगाउनुहोस् :

मैले झोलामा किताब राखेँ । उसले पनि राख्ला । दुवै जना पढ्न बस्छौँ । तिमी पनि पढ्न आऊ । गीता र गौरव पनि पक्कै आउलान् । शिक्षकले भन्नुहुन्थ्यो,“सँगै बसेर पढ ।” केही समयपछि शिक्षक पनि आउनुहोला । एकछिन रमाइलो गरौँला । म साथीहरूलाई भन्छु,“मोनिका गीत गाऊ । म मादल बजाउँला । भाइ नाच् ।”

(ख) दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

(अ) तिमीहरू रसुवा .......... । (जा : आज्ञार्थ)

(आ) ऊ मुस्ताङ भ्रमणबाट........ । (फर्क : इच्छार्थ)

(इ) रमेश राम्ररी .......... सफल हुन्छ । (पढ्: सङ्केतार्थ)

(ई) दाइ, एक किलो चिउरा......... । (दि : आज्ञार्थ)

(उ) हामी सबै फुटबल ........... । (खेल्: इच्छार्थ)

(ऊ) उनीहरू कक्षाभित्र.......... । (आउ : सम्भावनार्थ)

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| 'पदयोग' र 'पदवियोग' को पहिचान र प्रयोग | 'पदयोग' र 'पदवियोग' हुने पदावली पहिचान गरी प्रयोग गर्न | • वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• लोककथाको चार्ट वा स्लाइड<br>• कथाको नमुना चार्ट |
| कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | गाउँ समाजमा प्रचलित लोककथा सङ्कलन गरी प्रस्तुति दिन | |
| कथा लेखन (सिर्जनात्मक कार्य) | दिइएका बुँदामा थप घटना निर्माण गरी कथा लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई उनीहरूको रुचिअनुसारको सिर्जनात्मक प्रतिभा प्रस्तुत गर्न लगाई छलफलप्रति अभिप्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**'पदयोग' र 'पदवियोग' को पहिचान र प्रयोग**

(अ) शिक्षकले तयार पारेको पदयोग पदवियोगसम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गरी पदयोग र पदवियोग भएका शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् । जस्तै :

> चरिकोटबाट सुनखानी पुगेको थिएँ । त्यसपछि सिँगटी भएर भोटेकोसी तरेपछि सिमीगाउँ पुगेँ । त्यो गाउँ नाघेपछि जङ्गलै जङ्गल, पहाडै पहाड मेरा साथी भए । दोलखाको उत्तरी क्षेत्रमा रहेको प्रख्यात हिमाल गौरीशङ्करसँग सिमीगाउँको पूर्वी कुनामा देखादेख भयो । बाटोमा पर्ने उकाली र ओरालीसँग पटक पटक भेट भइरहन्थ्यो । उत्तरतिर लामबगर कोल्टो पर्दै गयो । हामी पूर्व उत्तर हुँदै भिर, चेप, खोँचको बाटो छिचोल्दै गयौँ ।

(आ) विद्यार्थीद्वारा टिपोट गरिएका शब्द भन्न लगाउनुहोस् र शिक्षकले शैक्षिणिक पाटीमा टिप्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गराउनुहोस् ।

(इ) माथिको अनुच्छेदमा प्रयोग भएका 'चरिकोटबाट, तरेपछि, सिमीगाउँ, नाघेपछि, दोलखाको, गौरीशङ्करसँग, बाटोमा, ओरालीसँग, भइरहन्थ्यो' जस्ता शब्द पदयोग भएका छन् । नामयोगी, विभक्ति,

समस्त शब्द, संयुक्त क्रिया आदि पदयोग गरेर लेखिन्छन् । त्यसैगरी सार्थक द्वित्व, पूर्ण र अपूर्ण पक्षका क्रियापद, निपात, संयोजक, विभक्तिपछिको नामयोगी आदि पदवियोग गरेर लेखिन्छन् भनेर पदयोग र पदवियोगको प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ७ मा दिइएको संवाद विद्यार्थीलाई पढ्न लगाउनुहोस् । पदयोग र पदवियोग बिग्रँदा अर्थमा आउने भिन्नताका बारेमा थप स्पष्ट पारिदिनुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ८ मा दिइएको निर्देशानुसार समूहमा छलफल गरी पदयोग र पदवियोग गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मिले नमिलेको ख्याल गरी सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।

**कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) पूर्वकक्षामा दिइएको सिर्जना र परियोजना कार्य विद्यार्थीलाई पालैपालो भन्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । कथाको आरम्भ, मध्य र अन्त्यका लागि आवश्यकीय विषयबारे छलफल गरी शिक्षकले स्पष्ट पारिदिनुहोस् ।

(आ) प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**कथा लेखन (सिर्जनात्मक कार्य)**

(अ) विद्यार्थीको लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

(आ) कथा लेखन गर्दा ध्यान दिनुपर्ने विषयवस्तुबारे विद्यार्थीलाई छलफल गराउनुहोस् । छलफलपश्चात् प्राप्त निचोड जस्तै कथाको शीर्षक, आदि भाग, मध्य भाग, अन्त्य भाग, कथामा संवाद, भाषा शैली, परिवेश आदिबारे समूह नेतालाई भन्ने अवसर प्रदान गर्नुहोस् ।

(इ) कथा लेख्ता निर्दिष्ट बुँदालाई विस्तार गर्नेबारे र कथा रचना गर्ने तरिका आदिका बारेमा छलफल गराई शिक्षकले आवश्यक परेमा थप सबलीकरण गरिदिनुहोस् ।

(ई) सिर्जना र परियोजना कार्यको क्रियाकलाप १ का निर्दिष्ट सन्दर्भलाई आधार मानी थप घटना निर्माण गर्दै कथा रचना गर्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

(उ) कथा रचना गरिसकेपछि प्रत्येक समूहको कुनै एकलाई कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई आवश्यक छलफलसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको अनुच्छेदबाट पदयोग र पदवियोगसम्बन्धी त्रुटि पहिचान गरी सच्याएर लेख्न लगाउनुहोस् :

(अ) कृष्णराय ले गम्भीर भएर उत्तर दिए, "रामेकेदारयुवकगोविन्द पण्डितकन्हैया, मास्टर बुधे, लीलापुष्पराज, राम, चन्द्रपराजुली...।"

(आ) नेपाल जलस्रोतका दृष्टिले विश्व मा ब्राजिलपछि दोस्रोधनी देश हो भने एसिया को सबै भन्दा सम्पन्न देश हो । यहाँअसङ्ख्य नदीनाला हरू छन् । तिन मा ८३ हजार मेगावाटभन्दा बढी बिजुली उत्पादन गर्ने सामर्थ्य छ ।

(ख) दिइएका सन्दर्भलाई आधार मानी थप घटना निर्माण गर्दै छोटा कथा लेखी शीर्षकसमेत दिन लगाउनुहोस् :

(अ) शिक्षा र दीक्षा नामका दुई साथीबिच झगडा हुनु

(आ) उनीहरूबिच बोलचाल बन्द हुनु

(इ) शिक्षाका बुबा सडक दुर्घटनामा घाइते हुनु

(ई) शिक्षाले अरू कसैबाट यो समाचार सुन्नु

(उ) अस्पतालको आकस्मिक कक्षमा पुग्दा दीक्षालाई त्यहाँ देख्नु

(ऊ) दीक्षाले अस्पतालमा ल्याएर बुबालाई उपचार गरेको कुरा शिक्षाले थाहा पाउनु

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाठ : ८** **नेपाली हाम्रो श्रम र सिप**
**विधा : कविता** **कार्यघण्टा : १०**

**परिचय**
कवि मुकुन्दशरण उपाध्याय (वि.सं.१९९७) द्वारा रचित 'नेपाली हाम्रो श्रम र सिप' कविताले देशप्रेमको भावना अभिव्यक्त गरेको छ । यस कवितामा नेपाली भूगोल, भाषा, धर्म र संस्कृति तथा परिश्रमी नेपालीको गुणगान गर्दै नेपाली सिप र श्रमलाई देश विकासमा लगाउनुपर्ने सन्देश दिएको छ । यस कवितालाई सहजीकरण गर्ने क्रममा पूर्वीय दर्शन, देशको संस्कृति, प्रकृति, भूगोल आदि झल्काउने चित्र, फुटकर कविता तथा गीत आदिका नमुना सङ्कलन गरी प्रस्तुत गर्नुपर्छ । कविता पढाउनुको तात्पर्य यति, गति र लय मिलाएर लयबद्ध पाठ गर्न सिकाउनु पनि हो । त्यसैले विषयवस्तुको अनुमान, कल्पना, कविताको संरचना, शैली, छन्दोबद्ध तथा मुक्त कवितामा हुने गति, यति, लय, मात्राको सामान्य परिचय दिनु आवश्यक हुन्छ । कविता सहजीकरण गर्दा उत्सुकता जगाउन किसिमका उत्प्रेरणामूलक क्रियाकलापबाट सुरुआत गर्नुपर्छ । कविको अति सङ्क्षिप्त परिचय दिई कविताले अभिव्यक्त गर्ने समाज, संस्कृति, प्रकृति तथा श्रमको मूल्य र मान्यता अभिव्यक्त गर्ने कविताका केही नमुना प्रस्तुत गर्नुपर्छ ।
कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण हो । तसर्थ, पाठको सहजीकरण तथा सबलीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइका सिप विकासमा केन्द्रित हुनुपर्छ । विद्यार्थीलाई विषयवस्तुको अनुमान तथा कल्पना, विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण र श्रुति वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । लयबद्ध पठन, पाठ्य कविताको संरचना पहिचान र सन्दर्भ बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी, लेखाइ सिपअन्तर्गत श्रुतिलेखन, गद्य रूपान्तरण, प्रश्नोत्तर र भाव

विस्तारलगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । शिक्षकले सहजकर्ता, उत्प्रेरक, खोजकर्ता एवम् रचनाकारका रूपमा भूमिका खेल्दै कविता सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक तथा रुचिकर बनाउनुपर्छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । दृश्यबोध र छलफल, संरचना र लय पहिचान, लयबद्ध पठन, पाठगत शब्दोच्चारण, शब्दार्थ र प्रयोग, शब्दभण्डार, गद्यमा रूपान्तरण, कविताको भावबोध, अदृष्टांश बोध, व्याख्या, मूलभाव लेखन, विषयवस्तुको बोध र धारणा, लामा तथा छोटा प्रश्नोत्तर, पाठगत बोध आदिका अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।
बोध र अभिव्यक्ति खण्डभित्र नै सम्मानमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत उद्देश्य र विधेय पहिचान र विस्तार तथा सरल र जटिल वाक्यको पहिचान र प्रयोग एवम् वर्णविन्यासअन्तर्गत 'श, ष, स' को पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ ८ मा आधारित भई वा अन्य उपयुक्त कवितांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ ८ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • नेपाली प्रकृति र **राष्ट्रिय गौरवका विषयमा** आधारित छलफल<br>• संरचना पहिचान<br>• लयबद्ध पठन (पहिलो, दोस्रो र तेस्रो श्लोक)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न<br>• कविताको संरचना पहिचान गर्न<br>• कवितालाई लयबद्ध वाचन गर्न<br>• निर्दिष्ट शब्दको उच्चारण गरी अर्थसहित वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नको उत्तर दिन<br>• वर्णविन्याससम्बन्धी प्रश्नोत्तर गर्न | • विभिन्न पेसामा आबद्ध महानुभावहरू तथा नेपालको प्राकृतिक विविधता झल्कने चित्रहरू<br>• कविताका संरचनाका नमुना प्रश्न<br>• श्लोकपत्ती<br>• कविता वाचनको श्रव्य सामग्री/दृश्य सामग्री वा चार्ट<br>• बोध प्रश्न र उत्तरको नमुना | १ |

| | | | | |
|---|---|---|---|---|
| **दोस्रो दिन** | ● लयबद्ध पठन (चौथो, पाँचौँ र छैटौँ )<br>● पाठगत शब्दार्थ र प्रयोग<br>● बोधात्मक प्रश्नोत्तर | ● कवितालाई लयबद्ध वाचन गर्न<br>● निर्दिष्ट शब्दको उच्चारण गरी अर्थसहित वाक्यमा प्रयोग गर्न<br>● निर्धारित अंशबाट बोधात्मक प्रश्नोत्तर गर्न<br>● श, ष र स वर्ण प्रयोग भएका शब्द पहिचान गरी लेख्न | ● श्लोकपत्ती<br>● कविता वाचनको श्रव्य सामग्री/दृश्य सामग्री<br>● शब्द र अर्थपत्ती<br>● वाक्यपत्ती<br>● शब्दकोश<br>● प्रश्नोत्तर चार्ट<br>● श, ष र स वर्ण प्रयोग भएका शब्दको सूची | १ |
| **तेस्रो दिन** | ● शब्दार्थ र प्रयोग<br>● लय मिल्दा तथा समान संरचनायुक्त शब्द<br>● उच्चार्य र लेख्य वर्ण पहिचान<br>● संरचना पहिचान | ● निर्दिष्ट शब्दको अर्थ बोध गर्न<br>● दिइएका शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>● चाडपर्वसँग सम्बन्धित शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न<br>● पाठबाट अनुप्रास मिल्दा र समान संरचना मिल्दा शब्द पहिचान गर्न<br>● लेखन र उच्चारणमा फरक हुने पाठगत शब्द पहिचान र प्रयोग गर्न<br>● कविताको संरचनासम्बन्धी प्रश्नको उत्तर दिन | ● शब्दपत्ती<br>● अर्थपत्ती<br>● वाक्यपत्ती<br>● शब्दकोश<br>● लेखन र उच्चारणमा फरक हुने पाठगत शब्दको सूची<br>● चाडपर्वसँग सम्बन्धित शब्दहरूको सूची<br>● प्रश्नोत्तर चार्ट | १ |
| **चौथो दिन** | ● कविताको भावबोध<br>● बोधात्मक प्रश्नोत्तर<br>● सङ्क्षिप्त प्रश्नोत्तर | ● कविताको विषयवस्तु बोध गर्न<br>● निर्दिष्ट कवितांशबाट सोधिएका प्रश्नको उत्तर बताउन<br>● सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिन | ● कविताको श्रव्य सामग्री तथा दृश्य सामग्री<br>● मूलभाव समेटिएको चार्ट<br>● बुँदापत्ती<br>● बोध प्रश्नोत्तरको नमुना चार्ट<br>● सङ्क्षिप्त प्रश्नोत्तरको नमुना चार्ट | १ |
| **पाँचौँ दिन** | ● श्रुतिलेखन<br>● व्याकरणिक पदक्रम<br>● भाव विस्तार | ● निर्दिष्ट अंशको श्रुतिलेखन गर्न<br>● पद्य कवितालाई व्याकरणिक पदक्रम मिलाई लेख्न<br>● निर्दिष्ट कवितांशको भाव विस्तार गर्न | ● श्रुतिलेखनका लागि अनुच्छेद<br>● कवितालाई व्याकरणिक पदक्रममा परिवर्तन गरिएको नमुना चार्ट<br>● भाव विस्तारको नमुना चार्ट | १ |
| **छैटौँ दिन** | ● समीक्षा लेखन<br>● छलफल र संरचना पहिचान<br>● प्रश्न निर्माण<br>● बोधात्मक प्रश्नोत्तर | ● कविताको समीक्षामक उत्तर लेखन गर्न<br>● निर्दिष्ट अनुच्छेद र गजल वाचन गरी गजलको संरचना पहिचान गर्न<br>● कवितांशबाट प्रश्न निर्माण गरी उत्तर बताउन<br>● निर्दिष्ट अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन | ● समीक्षात्मक उत्तर लेखनका लागि बुँदाहरू<br>● गजलको नमुना<br>● संरचनासम्बन्धी प्रश्नसूची<br>● श्लोकको चार्ट<br>● प्रश्नोत्तर चार्ट<br>● बोध प्रश्नको सूची | १ |

| | | | | |
|---|---|---|---|---|
| | | • भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | | |
| **सातौँ दिन** | • भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ ८) | • सम्मानमा आधारित भाषिक सञ्चार गर्न<br>• सुनाइ पाठ ८ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • श्रव्य सामग्री/दृश्य सामग्री<br>• प्रश्नोत्तर चार्ट<br>• अनुच्छेदपत्ती | १ |
| **आठौँ दिन** | • उद्देश्य र विधेय<br>• सरल र जटिल वाक्य | • निर्दिष्ट वाक्यको उद्देश्य, विधेय, उद्देश्य विस्तार एवं विधेय विस्तारको पहिचान गर्न<br>• बनोटका आधारमा सरल र जटिल वाक्य पहिचान गर्न<br>• सापेक्ष र निरपेक्ष संयोजक लगाएर पाँच पाँच वाक्य रचना गर्न<br>• कोष्ठकको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न | • वाक्यपत्तीहरू<br>• सापेक्ष संयोजकको सूची<br>• निरपेक्ष संयोजकको सूची<br>• सरल, संयुक्त र मिश्र वाक्यका नमुना वाक्यपत्तीहरू<br>• वाक्य परिवर्तन गरिएको तालिका वा चार्ट | १ |
| **नवौँ दिन** | • सरल र जटिल वाक्य<br>• श, ष, सको पहिचान र प्रयोग<br>• गीति कविता सङ्कलन (परियोजना कार्य) | • १० ओटा सरल वाक्यमा आफ्नो परिचय दिन<br>• पाँचओटा संयुक्त वाक्य र पाँचओटा मिश्र वाक्यको प्रयोग गरी आफ्नो परिचय दिएर अनुच्छेद रचना गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट श, ष र स प्रयोग भएका शब्द पहिचान गर्न<br>• कविताबाट श, ष र स प्रयोग भएका शब्द पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेदलाई श, ष, स मिलाएर पुनर्लेखन गर्न<br>• विद्युतीय सामग्रीबाट मन पर्ने गीत वा कविता टिपोट गर्न | • १० ओटा सरल वाक्य प्रयोग भएको अनुच्छेद<br>• सरल वाक्यलाई मिश्र र संयुक्त वाक्यमा परिवर्तन गरिएको तालिका<br>• अनुच्छेदपत्ती<br>• श, ष र स प्रयोग भएका शब्द सूची<br>• श, ष र स मिलाएर शुद्ध बनाएको अनुच्छेद | १ |
| **दसौँ दिन** | • गीति कविता सङ्कलन र प्रस्तुति (परियोजना कार्य)<br>• मुक्तक वा गजल रचना (सिर्जनात्मक कार्य) | • विद्युतीय माध्यमबाट गीति कविता सङ्कलन गरी लयबद्ध वाचन गर्न<br>• दिइएको गजल वाचन गर्न<br>• कुनै विषयमा मुक्तक वा गजल रचना गर्न | • गीति कविताको श्रव्य सामग्री/दृश्य सामग्री<br>• गजलको नमुना | १ |
| | | **जम्मा कार्यघण्टा** | | **१०** |

## पहिलो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| नेपाली प्रकृति र **राष्ट्रिय गौरवका विषयमा** आधारित छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | • विभिन्न पेसामा आबद्ध महानुभावहरू तथा नेपालको प्राकृतिक विविधता झल्कने चित्रहरू<br>• कविताका संरचनाका नमुना प्रश्न<br>• श्लोकपत्ती<br>• कविता वाचनको श्रव्य सामग्री/दृश्य सामग्री वा चार्ट<br>• बोध प्रश्न र उत्तरको नमुना |
| संरचना पहिचान | कविताको संरचना पहिचान गर्न | |
| लयबद्ध पठन (पहिलो, दोस्रो र तेस्रो श्लोक) | कवितालाई लयबद्ध वाचन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको उच्चारण गरी अर्थसहित वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नको उत्तर दिन वर्णविन्याससम्बन्धी प्रश्नोत्तर गर्न | |

**(२) सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै लोकगीत गाएर वा कुनै रोचक प्रसङ्ग सुनाएर विद्यार्थीलाई उत्साहित बनाउनुहोस् ।

(आ) अगिल्लो दिन सिकेका विषयवस्तुबारे इच्छुक विद्यार्थीलाई प्रतिनिधिमूलक रूपमा सुनाउन आग्रह गर्नुहोस् र प्रस्तुति सकिएपछि स्याबासी प्रदान गर्न नभुल्नुहोस् ।

(इ) नेपाली प्रकृति र संस्कृतिमा आधारित विभिन्न चित्र वा श्रव्य सामग्री दृश्य सामग्री आदि प्रदर्शन गर्नुहोस् र तीसँग सम्बन्धित विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**नेपाली प्रकृति र राष्ट्रिय गौरवका विषयमा आधारित छलफल**

(अ) नेपाली प्रकृति र संस्कृतिसँग सम्बन्धित विभिन्न चित्र तथा विषयवस्तु स्लाइड वा चार्टमा प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् र विद्यार्थीले सिकेका कुरा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

(आ) बुद्ध, सीता, भृकुटी आदि व्यक्तित्व, विभिन्न ऋषि, विभिन्न धर्म सम्प्रदायका धर्मगुरु, विभिन्न जातजातिको संस्कृति, हिमाल, पहाड र तराईको भूगोल, श्रमिकले काम गरेको दृश्यसम्बन्धी श्रव्यदृश्य सामग्री आदि चित्र वा दृश्य सामग्री प्रदर्शन गरी तिनका विषयवस्तुबारे समूहगत छलफल गरी अनुमान, कल्पना र पहिचान गर्न लगाउनुहोस् ।

(इ) पाठमा दिइएको चित्रका बारेमा केही प्रतिनिधि विद्यार्थीलाई पालैपालो वर्णन गर्न लगाउनुहोस् । वर्णनका क्रममा विद्यार्थीले बताउन छुटाएका कुरा अन्य विद्यार्थीलाई सोधेर जानकारी दिन लगाउनुहोस् । अन्त्यमा आफूले पाठको विषयवस्तुसँग जोडेर सहजीकरण गरिदिनुहोस् ।

**कविताको संरचना तथा अनुप्रास पहिचान**

(अ) फरक फरक छन्दका एक एकओटा श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गरी संरचनाका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् । प्रदर्शन गरेका पृथक् पृथक् छन्दोबद्ध कविता शिक्षकले वाचन गरेर सुनाई विद्यार्थीलाई पनि समूहमा वाचन गर्न लगाउनुहोस् । ती कविताका प्रत्येक हरफमा भएका अक्षर/वर्ण सङ्ख्याबारे छलफल गराउनुहोस् ।

(आ) पाठ्य कवितामा रहेका पङ्क्ति तथा श्लोक सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । पाठ्य कविताका हरफमा भएका अक्षर/वर्ण सङ्ख्याबारे छलफल गराउनुहोस् ।

(इ) शास्त्रीय छन्द, गीति लय र मुक्त लयका कविताका बारेमा विद्यार्थीको पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् ।

(ई) समूहमा पाठ्य कविता गीति लयमा रचना गरिएको स्पष्ट पारिदिनुहोस् । शास्त्रीय छन्द, गीति लयका केही अन्य उदाहरणको स्लाइड वा चार्ट प्रस्तुत गरी पाठ्य कवितासँग तुलनात्मक रूपमा छलफल गराउनुहोस् ।

(उ) गीति लयको यो कविता ५ (३+२), ५ (३+२) र ६ (३+३) को क्रममा ५ र १० अक्षरमा विश्राम गरी वाचन गर्नुपर्ने विषयमा उदाहरणसहित छलफलका माध्यमले बताइदिनुहोस्, जस्तै :

/नेपाल बाँचे/नेपाली हाम्रो/ गौरव बाँच्ने छ/

/नेपाली भाषा/ संस्कृति कला/ साहित्य साच्ने छ/

(ऊ) कविताको हरेक हरफको अन्तिममा आएका 'बनाऊँ – लगाऊँ', 'नलाए – नखाए' जस्ता अनुप्रास मिलेका शब्द पहिचान गर्न प्रेरित गर्नुहोस् र छलफल गरी धारणा स्पष्ट पारिदिनुहोस् ।

(ऋ) पाठ्य कविताको संरचनासम्बन्धी विभिन्न प्रश्न सोधी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्, जस्तै :

(क) 'नेपाली हाम्रो श्रम र सिप' कवितामा कतिओटा श्लोक छन् ?

(ख) कविताका हरेक हरफमा कतिओटा अक्षर छन् ?

(ग) कवितामा कति हरफ रहेका छन् ?

## लयबद्ध पठन

(अ) विद्यार्थीलाई कुनै कविता प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । कविता वा गीतमा हुने गति, यति, लयका बारेमा छोटो छलफल गराई जानकारी दिनुहोस् ।

(आं) पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा गीतिलयमा कविता वाचन गर्न सके नसकेको पहिचान गर्नुहोस् ।

(इ) पाठ्य कविताको पहिलो श्लोकलाई आदर्श वाचन गरी वा मोबाइलमा रेकर्ड गरेको वा पाविके/दूर शिक्षाद्वारा उत्पादित सामग्री सुनाउनुहोस् । दृश्य सामग्री उपलब्ध भएमा देखाउनुहोस् । गीति लयको यो कविता ५ (३+२), ५ (३+२) र ६ (३+३) को क्रममा ५ अक्षरमा छोटो विश्राम र १० अक्षरमा केही लामो विश्राम गरी वाचन गर्नुपर्ने विषयमा उदाहरणसहित छलफलका माध्यमले बताइदिनुहोस् जस्तै :

/ यसैले आऊ/ नेपाललाई/ बलियो बनाऊँ/

/नेपाली हाम्रो/ श्रम र सिप/ स्वदेशमै लगाऊँ/

(ई) सुरुमा आफू सँगसँगै सबै विद्यार्थीलाई वाचन अभ्यास गराउनुहोस् । त्यसपछि विद्यार्थीलाई मात्र समूहगत, बेन्चगत तथा युगल तथा एकल रूपमा पालैपालो गति, यति, लय तथा हाउभाउसहित कविता वाचन अभ्यास गराउनुहोस् ।

(उ) कविता वाचन र शुद्ध उच्चारणमा विद्यार्थीलाई असहजता भए आवश्यक सहजीकरण गरी थप पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई मौखिक उत्प्रेरणा वा स्याबासी प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई उच्चारणका लागि नयाँ लागेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(आ) शैक्षणिक पाटीका शब्दलाई पालैपालो उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले तयार पारेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

जस्तै : गौरव/गौ.रब्/

पुऱ्याऊँ/पु.र्या.उँ/

(इ) बहुभाषी कक्षामा इतरनेपाली मातृभाषा भएका र उच्चारणमा बढी त्रुटि गर्ने विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

(ई) यसै क्रममा बोध तथा अभिव्यक्ति अभ्यासको क्रियाकलाप १ मा दिइएका शब्दको सूची प्रस्तुत गरी उच्चारण अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(ऊ) ती शब्दको अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले तयार पारेका अर्थपत्ती प्रदर्शन गरी शब्दको अर्थ थप स्पष्ट पार्नुहोस् । शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् । बृहत् नेपाली शब्दकोश वा यसको एपबाट शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(ऋ) आफूले तयार पारेका शब्दार्थपत्ती र वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् ।

(ए) विद्यार्थीलाई लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गरी भन्न लगाउनुहोस् । विद्यार्थीले सही रूपमा वाक्यमा प्रयोग गरेमा स्याबासी कार्ड प्रदान गर्नुहोस् । विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई बोधात्मक प्रश्नको उत्तर दिने तरिकाबारे पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् ।

(आ) पाठ्य कविताको कुनै एउटा श्लोक स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी दिनुहोस्, जस्तै :

नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साच्ने छ ।
यसैले आऊ नेपाललाई बलियो बनाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठ्य कवितांशका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

**प्रश्न**

(क) हाम्रो श्रम र सिप कहाँ लगाउनुपर्छ ?
(ख) के भए हाम्रो गौरव बाँच्ने छ ?
(ग) नेपाललाई हामीले कस्तो बनाउनुपर्छ ?
(घ) कवितांशबाट श, ष र स प्रयोग भएका शब्द बताउनुहोस् ।

(ई) विद्यार्थीले दिएको उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने विषयमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) कविताबाट अनुप्रास मिलेका कुनै दुई शब्द पहिचान गर्न लगाउनुहोस् :

(ख) तलको कवितांश लयबद्ध वाचन गर्नुहोस् :

नेपाल भोको रहन्छ सितो एउटैले नखाए
नेपाल नाङ्गो रहन्छ टालो एउटैले नलाए ॥

(ग) दिइएका शब्दलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बलियो, टालो, पसिना, स्वर्ग

(घ) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) के भयो भने नेपाल भोको रहन्छ ?
(आ) नेपाल बाँचे के के बाँच्ने छ ?
(इ) कविताबाट श, ष र स प्रयोग भएका दुई दुईओटा शब्द पहिचान गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| लयबद्ध पठन (चौथो, पाँचौँ र छैटौँ) | कवितालाई लयबद्ध वाचन गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको श्रव्य सामग्री/दृश्य सामग्री<br>• शब्द र अर्थपत्ती<br>• वाक्यपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको उच्चारण गरी अर्थसहित वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्धारित अंशबाट बोधात्मक प्रश्नोत्तर गर्न | |

| | | |
|---|---|---|
| | श, ष र स वर्ण प्रयोग भएका शब्द पहिचान गरी लेख्न | • शब्दकोश<br>• प्रश्नोत्तर चार्ट<br>• श, ष र स वर्ण प्रयोग भएका शब्दको सूची |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै स्वदेश गान सुनाएर विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् । विद्यार्थीलाई पनि कुनै गीत सुनाउने अवसर प्रदान गर्नुहोस् । कुनै विद्यार्थीले गीत रचना गरेका रहेछन् भने त्यस्ता विद्यार्थीलाई आफ्ना सिर्जना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**लयबद्ध पठन**

(अ) शिक्षकले पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई अगिल्लो दिन गरिएको लयबद्ध वाचनको स्मरण गराउँदै गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

(आ) शिक्षकले गति, यति, लय र हाउभाउसहित लयबद्ध वाचन गरेर सुनाउनुहोस् वा कविता वाचनको नमुना श्रव्य वा श्रव्यदृश्य साधनका माध्यमबाट प्रस्तुत गर्नुहोस् ।

(इ) शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने, युगल र एकल वाचन गर्न लगाउनुहोस् । लयबद्ध वाचनका क्रममा देखिएका असहजतालाई आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

(ई) विद्यार्थीलाई उच्चारणमा कठिनता भएका शब्द टिपोट गर्न लगाई शैक्षणिक पाटी लेखेर शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई उच्चारण असहज लागेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(आ) शैक्षणिक पाटीका शब्दलाई पालैपालो उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले तयार पारेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

जस्तै : सम्पदा /सम्.प.दा /
अपूर्व /अ.पुर्.ब/
निद्रा /निद्. द्रा/

(इ) बहुभाषी कक्षामा नेपालीभन्दा बाहेक मातृभाषा भएका र उच्चारणमा बढी त्रुटि गर्ने विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटि क्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

(ई) विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

(उ) ती शब्दको अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले तयार पारेका अर्थपत्ती प्रदर्शन गरी शब्दको अर्थ थप स्पष्ट पार्नुहोस् । शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् । बृहत् नेपाली शब्दकोश वा यसको एपबाट शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(ऊ) आफूले तयार पारेका शब्दार्थपत्ती र वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् ।

(ऋ) विद्यार्थीलाई लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गरी भन्न लगाउनुहोस् । विद्यार्थीले सही रूपमा वाक्यमा प्रयोग गरेमा स्याबासी कार्ड प्रदान गर्नुहोस् । विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलई विभिन्न समूहमा विभाजन गर्नुहोस् । शिक्षकले पाठ्य कविताको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई वाचन गर्न लगाउनुहोस् ।

(आ) कविताको अर्थ र आशयबारे समूहमा छलफल गराउनुहोस् । यस कविताांशमा श, ष, स वर्ण प्रयोग भएका शब्दहरू पहिचान गर्न लागउनुहोस् र पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीलाई कठिन लागेमा आफूले सहजीकरण गर्दै जानुहोस् ।

(इ) कविताबाट तयार पारिएका प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

(ई) विद्यार्थीलाई प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस्, जस्तै :

(क) हाम्रो देशले सृष्टिकै वेला के पाएको छ ?
(ख) को को मिलेर वेदान्त गाएका छन् ?
(ग) हाम्रा कुन कुन कुरा महान् छन् ?
(घ) कवितामा श, ष, स वर्ण प्रयोग भएका दुई दुई शब्द पहिचान गरी टिप्नुहोस् ।

(उ) विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् र शिक्षकले पाठ्य कविताको पाँचौ र छैटौँ श्लोकभित्र रहेर बनाइएका एक अनुच्छेदमा उत्तर आउने खालका कुनै दुई प्रश्न प्रदर्शन गर्नुहोस् । ती प्रश्नको उत्तर पाँच छ वाक्यमा लेख्न प्रेरित गर्नुहोस् । विद्यार्थीका कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गनुहोस्, जस्तै :

(क) नेपालको चमक जोगाउन हामीले के के गर्नुपर्छ ?
(ख) यस कविताांशको मूल भाव के हो ?

(ऊ) उत्तर लेखनपश्चात् समूहका प्रतिनिधि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) तलको कविताांश लयबद्ध वाचन गर्न लगाउनुहोस् :
नेपाल आमा योदिव्य आभा जोगाऊँ कसरी
आलस्य निद्रा हीनता सारा भगाऊँ कसरी

(ख) तलका शब्दको अर्थ भन्न लगाउनुहोस् :
धरती, अपूर्व, पुर्खा, रहस्य, विशाल

(ग) तल दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) पूर्वले विश्वकै लागि के दिएको छ ?
(आ) हाम्रो सर्वौच्च हिमाललाई केसँग तुलना गरिएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ बोध गर्न<br>दिइएका शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>चाडपर्वसँग सम्बन्धित शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश<br>• लेखन र उच्चारणमा फरक हुने पाठगत |
| लय मिल्दा तथा समान संरचनायुक्त शब्द | पाठबाट अनुप्रास मिल्दा र समान संरचना मिल्दा शब्द पहिचान गर्न | |

| | | |
|---|---|---|
| उच्चार्य र लेख्य वर्ण पहिचान | लेखन र उच्चारणमा फरक हुने पाठगत शब्द पहिचान र प्रयोग गर्न | शब्दको सूची<br>• चाडपर्वसँग सम्बन्धित शब्दहरूको सूची<br>• प्रश्नोत्तर चार्ट |
| संरचना पहिचान | कविताको संरचनासम्बन्धी प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले बालगीत वा स्वदेश गान वा अन्य प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तुबारे एक वा दुई जना विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विषयवस्तुको सार पुनः सुनाउनुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठको कविता पढ्न लगाई अर्थबोध हुन नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : शिरोमुकुट, सर्वोच्च, मुन्धुम, सम्पदा

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) शब्दभण्डार खण्डअन्तर्गतको क्रियाकलाप १ को शब्दार्थ अभ्यास गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) अर्थयुक्त वाक्य निर्माणसम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् र छलफल गराउनुहोस् ।

(ऊ) त्यसपछि शब्दभण्डार खण्डअन्तर्गतको अभ्यास ४ र ५ गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**लय मिल्दा तथा समान संरचनायुक्त शब्द पहिचान र प्रयोग**

(अ) शिक्षकले लय मिल्दा समान संरचनायुक्त शब्दको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उच्चारणका क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।
जस्तै : सारा, बारा, कचाकच, खचाखच, दरर बरर, विशाल, हिमाल

(आ) समान संरचनायुक्त शब्द प्रयोग भएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई समान संरचनायुक्त शब्द पहिचान गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा ती शब्द टिपोट गर्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपिएका शब्द मिले नमिलेको सुनिश्चित गरी उच्चारण अभ्यास गराउनुहोस् । जस्तै : हामी विद्यालयबाट समाजसेवा गर्ने योजना बनाएर बसमा हिँड्यौँ । बस विद्यार्थी र शिक्षकले खचाखच भरिएको थियो । बाहिर दरर पानी परिरहेको थियो । असिना बरर बर्सिरहेका थिए । हामी सबै विद्यार्थीले कवै यस्ता काम गरेका थियौँ । आजको दिन दीनदुःखीको सेवा गरेर बित्ने भयो र हामीले उनीहरूको मन जित्ने भयौँ भनेर हामी प्रसन्न थियौँ ।

(इ) आवश्यकताअनुसार समूह निर्माण गरी शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएको प्रश्नानुसार शब्द जोडी पहिचान गरी लेख्न लगाउनुहोस् । ती शब्दको अर्थ समूहलाई पालैपालो प्रस्तुति गर्ने अवसर प्रदान गर्नुहोस् । समूहबाट आएका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । अर्थ मिले नमिलेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । शब्दभण्डार खण्डको अभ्यास ३ मा दिइएका अनुच्छेद प्रदर्शन गरी समान संरचनायुक्त शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

(उ) समूह कार्य सकिएपछि विद्यार्थीलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**शब्दको उच्चार्य र लेख्य फरक रूप पहिचान**

(अ) शिक्षकले उच्चारण गर्दा र लेख्दा फरक फरक हुने शब्दहरूको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । ती शब्दलाई पालैपालो विद्यार्थीलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उच्चारणका क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । **जस्तै :**

| **बोलीचालीमा उच्चारण गर्दा** | **शुद्ध लेख्य रूप** |
|---|---|
| नेपाल् | : नेपाल |
| पहाड् | : पहाड |
| आसिस् | : आशिष |

(आ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ गराउनुहोस् । विद्यार्थीले कार्य गर्दा आफूले सहजीकरण गरिदिनुहोस् ।

(इ) कविता पढ्न लगाई उच्चारण र लेखनमा फरक हुने पाँच शब्द पाठबाट पहिचान गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा ती शब्द टिपोट गर्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपिएका शब्द मिले नमिलेको सुनिश्चित गरी उच्चारण र लेखन अभ्यास गराउनुहोस् ।

(ई) आवश्यकताअनुसार थप शब्दका शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र पाठ्य कविता स्लाइड वा स्मार्ट बोर्डमा प्रदर्शन गर्नुहोस् । विद्यार्थी समूहलाई कविता वाचन गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ३ मा दिइएको जानकारी र प्रश्न पढ्न लगाई पुनः प्रत्येक समूहलाई मौन पठन गरी छलफल गर्न लगाउनुहोस् । प्रश्नसूचीको चार्ट वा स्लाइड पुनः प्रस्तुत गरी छलफलका माध्यमबाट पुनरावृत्ति गराई धारणा स्पष्ट पारिदिनुहोस् ।

(इ) प्रत्येक समूहलाई पालैपालो प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका उत्तर मिले नमिलेको यकिन गरी सहजीकरण गर्नुहोस् ।

(ई) यस क्रममा विद्यार्थीको सिकाइ स्तर अवलोकन गरी आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्दको समान संरचनायुक्त शब्द लेख्न लगाउनुहोस् :
नखाए, विशाल, बाँच्ने छ, महान, बगाऊँ

(ख) दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :
मन्धुम, पुर्खा, आशिष, अपूर्व, सर्वोच्च, सम्पदा

(ग) विद्यार्थीलाई आफूले मनाउने चाडपर्वसँग सम्बन्धित ६ ओटा शब्द भन्न लगाउनुहोस् ।

(घ) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) कविताको एक हरफमा कति अक्षर छन् ?
(आ) आशिष दिने प्रसङ्ग कविताको कुन श्लोकको कुन पङ्क्तिमा आएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|

| | | |
|---|---|---|
| कविताको भावबोध | कविताको विषयवस्तु बोध गर्न | • कविताको श्रव्य सामग्री तथा दृश्य सामग्री<br>• मूलभाव समेटिएको चार्ट<br>• बुँदापत्ती<br>• बोध प्रश्नोत्तरको नमुना चार्ट<br>• सङ्क्षिप्त प्रश्नोत्तरको नमुना चार्ट |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट कवितांशबाट सोधिएका प्रश्नको उत्तर बताउन | |
| सङ्क्षिप्त प्रश्नोत्तर | सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै गाउँखाने कथा सुनाएर कक्षा सिकाइमा विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस्, जस्तै :

आफू छ कागज, ठूलो छ तागत के हो ? नोट (रुपैयाँ)
लगाउँदा इज्जत खाँदा बेइज्जत के हो ? जुत्ता
सबैलाई चाहिने मूभूमिमा नपाइने के हो ? पानी
रुखमा बस्छ चरा होइन, जटा छ जोगी होइन के हो ? नरिवल

(आ) आजका पाठ्यवस्तुबारे छलफलका माध्यमबाट स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**कविताको भावबोध**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई फरक फरक श्लोक तोकेर श्लोकको अर्थ लेख्न लगाउनुहोस् । यस क्रममा पहिलो पाठको कविता पढ्दा भावार्थ लेखन अभ्यास गरेको सन्दर्भ सम्झाएर समूहमा छलफल गराउनुहोस् ।

(आ) छलफलपछि प्रत्येक समूहलाई तोकिएको कवितांशको भावार्थ लेख्न प्रोत्साहन गर्नुहोस् । विद्यार्थीले समूहमा बसी भावार्थ टिपोट गर्दै गर्दा समूह समूहमा पुगी अवलोकन गर्नुहोस् ।

(इ) लेखन कार्य सकिएपछि कविताको निर्दिष्ट श्लोकको आशय वा भावार्थ समूह नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले भनेका विषयवस्तु बुँदागत रूपमा शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् । प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीबाटै छलफल गराई शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

(उ) शिक्षकले तयार पारेको प्रत्येक श्लोकका भावार्थका बुँदा स्लाइड वा चार्टमा क्रमशः प्रदर्शन गर्नुहोस् र छलफल चलाउनुहोस् ।

(ऊ) विद्यार्थीले टिपेका बुँदा र आफूले प्रदर्शन गरेका भावार्थसम्बन्धी बुँदाबिच फरक परेका बुँदाहरू विद्यार्थीलाई पहिचान गर्न लगाउनुहोस् ।

(ऋ) टिपोट गरेका बुँदालाई आधार मानेर विद्यार्थीलाई कविताको भावार्थ भन्न लगाउनुहोस् । यस क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) विद्यार्थीलाई कविताको भाव लेखन अभ्यास गराउनुहोस् । आफूले विद्यार्थीको लेखन शैली र अवस्था हेरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) पाठ्य कविताको श्लोक स्लाइड वा स्मार्ट बोर्डमा प्रदर्शन गरी सामूहिक वाचन गर्न लगाउनुहोस् ।

(आ) प्रस्तुत कवितामा आधारित भएर कविताको अर्थ छलफल गर्न लगाउनुहोस् । छलफलमा विद्यार्थीलाई असहजता भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) पाठ्य कविताको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएका प्रश्नको सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस्, **जस्तै :**

(क) पहाडले पसिना खोज्नुको आशय खुलाउनुहोस् ।

(ख) तराईलाई सिँचाइ किन चाहिएको हो ?

(ग) होस्टेमा हैँसे गर्दा देशलाई कस्तो फाइदा हुन्छ ?

(घ) 'श्रम र सिपलाई देशमै लगाउनुपर्छ' भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

(ई) प्रत्येक समूहलाई फरक फरक प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । शिक्षकले प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) उत्तर लेखनपश्चात् समूहका प्रतिनिधि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । एउटा समूहले उत्तर प्रस्तुत गर्दा अन्य समूहलाई ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन र हौसला प्रदान गर्न लगाउनुहोस् । शिक्षकले उत्तर मिले नमिलेको हेरी आवश्यक थपघट गर्नुपर्ने भए सहजीकरण गर्नुहोस् ।

**सङ्क्षिप्त उत्तर**

(अ) विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र पाठको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएका प्रश्न अध्ययन गर्न लगाउनुहोस् ।

(आ) सङ्क्षिप्त उत्तरको संरचनाका बारेमा छलफल गर्नुहोस् । छलफलका क्रममा समूहका साथी साथीबिच प्रश्नोत्तर छलफल गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(इ) सङ्क्षिप्त उत्तर लेखनका क्रममा ध्यान दिनुपर्ने विषयवस्तुबारे स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै :

**सङ्क्षिप्त उत्तर लेखनका क्रममा ध्यान दिनुपर्ने विषयवस्तु**

- प्रश्न ध्यानपूर्वक पढ्ने र प्रश्नले खोजेको उत्तर पहिचान गर्ने
- उत्तर कम्तीमा ५/६ वाक्यको एक अनुच्छेदमा लेख्नुपर्ने
- उत्तर मौलिक, भाषिक रूपमा शुद्ध र विषयवस्तुको गहनताले भरिपूर्ण हुनुपर्ने
- प्रश्नले खोजेको उत्तर लेखी सटिक निष्कर्ष वाक्य लेख्नुपर्ने

(ई) यसभन्दा पहिले पनि सङ्क्षिप्त उत्तर लेखनको अभ्यास गरिसकेको सन्दर्भ स्मरण गराएर क्रियाकलापमा दिइएका प्रश्नमध्ये एक समूहलाई एउटा प्रश्न दिएर ५ मिनेटको समय तोकी सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् ।

(उ) विद्यार्थी समूहले गरेका कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

(ऊ) उत्तर लेखन सकिएपछि प्रत्येक समूहको समूह नेतालाई उत्तर प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहका विद्यार्थीलाई ध्यानपूर्वक सुनी आवश्यक प्रतिक्रिया दिन लगाउनुहोस् ।

(ऋ) उत्तर लेखन र प्रस्तुतीकरणमा समस्या परेका विद्यार्थी वा विद्यार्थी समूहलाई थप सहजीकरण गर्दै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) **तलको कवितांशको भाव लेख्न लगाउनुहोस् :**

नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साच्ने छ ।
यसैले आऊ नेपाललाई बलियो बनाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेश्मै लगाऊँ ।

**(ख) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) होस्टेमा हैँसे गर्दा देशलाई कस्तो फाइदा हुन्छ ?
(आ) तराईलाई किन सिँचाइ चाहिएको छ ?

**(ग) तलका प्रश्नको छोटो उत्तर लेख्न लगाउनुहोस् :**

(अ) कवितामा धार्मिक विविधतालाई कविले कसरी चिनाएका छन् ?
(आ) कवितामा यो देश समान अर्को देश छैन भन्नुको तात्पर्य के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| श्रुतिलेखन | निर्दिष्ट अंशको श्रुतिलेखन गर्न | • श्रुतिलेखनका लागि अनुच्छेद<br>• कवितालाई व्याकरणिक पदक्रममा परिवर्तन गरिएको नमुना चार्ट<br>• भाव विस्तारको नमुना चार्ट |
| व्याकरणिक पदक्रम | पद्य कवितालाई व्याकरणिक पदक्रम मिलाई लेख्न | |
| भाव विस्तार | निर्दिष्ट कविताांशको भाव विस्तार गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले गाउँखाने कथा वा कविता सुनाएर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् ।
(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार कक्षामा छलफल गराउनुहोस् ।
(इ) आजका सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**श्रुतिलेखन**

(अ) विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर र शब्द लेखाइ, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै एउटा सानो नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षरको लेखाइ, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस्, जस्तै : हामी साथीहरू मिलेर पदयात्राका लागि हिँड्यौँ । हाम्रो यात्रा मुगु जिल्लाको रारा तालसम्मको थियो । हवाइजहाज र बसको यात्रापछि दुई दिन हिँडेर हामी हाम्रो गन्तव्यमा पुग्यौँ ।

(इ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ६ श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(ई) श्रुतिलेखनपश्चात् श्रुतिलेखन गराईको अनुच्छेद स्लाइड वा स्मार्ट बोर्ड वा चार्टमा प्रदर्शन गर्नुहोस् । उत्तरपुस्तिका साथी साथीबिचमा साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) श्रुतिलेखनका क्रममा सफा र स्पष्टसँग लेख्ने एक जना, सबैभन्दा थोरै त्रुटि गर्ने एक जना र राम्रा अक्षरमा लेख्ने एक जना विद्यार्थीको नाम घोषणा गरी ताली बजाएर हौसला दिन लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले श्रुतिलेखनका क्रममा त्रुटि गरेका शब्द पहिचान गरी ती शब्दको पुनर्लेखन गर्न लगाउनुहोस् । यो क्रम पूर्ण रूपमा सही नभएसम्म पटक पटक पुनरावृत्ति गर्न लगाउनुहोस् ।

(ऋ) सुनाइ, लेखाइ आदिमा समस्या भएका विद्यार्थी पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**व्याकरणिक पदक्रममा रूपान्तरण**

(अ) विद्यार्थीलाई व्याकरणिक पदक्रमका बारेमा पूर्वजानकारी भए नभएको छलफल गर्नुहोस् ।

(आ) व्याकरणिक र आलङ्कारिक पदक्रमका बारेमा केही उदाहरण स्लाइड वा चार्ट वा फलाटिन बोर्डका माध्यमले प्रदर्शन गरी थप छलफल गराउनुहोस्, जस्तै :

**आलङ्कारिक पदक्रम :**

पूर्वले दियो विश्वकै लागि रहस्य विशाल ।

**व्याकरणिक पदक्रम :**

पूर्वले विश्वकै लागि विशाल रहस्य दियो ।

(इ) विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ७ पढ्न लगाई त्यहाँ दिइएका आलङ्कारिक पदक्रमयुक्त वाक्यलाई व्याकरणिक पदक्रममा मिलाएर लेख्न लगाउनुहोस् ।

(ई) आफूले विद्यार्थीले गरेका कार्यको अवलोकन गरी सहजीकरण गर्दै जानुहोस् । लेखन कार्य समाप्त भएपछि विद्यार्थीलाई उत्तरपुस्तिका साटासाट गरेर परीक्षण गर्न लगाउनुहोस् ।

(उ) आफूले तयार पारेको पदक्रम मिलाइएको वाक्य प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस् । लेखाइमा कमजोर, फरक मातृभाषा भएका विद्यार्थीलाई थप सिकाइको अवसर प्रदान गर्नुहोस् ।

(ऊ) आवश्यक पृष्ठपोषण र सहजीकरण गर्नुहोस् ।

**भाव विस्तार**

(अ) शिक्षकले भाव विस्तारसम्बन्धी नमुना शैक्षिक सामग्रीको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । भाव विस्तार गर्ने तरिका र सोको संरचनासम्बन्धी प्रश्नोत्तरका माध्यमले छलफल क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**भाव विस्तार गर्ने तरिका :**

- सम्बन्धित अंशले दिने अर्थ र त्यससँग सम्बन्धित विषयको प्रस्तुति
- सम्बन्धित अंशसँग मेल खाने उदाहरण प्रस्तुत गर्दै विषयवस्तुको तार्किक विश्लेषण
- भाव विस्तार गर्ने अंशसँग सम्बिन्धित साङ्केतिक विषयको उल्लेख
- मूल अर्थको पहिचानसँग सम्बन्धित भएर निष्कर्ष लेखन

(आ) कक्षालाई विद्यार्थी सङ्ख्याको आधारमा समूहमा विभाजन गर्नुहोस् । भाव विस्तारको संरचना, निर्दिष्ट कवितांशको भाव आदिका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(इ) छलफलपश्चात् बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ८ मा दिइएका कवितांशका श्लोकमध्ये एक समूहका विद्यार्थीलाई क्रियाकलाप ८ को (क) र अर्को समूहका विद्यार्थीलाई क्रियाकलाप ८ को (ख) दिएर भाव विस्तार गर्न लगाउनुहोस् । विद्यार्थीले कक्षाकार्य गर्दै गर्दा आफूले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) लेखनपश्चात् प्रत्येक समूहका विद्यार्थीमध्ये नमुना छनोट गरी पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई मूल्याङ्कन गर्न लगाउनुहोस् र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

(उ) विद्यार्थीले लेख्न छुटाएका विषयवस्तु तथा संरचनाबारे आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) कविताको अन्तिम श्लोक श्रुतिलेखन गराउनुहोस् ।**

**(ख) तलको कवितांशलाई व्याकरणिक पदक्रम मिलाएर लेख्न लगाउनुहोस् :**

नेपाल भोको रहन्छ सितो एउटैले नखाए
नेपाल नाङ्गो रहन्छ टालो एउटैले नलाए ॥

**(ग) दिइएको श्लोकको भाव विस्तार गर्न लगाउनुहोस् :**

आशिष देऊ एकै र फेरि पसिना बगाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| समीक्षात्मक लेखन | कविताको समीक्षात्मक उत्तर लेखन गर्न | • समीक्षात्मक उत्तर लेखनका लागि बुँदा<br>• गजलको नमुना<br>• संरचनासम्बन्धी प्रश्नसूची<br>• श्लोकको चार्ट<br>• प्रश्नोत्तर चार्ट<br>• बोध प्रश्नको सूची |
| छलफल र संरचना पहिचान | निर्दिष्ट अनुच्छेद र गजल वाचन गरी गजलको संरचना पहिचान गर्न | |
| प्रश्न निर्माण र उत्तर पहिचान | कविताांशबाट प्रश्न निर्माण गरी उत्तर बताउन | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिन<br>भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) दैनिक जीवनमा घट्ने प्रेरक घटना सुनाई पाठ्यवस्तुप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुता गर्न लगाउनुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई ताली बजाएर सम्मान गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीको जीवनमा घटेका वा घट्न सक्ने घटनाको अनुमान तथा छलफल गराई विषयवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**समीक्षात्मक लेखन**

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गराई विद्यार्थीको पूर्वज्ञानको जानकारी लिनुहोस् र अवश्यकताअनुसार समीक्षात्मक उत्तर लेखनको शैलीबारे सहजीकरण गरिदिनुहोस् ।

(आ) विद्यार्थीलाई आवश्यकता र औचित्य विचार गरेर विभिन्न समूहमा विभाजन गर्नुहोस् । समूहमा कविताका प्रत्येक श्लोक अध्ययन गरी ती श्लोकमा उल्लेख भएका विषयवस्तु छलफल गरी मुख्य मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई यसअगि यसै कविताको भावबोध गराउँदा भावार्थ लेखन गराएको सन्दर्भ सम्झाएर कविताको अर्थ र भावका आधारमा विश्लेषण गर्नुपर्ने कुरा बताइदिनुहोस् । यस क्रममा आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) आफूले तयार पारेको श्रम र सिपलाई स्वदेशमै उपयोग तरिका र उपाय बारे मुख्य मुख्य बुँदा स्लाइड वा स्मार्ट बोर्ड वा चार्टमा प्रदर्शन गरी छलफल चलाउनुहोस् ।

(ई) विद्यार्थीलाई टिपोट गरेका बुँदाका आधारमा बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएको प्रश्न प्रस्तुत गरी श्रम र सिपलाई स्वदेशमै उपयोग तरिका र उपायबारे समीक्षात्मक उत्तर लेख्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

(उ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**पठनबोध र संरचना पहिचान**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र विद्यार्थीलाई गजलबारे जानकारी भएको वा नभएको विषयमा छलफल गर्नुहोस् । टोली नेतालाई धारणा राख्न लगाउनुहोस् ।

(आ) शिक्षकले बोध तथा अभिव्यक्ति खणको क्रियाकलाप १० मा दिइएको गजलको जानकारी र गजलको नमुना स्लाइड वा स्मार्ट बोर्ड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई मौन पठन गराउनुहोस् ।

(इ) गजलको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । जस्तै :

**शीर्षक, रदिफ, काफिया, शेर, गजलको अर्थ, मिसरा, मतला आदि**

(ई) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(उ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० बाट तयार पारेका संरचना पहिचानसम्बद्ध प्रश्न स्लाइड वा चार्टमा प्रस्तुत गरी छलफल गराउनुहोस् । जस्तै :

(क) गजलमा सेर भनेको के हो ?

(ख) गजलको पहिलो र दोस्रो हरफको अन्तिममा दोहोरिने शब्द वा शब्दको अंशलाई गजलमा के भनिन्छ?

(ग) गजलको एक सेरमा कति हरफ हुन्छन् ?

(घ) गजलको अनिवार्य अङ्ग कुन हो ?

(ऊ) विद्यार्थीलाई उत्तर पहिचान गरी मौखिक उत्तर दिन अवसर प्रदान गर्नुहोस् र यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) समूहमा संरचनासम्बद्ध थप प्रश्न दिई छलफल गराएर उत्तर भन्न लगाउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## प्रश्न निर्माण र उत्तर पहिचान

(अ) विद्यार्थीलाई कुनै अनुच्छेद प्रस्तुत गरेर पूर्वज्ञानका आधारमा केही प्रश्न निर्माण गर्न लगाउनुहोस् । उनीहरूले उपयुक्त प्रश्न बनाउन सके नसकेको विषयमा कक्षामा छलफल गराउनुहोस् ।

(आ) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा प्रवेश गर्दै प्रश्न निर्माण कसरी गर्न सकिन्छ र उत्तरको खोजी कसरी गर्ने भन्ने सिपबारे छलफल गर्नुहोस् ।

(इ) पाठ्य अंशमा मुख्य मुख्य विषय के के छन्, पहिचान गर्न लगाउनुहोस् ।

(ई) प्रश्न निर्माण गर्दा विषयवस्तुसँग, अनुमान गर्ने, निष्कर्ष दिने, तर्क दिने, विश्लेषण गर्ने, विवरण दिने खालका प्रश्नसम्बन्धी धारणा निर्माण गर्न लगाउनुहोस् । यसका लागि प्रश्न निर्माण गर्दा सकेसम्म को, के, किन, कसरी, कहिले, कहाँ जस्ता प्रश्नबोधक शब्दको प्रयोग गर्नुपर्ने विषयमा छलफल गरी बताइदिनुहोस् ।

(उ) के, कुन, कसलाई, कसरी आदि प्रश्नसूचक शब्द प्रयोग गरी प्रश्न सोध्ने र तिनको उत्तर पहिचान गर्ने कार्य कसरी भएको छ भनी अवलोकन गर्न लगाउनुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ को निर्देशानुसार छोटो उत्तरात्मक प्रश्न निर्माण गर्न लगाउनुहोस् । शिक्षकले समूह कार्यको अवलोकन र सहजीकरण गर्नुहोस् ।

(ऋ) प्रश्ननिर्माण सकिएपछि विद्यार्थी समूहलाई आपसमा एउटा समूहले बनाएका प्रश्नको उत्तर अर्को समूहलाई सोधेर उत्तर पहिचान गर्न लगाउनुहोस् । प्रश्न निर्माण र उत्तर पहिचानका क्रममा आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् । बोधात्मक प्रश्नोत्तरसम्बन्धी थप जानकारीका साथ छलफल गराउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

(उ) यस क्रियाकलापमा दिइएका भाषिक संरचनासँग सम्बन्धित प्रश्नको उत्तर पूर्वज्ञानका आधारमा लेख्न लगाउनुहोस् । विद्यार्थीले तयार पारेको उत्तर कक्षामा प्रस्तुत गर्न लगाई आवश्यक भए थप सहजीकरण गरिदिनुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचनासँग सम्बन्धित विस्तृत क्रियाकलाप आठौँ र नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराएर आजको कक्षा समाप्त गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) नेपाली हाम्रो श्रम र सिप कविताको मूल मर्म समेटी समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् ।**

**(ख) पाठ्यपुस्तकको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएको अनुच्छेदबाट निम्न प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् :**

(अ) बिमा भनेको के हो ?
(आ) सामाजिक बिमाअन्तर्गत के के पर्दछन् ?
(इ) बिमाबाट के के फाइदा हुन्छ ?

**(ग) तलको कवितांशबाट दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् :**

आशिष देऊ एकै र फेरि पसिना बगाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | सम्मानमा आधारित भाषिक सञ्चार गर्न | • श्रव्य सामग्री/दृश्य सामग्री<br>• प्रश्नोत्तर चार्ट<br>• अनुच्छेदपत्ती |
| श्रुतिबोध (सुनाइ पाठ ८) | सुनाइ पाठ ८ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी कुनै विचारकको प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे विद्यार्थीलाई नै अनुमान गर्न लगाई शिक्षकले स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले कुनै विद्यार्थीका असल चालचलन र बानीबारे कक्षामा प्रशंसा गरेर भाषिक अभिव्यक्तिको नमुना प्रस्तुत गर्नुहोस् ।

(आ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(इ) विद्यार्थीलाई प्रशंसा र सम्मानसम्बन्धी भाषिक प्रकार्यका बारेमा थप छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) शिक्षकले प्रशंसा र सम्मानसम्बन्धी विषयवस्तुमा केन्द्रित सन्दर्भ प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

**प्रशंसा र सम्मान**

रामरतनको विद्यालयमा गायन प्रतियोगिता थियो । प्रमुख अतिथिका रूपमा प्रसिद्ध गायक रामकृष्ण ढकाल आइपुग्नुभयो । उहाँ आउँदा विद्यालयका विद्यार्थी प्रतिनिधिहरूले उहाँलाई पुष्पगुच्छाले स्वागत गरे । विद्यार्थी

प्रतिनिधि रामरतन र रामकृष्ण ढकालबिच भएको संवाद यस्तो थियो :

रामरतन : नमस्कार ! (पुष्पगुच्छा दिँदै), हजुरलाई हाम्रो विद्यालयमा सम्मानपूर्वक स्वागत गर्दछौँ ।
रामकृष्ण : नमस्कार ! धन्यवाद !
रामरतन : हजुर सुमधुर स्वरका धनी हुनुहुन्छ । हजुरका गीत असाध्यै कर्णप्रिय छन् । हजुर आएर हाम्रो विद्यालयको गरिमा बढाइदिनुभयो । हजुरप्रति हामी हार्दिक आभार प्रकट गर्दछौँ ।
रामकृष्ण : यति धेरै प्रशंसा गर्नुभयो, म पनि कृतज्ञ भएँ । तपाईंहरूको विद्यालयमा आउन पाउँदा मलाई पनि निकै खुसी लागेको छ ।
रामरतन : (अगाडितिर देखाउँदै) हाम्रो आजको कार्यक्रमस्थल अगाडि छ, हामी हजुरकै प्रतीक्षामा थियौँ । हामीले हजुरका हरेक गीत सुनेका छौँ, हजुरले जस्तै गाउने अभ्यास पनि गर्छौं तर हजुरको स्वर जस्तो मिठो स्वर हाम्रो छैन । हजुर त सरस्वतीकै वरदान हुनुहुन्छ नि ।
रामकृष्ण : ओहो, यति धेरै प्रशंसा चाहिँ नगर्नुभएको भए हुन्थ्यो । मैले के नै गरेको छु र, रचनाकारले रचेको गीत गाएको न हुँ ।
रामरतन : यो त हजुरको महानता हो, यति ख्यातिप्राप्त कलाकार भएर पनि आफूलाई सामान्य सम्झनुहुन्छ । बरु हामीलाई पनि गीत गाउन सिकाइदिनुहोस् न । हामी हजुरका चेला बनेर हजुरबाट केही सिक्न चाहन्छौँ ।
रामकृष्ण : भइहाल्छ नि, तपाईंहरू जस्तो सुयोग्य चेला र अनुयायी पाउनु मेरो त अहो भाग्य हो नि ।
रामरतन : धन्यवाद गुरु, हामी हजुरप्रति आभारी छौँ । पुनः एक पटक हजुरलाई हाम्रो विद्यालयमा ससम्मान स्वागत गर्दछौँ ।

(यत्तिकैमा कार्यक्रम स्थलमा पुग्छन् । प्रमुख अतिथिलाई सोफामा ससम्मान बसाल्छन् र फूलको माला लगाइदिन्छन् । )

(उ) प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।
प्रश्न : तपाईंको विद्यालयमा आउनुभएका कुनै प्रतिष्ठित व्यक्तिको प्रशंसा र सम्मान तपाई कसरी गर्नुहुन्छ ? साथीलाई सम्मानित व्यक्ति बनाएर अभिनयात्मक प्रस्तुति गर्नुहोस् ।

(ऋ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, वाक्य गठन, पदसङ्गति, भाषिक सिप र शैलीमा ध्यान दिई आवश्यक सहजीकरण र थप पृष्ठपोषण दिनुहोस् ।

(ए) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका आफूभन्दा ठुला व्यक्तिको प्रशंसा र सम्मान गर्ने सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

**श्रुतिबोध (सुनाइ पाठ ८)**

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) सुनाइ पाठ ८ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(ई) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप १ मा रहेका प्रश्न पालैपालो सोधी उत्तर भन्न लगाउनुहोस् । एउटा समूहले उत्तर भन्न नसके अर्को समूहलाई अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप २ मा दिइएको प्रश्न विद्यार्थीलाई पालैपालो सोध्नुहोस् । यसै सुनाइ पाठ ८ बाट शिक्षक स्वयम्ले अरू थप प्रश्न निर्माण गरेर विद्यार्थीलाई उत्तर भन्न उत्प्रेरित गर्नुहोस् ।

(ऊ) विद्यार्थीले दिएको उत्तर सुनेपछि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) सबैलाई सहयोग गर्ने छिमेकी हजुरबुबाको प्रशंसा र सम्मान कसरी गर्नुहुन्छ भनी विद्यार्थीलाई अभिनयात्मक अभिनयात्मक प्रस्तुति गर्न लगाउनुहोस् ।

(ख) सुनाइ पाठ ८ का आधारमा तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) सजीव तत्त्व भन्नाले के बुझिन्छ ?

(आ) पृथ्वीको वातावरणलाई कति किसिममा विभाजन गरिएको छ ?

(इ) महासागरको पानी नुनिलो हुनुको कारण के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| उद्देश्य र विधेय | • निर्दिष्ट वाक्यको उद्देश्य, विधेय, उद्देश्य विस्तार एवम् विधेय विस्तारको पहिचान गर्न | • वाक्यपत्ती<br>• सापेक्ष संयोजकको सूची<br>• निरपेक्ष संयोजकको सूची<br>• सरल, संयुक्त र मिश्र वाक्यका नमुना वाक्यपत्ती<br>• वाक्य परिवर्तन गरिएको तालिका वा चार्ट |
| सरल र जटिल वाक्य | • बनोटका आधारमा सरल र जटिल वाक्य पहिचान गर्न<br>• सापेक्ष र निरपेक्ष संयोजक लगाएर पाँच पाँच वाक्य रचना गर्न<br>• कोष्ठकको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस्

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार विद्यार्थीलाई प्रस्तुत गर्न लगाई त्यसबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षामा गरिने सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**उद्देश्य र विधेय**

(अ) शिक्षकले विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई चार चारओटा वाक्य लेखी त्यसमा कर्ता कुन हो र क्रिया कुन हो भनी पहिचान गर्न लगाउनुहोस् ।

(इ) एउटा कर्ता र एउटा क्रिया भएको वाक्य लेखी कर्तालाई उद्देश्य र क्रियालाई विधेय भनिन्छ भनी जानकारी उदाहरणसहित प्रस्तुत गर्नुहोस्, जस्तै :

- जया आइन् ।
- मेरी बहिनी जया खुरुखुरु आइन् ।

माथिको पहिलो वाक्यमा आएको 'जया' कर्ता हो भने 'आइन्' क्रियापद हो । यस्तै, दोस्रो वाक्यमा कर्ताभन्दा अगि आएका 'मेरी बहिनी' जयाकै परिचय दिन आएका छन् त्यसैले ती पद उद्देश्य विस्तार गर्न आएका हुन् । यस्तै 'खुरुखुरु' पदले आउने कामको बारेमा बताएको छ त्यसैले खुरुखुरु विधेय विस्तार हो ।

(ई) विद्यार्थीलाई उद्देश्य र विधेयबारे छलफल गर्न लगाई उद्देश्य विस्तार र विधेय विस्तार गर्न कसरी सकिन्छ भनी थप छलफल गर्न लगाउनुहोस् ।

(उ) भाषिक संरचना वर्णविन्यास खण्डको क्रियाकलाप १ को (क) र (ख) मा दिइएका उदाहरण र अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । अनुच्छेदबाट उद्देश्य र विधेय तथा तिनको विस्तार पहिचान गर्न लगाउनुहोस् ।

(ऊ) प्रत्येक समूहको छलफलपछि प्रस्तुति गर्न लगाई शिक्षकले आवश्यक परे शैक्षणिक सामग्रीको प्रयोग गरी पृष्ठपोषण गरिदिनुहोस् ।

(ऋ) यस्तै, भाषिक संरचना वर्णविन्यास खण्डको क्रियाकलाप २ का प्रश्नको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र उद्देश्य र विधेय तथा तिनको विस्तार पहिचान गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीले गरेका कार्यको अवलोकन गरी थप सहजीकरण गर्दै एउटा सरल वाक्यमा एउटा उद्देश्य र एउटा विधेय हुन्छ । उद्देश्यका अगाडि आउने शब्द समूह चाहिँ उद्देश्य विस्तार र विधेयका अगाडि आउने पदहरू विधेय विस्तार हुन् भन्ने जानकारी दिई प्रशस्त छलफल गराउनुहोस् ।

**सरल र जटिल वाक्य**

(अ) विद्यार्थीलाई सरल वाक्य समूह, संयुक्त वाक्य समूह र मिश्र वाक्य समूह गरी तीन समूहमा विभाजन गर्नुहोस् र सरल, संयुक्त र मिश्र वाक्यका बारेमा छलफल चलाउनुहोस् ।

(आ) पहिलो समूहलाई सरल वाक्य, दोस्रो समूहलाई मिश्र वाक्य र तेस्रो समूहलाई संयुक्त वाक्य भन्न उत्प्रेरित गर्नुहोस् । समूहबाट आएका वाक्य शैक्षणिक पाटीमा तालिका बनाई टिप्नुहोस् ।

(इ) दुई दुईओटा उदाहरण आइसकेपछि तालिकामा टिपोट गरिएका वाक्य मिलेका छन् किन छैनन्, पत्ता लगाउन भन्नुहोस् र छलफल गरी शिक्षकले आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(ई) शिक्षकले सरल, मिश्र र संयुक्त वाक्यका सूची प्रदर्शन गरी ती वाक्यमा पाइने अन्तरका बारेमा छलफल गराउनुहोस ।

(उ) विद्यार्थीबाट आएका निष्कर्षलाई समेट्दै सरल, मिश्र र संयुक्त वाक्यको पहिचानसम्बन्धी स्पष्ट धारणा दिनुहोस्, जस्तै :

- सरल वाक्यमा कुनै संयोजक हुँदैन ।
  जस्तै : पानी परेर बाटो हिलो भयो । (कुनै संयोजक नलागेको वाक्य)
- जब–तब, जसरी–त्यसरी, जो –त्यो, जे –त्यो, जता–त्यता, जति–त्यति, जहाँ–तहाँ, जुन–त्यो, जहिले – तहिले, भने, भन्ने, भनी, भनेर जस्ता सापेक्ष संयोजकले जोडेका वाक्य मिश्र वाक्य हुन् ।
  जस्तै : जब पानी पऱ्यो तब बाटो हिलो भयो । (सापेक्ष संयोजक 'जब – तब' ले जोडेको वाक्य)
- र, वा, अनि, पनि, तापनि, तैपनि, तसर्थ, त्यसैले, त्यसकारण, किनकि, किनभने, न, वा, या, अथवा, तर, नत्र जस्ता निरपेक्ष संयोजकले जोडेका वाक्य संयुक्त वाक्य हुन् ।
  जस्तै : पानी पऱ्यो र बाटो हिलो भयो । (निरपेक्ष संयोजक 'र' ले जोडेको वाक्य)
  यस्ता अन्य उदाहरण दिएर पहिचार र परिवर्तनसम्बन्धी थप अभ्यास र आवश्यक सहजीकरण गराउनुहोस् ।

(ऊ) शिक्षकले भाषिक संरचना वर्णविन्यास खण्डको क्रियाकलाप ३ मा दिइएका (क), (ख), (ग) का अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । अनुच्छेदबाट सरल, मिश्र र संयुक्त वाक्य पहिचान गरी अलग अलग तालिकामा टिपोट गर्न आवश्यक समय दिनुहोस् ।

(ऋ) टिपोट गरिएका क्रियापद प्रस्तुति गर्न लगाउनुहोस् र अन्य समूहलाई मूल्याङ्कन र पृष्ठपोषण गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

(ए) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ४ र ५ को निर्देशनअनुसार वाक्य बनाउनका लगाउनुहोस् ।

(ऐ) विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ओ) प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) तलका वाक्यको उद्देश्य र विधेय पहिचान गर्न लगाउनुहोस् :**

(अ) हो र, मैले त यस विषयमा सोचेकै थिइन ।
(आ) उसले सबैलाई घरमा बोलायो ।

**(ख) तलका वाक्यलाई कोष्ठकका निर्देशनअनुसार परिवर्तन गर्नुहोस् :**

(अ) उनीहरू बिहान घुमेर आए । (संयुक्त वाक्य)
(आ) जब घाम लाग्यो तब गर्मी बढ्यो । (सरल वाक्य)

(इ) तिमीले भनेको सबैले पत्याए । (मिश्र वाक्य)

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सरल र जटिल वाक्य | १० ओटा सरल वाक्यमा आफ्नो परिचय दिन<br>पाँचओटा संयुक्त वाक्य र पाँचओटा मिश्र वाक्यको प्रयोग गरी आफ्नो परिचय दिएर अनुच्छेद रचना गर्न | • १० ओटा सरल वाक्य प्रयोग भएको अनुच्छेद<br>• सरल वाक्यलाई मिश्र र संयुक्त वाक्यमा परिवर्तन गरिएको तालिका<br>• अनुच्छेदपत्ती<br>• श, ष र स प्रयोग भएका शब्द सूची<br>• श, ष र स मिलाएर शुद्ध बनाएको अनुच्छेद |
| श, ष, स पहिचान र प्रयोग | • निर्दिष्ट अनुच्छेदबाट श, ष र स प्रयोग भएका शब्द पहिचान गर्न<br>• कविताबाट श, ष र स प्रयोग भएका शब्द पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेदलाई श, ष, स मिलाएर पुनर्लेखन गर्न | |
| गीति कविता सङ्कलन (परियोजना कार्य) | विद्युतीय सामग्रीबाट मन पर्ने गीति कविता टिपोट गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले रोचक गाउँखाने कथा सुनाएर मस्तिष्क मन्थन गराउनुहोस्

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार विद्यार्थीलाई प्रस्तुत गर्न लगाई त्यसबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आज कक्षामा गरिने सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सरल र जटिल वाक्य**

(अ) विद्यार्थीलाई युगल वा बेन्चगत समूहमा विभाजन गर्नुहोस् र सरल, संयुक्त र मिश्र वाक्यका बारेमा अगिल्लो दिनको सहजीकरणका आधारमा छलफल चलाउनुहोस् ।

(आ) पहिलो समूहलाई सरल वाक्य, दोस्रो समूहलाई मिश्र वाक्य र तेस्रो समूहलाई संयुक्त वाक्य भन्न उत्प्रेरित गर्नुहोस् । समूहबाट आएका वाक्य शैक्षणिक पाटीमा तालिका बनाई टिप्नुहोस् ।

(इ) दुई दुईओटा उदाहरण आइसकेपछि तालिकामा टिपोट गरिएका वाक्य मिलेका छन् किन छैनन्, पत्ता लगाउन विद्यार्थीलाई नै सोध्नुहोस् । शिक्षकले आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(ई) शिक्षकले सरल, मिश्र र संयुक्त वाक्यका सूची प्रदर्शन गरी ती वाक्यमा पाइने अन्तरका बारेमा पुनः छलफल गराउनुहोस् र छलफलपछि प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीबाट आएका निष्कर्षलाई समेट्दै सरल, मिश्र र संयुक्त वाक्य परिवर्तन सम्बन्धी भाषिक संरचना वर्णविन्यास खण्डको क्रियाकलाप ६ मा दिइएका वाक्य कोष्ठकका आधारमा प्रत्येक समूहलाई परिवर्तन गरी लेख्न लगाउनुहोस् ।

(ऊ) लेखन कार्य सकिएपछि आफूले तयार पारेको उत्तर स्लाइड वा चार्टमा प्रदर्शन गरी उत्तरपुस्तिका साटासाट गरी उत्तर मिले नमिलेको सामूहिक छलफल र अन्तर्क्रियाका माध्यमले परीक्षण गर्न लगाउनुहोस् ।

(ऋ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ७ मा दिइएको निर्देशनअनुसार १० ओटा वाक्यमा आफ्नो परिचय लेख्न लगाउनुहोस् । यो क्रियाकलाप समूहमा नभई प्रत्येक विद्याथीलाई गराउनुहोस् ।

(ए) विद्यार्थीले लेखेका वाक्य प्रस्तुत गर्न लगाई सबै वाक्य बनोटका आधारमा सरल भए नभएको यकिन गर्न अन्य विद्यार्थीलाई लगाउनुहोस् ।

(ऐ) विद्यार्थी आफ्नो परिचय लेखेर तयार पारेका १० ओटा वाक्यलाई क्रियाकलाप ८ को निर्देशनअनुसार पाँचओटा संयुक्त वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

(ओ) विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै विद्यार्थीको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(औ) विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**श, ष, स पहिचान र प्रयोग**

(अ) विद्यार्थीलाई समूहमा राखेर श/ष/स प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता शब्दमा श/ष/स प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई श/ष/स प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) शब्दपत्ती प्रदर्शन गरी श/ष/स प्रयोग हुने शब्दसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

- श प्रयोग हुने शब्द : शशी, श्रमिक, शीतल, शव
- ष प्रयोग हुने शब्द : कृषि, ऋषि, षड्यन्त्र, मेष, भेष
- स प्रयोग हुने शब्द : सजिलो, महसुस, साथी, सौभाग्य

(इ) श/ष/स प्रयोग हुने अन्य थप पाँच पाँचओटा शब्द विद्यार्थीलाई भन्न लगाई टिपोट गर्नुहोस् र आवश्यक परे सहजीकरण गर्नुहोस् ।

(ई) भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ९ को अनुच्छेद प्रदर्शन गरी श/ष/स प्रयोग भएका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । विद्यार्थीले गरेको कार्य अवलोकन गरी असहजता भए सहजीकरण गरिदिनुहोस् ।

(उ) श/ष/स प्रयोग भएका शब्द रेखाङ्कन गरेको अनुच्छेद पुनः प्रदर्शन गरी विद्यार्थीलाई उत्तर परीक्षण गर्न लगाउनुहोस् ।

(ऊ) भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास १० को निर्देशनअनुसार श/ष/स प्रयोग भएका तीन तीनओटा शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ऋ) यसै खण्डको क्रियाकलाप ११ मा दिइएको अनुच्छेद प्रदर्शन गरी श/ष/स को प्रयोगमा भएका अशुद्धि पहिचान गरेर शुद्ध बनाउन लगाउनुहोस् । शुद्ध पारिएको अनुच्छेद पुनः प्रदर्शन गरी मिले नमिलेको परीक्षण गर्न लगाृनुहोस् ।

(ए) अन्त्यमा छलफलसहित थप शब्द प्रदर्शन गरेर विद्यार्थीलाई अनुलेखन गराउनुहोस् । आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

**गीति कविता सङ्कलन (परियोजना कार्य)**

(अ) आफूलाई मन परेको कुनै गीत विद्युतीय सञ्चार माध्यमबाट खोजेर वा स्मार्ट बोर्ड वा श्रव्य सामग्री भिडियाका माध्यमले सुनाउनुहोस् र गीतको लय, शब्द, आशय आदिबारे छलफल गराउनुहोस् र मन पर्नुको कारण पनि बताइदिनुहोस् ।

(आ) सिर्जना तथा परियोजना कार्यको क्रियाकलाप २ का आधारमा कुनै पनि विद्युतीय सामग्रीबाट विद्यार्थीलाई मन परेको कुनै एउटा गीत वा कविता खोजेर टिपोट गरी ल्याउन निर्देशन दिनुहोस् । आवश्यकताअनुसार विद्युतीय सञ्चार माध्यमबाट खोज्ने तरिकाका बारेमा छलफल सञ्चालन गर्नुहोस् ।

(इ) यसैगरी, सिर्जना तथा परियोजना कार्यको क्रियाकलाप १ मा दिइएको गजल अध्ययन गरी आउन र भोलिको कक्षामा कक्षाकार्यका रूपमा गजल रचना गर्ने विषयमा विद्यार्थीलाई जानकारी दिएर कक्षा समाप्त गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कम्तीमा दशओटा सरल वाक्यमा आफ्नो परिचय लेख्न लगाउनुहोस् ।

(ख) श, ष, स मिलाएर तलको अनुच्छेदलाई पुनर्लेखन गर्नुहोस् :

हाम्रो वशोबाष शहरमा छ । राती भयो भने गाउँबाट षहरशम्म षजिलै पुग्न सकिँदैन । उसले शाँझ नपर्दै एकै षासमा भन्यो ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| गीति कविता सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | विद्युतीय माध्यमबाट गीति कविता सङ्कलन गरी लयबद्ध वाचन गर्न | • गीति कविताको श्रव्य सामग्री/दृश्य सामग्री<br>• गजलको नमुना |
| मुक्तक वा गजल रचना (सिर्जनात्मक कार्य) | • दिइएको गजल वाचन गर्न<br>• कुनै विषयमा मुक्तक वा गजल रचना गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै गीति कविता सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा दिइएको परियोजना कार्यका बारेमा छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**गीति कविता सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) गीति कविता लयवद्ध वाचन गर्दा ध्यान दिनुपर्ने विषयमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

(आ) सिर्जना र परियोजना खण्ड अभ्यास २ मा दिइएको निर्देशनअनुसार विद्यार्थीले सङ्कलन गरेर ल्याएको गीति कविता पालैपालो प्रस्तीतकरण गर्ने अवसर दिनुहोस् ।

(इ) सङ्कलित कविता र वाचनका बारेमा विद्यार्थीलाई स्वतःस्फूर्त सुझाव दिन लगाउनुहोस् । गीति कविता प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ई) शिक्षकले गीति कविता वाचन गर्दा ध्यान दिनुपर्ने यति, गति, लयबारे आवश्यक सहजीकरण र गीति कविता विभिन्न लय र भाकामा गाउन सकिनेबारे फरक फरक लयमा गाएर विद्यार्थीलाई गाउन उत्प्रेरित गर्नुहोस् । अन्य श्रोता विद्यार्थीलाई आवश्यक सकारात्मक प्रतिक्रिया दिन उत्साहित गर्नुहोस् । प्रस्तुतिपछि आवश्यकताअनुसार थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**मुक्तक वा गजल रचना (सिर्जनात्मक कार्य)**

(अ) सिर्जना र परियोजना कार्यअन्तर्गत क्रियाकलाप १ मा दिइएको गजल वाचन गरेर सुनाउनुहोस् र विद्यार्थीलाई पनि सामूहिक रूपमा गजल वाचन गर्न उत्प्रेरित गर्नुहोस् ।

(आ) गजल वा मुक्तक रचना गर्ने तरिकाका बारेमा विद्यार्थीको पूर्वज्ञान र अनुभवका आधारमा विद्यार्थीबिच छलफल गराउनुहोस् । यसै पाठको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा दिइएको जानकारी र उदाहरण प्रदर्शन गरी मौन पठन गराउनुहोस् र थप छलफल गराई निष्कर्ष विद्यार्थीलाई भन्न उत्प्रेरित गर्नुहोस् ।

(इ) शिक्षकले खोजेर वा लेखेर ल्याएको कुनै गजल वा मुक्तक सुनाउनुहोस् र खाली ठाउँमा उपयुक्त शब्द राखी गजलको श्लोक पूरा गर्ने एउटा गजलको नमुना स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस्,

जस्तै : उपयुक्त शब्द वा शब्द समूह छानी गजल पूरा गर्नुहोस् :

बाली, को आउँदै छ आज, टाली, डाली, थाली

साँझमा दियो .......... राख्यौ को आउँदै छ आज

हातका औँला चाली राख्यौ ............................ ??

हिजो अस्ति उप्किएका घरका छेउ कुना
बिहानदेखि .......... राख्यौ को आउँदै छ आज ?

एउटा फूल भगवान्लाई टिपे भैहाल्थ्यो त
सिङ्गै फूलको ........... राख्यौ को आउँदै छ आज ?

अगरबत्ती जलाएर तुलसीको मठमा
छेउमा पूजा ............. राख्यौ को आउँदै छ आज ?

रचनाकार : प्रकट पगेनी

(ई) प्रत्येक समूहलाई खाली ठाउँमा उपयुक्त पद वा पदावली राखेर गजल पूरा गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) गजलको शेर तयार भएपछि लय, गति, यति मिलाई वाचन गर्न उत्प्रेरित गर्नुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गर्नुहोस् । सिर्जना र परियोजना कार्यअन्तर्गत क्रियाकलाप १ मा दिइएको गजल पुन: वाचन गराउनुहोस् । गजल रचना गर्नलाई आवश्यक विषयवस्तु र शब्दबारे छलफल गराउनुहोस् । गजल रचना गर्न आवश्यक विषयवस्तु र शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऋ) टिपोट गरेका विषयवस्तुलाई गजलको लयमा कसरी संयोजन गर्ने भन्ने बारे छलफल गराउनुहोस् । विद्यार्थीले टिपोट गरेका विषय र शब्दलाई मिलाएर गजल वा मुक्तक रचना गर्न उत्प्रेरित गर्नुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

(ए) गजलको शेर वा मुक्तक तयार भएपछि समूहका विद्यार्थी प्रतिनिधिलाई पालैपालो वाचन गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले समूहले रचना गरेको गजल वा मुक्तकलाई प्रोत्साहन दिनुहोस् र आवश्यक सहजीकरण र थप पृष्ठपोषण दिनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् । थप आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कुनै गीत वा गजल सुनाउन लगाउनुहोस् ।

(ख) कुनै शीर्षकमा गजल रचना गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## मेरो देशको शिक्षा

**पाठ ९**

**विधा : निबन्ध** **कार्यघण्टा : १०**

### परिचय

'मेरो देशको शिक्षा' आत्मपरक शैलीमा रचना गरिएको निबन्ध हो । निबन्ध शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति, बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमता विकास गर्नु हो । त्यसैले निबन्धात्मक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

'मेरो देशको शिक्षा' निबन्ध सहजीकरणका क्रममा बोध क्षमता अभिवृद्धिका लागि सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, छलफल र व्याख्या आदिको उपयोगमा ध्यान दिइएको छ । अभिव्यक्ति कौशल अभिवृद्धिका लागि बुँदा टिपोट, व्याख्या, सारांश, प्रश्न निर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र स्वतन्त्र लेखन जस्ता क्रियाकलापलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सस्वर पठन, शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, मौन पठन र बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत प्राविधिक तथा पारिभाषिक शब्द, संरचनाबोध सम्बद्ध प्रश्नोत्तर, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या लेखन, श्रुतिलेखन, चित्र वर्णन, बुँदा टिपोट र सारांश लेखन, समीक्षात्मक उत्तर लेखन, अनुच्छेद लेखन, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र दृष्टिकोणमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचनाअन्तर्गत वाच्य परिवर्तन र वर्णविन्यासअन्तर्गत 'य' र 'ए' वर्णको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ ९ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ ९ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • शिक्षा क्षेत्रमा आधारित विषयवस्तुमा छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-४)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • शिक्षा क्षेत्रका बारेमा सामान्य जानकारी प्राप्त गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट य/ए प्रयोग भई बनेका शब्द पहिचान गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ५-८)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• मौन पठन र बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेद मौन पठन गरी बोधात्मक प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| तेस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ९ र १०)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• पारिभाषिक र प्राविधिक शब्द<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• पारिभाषिक शब्द पहिचान गरी प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• पारिभाषिक/प्राविधिक शब्द चार्ट<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| चौथो दिन | • संरचनाबोध सम्बद्ध प्रश्नोत्तर<br>• पाठगत प्रश्नोत्तर<br>• सङ्क्षिप्त उत्तर लेखन | • निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन<br>• पठनबोधका आधारमा निर्दिष्ट प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • प्रश्नको सूची<br>• प्रश्नोत्तरको नमुना | १ |
| पाँचौँ | • व्याख्या लेखन<br>• श्रुतिलेखन | • निर्दिष्ट गद्यांश व्याख्या गर्न<br>• सुनाइका आधारमा शब्द, वाक्य वा | • अनुच्छेदपत्ती<br>• व्याख्याको नमुना | १ |

| | | | | |
|---|---|---|---|---|
| दिन | • चित्र वर्णन | अनुच्छेद लेख्न<br>• निर्दिष्ट चित्र वा तस्बिरका बारेमा वर्णन गर्न | • विभिन्न चित्र वा तबिर | |
| छैटौँ दिन | • बुँदा टिपोट र सारांश लेखन<br>• समीक्षात्मक उत्तर लेखन | • बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न<br>• विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• समीक्षात्मक उत्तरको संरचना चार्ट | १ |
| सातौँ दिन | • अनुच्छेद लेखन<br>• बोध प्रश्नोत्तर<br>• भाषिक प्रकार्य | • निजात्मक अनुच्छेद रचना गर्न<br>• बोध प्रश्नोत्तर गर्न<br>• दृष्टिकोणमा आधारित भाषिक सञ्चार गर्न | • अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड | १ |
| आठौँ दिन | • वाच्य परिवर्तन<br>(कर्तृवाच्य<br>कर्मवाच्य<br>भाववाच्य) | • कर्तृवाच्य पहिचान गरी कर्म र भाववाच्यमा वाक्यान्तरण गर्न<br>• कर्म र भाववाच्य पहिचान गरी कर्तृवाच्यमा वाक्यान्तरण गर्न | • वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• वाच्य वाक्यान्तरण चार्ट | १ |
| नवौँ दिन | • 'ए' र 'य' को पहिचान र प्रयोग<br>• श्रुतिबोध (सुनाइ पाठ ९)<br>• लेख सङ्कलन (परियोजना कार्य) | • 'ए' र 'य' वर्ण प्रयोग भई बनेका शब्द पहिचान गरी प्रयोग गर्न<br>• सुनाइ पाठ ९ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• कानुनसम्बद्ध लेख सङ्कलन गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती वा चार्ट | १ |
| दसौँ दिन | • लेख सङ्कलन र प्रस्तुति (परियोजना कार्य)<br>• निबन्ध लेखन (सिर्जनात्मक कार्य) | • कानुन सम्बद्ध लेख सङ्कलन गरी प्रस्तुति दिन<br>• निर्दिष्ट शीर्षक र समसामयिक विषयमा निबन्ध लेख्न | • अनुच्छेदपत्ती<br>• लेखको चार्ट वा स्लाइड<br>• निबन्धको संरचना चार्ट<br>• निबन्धको नमुना चार्ट | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शिक्षा क्षेत्रमा आधारित विषयवस्तुमा छलफल | शिक्षा क्षेत्रका बारेमा सामान्य जानकारी प्राप्त गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-४) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | |
| | निर्दिष्ट अनुच्छेदबाट य/ए प्रयोग भई बनेका शब्द पहिचान गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाएर ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् र आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**शिक्षा क्षेत्रमा आधारित विषयवस्तुमा छलफल**

(अ) शिक्षा क्षेत्रसँग सम्बन्धित चित्र भएका स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) पाठमा दिइएको चित्रका बारेमा अनुमान कल्पना गरी पालैपालो वर्णन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यालयीय शिक्षामा आधारित अन्य चित्र स्लाइड वा मोबाइलबाट प्रदर्शन गरी छलफलसहित सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

## सस्वर पठन र शब्दोच्चारण

(अ) शिक्षकले विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तु जानकारी गराई शिक्षकले निर्दिष्ट पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) पाठका पहिलो अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । छात्र र छात्रा, दोस्रो भाषी विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् । साथीले गरेको उच्चारण विद्यार्थीलाई ध्यानपूर्वक सुन्न आग्रह गर्नुहोस् । र अशुद्ध उच्चारण भएका शब्दलाई बिचमै रोकेर सच्याउन लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा नयाँ शब्दलाई रेखाङ्कन गर्न लगाई पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् । जस्तै :

| | |
|---|---|
| दृष्टि /दृस्.टि/ | व्यावहारिक /ब्या.ब.हा.रिक्/ |
| शास्त्रार्थ /सास्.त्रार्.थ/ | परिष्करण /प.रिस्.क.रन्/ |
| उपनिषद् /उ.प.नि.सद्/ | वाञ्छनीय /बान्.छ.नि.य/ |

ट) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् । जस्तै : अनादिकालदेखि शिक्षाको उर्वरभूमि रहेको मेरो देशको शिक्षाले युगानुकूलका विशेषता ग्रहण गर्दै यो देशलाई समृद्ध बनाउने दिशामा प्रवृत्त छ ।

**शब्दार्थ**

| | | |
|---|---|---|
| अनादि | : | आदि वा सुरु थाहा नभएको |
| उर्वरभूमि | : | धेरै कुरा वा वस्तु निस्कने ठाउँ |
| प्रवृत्त | : | कुनै कार्य सुरु गरिएको |

(इ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(उ) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

(ऊ) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी छलफल चलाउनुहोस्, जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| दर्शन | प्राचीन ऋषिमुनिले अनेकौं सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित गरे । | हकिङ भौतिक दर्शनका अनुयायी हुन् । |
| उपनिषद् | वेदमा निहित ज्ञान र शिक्षालाई विभिन्न ऋषिमुनिद्वारा कैयौं उपनिषद् र सयौं ग्रन्थमा व्याख्या गरिएको मेरो देशको शिक्षाले विश्वलाई नै प्रज्वलित पारेको छ । | आत्मा र परमात्माको व्याख्या उपनिषद्मा गरिएको छ । |

(ऋ) आवश्यकताअनुसार समूह विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् जस्तै : प्रशोधन, सनातन, सकारात्मक, प्राचीन, प्रविधि आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) निर्दिष्ट अनुच्छेद पठन गरी प्रश्नको उत्तरको खोजी गर्ने सिपबारे छलफल गर्नुहोस् ।

(आ) बोध प्रश्नको उत्तर छोटो र स्पष्ट हुनुपर्छ भनी नमुना उत्तर प्रस्तुत गर्नुहोस् । जस्तै :

शिक्षालाई मानव जातिको तेस्रो आँखा मानिन्छ । यसलाई हाम्रो भित्री हृदयको नयन पनि भनिन्छ । यो हाम्रा बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् छ । हामीसँग भएको यहीं ज्ञानचक्षुबाट हामीले शिक्षा आर्जन गर्छौं अर्थात् कुनै कुरा सुन्छौं र सिक्छौं, समाज र प्रकृतिमार्फत सैद्धान्तिक र व्यावहारिक ज्ञान निरन्तर आर्जन गरिरहन्छौं । प्रकृति, संस्कृति र सभ्यताका दृष्टिले सृष्टिको उषाकालदेखि सुसम्पन्न मेरो देश आज शिक्षाका दृष्टिले समेत प्रगतिपथतर्फ लम्कँदो छ । शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्छ ।

**प्रश्न**

(क) शिक्षालाई केका रूपमा लिइन्छ ?

उत्तर : शिक्षालाई मानव जातिको तेस्रो आँखा र भित्री हृदयको नयनका रूपमा लिइन्छ ।

(ख) हामी समाज र प्रकृतिमार्फत कुन कुन ज्ञान प्राप्त गर्छौं ?

उत्तर : हामी समाज र प्रकृतिमार्फत सैद्धान्तिक र व्यावहारिक ज्ञान प्राप्त गर्छौं ।

(ग) शिक्षालाई किन बाहिरी आँखाभन्दा पृथक् मानिएको हो ?

उत्तर : शिक्षा बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा महान् र तेजवान् हुने भएकाले पृथक् मानिएको हो ।

(घ) शिक्षाका विशेषता के के हुन् ?

उत्तर : शिक्षाका विशेषता मानव जातिलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्नु हो ।

(इ) विद्यार्थीलाई पाठ्य निबन्धांशबाट उपयुक्त गद्यांश दिई समूहगत रूपमा बोध प्रश्न सोध्नुहोस् ।

(ई) प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) पाठभित्रका निर्दिष्ट अनुच्छेदबाट य/ए प्रयोग भई बनेका शब्द पहिचान गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द मिले नमिलेको यकिन गरी आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

बौद्धिक विकास, सभ्यताको परिष्करण र स्तरीय जीविकोपार्जनका लागि शिक्षा नितान्त आवश्यक छ । त्यसैले सनातन पूर्वीय सभ्यता र अनेकौँ मौलिक संस्कृति भएको मेरो देशलाई पूर्वीय ज्ञान तथा पाश्चात्य विज्ञान र प्रविधिसँग हातेमालो गर्दै अझै अगि बढाउनु जरुरी छ । मेरो देशको शिक्षालाई सिपले सुसम्पन्न बनाउने अहिलेको चुनौतीलाई अवसरका रूपमा बदल्नु छ । आज हामीले विभिन्न माध्यमबाट समयसापेक्ष सिप प्राप्त गर्नु छ । पुस्तक, सूचना र प्रविधि, इतिहास, प्रयोग र व्यवहारका माध्यमबाट जीवनोपयोगी सिपयुक्त थप शिक्षा प्राप्त गर्नु छ ।

| 'य' प्रयोग भई बनेका शब्द | 'ए' प्रयोग भई बनेका शब्द |
|---|---|
| सभ्यता, समयसापेक्ष, प्रयोग | भएको |

## ३. मूल्याङ्कन

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

चर्मचक्षु, स्थापित, सृष्टि, आत्मसात्, परिष्कृत

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

समयसापेक्ष, जीवन्त, परिष्करण, सनातन, श्रुति

(ग) ठिक बेठिक छुट्याउन लगाउनुहोस् :

(क) शिक्षाले पूर्वीय ज्ञान र चेतनाको किरण विश्वमा फिँजाएको छ ।

(ख) स्तरीय जीविकोपार्जनका लागि शिक्षा आवश्यक छैन ।

(ग) शिक्षालाई सिपले सुसम्पन्न बनाउने अहिलेको चुनौतीलाई अवसरका रूपमा बदल्नु छ ।

(घ) म बदलिँदो युगसँगसँगै आफूलाई समायोजन गर्न सक्ने शिक्षा चाहन्छु ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण<br>(अनुच्छेद ५-८) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| मौन पठन र बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद मौन पठन गरी बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यालयमा हुने सह/अतिरिक्त क्रियाकलापका बारेमा छलफल गरी कुनै विद्यार्थीलाई आफूले जानको प्रतिभा प्रस्तुत गर्न उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले निर्दिष्ट पाठको पाँचौं अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) पाठको छैटौं, सातौं र आठौं अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पाठका निर्दिष्ट अनुच्छेदमा रहेका उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् ।

(इ) सस्वर पठनका क्रममा कक्षाका विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ई) शिक्षकले पनि सस्वर पठनका क्रममा विद्यार्थीले उच्चारणमा त्रुटि गरेका शब्द सङ्कलन गर्नुहोस् ।

(उ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलाप गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शैक्षणिक पाटीमा रिपोट गरिएका शब्दहरू विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्द : सान्दर्भिक, आत्मनिर्भर, कृषिजन्य, सहिष्णु, परिस्थिति, प्राज्ञिक आदि ।
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास केही पटक दोहोर्‍याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तैः

| | | |
|---|---|---|
| सान्दर्भिक /सान्.दर्.भिक्/ | आत्मनिर्भर /आत्.म.निर्.भर्/ | कृषिजन्य /क्रि.सि.जन्.न्य/ |
| सहिष्णु /स.हिस्.नु/ | परिस्थिति /प.रिस्.थि.ति/ | प्राज्ञिक /प्राग्.ग्यिँक्/ |

(ऊ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऋ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलाप कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ए) समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई अर्थबोध गर्न समस्या भएका नयाँ शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

| | | |
|---|---|---|
| तीर्थाटन | : | तीर्थयात्रा |
| विज्ञापन | : | बताउने काम |
| प्रेषण | : | कुनै वस्तु वा विषयलाई एक ठाउँबाट अर्को ठाउँमा पठाउने काम |
| अजस्र | : | निरन्तर, सधैँ |
| पोख्त | : | कुनै काम गर्न दक्ष, सिपालु |

(इ) टिपोट गरिएका शब्दका केही वाक्यपत्ती प्रदर्शन गरी सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् ।

जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| तीर्थाटन | जहाजको टिकट काट्न र तीर्थाटन गर्न, रेलको टिकट काट्न सक्छौँ | मेरा हजुरबा र हजुरआमा चारधामको तीर्थाटनका लागि हिजो हिँड्नुभयो । |
| विज्ञापन | आज जागिरका विज्ञापन अनलाइनबाटै खुल्छन् । | टेलिभिजनमा समाचार र विज्ञापन प्रसारण हुन्छ । |
| प्रेषण | चिठीपत्र विद्युतीय माध्यमबाट प्रेषण गरिन्छ । | पहिला पहिला हुलाकमार्फत चिठीपत्र प्रेषण गरिन्थ्यो । |

(उ) विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : औजार, युगान्तकारी, अनलाइन, अन्धविश्वास, आलोचनात्मक आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थी सङ्ख्याका आधारमा विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) पाठको पाँचौँ अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका ठिक बेठिक छुट्याउने वाक्य फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गर्नुहोस् । जस्तै :

(क) व्यवसायमूलक शिक्षाका लागि आधुनिक प्रविधिलाई सँगसँगै लैजानुपर्छ ।

(ख) व्यावसायिक शिक्षा विद्यालय तहमा नै प्रदान गर्नुहुँदैन ।

(ग) प्राविधिक ज्ञान र सिपले परनिर्भर बनाउँछ ।

(घ) आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

(ई) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एकओटा वाक्य ठिक बेठिक छुट्याउन लगाई पालैपालो भन्ने अवसर दिनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) अन्य अनुच्छेदबाट शिक्षकले खाली ठाउँ भर्ने वा बहुवैकल्पिक प्रश्न तयार गरी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(अ) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

सञ्चालन, औजार, सहिष्णु, कर्तव्य, वृद्धि

(आ) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

विवेकशील, दुरूपयोग, सङ्गम, युगान्तकारी, प्राज्ञिक

(इ) प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) ज्ञान र चेतनाले के के सिकाउँछ ?

(ख) मेरो देशको शिक्षाको मूल मर्म के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण<br>(अनुच्छेद ९ र १०) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• पारिभाषिक/प्राविधिक शब्द चार्ट<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| पारिभाषिक/प्राविधिक शब्द पहिचान र प्रयोग | पारिभाषिक शब्द पहिचान गरी प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## सस्वर पठन र शब्दोच्चारण

(अ) विद्यार्थीलाई अनुच्छेद सस्वर पठनका लागि उत्प्रेरणा जगाउनुहोस् । उनीहरूलाई पालैपालो निबन्धको अनुच्छेद ९ र १० सस्वर पठनका लागि अवसर प्रदान गर्नुहोस् । सस्वर पठन गर्दा ध्यान दिनुपर्ने पक्ष स्मरण गराउनुहोस् ।

(आ) विद्यार्थीले निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि भए नभएको आदि विषयमा अवलोकन गरी छलफल चलाउनुहोस् ।

(इ) शिक्षकले सस्वर पठन गर्नुहोस् वा रेकर्ड गरेको सामग्री सुनाउनुहोस् । शुद्ध, प्रस्ट उच्चारण गरी वाचन गर्नुपर्ने कुरा बताइदिनुहोस् र विद्यार्थीको पनि प्रतिक्रिया लिई शब्दोच्चारणमा सहजीकरण गरिदिनुहोस् । आवश्यक हौसलाका साथ प्रतिस्पर्धा गराई सक्रियताका लागि स्याबासी प्रदान गर्नुहोस् । जस्तै :

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| अध्ययन | /अद्.ध्य.यन्/ | प्राचीन | /प्रा.चिन्/ |
| समृद्ध | /सम्.म्रिद्.ध/ | कम्प्युटर | /कम्.प्यु.टर्/ |
| पहुँच | /प.हुँच्/ | दीक्षित | /दिक्.छित्/ |
| क्याम्पस | /क्याम्.पस्/ | अन्त्य | /अन्.त्य/ |

(ई) गति, यति तथा हाउभाउसहित निबन्ध सस्वर पठन गर्नेलाई प्रोत्साहनस्वरूप प्रशंसा गर्नुहोस् वा स्याबासी दिनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) निर्दिष्ट अनुच्छेदबाट अर्थ थाहा नभएका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोश वा बृहत् नेपाली शब्दकोशको एप उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

प्रतिबद्धता : वचनबद्ध भएको अवस्था, कुनै विचार, सिद्धान्त वा वाचा बन्धनबाट बाँधिएको अवस्था

गुरुत्वाकर्षण : पृथ्वी आदि ग्रहमा रहेको आकर्षण शक्ति वा गति

प्राज्ञिक : प्राज्ञद्वारा सम्पन्न गरिने, दक्षतासम्बन्धी

ओतप्रोत : एकअर्कासँग मिसिएको, विस्तृत

भोजपत्र : प्राचीन कालमा लेख्नका निम्ति प्रयोग गरिने पातलो कागज जस्तो पत्रैपत्र भएको

एक जातको रुखको बोक्रा

(इ) उच्चारण तथा शब्दार्थमा प्रयोग गरिएका शब्दलाई वाक्यमा प्रयोग गरी वाक्यपत्ती प्रदर्शन गरेर छलफल चलाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

| **शब्द** | **पाठगत सन्दर्भ** | **वाक्यमा प्रयोग** |
|---|---|---|
| प्रतिबद्धता | शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिबद्धता, सांस्कृतिक सद्भाव, सामाजिक सद्व्यवहार प्रकट गर्ने क्षमता हुनु जरुरी छ भन्ने मलाई लाग्छ । | विद्यार्थीले असहायलाई मदत गर्ने प्रतिबद्धता व्यक्त गरे । |
| गुरुत्वाकर्षण | यस्तो चिन्तन नहुँदो हो त न राइट दाजुभाइले हवाइजहाज आविष्कार गर्थे, न त न्युटनको गुरुत्वाकर्षणको शक्ति नै पत्ता लाग्थ्यो । | हामी गुरुत्वाकर्षण शक्तिका कारण पृथ्वीमा उभिन सक्छौँ । |

(उ) थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् र वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् । जस्तै : विश्वबजार, परावूर्व, पाठ्यक्रम, युगीन जनशक्ति, प्राविधिक आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पारिभाषिक/प्राविधिक शब्द पहिचान र प्रयोग

(अ) पारिभाषिक र प्राविधिक शब्दका बारेमा समूहमा छलफल गराई निम्न निष्कर्षमा पुग्नुहोस् :

- कानुन, प्रशासन, वाणिज्य, विज्ञान र प्रविधि, वन, शिक्षा, साहित्य, सञ्चार आदि क्षेत्रमा प्रयोग हुने शब्द नै पारिभाषिक र प्राविधिक शब्द हुन् ।

- प्रयोग क्षेत्रका आधारमा भिन्न भिन्न अर्थ लिएर आउन सक्छन्, जस्तै : ध्वनि : (विज्ञान) आवाज ध्वनि : (साहित्य) व्यङ्ग्य गण : (प्रशासन) सैनिकको दल गण : (साहित्य) छन्दका तीन वर्णको समूह

(आ) शिक्षकले 'कानुन, प्रशासन, वाणिज्य, विज्ञान र प्रविधि, वन, शिक्षा, साहित्य, सञ्चार' आदि क्षेत्रमा प्रयोग हुने पारिभाषिक र प्राविधिक शब्दको सूची प्रस्तुत गरी थप छलफल चलाउनुहोस् । जस्तै :

कानुन : अधिवक्ता, अनुमोदन, विधेयक

प्रशासन : दर्ता, चलानी, सिफारिस

वाणिज्य : आयव्यय, व्याज, ऋण

विज्ञान र प्रविधि : ऊर्जा, अणु, उपकरण

| | | |
|---|---|---|
| वन | : | कटानी, निकुञ्ज, डालेघाँस |
| शिक्षा | : | परीक्षा, पाठ्यक्रम, मूल्याङ्कन |
| साहित्य | : | रस, छन्द, अलङ्कार |
| सञ्चार | : | प्रसारण, विज्ञापन, पत्रपत्रिका |

(इ) शब्दभण्डार खण्डको क्रियाकलाप ३ को निर्देशानुसार दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी प्राविधिक, पारिभाषिक शब्द पहिचान गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) शब्दकोश वा बृहत् नेपाली शब्दकोशको एपको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(उ) छलफलपश्चात् विद्यार्थीलाई शब्द र अर्थ भन्ने अवसर प्रदान गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषणसमेत दिनुहोस् । जस्तै :

| | | |
|---|---|---|
| शिक्षण | : | कुनै विषय सिक्ने सिकाउने काम |
| सिकाइ | : | सिक्ने काम वा प्रक्रिया |
| शिक्षक | : | शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति |

(ऊ) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माणसम्बन्धमा छलफल गराउनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

(ऋ) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । जस्तै :

| | | |
|---|---|---|
| शिक्षण | : | मेरा मामा सरकारी विद्यालयमा विगत १० वर्षदेखि शिक्षण गर्नुहुन्छ । |
| सिकाइ | : | सिकाइ जीवनभरि चलिरहने प्रक्रिया हो । |
| शिक्षक | : | शिक्षक प्रत्येक शिष्यका लागि उत्प्रेरक र मार्गदर्शक हुन सक्नुपर्छ । |

(ए) शब्दभण्डार खण्डको क्रियाकलाप ४ को निर्देशानुसार प्रत्येक समूहलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) पाठको नवौँ अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका ठिक बेठिक छुट्याउने प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी छुट्याउन लगाउनुहोस् । जस्तै :

(क) मेरो देशको शिक्षाबाट दीक्षित व्यक्ति समालोचनात्मक सोचयुक्त हुन्छ ।

(ख) आजका वैज्ञानिक आविष्कारमा समालोचनात्मक चिन्तनको कुनै हात छैन ।

(ग) समालोचनात्मक चेत नभएको विद्यार्थीले शिक्षकको मतमा प्राज्ञिक बहस गर्न सक्छ ।

(घ) अन्धविश्वास संस्कृतिका नाममा जरो गाडेर बसेका छन् ।

(ई) अनुच्छेदका आधारमा ठिक बेठिक छुट्याउन लगाई विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका विभिन्न क्षेत्र र त्यहाँ प्रयोग हुने प्राविधिक तथा पारिभाषिक शब्दबिच जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| कानुन | तापक्रम, यौगिक, विकिरण, जीवाणु |
| वाणिज्य | अलङ्कार, विधा, वाद, दृष्टिबिन्दु |
| शिक्षा | टिप्पणी, सरुवा, बढुवा, परिपत्र |
| सञ्चार | वारेस, तारिख, बिगो, जमानत |
| वन | इमेल, सम्पादकीय, दूरसञ्चार, समाचार पत्र |
| साहित्य | भौचर, बेरुजु, निकासी, फर्स्योट |
| प्रशासन | मूल्याङ्कन, छात्रवृत्ति, पाठ्यक्रम, पृष्ठपोषण |
| विज्ञान र प्रविधि | वृक्षरोपण, निकुञ्ज, आरक्ष, टाँचा |

(ख) दिइएको अनुच्छेद पढी प्राविधिक/पारिभाषिक शब्द पहिचान गर्न लगाउनुहोस् :

करेसाबारीका लागि जमिनको रेखाङ्कन र व्यवस्थापन कसरी गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । करेसाबारीमा तरकारी खेती गर्दा खाली जमिनको सदुपयोग हुन्छ । यस्तो खेती गर्दा घरबाट निस्कने फोहोर पानी र प्राङ्गारिक वस्तुको पुनः प्रयोग हुन गई वातावरणीय सन्तुलनमा सहयोग पुग्छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| संरचनाबोधसम्बद्ध प्रश्नोत्तर | निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन | • प्रश्नको सूची<br>• प्रश्नोत्तरको नमुना |
| पाठगत बोध प्रश्नोत्तर | पठनबोधका आधारमा निर्दिष्ट प्रश्नको उत्तर दिन | |

| | | |
|---|---|---|
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई आफूले जानेका वा सुनेका मुक्तक वा चुट्किला भन्ने अवसर दिई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**संरचनाबोधसम्बद्ध प्रश्नोत्तर**

(अ) निबन्धको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । जस्तै : शीर्षक, परिचय खण्ड, विस्तार खण्ड, निष्कर्ष खण्ड आदि ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(इ) शिक्षकले तयार पारेका संरचना पहिचानसम्बद्ध प्रश्न स्लाइड वा चार्टमा प्रस्तुत गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई उत्तर पहिचान गरी मौखिक प्रतिक्रिया दिन अवसर प्रदान गर्नुहोस् र यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

(क) 'मेरो देशको शिक्षा' निबन्धमा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) वाक्य संरचनाका दृष्टिले छोटो र लामो अनुच्छेद कुन हो ?

(ग) 'मेरो देशको शिक्षा' आत्परक वा वस्तुपरक कुन शैलीमा रचना गरिएको निबन्ध हो ?

(घ) 'शिक्षालाई मानव जातिको तेस्रो आँखा र भित्री हृदयको नयन' भनेर कुन अनुच्छेदमा भनिएको छ ?

(ई) समूहमा बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ संरचना बोधसम्बद्ध प्रश्नोत्तर छलफल गराउनुहोस् । समूह छलफलपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**पाठगत बोध प्रश्नोत्तर**

(अ) पाठगत प्रश्नोत्तरबारे छलफल गराई अतिसङ्क्षिप्त उत्तर लेखनका बारेमा विद्यार्थीको पूर्व ज्ञानको पहिचान गर्नुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(आ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् । त्यसपछि बोध प्रश्नको सूची प्रस्तुत गरी उत्तर खोज्न उत्प्रेरित गर्नुहोस् ।

(इ) विद्यार्थीले उत्तर खोज्दै गर्दा आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई पालैपालो प्रश्नोत्तर भन्न लगाउनुहोस् ।

(ई) प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) स्लाइड वा चार्टमा प्रदर्शन गरिएका प्रश्नको उत्तर लेख्न उत्प्रेरित गर्नुहोस् । उत्तर लेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## सङ्क्षिप्त उत्तर लेखन

(अ) सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(आ) शिक्षकले सङ्क्षिप्त उत्तरात्मक प्रश्न र उत्तरको नमुना स्लाइड वा चार्टपेपरमा प्रस्तुत गरी छलफल गराउनुहोस् । जस्तै :

> **(क) स्वस्थ चिन्तनमा कुन कुरा पर्छ ?**
>
> स्वस्थ चिन्तन आफ्नै विवेकका आँखाले हेर्ने चिन्तन हो । यस प्रकारको चिन्तनले कुनै पनि विचार, घटना वा परिवेशलाई आफ्नै आँखाले हेर्छ । विवेकको प्रयोग गरी ठिक र बेठिक छुट्याउँछ । गुरुका मतमा पनि फरक मत राख्न सक्छ । अतः स्वस्थ चिन्तनमा वैज्ञानिक आविष्कार, प्राज्ञिक बहस, अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न र समालोचनात्मक चिन्तन पर्छ ।

(इ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएको सङक्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गराई एउटा समूहले कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने अन्य समूहका एक एक जनालाई भन्ने अवसर दिनुहोस् ।

(उ) समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :

(अ) मेरो देशको शिक्षाका विशेषता के के हुन् ?

(आ) माथिको निबन्धांशमा कस्तो शिक्षाको अपेक्षा गरिएको छ ।

(इ) 'समालोचनात्मक चिन्तन शिक्षाकै एउटा पाटो हो' भन्नुको आशय के हो ?

(ख) दिइएका बुँदामा समेत आधारित भई 'मेरो देशको शिक्षा' निबन्धको मुख्य सन्देश लेख्न लगाउनुहोस् :

(अ) शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्नु

(आ) मानवताका आँखाले हेर्ने र समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्नु

(इ) प्राविधिक ज्ञान र सिपले आत्मनिर्भर हुन उत्प्रेरित गर्नु

(ई) आत्मनिर्भर शिक्षामा जोड दिनु

(उ) मानिसलाई कर्तव्य, दायित्व, सद्गुणको पाठ सिकाउनु

(ऊ) मानिसलाई नैतिकवान्, सहिष्णु, दक्ष र विवेकशील बनाउनु

(ऋ) नैतिक, सांस्कृतिक र वैज्ञानिक शिक्षाको सन्तुलनमा जोड दिनु

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट गद्यांश व्याख्या गर्न | • अनुच्छेदपत्ती<br>• व्याख्याको नमुना<br>• विभिन्न चित्र वा तबिर |
| श्रुतिलेखन | सुनाइका आधारमा शब्द, वाक्य वा अनुच्छेद लेख्न | |
| चित्र वर्णन | निर्दिष्ट चित्र वा तस्बिरका बारेमा वर्णन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गरी आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**व्याख्या लेखन**

(अ) व्याख्या लेखनबारे समूहमा छलफल गराई विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । समूह छलफलपश्चात् व्याख्या लेखन अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ६ मा दिइएका व्याख्या लेखनसम्बद्ध प्रश्न तथा अन्य सम्भावित प्रश्नका बारेमा छलफल गराउनुहोस् । जस्तै :

(क) आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

(ख) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता हो ।

(ग) शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिबद्धता, सांस्कृतिक सद्भाव, सामाजिक सद्व्यवहारका क्षमता हुनु जरुरी छ ।

(इ) निर्दिष्ट प्रश्नमा केन्द्रित भएर व्याख्याका सम्भावित बुँदा तयार पार्न लगाउनुहोस् । तयार पारिएका बुँदा प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक सहजीकरण गनर्सहोस् ।

(ई) व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताइदिनुहोस् ।

(उ) शिक्षकले तयार पारेको नमुना व्याख्या स्लाइड वा चार्टमा प्रदर्शन गरी थप छलफलसहित विषयवस्तुप्रति विद्यार्थीको धारणालाई सबलीकरण गरिदिनुहोस् । जस्तै :

**प्रश्न : आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।**

आत्मनिर्भरताको अर्थ आफूमै निर्भर हुने वा आफ्नै भरोसामा रहने काम हो । आत्मनिर्भर भएको व्यक्ति, समाज वा राष्ट्र आफ्नो खुट्टामा आफैँ उभिन सक्छ । स्वरोजगारमा जोड दिएर गरिबी हटाउन सक्छ । आयातभन्दा निर्यात बढी गरेर आर्थिक रूपमा सबल बन्न सक्छ ।

यस निबन्धमा पनि व्यवसायमूलक शिक्षा र आधुनिक कृषि प्रणालीमा जोड दिइएको छ । वास्तवमा भूगोल र पर्यावरण अनुकूल व्यवसायमूलक शिक्षा आत्मनिर्भरताको अनिवार्य सर्त हो । कफी र चिया खेती हुने ठाउँमा उत्पादन र प्रशोधनसम्बन्धी तालिम दिएर स्वरोजगारी बन्न प्रेरित गर्न सकिन्छ । स्याउ खेतीलगायत स्याउबाट जुस, जाम र जेली उत्पादन गर्ने व्यावसायिक ज्ञान र सिपयुक्त शिक्षा दिएर सम्बन्धित क्षेत्रका किसानलाई आत्मनिर्भर बनाउन सकिन्छ । कर्णालीका किसानलाई जडीबुटी पहिचान र प्रशोधनको शिक्षा दिएर आत्मनिर्भर बनाउन सकिन्छ । ढोरपाटन, खप्तड र लुम्बिनी क्षेत्रमा पर्यटकीय ज्ञान, सिपका साथै होटल व्यवस्थापनको शिक्षा दिएर स्वरोजगारका अनन्त सम्भावना खोज्न सकिन्छ । जुनार तथा सुन्तला खेती, अन्नबाली र तरकारी खेती , पशुपालन जस्ता व्यवसाय गरेर आफ्नै देशमा स्वरोजगारका अवसर सिर्जना गर्न सके आत्मनिर्भरता बढ्दै जान्छ । सबै जना प्राविधिक ज्ञान र सिप प्राप्त गरेर व्यवसाय सञ्चालन गर्न सक्ने गरी आत्मनिर्भर हुन उत्प्रेरित हुन्छन् । यी सबै विषयवस्तुलाई सिपमूलक र व्यावसायिक शिक्षामार्फत जोड दिन सके स्वरोजगार सिर्जना गर्ने उत्प्रेरण बढ्दै जान्छ ।

शिक्षाको मूल उद्देश्य आत्मनिर्भर शिक्षामा जोड दिनु हो । आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो । त्यसैले हामीले पनि शिक्षाका माध्यमबाट रोजगारी सिर्जना गरी आत्मनिर्भर बन्ने लक्ष्य लिनु आवश्यक छ ।

## श्रुतिलेखन

(अ) विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(आ). शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

(इ) श्रुतिलेखनपश्चात् साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) श्रुतिलेखनका क्रममा सफा र स्पष्टसँग लेख्ने एक जना, सबैभन्दा थोरै त्रुटि गर्ने एक जना र राम्रा अक्षरमा लेख्ने एक जना विद्यार्थीको नाम घोषणा गरी ताली बजाएर हौसला दिन लगाउनुहोस् ।

(उ) सुनाइ, लेखाइ आदिमा समस्या भएका विद्यार्थी पहिचान गरी शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## चित्र वर्णन

(अ) शैक्षिक र सामाजिक जीवनसम्बद्ध चित्र प्रदर्शन गरी छलफल चलाउनुहोस् । विद्यार्थीलाई चित्र हेरेर अनुमान र कल्पना गर्न लगाई आआफ्ना धारणा भन्ने अवसर प्रदान गर्दै सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ मा दिइएको चित्र प्रदर्शन गरी विद्यार्थीलाई विषयवस्तु अनुमान र कल्पना गर्न लगाउनुहोस् ।

(इ) पालैपालो चित्र वर्णन गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) चित्र हेरेर विषयवस्तु लेख्न समय दिनुहोस् । लेखन कार्यपश्चात् साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गरी पृष्ठपोषण प्रदान गर्नुहोस्।

## ३. मूल्याङ्कन

(क) व्याख्या गर्न लगाउनुहोस् :

शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिबद्धता, सांस्कृतिक सद्भाव, सामाजिक सद्व्यवहारका क्षमता हुनु जरुरी छ ।

(ख) दिइएको चित्र वर्णन गर्न लगाउनुहोस् :



आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बुँदा टिपोट र सारांश लेखन | बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• समीक्षात्मक उत्तरको संरचना चार्ट |
| समीक्षात्मक उत्तर लेखन | विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो घटना वा चुट्किला प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बुँदा टिपोट र सारांश लेखन**

(अ) बुँदा टिपोटका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोटको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षका बारेमा समूह छलफल गराई समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले निर्दिष्ट पाठभित्रका कुनै अनुच्छेद प्रदर्शन गरी बुँदा टिपोट गर्न लगाउनुहोस् । बुँदा टिपोटका क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) टिपिएका बुँदा विद्यार्थीलाई प्रस्तुत गर्न लगाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) सारांश लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । सारांश लेखन गर्दा ध्यान दिनुपर्ने पक्षका बारेमा समूह छलफल गराई समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऊ) आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत वाचन गर्न लगाउनुहोस् वा लक्ष्मीप्रसाद देवकोटाको जीवनी पाठको छैटौँ दिनको क्रियाकलापमा प्रस्तुत गरिएको बुँदा टिपोट र सारांश लेखनको नमुना पढ्न लगाउनुहोस् । सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

(ऋ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ को निर्देशानुसार अनुच्छेदलाई मौन पठन गरी चारओटा बुँदा टिपोट गर्न आवश्यक समय दिनुहोस् ।

(ए) विद्यार्थीले बुँदा टिपोट गरिसकेपछि र शीर्षकीकरणसहित एक तृतीयांशमा सारांश लेख्न लगाउनुहोस् ।

(ऐ) निर्धारित समय सकिएपछि कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**समीक्षात्मक उत्तर लेखन**

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । साथी साथी मिलेर पाठ पढी नेपालको भावी शिक्षाबारे बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले पनि उत्तरका सम्भावित बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गरी छलफल गराउनुहोस् । तिनै बुँदालाई समेटेर लामो उत्तर तयार पार्न सिकाउनुहोस् । जस्तै :

(क) शिक्षालाई भूगोल र पर्यावरण अनुकूल व्यवसायमूलक शिक्षाका रूपमा विकास गर्ने

(ख) शिक्षालाई सिपले सुसम्पन्न बनाउने

(ग) सूचना र प्रविधि, इतिहास, प्रयोग र व्यवहारका माध्यमबाट जीवनोपयोगी सिपयुक्त थप शिक्षा प्राप्त गर्ने

(घ) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने

(ङ) व्यवसायमूलक शिक्षामार्फत् मुलुकको बेरोजगारीको समस्या हटाउने

(च) प्राविधिक ज्ञान र सिपमार्फत् आत्मनिर्भर हुन उत्प्रेरित गर्ने

(छ) प्राचीन ज्ञान र आधुनिक विज्ञानलाई जोडेर भविष्यका करोडौँ उज्ज्वल नक्षत्र उत्पादन गर्ने

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा केन्द्रित रहेर बुँदा तयार पार्न लगाउनुहोस् र बुँदाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

(उ) विद्यार्थीले उत्तर लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् र कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्न लगाई एक तृतीयांशमा सारांश लेख्न लगाउनुहोस् :

आजका समग्र वैज्ञानिक आविष्कार पनि यस्तै समालोचनात्मक चिन्तनकै उपज हुन् । यस्तो चिन्तन नहुँदो हो त न राइट दाजुभाइले हवाइजहाज आविष्कार गर्थे, न त न्युटनको गुरुत्वाकर्षणको शक्ति नै पत्ता लाग्थ्यो । समालोचनात्मक चेत भएको विद्यार्थीले शिक्षकको मतमा पनि प्राज्ञिक बहस गरेको हुन्छ । गुरुका मतमा फरक मत पनि राखेको हुन्छ । यसरी आफ्ना विद्यार्थीले आफैँसँग तर्क गर्दा गुरु गौरवान्वित भएका हुन्छन् । त्यतिमात्रै होइन यस मान्यताअनुसार ससाना बालबालिकाले संस्कृतिका नाममा जरो गाडेर बसेका अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न गर्न सक्छन् । ती प्रश्न युग सुहाउँदा छन् कि छैनन् भनेर तर्क गर्न पाउने समालोचनात्मक चिन्तन पनि शिक्षाकै एउटा पाटो हो । यस्ता कतिपय विश्वास

अन्धविश्वास रहेछन् भन्ने आलोचनात्मक चेतनाको बोध गर्ने शिक्षा मेरो देशको शिक्षाको मूल मर्म हो भन्ने मेरो धारणा छ ।

(ख) 'मेरो देशको शिक्षा' निबन्धमा नेपालको भावी शिक्षाको परिकल्पना कसरी गरिएको छ, समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अनुच्छेद लेखन | निजात्मक अनुच्छेद रचना गर्न | • अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड |
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | |
| भाषिक प्रकार्य | दृष्टिकोणमा आधारित भाषिक सञ्चार गर्न | |

### (क) सुरुआती क्रियाकलाप

(अ) पठन संस्कृति झल्काउने दृश्य सामग्री खिचेर वा खिचेका दृश्य सामग्री युट्युबबाट डाउनलोड गरी सम्भव भएसम्म प्रोजेक्टर वा मोवाइलबाट प्रस्तुत गरेर बालबालिकालाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे छलफल गराई सार भन्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### अनुच्छेद लेखन

(अ) शिक्षकले तयार पारेको कुनै अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदको पहिलो वाक्य पहिचान गर्न लगाउनुहोस् । जस्तै :

आदर र सम्मान भन्नाले अभिवादन, नम्रतापूर्ण बोली, सेवाशुश्रूषा, शिष्ट व्यवहार गर्नु भन्ने बुझिन्छ । ज्येष्ठ नागरिकलाई यस किसिमको व्यवहार गर्नाले आशीर्वाद प्राप्त हुन्छ । उनीहरूलाई सदैव श्रद्धाका साथ मायालु व्यवहार गर्नुपर्छ । परिवारका हरेक सदस्यले आफ्ना ज्येष्ठ नागरिकको शारीरिक र मानसिक अवस्थामा ध्यान दिनु आवश्यक हुन्छ । उनीहरू स्नेहका भोका हुन्छन् । उनीहरूको शारीरिक

अशक्तताको सहारा बन्नु परिवारका सदस्यको दायित्व हो । उनीहरूलाई हामीले उचित हेरचाह गर्दै सम्मानको व्यवहार गर्नुपर्छ । उनीहरूको भावनामा चोट पुऱ्याउने काम कहिल्यै गर्नुहुँदैन ।

(आ) विद्यार्थीले भनेका पहिलो वाक्यको आशय त्यस अनुच्छेदको मुख्य आशय हो वा होइन भन्नेबारे छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष स्वस्फूर्त सुनाउने अवसर दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) अनुच्छेद लेखनका विधि र प्रक्रियाबारे समूहमा छलफल गराउनुहोस् । समूहको निष्कर्ष विद्यार्थीलाई भन्न लगाउनुहोस् । जस्तै :

**अनुच्छेद लेखनका विधि र प्रक्रिया**

(क) शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई गहन रूपमा बुझ्ने र बुँदा सम्झने वा टिप्ने

(ख) छनोट गरिएका बुँदाहरूको क्रम निश्चित गर्ने

(ग) सबैभन्दा माथि दिइएको शीर्षक राखी एक अनुच्छेद मात्र लेख्ने

(घ) अनुच्छेद लेख्दा निर्देशित शैली र त्यसको प्रक्रियालाई अवलम्बन गर्ने

(ङ) लेखनलाई स्पष्ट, क्रमबद्ध र पूर्ण बनाउने

(उ) शिक्षकले तयार पारेको अनुच्छेद स्लाइड वा चार्टमा प्रस्तुत गरी थप धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

म पुस्तक हुँ । मलाई किताब र ग्रन्थ पनि भन्छन् । म ज्ञानको स्रोत पनि हुँ । मलाई ज्ञानको प्रकाश, ज्योति भनेर पनि सम्बोधन गर्न सकिन्छ । मभित्र ज्ञानको भण्डार छ । म मानिसलाई शरीर, मन, बुद्धि हुँदै आत्मासम्म लिएर जान्छु । मेरो उपस्थितिमा धर्ती उज्यालो हुन्छ । मलाई माया गर्नेहरूको भविष्य उज्ज्वल हुन्छ । म शब्द र चित्रहरू छापिएको कागजको समूह हुँ । मेरो बाहिरी पृष्ठ रङ्गीन र आकर्षक छ । यसलाई गाताचित्र पनि भन्छन् । गाताचित्रले भित्री भागमा लेखिएका लेखको झल्को दिन्छ । यसले मेरा पाना र भित्री भागको सुरक्षा गर्छ । म आकारमा सानो ठुलो, मोटो पातलो देखिन सक्छु ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा दिइएको निर्देशानुसार विद्यार्थीलाई 'मेरो सोच : मेरो भविष्य' शीर्षकमा आत्मपरक अनुच्छेद लेख्न लगाउनुहोस् । यस क्रममा शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई अनुच्छेद प्रस्तुतीकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## बोध प्रश्नोत्तर

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप आठौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

**भाषिक प्रकार्य**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई दृष्टिकोणमा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले कुनै विषय वा विचारप्रति आफ्ना दृष्टिकोण प्रस्तुत भएको संवादात्मक अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

**दृष्टिकोण**

शिक्षकले निहारिकालाई भन्नुभयो, "नेपाललाई सांस्कृतिक विविधताबाट कसरी फाइदा भएको छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।"

निहारिकाले संस्कृतिसम्बन्धी आफ्ना दृष्टिकोण यसरी प्रस्तुत गर्नुभयो, "नेपाल बहुसांस्कृतिक मुलुक हो । बहुसांस्कृतिक मुलुक भएका कारण यहाँ सांस्कृतिक विविधता छ । यो नेपाल र नेपालीको साझा सम्पत्ति हो । यहाँ विभिन्न संस्कृति अनुसरण गर्ने मानिसहरूको बसोबास छ । उदाहरणका लागि नव वर्ष मनाउने संस्कृतिलाई लिऔँ । नेपालीहरू विक्रम संवत्अनुसार वैशाख १ गते नव वर्ष मनाउँछन् । नेवारहरू नेपाल संवत्अनुसार नयाँ वर्ष मनाउँछन् । तामाङ, शेर्पा र गुरुङहरू ल्होसारलाई नयाँ वर्षका रूपमा मनाउँछन् । जातिअनुसार नव वर्ष फरक फरक समयमा मनाइन्छ । यति मात्र होइन, नयाँ वर्ष मनाउने तरिकामा पनि विविधता छ । सांस्कृतिक विविधताले विश्वमा चिनिएको छ । यसरी नेपाललाई फाइदा भएको छ ।"

(ई) प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे छलफल गराउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) 'मेरो आगामी यात्रा' शीर्षकमा अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ख) तपाईंले अरूलाई कुनै विषयको सुधारका लागि सल्लाह दिनुपर्‍यो भने कसरी सल्लाह दिनुहुन्छ, आफ्नो दृष्टिकोण सुनाउनुहोस् भनेर विद्यार्थीलाई आफ्ना विचार राख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वाच्य परिवर्तन<br>• कर्तृवाच्य<br>• कर्मवाच्य<br>• भाववाच्य | कर्तृवाच्य पहिचान गरी कर्म र भाववाच्यमा वाक्यान्तरण गर्न<br>कर्म र भाववाच्य पहिचान गरी कर्तृवाच्यमा वाक्यान्तरण गर्न | • वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• वाच्य वाक्यान्तरण चार्ट |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्ने अवसर दिई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**वाच्य परिवर्तन**

(अ) कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यबारे अगिल्लो कक्षामा छलफल गरेका विषयवस्तु स्मरण गर्न लगाई जिज्ञासा जगाउनुहोस् । विद्यार्थीलाई वाच्यका उदाहरण प्रस्तुत गर्न लगाई पूर्वज्ञान लिनुहोस् ।

(आ) शिक्षकले भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप १ मा दिइएको विषयवस्तु स्लाइड वा चार्टमा प्रदर्शन गरी छलफल चलाउनुहोस् । जस्तै :

| कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य |
|---|---|---|
| म निबन्ध लेख्छु । म कविता लेख्छु । म गजल पनि लेख्छु । म प्रज्ञा प्रतिष्ठानमा जान्छु । साझा प्रकाशनमा पनि पुग्छु । थुप्रै किताब किनेर ल्याउँछु अनि ती | निबन्ध लेखिन्छ । कविता लेखिन्छ । गजल पनि लेखिन्छ । थुप्रै किताब किनेर ल्याइन्छ अनि ती किताब पढिन्छ र | प्रज्ञा प्रतिष्ठानमा गइन्छ । साझा प्रकाशनमा पनि पुगिन्छ । राम्रो लेखक भइन्छ । |

| | | |
|---|---|---|
| किताब पढ्छु र राम्रो लेखक बन्ने प्रयास गर्छु । राम्रो लेखक हुन्छु । | राम्रो लेखक बन्ने प्रयास गरिन्छ । | |

(इ) वाच्य पहिचान र वाक्यान्तरणबारे थप स्पष्ट बनाउन सहजीकरण गर्नुहोस् ।

**(क) कर्तृवाच्य**

- बहिनी कविता सुनाउँछिन् । (स्त्रीलिङ्ग कर्ता र क्रियापद)
- तिमी कविता सुनाउँछौ । (द्वितीय पुरुष कर्ता र क्रियापद)
- तपाईं कविता सुनाउनुहुन्छ । (उच्च आदर कर्ता र क्रियापद)
- उनीहरू कविता पढ्छन् । (बहुवचन कर्ता र क्रियापद)

माथिका वाक्यमा कर्ता परिवर्तन गर्नासाथ क्रियापदको रूप परिवर्तन भएका छन् । त्यसैले माथिका सबै वाक्य कर्तृवाच्यका हुन् ।

**(ख) कर्मवाच्य**

- कृष्णद्वारा म बोलाइन्छु । (प्रथम पुरुष कर्म र क्रियापद)
- कृष्णद्वारा कथाहरू पढिन्छन् । (बहुवचन कर्म र क्रियापद)
- कृष्णद्वारा तपाईं बोलाइनुहुन्छ । (उच्च आदर कर्म र क्रियापद)
- कृष्णद्वारा भाइ बोलाइन्छ । (पुलिङ्ग कर्म र क्रियापद)

माथिका वाक्यमा कर्ममा परिवर्तन गर्नासाथ क्रियापदको रूप परिवर्तन भएका छन् । त्यसैले माथिका सबै वाक्य कर्मवाच्यका हुन् ।

**(ग) भाववाच्य**

- ○ बहिनीद्वारा मज्जाले हाँसिन्छ । ('हाँसिन्छे' हुँदैन)
- ○ बुबाद्वारा मज्जाले हाँसिन्छ । ('हाँसिनुहुन्छ' हुँदैन)
- ○ हामीद्वारा मज्जाले हाँसिन्छ । ('हाँसिन्छौँ' हुँदैन)

माथिका वाक्यमा हाँस्ने कुरा मात्र मुख्य भएको छ । सबै उदाहरणका क्रियापद एकवचन, अनादर, पुलिङ्ग र तृतीय पुरुष नै बनेका छन् । त्यसैले माथिका सबै वाक्य भाववाच्यका हुन् ।

(ई) विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप २, ३, ४ र ५ को निर्देशानुसार वाच्य परिवर्तन गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्त्यमा विद्यार्थीले आजको कक्षामा प्रदर्शन गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ६ को निर्देशानुसार पाठको पहिलो र दोस्रो अनुच्छेदबाट क्रियापद टिपोट गर्न लगाउनुहोस् र वाच्य परिवर्तन गरी पाठको भन्दा अलग अलग वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ऊ) अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औँल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेदलाई कर्म वा भाववाच्यमा परिवर्तन गर्न लगाउनुहोस् :

छिरिङ र पासाङ पुस्तकालय गए । छिरिङले कथाका किताब छानिन् । पासाङले कविताका किताब छाने । उनीहरू पुस्तकालयबाट बाहिर आए । उनीहरू चउरमा बसेर पढ्न थाले ।

(ख) दिइएका अनुच्छेदलाई कर्तृवाच्यमा परिवर्तन गर्न लगाउनुहोस् :

(क) मद्वारा आँप ल्याइयो । परिवारका सदस्यलाई आँप बाँडियो । धन्यवाद पाइयो । मिलेर आँप खाइयो ।

(ख) पढ्ने वेला पढियो । खेल्ने वेला खेलियो । अरूलाई घोचपेच गरिएन । कसैलाई दुर्वचन बोलिएन । कसैको कुभलो चिताइएन ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| 'ए' र 'य' को पहिचान र प्रयोग | 'ए' र 'य' वर्ण प्रयोग भई बनेका शब्द पहिचान गरी प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती वा चार्ट |
| श्रुतिबोध (सुनाइ पाठ ९) | सुनाइ पाठ ९ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |
| कानुनसम्बद्ध लेख सङ्कलन<br>(परियोजना कार्य) | कानुनसम्बद्ध लेख सङ्कलन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ). विद्यार्थीलाई आआफ्ना प्रतिभा प्रस्तुत गर्ने अवसर दिई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्दै आजको कक्षाको पाठ्यवस्तुको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**'ए' र 'य' को पहिचान र प्रयोग**

(अ) विद्यार्थी सङ्ख्याको अनुपात मिलाई दुईओटा समूह बनाउनुहोस् । 'ए' र 'य' लागेका शब्द पाठबाट टिपोट गर्न लगाउनुहोस् । जस्तै : यस, हृदय, नयन, भएको, सभ्यता आदि ।

(आ) 'ए' र 'य' को उच्चारण र प्रयोग कहाँ कस्तो ठाउँमा भएको रहेछ छलफल गर्न लगाउनुहोस् ।

(इ) एउटा समूहलाई 'य' र अर्को समूहलाई 'ए' को पहिचान कसरी गराउने भन्नेबारे प्रस्तुति गर्न लगाउनुहोस् । जस्तै :

| 'ए' लागेका शब्द | 'य' लागेका शब्द |
|---|---|
| 'ए' एकबाट बनेका शब्दमा प्रयोग हुन्छ । यस्तै एर, एको एकी लागेका शब्दमा र भूत कालमा तथा इच्छार्थक क्रियापदमा पनि यसको प्रयोग हुन्छ । एर, एको, एकी लागेका जस्तै एक, एकतिस, एकचालिस, एकाङ्की, खाएर, भएस्, खाए, भए, आएथ्यो आदि शब्दहरू हुन्छन् । | 'य' को प्रयोग यो, यसले, यी, भयो, डायरी, टायर, दृश्य, मूल्य, भय, यश, नायिका, अन्त्य, सहरिया, कमैया आदि शब्द हुने सर्वनाममा, भूतकालमा तथा आगन्तुक एवम् व्युत्पादन भएका शब्द र केही तत्सम शब्दमा हुन्छ । |

(ई) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ७ को निर्देशानुसार पाठबाट 'ए' र 'य' प्रयोग भएका शब्द टिपोट गरेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । टिपोट र प्रस्तुतीकरणका क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ८ को निर्देशानुसार दिइएको अनुच्छेद सच्याई अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध (सुनाइ पाठ ९)

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) सुनाइ पाठ ९ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप १ को बहुवैकल्पिक प्रश्नोत्तर छलफल गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप २ मा दिइएका प्रश्नको मौखिम उत्तर भन्न उत्प्रेरित गर्नुहोस् र आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

## कानुनसम्बद्ध लेख सङ्कलन (परियोजना कार्य)

(अ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(आ). विद्यार्थीलाई पुस्तकालय वा विद्युतीय सञ्चार माध्यमबाट कानुनसँग सम्बन्धित कुनै एउटा लेख खोजी लेखेर ल्याउन लगाउनुहोस् । विद्यार्थीलाई पछिल्लो कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने पूर्व जानकारी दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्न लगाउनुहोस् :

यकान्त स्थलमा बसेको यउटा मान्छेले यकातिर बोलाय पनि म एसै दगुर्न सकिनँ । यक पटक चियायर हेर्नुपर्‍यो भनी अलि पर गयको त ऊ पनि गीत गायर बसेको रहेछ ।

(ख) पुस्तकालय वा विद्युतीय सञ्चार माध्यमबाट कानुनसँग सम्बन्धित कुनै एउटा लेख खोजी लेखेर ल्याउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कानुनसम्बद्ध लेख सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | कानुनसम्बद्ध लेख सङ्कलन गरी प्रस्तुति दिन | • अनुच्छेदपत्ती<br>• लेखको चार्ट वा स्लाइड<br>• निबन्धको संरचना चार्ट<br>• निबन्धको नमुना चार्ट |
| निबन्ध लेखन (सिर्जनात्मक कार्य) | निर्दिष्ट शीर्षक र समसामयिक विषयमा निबन्ध लेख्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**कानुनसम्बद्ध लेख सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) परियोजना कार्यका बारेमा छलफल गराउनुहोस् । त्यसपछि पुस्तकालय वा विद्युतीय सञ्चार माध्यमबाट सङ्कलन गरी ल्याएको कानुनसँग सम्बन्धित लेख पालैपालो प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(आ) प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**निबन्ध लेखन (सिर्जनात्मक कार्य)**

(अ) निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्षहरू (आदि, मध्य र अन्त्य) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे समूहमा छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

**(क) आदि भाग :** शीर्षकको परिचय (सामान्य वा व्युत्पत्तिपूर्ण), पृष्ठभूमि र विषयप्रवेश, प्रायः एक अनुच्छेदमा संरचित हुने

**(ख) मध्य भाग :** विषयवस्तुको सन्तुलित विस्तार, तर्क, उदाहरण, तुलना, विश्लेषण, प्रमाण आदिको प्रस्तुति, विषयवस्तुको सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्या र समाधान, विषयवस्तुको व्यापकता हेरी एकभन्दा बढी अनुच्छेदमा संरचित हुने

**(ग) अन्त्य वा निष्कर्ष भाग** : माथि दुई खण्डमा चर्चा गरिएका विषयवस्तुको निष्कर्ष, विषयवस्तुप्रतिको आफ्नो विचार र उचित समाधान, प्रायः एक अनुच्छेदमा संरचित हुने

(आ) शिक्षकले सर्वप्रथम निबन्ध लेखनका लागि आफूले तयार पारी ल्याएका निबन्ध शीर्षकका सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । निबन्ध लेखनका ढाँचा र शैली, निबन्ध लेख्दा ध्यान दिनुपर्ने पक्षका बारेमा समूहमा छलफल गराउनुहोस् ।

निबन्धका शीर्षक :

(क) मेरो देश : मेरो गौरव (ख) अभिभावकप्रति मेरो जिम्मेवारी (ग) मेरो जन्मभूमि (घ) मेरो जीवनको लक्ष्य (ङ) मलाई मन पर्ने पुस्तक

(इ) कुनै एक शीर्षक छनोट गर्न लगाउनुहोस् । शीर्षक छनोट गरेपछि त्यस शीर्षकसँग सम्बन्धित बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ई) बुँदा टिपोटपछि आदि, मध्य र अन्त्य खण्डका विषयवस्तु स्मरण गरी निबन्ध लेख्न समय दिनुहोस् ।

(उ) समय पुरा भएपछि आफूले तयार पारेको निबन्ध कुनै एक वा दुई जना विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शीर्षकमध्ये कुनै एकमा निबन्ध लेख्न लगाउनुहोस् :

(अ) मैले सोचेको नयाँ नेपाल (आ) जेष्ठ नागरिकप्रति मेरो कर्तव्य

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**व्यावसायिक चिठी**

**पाठ १०**

**विधा : व्यावहारिक लेखन (चिठी)** **कार्यघण्टा : ८**

## परिचय

व्यावसायिक चिठीलगायत 'व्यावहारिक लेखन' शिक्षणको मुख्य प्रयोजन लेखन अभ्यासमा अभ्यस्त बनाउनु हो । यसको उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति क्षमताको (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउनु पनि हो । व्यावहारिक लेखन लेख्य क्रियाकलाप भएकाले यसअन्तर्गत चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, समवेदना, बधाई, भरपाई आदि लेखनको अभ्यास गराउनुपर्छ । व्यावहारिक लेखन शिक्षण गर्दा दिइएको व्यावहारिक लेखनलाई नमुनाका रूपमा उपयोग गरी तिनको संरचना, ढाँचा र शैलीसमेतको अभ्यास गराउनुपर्छ ।

यस व्यावहारिक लेखनमा बोध र अभिव्यक्ति क्षमता अभिवृद्धिका लागि सस्वर पठन, शब्दार्थ र प्रयोग, प्रत्युत्तर लेखन, अनुकरण र स्वतन्त्र व्यावहारिक लेखन जस्ता क्रियाकलाप समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत व्यावसायिक पत्रको संरचना, सस्वर पठन, शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, शब्दभण्डार (मौलिक र आगन्तुक शब्द), संरचनाबोध सम्बद्ध प्रश्नोत्तर, प्रत्युत्तर लेखन, व्यावसायिक पत्र लेखन, निवेदन लेखन, इमेल लेखन, समाचार लेखन, सम्पादकलाई चिठी, घटना टिपोट र रिपोटिङ, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र आह्वानमा आधारित भाषिक सञ्चारको अपेक्षा गरिएको छ । भाषिक संरचनाअन्तर्गत करण अकरण र वर्णविन्यासअन्तर्गत 'ब' र 'व' वर्णको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ १० मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ १० को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • व्यावसायिक पत्रको संरचना र ढाँचा<br>• सस्वर पठन र शब्दोच्चारण<br>• पाठगत शब्दार्थ र प्रयोग | • व्यावसायिक पत्रको संरचना र ढाँचा पहिचान गर्न<br>• पाठमा प्रयुक्त अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | • व्यावसायिक पत्रको संरचना चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती | १ |
| दोस्रो दिन | • मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग | • तत्सम र तद्भव शब्द पहिचान गरी प्रयोग गर्न<br>• आगन्तुक शब्द पहिचान गरी प्रयोग गर्न | • मौलिक र आगन्तुक शब्द चार्ट<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती | १ |
| तेस्रो दिन | • संरचनाबोध सम्बद्ध प्रश्नोत्तर<br>• प्रत्युत्तर लेखन<br>• व्यावसायिक पत्र लेखन | • निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन<br>• पाठ १० को व्यावसायिक पत्रको प्रत्युत्तर दिन<br>• व्यावसायिक पत्र तयार गर्न | • व्यावसायिक पत्रको ढाँचा चार्ट<br>• व्यावसायिक पत्रको नमुना | १ |
| चौथो दिन | • निवेदन लेखन<br>• इमेल लेखन<br>• समाचार लेखन | • ढाँचाबोध गरी निवेदन रचना गर्न<br>• इमेल तयार पार्ने र पठाउने तरिकाबोध गरी इमेल सम्प्रेषण गर्न<br>• ढाँचाबोध गरी समाचार तयार गर्न | • निवेदनको नमुना चार्ट<br>• इमेलको ढाँचा चार्ट<br>• इमेलको नमुना<br>• समाचारको नमुना | १ |

| | | | | |
|---|---|---|---|---|
| **पाँचौँ दिन** | • सम्पादकलाई चिठी<br>• घटना टिपोट र रिपोटिङ<br>• बोध प्रश्नोत्तर | • ढाँचाबोध गरी सम्पादकलाई चिठी लेख्न<br>• घटनालाई बुँदागत रूपमा तयार गरी रिपोर्टिङ गर्न<br>• बोध प्रश्नोत्तर गर्न | • सम्पादकलाई लेखिने चिठीको नमुना<br>• घटनाको बुँदागत टिपोर्ट चार्ट<br>• प्रश्नोत्तरको नमुना | १ |
| **छैटौँ दिन** | • भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ १०) | • आह्वानमा आधारित भाषिक सञ्चार गर्न<br>• सुनाइ पाठ १० का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड | १ |
| **सातौँ दिन** | • करण र अकरणको पहिचान र प्रयोग<br>• 'ब' र 'व' को पहिचान र प्रयोग<br>• घटना टिपोट (परियोजना कार्य) | • करण र अकरण वाक्य पहिचान गरी वाक्यान्तरण गर्न<br>• 'ब' र 'व' प्रयोग भई बनेका शब्द पहिचान र प्रयोग गर्न<br>• आफू सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमको घटना टिपोट गर्न | • वाक्यपत्ती<br>• करण अकरण तालिका<br>• अनुच्छेदपत्ती | १ |
| **आठौँ दिन** | • घटना टिपोट र प्रस्तुति (परियोजना कार्य)<br>• घरायसी चिठी लेखन (सिर्जनात्मक कार्य) | • आफू सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमको घटना टिपोट गरी रिपोटिङको शैलीमा कक्षा प्रस्तुति गर्न<br>• घरायसी चिठी लेख्न | • घटना टिपोट चार्ट<br>• घरायसी चिठीको नमुना | १ |
| | | | **जम्मा कार्यघण्टा** | ८ |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्यावसायिक पत्रको संरचना र ढाँचा | व्यावसायिक पत्रको संरचना र ढाँचा पहिचान गर्न | • व्यावसायिक पत्रको संरचना चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती |
| सस्वर पठन र शब्दोच्चारण | पाठमा प्रयुक्त अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) खाम, पत्रमञ्जुषा, हुलाक टिकट आदिका तस्बिर प्रदर्शन गरी तिनको उपयोगिताबारे मस्तिष्कमन्थन गराउनुहोस् ।

(आ) व्यावहारिक लेखनका विभिन्न नमुना प्रोजेक्टर वा मोबाइलबाट देखाएर उत्प्रेरणा जगाउँदै आजको विषयवस्तुको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**व्यावसायिक पत्रको संरचना र ढाँचा**

(अ) व्यावसायिक पत्रको संरचनासम्बन्धमा विभिन्न प्रश्न सोधी विद्यार्थीको पूर्व ज्ञानको पहिचान गर्नुहोस् ।

(आ) विभिन्न सङ्घसंस्थाका लेटर प्याडका नमुना प्रस्तुत गरी संरचना र शैलीका बारेमा थप जानकारी दिनुहोस् । जस्तै : मिति, च.न., प.स., विषय, सम्बोधन, विषयवस्तु, सामानको विवरण, भवदीय, खामको नमुना आदि ।

(इ) व्यावसायिक पत्रका बारेमा जानकारी दिने उद्देश्यले शिक्षकले अनुच्छेद तयार पारी स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थी विद्यार्थीबिच छलफल गराउनुहोस् । जस्तै :

> एउटा व्यावसायिक संस्थाले अर्को व्यावसायिक संस्थालाई सामग्री खरिद बिक्रीका विषयमा केन्द्रित भएर लेखिने पत्र व्यावसायिक पत्र हो । व्यावसायिक पत्र संस्थाको लेटरप्याडमा लेखिन्छ । मिति, पत्र सङ्ख्या, चलानी न. सम्बोधन, संस्थाको ठेगाना, विषय, विषयसँग सम्बन्धित भूमिका, सामानको विवरण, बिल र भुक्तानीको सङ्केत, पत्रचार गर्ने संस्थाको प्रतिनिधिको नाम जस्ता संरचना पक्षलाई ख्याल गरेर व्यावसायिक पत्र तयार पारिन्छ । यसको भाषा अत्यन्तै औपचारिक हुन्छ ।

(ई) विद्यार्थीलाई छलफलको निष्कर्ष प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । प्रस्तुतिका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । शिक्षकले व्यावसायिक पत्रको संरचना चार्ट प्रस्तुत गरी थप धारणा स्पष्ट पार्नुहोस् ।

पत्र लेख्ने व्यावसायिक संस्थाको नाम

ठेगाना

मिति

प.स.

च.न.

सम्बोधन

संस्थाको नाम

संस्थाको ठेगाना

विषय : ......................................

विषय प्रवेश र सन्देश
.............................................................................................................

विवरण

१. ................................

२. ...............................

सामग्रीवापतको अग्रिम भुक्तानी र समापन.....................................................................................

....................................................................................................................................

............ ।

भवदीय

नाम

पद

खामको नमुना

## सस्वर पठन र शब्दोच्चारण

(अ) शिक्षकले व्यावसायिक चिठी पाठ स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् ।

(आ) सस्वर पठनका क्रममा कक्षाका विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) पाठका निर्दिष्ट अनुच्छेदमा रहेका उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि सस्वर पठनका क्रममा विद्यार्थीले उच्चारणमा त्रुटि गरेका शब्द सङ्कलन गर्नुहोस् ।

(ई) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तै:

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| शीतोष्ण<br>उपयुक्त | /सि.तोस्.न/<br>/उ.प.युक्.त/ | बागवानी<br>वितरण | /बाग्.बा.नि/<br>/बि.त.रन्/ |

| | | | |
|---|---|---|---|
| मूल्यसूची | /मुल्.ल्य.सु.चि/ | उपलब्ध | /उ.प.लब्.ध/ |
| उपत्यका | /उ.पत्.त्य.का/ | ट्रान्सपोर्ट | /ट्रान्स्.पोर्ट्/ |
| टिस्टुङ | / टिस्.टुङ्/ | भवदीय | /भ.व.दि.य/ |

(उ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गरी बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) निर्दिष्ट पाठका अर्थ थाहा नभएका नयाँ शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । अर्थ थाहा नभएका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

बिउबिजन : रोप्न वा छर्न राखिएको अन्न

नगदेबाली : नगद आम्दानी गर्ने उद्देश्यले उब्जाइने कृषिबाली

खपत : सबै वस्तुको बिक्री, व्यय

कृषिजन्य : खेतीकिसानीसँग सम्बन्धित

तपसिल : विस्तृत वर्णन

पुनश्च: : फेरि पनि

भुक्तानी : वस्तुको मूल्य चुक्ता गर्ने काम

(इ) टिपोट गरिएका शब्दका केही वाक्यपत्ती प्रदर्शन गरी सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| बिउबिजन | त्यस शीतोष्ण बागवानी केन्द्रबाट हिमाली क्षेत्रका लागि उपयुक्त बिउबिजन तयार गरी बिक्री वितरण हुँदै आएको कुरा जानकारी भयो । | किसानले समयमा बिउबिजन र मल पाए उत्पादन बढ्न सक्थ्यो । |
| नगदेबाली | यहाँका किसानले तरकारी र फलफूल खेतीलाई नगदेबालीका रूपमा खेतीपाती गर्दै आएका छन् । | तोरी, तिल, उखु आदि नगदेबालीभित्र पर्छन् । |

(उ) कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : बागवानी, कृषिजन्य, भुक्तानी, विवरण, अत्यधिक आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्द उच्चारण गर्नुहोस् :

उपर्युक्त, विगत, सामग्री, स्थानीय, पुनश्चः

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

शीतोष्ण, सङ्घीय, बागवानी, बैङ्क, निर्देशक

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| मौलिक शब्द र आगन्तुक शब्दको पहिचान र प्रयोग | तत्सम र तद्भव शब्द पहिचान गरी प्रयोग गर्न<br>आगन्तुक शब्द पहिचान गरी प्रयोग गर्न | • मौलिक र आगन्तुक शब्द चार्ट<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर दिनुहोस् र विद्यार्थीले गर्ने प्रस्तुतिलाई प्रशंसा गर्दै सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग

(अ) शिक्षकले मौलिक र आगन्तुक शब्दको चार्ट वा स्लाइट प्रदर्शन गरी समूहमा छलफल गराउनुहोस्, जस्तै :

| **मौलिक शब्द** | **आगन्तुक शब्द** |
|---|---|
| शीतोष्ण | वेबसाइट |
| अत्यधिक | ब्रोकाउली |
| स्थानीय | नम्बर |
| सङ्घीय | बैङ्क |

(आ) शब्दभण्डार खण्डको क्रियाकलाप २ मा दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् । छलफलसहित मौलिक र आगन्तुक शब्दका बारेमा थप धारणा स्पष्ट बनाउनुहोस् ।

(इ) तत्सम, तद्भव र आगन्तुक शब्द पहिचानका सन्दर्भमा विद्यार्थीको पूर्व ज्ञानको पहिचान गर्नुहोस् । विद्यार्थीले भनेका पहिचानका आधारहरू शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । विद्यार्थीलाई मौलिक र आगन्तुक शब्द प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । शिक्षकले पनि पहिचानका आधारहरू स्लाइट वा चार्टमा प्रस्तुत गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । जस्तै :

**(क) तत्सम शब्द**

(अ) सुरुमा दीर्घ, बिचमा दीर्घ र अन्तिममा ह्रस्व मात्रा लागेका शब्दहरू : सीता, परीक्षा, गति आदि ।

(आ) ञ, ण, श, ष, क्ष, त्र, ज्ञ वर्ण प्रयोग भई बनेका शब्दहरू : पञ्च, कण्ठ, शरीर, कोष, क्षत्री, ज्ञान आदि ।

(इ) शिरबिन्दु लागेका शब्दहरू : संवाद, संहार, संरक्षण, संज्ञा आदि ।

**(ख) तद्भव शब्द**

(अ) गन्तीका सङ्ख्या : एक, दुई, तीन, पहिलो, दोस्रो, दसौँ आदि ।

(आ) रङका नामहरू : रातो, सेतो, निलो, हरियो आदि ।

(इ) नेपाली कृत् प्रत्यय लागेर बनेका शब्दहरू : बुझक्कड, पुर्बेली, ढलान आदि ।

**(ग) आगन्तुक शब्द**

(अ) स्वदेशी आगन्तुक : रोदी, पसल, डम्फु, पटुका आदि ।

(आ) विदेशी आगन्तुक शब्द : स्कुल, कलेज, डाक्टर, इन्जिनियर, गरिब, किताब आदि ।

(ई) शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएको निर्देशानुसार विद्यार्थीको समूह निर्माण गरी तत्सम, तद्भव र आगन्तुक शब्द पहिचान गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) शब्दभण्डार खण्डको क्रियाकलाप ४ मा दिइएको निर्देशानुसार समूहमा वाक्य रचना अभ्यास गराउनुहोस् । समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको अनुच्छेदबाट १० ओटा मौलिक शब्द पहिचान गरी लेख्न लगाउनुहोस् :

कालोनिलो आकाशमा उत्तरतिर ध्रुवतारा, त्यसको दाहिनेतिर साततारा र देब्रेतिर पाँचताराका उज्याला तारामण्डलले तिनलाई मोहित तुल्यायो । त्यसै वेला हामी चोर, डाँका, भूत, प्रेत र जङ्गली जनावरका आक्रमणको आशङ्काले छातीलाई दुई हातले थिचेर दगुरिरह्यौँ ।

(ख) दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र तद्भव शब्द पहिचान गरी लेख्न लगाउनुहोस् :

शीतोष्ण बागवानी केन्द्रले पनि विगत लामो समयदेखि यस क्षेत्रका कृषक दाजुभाइ तथा दिदीबहिनीका लागि कृषिजन्य सामग्रीको बिक्री वितरण गर्दै आइरहेको छ । त्यसैले त्यस केन्द्रबाट बिक्रीवितरणमा राखिएका तपसिलबमोजिमका बिउबिजन यस केन्द्रमा उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**तेस्रो दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| संरचनाबोध सम्बद्ध प्रश्नोत्तर | निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन | • व्यावसायिक पत्रको ढाँचा चार्ट<br>• व्यावसायिक पत्रको नमुना |
| प्रत्युत्तर लेखन | पाठ १० को व्यावसायिक पत्रको प्रत्युत्तर दिन | |
| व्यावसायिक पत्र लेखन | व्यावसायिक पत्र तयार गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले चुट्किला वा मुक्तक सुनाएर विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**संरचनाबोधसम्बद्ध प्रश्नोत्तर**

(अ) व्यावसायिक चिठी शीर्षकको पाठको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । समूहमा बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ संरचना बोधसम्बद्ध प्रश्नोत्तर छलफल गराउनुहोस् । जस्तै :

(क) चिठी कसले कसलाई लेखेको हो ?

(ख) व्यावसायिक चिठी लेख्दा कसलाई सम्बोधन गरिएको छ ?

(ग) चिठी कुन विषयवस्तुमा लेखिएको छ ?

(घ) यस व्यावसायिक चिठीमा जम्मा कति किलो बिउबिजनको माग गरिएको छ ?

(ङ) यस चिठीको समापन कसरी गरिएको छ ?

(ई) समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**प्रत्युत्तर लेखन**

(अ) विद्यार्थीलाई व्यावसायिक चिठी पाठ ध्यानपूर्वक पढ्न लगाउनुहोस् । दिइएका प्रश्नको उत्तर पाठमा खोज्न लगाई छलफल चलाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(क) चिठी कसले कसलाई लेखेको हो ? अब कसले कसलाई लेख्नुपर्छ ?

(ख) चिठी कुन विषयमा लेखिएको हो ? अब के भनेर लेख्नुपर्छ ?

(ग) के के उपलब्ध गराइदिनु भनिएको छ ? अब के के उपलब्ध गराइदिएँ भन्नुपर्छ ?

(घ) भुक्तानीका सन्दर्भमा के भनिएको छ ? बैङ्क खाता नम्बर उपलब्ध गराउनुपर्छ कि पर्दैन ?

(ङ) भवदीयमा कसको नाम छ ? अब भवदीयमा कसको नाम हुन्छ ?

(च) प्रत्युत्तर लेख्दा पठाउने र पाउनेको ठेगाना के के हुन्छ ?

(आ) व्यावसायिक चिठीको ढाँचाबारे समूहमा छलफल गर्नुहोस् । छलफलपश्चात बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ को निर्देशानुसार पाठको चिठीको प्रत्युत्तर लेख्न लगाउनुहोस् । लेखनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) प्रत्युत्तर तयार भएपछि कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अरू विद्यार्थीलाई मिले नमिलेको भन्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**व्यावसायिक पत्र लेखन**

(अ) व्यावसायिक चिठी लेखनबारे सामूहिक छलफल गरी अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) दिइएको व्यापारिक चिठीको नमुना पढ्न लगाउनुहोस् । यहीँ ढाँचाका आधारमा बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएको निर्देशानुसार विद्यालय तहका अनिवार्य पाठ्यपुस्तक उपलब्ध गराइदिन अनुरोध गरी जनक शिक्षा सामग्री केन्द्र, सानोठिमी, भक्तपुरलाई लेख्ने चिठी तयार पार्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

मनकामना खाद्य स्टोर

गोरखा

मिति : २०८०/०२/२५

प.स. .....

च.नं. .....

श्रीमान् प्रबन्धक

वीरगन्ज खाद्य भन्डार

वीरगन्ज, पर्सा ।

विषय : खाद्य सामग्री उपलब्ध गराइदिने बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस खाद्य स्टोरले विगतदेखि नै विभिन्न खाद्य सामग्री बिक्री वितरण गर्दै आएको यहाँलाई अवगत नै छ । यस पटक पनि त्यस खाद्य भन्डारमार्फत नै सामान खरिद गरी बिक्री वितरण गरिने भएकाले तपसिलका खाद्य सामग्री उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ :

| क्र.स. | विवरण | परिमाण |
|---|---|---|
| १. | सोना मन्सुली चामल | २० बोरा (४०० केजी) |
| २. | सुनगाभा बासमती चामल | १५ बोरा (३०० केजी) |
| ३. | रहरको दाल | २ बोरा (५० केजी) |
| ४. | सूर्यमुखी तेल | १५ कार्टुन |
| ५. | चिनी | १ बोरा (५० केजी) |

उल्लिखित खाद्य सामग्रीको भुक्तानीका लागि त्यस बिक्री कक्षको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेलको खाता नं. ०१०११००००५ मा पेस्की स्वरूप रु २५,००० (पच्चिस हजार रुपियाँ मात्र) जम्मा गरेको बैङ्क भौचर यसै पत्रसाथ पठाइएको छ । बाँकी रकम सामग्रीका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध गरिन्छ ।

सहयोगका लागि धन्यवाद ।

| |
|---:|
| भवदीय |
| राजन अम्गाईं |
| प्रबन्धक |

**खामको नमुना**

| पठाउने | पाउने |
|---|---|
| राजन अम्गाईं | श्रीमान् प्रबन्धक |
| मनकामना खाद्य स्टोर | वीरगन्ज खाद्य भन्डार |
| गोरखा | वीरगन्ज, पर्सा |

(इ) लेखनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । लेखनपश्चात् कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) शीतोष्ण बागवानी केन्द्र, घरपोझाँ गाउँपालिका, मुस्ताङका तर्फबाट शीतोष्ण बागवानी केन्द्र, थाहा नगरपालिका, मकवानपुरलाई लेख्ने चिठीको प्रत्युत्तर तयार पार्न लगाउनुहोस् ।

(ख) विद्यार्थी पुस्तक पसल, सिराहाले कक्षा १० का अनिवार्य विषयका पुस्तक उपलब्ध गराइदिन अनुरोध गरी जनक शिक्षा सामग्री केन्द्र, सानोठिमी, भक्तपुरलाई लेख्ने चिठी तयार पार्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निवेदन लेखन | ढाँचाबोध गरी निवेदन रचना गर्न | • निवेदनको नमुना चार्ट<br>• इमेलको ढाँचा चार्ट<br>• इमेलको नमुना<br>• समाचारको नमुना |
| इमेल लेखन | इमेल तयार पार्ने र पठाउने तरिकाबोध गरी इमेल सम्प्रेषण गर्न | |

| | | |
|---|---|---|
| समाचार लेखन | ढाँचाबोध गरी समाचार तयार गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई गीत वा कविता प्रस्तुतिको अवसर प्रदान गरी सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

### निवेदन लेखन

(अ) निवेदन लेखनबारे सामूहिक छलफल गरी अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) निवेदनको ढाँचा र शैलीबारे छलफल गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ६ मा दिइएको निर्देशानुसार शैक्षिक भ्रमणको प्रबन्ध मिलाइदिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेखिने निवेदनको नमुना तयार पार्न लगाउनुहोस् ।

(इ) विद्यार्थीले लेख्दै गर्दा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । लेखनपश्चात् कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताइदिनुहोस् ।

(ई) शिक्षकले तयार पारेर ल्याएको निवेदनको नमुना स्लाइड वा चार्टमा प्रस्तुत गरी निवेदन लेखनसम्बन्धी धारणा स्पष्ट बनाउनुहोस् । जस्तै :

मिति : २०८१/०२/२७

श्री प्रधानाध्यापकज्यू,

श्री जनता माध्यमिक विद्यालय, शिशुवारी, सप्तरी ।

विषय : शैक्षिक भ्रमणमा सहभागी हुन पाऊँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस विद्यालयले जाडो बिदामा कक्षा ९ र १० का विद्यार्थीका लागि पाँच दिने लुम्बिनी, पोखरा र घान्द्रुक शैक्षिक भ्रमण कार्यक्रमको आयोजना गरेको समाचार सुन्दा म धेरै हर्षित भएकी छु । धार्मिक तथा ऐतिहासिक स्थल लुम्बिनी, पर्यटकीय नगरी पोखरा र अन्नपूर्ण हिमालको काखमा रहेको सुन्दर गाउँ घान्द्रुकको भ्रमण हाम्रा लागि अत्यन्तै फलदायी हुने विश्वास छ ।

शैक्षिक भ्रमण सिकाइको अभिन्न अङ्ग हो । पाठ्यपुस्तकबाट सिक्नुपर्ने कुराबाहेक सम्बन्धित विषयको जानकारी यस शैक्षिक भ्रमणबाट प्राप्त गर्न सकिन्छ । त्यसैले यस कार्यक्रममा सहभागी भई म पनि लाभिन्वित हुन चाहन्छु । यसका लागि मेरा अभिभावकको मन्जुरीपत्रसहित यो निवेदन पेस गरेकी छु । मेरो मनोभावना बुझेर यस वर्षको शैक्षिक भ्रमणमा सहभागी हुने मौका प्रदान गर्नुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदक

माधवप्रसाद पौडेल

कक्षा १०

## इमेल लेखन

(अ) इमेल लेखनबारे सामूहिक छलफल गरी अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ मा दिइएको अनुच्छेद स्लाइ वा चार्टमा प्रदर्शन गरी इमेलको संरचना र शैलीका बारेमा छलफल चलाउनुहोस् । त्यसपछि विद्यार्थीले बुझेका विषयवस्तु भन्ने समय प्रदान गर्नुहोस् । विद्यार्थीले भनेका मुख्य मुख्य विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(इ) शिक्षकले तयार पारेको संरचनासम्बद्ध सामग्री स्लाइड वा चार्टमा प्रदर्शन गरी इमेल लेखनसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**इमेल लेखन ढाँचा**

फ्रम (बाट) : ..............................................................

टु (लाई) : .................................................................

सिसी (कार्बन प्रतिलिपि) .....................................................

बिसिसी (ब्लाइन्ड कार्बन प्रतिलिपि) ...........................................

सब्जेक्ट (विषय) ..........................................................................................

सम्बोधन र अभिवादन :

मुख्य विषयवस्तु : विषयसँग सम्बन्धित सन्देश ............................... ................. ........................ ..................................................... ....................... ..........................................

समापन कथन ..........................................................................

अट्याच्मेन्ट (संलग्न) : फाइल, फोटो, श्रव्य सामग्री, दृश्य सामग्री र लिङ्क

सेन्ड (पठाउ) : ....................

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ मा दिइएको निर्देशानुसार शैक्षिक भ्रमणमा सहभागिताको अनुरोध गर्दै प्रधानाध्यापकलाई इमेल लेख्न आवश्यक समय दिनुहोस् ।

(उ) विद्यार्थीले लेख्दै गर्दा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । लेखनपश्चात् कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## समाचार लेखन

(अ) समाचार लेखनबारे सामूहिक छलफल गरी अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएको समाचारको नमुना पढ्न लगाउनुहोस् र यसका विषयवस्तु, संरचना र शैलीका बारेमा छलफल गर्नुहोस् ।

**सिमीकोटका किसान आलु खेतीमा आकर्षित**

पछिल्लो समय हुम्लाको सदरमुकाम सिमीकोटका किसान परम्परागत बाली छाडेर आलुखेतीतर्फ आकर्षित भएका छन् । गहुँ, जौ, उवा, फापर, चिनो र कोदो भन्दा सदरमुकामबासीका लागि आलुखेती मुख्य मानिन्छ । सदरमुकामबासी आफ्ना उत्पादनलाई बजारमा सहज बिक्री गर्न सकिने भएपछि तरकारी खेतीमा आकर्षित भएका हुन् ।

नेपालकै उच्च वातावरणमा उब्जेको जैविक आलु स्वादिलो र छिटो पाक्ने भएकाले यसको माग बढ्दै गएपछि यहाँका किसान आकर्षित हुँदै गएका हुन् । आलु जति फलाए पनि बिक्रीको चिन्ता नभएको यहाँका किसान बताउँछन् । आलु फलाएपछि मौसमीभन्दा बेमौसमीमा यसको भाउ बढी पाइने गरेको किसान बताउँछन् । सिमीकोटमा आलु मौसममा प्रतिकिलो रु. ८० देखि १०० सम्म बिक्री हुन्छ भने बेमौसममा रु. १०० देखि १५० सम्म बिक्री गर्ने गरेको किसान बताउँछन् । यस्तै आलु उत्पादक किसानका लागि भण्डारण, बजारीकरण र नयाँ प्रविधि विस्तारमा जिल्ला कृषि विकास कार्यालयले सहयोग गर्न आवश्यक रहेको यहाँका किसान बताउँछन् ।

(गोरखापत्र २०७८ चैत ३० बाट साभार समाचार)

**समाचारको विषयवस्तु, संरचना र शैली**

(क) यस समाचारको विषयवस्तु सिमीकोटका किसान आलु खेतीमा आकर्षित भएको तथ्यमा केन्द्रित छ ।

(ख) यस समाचारमा शीर्षक, विषयवस्तु, अनुच्छेद विन्यासको संयोजन मिलाइएको छ ।

(ग) विषयवस्तुको विस्तार गर्दा कहाँ आलु खेती गरिएको, कसले आलु खेती गरेको, आलु खेतीतर्फ किसान लाग्नुको कारण के हो जस्ता प्रश्नको उत्तर खोजिएको छ ।

(घ) माथि समेटिएका विषयवस्तु, हावापानी यथार्थमा आधारित छन् ।

(ङ) समाचारको भाषा सरल छ ।

(च) माथिको समाचारले सत्यता, विश्वसनीयता र भाषिक सरलता जस्ता विशेषता बोकेको छ ।

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा दिइएको निर्देशानुसार विद्यालयले कुनै समाजसेवीलाई सम्मान गरेको कार्यक्रमको समाचार लेख्न लगाउनुहोस्

(ई) लेखनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । लेखनपश्चात् कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) शैक्षिक भ्रमणको प्रबन्ध मिलाइदिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई दिने निवेदन लेख्न लगाउनुहोस् ।

(ख) विद्यालयले कुनै समाजसेवीलाई सम्मान गरेको कार्यक्रमको समाचार लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सम्पादकलाई चिठी | ढाँचाबोध गरी सम्पादकलाई चिठी लेख्न | • सम्पादकलाई लेखिने चिठीको नमुना<br>• घटनाको बुँदागत टिपोर्ट चार्ट<br>• प्रश्नोत्तरको नमुना |
| घटना टिपोट र रिपोटिङ | घटनालाई बुँदागत रूपमा तयार गरी रिपोर्टिङ गर्न | |
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो घटना वा चुट्किला प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गर्नुहोस् र आजको छलफलको विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सम्पादकलाई चिठी**

(अ) सम्पादकलाई चिठी लेखनबारे सामूहिक छलफल गरी अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) व्यावसायिक पत्रका बारेमा जानकारी दिने उद्देश्यले शिक्षकले अनुच्छेद तयार पारी स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीबिच छलफल गर्नुहोस् । जस्तै :

> समसामयिक विषयवस्तुमा समाजको ध्यानाकर्षण गराउने गरी प्रकाशन वा प्रसारणका लागि लेखिने चिठी सम्पादकलाई चिठी हो । पत्रपत्रिकामा छापिएका समाचारका विषयमा आफ्नो सहमति वा असहमति व्यक्त गर्ने प्रयोजनका निम्ति पनि सम्पादकलाई पत्र लेखिन्छ । समाजसँग सम्बन्धित कुनै पनि समस्यालाई पाठकसम्म पुगोस् भन्ने मनसायले पनि सम्पादकलाई पत्र लेखिन्छ । मिति, सम्बोधन, पत्रिकाको नाम र ठेगाना, विषयवस्तुको प्रस्तुति, पत्र लेख्नेको नाम र ठेगानासहित सम्पादकलाई पत्र तयार पारिन्छ । यस प्रकारको चिठीमा लेखिने विषयवस्तु सत्यतथ्यमा आधारित र भाषा अत्यन्तै औपचारिक हुनुपर्छ ।

(इ) विद्यार्थीलाई छलफलको निष्कर्ष प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । प्रस्तुतिका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) शिक्षकले तयार पारिएको सम्पादकलाई चिठी स्लाइड वा चार्टमा प्रदर्शन गरी संरचना र शैलीबारे छलफल गर्नुहोस् । जस्तै :

श्री सम्पादकज्यू,

गोरखापत्र राष्ट्रिय दैनिक

धर्मपथ, काठमाडौँ ।

विगत तीन दिनदेखि भक्तपुर दरबार स्क्वायर क्षेत्रमा बारम्बार विद्युत् अवरुद्ध हुँदा यहाँको अवस्था समस्याग्रस्त बनेको छ । विद्यार्थीको परीक्षा चलिरहेको, पर्यटकले दरबार स्क्वायर क्षेत्र खचाखच भरिएको यो वेलामा तीन तीन दिनसम्म बिजुली नआउनु सारै विडम्बनाको कुरो हो । अतः म यस रष्ट्रिय पत्रिकामार्फत विद्युत् प्राधिकरणको ध्यानाकर्षण गराउन चाहन्छु ।

भवदीय

सन्दीप नकर्मी

भक्तपुर

(उ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा दिइएको निर्देशन तथा ‘क’ को सन्दर्भ र ‘ख’ को नमुना पढी कविता प्रकाशन गर्न अनुरोध गर्दै सम्पादकलाई लेखिने चिठीको नमुना तयार पार्ने समय उपलब्ध गराउनुहोस् ।

(ऊ) लेखनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । लेखनपश्चात् कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## घटना टिपोट र रिपोटिङ

(अ) घटना टिपोट गर्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गरी शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) घटना टिपोट र रिपोर्टिङबारे बोध र अभिव्यक्ति ख(डको प्रश्न १२ ‘क’ को सन्दर्भ स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीबिच छलफल गर्नुहोस् । जस्तै :

कुनै घटना भएपछि त्यसको विवरण टिप्ने वा रिपोटिङ गर्ने कार्य नै घटना टिपोट र रिपोटिङ हो । घटनास्थलको यथार्थ विवरण रिपोर्ट गरी त्यसको प्रत्यक्ष रिपोटिङ सञ्चार माध्यमबाट पत्रकारले गर्छन् । कुनै घटना घटेमा वा घटना घट्न सक्ने आशङ्का भएमा घटनास्थल वरपरको अवस्था जाँच गरी रिपोटिङ गर्ने काम प्रहरीबाट हुन्छ ।

(इ) समाचार टिपोट र रिपोर्टिङको नमुना स्लाइड वा चार्टपेपरमा प्रस्तुत गरी छलफल गराउनुहोस् । जस्तै :

**समाचार टिपोट वा रिपोटिङ**

(क) रामेछापको मन्थलीमा बाग्मती प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता

(ख) प्रतियोगिता माघ ४ देखि ७ गतेसम्म आयोजना गरिने नेपाल खेलकुद महासङ्घ बाग्मतीका अध्यक्षद्वारा जानकारी

(ग) खेलकुदको नारा ‘खेलकुद नागरिकको मौलिक अधिकार, समृद्धिका लागि जनस्वास्थ्य हाम्रो सरोकार’

(घ) प्रतियोगितामा १३ ओटा जिल्लाका टिमले भाग लिने

**समाचार लेखन**

**प्रदेशस्तरीय भलिबल प्रतियोगिता हुने**

रामेछाप/रामेछापमा बाग्मती प्रदेशस्तरीय भलिबल प्रतियोगिता हुने भएको छ । नेपाल खेलकुद महासङ्घ बाग्मती प्रदेश कमिटीले प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता आयोजना गर्ने भएको हो ।

प्रतियोगिता आगामी माघ ४ देखि ७ गतेसम्म रामेछापको मन्थलीमा हुन लागेको नेपाल खेलकुद महासङ्घ बागमतीका अध्यक्षले जानकारी दिनुभयो । 'खेलकुद नागरिकको मौलिक अधिकार, समृद्धिका लागि जनस्वास्थ्य हाम्रो सरोकार' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको सो प्रतियोगितामा प्रदेशभित्रका १३ ओटै जिल्लाका भलिबल टिमको सहभागिता रहने कुरा अध्यक्षले बताउनुभयो ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएको निर्देशन तथा 'ख'को सडक दुर्घटना शीर्षकका घटना टिपोटका बुँदाका आधारमा पत्रिकामा छाप्नका लागि तयार गरिने रिपोट लेख्न समय उपलब्ध गराउनुहोस् ।

(उ) लेखनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । लेखनपश्चात् कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## बोध प्रश्नोत्तर

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप सातौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) पत्रिकामा प्रकाशित समाचारमा केन्द्रित रहेर सम्पादकलाई चिठी लेख्नुहोस् ।

(ख) विद्यालयमा आयोजित अभिभावक दिवसको गतिविधि समेटेर समाचार तयार पार्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | आह्वानमा आधारित भाषिक सञ्चार गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड |
| श्रुतिबोध (सुनाइ पाठ १०) | सुनाइ पाठ १० का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

> विद्यालयमा आफ्ना छोराछोरी पठाउँदैमा आफ्नो सम्पूर्ण दायित्व पूरा हुन्छ भन्ने अभिभावकको विचार हुन सक्छ । कम्तीमा पनि विद्यालयमा आफ्ना बच्चाका लागि आवश्यक सामग्री छन् वा छैनन् ? आफ्ना छोराछोरी विद्यालय कसरी जान्छन् ? कुन वेला, कसरी घर आउँछन् ? गृहकार्य गर्छन् वा गर्दैनन् ? विद्यालयमा नियमित छन् वा छैनन् ? सङ्गत कस्तो छ ? कति वेला सुत्छन् ? कति वेला उठ्छन् ? घरमा मिहिनेत गर्छन्, गर्दैनन् ? जस्ता कुराको समेत ख्याल अभिभावकले गर्नुपर्छ । समय समयमा विद्यालय जाने र आफ्ना बच्चाको अवस्था कस्तो छ भनेर शिक्षकसँग बुझ्नु पनि जिम्मेवार अभिभावकको कर्तव्य हो । समय समयमा आफ्ना विद्यार्थीको सिकाइका बारेमा अभिभावकलाई जानकारी गराउन आह्वान गर्नु विद्यालयको पनि जिम्मेवारी हो ।

(आ) विद्यार्थीलाई कुनै कामका लागि आह्वान कसरी गर्ने भन्ने सन्दर्भमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) सन्दर्भका आधारमा संवादात्मक अभिव्यक्ति दिँदा खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदि विषयवस्तुलाई ख्याल गर्नुपर्ने बताइदिनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

> मानौँ तपाईं एक शिक्षाविद् हुनुहुन्छ । विद्यालयले अभिभावकको भेला गरेको छ । त्यस भेलामा

विद्यालयमा गएर आफ्ना बालबालिकाको पढाइबारे बुझ्न अभिभावकलाई आह्वान गर्दै भाषण दिएको भूमिका प्रस्तुत गर्नुहोस् ।

(उ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुरूप आह्वान गर्न सिकाउने विषयवस्तु वा सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**श्रुतिबोध (सुनाइ पाठ १०)**

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) सुनाइ पाठ १० शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप १ मा रहेको ठिक बेठिक छुट्याउने अभ्यासमा आधारित भएर छलफल गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप २ मा दिइएका प्रश्नको उत्तर भन्न उत्प्रेरित गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) सुनाइ पाठ १० का आधारमा उत्तर भन्न लगाउनुहोस् :

(अ) आचार्य चाणक्य कसका गुरु थिए ?

(आ) शत्रुलाई पराजित गर्न के गर्नुपर्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| करण र अकरणको पहिचान र प्रयोग | करण र अकरण वाक्य पहिचान गरी वाक्यान्तरण गर्न | • वाक्यपत्ती<br>• करण अकरण तालिका<br>• अनुच्छेदपत्ती |
| 'ब' र 'व' को पहिचान र प्रयोग | 'ब' र 'व' प्रयोग भई बनेका शब्द पहिचान र प्रयोग गर्न | |
| घटना टिपोट (परियोजना कार्य) | आफू सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमको घटना टिपोट गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**करण र अकरणको पहिचान र प्रयोग**

(अ) करण र अकरणबारे अगिल्लो कक्षामा छलफल गरेका विषयवस्तु स्मरण गर्न लगाई जिज्ञासा जगाउनुहोस् । विद्यार्थीलाई करण र अकरणका उदाहरण भन्न लगाई पूर्वज्ञान लिनुहोस् ।

(आ) करण अकरण पहिचान र वाक्यान्तरणबारे छलफल चलाउनुहोस् र करण अकरणसम्बन्धी धारणा थप स्पष्ट बनाउनुहोस् ।

| करण | अकरण |
|---|---|
| (क) म घर जान्छु ।<br>(ख) तपाईँले चलचित्र हेर्नुभयो ।<br>(ग) भाइ सधैँ खेल्छ । | (क) म घर जाँदिनँ/जान्नँ ।<br>(ख) तपाईँले चलचित्र हेर्नुभएन ।<br>(ग) भाइ कहिल्यै खेल्दैन । |

| | |
|---|---|
| (घ) सुम्निमा किताब पढ्ने छिन् । | (घ) सुम्निमा किताब पढ्ने छैनन् । |
| (ङ) तिमी खेल्ने भए खेल । | (ङ) तिमी नखेल्ने भए नखेल । |
| (च) उनीहरू आउनाले रमाइलो भयो । | (च) उनीहरू नआउनाले रमाइलो भएन । |

(इ) विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप १ र २ को निर्देशानुसार करण र अकरण क्रियापद टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ३ को निर्देशानुसार निर्दिष्ट क्रियामूललाई करण बनाएर आफूलाई मनपर्ने खेलकुदका बारेमा अनुच्छेद रचना गर्न । कुनै एक जना विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ४ को निर्देशानुसार दिइएका सङ्केतका आधारमा करण अकरण परिवर्तन गर्न लगाउनुहोस् । लेखन कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्तमा विद्यार्थीले आजको कक्षामा प्रदर्शन गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औँल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ब र व को पहिचान र प्रयोग

(अ) विद्यार्थीलाई 'ब' र 'व' स्वर वर्ण हुन् कि व्यञ्जन वर्ण हुन् भनेर प्रश्न सोधी सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) दुई ओठ जोडेर उच्चारण हुने 'ब' अनि ओठ नजोडी उच्चारण हुने 'व' का बारेमा जानकारी गराई शिक्षकले तयार पारेको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी 'ब' र 'व' प्रयोग भएका शब्द अनुच्छेदबाट टिपोट गर्न लगाउनुहोस् । जस्तै :

> राम्रो वकालत गरेर वाहवाह कमाएका दुई जना वकिल भवन वरपरको चउरमा वाल्ल परेर हेर्दै थिए । उनीहरू अदालत गए वा वडा कार्यालय मलाई थाहै भएन ।

(इ) विद्यार्थीलाई टिपोट गरिएका शब्द प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । भाषिक संरचना तथा वर्णविन्यास खण्डको क्रियाकलाप ५ लाई 'ब' र 'व' प्रयोग भएका शब्द पहिचानका लागि उपयोग गर्नुहोस् ।

(ई) वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ६ को निर्देशानुसार पाठबाट 'ब' र 'व' टिपेर सुनाउन लगाउनुहोस् र यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ७ को निर्देशानुसार अशुद्धि सच्याएर अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । विद्यार्थीलाई अनुच्छेद सुनाउन लगाएर सुधार गर्नुपर्ने पक्ष औँल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## घटना टिपोट (परियोजना कार्य)

(अ) रोचक घटना वा ताजा समाचार सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(इ) विद्यार्थीलाई आफू सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमका घटना टिपोट गरी लेखेर ल्याउन लगाउनुहोस् । विद्यार्थीलाई पछिल्लो कक्षामा रिपोटिङको शैलीमा कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने पूर्व जानकारीसमेत दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाउनुहोस् :

(अ) बुबाले नबोलाउनुभएको भए म फर्किन्नथेँ । (करण)

(आ) पाथीभरामा हिउँ पऱ्यो । (अकरण)

(इ) तिमीले गीत गायौ भने म नाच्छु । (अकरण)

(ख) शब्दकोशको सहयोगबाट दिइएका अनुच्छेद शुद्ध बनाई वाक्य पुनर्लेखन गर्न लगाउनुहोस् :

वुद्धप्रसाद, वुद्धिनाथ, वलबहादुर र अम्विकादेवीले धरहरा हेरे । गगनचुम्वी धरहरा हेर्न उनीहरू जस्तै वाँके, वर्दिया, वझाङ, वैतडीबाट मात्र होइन बर्दिवासबाट समेत मान्छे आए ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटना टिपोट र प्रस्तुति (परियोजना कार्य)<br>घरायसी चिठी लेखन (सिर्जनात्मक कार्य) | आफू सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमको घटना टिपोट गरी रिपोटिङको शैलीमा कक्षा प्रस्तुति गर्न<br>घरायसी चिठी लेख्न | • घटना टिपोट चार्ट<br>• घरायसी चिठीको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा प्रस्तुत गर्ने अवसर दिई सिकाइप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**घटना टिपोट र प्रस्तुति**

(अ) परियोजना कार्यका बारेमा छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीले आफू सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमका घटना टिपोट गरी ल्याएको विषयवस्तु रिपोटिङको शैलीमा पालैपालो प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(आ) प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**घरायसी चिठी लेखन**

(अ) घरायसी चिठीको संरचना, ढाँचा र शैलीबारे छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

मिति

ठेगाना

सम्बोधन

शिष्टाचार

कुशलकामना
.............................................................................................................................

विषय प्रवेश .................................. मुख्य कुरा .............................. टुङ्ग्याउनी ............................ ।

सम्बोधितसँगको सम्बन्ध

हस्ताक्षर वा लेखकको नाम

खामको नमुना

(आ) घरायसी चिठी लेख्दा ध्यान दिनुपर्ने विषयवस्तुका बारेमा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष समूह नेतालाई प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) सिर्जना र परियोजना खण्डको क्रियाकलाप १ मा दिइएको निर्देशनअनुसार गाउँघरको हालखबर उल्लेख गर्दै सहरमा बसेको भाइलाई चिठी लेख्न समय उपलब्ध गराउनुहोस् ।

(ई) लेखन कार्यपश्चात् प्रस्तुतिको अवसर दिनुहोस् । यस क्रममा विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीको लेखनको प्रशंसा गर्दै आवश्यक सुझाव दिनुहोस् ।

(उ) शिक्षकले तयार पारेको चिठीको नमुना स्लाइड वा चार्ट पेपरमा प्रस्तुत गरी घरायसी चिठीसम्बन्धी अवधारणा थप स्पष्ट बनाउनुहोस् । जस्तै :

मिति : २०८०।०३।०१

दुनै, डोल्पा

प्यारो भाइ समीर,

धेरै धेरै सम्झना ।

म यहाँ आराम छु, आरामको कामना गर्दछु । तिमीले पठाएको पत्र पाएँ । तिमीले पत्रमा आफ्नो पढाइलाई अझ कसरी राम्रो पार्न सकिन्छ भनी जिज्ञासा राखेका रहेछौ । मलाई त्यो पत्र पढ्दा साह्रै खुसी लाग्यो किनभने तिमी त्यसै पनि पढाइमा अब्बल नै छौ । तिमीमा पढ्ने भोक जागेको देखेर मलाई आनन्द आयो ।

भाइ समीर, पढाइलाई कसरी अझ राम्रो पार्ने भन्ने तिम्रो प्रश्नका अनेकौँ उत्तर हुन सक्छन् । कक्षाकोठामा पढेका कुरालाई राम्ररी बुझेर आफ्नै शब्दमा भन्न सक्नु, लेख्न सक्नु र पढेका कुरालाई व्यवहारमा प्रयोग गर्न सक्नु पनि पढाइ नै हो । त्यसैले तिमीले पढ्ने वेला सरसर्ती पाठ पढेर सक्ने मात्र होइन, हरेक अनुच्छेदमा मुख्य मुख्य कुरा कहाँ छन् तिनलाई पहिचान गरेर पढ्यौ भने बुझाइ दिगो हुन सक्छ । पढ्ने सबैभन्दा राम्रो अर्को तरिका आफ्नो नोट आफैँ बनाउनु हो । मुख्य मुख्य कुरा टिपेर नोट बनाउँदा सम्झन सजिलो हुन्छ । शिक्षकले पढाएका वेला मुख्य मुख्य कुरा टिपोट गर्ने र घरमा गई पाठ्यपुस्तक पढेर आफ्नै भाषामा नोट बनाई पढ्ने तरिका नै उत्तम तरिका हो ।

भाइ, राम्ररी पढ्नका लागि सैद्धान्तिक कुरालाई पनि प्रायोगिक र व्यावहारिक बनाएर पढ्ने बानी गर्‍यो भने पढाइ प्रभावकारी हुन्छ । पढेका विषयवस्तुमा साथीहरूसँग अन्तरक्रिया गर्ने अनि नबुझेका कुरा शिक्षकलाई सोध्ने गर्नुपर्छ । त्यसै गरी पढेका कुरालाई मनमनै गुन्ने, पढ्ने समयतालिका बनाउने र बुँदाहरूको तालिका बनाएर देखिने गरी टाँस्ने गर्दा राम्रो हुन्छ । आफ्नो लक्ष्यमा पुग्न तिमीले थप मिहिनेत र प्रयास गर्ने छौ भन्ने विश्वास गरेकी छु । ल त बाबु आजको पत्र यतिमा टुङ्ग्याउँछु । केही बाँकी भए फोनमा कुरा गर्दै गरौँला ।

तिम्री प्यारी दिदी

सङ्गीता ढकाल

खामको नमुना

(ऊ) खामको नमुना बनाउन लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पत्र रचनाबारे समग्रमा पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) गाउँघरको हालखबर उल्लेख गर्दै सहरमा पढ्न बसेको साथीलाई पठाउने चिठी तयार पार्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाठ : ११** **कर्तव्य**
**विधा : कथा** **कार्यघण्टा : १०**

**परिचय**
यथार्थवादी कथाकार गुरुप्रसाद मैनाली (वि.सं. १९५७–२०२८) द्वारा रचित 'कर्तव्य' समाजिक कथा हो । पाठ्य कथाको सहजीकरणका क्रममा सामाजिक व्यावहारिक अभिव्यक्ति सिपको विकास गराउने लक्ष्य राखिएको छ । कथा शिक्षणको उद्देश्य विद्यार्थीमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । यस विधा शिक्षणमार्फत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीको कल्पनाशक्ति, अनुमान, निजी विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

आख्यानात्मक पाठलाई भाषा शिक्षणको महत्त्वपूर्ण साधन मानिन्छ । आख्यानात्मक पाठको शिक्षणमा कथाकथन, कथाश्रवण, निर्देशित तथा स्वतन्त्र कथा रचना, सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, चरित्र चित्रण र तुलना, बुँदा टिपोट, व्याख्या, सार कथन तथा लेखन, घटनाक्रम मिलान, कथासार, नयाँ शब्दको उच्चारण, अर्थ बोध र प्रयोग, श्रुतिलेखन र सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ । त्यसैले शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सस्वर पठन र शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारमा उखान र टुक्काको पहिचान र प्रयोग, बोधसम्बन्धी प्रश्नोत्तर, प्रश्न निर्माण र उत्तर पहिचान, चरित्र चित्रण, परिवेश वर्णन, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या लेखन, तार्किक उत्तर लेखन, कथासार लेखन, समीक्षात्मक उत्तर लेखन, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र सम्भावनामा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत नामधातु र सामान्य तथा प्रेरणर्थक वाक्यको पहिचान र प्रयोग, एवम् वर्णविन्यासअन्तर्गत **रि** र **ऋ** को पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सिर्जना र परियोजना कार्यअन्तर्गत निर्देशित कथा लेखन र कथाका पात्र, घटना, परिवेशका आधारमा समीक्षा लेखनमा जोड दिइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ ११ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ

## पाठ ११ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • दृश्यबोध र सामाजिक विषयवस्तुमा छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १ देखि ९) सम्म<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• संरचना पहिचान<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र सन्दर्भका आधारमा सामाजिक विषयवस्तुको अनुमान र कल्पना गर्न<br>• निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्न<br>• पाठगत शब्दको अर्थ पहिचान गरी प्रयोग गर्न<br>• कथाको संरचना पहिचान गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न<br>• नामधातु पहिचान गर्न | • समाजका विविध गतिविधि झल्कने तस्बिरहरू<br>• पाठ्यांशको स्लाइड, प्रोजेक्टर वा चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• कथाको संरचनासम्बन्धी चार्ट<br>• विभिन्न धातु र क्रियापदको तालिका | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १० देखि …….. ३३ सम्म)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्न<br>• पाठगत शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न<br>• सामान्य धातु र प्रेरणार्थक धातु पहिचान गर्न | • पाठ्यांशको स्लाइड वा चार्ट<br>• शब्दपत्ती, शब्दकोश, अर्थपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तर<br>• विभिन्न धातुबाट बनेका क्रियापदको तालिका | १ |
| तेस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ३४ देखि सबै) | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई वाचन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | • पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती<br>• अर्थपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | • पाठगत शब्दार्थ र प्रयोग<br>• शब्दार्थ बोध, उखान र टुक्का<br>• उच्चार्य र लेख्य रूप | • निर्दिष्ट अर्थका आधारमा शब्द पहिचान गर्न<br>• शब्द र अर्थ पहिचान गरी जोडा मिलाउन<br>• निर्दिष्ट अनुच्छेदबाट उखान र टुक्का पहिचान गरी प्रयोग गर्न<br>• पाठगत शब्दको उच्चार्य र लेख्य रूप पहिचान गर्न | • शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना<br>• शब्दार्थको तालिका<br>• उखान र टुक्काको अर्थसहितको सूची वा स्लाइड<br>• शब्दको उच्चार्य र लेख्य रूपको तालिका | |
| **चौथो दिन** | • पठनबोध र संरचना<br>• श्रुतिलेखन<br>• मौनपठन र प्रश्नोत्तर<br>• बोध प्रश्नोत्तर | • कथाको संरचनासम्बन्धी बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेद सुनेर शुद्ध, सफा र स्पष्टसँग लेख्न<br>• निर्दिष्ट अनुच्छेद मौन पठन गरी प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेद पढी प्रश्नोत्तर गर्न | • घटना, पात्र र परिवेशसम्बन्धी तालिका<br>• अनुच्छेद चार्ट वा स्लाइड<br>• अनुच्छेदको स्लाइड वा चार्ट<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| **पाँचौं दिन** | • पात्र र संवाद पहिचान<br>• घटना टिपोट र कथासार लेखन<br>• सङ्क्षिप्त उत्तर लेखन | • कथाका पात्र र पात्रका संवाद पहिचान गर्न<br>• मुख्य मुख्य घटना टिपोट गरी कथासार लेख्न<br>• निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • पात्र र संवादको तालिका<br>• घटना टिपोट र कथासारको स्लाइड वा चार्ट<br>• सङ्क्षिप्त उत्तरको नमुना<br>• पात्र र चारित्रिक विशेषताको तालिका<br>• मूल सन्देश झल्कने बुँदा | १ |
| **छैटौं दिन** | • व्याख्या लेखन<br>• तार्किक उत्तर<br>• धारणा निर्माण र प्रतिक्रिया | • निर्दिष्ट उद्धरणको व्याख्या गर्न<br>• तार्किक उत्तर दिन<br>• कथाका पात्र र घटनाबारे छलफल गरी प्रतिक्रिया दिन | • व्याख्याको नमुना स्लाइड वा चार्ट<br>• तार्किक प्रश्नोत्तरको नमुना चार्ट वा स्लाइड<br>• पात्रहरूसँग सम्बद्ध घटनाको चार्ट | १ |
| **सातौं दिन** | • विवेचनात्मक उत्तर लेखन<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट प्रश्नको विवेचनात्मक उत्तर दिर्न<br>• निर्दिष्ट अनुच्छेद पढी बोधात्मक प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बन्धी प्रश्नको उत्तर दिन | • बुँदाको चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• बोधात्मक प्रश्नोत्तर चार्ट | १ |
| **आठौं दिन** | • भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ ११) | • व्यवसायको सम्भावनामा आधारित भाषिक सञ्चार गर्न<br>• सुनाइ पाठ ११ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • सम्भावनासम्बन्धी भाषिक सञ्चारबारे श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| **नवौं** | • नामधातु पहिचान र प्रयोग | • नामधातु, प्रेरणार्थक धातु पहिचान गरी प्रयोग गर्न | • क्रियामूल, नामधातु, प्रेरणार्थक धातुको स्लाइड वा चार्ट | १ |

| | | | | |
|---|---|---|---|---|
| दिन | • सामान्यार्थक र प्रेरणार्थक वाक्य<br>• रि र ऋ वर्णको पहिचान र प्रयोग (वर्णविन्यास)<br>• सामाजिक कथाको समीक्षा (परियोजना कार्य) | • नाम धातुबाट बनेका क्रियापद प्रयोग गरी अनुच्छेद रचना गर्न<br>• प्रेरणार्थक क्रियाको प्रयोग गरी अनुच्छेद रचना गर्न<br>• निर्दिष्ट अनुच्छेदलाई प्रेरणार्थकमा परिवर्तन गर्न<br>• रि र ऋ वर्ण प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न<br>• सामाजिक कथा अध्यया गरी घटना, पात्र, परिवेशसम्बन्धी प्रस्तुति दिन | • अनुच्छेदपत्ती<br>• सामान्यार्थक र प्रेरणार्थक वाक्यको तालिका<br>• रि र ऋ वर्ण प्रयोग भएका शब्दको सूची | |
| दसौँ दिन | • कथा रचना (सिर्जनात्मक कार्य)<br>• सामाजिक कथाको समीक्षा र प्रस्तुति (परियोजना कार्य) | • दिइएका बुँदाका आधारमा कथा तयार पार्न<br>• आफूले अध्ययन गरेको सामाजिक कथाका पात्र, घटना र परिवेशको समीक्षा गरी सुनाउन | • कथाका बुँदाको स्लाइड वा चार्ट<br>• कथाको श्रव्य सामग्री/दृश्य सामग्री<br>• कथाको नमुना चार्ट<br>• कथा समीक्षासम्बन्धी चार्ट | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

## पहिलो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| दृश्यबोध र सामाजिक विषयवस्तुमा छलफल | चित्र र सन्दर्भका आधारमा सामाजिक विषयवस्तुको अनुमान र कल्पना गर्न | • समाजका विविध गतिविधि झल्कने तस्बिरहरू<br>• पाठ्यांशको स्लाइड, प्रोजेक्टर वा चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• कथाको संरचनासम्बन्धी चार्ट<br>• विभिन्न धातु र क्रियापदको तालिका |
| सस्वर पठन र शब्दोच्चारण **(अनुच्छेद १ देखि ९) सम्म** | निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | पाठगत शब्दको अर्थ पहिचान गरी प्रयोग गर्न | |
| संरचना पहिचान | कथाको संरचना पहिचान गर्न | |
| बोधात्मक प्रश्नोत्तर | • बोधात्मक प्रश्नोत्तर गर्न<br>• नामधातु पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) घर, परिवार र समाजका मानिसहरूका विभिन्न रोचक गतिविधि र चालचलनसम्बन्धी रमाइला प्रसङ्ग सुनाएर विद्यार्थीलाई जिज्ञासु बनाउनुहोस् ।

(आ) परिवारमा कहिलेकाहीँ हुने आपसी माया, प्रेम, सहयोग र आत्मीयता, मनमुटाव र झगडाका विषयमा कुराकानी गरेर विद्यार्थीलाई थप उत्साहित बनाउनुहोस् र आजको कथाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## सामाजिक विषयवस्तुमा आधारित छलफल

(अ) सङ्ख्या र आवश्यकताअनुसार विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । स्लाइड वा चार्टमा सामाजिक गतिविधि र व्यवहारसँग सम्बन्धित विभिन्न चित्र तथा विषयवस्तु प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् र विद्यार्थीले सिकेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(आ) परिवारमा कहिलेकाहीँ हुने आपसी माया, प्रेम, सहयोग र आत्मीयता, मनमुटाव र झगडाका विषयमा सामूहिक छलफल र कुराकानी गराउनुहोस् ।

(इ) समाजमा हुने विवाह, ब्रतबन्ध, भोज, मेला, जात्रा र खेतीपाती, दाइँ, बिटा लगाउने, सामूहिक छलफल, आपसी सहयोग र समाजका असल र खराब बानी व्यवहार झल्काउने चित्र प्रदर्शन गरी तिनका विषयवस्तुबारे अनुमान र कल्पना गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई पाठमा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न लगाउनुहोस् । वर्णनका क्रममा विद्यार्थीले बताउन छुटाएका कुरा अन्य विद्यार्थीलाई नै सोधेर जानकारी दिन लगाउनुहोस् । अन्त्यमा आफूले पाठको विषयवस्तुसँग जोडेर सहजीकरण गरिदिनुहोस् ।

## सस्वर पठन र शब्दोच्चारण

(अ) शिक्षकले पाठ्य कथाका अनुच्छेद स्मार्ट बोर्ड, स्लाइड वा अन्य दृश्य सामग्रीमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तुबारे अगिल्लो दिनको पुनरावृत्ति गराई पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) कथाको संवादात्मक प्रस्तुतिलाई अभिनयात्मक तरिकाले पठन गर्दा वाचन थप प्रभावकारी बन्ने विषयमा बताइदिनुहोस् ।

(इ) पाठका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) अरू विद्यार्थीलाई साथीले सही वाचन गगरे नगरेको अवलोकन गरेर प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले पढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शैक्षणिक पाटीमा रिपोट गरिएका शब्दहरू विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस्, जस्तै :
  बिहाबर्तुन, किरियाश्राद्ध, ओखतीमुलो, छउन्जेल, युवावृद्धा, ग्रामपिता, दिग्दिगन्त, ब्राह्मण, विख्यात, अधियाँ, अर्थोक आदि
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास विद्यार्थीले शुद्ध उच्चारण गर्न नसकेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तैः
  किरियाश्राद्ध /कि.रि.या.स्राद्.ध /
  विश्वास /बिस्.स्वास्/
  प्रसिद्ध /प्र.सिद्.ध/

(ए) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऐ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई चार समूहमा विभाजन गरी शब्दोच्चारण प्रतियोगिता पनि सञ्चालन गर्न सक्नुहुने छ । सक्रियताका लागि प्रशंसा गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) सस्वर पठनका क्रममा अर्थ बोध हुन नसकेका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । **जस्तै :**

| | | |
|---|---|---|
| परिधान | : | पहिरन |
| दृढ | : | दह्रो, अटल |
| भाका | : | म्याद |
| तालुकदार | : | मालपोत असुल गरी मालपोत कार्यालयमा बुझाउने व्यक्ति, गाउँको मुखिया |

(इ) शुद्ध र स्पष्ट उच्चारणका लागि टिपोट गरिएका केही शब्द तथा शब्दको अर्थ सिक्नका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी छलफल चलाउनुहोस् ।
**जस्तै :**
सञ्चालक : (सञ्चालन गर्ने व्यक्ति) : मेरा साथी टेलिभिजनमा बाल कार्यक्रमका सञ्चालक छन् ।
दीनहीन : (दया लाग्दो, दुःखी) : हामीले समाजका दीनहीन व्यक्तिलाई सहयोग गर्नुपर्छ ।

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस्, जस्तै : चौथाइ, दासत्व, असीम, अनाथ, दिग्दिगन्त, ग्रामपिता, मुसुमुसु आदि ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गनुहोस् र अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई पाठ्य कथांशबाट पहिलो अनुच्छेद दिई मौन पठन गर्न लगाउनुहोस् ।

(इ) नाम, विशेषण आदि शब्दमा प्रत्यय जोडिएर बनेका क्रियामूल र क्रियापदबारे पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस्, जस्तै :

| शब्द | प्रत्यय | नामधातु | क्रियापद |
|---|---|---|---|
| मोटो | आउ | मोटाउ | मोटायो, मोटाएको छ |
| पहेँलो | इ | पहेँलि | पहेँलियो, पहेँलिन्छ |
| छोटो | आउ/याउ | छोट्याउ | छोट्यायो, छोट्याउँदै छ |

(उ) विद्यार्थीलाई पाठबाट नाम र विशेषण शब्दमा प्रत्यय जोडिएर बनेका दुईओटा क्रियापद पहिचान गर्न लगाउनुहोस् । शिक्षकले पनि टिपोट गरी ल्याएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् , जस्तै : अस्ताए, कमाउनुहोस्, दुब्लाएका थिए, हरायो, छुट्टिएर आदि ।

(ऊ) बोध प्रश्नको उत्तर सकेसम्म एक वाक्यको छोटो र स्पष्ट हुनुपर्छ भनी नमुना प्रश्न र उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

(क) कति दिन बिरामी भएर गङ्गाधरले संसार छाडे ?
उत्तर : नौ दिन बिरामी भएर गङ्गाधरले संसार छाडे ।
(ख) आफ्नो विपुल सम्पत्तिलाई गङ्गाधर के ठान्थे ?
(ग) गरिब र सुत्केरीलाई गङ्गाधर कसरी सहयोग गर्थे ?
(घ) गाउँका मानिस बिरामी परेको सुन्नासाथ गङ्गाधर कहाँ पुग्थे ?

| (ङ) अनुच्छेदबाट एउटा नामधातु पहिचान गरी भन्नुहोस् । |
|---|

(ऋ) विद्यार्थीलाई समूहगत रूपमा पालैपालो बोध प्रश्न सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् ।
(ए) फरक फरक समूहबाट आएका उत्तरलाई तुलना गरेर उत्कृष्ट उत्तर भन्ने समूहलाई स्याबासी दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सामाजिक गतिविधि र व्यवहारसँग सम्बन्धित विभिन्न चित्र प्रदर्शन गरी वर्णन गर्न लगाउनुहोस् ।
(ख) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :
दृढ, अपूर्ण, काजकिरिया, सुन्नेबित्तिकै, अन्याय, छउन्जेल, न्यायाधीश
(ग) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
असहाय, लबेदा, अधिवेशन, ग्रामसभा, विसर्जन
**(घ) पाठको पहिलो अनुच्छेदबाट निम्न प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् :**
(अ) कति दिन ज्वरो आएर मुखिया बाले संसार छाडे ?
(आ) आफ्नो विपुल सम्पत्तिलाई मुखिया बा के सम्झन्थे ?
(इ) गाउँका कोही पनि मानिस बिरामी पर्दा मुखिया बा कहाँ पुग्थे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण **(अनुच्छेद १० देखि …….. ३३ सम्म)** | निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्न | • पाठ्यांशको स्लाइड वा चार्ट<br>• शब्दपत्ती, शब्दकोश, अर्थपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तर<br>• विभिन्न धातुबाट बनेका क्रियापदको तालिका |
| पाठगत शब्दार्थ र प्रयोग | पाठगत शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न<br>सामान्य धातु र प्रेरणार्थक धातु पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**
**(क) सुरुआती क्रियाकलाप**
(अ) विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरित गर्नुहोस् र विद्यार्थीलाई पनि सुनाउने अवसर दिनुहोस् ।
(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।
(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।
**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य कथाका अनुच्छेद स्मार्ट बोर्ड, स्लाइड वा अन्य दृश्य सामग्रीमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तु जानकारी गराई पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।
(आ) कथा संवादात्मक प्रस्तुतिलाई अभिनयात्मक तरिकाले पठन गर्दा वाचन थप प्रभावकारी बन्ने विषयमा बताइदिनुहोस् ।

(इ) पाठको पाठ्यांशका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) अरू विद्यार्थीलाई साथीले सही पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि विषयमा प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीको वाचन कला विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

जनक्रान्ति, ऐनकानुन, मालसर्जाम, स्मृति, डिट्ठाविचारी, अल्लारे, उज्ज्वल, उट्पटाङ

(ए) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी अक्षरीकरणका माध्यमले विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस्, जस्तै :

कीर्ति : /किर्. ति/

असमञ्जस : /अ.स.मन्.जस्/

घरगृहस्थी : /घर्.ग्रि.हस्.थि/

चौकाचँदुआ : /चौ.का.चँ.दु.आ/

(ऐ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई चार समूहमा विभाजन गरी शब्दोच्चारण प्रतियोगिता पनि सञ्चालन गर्न सक्नुहुने छ । सक्रिय सहभागिता जनाउने विद्यार्थीको प्रशंसा गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) सस्वर पठनका क्रममा विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्तीका सहायताले वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

निरोपण : छानबिन, सोचेर गरिने निर्णय

कुटुम्ब : नातानाला, आफन्त

बरियाती : जन्ती

दोसल्ला : पछ्यौरा

असत्ती : साँचो व्यवहार नगर्ने, दुष्ट स्वभावको

(इ) शुद्ध र स्पष्ट उच्चारणका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी छलफल चलाउनुहोस्, जस्तै :

घरानियाँ : (ठुलो कुल घरानको) : उनी आफूलाई घरानियाँ भन्ने ठान्छन् ।

घरगृहस्थी : (घरव्यवहार) : तल्लाघरे काका घरगृहस्थीको काममा निपुण छन् ।

विख्यात : (विशेष ख्याति कमाएको) : हाम्रो साथी विश्व विख्यात चित्रकार बनेको छ ।

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस्, जस्तै :

कन्यापक्ष, जिउनी, सुटुक्क, मण्डप, लुगासुगा आदि ।

वाक्य : दाजुभाइबिच अंशवण्डा गर्दा हरि र नारायणले पाँच रोपनी खेत आमाबुबाका लागि जिउनी राखे ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई पाठ्य कथांशबाट **'यस्तै वेलामा कुटुम्बले .......... मालसर्जाम तयार गर्न थाले ।'** अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र मौन पठन गर्न लगाउनुहोस् ।

(इ) अनुच्छेदको विविध विषयवस्तुबारे समूहमा छलफल गराउनुहोस् । अनुच्छेदमा परेका क्रियापद पहिचान गर्न लगाउनुहोस् । क्रियापदको सामान्य धातु र प्रेरणार्थक धातुबारे पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस्, जस्तै :

| सामान्य धातु | प्रत्यय | प्ररणार्थक धातु | प्ररणार्थक क्रियापद |
|---|---|---|---|
| बस् | आउ | बसाउ | बसायो, बसाउने छ |
| उठ् | आउ | उठाउ | उठाउनुभयो, उठाउँछ |

(ई) छलफल सकिएपछि बोधात्मक प्रश्नोत्तरका लागि प्रश्न र नमुना उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

(क) शशीधर कति वर्षको थियो ?
उत्तर : शशीधर भर्खर १५ वर्ष मात्र लागेको थियो ।
(ख) शशीधरलाई छोरी दिन आउने कुटुम्बका कति सन्तान थिए ?
(ग) श्रीधरले किन छोराको बिहे गर्ने निधो गरे ?
(घ) 'उनी बडो असमञ्जसमा परे ।' यस वाक्यलाई प्रेरणार्थमा बदल्नुहोस् ।
उत्तर : कुटुम्बले उनलाई बडो असमञ्जसमा पारे ।

(उ) विद्यार्थीलाई समूहगत रूपमा पालैपालो बोध प्रश्न सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीको उत्तर र विषयवस्तु बोधको अवस्था हेरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :
रोबरवाफ, मौजा, सहोदर, कुटुम्ब, तामदान, अज्ञानी

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
मर्यादा, कर्तव्य, मण्डप, बरियाती, मुद्दा, फलैँचा

(ग) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) मुरलीधर जन्त जान लागेको देखेर गाउँका मानिस कस्तो प्रतिक्रिया दिए ?
(आ) दुलाहा दुलही यज्ञमण्डपमा बसेपछि दुलहीका बाबुले कसलाई खोजे ?
(इ) मुरलीधर र श्रीधरले जिउनीको विषयलाई लिएर कति समयसम्म मुद्दा लडेका थिए ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण **(अनुच्छेद ३४ देखि सबै)** | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई वाचन गर्न | • पाठ्यांशबको स्लाइड<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| | | |
| शब्दार्थ बोध, उखान र टुक्का | • निर्दिष्ट अर्थका आधारमा शब्द | |

| | | |
|---|---|---|
| | पहिचान गर्न<br>• शब्द र अर्थ पहिचान गरी जोडा मिलाउन<br>• निर्दिष्ट अनुच्छेदबाट उखान र टुक्का पहिचान गरी प्रयोग गर्न | • प्रश्नोत्तरको नमुना<br>• शब्दार्थको तालिका<br>• उखान र टुक्काको अर्थसहितको सूची वा स्लाइड |
| उच्चार्य र लेख्य रूप | पाठगत शब्दको उच्चार्य र लेख्य रूप पहिचान गर्न | • शब्दको उच्चार्य र लेख्य रूपको तालिका |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई उखान, चुट्किला वा कुनै प्रेरक प्रसङ्ग सुनाउनुहोस र प्रतिनिधि विद्यार्थीलाई पनि सुनाउने अवसर दिनुहोस् ।

(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्यांशका अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइडमा प्रदर्शन गर्नुहोस् । एक अनुच्छेद सस्वर पठन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई निर्दिष्ट पाठ्यांशका अनुच्छेद क्रमैसँग पालैपालो गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गराउँदा विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले पठन गरेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) अरू विद्यार्थीलाई सस्वर पठनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी उच्चारणमा अप्ठ्यारो लागेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ई) सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : आरम्भ, महालक्ष्मी, कुलपरम्परा, नित्यकर्म, चौधपन्ध्र, हृदय, वैद्य आदि ।

(उ) शैक्षणिक पाटीमा टिपिएका शब्दहरू पालैपालो विद्यार्थीलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

पण्डित /पन्.डित्/ नित्यकर्म /नित्.त्य.कर्.म/
कोल्टे /कोल्.टे/ कार्यविधि /कार्.य.बि.धि/

(ऊ) यो अभ्यास विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म पटक पटक गराइरहनुहोस् । अन्त्यमा थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई अर्थबोध गर्न समस्या भएका नयाँ शब्द पाठबाट टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाटै अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : पथपरेज, शरण, नाबालक, दलान, जिउनी आदि ।

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र पाठको शब्दभण्डारको अभ्यास १ मा दिइएका अर्थ लगाई पाठबाट शब्द खोज्न लगाउनुहोस् । विद्यार्थीले कार्य गर्दा अवलोकन र सहजीकरण गरिदिनुहोस् ।

(उ) विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका शब्द र तिनका अर्थ पढ्न लगाई समूहमा छलफल गरेर जोडा मिलाउन लगाउनुहोस् । शिक्षकले अवलोकन गर्नुहोस् । विद्यार्थीले कक्षाकार्य सकेपछि आफूले तयार पारेका शब्दार्थ पत्ती प्रदर्शन गरी सामूहिक उत्तर परीक्षण गर्न लगाउनुहोस् ।

(ऊ) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

अत्याचार : (थिचोमिचो) : समाजमा खराब मानिसले अत्याचार गर्छन् ।

अनिष्ट : (कुभलो) : हामीले कसैको पनि अनिष्ट सोच्नु हुँदैन ।

दोबाटो : (दुई बाटा जोडिएको ठाउँ) : बजार जाँदा मैले उसलाई दोबाटोमा भेटेँ ।

(ऋ) प्रत्येक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पुनः शब्दपत्ती प्रदर्शन गर्नुहोस् र आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।, जस्तै : ऋचा, धुन, पितृ, तपस्या, अनन्य, शारीरिक आदि ।

(ए) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## उखान र टुक्का पहिचान र प्रयोग

(अ) उखान र टुक्का प्रयोग भएको छोटो अनुच्छेद स्लाइड, प्रोजेक्टर वा चार्टमा प्रदर्शन गर्नुहोस् र मौन पठन गराउनुहोस् ।

(आ) उखान र टुक्काका बारेमा पूर्वज्ञानका आधारमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् । विद्यार्थीलाई अनुच्छेदबाट उखान र टुक्का पहिचान गर्न प्रोत्साहित गर्नुहोस् । यस क्रममा विद्यार्थीले पहिचान गर्न सके नसकेको निर्क्योल गर्नुहोस् । उखान र टुक्काको बारेमा थप जानकारी गराउनुहोस् ।

(इ) विद्यार्थीले लोकजीवनमा प्रचलित उखान र टुक्का सुनेका वा बुझेका हुन सक्छन्, छलफल गराउनुहोस् र उनीहरूलाई भन्न लगाउनुहोस् र उखान र टुक्का सङ्कलन गरी शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । आफूले तयार पारेर ल्याएको उखान र टुक्काको तालिका पनि प्रदर्शन गर्नुहोस् ।

(ई) प्रत्येक विद्यार्थीलाई भिन्न भिन्न उखान वा टुक्काका अर्थ भन्न तथा तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण पनि गरिदिनुहोस् । विद्यार्थी उखान र टुक्काको अर्थ बुझी वाक्यमा प्रयोग गर्न सक्ने नहुन्जेल पटक पटक अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीलाई पाठ्य कथाको शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएको अनुच्छेद प्रदर्शन गर्नुहोस् र अनुच्छेदमा प्रयोग भएका उखान र टुक्का पहिचान गरी लेख्न लगाउनुहोस् ।

(ऊ) यस्तै शब्दभण्डार खण्डकै क्रियाकलाप ४ मा दिइएका उखान र टुक्काको अर्थ विद्यार्थी समूहबिच छलफल गराउनुहोस् । प्रत्येक समूहलाई पालैपालो अर्थ भन्न लगाई सहजीकरण गरिदिनुहोस् ।

(ऋ) दिइएका उखान र टुक्कालाई अर्थपूर्ण वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूहकार्य गरेको अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ए) विद्यार्थीले वाक्यमा प्रयोग गरिसकेपछि प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## उच्चार्य र लेख्य रूप

(अ) शिक्षकले लेख्य र कथ्य रूपमा भिन्न हुने शब्द सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र छलफल गर्न लगाउनुहोस् ।

यस्तै विद्यार्थीलाई बोलीचालीका शब्दको कथनात्मक प्रस्तुति गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(आ) विद्यार्थीबाट उनीहरूले सुनेका कथ्य शब्द भन्न रुचि जगाउनुहोस् ।

(इ) पाठ्य कथाको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १ मा दिइएका शब्दको सूची प्रस्तुत गरी कक्षामा छलफल चलाउनुहोस् । ती शब्दलाई पटक पटक उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

| **लेख्य रूप** | **उच्चार्य रूप (उच्चारण)** |
|---|---|
| शीर्षक | /सिर्.सक्/ |
| मण्डप | /मन्.डप्/ |
| बरियात | /ब.रि.यात्/ |

(ई) यसै खण्डको क्रियाकलाप २ को निर्देशन पढ्न लगाई पाठबाट १० ओटा शब्द खोजेर लेख्न लगाउनुहोस् । सबैभन्दा पहिले खोजिसक्ने समूहको प्रशंसा गरी धन्यवाद दिनुहोस् । सबै समूहले खोजिसकेपछि पालैपालो प्रस्तुत गर्न लगाई उच्चारण अभ्यास गराउनुहोस् ।

(उ) शिक्षक स्वयम्ले ल्याएका शब्द तथा तिनको शुद्ध रूपको शब्दपत्ती र अर्थपत्तीको सहायताले छलफल गराई सन्दर्भपरक प्रयोगमा आवश्यक सबलीकरण गर्नुहोस् र पृष्ठपोषण पनि दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :
फलैँचा, ओछ्यान, सिद्धिएको, हाँस्दै, रघुवंश, अनिष्ट

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
आँगन, कष्ट, थाम, ममुसुमुसु, पुनर्मिलन, गद्गद

(ग) उच्चार्य रूपमा दिइएका तलका शब्दलाई शुद्ध लेख्यरूप पहिचान गरी लेख्न लगाउनुहोस् :
सिर्सक्, अन्न्याय, सन्चार्, रक्छ्या, भन्डार, रिसि

(घ) तलका उखानको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
धान खाने मुसो चोट पाउने भ्यागुतो, बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन, चिसो पस्नु, कम्मर कस्नु

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| पठनबोध र संरचना | कथाको संरचनासम्बन्धी बोधात्मक प्रश्नोत्तर गर्न | • घटना, पात्र र परिवेशसम्बन्धी तालिका<br>• अनुच्छेद चार्ट वा स्लाइड<br>• अनुच्छेदको स्लाइड वा चार्ट<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| श्रुतिलेखन | निर्दिष्ट अनुच्छेद सुनेर शुद्ध, सफा र स्पष्टसँग लेख्न | |
| मौनपठन र प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद मौन पठन गरी प्रश्नोत्तर गर्न | |
| बोध प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) दैनिक जीवनमा घट्ने प्रेरक घटना सुनाई पाठ्यवस्तुप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीको जीवनमा घटेका वा घट्न सक्ने घटनाको अनुमान तथा छलफल गराई विषयवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**संरचनासम्बद्ध प्रश्नोत्तर**

(अ) विद्यार्थीको समूह बनाई कथाको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । जस्तै : शीर्षक, पात्र र चरित्र, परिवेश, घटनाक्रम, कथानक, दृष्टिबिन्दु, भाषाशैली, अनुच्छेद संरचना आदि ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । प्रश्नोत्तर र छलफलको शैली अपनाएर कथाको संरचनाबारे थप छलफल गराउनुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट पारिदिनुहोस् ।

(इ) शिक्षकले तयार पारेका संरचना पहिचानसम्बद्ध प्रश्न स्लाइड वा चार्टमा प्रस्तुत गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई उत्तर पहिचान गरी मौखिक प्रतिक्रिया दिन अवसर प्रदान गर्नुहोस् र यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

(क) 'कर्तव्य' कथामा कति जना पात्र छन् ?
(ख) कथाको सुरुआतमा कुन पात्रको वर्णन छ ?
(ग) 'कर्तव्य' कथामा दाजुभाइको मिलन कुन अनुच्छेदमा छ ?
(घ) कथाको अन्त्य कुन घटनाबाट भएको छ ?

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ संरचनासम्बद्ध प्रश्न प्रदर्शन गरी समूहमा छलफल गराउनुहोस् । समूह छलफलपश्चात् टोली नेतालाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**श्रुतिलेखन**

(अ) विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दको बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा छलफल गराई स्पष्ट पार्नुहोस् ।

(आ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० श्रुतिलेखन अभ्यास गराउनुहोस् । श्रुतिलेखन गर्दा कम्तीमा तीनपटक सुनाउनुहोस् ।

(इ) श्रुतिलेखनपश्चात् अनुच्छेद स्लाइड, स्मार्ट बोर्ड वा अन्य कुनै माध्यमबाट प्रदर्शन गनुहोस् र साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) श्रुतिलेखनका क्रममा सफा, स्पष्ट र राम्रा अक्षरमा शुद्ध लेख्ने विद्यार्थीको प्रशंसा गर्नुहोस् र ताली बजाएर हौसला दिन लगाउनुहोस् । लेखाइका क्रममा अशुद्ध भएका शब्द त्रुटि गर्ने विद्यार्थीलाई मात्र पुनर्लेखन गराउनुहोस् ।

(उ) सुनाइ र लेखाइमा समस्या भएका विद्यार्थी पहिचान गरी शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**मौन पठन र प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई समूहमा आबद्ध गराई पाठगत प्रश्नोत्तरबारे छलफल गराउनुहोस् र अतिसङ्क्षिप्त उत्तर लेखनका बारेमा विद्यार्थीको पूर्वज्ञानको पहिचान गर्नुहोस् । यस क्रममा आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(आ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् । त्यसपछि बोध प्रश्नको सूची प्रस्तुत गरी समूहमा छलफल गरेर उत्तर खोज्न उत्प्रेरित गर्नुहोस् ।

(इ) विद्यार्थीले उत्तर खोज्दै गर्दा आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई पालैपालो प्रश्नोत्तर भन्न लगाउनुहोस् ।

(ई) प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) स्लाइड वा चार्टमा प्रदर्शन गरिएका प्रश्नको उत्तर लेख्न उत्प्रेरित गर्नुहोस् । उत्तर लेखनपश्चात् समूहलाई उत्तर प्रस्तुत गर्न लगाई सहजीकरण गर्नुहोस् । साथी साथीमा कापी साटेर उत्तर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) बोधात्मक प्रश्नोत्तरबारे छलफल गराई उत्तर लेखनका बारेमा समूहमा छलफल गराउनुहोस् ।

(आ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ६ मा दिइएको अनुच्छेद स्लाइड, प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् ।

(इ) पाठ्यपुस्तकमा दिइएका बोध प्रश्नको सूची प्रस्तुत गरी उत्तर खोज्न उत्प्रेरित गर्नुहोस् ।

(ई) विद्यार्थीले उत्तर खोज्दै गर्दा आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थी समूहलाई आपसमा पालैपालो प्रश्न सोध्न र उत्तर भन्न लगाउनुहोस् ।

(उ) प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ऊ) स्लाइड वा चार्टमा प्रदर्शन गरिएका प्रश्नको उत्तर लेख्न उत्प्रेरित गर्नुहोस् । उत्तर लेखनपश्चात् समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुतीकरण र उत्तर मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**इ मूल्याङ्कन**

(क) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(अ) कर्तव्य कथाको सुरु र अन्त्य कुन कुन घटनाबाट भएको छ ?
(इ) कथामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुमध्ये कुन प्रयोग भएको छ ?

(ख) कथाको अन्तिम अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

(ग) कथाका आधारमा मुरलीधरको चरित्र चित्रण गर्न लगाउनुहोस् ।

(घ) तलका प्रश्नको अति छोटो उत्तर भन्न लगाउनुहोस् :
(अ) श्रीधरले पश्चात्ताप गर्नुको कारण के हो ?
(आ) मुरलीधरले भाइप्रति कस्तो व्यवहार देखाए ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पात्र र संवाद पहिचान | कथाका पात्र र पात्रका संवाद पहिचान गर्न | • पात्र र संवादको तालिका<br>• घटना टिपोट र कथासारको स्लाइड वा चार्ट<br>• सङ्क्षिप्त उत्तरको नमुना<br>• पात्र र चारित्रिक विशेषताको तालिका<br>• मूल सन्देश झल्कने बुँदा |
| घटना टिपोट र कथासार लेखन | मुख्य मुख्य घटना टिपोट गरी कथासार लेख्न | |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै छोटो सामाजिक कथा सुनाएर कक्षाको सुरुआत गर्नुहोस् । एक दुई जना विद्यार्थीलाई कथा सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा भएको छलफल र सिकेका विषय वस्तुबारे विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र आजको पाठ्यवस्तु संवाद पहिचान, घटना टिपोट र कथासार तथा सङ्क्षिप्त उत्तर लेखन भएको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**पात्र र संवाद पहिचान**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र सबै समूहलाई पाठ्य कथाबाट पात्रले बोलेका एक एकओटा संवाद टिपोट गर्न लगाउनुहोस् । पात्र र भनाइ पहिचानका लागि विद्यार्थी समूह समूहबिच प्रश्नोत्तर शैलीमा छलफल गर्न लगाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ मा दिइएका भनाइ स्लाइड, प्रोजेक्टर वा स्मार्ट बोर्ड वा चार्टमा प्रस्तुत गर्नुहोस् र ती संवाद बोल्ने पात्रका बारेमा समूहमा छलफल गराउनुहोस् ।

(इ) प्रत्येक समूहलाई दुई दुई भनाइ पर्ने गरी बाँडिदिनुहोस् र पात्र तथा तिनका भनाइ टिप्न उत्प्रेरित गर्नुहोस् र शिक्षकले अवलोकन गरी सहजीकरण गनुहोस् ।

(ई) छलफलपश्चात् टिपेका भनाइ र पात्रका नाम पालैपालो पढेर सुनाउन लगाउनुहोस् र नमिले सुधार्न लगाउनुहोस् ।

(उ) शिक्षकले आफूले तयार पारेको कथामा विभिन्न पात्रका भनाइ र भन्ने पात्र उल्लेख गरिएको चार्ट प्रस्तुत गरी अझ स्पष्ट पारिदिनुहोस्, जस्तै :

(क) लौ, घर लगेर भित्र्याऊ ।

उत्तर : बेहुली लिएर घरछेउ आएपछि मुरलीधरले शशीधरलाई भनेका हुन् ।

(ख) दाज्युलाई खानपिन त राम्ररी गरायौ के ?

(ग) मेरा दुवै छोरा बराबर हुन्, आधा आधा बाँडेर खानू ।

(ऊ) विद्यार्थीलाई कुन भनाइ पहिले भएको हो, पहिलो भनाइ पर्ने विद्यार्थी समूहलाई पहिला भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो पर्नेले, त्यसपछि तेस्रो पर्नेले । यसैगरी क्रमशः सबैलाई पालैपालो भन्न लगाउनुहोस् । आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

## घटना टिपोट र कथासार लेखन

(अ) विद्यार्थी समूहलाई पाठ्य कथाका अनुच्छेद वा पृष्ठ तोकेर बाँडिदिनुहोस् र मौन वाचन गर्दै प्रत्येक समूहलाई आआफूलाई परेको अनुच्छेद वा पृष्ठबाट मुख्य मुख्य घटना पहिचानका लागि छलफल गर्न र बुँदागत रूपमा टिप्न लगाउनुहोस् ।

(आ) मुख्य घटनाका बुँदा टिपोट गर्दा हुबहु सार्ने वा अनुलेखन गर्ने कार्य नगर्न नगराउन र बुँदा अपूर्ण वाक्यमा टिप्न उत्प्रेरित गर्नुहोस् र शिक्षकले अवलोकन गरी सहजीकरण गनुहोस् ।

(इ) छलफलपश्चात् तयार गरेका घटना के के रहेछन्, शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

(ई) टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् कुनै बुँदा दोहोरियो वा क्रम मिलेन भने सुधार्न लगाउनुहोस् ।

(उ) शिक्षकले आफूले तयार पारेको पाठ्य कथाका मुख्य घटनाका बुँदालाई छ्यासमिस पारेर विद्यार्थीलाई एउटा एउटा गर्दै बाँड्नुहोस् । अझै रहेको छ पुनः क्रमश सबैलाई बाँड्नुहोस् अनि घटनालाई टिपोट गर्न लगाउनुहोस्

(ऊ) विद्यार्थीलाई कुन घटना पहिले भएको हो, पहिलो घटना पर्ने विद्यार्थीलाई पहिला भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो पर्नेले, त्यसपछि तेस्रो पर्नेले । यसैगरी क्रमशः सबैले पालैपालो आफ्नो घटना बुँदा भन्दै टिप्दै घटना क्रम टिपोट गर्न लगाउनुहोस् । आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

(ऋ) शिक्षकले घटना टिपोट र घटनाक्रम मिलान भएको रुजु गरेर सबै समूहलाई क्रमशः मिलान गर्न लगाउनुहोस् र आवश्यक परे पृष्ठपोषण दिनुहोस् ।

(ए) टिपिएका बुँदाका आधारमा कथाको सार लेखनबारे छलफल गराउनुहोस् । यस क्रममा कथासार एकदुई अनुच्छेदमा समेटिनुपर्ने कुरा बताइदिनुहोस् । कथाको सार लेख्न लगाउनुहोस् र शिक्षकले अवलोकन गरी आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(ऐ) सार लेखन कार्य सकिएपछि समूहबाट कथासार प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

## सङ्क्षिप्त उत्तर लेखन

(अ) सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । सङ्क्षिप्त उत्तर पाँच छ वाक्यमा मुख्य विषयवस्तु समेटेर लेख्नुपर्ने र निचोड वाक्य समावेश गर्नुपर्ने विषयमा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) शिक्षकले सङ्क्षिप्त उत्तरात्मक प्रश्न र उत्तर लेख्दा ध्यान दिनु पर्ने विषयवस्तुका सम्बन्धमा नमुना स्लाइड वा चार्टमा प्रस्तुत गरी छलफल गराउनुहोस् ।

**सङ्क्षिप्त उत्तर लेख्दा ध्यान दिनुपर्ने कुरा**

- प्रश्न राम्ररी पढी त्यसले खोजेको उत्तर पहिल्याउनुपर्छ ।
- अनावश्यक भूमिका नबाँधी पागठत सन्दर्भका विषयवस्तुलाई प्राथमिकता दिएर छोटो, छरितो र खँदिलो उत्तर दिनुपर्छ ।
- उत्तर प्रायः पाँचदेखि सात वाक्यमा समेटिनु पर्छ ।
- मूलभाव, उद्देश्य, सन्देश, विषयवस्तु आदिमध्ये प्रश्नले जोड दिएको उत्तरमा केन्द्रित हुनुपर्छ ।

- अन्त्यमा निचोडसहित प्रश्नको शैलीमा उत्तर समेटिँदा राम्रो हुन्छ ।

(इ) विद्यार्थी समूहलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएको सङ्क्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गराउनुहोस् ।

(ई) विद्यार्थी समूहलाई प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थी समूहलाई पालैपालो उत्तर पढेर सुनाउन लगाई उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुराबारे प्रतिक्रिया दिने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

(ऊ) समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) कर्तव्य कथालाई एक अनुच्छेदमा समेटेर लेख्न लगाउनुहोस् ।

(ख) तलका संवाद बोल्ने पात्रको नाम भन्न लगाउनुहोस् :

(अ) कसैको मरण होस् त यस प्रकार होस् ।

(आ) लौ, घर लगेर भित्र्याऊ ।

(इ) दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?

(ग) तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :

(क) कर्तव्य कथाको मूल सन्देश के हो ?

(ख) कर्तव्य कथाका मुरलीधर र श्रीधरबिच कस्तो चारित्रिक भिन्नता पाइन्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट उद्धरणको व्याख्या गर्न | • व्याख्याको नमुना स्लाइड वा चार्ट<br>• तार्किक प्रश्नोत्तरको नमुना चार्ट वा स्लाइड<br>• पात्रहरूसँग सम्बद्ध घटनाको चार्ट |
| तार्किक उत्तर | तार्किक उत्तर दिन | |
| धारणा निर्माण र प्रतिक्रिया | कथाका पात्र र घटनाबारे छलफल गरी प्रतिक्रिया दिन | |

**२ सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै असल समाजसेवीले गरेका कामको प्रशंसा गरेर वा कुनै लोक गीत गाएर कक्षाको सुरुआत गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र आफूले सार बताइदिनुहोस् ।

(इ) आजको पाठ्यवस्तुबारे विद्यार्थीलाई अनुमान गर्न लगाएर शिक्षकले बताइदिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**व्याख्या लेखन**

(अ) विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । व्याख्या लेखनका बारेमा सामूहिक छलफल गरी विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् । सामूहिक छलफलपश्चात् वैयक्तिक रूपमा व्याख्या लेखनको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) व्याख्या गर्दा दुई अनुच्छेदमा लेख्नुपर्ने र तलका कुरामा ध्यान दिनुपर्नेबारे छलफल गराउनुहोस्, जस्तै : पहिलो अनुच्छेद :

वाक्यको आशय बोध गरी त्यस वाक्यको अर्थलाई विस्तारपूर्वक लेख्ने
वाक्यमा वर्णित विषयवस्तुको चर्चा गर्ने,
वाक्यसँग सम्बन्धित विभिन्न उदाहरण दिएर र उखान टुक्काको प्रयोग गरेर अर्थ विस्तार गर्ने,
वाक्यसँग सम्बन्धित पाठका घटना र विषयवस्तुको विश्लेषण गर्ने,
दोस्रो अनुच्छेद :
वाक्यको भाषाशैलीबारे उल्लेख गर्ने,
**मूल भावसँग सम्बन्धित रहेर निष्कर्ष निकाल्ने ।**

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा दिइएका व्याख्या लेखनसम्बद्ध प्रश्न तथा अन्य सम्भावित प्रश्नका बारेमा पूर्वज्ञान र पहिले गरेको अभ्यासलाई समेत स्मरण गराउँदै छलफल गराउनुहोस् ।

(ई) समूहमा निर्दिष्ट प्रश्नमा केन्द्रित भएर व्याख्याका सम्भावित बुँदा तयार पार्न लगाउनुहोस् । तयार पारिएका बुँदा प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) एक समूहलाई क्रियाकलाप ११ (क) र अर्को समूहलाई क्रियाकलाप ११ (ख) मा दिइएका वाक्य दिई व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताइदिनुहोस् ।

(ऋ) शिक्षकले तयार पारेको नमुना व्याख्या स्लाइड वा चार्टमा प्रदर्शन गरी थप छलफलसहित विषयवस्तुप्रति विद्यार्थीको धारणालाई सबलीकरण गरिदिनुहोस् ।

## तार्किक लेखन

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । कर्तव्य कथाका विभिन्न पात्र र तिनीहरूका कामबारे छलफल गराउनुहोस् । कुन पात्र कस्तो चरित्रको छ, कसले राम्रो काम गरेको छ र कसले नराम्रो काम गरेको छ, ती पात्रका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो जस्ता प्रश्न सोधी कक्षामा समूहबिच छलफल गराउनुहोस् ।

(आ) असल र खराब चरित्रबिचको अन्तर के हो ? भन्ने प्रश्नमा आधारित भएर पुनः छलफल गराई विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(इ) कुनै एक विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित फरक विचार राख्न सक्ने क्षमता अभिवृद्धि गराउन फरक फरक बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस्, जस्तै :

### तार्किक उत्तर लेख्ने तरिका

तार्किक शिल्प सम्बन्धी प्रश्नको उत्तर लेख्दा सकारात्मक पक्षको समर्थन र नकारात्मक पक्षको विरोध गर्दै आफ्ना तर्क र मौलिक विचार सिलसिलावद्ध ढङ्गले प्रस्तुत गर्नुपर्छ ।

### तार्किक उत्तरको नमुना

प्रश्न : मुरलीधरको ठाउँमा तपाईँ भएको भए तपाईँ कस्तो भूमिका निर्वाह गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् :

उत्तर : मुरलीधर कर्तव्य कथाका प्रमुख पात्र हुन् । उनी गङ्गाधरका जेठा छोरा र श्रीधरका सहोदर दाजु हुन् । उनी मुरलीधर पण्डितका नामले समाजमा चिनिएका थिए । उनी आफ्नो धर्म संस्कृतिप्रति श्रद्धा राख्थे, धर्मात्मा, ज्ञानी र असल चरित्रका व्यक्ति थिए ।

म मुरलीधरको ठाउँमा भएको भए म पनि उनले जस्तै आफूले समाज, परिवार र राष्ट्रप्रति गर्नुपर्ने दायित्वलाई इमानदारीपूर्वक निर्वाह गर्थें । उनले गरे जस्तै सत्कर्म गर्थें । यति गर्दा गर्दै पनि बुबाले आधा आधा बाँडेर खानू भनेको जिउनी खेतको विषयलाई लिएर उनले झगडा गरे । म चाहिँ दाजुभाइबीच मनमुटाव गर्दिनथें । मुरलीधरले जिउनी खेतको विषयलाई लिएर भाइसँग झगडा गर्न हुन्नथ्यो । यसले उनका पुर्खाको इज्जत र प्रतिष्ठा माटोमा मिल्नुबाहेक अरू कुनै उपलब्धि भएन । भाइको बुद्धि कुनै न कुनै दिन फिर्ला भनेर बसेको भए राम्रो हुन्थ्यो । म उनको ठाउँमा भएको भए यसरी आफ्नो आङ कन्याएर छारो उडाउने काम कदापि गर्ने थिइनँ । भाइले जस्तो व्यवहार गरे पनि आफूले भाइप्रति गर्नुपर्ने दायित्व र जिम्मेवारी चाहिँ मुरलीधरले जस्तै इमानदार भएर पूरा गर्थें ।

यसरी मुरलीधरको स्थानमा भएको भए सहयोग, सद्भावपूर्ण व्यवहार गर्थें । झगडा गरेर आफ्नो र पितापुर्खाको इज्जत पखाल्ने काम गर्दिनथें । धनसम्पत्तिभन्दा मान, मर्यादा र सामाजिक प्रतिष्ठा ठुलो हुन्छ भन्ने मलाई थाहा छ । त्यसैले भाइले जिउनी खेत नदिए पनि सहेर बस्थें र बैगुनीलाई गुनले मार्ने प्रयास गर्थें ।

(ई) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएको प्रश्न प्रदर्शन गर्नुहोस् ।

(उ) विद्यार्थीलाई एउटै विचारप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाई तार्किक प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् र शिक्षकले आफूले ल्याएको तार्किक उत्तरको नमुना टाँसेर छलफल गराउनुहोस्

(ऊ) प्रश्नमा आधारित भएर मुख्य मुख्य बुँदा टिप्न लगाउनुहोस् । ती बुँदाका आधारमा आवश्यक उत्तर भन्न लगाई लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् र समग्रमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई श्रीधरका ठाउँमा भएको भए तपाईं के गर्नुहुन्थ्यो भनी प्रश्न सोधेर समूहगत रूपमा उत्तर पहिचान गर्न लगाउनुहोस् र छलफल गरी आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

**धारणा निर्माण र प्रतिक्रिया**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार विभिन्न समूहमा विभाजन गर्नुहोस् र कर्तव्य कथाका विषयवस्तु र पात्रबारे समूहमा र कक्षामा छलफल गराउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १४ को निर्देशन स्लाइड वा चार्ट मा प्रदर्शन गरी कर्तव्य कथाका आफूलाई मन परेका घटना, पात्र र विषयवस्तुबारे प्रत्येक विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् । टिपिएका विषयवस्तुका बारेमा विद्यार्थीका समूह समूहबिच छलफल चलाउनुहोस् ।

(इ) छलफलको निष्कर्ष विद्यार्थी समूहका प्रतिनिधिलाई प्रतिक्रियात्मक रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले प्रतिक्रिया स्वरूप प्रस्तुत गरेका मुख्य मुख्य विषयवस्तु टिपोट गर्दै जानुहोस् र ती बुँदाका आधारमा निष्कर्ष निकाल्न लगाउनुहोस् ।

(ई) आफूले टिपोट गरेका मन परेका कुरा र मन पर्नुका कारणबारे स्लाइड, प्रोजेक्टर वा चार्टमा प्रस्तुत गरी विद्यार्थीले टिपेका र आफूले तयार पारेका बुँदाबिचका समानता र असमानताबारे तुलनात्मक छलफल चलाई धारणा स्पष्ट पार्नुहोस् । थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलको वाक्यको व्याख्या गर्न लगाउनुहोस् :
कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस ज्ञानवान् हुनाले बखतमौका विचार गरेर आफैँप नि जानुपर्छ ।

(ख) तलको प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :
(अ) तपाईं श्रीधर भएको भए दाजुप्रति तपाईंको व्यवहार कस्तो हुन्थ्यो ? तर्क दिनुहोस् ।

(ग) तलका प्रश्नमा आधारित भएर प्रतिक्रिया दिन लगाउनुहोस् :
(ख) नबोलाएको ठाउँमा तपाईं जानुहुन्छ कि जानुहुन्न, किन ?
(ग) आफ्नै दाजुभाइले आपसमा किन झगडा गरेका होलान् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| विवेचनात्मक उत्तर लेखन | निर्दिष्ट प्रश्नको विवेचनात्मक उत्तर दिर्न | • बुँदाको चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• बोधात्मक प्रश्नोत्तर चार्ट |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी बोधात्मक प्रश्नोत्तर गर्न भाषिक संरचनासम्बन्धी प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै चुटकिला सुनाएर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे पुनरावृत्ति गराई सार बताइदिनुहोस् ।

(इ) आजको पाठ्यवस्तुबारे छलफल गराएर जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**विवेचनात्मक उत्तर लेखन**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । कुनै प्रश्नको समीक्षात्मक उत्तर लेख्नका लागि आवश्यक विषयवस्तु विद्यार्थीको पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् ।

(आ) पाठ्य कथाको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा रहेको विवेचनात्मक उत्तरका लागि प्रश्न प्रदर्शन गर्नुहोस् ।

(इ) कथा अध्ययन गरी समूहमा छलफल गरेर मुख्य मुख्य विषय टिपोट गर्न लगाउनुहोस् । विवेचना वा समीक्षात्मक उत्तरका लागि बुँदा टिपोट गर्दा निम्न कुरामा ध्यान दिनुपर्नेबारे छलफल गर्नुहोस्, जस्तै :

- कथाकार र कथाको परिचय (एक एक वाक्यमा)
- कथाका पात्र र तिनीहरूको चरित्र
- कथामा वर्णन भएको समाज र परिवेश
- कथामा वर्णन गरिएका मुख्य मुख्य सामाजिक घटना
- कथामा वर्णन भएका घटना र हाम्रो समाजमा हुने वास्तविक घटनाबिच तुलना
- विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयका राम्रा तथा नराम्रा पक्षको विश्लेषण
- निष्कर्ष

(ई) विवेचनात्मक उत्तर लेखन गर्दा ध्यान दिनुपर्ने कुराका लागि शिक्षक निर्मित चार्ट वा स्लाइड प्रस्तुत गरी छलफल गरेर सहजीकरण गरिदिनुहोस् ।

(उ) यसपछि मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर लेख्न लगाउनुहोस् शिक्षकले विद्यार्थीले गरेका कार्यको अवलोकन गर्नुहोस् ।

(ऊ) लेखन कार्य समाप्तभएपश्चात् प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रस्तुतीकरण सुनेर आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् । आवश्यकता भए थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोध प्रश्नोत्तर**

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १५ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर अनुच्छेदबाट खोजेर उत्तर लेख्न लगाउनुहोस् । हरेक प्रश्नको उत्तर पूर्ण वाक्यमा दिनुपर्ने र उत्तर छोटो छरितो र सटिक हुनुपर्नेबारे धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

(क) मातृभाषालाई कसरी जोगाउन सकिन्छ ?

उत्तर : हरेक व्यक्तिले आफ्नो मातृभाषा बोल्ने र लेख्ने गरे मातृभाषा जोगाउन सकिन्छ ।

(ख) भाषा लोप हुनाको कारण के हो ?

उत्तर : अरू भाषाको प्रभावमा परेर आफ्नो मातृभाषा बोल्न छोड्यो भने मातृभाषा लोप हुन्छ ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया दिन लगाउनुहोस् । विद्यार्थीले दिएका उत्तरको स्तर र अवस्था हेरेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्वज्ञानका आधारमा गराउनुहोस् । विद्यार्थीलाई उत्तर दिन असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका प्रश्नको विवेचनात्मक उत्तर लेख्न लगाउनुहोस् :

(अ) कर्तव्य कथाले ग्रामीण समाजको कस्तो चित्र उतारेको छ ? चर्चा गर्नुहोस् ।

(ख) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १५ मा दिइएको अनुच्छेदबाट निम्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् :

(अ) भाषा लोप हुँदा देशलाई के घाटा हुन्छ ?

(आ) मातृभाषालाई जीवित बनाउन के गर्नुपर्छ ?

(इ) नेपालको संविधानले मातृभाषाको संरक्षणका लागि कस्तो व्यवस्था गरेको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | व्यवसायको सम्भावनामा आधारित भाषिक सञ्चार गर्न | • सम्भावनासम्बन्धी भाषिक सञ्चारबारे श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| श्रुतिबोध (सुनाइ पाठ ११) | सुनाइ पाठ ११ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको सिकाइ सहजीकरणको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १६ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई व्यवसायको सम्भावनासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले भाषिक प्रकार्यको नमुना प्रदर्शन गरेर आवश्यक सहजीकरण गर्नुहोस्, जस्तै :

कक्षामा गुरुले विभिन्न व्यवसायको सम्भावनाका विषयमा छलफल गराउँदै हुनुहुन्थ्यो ।
उहाँले विभिन्न विद्यार्थीलाई आफ्ना आफ्ना गाउँमा कुन व्यवसाय हुन्छ भन्ने विषयमा

विद्यार्थीलाई भन्न लगाउनुभयो । विद्यार्थीसँग भएको कुराकानी यस्तो छ :

दिग्बिसा तामाङ : नमस्कार ! मेरो पहाडको घर सिन्धुली जिल्लामा पर्छ । मेरो गाउँमा प्रशस्त जुनार र सुन्तला फल्छन् । यहाँका कृषक जुनार खेती गरेर आत्मनिर्भर भएका छन् । मेरो गाउँमा माछापालन व्यवसाय पनि निकै फस्टाएको देखिन्छ ।

गुरु : धन्यवाद दिग्विसा ! तपाइँ गाउँमा चाहिँ कुन व्यवसायको सम्भावना छ नि शुभम महतो ?

शुभम महतो : नमस्कार ! मेरो घर सर्लाही जिल्ला हो । यहाँका मानिसले विभिन्न तरकारी खेती गरेका छन् ।
यस क्षेत्रमा धेरै किसिमका फलफूल खेती गर्न सकिन्छ । ती फलफूलमध्ये पनि यस क्षेत्रमा आँप र लिचीको खेती गरेको देखिन्छ । यी फलफूल र तरकारीका लागि यहाँको वातावरण उपयुक्त मानिन्छ । यसबाहेक भुइँकटहर पनि यहाँ प्रशस्त फल्छ ।

गुरु : धन्यवाद शुभम ! अब पेम्बा छिरी तपाइँ भन्नुहोस् त तपाइँको क्षेत्रमा कुन व्यवसायको सम्भावना बढी छ ?

पेम्बाछिरी : नमस्कार ! मेरो घर रसुवा जिल्ला हो । यो क्षेत्रमा स्याउका लागि राम्रो वातावरण छ । यसबाहेक यहाँ चौरी पालन गर्न सकिन्छ । चौरीको दुध, पनिर, चिज, छुर्पीलगायत व्यवसाय पनि फस्टाउँछ । यो पर्यटकी क्षेत्र भएकाले यहाँ पर्यटन व्यवसायसँग सम्बन्धित विभिन्न पेसा सञ्चालन गरेर हाम्रा गाउँका मानिसहरू आत्मनिर्भर बनेका छन् । आम्दानी पनि हुने र घुम्न पनि पाइने भएकाले यो क्षेत्र मलाई पनि खुब मन पर्छ ।

गुरुः तपाइँहरूको कुरा सुन्दा त हाम्रो देशमा विभिन्न पेसा र व्यवसाय सञ्चालनको सम्भावना प्रचुर क्षेत्रमा रहेछ भन्ने लाग्यो । तपाइँहरूलाई धेरै धेरै धन्यवाद बाँकी विद्यार्थीले अर्कोदिन आफ्नो कुन व्यवसायको सम्भावना कस्तो छ भनेर प्रस्तुत गर्नुपर्ने छ । आज अब पाठतिर लागौँ है त । (सबै किताब पल्टाउन लाग्छन् ।)

(इ) शिक्षकले व्यवसाय र यसको सम्भावनासम्बन्धी विषयवस्तुमा आधारित भएर विभिन्न स्थानमा विभिन्न व्यवसायको कस्तो सम्भावना छ भनी विविध सन्दर्भ प्रस्तुत गर्नुहोस् ।

(ई) कुनै विद्यार्थीसँग तपाईंलाई कुन कुन व्यवसाय मन पर्छ र किन भनी प्रश्न गर्नुहोस् र त्यसकै आधारमा व्यवसायको सम्भावनाबारे चर्चा सुरु गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् ।

(उ) प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १६ मा दिइएको सन्दर्भ दुई जना विद्यार्थीलाई संवादात्मक प्रस्तुति गर्न लगाउनुहोस् र विद्यार्थीलाई एकछिन छलफल गर्न समय दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई आफ्नो क्षेत्रमा कुन व्यवसायको कस्तो सम्भावना र वातावरण छ भन्ने विषयमा पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । संवादात्मक रूपमा प्रस्तुत गर्दा अन्य विद्यार्थीलाई सक्रिय साथ दिन र सुनेर हौसला बढाउन लगाउनुहोस् ।

(ए) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गति, वाक्य गठन आदिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऐ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका व्यवसाय गर्न सिकाउने विषयवस्तु वा सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध (सुनाइ पाठ ११)

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् । सुन्दा ध्यान दिनुपर्ने विविध विषय र पक्षबारे छलफल गर्नुहोस् ।

(ई) सुनाइ पाठ ११ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को क्रयाकलापमा दिइएका खाली ठाउँ भर्ने प्रश्न स्लाइड वा स्मार्ट बोड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई ती प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेखन कार्य सकिएपछि समूह समूहलाई पालैपालो उत्तर भन्न लगाई छलफल गराउनुहोस् ।

(ऋ) एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ए) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप २ मा दिइएका प्रश्न प्रदर्शन गर्नुहोस् र विद्यार्थी समूहलाई पालैपालो उत्तर भन्न उत्प्रेरित गर्नुहोस् । एउटा समूहले उत्तर दिन नसके अर्को समूह वा व्यक्तिलाई उत्तर भन्ने मौका दिनुहोस् । सबै प्रश्न सोधिसकेपछि आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

(ऐ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न सुनाइ पाठसँग सम्बन्धित थप प्रश्न निर्माण गरी अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई आफ्नो क्षेत्रमा फस्टाउन सक्ने कुनै व्यवसायका बारेमा वर्णन गर्न लगाएर भाषिक प्रकार्यको मूल्याङ्कन गर्नुहोस् ।

(ख) सुनाइ पाठका आधारमा तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :
(क) नेपालमा धानपछिको मुख्य बाली कुन हो ?
(ख) मकै उत्पादन वृद्धि गर्न कस्तो हावापानी उपयुक्त हुन्छ ?
(ग) मकै उम्रन कति तापक्रम चाहिन्छ ?कहिले मकै रोप्नु राम्रो मानिन्छ ?
(घ) मकैमा पाइने मुख्य भिटामिन कुन हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| नामधातु पहिचान र प्रयोग | नामधातु, प्रेरणार्थक धातु पहिचान गरी प्रयोग गर्न नाम धातुबाट बनेका क्रियापद प्रयोग गरी अनुच्छेद रचना गर्न | • क्रियामूल, नामधातु, प्रेरणार्थक धातुको स्लाइड वा चार्ट<br>• अनुच्छेदपत्ती<br>• सामान्यार्थक र प्रेरणार्थक वाक्यको तालिका<br>• रि र ऋ वर्ण प्रयोग भएका शब्दको सूची |
| सामान्यार्थक र प्रेरणार्थक वाक्य | प्रेरणार्थक क्रियाको प्रयोग गरी अनुच्छेद रचना गर्न निर्दिष्ट अनुच्छेदलाई प्रेरणार्थकमा परिवर्तन गर्न | |
| रि र ऋ वर्णको पहिचान र प्रयोग (वर्णविन्यास) | रि र ऋ वर्ण प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न | |
| सामाजिक कथाको समीक्षा ( परियोजना कार्य) | सामाजिक कथा अध्ययन गरी घटना, पात्र, परिवेशसम्बन्धी प्रस्तुति दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै कवित वा गीत गाएर वा कुनै विद्यार्थीको सकारात्मक आनीबानीको चर्चा गरेर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइ सहजीकरणका विषयवस्तुबारे विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र राम्रो प्रस्तुतीकरणका लागि प्रशंसा गर्नुहोस् र ताली बजाएर हौसला प्रदान गर्नुहोस् र आजको कक्षाको सिकाइ सहजीकरणको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### नामधातुको पहिचान र प्रयोग

(अ) विद्यार्थीलाई भाषिक संरचनाअन्तर्गत जा, खा, बस्, पढ, लेख्, भन्, सुन् धु, रु, हु, बोलाउ, देखाउ, लेखाउ, दि, लि, आदि धातु हुन् कि होइनन् भनी प्रश्न सोधी विषयवस्तुप्रति रुचि जगाउनुहोस् ।

(आ) विद्यार्थीको समूह बनाई प्रत्येक समूहबाट पाँच पाँचओटा क्रियापद भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गरेर धातु पहिचान गर्न लगाउनुहोस् ।

(इ) धातु, रूपायक प्रत्यय तथा क्रियापदबारे छलफल चलाउनुहोस् ।

(ई) शिक्षकले चार्ट वा स्लाइड प्रयोग गरी धातुमा प्रत्यय योग भएपछि क्रियापद कसरी बन्छ भनी स्पष्ट पार्नुहोस् । कुनै कार्य वा घटना वा अवस्था बुझाउने क्रियाको मूल रूप वा मूल आधार नै धातु हो भन्ने पहिचानका लागि छलफल गराउनुहोस् ।

(उ) शिक्षकले नाम, विशेषण आदि शब्दमा विभिन्न प्रत्यय जोडिएपछि नामधातु बन्नेबारे उदाहरण दिई सपष्ट पारिदिनुहोस्, जस्तै :

| शब्द | प्रत्यय | नामधातु | क्रियापद |
|---|---|---|---|
| दुब्लो | आउ | दुब्लाउ | दुब्लायो, दुब्लाएको छ |
| होचो | इ | होचि | होचिन्छ, होचिएको थियो |
| छोटो | याउ | छोट्याउ | छोट्यायो, छोट्याउँदै छ |
| रोग | आउ | रोगाउ | रोगाउँछ, रोगाएछ |
| चिसो | इ | चिसि | चिसिने छ, चिसिन्छ |
| अस्त | आउ | अस्ताउ | अस्ताए |

(ऊ) नाम, विशेषण आदिमा प्रत्यय जोडिएर बन्ने नामधातुको तालिकाका आधारमा थप उदाहरण दिएर पुनः छलफल गराउनुहोस् ।

(ऋ) पाठ्य कथाबाट क्रियापदको पहिचान गर्न लगाई तिनबाट धातु पहिचान कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गराई विद्यार्थीलाई पालैपालो वर्णन गर्न लगाउनुहोस् र धातुमा विभिन्न प्रत्ययको प्रयोग गर्दै शब्द तथा वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(ए) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप १ मा दिइएको अनुच्छेद प्रस्तुत गरी विद्यार्थीलाई मौन पठन गराउनुहोस् र पुनः छलफल गरेर नामधातुबारे स्पष्ट धारणा बनाइदिनुहोस् ।

(ऐ) वर्णविन्यास खण्डको क्रियाकलाप २ मा दिइएका क्रियामूलको बनोट प्रक्रिया देखाएर विद्यार्थीलाई लेख्न लगाउनुहोस् र अवलोकन गरी सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई उत्तर प्रस्तुत गर्न लगाएर छलफल गराउनुहोस् ।

(ओ) वर्णविन्यास खण्डको क्रियाकलाप ३ र ४ मा दिइएको निर्देशनअनुसार विद्यार्थीलाई उत्तर लेख्न लगाउनुहोस् र सामूहिक छलफल र प्रस्तुति गर्न लगाएर आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(औ) शिक्षकले तयार पारेको उत्तरको स्लाइड वा चार्ट प्रस्तुत गरेर समूहमा उत्तर परीक्षण गराउनुहोस् । आवश्यक परे थप पृष्ठपोषण दिनुहोस् ।

### सामान्य र प्रेरणार्थक वाक्य पहिचान र प्रयोग

(अ) विद्यार्थीलाई कुनै एक कथांश वाचन गर्न लगाएर त्यहाँबाट क्रियापद पहिचान गर्न उत्प्रेरित गर्नुहोस् ।

(आ) फरक फरक धातुबाट प्रत्ययसँग मेल भई बन्ने शब्दको रूप कस्तो हुन्छ भन्ने जिज्ञासा जगाई छलफल चलाउनुहोस् ।

(इ) सामान्य धातु, नामधातु, प्रेरणार्थक धातुबारे छलफल गराई आवश्यक सबलीकरण गरी सहयोग गरिदिनुहोस् । शिक्षक निर्मित सामग्रीबाट धातुको पहिचान र प्रयोगका बारेमा प्रस्ट पारिदिनुहोस् ।

(ई) सामान्य धातुको पहिचानपछि सामान्य धातुमा आउ प्रत्यय लगाई प्रेरणार्थक धातु बनाउन सकिने विषयमा छलफल चलाउनुहोस्, **जस्तै :**

| सामान्य धातु | प्रत्यय | प्रेरणार्थक धातु | प्रेरणार्थक क्रियापद |
|---|---|---|---|
| बस् | आउ | बसाउ | बसायो, बसाउने छ |
| उठ् | आउ | उठाउ | उठाउनुभयो, उठाउँछ |
| पढ् | आउ | पढाउ | पढाउँछु, पढाउने छ |
| रु | आउ | रुवाउ | रुवाएको छ, रुवाउँदै छ |

खेल् आउ खेलाउ खेलाउँथ्यो, खेलाएछ

(उ) सामान्य धातु र प्रेरणार्थक धातुको तालिकाभन्दा बाहेक सामान्य र प्रेरणार्थक वाक्यका उदाहरण प्रस्तुत गरी पुन: छलफल गराएर थप स्पष्ट पारिदिनुहोस् । अरूलाई कार्य गर्नका लागि प्रेरित गरेको अवस्था बुझाउने क्रियापद निर्माण गर्नका लागि धातुमा आउ प्रत्यय लगाउनुपर्छ भन्ने जानकारी दिनुहोस् ।

(ऊ) प्रेरणार्थक वाक्यको प्रयोग भएको स्लाइड वा चार्टको प्रदर्शन गरी छलफल गराउनुहोस् र प्रेरणार्थक वाक्यमा लैजाँदा ध्यान दिनुपर्ने पक्ष छलफल गराउनुहोस्, जस्तै :

**प्रेरणार्थक वाक्यमा बदल्दा ध्यान दिनुपर्ने पक्ष :**

- प्रेरक कर्ता थप्ने
- पहिले भएको कर्तामा लाई थपेर कर्ममा बदल्ने,
- क्रियापदको धातु पहिचान गरी आउ प्रत्यय लगाएर क्रियापदलाई प्रेरणार्थकमा बदल्ने,
- नयाँ थपेको कर्ताअनुसारको लिङ्ग, वचन, पुरुष, आदर मिलाएर क्रियापद राख्ने,
- वाक्यको काल र भाव परवर्तन नगर्ने आदि ।

प्रेरणार्थक वाक्यमा परिवर्तन गरेको उदाहरण :

(क) खेलाडीले खेल खेले । (सामान्य वाक्य)
प्रशिक्षकले खेलाडीलाई खेल खेलाए । (प्रेरणार्थक वाक्य)

(ऋ) उदाहरणमा जस्तै गरी अन्य वाक्य दिई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्न दिनुहोस् र थप अभ्यास गराउनुहोस् ।

(ए) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ५, ६ र ७ विद्यार्थीलाई लेख्न लगाउनुहोस् र अवलोकन गरी सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई उत्तर प्रस्तुत गर्न लगाएर छलफल गराउनुहोस् ।

(ऐ) शिक्षकले तयार पारेको उत्तरको स्लाइड वा चार्ट प्रस्तुत गरेर समूहमा उत्तर परीक्षण गराउनुहोस् । आवश्यक परे थप पृष्ठपोषण दिनुहोस् ।

## रि र ऋ वर्णको पहिचान र प्रयोग (वर्णविन्यास)

(अ) शिक्षकले ऋ/रि प्रयोग भएका शब्द तालिका /शैक्षणिक पाटी/स्लाइडका माध्यमबाट प्रदर्शन गरी छलफल गराउनुहोस्, जस्तै :
ऋ को प्रयोग : ऋषि, कृषि, ऋण, ऋचा, ऋजु, ऋषभ, कृति, सृष्टि आदि
रिको प्रयोग : रित्तो, रिन, रिकापी, रिसायो, गरिन्, तरी

(आ) संस्कृत भाषाका शब्दमा ‘ऋ’ को प्रयोग हुन्छ जसलाई तत्सम शब्द भनिन्छ र नेपालीका आफ्ना शब्द तद्भव हुन् । यस्ता शब्दमा ‘रि’ को प्रयोग हुन्छ भन्ने धारणा विद्यार्थीमा स्पष्ट पारिदिनुहोस्

(इ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ८ को निर्देशनअनुसार पाठबाट खोजेर ऋ/रि प्रयोग भएका तीन तीनओटा शब्द लेख्न लगाउनुहोस् ।

(ई) यस्तै वर्णविन्यासको क्रियाकलाप ९ मा दिइएको अनुच्छेद प्रदर्शन गरेर शुद्ध बनाई लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले उत्तर लेखिसकेपछि प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गराउनुहोस् ।

(ऊ) आफूले तयार पारेको उत्तर प्रदर्शन गरेर सामूहिक परीक्षण गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## सामाजिक कथाको समीक्षा (परियोजना कार्य)

(अ) सिर्जना र परियोजना कार्यअन्तर्गत कथा समीक्षाका बारेमा विद्यार्थीको पूर्वज्ञानका आधारमा कक्षामा छलफल चलाउनुहोस् ।

(आ) विद्यार्थीलाई कथा रचना गर्न पात्र, परिवेश, घटना, कथानक आदि अनिवार्य हुनुपर्ने विषयमा छलफल गराउनुहोस् र कथा समीक्षाका लागि के के कुरामा ध्यान दिनुपर्छ भन्ने प्रश्न राखी छलफल गर्नुहोस्, जस्तै : शीर्षक, कथानक, कथाको आदि भाग, मध्य भाग, अन्त्य भाग, कथामा पात्रहरू, संवाद, भाषाशैली, कथामा घटना भएको समय र ठाउँ (परिवेश) आदि ।
यी कथा समीक्षाका लागि अनिवार्य विषय भएको कुरा जानकारी गराउनुहोस् ।

(इ) विद्यार्थीलाई आफूले पढेको कुनै सामाजिक कथाका पात्रहरू र तिनका चरित्र तथा बानी, कथाका मुख्य मुख्य घटना वस्तु र कथाको परिवेशका बारेमा समीक्षा गरी लेखेर ल्याउन र भोलिको कक्षामा प्रस्तुति गर्नुपर्ने विषयमा जानकारी दिनुहोस् ।

(ई) विद्यार्थीलाई कथा समीक्षाबारे कुनै अस्पष्टता भए सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलका धातुलाई सामान्य धातु, प्ररणार्थक धातु र नामधातु पहिचान गरी वर्गीकरण गर्न लगाृनुहोस् :
होच्याउ, बोलाउ, बोल्, धु, बसाउ, महिलि, कुद् कुदाउ, चिसि

(ख) तलका वाक्यलाई प्रेरणार्थमा परिवर्तन गर्न लगाउनुहोस् :
(अ) राम उत्तर लेख्छ ।
(आ) साथी गृहकार्य गर्छ ।
(इ) उनीहरू सहयोग गर्छन् ।
(ई) तिमीले  कथा सुन्यौ ।

(ग) दिइएका शब्द शुद्ध गर्न लगाउनुहोस् :
रिषिले रिण लिएर पत्रश्रमी कृषकलाई सहयोग गरे ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**दसौं दिन**

**१ सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कथा रचना (सिर्जनात्मक कार्य) | दिइएका बुँदाका आधारमा कथा तयार पार्न | • कथाका बुँदाको स्लाइड वा चार्ट<br>• कथाको श्रव्य सामग्री/दृश्य सामग्री<br>• कथाको नमुना चार्ट<br>• कथा समीक्षासम्बन्धी चार्ट |
| सामाजिक कथाको समीक्षा र प्रस्तुति (परियोजना कार्य) | आफूले अध्ययन गरेको सामाजिक कथाका पात्र, घटना र परिवेशको समीक्षा गरी सुनाउन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै कथा सुनाएर विद्यार्थीलाई उत्साहित बनाउनुहोस् र विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिन दिइएको परियोजना कार्यका बारेमा विद्यार्थीलाई प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् र आजको कक्षाकार्यका रूपमा कथाको समीक्षा र प्रस्तुतीकरण तथा कथा लेखन गरिनेबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**कथा रचना (सिर्जनात्मक कार्य)**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र कथाको **शीर्षक, आदि भाग, मध्य भाग, अन्त्य भाग, कथा प्रयोग हुने, संवाद, कथा घट्ने समय र ठाउँ** आदिबारेमा निश्चित समय तोकेर छलफल गराउनुहोस् । छलफलकै क्रममा निर्देशित कथा लेखन गर्दा विशेषतः कर्तालाई मध्यम आदर मानेर क्रियापदको संयोजन गर्नु उपयुक्त हुने र वाक्य गठनमा विशेष ध्यान दिनुपर्ने कुरा बताइदिनुहोस् ।

(आ) कथा लेखन गर्दा ध्यान दिनुपर्ने पक्षबारे विद्यार्थीको छलफलपश्चात् प्राप्त निचोड समूहको कुनै एक विद्यार्थीलाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

(इ) कथा लेख्ता निर्दिष्ट बुँदालाई विस्तार कसरी गर्ने तथा कथा रचना गर्ने तरिका आदि बारेमा छलफल गराई शिक्षकले आवश्यक परेमा थप सबलीकरण गरिदिनुहोस् ।

(ई) सिर्जना र परियोजना कार्यको अभ्यास १ का निर्दिष्ट बुँदा प्रदर्शन गरी ती बुँदामा आधारित भई कथा रचना गर्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

(उ) कथाको रचना गरिसकेपछि प्रत्येक समूहको एक एक विद्यार्थीलाई कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् ।

(ऊ) शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई आवश्यक छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**सामाजिक कथाको समीक्षा र प्रस्तुति (परियोजना कार्य)**

(अ) शिक्षकले कथा बन्नका लागि आवश्यक पर्ने मुख्य मुख्य कुरा चार्टमा प्रस्तुत गर्नुहोस्, जस्तै : **शीर्षक, कथानक (आदि भाग, मध्य भाग, अन्त्य भाग), पात्र, संवाद, परिवेश आदि ।**

(आ) प्रदर्शित बुँदाका आधारमा अगिल्लो दिन छलफल गरेका आधारमा तयार पारेर ल्याएको कथा समीक्षा विद्यार्थीलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीको प्रस्तुतीकरण अवलोकन गरी आवश्यक सहजीकरण र मूल्याङ्कन गर्नुहोस् ।

(इ) प्रत्येक प्रस्तुतीकरणपछि विद्यार्थीको प्रशंसा गर्नुहोस् र सबै विद्यार्थीले ताली बजाएर हौसला बढाउनुहोस् ।

(ई) सबै विद्यार्थी वा विद्यार्थी समूहको प्रस्तुतीकरण सकिएपछि कक्षाको उत्कृष्ट समीक्षक घोषणा गर्नुहोस् ।

(उ) विद्यार्थीले समीक्षा गर्दा छुटाएका कुनै विषयवस्तु भए उल्लेख गरेर थप सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्नुहोस् र आजको कक्षा समाप्त गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(अ) विद्यार्थीले पढेको कुनै एक कथाको समीक्षा गर्न लगाउनुहोस् ।

(आ) तलका बुँदाका आधारमा कथा रचना गर्न लगाउनुहोस् :

धनजीते र गुमाने दुई छिमेकी - वर्षाको समय - किसानलाई खेतीपातीको चटारो - धनजितेको खेतको धानको बिउ गुमानेको गोरुले खाइदिनु - धनजितेले गोरुलाई पिट्नु - दुबैका बिचमा कुटाकुट र भनाभन हुनु - धर्मानन्द पाध्यले गुमानेलाई उक्साउनु - छिमेकीले दुबैलाई छुट्याउनु - दुबैबीच बोलचाली र व्यवहार बन्द हुनु - केही समयपछि गाउँमा आँठे रोग फैलिनु - धनजिते र उसको परिवारै बिरामी हुनु - धनजीते बेहोस जस्तै हुनु -सहयोग आवश्यक पर्नु - गुमानेको मन पग्लिनु - गुमानेले तनमन लगाएर धनजितेको सेवा गर्नु - बिउँझेपछि धनजितेले पश्चात्ताप गर्नु - गुमानेसित माफी माग्नु - दुबैमा फेरि मेलमिलाप हुनु - सानोतिनो झगडा भए पनि छिमेकी एक आपसमा मिलेर बस्नुपर्ने सन्देश ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाठ : १२** **पाब्लो पिकासो**

**विधा : जीवनी** **कार्यघण्टा : ९**

## परिचय

'पाब्लो पिकासो' अन्तर्राष्ट्रिय जीवनी हो । कसैले जीवनभर गरेका कामको क्रमबद्ध वर्णन नै जीवनी हो । जीवनीमा कुनै विशिष्ट व्यक्तिको जीवनको छोटो कथा हुन्छ तर त्यसको संरचना चाहिँ निबन्धात्मक हुने गर्छ । जीवनीमा व्यक्तिले उसको जीवनकालमा भोगेका कुराको उपयुक्त विश्लेषण र मूल्याङ्कन गरिन्छ । जीवनी शिक्षाबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ । जीवनी शिक्षणको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । त्यसैले जीवनीपरक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

यस पाठमा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र मौन पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, व्यक्तित्व पहिचान, सन्देश बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । घटनाक्रम मिलान, प्रश्नोत्तर र व्याख्या, समीक्षात्मक लेखन, बुँदा टिपोट र सारांश लेखन, अनुकरणात्मक जीवनी लेखन, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठपुस्तकमा समाविष्ट क्रियाकलापको आधार गरिएको छ र सिकाइ क्षेत्रअन्तर्गतका प्रेरक व्यक्तित्व पहिचान र छलफल, संरचना पहिचान, सस्वर र मौन पठन, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, आगन्तुक शब्दको पहिचान र प्रयोग, घटना पहिचान र वर्णन, व्याख्या, समीक्षात्मक उत्तर लेखन, बुँदा

टिपोट र सारांश लेखन, व्यक्तिवृत्त लेखन, बोध आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र उत्साहमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वणर्विन्यासअन्तर्गत प्रत्यक्ष र अप्रत्यक्ष कथनको  पहिचान र प्रयोगलाई उक्ति परिवर्तनसहित कार्यमूलक बनाइएको छ र यसै खण्डमा वर्णविन्यासअन्तर्गत 'ग्य' र 'ज्ञ' को पहिचान समावेश गरिएको छ। सुनाइ बोलाइका लागि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी सुनाइ पाठ १२ मा आधारित भएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ १२ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • कलासँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १, २<br>• शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न<br>• निर्दिष्ट अनुच्छेद हाउभाउसहित गतियति मिलाई सस्वर र शुद्ध पठन गर्न<br>• शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न<br>• अनुच्छेदमा प्रयुक्त आगन्तुक शब्द पहिचान गरी अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन | • पाब्लो पिकासोको चित्र र उनका कलाकारितासम्बन्धी चित्र<br>• शब्दपत्ती, शब्दार्थपत्ती र शब्दकोश<br>• वाक्यपत्ती<br>• आगन्तुक शब्दसूची<br>• बोधात्मक प्रश्नसूची | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ३, ४, ५, ६) | • सस्वर पठन र शब्दोच्चारण गर्न<br>• शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती, शब्दार्थपत्ती र शब्दकोश<br>• वाक्यपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | • पाठगत शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • बोधात्मक प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट वाक्यलाई शुदीकरण गर्न र शुद्ध शब्द पहिचान गर्न | • बोधात्मक प्रश्नसूची<br>• वाक्यसूची र शब्दसूची (शुद्धीकरणका लागि) | |
| **तेस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ७-११)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर<br>• संरचना पहिचान | • सस्वर पठन गर्न र शब्दोच्चारण गर्न<br>• शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नको उत्तर दिन<br>• प्रत्यक्ष र अप्रत्यक्ष कथनका वाक्य पहिचान गर्न<br>• संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• शब्दार्थपत्ती, वाक्यपत्ती<br>• बोधात्मक प्रश्नसूची<br>• प्रत्यक्ष र अप्रत्यक्ष कथनयुक्त नमुना वाक्य<br>• अनुच्छेद | १ |
| **चौथो दिन** | • आगन्तुक शब्द पहिचान र प्रयोग<br>• घटनाक्रम पहिचान र मिलान<br>• श्रुतिलेखन | • आगन्तुक शब्द पहिचान गरी लेख्न<br>• जीवनीका घटनाक्रम पहिचान गरी क्रम मिलाएर लेख्न<br>• श्रुति लेखन गर्न | • अनुच्छेद, आगन्तुक शब्दको तालिका<br>• घटनाक्रमका बुँदासूची<br>• अनुच्छेद | १ |
| **पाँचौं दिन** | • सङ्क्षिप्त उत्तर लेखन<br>• प्रेरणा र सन्देश<br>• बोधात्मक प्रश्नोत्तर<br>• बुँदा टिपोट र सारांश लेखन | • सङ्क्षिप्त प्रश्नको उत्तर दिन<br>• प्रेरणासम्बद्ध प्रश्नको उत्तर लेख्न सन्देशसम्बन्धी प्रश्नको उत्तर लेख्न<br>• बोधात्मक र संरचनामूलक प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपी सारांश लेख्न | • प्रश्नसूची, उत्तरका नमुना<br>• प्रेरणा र सन्देशसम्बन्धी बुँदा<br>• बोध अनुच्छेदको स्लाइड | १ |
| **छैटौं दिन** | • व्याख्या लेखन<br>• समीक्षात्मक उत्तर लेखन | • निर्दिष्ट उद्धरणको व्याख्या गर्न<br>• समीक्षात्मक उत्तर दिन | • व्याख्या लेखन तरिकाका बुँदा र व्याख्याको नमुना<br>• जीवनीको समीक्षात्मक लेखन ढाँचा, समीक्षात्मक उत्तरको नमुना | १ |
| **सातौं दिन** | • व्यक्तिवृत्त लेखन<br>• श्रुतिबोध (सुनाइ पाठ १२) | • व्यक्तिवृत्त लेख्न<br>• सुनाइ पाठ १२ सुनेर उत्तर भन्न | • व्यक्तिवृत्त बुँदा<br>• सुनाइ पाठको श्रव्यसामग्री<br>• प्रश्नसूची र उत्तरका नमुना | १ |
| **आठौं** | • भाषिक प्रकार्य<br>• भाषिक संरचना | • हौसलामा आधारित भाषिक प्रकार्य गर्न | • हौसलासम्बन्धी भाषिक प्रकार्यको | १ |

| | | | | |
|---|---|---|---|---|
| दिन | (प्रत्यक्ष र अप्रत्यक्ष कथन)<br>• जीवनी लेखन<br>(परियोजना कार्य) | • प्रत्यक्ष र अप्रत्यक्ष कथन पहिचान गर्न र कथन परिवर्तन गर्न<br>• पुस्तकालयमा रहेका सामग्रीको सहयोगमा जीवनी तयार गर्न | नमुना<br>• प्रत्यक्ष कथन अप्रत्यक्ष कथन तालिका<br>• उक्ति परिवर्तन तालिका | |
| **नवौँ दिन** | • **ग्य र ज्ञ** वर्णको प्रयोग<br>• निर्देशित जीवनी लेखन (सिर्जनात्मक कार्य)<br>• स्वतन्त्र जीवनी लेखन (परियोजना कार्य) | • **ग्य र ज्ञ** वर्णको प्रयोग गर्न<br>• निर्दिष्ट बुँदाका आधारमा जीवनी लेख्न<br>• पुस्तकालयबाट वा कुनै विशिष्ट व्यक्तिको जीवनी तयार पार्न | • **ग्य र ज्ञ** वर्ण प्रयोग भएका अनुच्छेद र शब्दसूची<br>• जीवनीका बुँदा<br>• जीवनीको नमुना | १ |
| **जम्मा कार्यघण्टा** | | | | ९ |

**पहिलो दिन**

**१.सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| कलासँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | पाब्लो पिकासोको चित्र र उनका कलाकारितासम्बन्धी चित्र<br>शब्दपत्ती, शब्दार्थपत्ती र शब्दकोश<br>वाक्यपत्ती<br>आगन्तुक शब्दसूची<br>बोधात्मक प्रश्नसूची |
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १, २ | निर्दिष्ट अनुच्छेद हाउभाउसहित गतियति मिलाई सस्वर र शुद्ध पठन गर्न | |
| शब्दार्थ र प्रयोग | शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | • अनुच्छेदमा प्रयुक्त आगन्तुक शब्द पहिचान गरी अर्थ बताउन<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले अन्तर्राष्ट्रिय रूपमा प्रख्यात व्यक्तित्वको नाम विद्यार्थीलाई भन्न प्रोत्साहित गनुहोस् र विद्यार्थीलाई

त्यस्ता व्यक्तित्वका नाम, काम र प्रसिद्धि सुनाएर रमाइलो वातावरण बनाएर वा उत्प्रेरक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) आजको कक्षाको षियवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरणसम्बन्धी क्रियाकलाप**

**कलासँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल**

(अ) विद्यार्थीलाई उनीहरूको रुचिबारे प्रश्न गरी विषयवस्तु प्रवेश गर्नुहोस् । शिक्षकले अन्तर्राष्ट्रिय रूपमा प्रख्यात कलासँग सम्बन्धित महान् व्यक्तित्व लियोनार्दो दा भिन्ची, अरनिको, माइकल एन्जेलोलगायतका तस्बिर स्लाइडका माध्यमबाट प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई तिनका नाम र कामबारेमा बताउन प्रोत्साहित गर्नुहोस् । छलफलका क्रममा ती व्यक्तित्वका बारेमा थप जानकारी दिएर स्पष्ट पार्नुहोस् ।






(इ) तल दिइएका जस्तै पिकासोसँग सम्बन्धित चित्रका स्लाइड प्रदर्शन गरी तिनका बारेमा छलफल गराउनुहोस् । छलफलका क्रममा विद्यार्थी अस्पष्ट भएमा थप स्पष्ट पार्नुहोस् ।






(ई) कला र कलाकारितासँगै पाठ्य जीवनीको बारेमा सन्दर्भ जोडेर विद्याथीमाझ छलफल गराउनुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई सस्वर पठन क्रियाकलापका लागि गति, विराम र वर्णविन्यासका बारेमा जानकारी गराउनुहोस् ।

(आ) शिक्षकले पाठको पहिलो अनुच्छेद नमुना सस्वर पठन गरेर सुनाउनुहोस् ।

(इ) पाठका पहिलो र दोस्रो अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) सस्वर पठन गर्ने क्रममा स्पष्ट उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीले पठनका क्रममा उच्चारण अभ्यास गर्नुपर्ने शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई सङ्कलित शब्दको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । शिक्षकले नमुनाका रूपमा अक्षरीकरण गरेर शब्दपत्तीका माध्यमबाट शब्दको शुद्ध उच्चारण गर्न सिकाउनुहोस् र विद्यार्थीलाई पनि पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| जस्तै : प्रतिभाशाली | /प्र.ति.भा.सा.लि/ | विश्वविख्यात | /बिस्.स्व.बिक्.ख्यात्/ |
| विलक्षण | /बि.लक्.छ्यन्/ | झङ्कार | /झङ्.कार्/ |
| कलाकृति | /क.ला.क्रि.ति/ | शैशवावस्था | /सै.स.बा.बस्.था/ |

(ऋ) सस्वर पठन र शब्दोच्चारणका सबै क्रियाकलाप कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूका समस्या पहिचान गर्नुहोस् ।

(ए) समस्या पहिचानपश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शब्दोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारणको अभ्यास गराउनुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अअ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(इ) शब्दार्थ छलफलपछि शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, **जस्तै :**

**शब्द : संवेदना**

**अर्थ : मानिसका मनमा हुने मार्मिक अनुभूति**

**वाक्यमा प्रयोग :**

- केही मात्र कलाकार यस्ता हुन्छन् जसले मानवीय संवेदनाको लय पक्रन सक्छन् ।
- त्यस्तो शोकका वेला पनि हाँसिरहेछ, कस्तो संवेदना हराएको मान्छे रहेछ !

(ई) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । समूह नेता छान्दा प्रत्येक पटक फरक फरक विद्यार्थी छान्नुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : लय, बहुमुखी, मञ्च, सूचित, चुलबुले

(उ) ती शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई पाठको अनुच्छेद पढ्न लगाउनुहोस् र पूर्वज्ञानमा आधारित रही निर्दिष्ट अनुच्छेदभित्रका आगन्तुक शब्दबारे प्रश्न गर्नुहोस् र सकेसम्म उनीहरूलाई नै त्यस्ता शब्द खोज्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई शब्द पहिचानमा समस्या भएमा थप सहजीकरण गर्दै शिक्षकले केही शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्,

**जस्तै : नर्स, क्यानभास, कम्युनियन आदि**

(इ) सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशमा आगन्तुक शब्दको सूचना दिइएको हुन्छ भनी बताउनुहोस् र यसका लागि स्लाइडमार्फत् शब्दकोशको एप प्रदर्शन गर्नुहोस् ।

(उ) विद्यार्थीलाई अनुच्छेदबाट तयार गरिएका बोधात्मक प्रश्नको सूची प्रदर्शन गरी उत्तर भन्न लगाउनुहोस्,

जस्तै :

- पिकासोको जन्म कहिले भएको थियो ?
- पिकासोका आमाबुबाको नाम के हो ?
- पिकासोले पिकाडोर नामको पहिलो चित्र कति वर्षमा बनाएका थिए ?
- पिकासोलाई उच्च शिक्षाका लागि कहाँ पठाइयो ?

(ऋ) प्रश्नसूचीमा प्रदर्शित प्रश्नका आधारमा विद्यार्थीलाई सामूहिक वा व्यक्तिगत रूपमा उत्तर भन्ने अवसर प्रदान गर्नुहोस् ।

(ए) विद्यार्थीबाट आएका उत्तरलाई ध्यान दिँदै शिक्षकले तयार गरी ल्याएका उत्तरसूची प्रदर्शन गरी बोधात्मक उत्तर दिँदा ध्यान दिनुपर्ने पक्षका बारेमा छलफल गराउनुहोस् । प्रश्नको पूर्ण संरचनासहितको लिखित उत्तर दिन अभ्यास गराउनुहोस् । **(पूर्ण संरचनाको उत्तर भन्नाले : प्रश्न र उत्तरको सोझो सम्बन्ध भएको उत्तर भन्ने बुझ्नुपर्छ । यस्ता उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना रहेको राम्रो मानिन्छ ।)**

(ऐ) विद्यार्थीले दिएका उत्तर सही भए नभएको सम्बन्धमा अवलोकन गरी सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई थप उदाहरण दिएर बोधात्मक र पहिचानात्मक अभ्यास गराएर आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।**

**(ख) दिइएका शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् :**

उत्कृष्ट, आकर्षक, म्याड्रिड, शैया, मूर्तिकार

**(ग) दिइएका शब्दको अर्थ भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

सजावट, सघन, कुशल, औपचारिक, पूर्णकालीन

**(घ) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) पिकासोको जन्म कहिले र कहाँ भएको थियो ?

(आ) पिकासले उच्च शिक्षा कहाँबाट हासिल गरेका थिए ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ३, ४, ५, ६) | सस्वर पठन र शब्दोच्चारण गर्न | शब्दपत्ती, शब्दार्थपत्ती र शब्दकोश<br>वाक्यपत्ती<br>बोधात्मक प्रश्नसूची |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न | |

| | | |
|---|---|---|
| बोधात्मक प्रश्नोत्तर (वर्णविन्याससहित) | बोधात्मक प्रश्नको उत्तर दिन<br>निर्दिष्ट वाक्यलाई शुदीकरण गर्न र शुद्ध शब्द पहिचान गर्न | वाक्यसूची र शब्दसूची (शुद्धीकरणका लागि) |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कोही महान् व्यक्तिले गरेका महत्त्वपूर्ण योगदान र त्यस योगदानले मानव जातिलाई पुऱ्याएको सकारात्मक असरबारे विद्यार्थीलाई सुनाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् र आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य जीवनीका तेस्रो, चौथो, पाँचौँ र छैटौँ अनुच्छेद स्मार्ट बोर्ड, स्लाइड वा अन्य दृश्य सामग्रीमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने कुराको जानकारी गराउनुहोस् ।

(आ) पाठका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(इ) अरू विद्यार्थीलाई साथीले सही पठन गरे नगरेको अवलोकन गरेर प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(ई) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले पढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(उ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऊ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्द शैक्षणिक पाटीमा रिपोट गरिएका शब्द विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस्, जस्तै :

| | | | |
|---|---|---|---|
| प्रोट्रेट | /प्रो.ट्रेट्/ | ज्याकब | /ज्या.कब्/ |
| दृष्टिविहीन | /द्रिस्.टि.बि.हिन्/ | तनाव | /त.नाब्/ |
| विसङ्गति | /बि.सङ्.ग.ति/ | | |

(ऋ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ए) सस्वर पठन र शब्दोच्चारणका सबै क्रियाकलाप विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

**शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस्, जस्तै :

तैलचित्र, मनस्थिति, आक्रान्त

(आ) सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(इ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न

लगाउनुहोस् ।

(ई) शब्दभण्डार खण्डमा रहेको प्रश्न न. ४ को सन्दर्भअनुसार पाठमा जुन अर्थमा शब्द प्रयोग भएका छन् त्यसभन्दा भिन्न र मौलिक रूपमा विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस्, जस्तै :

**लय**

- पिकासो मानवीय संवेदनाको लय पक्रेर कला सिर्जना गर्ने महान् कलाकार हुन् । (पाठगत वाक्य)
- मैले विभिन्न लयका गीत सुनेको छु ।
- म त आफ्नै लयमा हिँडिरहने मान्छे हुँ ।

(उ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) पाठका अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(ई) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टका सहायताले प्रदर्शन गरी ती प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् । जस्तै :

- उनले तैलचित्र सिर्जना गर्न कहिले सुरु गरे ?
- उनको जीवनको कहालीलाग्दो घटना कुन हो ?
- सम्पन्न वर्गले नरुचाइएका चित्र कुन हुन् ?
- पिकासोको सबैभन्दा महँगो चित्र कुन हो ?

(उ) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऊ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) विद्यार्थीले सस्वर पठनका क्रममा पठन गरेका निर्दिष्ट अनुच्छेदभित्रका वाक्यबाट वर्णविन्यासमा त्रुटि गरी तयार गरिएको कुनै एउटा वाक्य प्रदर्शन गरी उक्त वाक्यलाई पाठ्यपुस्तकमा जस्तै शुद्ध लेख्न प्रेरित गर्नुहोस् । वाक्यमा दिइएका अशुद्धि पहिचान गरी लेख्न सके नसकेको पहिचान गरी आवश्यक सहयोग गर्नुहोस् ।

**जस्तै : उनको चीत्रकलामा घनबादको ससक्त प्रयोग भयको पाईन्छ ?**

(ए) वर्णविन्यासगत त्रुटि भएका र नभएका केही वैकल्पिक शब्दसूची प्रदर्शन गरी ती सूचीमध्येबाट शुद्ध शब्द पहिचान गर्न लगाउनुहोस् । शुद्ध र अशुद्ध शब्द पहिचान गर्न सके नसकेको पहिचान गरी आवश्यक सहयोग गर्नुहोस् । जस्तै :

वर्‌ष वर्ष वर्श वर्स

**३. मूल्याङ्कन**

(क) पाठको पाँचौँ अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको शुद्ध उच्चारण गर्न, शब्दको अर्थ बताउन र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

क्यानभास, प्रारम्भिक, दृष्टिविहीन

(ग) तलको प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) निग्रो कालमा कुन वादको प्रयोग भएको थियो ?

(आ) पिकासोको कलाकारितालाई केले प्रभावित पारेको देखिन्छ ?

(घ) दिइएका शब्दमध्ये शुद्ध शब्द पहिचान गर्नुहोस् :

विशङ्गत विसङ्गत विसंगत विशंगत

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ७-११) | सस्वर पठन गर्न र शब्दोच्चारण गर्न | शब्दपत्ती<br>शब्दार्थपत्ती, वाक्यपत्ती<br>बोधात्मक प्रश्नसूची<br>प्रत्यक्ष र अप्रत्यक्ष कथनयुक्त नमुना वाक्य<br>अनुच्छेद |
| पाठगत शब्दार्थ र प्रयोग | शब्दको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नको उत्तर दिन<br>प्रत्यक्ष र अप्रत्यक्ष कथनका वाक्य पहिचान गर्न | |
| संरचना पहिचान | संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) कुनै महान् व्यक्तिका कार्यको वर्णन गर्नुहोस् र विद्यार्थीलाई सचेत गराई सिकाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् र आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

(अ) पाठका सातौँ, आठौँ, नवौँ, दसौँ र एघारौँ अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पुस्तकमा हेरेर पढ्न सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(आ) सस्वर पठन गर्ने क्रममा स्पष्ट उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । शिक्षकले पनि विद्यार्थीले पठनका क्रममा उच्चारण अभ्यास गर्नुपर्ने शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई सङ्कलित शब्दको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा अक्षरीकरण गरी उच्चारणका नमुना क्रियाकलाप प्रदर्शन गर्नुहोस्, जस्तै :

| | | | |
|---|---|---|---|
| महँगो | /म.हँ.गो/ | प्रेरणाप्रद | /प्रे.र.ना.प्रद्/ |
| प्रशंसक | /प्र.सम्.सक्/ | मार्मिक | /मार्.मिक्/ |
| विशिष्ट | /बि.सिस्.ट/ | पूर्वार्ध | /पुर्.बार्.ध/ |

(उ) यसै प्रक्रियाबाट बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएको निर्देशनका आधारमा पनि शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । सस्वर पठन र शब्दोच्चारणका सबै क्रियाकलाप कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ऋ) समस्या पहिचानपश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शब्दोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार शब्दोच्चारणको अभ्यास गराउनुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

जस्तै : मनसाय, पारङ्गत, सीमान्तीकृत, उत्तरार्ध, उपार्जन आदि ।

(आ) सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले ती शब्दको अर्थ बताइदिनुहोस् । केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(इ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कम्तीमा दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यस सन्दर्भमा वाक्यपत्तीको सहयोगले थप सहजीकरण गर्नुहोस् । जस्तै :

शब्द : मध्यमवर्गीय

वाक्य : आम्दानीका हिसाबले उनी मध्यमवर्गीय परिवारका मानिन्छन् ।

(ई) शब्दभण्डार खण्डको क्रियाकलाप १ को सन्दर्भअनुसार दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गरी शब्दार्थपत्तीको सहयोगबाट आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) यस्तै, शब्दभण्डार खण्डको क्रियाकलाप २ को सन्दर्भअनुसार अर्थ भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्तीको सहयोगबाट आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**मौन पठन र बोध**

(अ) विद्यार्थीलाई मौन पठनबाट के के फाइदा हुन्छन् भन्ने प्रश्न सोधी मौन पठनका बारेमा समूहमा छलफल गराउनुहोस् । पूर्व ज्ञानका आधारमा मौन पठन र बोधात्मक प्रश्नोत्तरबारे छलफल गराउनुहोस् ।

(आ) मौन पठन गर्नका लागि बोध अभिव्यक्ति खण्डको प्रश्न न. ५ को मौन पठनसम्बन्धी अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । प्रस्तुत अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(इ) बोध अभिव्यक्ति खण्डको प्रश्न न. ५ को मौन पठनसम्बन्धी प्रश्नसूची प्रदर्शन गरी प्रश्नको उत्तरका लागि कक्षामा छलफल चलाउनुहोस् ।

(ई) विद्यार्थीलाई असहज भएका अवस्थामा शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(उ) पाठ्य जीवनीको नवौँ अनुच्छेद स्लाइड वा चार्टपेपरमा प्रदर्शन गरी वाक्यमा प्रयुक्त प्रत्यक्ष कथनका

वाक्य पहिचान गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।

(ऊ) प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनयुक्त केही वाक्य भएको सूची प्रदर्शन गरी प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनका वाक्य पहिचान गर्न लगाउनुहोस् । जस्तै :

तिमी घर गएको कुरा आमाले बताउनुभयो । उसले भन्यो, "म केही गर्न सक्दिनँ ।"

**संरचना पहिचान**

(अ) जीवनीको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(इ) शिक्षकले तयार पारेको जीवनीको संरचनासम्बद्ध सामग्री कक्षामा प्रस्तुत गरी छलफल चलाउनुहोस्, जस्तै :

(क) पिकासो पाठमा कति अनुच्छेद छन् ?

(ख) पाठको अन्तिम अनुच्छेदको सबैभन्दा लामो र सबैभन्दा छोटो वाक्य कुन कुन हुन् ?

(ई) विद्यार्थीलाई जीवनीको संरचनाका बारेमा आआफ्ना विचार राख्ने अवसर प्रदान गर्नुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का संरचना पहिचानसम्बद्ध प्रश्नको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । सोधिएका प्रश्नको उत्तर भन्न लगाई थप छलफल चलाउनुहोस् ।

(ऊ) छलफलको निष्कर्ष सुनाउन लगाई आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको अन्तिम अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) तलका शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

साक्ष्य, अवषाद, क्यानभास, दसी

(ग) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) पिकासोले कलाकारिता सिक्न आफ्नो जीवनको कति समय खर्च गरेका छन् ?

(आ) पिकासोले मानिसका कस्ता समस्या झल्कने चित्र बनाएका छन् ?

(इ) पाठको दसौँ अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

(घ) प्रत्यक्ष र अप्रत्यक्ष कथनका एक एकओटा वाक्य बनाउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| आगन्तुक शब्द पहिचान र प्रयोग | आगन्तुक शब्द पहिचान गरी लेख्न | अनुच्छेद, आगन्तुक शब्दको तालिका<br>घटनाक्रमका बुँदासूची<br>अनुच्छेद |
| घटनाक्रम पहिचान र मिलान | जीवनीका घटनाक्रम पहिचान गरी क्रम मिलाएर लेख्न | |
| श्रुतिलेखन | अनुच्छेद श्रुतिलेखन गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षामा विद्यार्थीलाई आँखा बन्द गर्न लगाई तीन पटकसम्म लामो लामो सास तान्दै छोड्दै गर्न लगाउनुहोस् र दुवै हत्केला रगडी तातो हातले आँखा सेक्न लगाई पढाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् ।

(इ) आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**आगन्तुक शब्दको पहिचान र प्रयोग**

(अ) विद्यार्थीलाई आगन्तुक शब्दको पूर्व ज्ञानका आधारमा छलफल गर्न लगाउनुहोस् र तत्सम, तद्भव र आगन्तुक शब्दको स्रोतबारे उदाहरणसहित बताइदिनुहोस् ।

(आ) आगन्तुक शब्दको तालिका स्लाइड वा प्रोजेक्टरको माध्यमले प्रदर्शन गरी तिनहिरूको मूल भाषाका बारेमा छलफल गराउनुहोस्, जस्तै :

कोट, कापी, चाउचाउ, ज्यावल, चस्मा, योमरी आदि

(इ) विद्यार्थीलाई शब्दभण्डारको अभ्यास ३ मा दिइएको अनुच्छेद प्रदर्शन गरी समूहमा छलफल गराउनुहोस् र आगन्तुक शब्द पहिचान गरी रेखाङ्कन गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले रेखाङ्कन गरेका शब्द समूहगत रूपमा प्रस्तुत गर्न लगाई पुनः ती भाषाबाट आएका शब्द अन्य समूहलाई पहिचान गर्न लगाउनुहोस् ।

(उ) खनुच्छेदबाट पहिचान गरिएका आगन्तुक शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीलाई शब्द पहिचान गर्न र वाक्यमा प्रयोग गर्न असहज भए सहजीकरण गरिदिनुहोस् ।

**घटनाक्रम पहिचान र मिलान**

(अ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रका कुनै विशिष्ट व्यक्तिका जीवनका मुख्य घटनाको सूची उदाहरणका रूपमा प्रस्तुत गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

(आ) पिकासोका जीवनमा घटेका मुख्य मुख्य घटना आउने गरी प्रश्न बनाएर विद्यार्थीलाई सोध्नुहोस् । जस्तै :

(क) पिकासोको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) पिकासोको बाल्यकाल कसरी बित्यो ?

(ख) पिकासो कसरी कलाकारिता क्षेत्रमा आबद्ध भए ?

(घ) पिकासोका कलाकारिताको समयलाई कसरी वर्गीकरण गरिएको छ ?

(इ) विद्यार्थीले बताएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका मुख्य घटना विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा दिइएको मितिअनुसारका घटना पहिचान गरी क्रमबद्ध रूपमा टिपोट गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा मिति र जीवनका घटनालाई क्रमबद्ध रूपमा लेखिएको बुँदाको नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**श्रुतिलेखन**

(अ) श्रुतिलेखनको परिचय दिनुहोस् र श्रुतिलेखन गर्दा ध्यान दिनुपर्ने कुराबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई शिक्षकले वर्णविन्यास र लेख्यचिह्नअनुरूपको विराम चिह्न ख्याल गरी लेख्न लगाउनुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ ले निर्देश गरेबमोजिम पाठको पहिलो अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

(ई) श्रुतिलेखनको कार्य सकिएपछि विद्यार्थीका अभ्यासपुस्तिका विद्यार्थीलाई एक आपसमा साटासाट गर्न लगाउनुहोस् र मूल पाठ हेरी सच्याउन लगाउनुहोस् ।

(उ) विद्यार्थीले सच्याइसकेपछि एकआपसमा आफूले गरेका त्रुटिबारे विद्यार्थीबिच छलफल गराउनुहोस् ।

(ऊ) शिक्षकले विद्यार्थीलाई हौसला दिँदै त्रुटि भएका भए त्रुटि सिकाइकै एक प्रक्रिया हो भनी बताउँदै त्रुटि सुधारका लागि पटक पटक लेख्न र सच्याउन उत्प्रेरित गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको खनुच्छेदमा रहेका आगन्तुक शब्द पहिचान गर्न लगाउनुहोस् :

कहिल्यै पनि स्कुल कलेज नगई बिते ती दिनहरू । त्यस समयमा हातहातमा मोबाइल थिएनन् । घरघरमा कम्प्युटर थिएनन् । जुत्ता चप्पल लगाउने चलन पनि खासै थिएन । वर्तमान समय त प्रविधिको युग पो हो त । आश्चर्य लाग्छ यी दिनहरू देख्दा कति परिवर्तन ? आधुनिक जमाना भनेको त ईश्वरको कुनै एउटा अंश नै हो कि जस्तो पनि लाग्छ ।

(ख) तलका मितिमा पिकासोको जीवनमा घटेका मुख्य मुख्य घटना टिपोट गर्न लगाउनुहोस् :

सन् १८८१, सन् १८९२, सन् १८९५, सन् १९०४

(ग) पाठको दोस्रो अनुच्छेद श्रुतिलेखन गराउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सङ्क्षिप्त उत्तर लेखन | सङ्क्षिप्त प्रश्नको उत्तर दिन | प्रश्नसूची, उत्तरका नमुना<br>प्रेरणा र सन्देशसम्बन्धी बुँदा<br>बोध अनुच्छेदको स्लाइड<br>अनुच्छेद, बुँदासूची र सारांशको नमुना |
| प्रेरणा र सन्देश | प्रेरणासम्बद्ध प्रश्नको उत्तर लेख्न<br>सन्देशसम्बन्धी प्रश्नको उत्तर लेख्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक र संरचनामूलक प्रश्नको उत्तर दिन | |
| बुँदा टिपोट र सारांश लेखन | निर्दिष्ट अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपी सारांश लेख्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै चुट्किला सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सङ्क्षिप्त उत्तर लेखन**

(अ) विद्यार्थीलाई अनुच्छेद पढेर सन्दर्भमा आधारित भई सङ्क्षिप्त उत्तर लेखनका बारेमा छलफल गर्न लगाई छलफलको निष्कर्ष बताउने अवसर दिनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएका प्रश्नसूची स्लाइड वा चार्टमार्फत प्रस्तुत गर्नुहोस् । विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाउनुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् ।

(इ) छलफलपश्चात् प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थीले तयार पारेका उत्तर पढेर सबैलाई सुनाउन लगाउनुहोस् । प्रस्तुतीकरणका क्रममा अन्य समूहका विद्यार्थीलाई उत्तरको ढाँचा, विषयवस्तु मिले नमिलेको सम्बन्धमा पहिचान गर्न लगाउनुहोस् ।

(उ) प्रस्तुतीकरणपछि शिक्षकले तयार पारेको नमुना उत्तर स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र उत्तर लेखन शैलीबारे पुनः छलफल गराउनुहोस् ।

(ऊ) बोध अभिव्यक्तिको प्रश्न नं ९ मा आधारित रही सङ्क्षिप्त उत्तरबारे छलफल गराउनुहोस् र विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई एउटा समूहलाई एउटा प्रश्न दिएर पाँच सात वाक्यमा उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा प्रत्येक समूहमा पुगी सहजीकरण गरिदिनुहोस् ।

(ए) विद्यार्थीले उत्तर लेखिसकेपछि प्रस्तुति गर्न लगाई आवश्यक सहजीकरण गरिदिनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

**प्रेरणा र सन्देश**

(अ) पाठ पढेर विद्यार्थीले केकस्तो प्रेरणा प्राप्त गरे भनी विद्यार्थीमाझ प्रश्न राख्नुहोस् र छलफल अगि बढाउनुहोस् ।

(आ) पाठ्य जीवनीले के भन्न खोजेको हो, यस कथाले के सन्देश दिन्छ आदि जिज्ञासामूलक प्रश्न सोधी मस्तिष्क मन्थन गर्न लगाउनुहोस् ।

(इ) जीवनीको सन्देशका लागि केही बुँदा सोच्न लगाउनुहोस् अनि बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ई) टिपोट गरिएका बुँदाका आधारमा जीवनीले प्रस्तुत गरेको सन्देशलाई अनुच्छेदमा लेख्न लगाउनुहोस् ।

(उ) जीवनीको सन्देशलाई विद्यार्थीबाट के कस्तो लेखिएको छ भन्न लगाउनुहोस् र शिक्षकले तयार गरी ल्याएको सन्देश पत्र प्रस्तुत गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऊ) बोध तथा अभिव्यक्ति क्रियाकलापको प्रश्न न. ९ (घ) को सन्देशसम्बन्धी अभ्यासका लागि कक्षामा छलफल चलाउनुहोस् ।

(ऋ) विद्यार्थी व्यक्त गरेका सन्देशसम्बन्धी विचार सुनी विद्यार्थीलाई उक्त पाठको सन्देश सुझाउनुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) पाठको कुनै अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ का प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी ती प्रश्नको उत्तर एक वाक्यमा दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(ई) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**बुँदाटिपोट र सारांश लेखन**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ तर्फ केन्द्रित गर्दै निर्दिष्ट अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी मनमनै पढ्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले ध्यानपूर्वक पढे नपढेको निरीक्षण गरी पढ्नका लागि उत्प्रेरित गर्नुहोस् ।

(इ) अनुच्छेद पठनपश्चात् प्रत्येक विद्यार्थीलाई आफूले पढेको अनुच्छेदको सारांश लेख्नका लागि तयार गराउनुहोस् । सारांश लेखनका लागि स्पष्ट निर्देशन दिनुहोस् र अनुच्छेदका मुख्य मुख्य कुरा समेटी बुँदा टिपोट गराउनुहोस् ।

(ई) विद्यार्थीले टिपोट गरेका बुँदामाथि छलफल गराई शिक्षक आफूले तयार गरी ल्याएको बुँदासूची प्रदर्शन गरी आवश्यक छलफल गराउनुहोस् । जस्तै :

**मुख्य मुख्य बुँदा**

- प्रेरक व्यक्तित्वका जीवनमा घटेका महत्त्वपूर्ण घटना समेटेर तयार पारिने गद्य विधा नै जीवनी हुने
- जीवनीमा व्यक्तिका सङ्घर्ष वा जीवनका उतारचढाव जस्ता चारित्रिक विशेषतालाई तथ्यपरक रूपमा प्रस्तुत गरिने
- विद्यार्थीको मनोबल, सच्चरित्र, शब्दभण्डार क्षमता र भाषाका बोध र अभिव्यक्ति सिप विकास अनि जीवनको लक्ष निर्धारण गर्न सहयोग गर्ने
- जीवनी पठनबाट विद्यार्थीमा सकारात्मक सोच, इमानदारिता, सामाजिक व्यवहार, मानवीय भावना आदिको विकास हुने

(उ) शिक्षकले तयार गरी ल्याएको सारांशको नमुना प्रदर्शन गरी टिपोट गरिएका बुँदालाई समेटी एक तृतीयांशमा सारांश लेख्न प्रेरित गर्नुहोस् । जस्तै :

**सारांश**

कुनै प्रेरक व्यक्तित्वका जीवनमा घटेका महत्त्वपूर्ण घटना समेटेर तयार पारिने जीवनीमा व्यक्तिका सङ्घर्ष वा जीवनका उतारचढाव जस्ता चारित्रिक विशेषतालाई तथ्यपरक रूपमा प्रस्तुत गरिन्छ । जीवनी पठनबाट विद्यार्थीमा सकारात्मक सोच, इमानदारिता, सामाजिक व्यवहार, मानवीय भावना आदिको विकास हुन्छ । जीवनीले विद्यार्थीको मनोबल सच्चरित्र, शब्दभण्डार क्षमता, भाषाका बोध र अभिव्यक्ति सिप आदिमा विकास भई जीवनको लक्ष निर्धारण गर्न सहयोग गर्छ ।

(ऊ) विद्यार्थीले तयार गरेको सारांशको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) तलको प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) पिकासोको कलाकारितामा पाइने विशेषता के के हुन् ?

(आ) पिकासोले चित्रमा कुन कुन पक्ष समेटेका छन् ?

(ख) पिकासोको जीवनीबाट पाइने सन्देश उल्लेख गर्न लगाउनुहोस् ।

(ग) बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ सम्बन्धी अभ्यास गराउनुहोस् ।

(घ) पाठको सातौँ अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिपी सारांश लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| विषयवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट उद्धरणको व्याख्या गर्न | व्याख्या लेखन तरिकाका बुँदा र व्याख्याको नमुना |
| समीक्षात्मक उत्तर लेखन | समीक्षात्मक उत्तर दिन | जीवनीको समीक्षात्मक लेखन ढाँचा, समीक्षात्मक उत्तरको नमुना |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै महान् व्यक्तिका आदर्श वाणी सुनाई विद्यार्थीलाई सिकाइका लागि तयारी गराउनुहोस् ।

(आ) आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**व्याख्या लेखन**

(अ) विद्यार्थीलाई व्याख्या भनेको के हो ? व्याख्या कसरी गरिन्छ ? आदि प्रश्न सोधी पूर्वज्ञान पहिचान गर्नुहोस् ।.

(आ) व्याख्या वा भाव विस्तारलाई कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने बारेमा छलफल चलाई व्याख्या गर्न उत्प्रेरित गर्नुहोस् । .

(इ) पाठ्य कथाको बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ को **क** र **ख** व्याख्येय उद्धृतांशलाई मनन गर्न दिनुहोस् ।

(ई) सम्बद्ध अंशमा केन्द्रित रही व्याख्या गर्नका लागि उक्त अंशले के भन्न खोजेको हो, यससम्बन्धी बुँदा बनाउन लगाउनुहोस् ।

(उ) शिक्षकले व्याख्या गर्दा आदि, मध्य र अन्त्य भाग अर्थात् तीन भागमा लेख्नुपर्ने विषयका बारेमा छलफल गरी मनन गर्न लगाउनुहोस् र आवश्यक सबलीकरण गरिदिनुहोस् ।

(ृऊ) मुख्य बुँदा पहिचान गर्न लगाउनुहोस् । सबैको फरक फरक बुँदालाई एकीकृत गरी आवश्यक बुँदा राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई शिक्षकले तयार गरी ल्याएको व्याख्येय बुँदासूची प्रदर्शन गरी सहजीकारण गर्नुहोस् ।

(ऋ) उल्लेख्य बुँदालाई समेटी व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् । यस सन्दर्भमा व्याख्याको नमुना पनि प्रदर्शन गर्नुहोस् । जस्तै :

**हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर र लगनशीलता भए ऊ एउटा कलाकार बन्न सक्छ, जीवनलाई सार्थक बनाउन सक्छ र संसारलाई ज्योति छर्न सक्छ ।**

उत्तर :

हरेक बालबालिकामा सिर्जनशील क्षमता र विशिष्ट प्रतिभा हुन्छ । बालबालिकालाई उचित अवसर प्रदान गरिएमा र बालबालिकाले पाएको अवसर लगनशील भएर प्रयोग गरेमा उनीहरूमा अन्तर्निहित प्रतिभा र शिर्जनाशक्ति प्रस्फुरण हुन्छ । जसरी पिकासोले प्राप्त गरेको अवसरलाई प्रयोग गरे, लगनशील भएर आफूभित्रको कलाकार प्रतिभालाई गोडमेल गरेर महान् कलाकारका रूपमा स्थापित हुन सफल र सार्थक भए त्यसै गरी हरेक बालबालिकाले आफूले प्राप्त गरेको अवसरलाई लगनशील भई प्रयोग गरेर आफ्नो जीवनलाई सार्थक र सफल बनाउन सक्छन् । अरूबाट प्रेरणा प्राप्त गरी आफ्नो सिप, कला र क्षमतालाई बाहिर ल्याउने व्यक्तिले नै संसारलाई उज्यालो ज्योति प्रदान गर्न सक्छन् ।

पाब्लो पिकासोको कलायात्रा तथा आरोह अवरोहको चर्चा गर्ने सन्दर्भमा यो वाक्य प्रयोग गरिएको छ । पिकासो मानवीय संवेदनाको युगीन लय समातेर कलाकृति सिर्जना गर्ने महान् तथा सर्वाधिक प्रतिभाशाली कलाकार हुन्, घरायसी पारिवारिक वातावरणबाट नै पिकासोको जन्मजात कलाकारिताले टुसाउने, हुर्कने र मौलाउने अवसर प्राप्त गयो । पिकासोले चित्रकलासम्बन्धी प्रारम्भिक तालिम घरबाट नै पाएका हुन् । घर नै बालकको पहिलो पाठशाला हो भन्ने भनाइ पिकासोको कलाकारिता यात्राले चरितार्थ गरेको पाइन्छ ।

अतः व्याख्याका लागि दिइएको उपरोक्त गद्यांशमा बालबालिकाको व्यक्तित्व विकासका लागि उचित अवसर प्रदान गर्नुपर्छ । बालबालिकाले पनि आफूले पाएको अवसरलाई सदुपयोग गरी आफ्नो क्षमता र प्रतिभा प्रष्फुटन गराएर समाजमा उज्यालो छर्न सक्छन् भन्ने भाव यस अंशमा व्यक्त भएको पाइन्छ । लगनशीलता र अवसरले नै व्यक्तिको जीवन सफल र सार्थक हुने विचार प्रस्तुत वाक्यमार्फत सम्प्रेषण भएको पाइन्छ ।

(ए) उपर्युक्त नमुनाका आधारमा विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ७ को **ख** को व्याख्येय पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेखन गर्दा उनीहरूको कार्य अवलोकन गरी सहजीकरण गर्दै रहनुहोस् । व्याख्या लेखिसकेपछि प्रस्तुत गर्न लगाई उत्तरमा थपघट गर्नुपर्ने भए विद्यार्थीलाई सचेत गराउनुहोस् ।

(ऐ) उत्तरपुस्तिका परीक्षण गरी आवश्यक सहजीकरणका साथ पृष्ठपोषण गरिदिनुहोस् ।

**समीक्षात्मक उत्तर लेखन**

(अ) समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १० को प्रश्नको उत्तर समेटिने खालका बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । तलको समीक्षात्मक उत्तर लेखनको ढाँचा देखाएर छलफल गराउनुहोस् :

समीक्षात्मक उत्तरको तरिका

**आदि भाग**

समीक्षात्मक उत्तरको पहिलो अनुच्छेद यसको आदि भाग हो । यो समीक्षात्मक उत्तरको स्थान बिन्दु हो । आदि भागलाई भूमिकाका रूपमा लिनुपर्छ । यसमा मुख्य योगदानलाई एक संयुक्त वाक्यमा लेख्नुपर्छ । पाठबाट झल्किने आफूले लेख्ने उत्तरको दोस्रो अनुच्छेदको सुरुमा आउने वाक्यसँग मेल खाने कोणबाट यसको प्रस्तुति हुन्छ । यो भाग एक छोटो अनुच्छेदका रूपमा आउँछ ।

**मध्य भाग**

समीक्षात्मक उत्तरको मध्य भाग एक वा अनेक अनुच्छेदको हुन सक्छ । यो नै विवेचनाको मुख्य अंश हो । यसमा प्रनले खोजेको उत्तरमा केन्द्रित भई व्याख्या विश्लेषण गरिन्छ । यसरी व्याख्या विश्लेषण जीवनी पाठका सन्दर्भलाई जोड्दै प्रतिक्रिया व्यक्त गर्न सकिन्छ । मध्य भाग सम्बन्धित व्यक्तिले गरेका महत्त्वपूर्ण योगदानसँग सम्बन्धित भएर गरिने विस्तृत एवम् व्यवस्थित विमर्श हो । यस भागमा प्रश्नले गरेका सम्पूर्ण अपेक्षा पूरा गरिन्छन् ।

**अन्त्य भाग**

समीक्षात्मक उत्तरको अन्तिम भाग उपसंहार खण्ड हो । यस भागमा सम्बन्धित योगदानको अति सङ्क्षिप्त टिप्पणीका साथै पहिले नै अभिव्यक्त गरिसकिएको विस्तृत विवेचनाको निष्कर्ष प्रस्तुत गरिन्छ ।

(इ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सुनी बुँदाका विषयवस्तुबारे प्रतिक्रिया दिन लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

**यसका लागि**

(क) पिकासोको परिचय, बाल्यकाल, शिक्षाग्रहण र कलाकारिता क्षेत्रमा आबद्धतासम्बन्धी विषय

(ख) कलाकारितामा आबद्ध भएपछि उनका कलाकारिताको विकास र कलाकारिताको समय विभाजनअनुसारका कला सिर्जनाबारे वर्णन

(ग) उनका मुख्य मुख्य चित्र र उनका चित्रकारिताका विशेषता

(घ) उनले प्राप्त गरेको सम्मान र प्रसिद्धि

(ङ) निष्कर्ष

(ई) बोध र अभिव्यक्ति खण्डको प्रश्न १० मा केन्द्रित भई शिक्षकले तयार पारेको नमुना बुँदाका लागि प्रश्न सूची प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउनुहोस् ।जस्तै :

**पाब्लो पिकासो जीवनीका मुख्य घटना आउने गरी तयार पारिएका प्रश्न**

- महान् कलाकार पाब्लो पिकासोको जन्म कहिले, कहाँ र कस्तो परिवारमा भयो ?
- उनले सुरुमा कति वर्षको उमेरमा उमेरमा उत्कृष्ट चित्र बनाए र उनी कति वर्षको हुँदा उनले कम्युनियन नामको कस्तो चित्र बनाए ?
- उनलाई चित्रकलाको उच्च शिक्षाका लागि कहाँ पठाइयो र उनको र त्यो पढाइ कस्तो रह्यो ?
- पढाइ पूरा नगर्दै पूर्णकालीन रूपमा चित्रकलामा किन होमिए र उनले आफ्ना चित्रलाई व्यावसायिकता कहिलेदेखि प्रदान गरे ?
- सुरुमा कस्ता चित्र सिर्जना गरे र उनी कलाको राजधानी पेरिस कहिले प्रस्थान गरे ?

- ब्लु पिरियड भनिएको कुन समय हो र त्यसकालमा उनले कस्ता चित्र बनाए ?
- पिङ्क पिरियड भनिएको कुन समय हो र त्यसकालमा उनले कस्ता चित्र बनाए ?
- घनवादको प्रयोग उनले चित्रकालामा कहिले र कसरी प्रयोग गरे ?
- उनको वैवाहिक जीवनमा के कस्ता उतारचढाव आए ?
- उनका प्रमुख चित्रका नाम केके हुन् र सबभन्दा महँगोमा बिक्री भएको कुन चित्रको विषयवस्तु के थियो ?
- पिकासोका चित्रले संसारमा केकस्तो तरङ्ग पैदा गरे ?
- पिकासोले पाएका पिरस्कारका नाम केके हुन् र उनको देहावसान कहिले भयो ?
- पिकासोको जीवनीबाट पाइने प्रेरणा के हो ?

(उ) उल्लेखित प्रश्नका आधारमा बुँदा गत रूपमा उत्तर पहिचान गरी समीक्षात्मक उत्तर लेख्न आवश्यक समय दिनुहोस् ।

(ऊ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसार विवेचनात्मक उत्तरको नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

**पाब्लो पिकासोले कलाकारिताको क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।**

बिसौँ शताब्दीमा कलाकारिताको आगो ओकल्ने महान् तथा सर्वाधिक प्रतिभाशाली, विलक्षण कलाकार पाब्लो पिकासोको जन्म सन् १८८१ अक्टोबर २५ मा स्पेनको मलागामा मध्यम वर्गीय परिवारमा थियो । माता मारियो पिकासो लोपेज र पिता जोसो रुइज ब्लास्कोको कोखबाट जन्मिएका पाब्लोलाई पारिवारिक वातावरणबाट कलाकारिताप्रति आकर्षित भएका थिए । गाउँकै एक विद्यालयमा कार्यरत जोसो रुइज कलाका कुशल शिक्षक र सुन्दर चित्र सानैदेखि साक्षात्कार गर्ने अवसर प्राप्त गरेका पाब्लोले आफूभित्र चित्रकलाको प्रतिभा अङ्कुरित हुने, हुर्कने र मौलाउने अवसर प्राप्त गरे । उनले सानैदेखि चित्रकलाको प्रारम्भिक तालिम घरबाट नै प्राप्त गरेका थिए । उनले ९ वर्षको उमेरमा 'पिकाडोर' नामक चित्र तयार पारी आफ्नो कलायात्रालाई अगाडि बढाएका थिए । उनी १३ वर्षका हुँदा उनका बाबु जोसो रुइजले आफूभन्दा उत्कृष्ट चित्रकार भएको भन्दै पिकासोलाई आफ्ना सम्पूर्ण सामग्री हस्तान्तरण गरी चित्रकलाबाट सन्यास लिएको घोषणा गरे ।

९ वर्षको उमेरमा पिकासोले आफ्नो पहिलो पेन्टिङ 'पिकाडोर' मा उतार गरेको साँढेको लडाइँमा घोडा चढिरहेको मानिसको चित्र निकै आकर्षक थियो । उनले १५ वर्षको उमेरमा आमा, बुबा र बहिनीको चित्रण गरिएको 'कम्युनियन' चित्र निर्माण गरेका थिए । चित्रकलामा उच्च शिक्षाका लागि उनलाई म्याड्रिड एकेडेमीमा भर्ना गरिए पनि बिचैमा पढाइ छाडेर उनी पूर्णकालीन रूपमा कलाकारितामा समर्पित भए । मानवीय संवेदनाको युगीन लय समातेर कलाकृति सिर्जना गर्ने पिकासोले १४ वर्षकै उमेरदेखि आफ्ना चित्र प्रदर्शन गर्ने र बिक्री गर्ने कार्यको थालनी गरेका थिए । ि

पकासोका कलाकृतिमा प्रवृत्तिगत विविधता पाइन्छ । जादु भरिएका उनका कलाकृतिले उनलाई विश्वविख्यात चित्रकारका रूपमा चर्चाको शिखरमा पुऱ्याएका छन् । विश्वकलाको मन्दिरमा सङ्ख्यात्मक दृष्टिले उनका १३५०० हाराहारीमा चित्र, १२२८ मूर्ति, २८८० सेरामिक कला, लगभग १२००० रेखाचित्र समर्पित छन् । उपर्युक्त कृतिमध्ये चित्रकलाले नै उनलाई चर्चाको शिखर चुम्न सफल बनायो । यिनले निर्माण गरेको 'द गुएर्निका चित्र' हालसम्मकै महान् युद्ध विरोधी चित्र मानिन्छ । यस चित्रमार्फत उनी बन्दुकभन्दा कलम र कुची शक्तिशाली हुन्छ भन्ने सन्देश दिन सफल भएको मानिन्छ । सन् १९९५ मा उनले निर्माण गरेको 'वुमन अफ अल्जियर्स' नामक तैल चित्र संसारको सबैभन्दा महँगो मूल्यमा बिक्री

हुने चित्रको रूपमा विश्व कीर्तिमान कायम गरेको थियो । यो चित्र करिब १८० मिलियन डलरमा बिक्री भएको थियो ।

मानवीय संवेदनाको जीवन्त चित्रण गरिएका उनका चित्रमा पारिवारिक तथा आर्थिक सङ्कटजन्य परिस्थितिको प्रभाव परेको पाइन्छ । समाजका गरिब, बहिष्कृत तथा उपेक्षित, एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रमा विषयवस्तुका रूपमा आएका छन् । उनका चित्रमा मानव जीवनका आशा निराशा र विसङ्गत अवस्थाको भव्य चित्रण भएको पाइन्छ ।

(ऋ) विद्यार्थीलाई उक्त नमुनामा पनि छलफल गराई उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) व्याख्या गर्न लगाउनुहोस् :

(अ) बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ ।

(ख) पिकासोको कला यात्राको समीक्षा गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्यक्तिवृत्त लेखन | व्यक्तिवृत्त लेख्न | व्यक्तिवृत्त बुँदा |
| श्रुतिबोध (सुनाइ पाठ १२) | सुनाइ पाठ १२ सुनेर उत्तर भन्न | सुनाइ पाठको श्रव्यसामग्री<br>प्रश्नसूची र उत्तरका नमुना |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै उदाहरणीय व्यक्तिको छोटो जीवनी सुनाई कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् र आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**व्यक्तिवृत्त लेखन**

(अ) व्यक्तिवृत्तका बारेमा समूहमा छलफल गराई विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) व्यक्तिवृत्त लेखनको ढाँचा र संरचनाका बारेमा स्पष्ट पार्नुहोस् । जस्तै :

**व्यक्तिवृत्तको संरचना**

| |
|---|
| नाम :<br>जन्ममिति :<br>जन्मस्थान :<br>बुबाको नाम :<br>आमाको नाम :<br>स्थायी ठेगाना :<br>राष्ट्रियता :<br>शैक्षिक योग्यता :<br>तालिम तथा पुरस्कार :<br>अनुभव :<br>रुचि : |

(इ) विद्यार्थीलाई आआफना व्यक्तिगत विवरण तयार पार्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थीलाई प्रतिनिधिमूलक प्रस्तुतिका लागि अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी व्यक्तिगत विवरणको संरचनाबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(उ) प्रभावकारी व्यक्तिवृत्त लेखनसम्बन्धी तलका कुरा विद्यार्थीलाई पढेर सुनाउनुहोस् :

व्यक्तिवृत्त वा व्यक्तिगत विवरण (बायोडाटा) व्यक्तिको विवरण हो । व्यक्तिवृत्त बनाउनुअगि सो व्यक्तिवृत्त केका लागि हो भनी पहिल्याउन सक्नुपर्छ र सोहीअनुसार व्यक्तिवृत्त तयार गर्नुपर्छ। अस्पष्ट तथा महत्त्वपूर्ण जानकारी क्रम मिलाएर नलेखिएको व्यक्तिवृत्तले आफ्नो वास्तविक योग्यता नदेखाउन सक्छ। साजसज्जा, अक्षर तथा अक्षरको आकारले पनि आकर्षक बायोडाटा लेखनमा महत्त्वपूर्ण भूमिका खेल्छ। रोजगारीको पहिलो पाइलाका रूपमा रहेको आकर्षक व्यक्तिवृत्त बनाइए रोजगारी प्राप्त गर्न सहज हुन्छ।

**योग्यतामा केन्द्रित**

व्यक्तिवृत्तमा व्यक्तिगत उद्देश्य तथा स्वभाव उल्लेख गर्नुहुँदैन। यसले रोजगारदातामा सकारात्मक प्रभाव छोड्न सक्दैन। रोजगारदाताले तब मात्र आफूलाई छनोट गर्न सक्छन्, जब आफ्नो योग्यता र कामको अनुभव उनीहरूका लागि उपयोगी हुन्छ। त्यसैले व्यक्तिवृत्त योग्यतामा केन्द्रित हुनुपर्छ। आफूले केकस्ता कामको अनुभव र उपलब्धि हासिल गरिएको छ भन्ने कुरा नै रोजगारदाताका लागि महत्त्वपूर्ण हुन्छ।

**थोरै बुँदामा सीमित**

बायोडाटाको सबैभन्दा माथि शैक्षिक एवम् व्यवसायिक योग्यता स्पष्ट र सरल भाषामा उल्लेख गर्नुपर्छ। यसलाई केही वाक्यांश वा थोरै बुँदामा सीमित गर्नु उपयुक्त हुन्छ। बायोडाटाले आफ्नो सबै योग्यता समेटेको हुनुपर्छ।

**उपलब्धिलाई केन्द्रमा राख्ने**

बायोडाटामा आफूले गरेका कामको होइन, हासिल गरेका उपलब्धिको सूची समावेश गर्नुपर्छ। छनोटकर्ताका लागि आफूले हासिल गरेको उपलब्धिको जानकारी महत्त्वपूर्ण हुन्छ। त्यसले नै आफ्नो वास्तविक योग्यता एवम् क्षमता झल्काउँछ।

**बढीमा दुई पृष्ठ**

अनावश्यक वा झिनामसिना कुरा लेखिएको व्यक्तिवृत्त पट्यारलाग्दो हुन्छ। सरल शब्द तथा छरिता वाक्य नै असल बायोडाटाको परिचय हो। यस्तो बायोडाटा दुई पृष्ठभन्दा लामो हुनुहुँदैन भन्ने सामान्य नियम छ। जानकारीलाई बुँदागत रूपमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ, तर बुँदाको सूची धेरै लामो हुनुहुँदैन। अनुच्छेदमा भन्दा बुँदागत सूचीमा छनोटकर्ताको ध्यान केन्द्रित हुने कुरा मनन गरेर बायोडाटा तयार

गर्नुपर्छ।

**कामसँग सम्बन्धित सामग्री**

आफूले हासिल गरेका सबै अनुभव वा योग्यता आवेदन गर्न लागेको कामसँग सम्बन्धित हुन्छन् भन्ने छैन। त्यसैले, आवेदन गर्न लागेको कामसँग सम्बन्धित जानकारीलाई आफ्नो व्यक्तिवृत्तको प्राथमिकतामा राख्नुपर्छ भने अन्य महत्त्वपूर्ण जानकारी दोस्रो प्राथमिकतामा राखेर प्रस्तुत गर्नुपर्छ। सधैँ के ख्याल राख्नुपर्छ भने व्यक्तिवृत्त आफ्नो योग्यताको विज्ञापन हो।

(ऊ) कक्षालाई विद्यार्थी सङ्ख्याको अनुपात हेरी समूहमा विभाजन गर्नुहोस् र समूह नेता छान्नुहोस्। बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ को प्रश्न प्रदर्शन गरी एउटा नमुना प्रस्तुत गर्नुहोस् र छलफल गराउनुहोस्। छलफल र नमुनाका आधारमा व्यक्तिवृत्त तयार गर्न लगाउनुहोस्। विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस्।

(ऋ) बोध अभिव्यक्ति अभ्यासको प्रश्न नं १२ मा दिइएको व्यक्तिवृत्त पढेर र माथि दिइएका कुरा मनन गर्दै हरेक विद्यार्थीलाई कक्षामा आआफ्नो व्यक्तिवृत्त लेख्न लगाउनुहोस्।

(ए) समूह कार्य सकिएपछि पालैपालो समूह कार्यलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस्। अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् र उपयुक्त पृष्ठपोषण दिनुहोस्।

**श्रुतिबोध (सुनाइ पाठ १२)**

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई हरेकलाई आआफ्नो धारणा राख्ने अवसर दिनुहोस्।

(आ) विद्यँर्थीले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस्। सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस्। जस्तै :

- सुनाइ  र बोलाइ खण्डमा दिइएका प्रश्न ध्यानपूर्वक पढनुहोस्।
- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्नुहोस्।
- सुनाइ पाठमा आधारित भएर प्रश्नको संरचनाअनुसार उत्तर भन्नुहोस्।

(इ) विद्यार्थीमाझ सुनाइ पाठ १२ सम्बन्धी प्रश्नका सूची प्रदर्शन गर्नुहोस् र शिक्षक स्वयम्ले पठन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी सुनाइ पाठ १२ आवश्यकताका आधारमा (दुई वा दुईभन्दा बढी पटक) सुनाउनुहोस्।

(ई) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास १ को अभ्यास मौखिक रूपमा गराउनुहोस्। यस क्रममा  शिक्षकले नमुना उत्तरसहित पृष्ठपोषण दिनुहोस्।

(उ) सुनाइ पाठका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ सम्बन्धी प्रश्नसूची प्रदर्शन गरी उत्तर छलफल गराउनुहोस्। विद्यार्थीलाई पालैपालो नेपाल र नेपालीको पहिचानबारे भन्न उत्प्रेरित गर्नुहोस्। यस क्रममा शिक्षकले नमुना उत्तरसमेत प्रदर्शन गरी सहजीकरण गराउनुहोस्।

(ऊ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस्।

**३. मूल्याङ्कन**

**(क) व्यक्तिवृत्त तयार गर्दा कुन कुन पक्षलाई समावेश गर्नुपर्छ ? भन्न लगाउनुहोस्।**

**(ख) आफ्ना बुबा, आमा, हजुरबुबा, हजुरआमामध्ये कुनै एक जनाको व्यक्तिवृत्त लेखेर ल्याउन लगाउनुहोस्।** यस कार्यलाई गृहकार्यका रूपमा भोलिपल्ट मूल्याङ्कन गर्नुहोस्।

**(ग) सुनाइ पाठ १२ सँग सम्बन्धित निम्नानुसार प्रश्नोत्तर गराउनुहोस्।**

(अ) लिङ्गे पिङसम्बन्धी परम्परागत धारणा कस्तो रहेको छ ?

(आ) सामाजिक सद्भाव कायम राख्न लिङ्गे पिङले कसरी सहयोग गर्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | हौसलामा आधारित भाषिक प्रकार्य गर्न | हौसलासम्बन्धी भाषिक प्रकार्यको नमुना<br>प्रत्यक्ष कथन अप्रत्यक्ष कथन तालिका<br>उक्ति परिवर्तन तालिका |
| प्रत्यक्ष र अप्रत्यक्ष कथन | प्रत्यक्ष र अप्रत्यक्ष कथन पहिचान गर्न र कथन परिवर्तन गर्न | |
| स्वतन्त्र जीवनी लेखन (परियोजना कार्य) | पुस्तकालयमा रहेका सामग्रीको सहयोगमा जीवनी तयार गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो गीत वा चुट्किलाबाट विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् र आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मौन पठन गर्न प्रत्येक विद्यार्थीलाई अभिप्रेरित गर्नुहोस् ।

(आ) चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहभित्र छलफल गरेर धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

(इ) शिक्षकले हौसला प्रदान गर्ने विषयवस्तुमा केन्द्रित रही हौसलासम्बन्धी भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस्, जस्तै :

**स्थान कक्षा कोठा**

**नेपाली कक्षा समय**

**(एक जना विद्यार्थी शिक्षक बनेका छन् र अर्को एक जना विद्यार्थी ती शिक्षकका विद्यार्थी बनेका छन् ।)**

शिक्षक : सुन्नुहोस्, कक्षाका सम्पूर्ण विद्यार्थी हो ! रामलखनले त यो परीक्षामा निकै राम्रो गर्नुभएको छ ! म चाहन्छु, अरू सबैले यस्तै क्षमता र सिप देखाउनुहोस् ।

रामलखन : धन्यवाद गुरु ! सुरु सुरुमा मलाई नेपाली शुद्ध लेख्न र नेपालीमा पढ्न गारो पर्थ्यो, गुरुले मेरा गल्तीमा पनि मलाई कहिल्यै आलोचना गर्नुभएन, झन्झन् मलाई हौस्याउनुभयो त्यसैको परिणाम हो गुरु ।

शिक्षक : हैन, रामलखन मेरो हौसला त सबै विद्यार्थीलाई थियो तर तपाईंले त्यसलाई गम्भीर रूपमा लिनुभयो । निरन्तर मिहिनेत गर्नुभयो । आज यो परिणाम आयो, तपाईंको यो लगाव देखेर म बहुत खुसी छु, रामलखन ! तपाईं कक्षाका अगाडि आउनुहोस् रामलखनजी । (रामलखन शिक्षकका नजिक आउँछन्)

रामलखन : ( गुरुलाई नमन गर्छन्) म आभारी छु गुरु !

शिक्षक : रामलखन तिमी मैथिली भाषी हौँ तर तिमीले नेपाली भाषामा गरेजो प्रगति देखेर म तीन छक परेको छु । म तिमीलाई स्याबासी दिन्छु ! स्याबास् रामलखन !

**(सबै विद्यार्थीले ताली बजाउँछन्)**

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको सन्दर्भ बुझेर प्रत्येक विद्यार्थीलाई हाउभाउसहित पालैपालो आफ्ना विचार प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(उ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, वाक्य गठन, शैली, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीको बोली, वाक्य गठन, प्रस्तुति शैली, हाउभाउ र व्यवहारमा विनयशीलताको भाव झल्किएको छ वा छैन भन्ने मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) भाषिक व्यवहारमा कमजोर देखिएका विद्यार्थीलाई थप अवसर प्रदान गरी सिकाइ सहजीकरण गर्नुहोस् ।

## प्रत्यक्ष र अप्रत्यक्ष कथन

(अ) प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनका आधारमा उक्ति परिवर्तन गर्न सकिने कुरा विद्यार्थीलाई बताउनुहोस् ।

(आ) कथन वा उक्ति भनेको भनाइ हो । कसैले भनेको कुनै भनाइ वा कथन नै उक्ति हो । यसरी कसैले भनेको भनाइलाई वक्ताले पुनः भन्न खोज्दा सो भनाइ वा उक्ति दुई किसिमले राख्न सक्दछ भनी कक्षामा छलफल चलाउनुहोस् ।

(इ) यस्तो उक्ति (१) कसैले भनेको कथनलाई जस्ताको त्यस्तै प्रस्तुत गरेर र (२) कसैले भनेको कथनलाई वक्ताले आफ्नोतर्फबाट दोहोऱ्याएर गर्न सक्छन् भनी बताउनुहोस्, जस्तैः

| **प्रत्यक्ष कथन** | **अप्रत्यक्ष कथन** |
|---|---|
| गुरुले भन्नुभयो, "भोलि गृहकार्य नगरे सजाय पाउँछौं ।" | (क) गुरुले के भन्नुभयो भने भोलि तिमी विद्यालय आऊ ।<br>(ख) गुरुले भोलि तिमी विद्यालय आऊ भन्नुभयो ।<br>(ग) गुरुले भोलि मलाई विद्यालय आउन भन्नुभयो । |

(ई) शिक्षकले प्रत्यक्ष कथनमा कसैको भनाइलाई यथावत् वा प्रत्यक्ष रूपमा प्रस्तुत गर्नुपर्दा त्यसलाई उद्धरण चिह्न (" ") भित्र राखेर प्रस्तुत गरिन्छ भनी बताउनुहोस् ।

(उ) कसैले भनेको उक्ति वा कथनलाई दोस्रो व्यक्तिले पुनः दोहोऱ्याएर प्रस्तुत गर्दा आफ्नो तर्फबाट पनि मिलाएर प्रस्तुत गर्छ भने त्यस्तो उक्तिलाई अप्रत्यक्ष कथन भनिन्छ भनी बताउनुहोस र माथिका उदाहरण वाक्यपत्तीमा देखाई अप्रत्यक्ष कथनमा उद्धरण चिह्नको प्रयोग गरिँदैन भन्ने विषयमा छलफल चलाउनुहोस् ।

(ऊ) कसैको उक्ति/कथनलाई दोहोऱ्याएर वक्ताले अप्रत्यक्ष रूपमा भन्दा दोस्रो व्यक्तिले भनेअनुसारको उक्ति/कथनका काल, पुरुष आदिमा पनि परिवर्तन आउन सक्दछ ।

| **जस्तै : प्रत्यक्ष कथन** | **अप्रत्यक्ष कथन** |
|---|---|
| रामले भन्यो, "म भात खान्नँ ।" | रामले आफूले भात नखाने कुरो भन्यो । |
| हरिले भन्यो, "म खेल्न जान्छु ।" | हरिले आफू खेल्न जाने कुरो गऱ्यो । |

उक्ति परिवर्तन प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथन र अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा कुनै उक्तिलाई बदल्ने प्रक्रियालाई नै उक्ति परिवर्तन भनिन्छ ।

(ऋ) अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा परिवर्तनका उदाहरण देखाइ थप सबलीकरण गर्नुहोस्, जस्तै :

- गुरुले भोलि आफू नआउने कुरो भन्नुभयो । (अप्रत्यक्ष कथन)
- गुरुले भन्नुभयो, "म भोलि आउँदिनँ ।" (प्रत्यक्ष कथन)

(ए) भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १ र २ मा प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन पहिचानबारे कक्षामा छलफल चलाउनुहोस् ।

(ऐ) सोही अभ्यासको ४ मा दिइएको कुराकानीलाई अप्रत्यक्ष कथनमा बदल्न लगाउनुहोस् । यसरी बदलेका वाक्यबारे विद्यार्थीबिच छलफल चलाउनुहोस् ।

(ओ) कक्षामा तीन जना विद्यार्थीलाई अगाडि ल्याउनुहोस् र दुई जना विद्यार्थीलाई यस्तो प्रश्न गर्न लगाउनुहोस् ।

- विद्यार्थी **ख** विद्यार्थीतर्फ हेर्दै) हजुरको नाम के हो ?
- विद्यार्थी मेरो नाम **ख** विद्यार्थी हो ।

(औ) यसपछि **ग** विद्यार्थीलाई **क** विद्यार्थी र **ख** विद्यार्थीले भनेका वाक्यलाई पहिले प्रत्यक्ष कथनमा भन्न लगाउनुहोस् र त्यसपछि अप्रत्यक्ष कथनमा भन्न लगाउनुहोस् ।

उत्तर : **क** विद्यार्थीले सोध्यो, " हजुरको नाम के हो ? (प्रत्यक्ष कथन)

**क** विद्यार्थीले **ख** विद्यार्थीलाई नाम के हो भनेर सोध्यो । **क** विद्यार्थीले **ख** विद्यार्थीलाई उसको नाम सोध्यो ।

(अप्रत्यक्ष कथन)

(अं) भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. ४ सम्बन्धी अभ्यास गराई पृष्ठपोषण दिनुहोस् ।

**स्वतन्त्र जीवनी लेखन (परियोजना कार्य)**

(अ) परियोजना कार्यका बारेमा कक्षामा थप छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष कुनै दुईओटा समूहका प्रतिनिधिलाई भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्नुहोस् ।

(आ) विद्यार्थीलाई जीवनी लेखनको आरम्भ, मध्य र अन्त्यमा समावेश गरिने बुँदाका लागि छलफल गराउनुहोस् र स्पष्ट पारिदिनुहोस् ।

(इ) समूहगत रूपमा बुँदाका माध्यमबाट जीवनी लेखन गर्ने विषयमा छलफल गराउनुहोस् ।

(ई) निर्देशित जीवनीमा जस्तै स्वतन्त्र जीवनी लेखनका लागि बुँदा सङ्कलन गर्नुपर्ने र तिनलाई संयोजन गरी स्वतन्त्र जीवनी लेख्न सकिने विषयमा छलफल गर्नुहोस् । आवश्यकताअनुसार जीवनी लेखनमा सहजीकरण गर्नुहोस् ।

(उ) सिर्जना परियोजना खण्डको क्रियाकलाप २ को निर्देशनका आधारमा जीवनी लेखन गरेर ल्याउन निर्देशन दिनुहोस् । विद्यार्थीले तयार पारेर ल्याएको जीवनी अर्को कक्षामा प्रस्तुत गर्नुपर्ने विषयमा स्पष्ट पारिदिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) कुनै विद्यार्थीले गरेका कामको प्रशंसा गर्दै अझ राम्रा काम गर्न उत्साह दिएर गरिने संवाद दुई जना विद्यार्थीलाई गर्न लगाउनुहोस् ।

(ख) तलका वाक्यलाई प्रत्यक्ष कथनमा बदल्न लगाउनुहोस् :

(अ) गुरुले म जान्छु भन्नुभयो ।

(आ) साथीले उसको घर आउन भन्यो ।

(इ) उनीहरूले अब फटाफट काम हुने बताए ।

(ग) तलका वाक्यलाई अप्रत्यक्ष कथनमा बदल्न लगाउनुहोस् :

(अ) गुरुले भन्नुभयो, "तिमी मेहनती विद्यार्थी हौ ।"

(आ) साथीले भन्यो, "तिमी समयमा काम गर्दैनौ ।"

(इ) उनीहरूले बताए, "भोलि भलिबल खेल्न जाने योजना छ ।"

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| **ग्य र ज्ञ** वर्णको प्रयोग (वर्णविन्यास) | **ग्य र ज्ञ** वर्णको प्रयोग गर्न | **ग्य र ज्ञ** वर्ण प्रयोग भएका अनुच्छेद र शब्दसूची<br>जीवनीका बुँदा<br>जीवनीको नमुना |
| निर्देशित जीवनी लेखन<br>(सिर्जनात्मक कार्य) | निर्दिष्ट बुँदाका आधारमा जीवनी लेख्न | |
| स्वतन्त्र जीवनी लेखन (परियोजना कार्य कार्य) | पुस्तकालयबाट वा कुनै विशिष्ट व्यक्तिको जीवनी तयार पार्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कुनै महान् व्यक्तिको प्रेरक प्रसङ्ग सुनाउन लगाएर कक्षाको सुरुआत गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**ग्य र ज्ञ वर्णको पहिचान र प्रयोग**

(अ) विद्यार्थीलाई **ग्य** र **ज्ञ** को प्रयोग भएका कुनै शब्द सोध्नुहोस् र उनीहरूले भनेका शब्द ठिक वा बेठिक के हुन् बताइदिनुहोस् ।

(आ) विद्यार्थीले भन्न नसके शिक्षकले अनुच्छेदपत्तीमा **ग्य** र **ज्ञ** प्रयोग भएको अनुच्छेद कक्षामा प्रदर्शन गर्नुहोस्, जस्तै :

ज्ञानुले ग्यालेनमा पानी ल्याए । बाटामा आउँदा ग्याङ् फाइट चलिरहेको देखे । उनीले ज्ञानेश्वर काकालाई फोन गरे । ज्ञानेश्वर काकाले भने, पख म ग्यास्टिकको आयुर्वेदिक औषधी खाएर आउँछु । अहिले यज्ञप्रसाद हवल्दार साबलाई पनि लिएर आउँछु ।

(इ) माथिको अनुच्छेदमा भएका शब्द पहिचान अभ्यास गराउँदै थप उदाहरण दिएर छलफल गराउनुहोस्, जस्तै :

- **'ग्य'को प्रयोग भएका शब्द :** ग्याङ, ग्यालेन, भाग्य, भोग्य, योग्य, ग्यारेज, ग्याल्पो ल्होसार, आरोग्य, ग्यास्टिक,ग्यारेन्टी, वैराग्य
- 'ज्ञ'को प्रयोग भएका शब्द : ज्ञान, विज्ञान, विज्ञ, यज्ञ, आज्ञा, ज्ञवाली, संज्ञा, दैवज्ञ, कृतज्ञ, प्रज्ञा, प्राज्ञ, सर्वज्ञ, विज्ञप्ति

(ई) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको क्रियाकलाप ५ मा दिएको अभ्यासबारे छलफल चलाउनुहोस् र पहिचानात्मक अभ्यास गर्न लगाई परीक्षण गर्नुहोस् ।

(उ) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ६ मा दिएको अभ्यासबारे छलफल चलाउनुहोस् र ग्य र ज्ञ वर्णको प्रयोग भएका शब्द प्रयोग गरी एक अनुच्छेद लेख्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन आवश्यक परेका ठाउँमा विद्यार्थीलाई सहजीकरण गरिदिनुहोस् । कापी साटासाट गराएर परीक्षण गर्न लगाउनुहोस् ।

(ऊ) शिक्षकले थप नमुना अनुच्छेद प्रदर्शन गरेर छलफल गर्नुका साथै श्रुतिलेखन गराएर थप अभ्यास गराउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**निर्देशित जीवनी लेखन (सिर्जनात्मक कार्य)**

(अ) विद्यार्थीलाई जीवनीको आरम्भ, मध्य र अन्त्यका लागि भनिने कुरा छलफल गराउनुहोस् । जीवनी तीन अनुच्छेद बनाउनुपर्ने तथा परिचय, वर्णन र निष्कर्ष खण्डमा राखिने बुँदाबारे जानकारी गराएर स्पष्ट पारिदिनुहोस् ।

(आ) बुँदाका माध्यमबाट जीवनी लेखन गर्ने विषयमा छलफल गराउनुहोस् ।

(इ) जीवनी लेखनका यी बुँदामा छलफल चलाउनुहोस् र जीवनी तयार पार्न लगाउनुहोस्,

(ई) हरेक विद्यार्थीलाई चार्टपेपर दिई उक्त चार्टपेपरमा जीवनीको संरचनालाई ख्याल गरी उपयुक्त शीर्षकसहित सान्दर्भिक वाक्यमा गठन गरी भूतकालिक क्रियापदको प्रयोग गर्दै जीवनी लेख्नुपर्ने कुराको जानकारी गराउनुहोस् । सकेसम्म शिक्षकले तयार पारी ल्याएको जीवनीका बुँदा र ती बुँदामा आधारित भएर लेखेको जीवनीको नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**जीवनी लेखनका लागि बुँदा**

नाम : मोतिराम भट्ट

जन्म : वि.सं. १९२३ भाद्र कुशे औँसीका दिन काठमाडौँको भोसिको टोलमा

पिता, माता : दयाराम भट्ट र रिपुमर्दिनी देवी

- ६ वर्षको उमेरमा आमासँग बनारस प्रस्थान
- बनारसमा संस्कृत र फारसी भाषाको अध्ययन
- त्यहाँ गायन र वाद्यवादन सिकेका
- वि.सं. १९३७ मा नेपाल आई विवाह गरेका
- १९३८ मा फेरि बनारस गई अङ्ग्रेजी पढ्न सुरु गरेका
- नेपालीमा गजल र समस्यापूर्ति कविताको आरम्भकर्ता
- नेपालमा भारतजीवन नामक प्रेस स्थापना
- भानुभक्तीय रामायणको बालकाण्डको प्रकाशन
- गोरखा भारत जीवन नामक नेपाली भाषाको पत्रिका प्रकाशन
- बनारस र काठमाडौँमा मोतीमण्डलीको स्थापना
- युवाकविको उपाधि पाएका
- कवि, गजलकार, नाटककार, जीवनीकार, समालोचक, पत्रकार, खोजकर्ता आदि बहुमुखी व्यक्तित्व
- भाषाप्रेमी, देशप्रेमी, सौन्दर्यका प्रसिद्ध कवि, अग्रजको सम्मान गर्ने
- प्रमुख कृतिहरू - 'प्रह्लाद भक्ति कथा', 'पीकदूत', 'उषाचरित्र', 'प्रियदर्शिका नाटिका', 'शकुन्तला', 'भानुभक्त आचार्यको जीवनचरित्र'
- मृत्यु : वि.सं. १९५३

**युवाकवि मोतिराम भट्ट**

नेपाली साहित्यका क्षेत्रमा युवाकविका नामले चिनिने मोतिराम भट्टको जन्म वि.सं. १९२३ कुशे औँसीका दिन

काठमाडौँको भोसिको टोलमा भएको थियो । उनका बुबाको नाम दयाराम भट्ट तथा आमाको नाम रिपुमर्दिनी देवी थियो ।

मोतिराम भट्ट ६ वर्षकै कलिलो उमेरमा आमासँग बनारस गए । उनी बनारसमै बसी संस्कृत र फारसी भाषाको अध्ययनमा लागे । त्यहाँ उनलाई गायन तथा वाद्यवादन सिक्ने अवसरसमेत प्राप्त भयो । त्यसपछि नेपाल फर्केर उनले वि.सं. १९३७ मा विवाह गरे । विवाह गरेको एक वर्षभित्रै वि.सं. १९३८ सालमा पुनः बनारस गई अङ्ग्रेजी पढ्न थाले । यसरी विभिन्न क्षेत्रमा उनको अध्ययन अगि बढ्यो ।

मोतिराम भट्टले नेपाली साहित्यको विकासका लागि धेरै पक्षबाट सिर्जनात्मक कामहरू आरम्भ गरे । उनले नेपाली काव्यजगत्मा गजल र समस्यापूर्ति कविता सुरु गरे भने अरूलाई पनि लेखनतर्फ आकर्षित गरे । स्वदेशबाटै पुस्तक प्रकाशन सम्भव होस् भन्ने अभिप्राय राखी उनले नेपालमा भारतजीवन नामक प्रेस स्थापना गरेर आदिकवि भानुभक्तको रामायणको 'बालकाण्ड' छपाए । त्यसै सिलसिलामा उनले 'गोरखा भारत जीवन' भन्ने नेपाली भाषाको पहिलो पत्रिकासमेत चलाएर नयाँ परम्पराको सुरुआत गरे । उनले कविहरूलाई भेला पारेर कविता सुन्ने र प्रेरणा दिने उद्देश्य राखेर बनारस र काठमाडौँमा मोती मण्डली नामको कविहरूको समूह स्थापना गरी एउटा जोसिलो साहित्यिक वातावरण खडा गरे । उनले 'पीकदूत' जस्तो उत्कृष्ट काव्य, 'शकुन्तला' नाटक, 'भानुभक्त आचार्यको जीवनचरित्र' शीर्षकको जीवनी तथा समालोचना लेखेका छन् । यीबाहेक उनका अन्य कृतिमा 'प्रह्लाद भक्तिकथा', 'उषाचरित्र', 'गजेन्द्रमोक्ष', 'प्रियदर्शिका नाटिका' आदि पर्छन् ।

युवाकवि मोतिराम भट्टले छोटो आयु पाए तापनि उनको नेपाली भाषा र साहित्यप्रतिको प्रेम र आफूभन्दा अग्रजको सम्मान गर्ने बानी हाम्रा लागि निकै महत्त्वपूर्ण प्रेरणाका स्रोत हुन् । उनले साहित्यका क्षेत्रमा कवि, गजलकार, नाटककार, जीवनीकार, समालोचक, पत्रकार तथा खोजकर्ताका रूपमा सफलतापूर्वक काम गरेका छन् । यस्ता बहुमुखी प्रतिभा भट्टको मृत्यु वि.सं. १९५३ सालमा ३० वर्षकै युवा कालमा भएको थियो । उनी भौतिक रूपमा नरहे पनि नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएका अमूल्य योगदानले उनलाई सधैँ अमर बनाएको छ ।

(उ) प्रस्तुत गरिएको नमुनाका आधारमा सिर्जना परियोजना खण्डको क्रियाकलाप १ का बुँदा समेटी मोतीराम भट्टको जीवनी लेखनसम्बन्धी छलफल चलाउनुहोस् र यसमा आवश्यकताअनुसार सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

(ऊ) जीवनी लेखन कार्य गराएर कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

(ऋ) प्रस्तुति सकिएपछि समूहले तयार गरेको जीवनी प्रदर्शनी पाटीमा टाँसी जीवनीको संरचना (शीर्षक, नाम, जन्ममिति र स्थान, आमाबुबाको नाम, शिक्षा, विवाह, योगदान, पुरस्कार, निधन, प्रेरणा आदि) बारे थप छलफल गराउनुहोस् ।

(ऐ) आवश्यकताअनुसार शिक्षकले तयार पारी ल्याएको मोतीराम भट्टको जीवनीसमेत प्रदर्शन गर्न सक्नुहुने छ ।

**स्वतन्त्र जीवनी रचना र प्रस्तुति (परियोजना कार्य)**

(अ) अगिल्लो दिन परियोजना कार्यअन्तर्गत विद्यार्थीलाई खोजेर वा आफूले चिनेका मानिसको जीवनी तयार पारेर ल्याएको नल्याएको यकिन गर्नुहोस् ।

(आ) जीवनी लेखनमा देखिएका असहजताबारे विद्यार्थीलाई सोधी कक्षामा छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेर ल्याएको जीवनी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । कक्षाका अन्य विद्यार्थीलाई ध्यान दिएर सुन्न र आवश्यक रचनात्मक प्रतिक्रिया दिन लगाउनुहोस् ।

(ई) प्रत्येक विद्यार्थीको प्रस्तुतीकरणपछि स्याबासी दिँदै देखिएका त्रुटिबारे सहजीकरण गराउनुहोस् र आवश्यकताअनुसार थप पृष्ठपोषण प्रदान गर्नुहोस् । विद्यार्थीलाई कुनै असहजता भए थप छलफल गरेर थप अभ्यास समेत गराउनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् :

नाम : माधवप्रसाद घिमिरे

जन्म : वि.सं. १९७६ असोज ७ गते

जन्मस्थान : गाउँ पुस्तुन, जिल्ला लमजुङ, प्रदेश गण्डकी

मातापिता : द्रौपदीदेवी र गौरीशङ्कर घिमिरे

शिक्षा : संस्कृतमा शास्त्री

पेशागत संलग्नता : गोरखापत्रका सहायक सम्पादक, नेपाल प्रज्ञा प्रतिष्ठान्का सदस्य, उपकुलपति र कुलपति

साहित्य यात्रा थालनी : वि.सं. १९९२ मा गोरखापत्रमा 'ज्ञानपुष्प' शीर्षकको कविताबाट

प्रमुख साहित्यिक कृति : नवमञ्जरी, घामपानी (कवितासङ्ग्रह)

किन्नर किन्नरी, सुनपङ्खी चरी (गीति सङ्ग्रह), गौरी, पापिनी आमा, राजेश्वरी, राष्ट्रनिर्माता, धर्तीमाता (खण्डकाव्य )

पुरस्कार तथा सम्मान : पद्मश्री साधना सम्मान (२०७६), साझा पुरस्कार ( २०५४ र २०५८)

मृत्यु : वि. सं. २०७७ भाद्र २ गते, काठमाडौँ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पख्नोस्**

**पाठ : १३**

**विधा : निबन्ध** **कार्यघण्टा : १०**

**परिचय**

निबन्धकार भैरव अर्याल (वि.सं. १९९३-२०३३) द्वारा रचित पख्नोस् हास्यव्यङ्ग्य निबन्ध हो । निबन्ध शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमता विकास गर्नु हो । त्यसैले निबन्धात्मक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।
'पख्नोस्' निबन्ध सहजीकरणका क्रममा बोध क्षमता अभिवृद्धिका लागि सस्वर तथा मौन पठन, संरचना पहिचान, पठन बोध, प्रश्नोत्तर, छलफल र व्याख्या आदिको उपयोगमा ध्यान दिइएको छ । अभिव्यक्ति कौशल अभिवृद्धिका लागि बुँदा टिपोट, व्याख्या, सारांश, प्रश्न निर्माण, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र स्वतन्त्र लेखन जस्ता क्रियाकलापलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण

पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सस्वर पठन, शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, मौन पठन र बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत अनुकरणात्मक शब्द, पारिभाषिक शब्द, मौलिक शब्द संरचना बोधसम्बद्ध प्रश्नोत्तर, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या लेखन, श्रुतिलेखन, चित्र वर्णन, बुँदा टिपोट र सारांश लेखन, समीक्षात्मक उत्तर लेखन, अनुच्छेद लेखन, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र व्यङ्ग्यमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचनाअन्तर्गत पदसङ्गति र वर्णविन्यासअन्तर्गत हलन्त र अजन्तको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यक्रम विकास केन्द्रले विकास गरेको सुनाइ पाठ १३ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ १३ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| **पहिलो दिन** | • हास्यव्यङ्ग्य विषयवस्तुमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-६)<br>• शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • विभिन्न व्यङ्ग्य चित्र तथा हास्यव्यङ्ग्यमा आधारित भई छलफल गर्न<br>• निर्दिष्ट अनुच्छेद सस्वर पठन गरी नयाँ शब्द उच्चारण गर्न<br>• निर्दिष्ट शब्दको अर्थ भन्न<br>• निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेद पढी प्रश्नका उत्तर बताउन | • स्लाइड वा चार्ट<br>• चित्र<br>• वाक्य सूची<br>• शब्दसूची, शब्दार्थपत्ती र वाक्यपत्ती<br>• प्रश्नसूची | १ |

| | | | | |
|---|---|---|---|---|
| **दोस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ७, ८, ९)<br>• शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद सस्वर पठन गरी नयाँ शब्द उच्चारण गर्न<br>• निर्दिष्ट शब्दको अर्थ भन्न<br>• निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन<br>• पदसङ्गति मिले वा नमिलेका वाक्य पहिचान गरी सङ्गति मिलाई वाक्य पुनर्लेखन गर्न<br>• मौलिक शब्द पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती, शब्दकोश<br>• वाक्यपत्ती<br>• बोध प्रश्नसूची<br>• वाक्यसूची | १ |
| **तेस्रो दिन** | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ११, १२, १३)<br>• शब्दार्थ र प्रयोग<br>• मौन पठन र बोधात्मक प्रश्नोत्तर<br>• प्रश्न निर्माण र उत्तर पहिचान | • निर्दिष्ट अनुच्छेद सस्वर पठन गरी नयाँ शब्द उच्चारण गर्न<br>• निर्दिष्ट शब्दको अर्थ बताउन<br>• निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन<br>• अनुच्छेदमा प्रयुक्त टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेद पठन गरी प्रश्न निर्माण र उत्तर पहिचान गरी लेख्न | • स्लाइड वा प्रोजेक्टर वा अनुच्छेद चार्ट<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती, शब्दसूची, शब्दकोश<br>• वाक्यपत्ती<br>• बोध प्रश्न सूची<br>• अनुच्छेद<br>• टुक्कासूची र वाक्यका नमुना<br>• प्रश्नसूची र उत्तरका नमुना | १ |
| **चौथो दिन** | • बोधात्मक प्रश्नोत्तर (अदृष्टांश)<br>• चित्र वर्णन<br>• भाषिक संरचना (अनुच्छेद र वाक्य पहिचान)<br>• व्याख्या | • निर्दिष्ट अनुच्छ पढी प्रश्नको उत्तर दिन<br>• निर्दिष्ट चित्रको वर्णन गर्न<br>• पाठगत संरचना पहिचान गर्न<br>• निर्दिष्ट वाक्यांशको व्याख्या गर्न | • बोध प्रश्न सूची<br>• चित्र<br>• स्लाइड वा प्रोजेक्टर वा अनुच्छेद चार्ट<br>• वाक्यपत्ती<br>• व्याख्याको नमुना | १ |
| **पाँचौं दिन** | • बुँदा टिपोट र सारांश लेखन<br>• सङ्क्षिप्त उत्तर लेखन<br>• निबन्धको सार लेखन | • निर्दिष्ट अनुच्छेदको बुँदा टिपोट गरी सारांश लेख्न<br>• दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न<br>• निर्दिष्ट निबन्धको सार लेख्न | • लाइड वा प्रोजेक्टर वा अनुच्छेद चार्ट<br>• सारांशका बुँदा<br>• सारांशको नमुना<br>• सङ्क्षिप्त उत्तरको नमुना<br>• मुख्य मुख्य बुँदा समेटिएको चार्ट<br>• सार लेखनको नमुना | १ |
| **छैटौं दिन** | • समीक्षात्मक उत्तर लेखन<br>• टिप्पणी लेखन | • निर्दिष्ट प्रश्नको समीक्षात्मक उत्तर लेख्न<br>• निर्दिष्ट विषयमा टिप्पणी लेख्न | • स्लाइड वा प्रोजेक्टर वा चार्ट<br>• पाठको भाव समेटिएका बुँदा | १ |

| | | | | |
|---|---|---|---|---|
| | | | • समीक्षात्मक उत्तर लेखनको नमुना<br>• टिप्पणीको संरचना तालिका<br>• टिप्पणी लेखनको नमुना | |
| **सातौँ दिन** | • निबन्ध लेखन<br>• श्रुति लेखन | • निर्दिष्ट शीर्षकमा निबन्ध लेख्न<br>• निर्दिष्ट अनुच्छेद सुनेर शुद्धसँग लेख्न | • स्लाइड वा प्रोजेक्टर<br>• निबन्ध लेखनका लागि शीर्षक सूची<br>• निबन्धको नमुना<br>• श्रुति लेखनका लागि अनुच्छेद | १ |
| **आठौँ दिन** | • भाषिक प्रकार्य<br>• श्रुतिबोध (सुनाइ पाठ १३) | • हास्यव्यङ्ग्य शैलीमा मौखिक प्रस्तुति दिन<br>• सुनाइ पाठ १३ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • हास्यव्यङ्ग्य शैलीको कुनै रचना<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• सुनाइ पाठ १३ को श्रव्य सामग्री | १ |
| **नवौँ दिन** | • पदसङ्गतिको पहिचान र प्रयोग<br>• हलन्त र अजन्त वर्ण<br>• हास्यव्यङ्ग्य रचनाको विषयवस्तु खोज (परियोजना कार्य) | • लिङ्ग, वचन, आदर र पुरुष सङ्गतिको पहिचान र प्रयोग गर्न<br>• हलन्त र अजन्त वर्ण पहिचान गरी प्रयोग गर्न<br>• विद्युतीय माध्यमबाट प्रसारित हास्यव्यङ्ग्य रचनाको विषयवस्तु र सन्देश टिपोट गर्न | स्लाइड वा प्रोजेक्टर वा पदसङ्गतिसम्बन्धी अनुच्छेद चार्ट<br>• लिङ्ग, वचन, पुरष र आदरको तालिका<br>• हलन्त र अजन्त वर्ण प्रयुक्त अनुच्छेदपत्ती | १ |
| **दसौँ दिन** | • निबन्ध रचना (सिर्जनात्मक कार्य)<br>• हास्यव्यङ्ग्य रचनाको विषयवस्तु खोज र प्रस्तुति (परियोजना कार्य) | • निर्देशित शीर्षकमा निबन्ध रचना गर्न<br>• विद्युतीय माध्यमबाट प्रसारित हास्यव्यङ्ग्य रचनाको विषयवस्तु र सन्देश प्रस्तुत गर्न | • दृश्य सामग्री, स्लाइड वा प्रोजेक्टर वा चार्ट<br>• निबन्ध लेखनका लागि बुँदाहरूको नमुना चार्ट<br>• निबन्धको नमुना | १० |
| **जम्मा कार्यघण्टा** | | | | **१०** |

## पहिलो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| हास्यव्यङ्ग्य विषयवस्तुमा आधारित छलफल | विभिन्न व्यङ्ग्य चित्र तथा हास्यव्यङ्ग्यमा आधारित भई छलफल गर्न | • स्लाइड वा चार्ट<br>• चित्र<br>• वाक्य सूची<br>• शब्दसूची, शब्दार्थपत्ती र वाक्यपत्ती |
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-६) | निर्दिष्ट अनुच्छेद सस्वर पठन गरी नयाँ शब्द उच्चारण गर्न | |
| शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ भन्न<br>निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न | |

| | | |
|---|---|---|
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी प्रश्नका उत्तर बताउन | • प्रश्नसूची |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले तलका जस्तै हास्यव्यङ्ग्यसम्बन्धी रोचक प्रसङ्ग उत्प्रेरक भनाइ सुनाएर ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि चुट्किला भन्न प्रोत्साहित गर्नुहोस् ।

(आ) आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठयवस्तुबारे जानकारी दिनुहोस्

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरणसम्बन्धी क्रियाकलाप**

**हास्यव्यङ्ग्य विषयवस्तुमा आधारित छलफल**

(अ) केही हास्यव्यङ्ग्यात्मक चित्र वा कार्टुन स्लाइडबाट प्रदर्शन गर्नुहोस् र ती चित्रले व्यक्त गरेका विषयवस्तुबारे छलफल गराउनुहोस् ।

(आ) यस तहका विद्यार्थीका लागि हास्यव्यङ्ग्यसम्बन्धी विषयवस्तु नयाँ अवधारणा भएकाले हाँसोका माध्यमबाट व्यक्तिका आनीबानी र व्यक्तिगत चरित्रको उजागर गर्ने, सिधा कुरा नभनी घुमाउरो तरिकाले वा छेडछाड गरेर केही कुरा भन्ने तरिका नै हास्यव्यङ्ग्य हो भनी सान्दर्भिक उदाहरण प्रस्तुत गरी धारणा स्पष्ट गराउनुहोस् । पाठको सुरुआतमा दिइएको चित्रले पनि यस्तै विषय पस्केको कुरा सन्दर्भसहित प्रस्ट पारिदिनुहोस् ।

(इ) हास्यव्यङ्ग्य विषयवस्तुमा आधारित छलफल यससम्बन्धी उदाहरण पख्नोस निबन्ध पाठबाट वा अन्य स्रोतबाट वा आफैँले सिर्जना गरेर पनि उदाहरण प्रस्तुत गर्न सक्नुहुन्छ । हास्यव्यङ्ग्यमा व्यक्तिलाई सिधै घोचपेच नगरी घुमाउरो तरिकाले व्यक्तिका आनीबानी र व्यवहार तथा चरित्रप्रति प्रहार गरिने कुरा प्रस्ट पार्दै आफूले प्रस्तुत गरेको हास्यव्यङ्ग्यको उदाहरणले के कुरा व्यक्त गर्न खोजेको छ भनी विद्यार्थीबिच छलफल गराउनुहोस् ।

(ई) छलफलबाट प्राप्त निष्कर्ष टिपोट गर्दै जानुहोस् र थप पृष्ठपोषण र पुस्ट्याइँ आवश्यक भए सहजीकरण गरिदिनुहोस् ।

(उ) हास्यव्यङ्ग्यसम्बन्धी प्रस्तुति शैलीमा विद्यार्थीलाई अभ्यास गर्न प्रेरित गर्नुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई सस्वर पठन क्रियाकलापका लागि निम्नलिखित पक्षको जानकारी गराउनुहोस् :
पठन क्रियाकलापमा विशेष गरी गति र यति मिलाएर पढ्ने कुरा हो भनी प्रस्ट पार्दै गति (छिटो छिटो), यति (पद पदका बिचको विश्राम) मिलाई पढ्ने, विराम चिह्नको ख्याल गरी पढ्ने र हिज्जे (वर्णको लेख्य विन्यास) को ख्याल गरी पढ्ने कुरा ख्याल गर्नुपर्नेमा जानकारी गराउँदै पठन अभ्यास गराउनुहोस् ।

(आ) पाठका १ देखि ६ सम्मका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् । यस क्रममा छात्र र छात्रा दुवैलाई पालैपालो सस्वर पठन गराउनुहोस् । दोस्रो भाषी विद्यार्थीलाई पनि समान सहभागी गराउनुहोस् । साथीले गरेको उच्चारण विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् र अशुद्ध उच्चारण भएका शब्दलाई बिचमै रोकेर सच्याउन लगाउनुहोस् ।

(इ) अनुच्छेद एक सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुटाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी अक्षरीकरणसहित थप अभ्यास गराउनुहोस् र नमुना पनि दिनुहोस्, जस्तै :

रक्तकाली /रक्.त.का.लि/ शिक्षित /सिक्.क्षि.त्/

खस्याङखुसुङ /ख.स्याङ्.खु.सुङ्/ भऱ्याङ /भ.र्‍याङ्/

वनकाली /बन्.का.लि/ मनिटर /म.नि.टर्/

(उ) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

**शब्दार्थ र वाक्यमा प्रयोग**

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थ बोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(आ) टिपोट गरिएका शब्द विद्यार्थीलाई नै उच्चारण गर्न लगाएर ती शब्दको अर्थ विद्यार्थीबाटै खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

(इ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

शब्द : साक्षी
अर्थ : कुनै घटना आखाँले देख्ने व्यक्ति
वाक्यमा प्रयोग : अदालतले कुनै पनि घटनाको साक्षी खोज्छ ।

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा पाँचओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली प्रमुखलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा केही वाक्यपत्तीको नमुनासहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा पूर्व ज्ञानका आधारमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस्, जस्तै :

प्रश्न

- सम्पादक कोसँग ऋण माग्न गएका थिए ?
- सम्पादकलाई किन रिस उठ्यो ?
- हामीले के गर्न धैर्य राख्नुपर्छ ?

(इ) प्रत्येक समूहलाई प्रदर्शन गरेका एक एकओटा प्रश्नको उत्तर पाठका आधारमा भन्न लगाउनुहोस् । सबै विद्यार्थीको पालो पुगेपछि बोध तथा अभिव्यक्ति खण्डको अभ्यास न. ५ मा दिइएको अनुच्छेद प्रदर्शन गरी मौन पठन गर्न लगाउनुहोस् । यस अभ्यासका प्रश्न प्रदर्शन गरी ती प्रश्नको उत्तर पाँच छ वाक्यमा लेख्नुपर्ने बताइदिनुहोस् ।

(ई) उत्तर लेख्ने काम सकिएपछि विद्यार्थीले लेखेको उत्तर प्रस्तुत गर्न लगाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) उत्तरमा थपघट गर्नुपर्ने अवस्था भए आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) पाठको तेस्रो अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।

(ख) शुद्ध उच्चारण गर्न लगाउनुहोस् :
आगलागी, चिल्ला, उँघीउँघी, छत्रपाटी

(ग) दिइएका शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
छिँडी, प्रकट, सम्भाव्य, पटकैपिच्छे

(घ) तलका प्रश्नको उत्तर भन्न लगाउनुशहोस् :
(अ)सम्पादक कोसँग ऋण माग्न गएका थिए ?
(आ) सम्पादकलाई किन रिस उठ्यो ?
(इ) हामीले के गर्न धैर्य राख्नुपर्छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ७, ८, ९) | • निर्दिष्ट अनुच्छेद सस्वर पठन गरी नयाँ शब्द उच्चारण गर्न | • शब्दपत्ती<br>• शब्दार्थपत्ती, शब्दकोश<br>• वाक्यपत्ती<br>• बोध प्रश्नसूची<br>• वाक्यसूची |
| शब्दार्थ र प्रयोग | • निर्दिष्ट शब्दको अर्थ भन्न<br>• निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन<br>• पदसङ्गति मिले वा नमिलेका वाक्य पहिचान गरी सङ्गति मिलाई वाक्य पुनर्लेखन गर्न<br>• मौलिक शब्द पहिचान र प्रयोग गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) हास्यव्यङ्ग्य साहित्यको मीठो अचार जस्तै हो भन्दै रमाइला चित्र प्रदर्शन गरी विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् । जस्तै :

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई सस्वर पठन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

(आ) शिक्षकले पाठको सातौँ अनुच्छेद नमुना सस्वर पठन गरेर सुनाउनुहोस् । नमुना पठन गरेपछि विद्यार्थीलाई पनि पालैपालो पठन गर्न लगाउनुहोस् ।

(इ) निर्दिष्ट अनुच्छेद सस्वर पठनका क्रममा नयाँ लागेका शब्द र अर्थ पहिचान गर्न समस्या भएका शब्द अन्य विद्यार्थीलाई रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शब्दपत्तीका माध्यमबाट अक्षरीकरण गरी शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् । जस्तै :

जुम्स्याइँ /जुम्.स्याइँ/
पर्खाइ /पर्.खाइ/
झर्को /झर्.को/

(ऋ) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

**शब्दार्थ र प्रयोग**

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् ।

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दपत्ती र शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न सर्वप्रथम विद्यार्थीलाई प्रेरित गर्नुहोस् । विद्यार्थीलाई असहज भएको अवस्थामा आवश्यक सहजीकरण गरी सम्भव भए वाक्यपत्तीको सहायताले नत्र शैक्षणिक पाटीको प्रयोग गरी स्पष्ट पारिदिनुहोस् ।

(उ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा पाँचओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

| **शब्द** | **अर्थ** | **वाक्य** |
|---|---|---|
| विपक्षी | प्रतिद्वन्द्वी, शत्रु | योद्धाहरू लडाइँमा विपक्षीमाथि हमला गर्छन् । |

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका बोधात्मक प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले दिइएका जस्तै प्रदर्शन गर्नुहोस् ।
प्रश्नका नमुना

- फत्तेपुर जाने रेल पर्खने को हो ?
- मस्कोका वैज्ञानिकले आँखा किन तानिरहेका छन् ?
- साह्रै नै झर्को लागेका वेला के पिउन भनिएको छ ?
- बारीका डिलमा बसेर साथीलाई कसरी पर्खनु परेको होला ?

(इ) प्रश्नको उत्तर पाठका आधारमा लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(ऊ) पदसङ्गति नमिलेका वाक्यसूची प्रदर्शन गरी लिङ्ग, वचन, पुरुष र आदर मिले नमिलेको पहिचान गर्न लगाउनुहोस् । जस्तै :
म घर गयो । हामीले समयमै काम गरेँ । तपाईंले राम्रो कुरा भन्यो । रीता बजार जाने छ ।

(ऋ) उपर्युक्त वाक्य नमिलेका भए पदसङ्गति मिलाई पुनर्लेखन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ए) विद्यार्थीलाई नेपाली भाषामा मौलिक र आगन्तुक शब्दको प्रयोग हुन्छ भन्नेबारे पूर्वज्ञानका आधारमा प्रश्न सोध्नुहोस् । उत्तर नआएमा शिक्षकले सहजीकरण गर्नुहोस् ।

(ऐ) नेपालीमा आगन्तुक बाहेकका शब्द मौलिक हुन् भन्ने स्मरण गराउनुहोस् र पाठबाट केही मौलिक ( तत्सम र तद्भव) शब्द उदाहरणका रूपमा प्रदर्शन गर्नुहोस्, जस्तै :
**तत्सम** : साक्षी, धैर्य, शिक्षित, प्रयोग आदि ।
**तद्भव** : हात, सबै, मान्छे, खाट आदि ।

(ओ) विद्यार्थीलाई पाठ्य अनुच्छेदबाट तत्सम र तद्भव शब्द पहिचान गरी प्रस्तुत गर्न लगाएर छलफलका माध्यमले थप धारणा स्पष्ट पारिदिनुहोस् ।

(औ) शब्दभण्डारको अभ्यास ४ ले निर्देश गरेको अनुच्छेद पढ्न लगाउनुहोस् र निर्देशानुसार मौलिक शब्द पहिचान गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको सातौँ अनुच्छेद सस्वर पठन गर्न लगाउनुहोस् ।**

**(ख) विद्यार्थीलाई तलका शब्द उच्चारण गर्न, अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

टोपी, टुक्रुक्क, कुशल, उब्जाउ, यकिन, छिमेकी

**(ग) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) मानिसले कहाँ कहाँ पर्खनु पर्ने बाध्यता छ ?
(आ) कसले आँखा तानेर पर्खिरहेका छन् ?

**(घ) दिइएका वाक्यको सङ्गति मिले नमिलेको पहिचान गरी नमिलेको भए मिलाएर भन्न लगाउनुहोस् :**
ऊ मामाको छोरा हुन् । समीक्षा बिहानदेखि बाहिर बसेकी छन् । दिदी कता गइछे ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण **(अनुच्छेद ११, १२, १३)** | • निर्दिष्ट अनुच्छेद सस्वर पठन गरी नयाँ शब्द उच्चारण गर्न | • स्लाइड वा प्रोजेक्टर वा अनुच्छेद चार्ट<br>• शब्दपत्ती<br>• शब्दार्थपत्ती, शब्दसूची, शब्दकोश<br>• वाक्यपत्ती<br>• बोध प्रश्न सूची<br>• अनुच्छेद<br>• टुक्कासूची र वाक्यका नमुना प्रश्नसूची र उत्तरका नमुना |
| शब्दार्थ र प्रयोग | • निर्दिष्ट शब्दको अर्थ बताउन<br>• निर्दिष्ट शब्दलाई वाक्यमा प्रयोग गर्न | |
| मौन पठन र बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर दिन<br>• अनुच्छेदमा प्रयुक्त टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| प्रश्न निर्माण र उत्तर पहिचान | • निर्दिष्ट अनुच्छेद पठन गरी प्रश्न निर्माण र उत्तर पहिचान गरी लेख्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई तपाईँहरू दिनमा कति समय हाँस्ने गर्नुहुन्छ भनी प्रश्न सोधी रमाइलो वातावरण सिर्जना गर्नुहोस् वा कुनै उत्प्रेरक भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले विद्यार्थीलाई सस्वर पठन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

(आ) पाठका निर्दिष्ट अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(इ) सस्वर पठनका क्रममा नयाँ लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(उ) ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस्, जस्तैः

| | | | |
|---|---|---|---|
| निर्देशक | /निर्.दे.सक्/ | आणविक | /आ.ड.बिक्/ |
| समस्या | /स.मस्.स्या/ | दोष | /दोस्/ |
| झुल्याएर | / झुल्.ल्या.ए.र/ | | |

(ऊ) यसै अभ्यासअनुसार बोध र अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेबमोजिमका शब्द पनि उच्चारण गराउनुहोस् । बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङकलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् ।

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(उ) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

(ऊ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ए) यसैक्रममा शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र ती शब्दसँग जोडिने क्रियामूलबारे छलफल गराउँदै जोडा मिलाउन लगाउनुहोस् । शिक्षकले तयार पारेर लगेको शब्दसूची प्रदर्शन गरी थप सहजीकरण गराउनुहोस् । जस्तै :

| | |
|---|---|
| ख्वाङख्वाङ | खोक्नु |
| गजक्क | पर्नु |
| डिच्च | हाँस्नु |
| लस्याङलुसुङ | गर्नु |
| जम्स्याङजुम्सुङ | हुनु |

(ऐ) यस्तै, पाठमा प्रयोग भएका केही प्राविधिक वा पारिभाषिक शब्दको सूची प्रदर्शन गरी छलफल गराउनुहोस् र शब्दभण्डारको अभ्यास २ मा भनिएअनुसार थप पाँचओटा पारिभाषिक शब्द पाठबाट खोजेर लेख्न र तिनलाई मौखिक रूपमा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ओ) यस क्रममा पाठको शब्दभण्डार खण्डको ३ अभ्यासमा दिइएका शब्द र तिनका अर्थ शब्दकोशको माध्यमबाट पहिचान गर्न लगाउनुहोस् । शब्दको अर्थ पहिचान गर्न र वाक्यमा प्रयोग गर्न समस्या भएमा शब्दपत्तीको सहायताले शिक्षकले बताइदिनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## मौन पठन र बोधात्मक प्रश्नोत्तर

(अ) पाठको निर्दिष्ट अनुच्छेदभित्रमध्ये कुनै एउटा अनुच्छेदको अंश स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । अथवा विद्यार्थीलाई समूह विभाजन गरी बोध अभिव्यक्ति खण्डको क्रियाकलाप ४ प्रस्तुत गरी मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिन प्रेरित गर्नुहोस् ।

(आ) यसका लागि बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टका सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

(ई) प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(ऊ) विद्यार्थीले पठन गरेका अनुच्छेदभित्र रहेका टुक्का रेखाङ्कित गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका टुक्का पालैपालो भन्न लगाउनुहोस् । शिक्षकले तयार गरी ल्याएको टुक्कासूची प्रदर्शन गरी छलफल गराउनुहोस् ।

जस्तै : कन्सिरी तात्नु, पानी मरुवा हुनु, कुराले टार्न खोज्नु, जुम्सो हुनु, जड चल्नु

(ऋ) प्रदर्शित टुक्काको अर्थ छलफल गराउनुहोस् र ती टुक्कालाई वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् । शिक्षकले वाक्यपत्तीको सहायताबाट नमुना पनि दिएर युगल रूपमा उक्त कार्य गराउनुहोस् । जस्तै :

कन्सिरी तात्नु : साथीको नचाहिँदो कुरो सुनेर रिसले मेरा त कन्सिरी तात्न थालेका थिए ।

(ए) उदाहरणमा दिइए जस्तै गरी शब्दभण्डार खण्डको अभ्यास ५ पनि गराउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

**प्रश्न निर्माण उत्तर पहिचान**

(अ) विद्यार्थीको समूह बनाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को निर्देशानुसार अनुच्छेद पठन गरी प्रश्न निर्माण गर्नुपर्ने कुरा बताउनुहोस् । दिइएको अनुच्छेदबाट महत्त्वपूर्ण विषय के के हुन् पहिचान गरी त्यहाँबाट प्रश्न निर्माण गर्न लगाउनुहोस् । यसका लागि शिक्षकले प्रश्न निर्माण गर्दा निम्न कुरामा ध्यान दिन लगाउनुहोस् :

- विषयवस्तुको पहिचानसँग सम्बन्धित प्रश्न बनाउन
- अनुमानसँग सम्बन्धित प्रश्न बनाउन

(आ) प्रश्न निर्माण गर्नुअगि धारणा निर्माण गर्न तथा आफ्ना विचारलाई प्रश्नबाट तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न लगाउनुहोस् । प्रश्नात्मक प्रस्तुतिको अभिव्यक्तिगत सिप अभिवृद्धि गराउनुहोस् ।

(इ) विद्यार्थीलाई फरक फरक प्रश्न निर्माण गर्न लगाउनुहोस् । उत्तरका लागि बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई समूहगत रूपमा मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न र लेख्न लगाउनुहोस् र आवश्यक भए उत्तरका नमुनासहित थप सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको अन्तिम अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।**

**(ख) तलका शब्दको उच्चारण गर्न, अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

पामर, तीव्र, असीमित

**(ग) दिइएका टुक्कालाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

जड चल्नु, दाउ हेर्नु

**(घ) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) बाँच्नुको पर्याय के हो ?

(आ) निबन्धकारले केलाई पलायनवादिता भनेका छन् ?

**(ङ) कुनै तीनओटा टुक्का पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।**

**(च) पाठको आठौँ अनुच्छेदबाट दुईओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोधात्मक प्रश्नोत्तर (अदृष्टांश) | • निर्दिष्ट अनुच्छे पढी प्रश्नको उत्तर दिन | • बोध प्रश्न सूची<br>• चित्र<br>• स्लाइड वा प्रोजेक्टर वा अनुच्छेद चार्ट<br>• वाक्यपत्ती<br>• व्याख्याको नमुना |
| चित्र वर्णन | • निर्दिष्ट चित्रको वर्णन गर्न | |
| भाषिक संरचना (अनुच्छेद र वाक्य पहिचान) | • पाठगत संरचना पहिचान गर्न | |
| व्याख्या | • निर्दिष्ट वाक्यांशको व्याख्या गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कुनै रमाइलो किस्सा सुनाएर उनीहरूमा जिज्ञासा जगाउँदै उनीहरूका अनुभव सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाका पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप**

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठको निर्दिष्ट अदृष्टांश बोध अनुच्छेद बोध अभिव्यक्ति खण्डको १४ मा दिइएको अंशलाई स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत अंश पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(आ) बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । अनुच्छेदका आधारमा लिखित रूपमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीलाई आवश्यक छलफल गरी उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक परेमा उत्तरका नमुनासहित सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

**चित्रवर्णन**

(अ) पाठको बोध र अभिव्यक्ति ११ मा दिइएको चित्र स्लाइडबाट प्रदर्शन गर्नुहोस् ।



(आ) हरेक विद्यार्थीलाई ती चित्रका बारेमा वर्णन गरी एक एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

(इ) चित्रको वर्णन लेखिसकेपछि विद्यार्थीबिच कापी साटासाट गरी साथी साथीबिच मूल्याङ्कन गर्न लगाउनुहोस् र शिक्षकले तयार गरी ल्याएको चित्र वर्णनको नमुना प्रदर्शन गर्नुहोस् । शिक्षकले प्रदर्शन गरेको नमुनासँग विद्यार्थीका उत्तर तुलना गर्न लगाउनुहोस् र हरेकलाई आआफ्ना कापी फिर्ता लिन अह्राउनुहोस् । जस्तै :

**चित्र वर्णनको नमुना**

चित्रमा प्राकृतिक सुन्दरताले युक्त शान्त गाउँ चित्रित छ । चित्रमा उतारिएका घरको बनावटले समाजमा रहेको वर्गीय विविधतालाई झल्काएको छ । गाउँले नजिकको चउरमा जम्मा भएका छन् । चउरमा भेला भएका गाउँलेलाई सामाजिक कार्यकर्ता समुदाय शीर्षकमा अनुशिक्षण गरिरहेको देखिन्छ । उनले समुदायको महत्त्व, भूमिका र परिचालनका विषयमा केही कुरा बताइरहेको अनुमान गर्न सकिन्छ ।

(ई) यसरी चित्र वर्णन गरिसकेपछि समावेशीमूलक रूपमा केही विद्यार्थीलाई अगाडि आएर दिएको चित्रका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

**भाषिक संरचना (अनुच्छेद र वाक्य पहिचान)**

(अ) निबन्धको विधाको परिचयका क्रममा छलफल गरिएका शैली तथा संरचनासम्बद्ध विषयवस्तु र स्लाइड वा चार्टमार्फत प्रदर्शन गरिएका अनुच्छेदका संरचनाका बारेमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) संरचनासम्बन्धी अभ्यास अगाडिका पाठमा गरिसकेको स्मरण गराउँदै संरचना पहिचानात्मक अभ्यास गराउनुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ मा दिइएका संरचनासम्बद्ध प्रश्नसूची प्रदर्शन गर्नुहोस् र संरचनाका बारेमा थप छलफल गराउनुहोस् । जस्तै :

**दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) निबन्धमा सबैभन्दा लामो अनुच्छेद कति वाक्यमा संरचित छ ?

(ख) पाठमा सबैभन्दा बढी प्रश्नात्मक वाक्य भएको अनुच्छेद कुन हो ?

(ग) निबन्धको कतिऔँ अनुच्छेद विस्मयसूचक शब्दबाट सुरु भएको छ ?

(घ) निबन्धका 'आउँदै गर्नुहोला', 'धाउँदै गर्नुहोला' पदावलीमा असमान संरचना भएको अक्षर कुन हो ?

(ई) विद्यार्थीलाई पालै पालो संरचनासम्बन्धी प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् । सही उत्तरका लागि स्याबासी दिनुहोस् । गलत उत्तर दिए आवश्यक सहजीकरण गरिदिनुहोस् । जस्तै :
प्रश्न : निबन्धको कतिऔँ अनुच्छेद विस्मयसूचक शब्दबाट सुरु भएको छ ।
उत्तर : निबन्धको नवौँ अनुच्छेद विस्मयसूचक शब्दबाट सुरु भएको छ ।

**व्याख्या लेखन**

(अ) विद्यार्थीलाई व्याख्या लेखनका विषयमा पूर्व ज्ञानमा आधारित भई छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको अभ्यास ९ का अंश प्रदर्शन गरी त्यससँग सम्बद्ध अंशमा केन्द्रित रही व्याख्या गर्न र उक्त अंशले के भन्न खोजेको हो, त्यससम्बन्धी बुँदा बनाउन लगाउनुहोस् ।

(इ) व्याख्या गर्दा आदि, मध्य र अन्त्य भागमा लेख्नुपर्ने विषयका बारेमा छलफल गराउनुहोस् ।

(ई) मुख्य बुँदा पहिचान गर्न लगाउनुहोस् । सबैको फरक फरक बुँदालाई एकीकृत गरी आवश्यक बुँदा राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् । यस सन्दर्भमा व्याख्याको नमुना पनि प्रदर्शन गर्नुहोस् । जस्तै :

**सबै पखाईको पछिल्तिर मेरा सयौँ सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् ।**

व्यक्ति, परिवार समाज तथा राष्ट्रिय स्तरमा देखापरेका सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक आदि क्षेत्रमा देखापरेका मानवीय विकृति र विसङ्गतिप्रति चोटिलो प्रहार गरिएको निर्दिष्ट अंशमा हास्यको रमरम स्वादमा व्यङ्ग्यको भ्कटारो पाइन्छ । कुनै काम लिन आएका मानिसलाई पर्खाउने प्रवृत्तिले व्यक्ति, परिवार, समाज र राष्ट्रको भविष्य अन्योलमा पर्दै गएको विचार प्रस्तुत वाक्यले व्यक्त गरेको छ ।

पर्खने र पर्खाउने संस्कृतिले एउटा व्यक्तिको सपना, इच्छा र आकाङ्क्षालाई पर्खाएको र भविष्य अन्योलमा पार्ने गरेको भाव यस अंशमा व्यक्त भएको छ । पर्खाउने व्यवहारले पर्खने र पर्खाउने दुबैलाई जुम्सो बनाउँछ । केही गरौँ, केही बनूँ र केही दिऊँ भन्ने सोच राख्ने मानिसले जताततै पर्खनुपर्छ र उनीहरूलाई विना कारण पर्खाइन्छ । जुनसुकै क्षेत्रमा समयमै काम गर्नुको सट्टा पर्खाउने र भ्कुलाउने प्रवृत्ति मौलाउँदै गएको छ । अनावश्यक रूपमा पर्खाउने, दुःख दिने र समयमा काम नगर्ने प्रवृत्ति बढ्दै गएकाले सबैलाई दुःखकष्ट दिएको, निष्क्रिय बनाएको, व्यक्तिका सपना, इच्छा र आकाङ्क्षा पूरा हुन नसकेको विचार उपर्युक्त वाक्यमार्फत व्यक्त गरिएको छ ।

अतः व्याख्याका लागि दिइएको प्रस्तुत निबन्धांशमा पर्खाउने र भ्कुलाउने मानवीय कमजोरीका कारण व्यक्तिका सपना, इच्छा र आकाङ्क्षा पूरा हुन नसकेर पर्खिरहेछन् भन्ने भाव व्यक्त भएको छ । सरल, उखान, टुक्का र अनुप्रासयुक्त भाषाको प्रयोग गरी लेखिएको 'पख्नोस्' शीर्षकको निबन्धमा अनावश्यक रूपमा पर्खाउने प्रवृत्तिप्रति शिष्ट भाषामा चोटिलो व्यङ्ग्य प्रहार भएको पाइन्छ ।

(उ) उपर्युक्त नमुनाका आधारमा विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको प्रश्न न. ९ को **ख** को व्याख्येय पङ्क्तिको व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेखन गर्दा उनीहरूको कार्य अवलोकन गरी सहजीकरण गर्दै रहनुहोस् । व्याख्या लेखिसकेपछि प्रस्तुत गर्न लगाई उत्तरमा थपघट गर्नुपर्ने भए विद्यार्थीलाई सचेत गराउनुहोस् ।

(ऊ) उत्तरपुस्तिका परीक्षण गरी आवश्यक सहजीकरणका साथ पृष्ठपोषण गरिदिनुहोस् ।

(उ) विद्यार्थीलाई बुँदा लेख्न लगाई सबैको फरक फरक बुँदालाई एकीकृत गरी आवश्यक बुँदा राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् र आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

(ऊ) विद्यार्थीको लेखाइको अवस्था अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) बोध अभिव्यक्ति खण्डको क्रियाकलाप १४ मा दिइएका बोध प्रश्नको मौखिक उत्तर दिन लगाउनुहोस् ।

(ख) दिइएको चित्र वर्णन गर्न लगाउनुहोस् :

(ग) पाठको चौथो अनुच्छेदमा रहेका वाक्य सङ्ख्या र उक्त अनुच्छेदभित्र रहेका सबैभन्दा लामो र छोटो वाक्य पहिचान गर्न लगाउनुहोस् ।

(घ) "पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो ।" यस भनाइलाई व्याख्या गर्न लगाउनुहोस् । (यसलाई गृहकार्यका रूपमा दिई भोलिपल्टको कक्षामा मूल्याङ्कन गर्नुहोस् ।)

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| बुँदा टिपोट र सारांश लेखन | • निर्दिष्ट अनुच्छेदको बुँदा टिपोट गरी सारांश लेख्न | • स्लाइड वा प्रोजेक्टर वा अनुच्छेद चार्ट<br>• सारांशका बुँदा<br>• सारांशको नमुना<br>• सङ्क्षिप्त उत्तरको नमुना |
| सङ्क्षिप्त उत्तर लेखन | • दिइएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | |
| निबन्धको सार लेखन | निर्दिष्ट निबन्धको सार लेख्न | • मुख्य मुख्य बुँदा समेटिएको चार्ट<br>• सार लेखनको नमुना |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कुनै रमाइलो चुट्किला सुनाएर उनीहरूमा जिज्ञासा जगाउँदै उनीहरूका अनुभव सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप**

**बुँदा टिपोट र सारांश लेखन**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र बोध अभिव्यक्तिको क्रियाकलाप ७ को सारांश लेखनका बारेमा सामूहिक छलफल गराउनुहोस् ।

(आ) यस क्रममा सारांश लेखनबारे विद्यार्थीलाई प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ ले निर्देश गरेअनुसार पाठको अन्तिम दुई अनुच्छेद पढ्न लगाई अनुच्छेदभित्रका मुख्य मुख्य पक्ष समेटेर चारओटा बुँदा टिपोट गर्न र अनुच्छेदको सारांश लेख्न लगाउनुहोस् ।

(ई) यसरी लेखिने सारांश एक तृतीयांश हुनुपर्ने वा अनुच्छेदमा जति शब्दको अनुच्छेद दिइएको छ सारांश लेख्दा त्यसको ठिक तीन भागको एक भाग शब्द रहने गरी लेख्नुपर्ने विषयमा बुँदा लेखन र सारांश लेखनको नमुना प्रदर्शन गरेर धारणसमेत स्पष्ट पार्नुहोस् ।

(उ) विद्यार्थीलाई सारांश लेख्न लगाउनुहोस् र विद्यार्थीले सारांश लेखन गर्दा समूहमा पुगी अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् । सारांश लेखन कार्य सकिएपछि सामूहिक प्रस्तुति गर्न लगाउनुहोस् र उत्कृष्ट सारांशका लागि हौसलासहित स्याबासी दिनुहोस् ।

(ऊ) लेखेको सारांश सामान्यत ठिक भए स्याबासी दिनुहोस् र सुधार आवश्यक भएमा शिक्षकले अनुच्छेदको सारांश सुनाउँदै आवश्यक सहजीकरणसहित पृष्ठपोषण गर्नुहोस् ।

**सङ्क्षिप्त उत्तर लेखन**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरी सङ्क्षिप्त उत्तर लेखनका बारेमा छलफल गर्न लगाई छलफलको निष्कर्ष सुनाउने अवसर दिनुहोस् । सङ्क्षिप्त उत्तर सटिक, खँदिलो हुनुका साथै पाँच, छ वाक्यको संरचनामा हुनुपर्ने विषय जानकारी दिनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा दिइएका प्रश्न प्रस्तुत गर्नुहोस् । विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाउनुहोस् । समूहका लागि चिट्ठाका माध्यमबाट प्रश्न छनोटको अवसर दिनुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् ।

(इ) छलफलपश्चात् प्रत्येक समूहलाई आआफ्नो समूहलाई परेको प्रश्नको उत्तर आउने खालका बुँदा तयार गर्न लगाउनुहोस् र सङ्क्षिप्त उत्तरको एउटा नमुना शिक्षकले प्रदर्शन गरी सोहीअनुसार उत्तर लेख्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् । जस्तै :

**निबन्धको 'सत्य, समता र शान्ति पर्खँदै आएको मानिस झन् विषमताको विषले बौलाहिरहेछ, अशान्त भइरहेछ ।' भन्नुको तात्पर्य के हो ?**

आज आम मानिसको 'कथनी र करणी' अर्थात् बोलाइ र गराइमा फरकपन पाइन्छ । आम मानिसको चाहना शान्ति, समता र सत्य भए तापनि बोलाइ र काम गराइमा रहेको अन्तरका कारण सम्भव हुन सकेको छैन । दिन प्रतिदिन मानिसमा व्यवहारमा असत्य अँगाल्ने, असमानतालाई प्राथमिकता दिने, अशान्ति मच्चाउने मनोविज्ञान वृद्धि हुँदै गएको पाइन्छ । उपरोक्त प्रवृत्तिले सत्य, समता र शान्तिको चाहना राखेको मानिस झन विषमताको विषले बौलाउँदै गएको र अशान्त बन्दै गएको छ । आज शक्ति राष्ट्रहरू एकातर्फ आणविक हतियार प्रतिबन्ध लगाउनु पर्ने वकालत गर्छन् तर भित्रभित्र आणविक हतियारको होडमा लाग्नाले विश्व आतङ्कित छ, विश्व अशान्त बन्दै छ । विज्ञानले यति धेरै भौतिक उन्नति गर्दा समेत मानिस दुई गज र दुई गाँसका लागि जिन्दगीभर पर्खनु पर्ने अवस्था विद्यमान रहेको छ । अतः 'सत्य, समता र शान्ति पर्खँदै आएको मानिस झन् विषमताको विषले बौलाहिरहेछ, अशान्त भइरहेछ ।' भन्नुको तात्पर्य पर्खाउने, मुखले एउटा र व्यवहारले अर्कै कार्य गर्ने प्रवृतिले नै विषमताको धरहरा ठड्याएको र अशान्ति मच्चाउँछ भन्नु नै उपर्युक्त भनाइको तात्पर्य हो ।

(ई) बुँदाका बारेमा विद्यार्थी समूहमा छलफल गराउनुहोस् र उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

(ऊ) शिक्षकले आवश्यक सहजीकरण र पृष्ठपोषप्रदान गर्नुहोस् ।

**निबन्ध सार**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई पाठका एक एकओटा अनुच्छेद निर्देश गरी मनमनै पढ्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले निर्दिष्ट पाठ ध्यानपूर्वक पढे नपढेको निरीक्षण गरी पढ्नका लागि उत्प्रेरित गर्नुहोस् ।

(इ) अनुच्छेद पठनपश्चात् प्रत्येक समूहलाई आफूले पढेको अनुच्छेदको सार लेख्नका लागि तयार गराउनुहोस् । सार लेखनका लागि स्पष्ट निर्देशन दिनुहोस् र अनुच्छेदका मुख्य मुख्य कुरा समेटी बुँदा टिपोट गराउनुहोस् ।

(ई) आफ्नो समूहले पढेको अनुच्छेदले के सन्देश दिएको छ भन्ने प्रश्न गरी विद्यार्थीलाई बुँदागत रूपमा भन्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले भनेका कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र शिक्षकले तयार गरी ल्याएको मुख्य मुख्य बुँदा समेटिएको चार्ट प्रदर्शन गर्नुहोस् ।

(उ) विद्यार्थीले भनेका बुँदालाई समेटी शिक्षकले कुनै एक अनुच्छेदको मौखिक रूपमा सार बताइदिनुहोस् र शिक्षकले तयार पारी ल्याएको सार लेखनको नमुना समेत प्रदर्शन गरी सार लेख्ने तरिका बताइदिनुहोस् र प्रत्येक समूहलाई आफूलाई परेको अनुच्छेदको सार लेख्न प्रेरित गर्नुहोस् । अन्तिममा शिक्षकले सबै समूहले तयार गरेका प्रत्येक अनुच्छेद समायोजन गरी समग्र सार प्रस्तुत गरिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) पाठको दसौँ अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्न लगाउनुहोस् ।

(ख) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) पख्नोस् निबन्धले के कस्ता विषयवस्तुको उठान गरेको छ ?

(आ) यस निबन्धले दिने सन्देश के हो ?

(ग) पख्नोस् निबन्धको सार बताउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| समीक्षात्मक उत्तर लेखन | निर्दिष्ट प्रश्नको समीक्षात्मक उत्तर लेख्न | • स्लाइड वा प्रोजेक्टर वा चार्ट<br>• पाठको भाव समेटिएका बुँदा<br>• समीक्षात्मक उत्तर लेखनको नमुना<br>• टिप्पणीको संरचना तालिका<br>• टिप्पणी लेखनको नमुना |
| टिप्पणी लेखन | निर्दिष्ट विषयमा टिप्पणी लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) कक्षामा विद्यार्थीलाई आँखा बन्द गर्न लगाई तीन पटकसम्म लामो लामो सास तान्दै छोड्दै गर्न लगाउनुहोस् र दुवै हत्केला रगडी तातो हातले आँखा सेक्न लगाई पढाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् र आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप

**समीक्षात्मक उत्तर लेखन**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० को प्रश्नका सम्बन्धमा छलफल गराउनुहोस् । छलफलमा पख्नोस् निबन्धले नेपाली समाजको कस्तो प्रवृत्तिप्रति व्याङ्ग्य गरेको छ ? भनी प्रश्न गर्दै समीक्षा गरी उत्तर लेखन गर्ने बारेमा छलफल गर्नुहोस् ।

(आ) समूहका साथी साथी मिलेर ती प्रश्नको उत्तर समेटिने खालका बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सुनी बुँदाका विषयवस्तुबारे प्रतिक्रिया दिन लगाउनुहोस् र आवश्यकताअनुसार शिक्षक स्वयम्ले तयार गरी लगेका बुँदा पनि प्रदर्शन गर्नुहोस् । तिनै बुँदालाई समेटेर लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको प्रश्न १० मा केन्द्रित भई प्रदर्शित बुँदालाईसमेत समेटेर तयार गरेको नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउँदै ती बुँदाका आधारमा लेखिने समीक्षात्मक उत्तरको नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

**'पख्नोस्' निबन्धमा हाम्रा समाजका कस्ता पक्षमाथि व्यङ्ग्य गरिएको छ, समीक्षा गर्नुहोस् ।**

नेपाली साहित्यमा व्यङ्ग्य निबन्धकारका रूपमा परिचित भैरव अर्यालद्वारा लिखित 'पख्नोस्' समाजिक समस्या केन्द्रित हास्यव्यङ्ग्य निबन्ध हो । व्यक्ति, परिवार, समाज र राष्ट्रिय स्तरसम्म एकले अर्कालाई पर्खाउने प्रवृत्तिप्रति निबन्धमा व्यङ्ग्यवाण प्रहार गरिएको छ । पर्खाउने संस्कृतिले व्यक्तिलाई जुम्सो बनाउने, कार्य क्षमता नष्ट हुने र प्रगति उन्नतिमा बाधा पर्ने भएकाले अब कुराले टार्ने प्रवृत्तिको अन्त्यका लागि सामुहिक प्रयास हुर्नुपर्ने सन्देश निबन्धमा दिइएको छ ।

निबन्धमा खासगरी नेपाली समाजमा हावी हुँदै गएको ढिलासुस्ती र गैह्रजिम्मेवारीप्रति व्यङ्ग्य गरिएको छ । व्यक्ति, परिवार, समाज, शिक्षालय, अस्पताल तथा अन्य कार्यालय सबै क्षेत्रमा 'पख्नोस्' को बोलीमा समयलाई पर सार्ने, पन्छाउने प्रवृत्ति व्याप्त रहेको तथ्य निबन्धमा अगाडि सारिएको छ । शिशुले जन्मका लागि आमाको गर्भमा ९ महिना कुर्नुपर्ने भएकैले हामीले पर्खनोस्को भाका वा बहाना गर्नु नहुने विचार निबन्धमा व्यक्त गरिएको छ । निबन्धमा पर्खनु पर्ने बाध्यता रहेकाले यसले व्यक्ति, परिवार, समाज तथा सिङ्गो राष्ट्रको प्रगति र उन्नतिलाई बाधा पार्नेतर्फ सबैको ध्यान आकृष्ट गराइएको छ ।

निबन्धकारले यस निबन्धमा केही गरौँ, केही बनौँ र केही दिऊँ भन्ने सकारात्मक चिन्तन वा ऊर्जा बोकेका व्यक्तिलाई समेत जुम्सो बनाउने विचार व्यक्त गरेका छन् । पर्खाउने प्रवृत्तिले व्यक्तिलाई नाहकमा दुःख दिने, समयमा काम नगर्ने संस्कृतिले बढावा पाउने, व्यक्तिको कार्यक्षमता र उत्साहमा नकारात्मक प्रभाव पार्ने विचार सम्प्रेषण गरिएको छ । अतः प्रगति र उन्नतिको बाधक मानिने 'पख्नोस्' प्रवृत्तिको अन्त्य गरेर अब कसैले कसैलाई पर्खाउने, कुराले टार्न नसक्ने नयाँ दुनियाँ निर्माणको आवश्यकता निबन्धकारले औँल्याएका छन् ।

(उ) नमुनाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय दिनुहोस् ।

(ऊ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## टिप्पणी लेखन

(अ) विद्यार्थीलाई टिप्पणी लेखनका सम्बन्धमा बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १२ मा आधारित भई छलफल गराउनुहोस् ।

(आ) लिखित गद्य-अभिव्यक्तिको एक प्रकार कुनै विशेष कुरा सम्झन सम्झाउन टिपिने सानो लेखलाई टिप्पणी भनिन्छ भनी स्पष्ट शीर्षकमा केन्द्रित भई टिप्पणी लेख्नका लागि बुँदा तयार पार्न लगाउनुहोस् ।

(इ) पाठ्यक्रमका सन्दर्भमा चाहिँ टिप्पणी लेखन भन्नाले कुनै समसामयिक महत्त्वपूर्ण विषयका बारेमा प्रकाश पारी लेखिने खँदिलो लेखाइ भन्ने कुरा बताउँदै टिप्पणी कुनै समसामयिक जल्दोबल्दो समस्या, घटना वा विषयमा लेखिन्छ र त्यसमा लेखकको निजी राय/सल्लाह पनि प्रकट गरिएको हुनुपर्छ भन्ने धारण दिनुहोस् ताकि तपाईंले दिएको धारणाले विद्यार्थीले कुनै पनि विषय वा शीर्षकमा टिप्पणी लेख्न सकुन् ।

(ई) शिक्षकले निम्न बुँदाका आधारमा विद्यार्थीलाई टिप्पणी लेखन गर्दा ध्यान दिनुपर्ने निम्नलिखित कुरा स्पष्ट पारिदिनुहोस् :

- टिप्पणी कुनै न कुनै विषय वा शीर्षकमा लेखिन्छ; त्यसैले सुरुमा जुन शीर्षकमा टिप्पणी लेख्नुपर्ने हो सो शीर्षकको उल्लेख गर्नुपर्छ ।
- टिप्पणी लेखनका तीन भाग हुन्छन्, आदि भाग, मध्य भाग र अन्त्य भाग । यसको आदि भागमा सम्बन्धित शीर्षक वा विषयको परिचय दिनुपर्छ ।

- टिप्पणी लेखनको शीर्षक वा विषय प्रायः समस्यामूलक नै हुने भएकाले त्यसलाई एक समस्याका रूपमा आदि भागमा चिनाउनुपर्छ ।
- टिप्पणी लेखनका मध्य भागमा सम्बन्धित शीर्षक/विषयको खँदिलो व्याख्या विवेचना गर्नुपर्छ र सो शीर्षक/विषय समस्यामूलक भए त्यसबाट विश्व/राष्ट्र/समाज/परिवार/व्यक्ति आदिमा पर्ने गम्भीर असर/प्रभावको प्रभावकारी प्रस्तुतिसा मध्य भागमा गर्नुपर्छ ।
- टिप्पणीका अन्त्यभागमा निचोडमा सबै कुरा झल्काई आफ्नो राय दिनुपर्छ र टिप्पणी लेखनको विषय समस्यामूलक भए त्यस समस्याको समाधानका उपाय अगि सार्नुपर्छ ।
- टिप्पणी-लेखन सामान्यतः तीन अनुच्छेदमा पूरा गर्नुपर्छ ।

(उ) टिप्पणी अनुच्छेदभन्दा लामो र निबन्धभन्दा छोटो प्रकारको लिखित अभिव्यक्ति भएकाले कुनै पनि विषयका बारेमा टिप्पणी लेख्दा ज्यादै छोटो वा ज्यादै लामो खालको लेखाइका ढङ्गको प्रयोग नगरी मझौला विस्तार भएको लेखाइ र खँदिलो शैलीको प्रयोग गर्नुपर्छ भनी बताइदिनुहोस् ।

**टिप्पणी लेखनको नमुना**

**बढ्दो लागु पदार्थको सेवनको प्रवृत्ति र त्यसको रोकथामका उपाय**

लागु पदार्थ भनेको मानव-मस्तिष्कका नसाहरूलाई लठ्याउने एक किसिमको वस्तु हो । लागु पदार्थले मानिसका मस्तिष्कका नसालाई बढी लट्ठ पार्दै मानिसलाई त्यसको सेवनतर्फ झन् झन् आकर्षित पार्ने र फसाउने काम गर्दछ । लागू पदार्थभित्र गाँजा, भाङ, धतुरो, हेरोइन, ब्राउन सुगर, चरेस जस्ता व्यापार गर्न र सेवन गर्न निषेधित वस्तु पर्छन् । एकपल्ट यसको सेवन गरिसकेपछि मानिसले त्यसको दुर्व्यसनबाट मुक्ति पाउन गाह्रो पर्छ । आजका केही सहरिया युवा यस किसिमका लागु पदार्थको सेवनको दलदलमा फस्तै गइरहेका छन् र सरकारले यसको सेवन र व्यापारमा पूर्ण प्रतिबन्ध लगाए पनि यसको व्यापार र सेवन लुकीछिपी रूपमा झन् झन् वृद्धि हुँदै गइरहेको छ ।

लागुपदार्थको सेवन गर्ने प्रवृत्तिले आजका सहरिया केही युवा समुदायमा भित्रभित्रै व्यापकता पाइरहेको छ । यो एक पारिवारिक, सामाजिक र राष्ट्रिय स्तरकै गम्भीर समस्याका रूपमा खडा भएको छ । यस किसिमको भयावह समस्या देखा पर्नुका पछाडि रहेका कारण हुन् : १. कुसङ्गत २. अभिभावकको लापर्वाही/माया स्नेहको कमी ३. जीवनमा प्राप्त असफलता र हीनताबोध ४. लागू पदार्थको अवैध कारोबार आदि । यिनै कारणले गर्दा आजको त्यो युवावर्ग लागु पदार्थको सेवन जस्तो दुर्व्यसनको चक्रव्यूहभित्र फस्तै गइरहेको छ र ती युवा परिवार, समाज र राष्ट्रका समेत टाउको दुखाइ बन्न पुगेका छन् । यस टिल समस्याका समाधानका निम्ति समयमै ठोस कदम नचालिने हो भने भोलि यसबाट पैदा हुने गम्भीर दुष्परिणाम हामीले बेहोर्नुपर्ने छ ।

लागु पदार्थ सेवनको यस कुप्रवृत्तिको रोकथामका लागि समयमै दृढ र उपयुक्त कदम चालिनुपर्छ । यसका लागि युवावर्गलाई यसतर्फ फस्न नदिन सर्वप्रथम प्रत्येक अभिभावक समयमा नै सचेष्ट रहनुपर्छ । युवाहरूले गरेको सङ्गतमा ध्यान पुऱ्याई कुसङ्गतमा फस्न नदिने, उनीहरूलाई आवश्यक माया- स्नेह प्रदान गर्ने र उनीहरूमा आशावादी भाव जगाउने कार्य गरिनुपर्छ । राज्यले पनि लागू पदार्थ सेवनबाट हुने हानि नोक्सानीका बारेमा जानकारी प्रदान गर्ने खालका जनचेतनामूलक प्रचारसामग्री तयार पारी सञ्चारमाध्यमहरू (रेडियो नेपाल, दूरदर्शन र पत्रपत्रिका) मार्फत प्रसारण गर्नुपर्दछ । लागू पदार्थको कुलतमा पसेका र फसेका व्यक्तिहरूको पुनरुद्धार कार्यक्रम पनि अभियानकै रूपमा सञ्चालन गर्नुपर्दछ । उनीहरूलाई घृणा र अपमान होइन; माया र स्नेह दिएर मनोवैज्ञानिक उपायद्वारा सुधारमार्गमा ल्याउने प्रयास सम्बन्धित व्यक्ति र निकायले गर्नुपर्दछ । यसैगरी लागू पदार्थको अवैध कारोबारको धन्दा गर्नेहरूलाई निरुत्साहित पार्न कडा सजायको बन्दोबस्त मिलाउन ऐन-नियमको तर्जुमा गरी त्यसको कार्यान्वयन निर्भीकतापूर्वक गर्नुपर्दछ । यसो गरिएमा बढ्दो लागु पदार्थको सेवनको प्रवृत्तिको रोकथाम हुन सक्ने छ ।

(ऊ) विद्यार्थीलाई नमुना लेखनअनुसार अभ्यास १२ ले निर्देश गरेको शीर्षकमा टिप्पणी लेख्न निर्देशन दिनुहोस् र सहजीकरण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) निबन्धकार भैरव अर्यालले नेपाली समाजका के कस्ता पक्षमाथि व्यङग्य प्रहार गरेका छन् ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(ख) 'सामाजिक समस्याका रूपमा छुवाछुत प्रथा' शीर्षकमा टिप्पणी तयार गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निबन्ध लेखन | • निर्दिष्ट शीर्षकमा निबन्ध लेख्न | • स्लाइड वा प्रोजेक्टर<br>• निबन्ध लेखनका लागि शीर्षक सूची<br>• निबन्धको नमुना<br>• श्रुति लेखनका लागि अनुच्छेद |
| श्रुति लेखन | • निर्दिष्ट अनुच्छेद सुनेर शुद्धसँग लेख्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कुनै रमाइलो कथा सुनाएर उनीहरूमा जिज्ञासा जगाउँदै उनीहरूका अनुभव सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप**

निबन्ध लेखन

(अ) विद्यार्थीलाई बोध अभिव्यक्ति खण्डको प्रश्न न. १३ मा दिइएका निबन्ध शीर्षकमा ध्यान केन्द्रित गराउनुहोस् र दिइएका शीर्षकको सूची चार्ट वा प्रोजेक्टरमा प्रदर्शन गर्नुहोस् ।

(आ) विद्यार्थीको समूह विभाजन गरी उक्त प्रश्नमा दिइएका तीन शीर्षकमा निबन्ध लेख्नका लागि बुँदा सङ्कलन गर्न लगाउनुहोस् । त्यसभन्दा पहिले निबन्ध लेखन विधिका निम्नलिखित विधिका बारेमा यो सामग्रीबाट विद्यार्थीलाई सहजीकरण गर्नुहोस् ।

**निबन्ध लेखनका विधिहरू**

- सर्वप्रथम दिइएको विषयसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन गरी प्रशस्त अध्ययन गरेर ज्ञान बटुल्नुपर्छ ।
- निबन्ध लेखनका लागि चयन गरिएको शीर्षकसँग सम्बन्धित मुख्य मुख्य बुँदाहरूको पुष्टिका लागि अरू तर्कपूर्ण उपबुँदाहरूको चयन पनि साथसाथै गर्नुपर्छ ।
- आवश्यक बुँदाहरू टिपिसकेपछि निबन्धका आदि, मध्य र अन्त्य गरी तीन भागको योजना बनाई ती बुँदाहरूलाई सिलसिला मिलाएर सङ्गठनात्मक रूपमा वितरण गर्नुपर्छ ।
- निबन्धको आदि भाग प्रायः एकै अनुच्छेदको हुन्छ । यसलाई भूमिका, उठान, पृष्ठभूमि प्रस्तावना, विषयप्रवेश, परिचय आदि जे भने पनि यसमा प्रभावकारी र मार्मिक रूपमा निबन्धको विषय कोट्याउँदै त्यसको सामान्य परिचय दिइन्छ । यो छोटो छरितो र आकर्षक हुनुपर्छ ।
- मध्य भागलाई व्याख्या, विकास आदि जे भने पनि विभिन्न अनुच्छेदमा विभक्त गरिन्छ र यस भागमा निबन्धका विषयवस्तुको विस्तार गरिन्छ । यसमा विषयका गुण अवगुण, चर्चा-परिचर्चा, उपयोगिता तथा महत्त्व छलफल, धारणा र मान्यता आदिको विश्लेषण गर्दै बिस्तारै उपसंहारमा पुग्ने चेष्टा गरिन्छ ।
- अन्त्य भागलाई उपसंहार, निष्कर्ष जे भने पनि मध्यभागका आधारमा यस भागमा लेखकले आफ्नो ब्रह्मले देखेअनुसार निबन्धको निचोड प्रस्तुत गर्दछ । यो उपसंहार भाग पनि परिचय भाग जस्तै एकै अनुच्छेदको हुनुपर्छ ।

(इ) विद्यार्थीलाई परिचय, व्याख्या, उपसंहार आदि उपशीर्षकहरू चयन गरी निबन्ध लेख्ने कुरा पुनः स्मरण गराउँदै निबन्धमा भावविचारलाई सशक्त ढङ्गले व्यक्त गर्ने लेखनसिप झल्किनु पर्ने तथा पाठकलाई प्रभाव पार्ने खालका प्रतीक, बिम्ब, उपमा आदिको प्रयोग होसियारीपूर्वक हुनुपर्ने कुरा बताउनुहोस् ।

(ई) यसका लागि शिक्षकले क्रियाकलाप १३ मा दिइएको नेपालको विकासमा जलस्रोतको भूमिका सम्बन्धी निबन्धको नमुना स्लाइडबाट प्रदर्शन गर्नुहोस्

**नेपालको विकासमा जलस्रोतको भूमिका**

'जलस्रोत' भनेको कुनै पनि नदी, तलाउ आदिका मूलबाट बग्ने पानीको धारा वा पानीको प्रवाह हो । नेपालका गर्भ र छातीमा अनन्त जलाशय र जलप्रवाह हुन्छ । नेपाल जलस्रोतका दृष्टिले समृद्ध देशः विश्वमा दोस्रो, एसियामा पहिलो हो । जल जीवनको पर्याय, पानीबाट विद्युत्, सिँचाइ; विद्युत्बाट उद्योगधन्दा, उद्योगधन्दाबाट भौतिक औद्योगिक विकास हुने र फलतः सम्पूर्ण मुलुकको विकास हुन्छ । जलस्रोत भनेको सेतो सुन हो । नेपालमा अपार र अक्षय जलस्रोत छ । नेपालको जलस्रोत नेपालको मुख्य प्राकृतिक सम्पत्ति पनि हो ।

नेपालमा ८३ हजार मेगावाट जल-विद्युत् उत्पादन गर्नसक्ने क्षमता छ । नेपाललाई झलमल्ल पारी बिजुली विश्वबजारमा बेच्न सकिने परिस्थिति छ । इन्धन समस्याको (तेल, दाउरा, आदिको) समाधान वनविनाश रोकिने मनसुनमा आधारित कृषिक्षेत्रमा नेपालका नदीहरूबाट सिँचाइको व्यवस्था गर्न सके कृषिप्रधान देशको सार्थकता प्रमाणित हुन्छ । पानीको धनी मुलुकमा खानेपानीको हाहाकार मेटाउन सकिने जलस्रोतलाई उपयोग गर्न सक्ता नेपालमा औद्योगिकीकरण विद्युत्बाट चालित बस, रेलले यातायातमा टेवा पुग्छ । विद्युत्बाट तानेको पानीले सिँचाइ जलस्रोतको उपयोग गर्ने पुँजीको अभाव बाँध बाँधेर बिजुली निकाल्नमा मात्र नभई झोलुङ्गे पुल हाल्नसमेत विदेशको मुख ताक्नुपर्ने छ । प्राप्त वैदेशिक अनुदान सहयोग र ऋणसहयोगको सदुपयोग गरी नेपालमा जलस्रोतको विकास अबको आवश्यकता बनेको छ ।

जलस्रोतको विकासबाट मुलुकको सर्वाङ्गीण विकास हुन्छ । जनसहभागिता र विदेशी सहयोगबाट भए पनि विद्युत् उत्पादन गरी नेपाललाई सगरमाथाको देशबाट भौतिक उन्नति उत्कर्षमा पुगेको देशका रूपमा पुऱ्याउन सकिन्छ । यसका लागि सबै नेपालीमा काम गर्ने प्रतिबद्धता र राष्ट्र एवम् समाजप्रतिको इमानदारिता हुनु जरुरी छ ।

(उ) विद्यार्थीलाई माथिका पक्ष ख्याल गरी क्रियाकलाप १३ मा दिइएका अन्य शीर्षकमा निबन्ध लेख्न लगाई प्रदर्शन गरी कक्षामा पठन गर्न लगाउनुहोस् । यसका लागि शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

### श्रुतिलेखन

(अ) विद्यार्थीलाई श्रुतिलेखन गराउँदा श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी छलफल गराएर धारणा स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीमाझ कुनै पाठ्य निबन्धको पाँचौँ अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्द बनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

(इ) शिक्षकले पाँचौँ अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । श्रुतिलेखन अभ्यास गराउँदा मध्यम गतिले तीन पटकसम्म बाचन गरेर सुनाउँदै लेख्न लगाउनुहहोस् ।

(ई) श्रुतिलेखनपश्चात् साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) श्रुतिलेखनका क्रममा सफा र स्पष्टसँग लेख्ने एक जना, सबैभन्दा थोरै त्रुटि गर्ने एक जना र राम्रा वा बान्की मिलाई अक्षर लेख्ने एक जना विद्यार्थीको नाम घोषणा गरी ताली बजाएर हौसला दिन लगाउनुहोस् ।

(ऊ) सुनाइ, लेखाइ आदिमा समस्या भएका विद्यार्थी पहिचान गरी शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. **मूल्याङ्कन**

(क) **युवाशक्ति देशको भविष्य** शीर्षकमा निबन्ध लेख्न लगाउनुहोस् ।

(ख) पाठको तेस्रो अनुच्छेदको श्रुतिलेखन गराई मूल्याङ्कन गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१ सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | हास्यव्यङ्ग्य शैलीमा मौखिक प्रस्तुति दिन | • हास्यव्यङ्ग्य शैलीको कुनै रचना<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• सुनाइ पाठ १३ को श्रव्य सामग्री |
| श्रुतिबोध (सुनाइ पाठ १३) | सुनाइ पाठ १३ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कुनै रमाइलो नाटक अभिनयात्मक रूपमा सुनाएर उनीहरूमा जिज्ञासा जगाउँदै उनीहरूका अनुभव सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) शिक्षकले बोध र अभिव्यक्तिको क्रियाकलाप १५ वा उपयुक्त सामग्री स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई दिइएको हास्यव्यङ्ग्यात्मक भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा विद्यार्थीले तोकिएको विषयक्षेत्र वा सन्दर्भमा स्वाभाविक प्रस्तुति दिनुपर्ने कुरा जानकारी गराउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले हास्यव्यङ्ग्यात्मक विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् ।

**हास्यव्यङ्ग्यात्मक प्रस्तुति**

सरिमा र मोहन विद्यालयको चउरमा बसेर हाँसो मजाक गरिरहेका छन् :

सरिमा : ओहो मोहन ! तिमी त हिजोआज खुब पढन्ते भएका छौ । म आउँदा तिमीलाई पढाइमा असर होला तैपनि देखिहालेँ । भुइँसोरी नमस्कार है !

मोहन : भाग्यमानी भएस् है सरिमा ! यहाँ हेर न पढ्न त पढ्दै छु कि तर यो पुस्तकका लेखक त हाम्रै गुरु राममोहन होइन र ? नाम त मिल्यो नि !

सरिमा : (पुस्तकमा लेखकको नाम हेर्दै) ए हो त ! के लेख्नुभएको रहेछ ? सरसर्ती भन न ।

मोहन : के हुनु नि ? समसामयिक विषयमा एउटा कथा लेख्नुभएको रहेछ तर यो कथा त मैले अस्ति नै अनलाइनमा पढिसकेको थिएँ ।

सरिमा : दोहोऱ्याएर पढ्यौ, भनेपछि कथा अत्यन्तै मार्मिक छ जस्तो लाग्यो । मलाई पनि पढ्न देऊ है ।

मोहन : मार्मिक रे ? तिमीले पनि असाध्यै हँसायौ । अब कति हाँस्नु ?

सरिमा : किन र ?

मोहन : (अनलाइनबाट डाउनलोड गरेको कथा र पढ्दै गरेको कथा एकैसाथ देखाउँदै) लु हेर ! तिम्रा गुरुको चाला !

सरिमा : किन के भयो र ?

मोहन : कथा एउटै । लेखकको नाम अलग अलग छ नि । हेर त !

सरिमा : ओहो ! साँच्चै यो त अचम्म भयो नि ।

मोहन : हाम्रा गुरुले सधैँ किन फुर्तीफार्ती गर्छन् भनेको त, अरूका कृतिको नक्कल गरी आफ्नो नाम बिकाएका रहेछन् हैन त ?

सरिमा : फेरि सान पनि सानोतिनो हो र ? मैले जति राम्रो कथा कसैले लेख्दैन भनेर पो कुर्लन्छन् त ?

मोहन : साँच्चि अब त त्यस्तै फुर्ती लगाए भने यही दुईओटा कथा लगेर देखाउँदै हो यहाँ जति दक्ष कथाकार त कोही छैन भन्नु पर्छ है ।

सरिमा : हाम्रो पनि उहाँका अगाडि पुगेपछि त्यति हिम्मत भए त हो !

*दुवै जना गललल हाँसेर छुट्टिन्छन् ।*

र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् वा एकल रूपमा हास्यव्यङ्ग्य प्रस्तुतिको अवसर दिनुहोस् ।
भाषिक कार्यको प्रस्तुति प्रथम पुरुष एकवचनमा गर्नुपर्ने कुरा स्मरण गराउनुहोस् ।

(ई) विद्यार्थीबाट प्रस्तुत गरिएको अभिनयमूलक अवस्थाको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक परिस्थितिअनुकूलका अवस्थाप्रति आधारित केही सन्दर्भ दिँदै भाषाको व्यावहारिक प्रयोगको अभिनय गर्न लगाउनुहोस् र विद्यार्थीको सहजता, असहजता ख्याल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध (सुनाइ पाठ १३)

(अ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । जस्तै :

- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्ने
- सुनाइ र बोलाइ खण्डमा दिइएका प्रश्न ध्यानपूर्वक सुन्ने
- सुनाइ पाठमा आधारित भएर प्रश्नमा आधारित भएर पूर्ण संरचनासहितको उत्तर भन्ने

(आ) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

(इ) विद्यार्थीलाई सुनाइ पाठ १३ सुनाउनुहोस् । यस क्रममा शिक्षकले सुनाइ पाठ १३ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(ई) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको प्रश्नसूची प्रदर्शन गरी अभ्यास मौखिक रूपमा गर्न लगाउनुहोस्, जस्तै :

- सबै मानिस एकै किसिमका हुँदैनन् । ठिक
- मेरो छोरो जतातिर हुल छ त्यतैतिर लाग्ने नहोस् । ठिक
- कहिलेकाहीँ आँखाबाट आँसु झार्नु लाजमर्दो कुरा हो । बेठिक
- मेरो छोरो दुःख र कष्टमा प्रफुल्ल रहन सक्ने होस् । बेठिक

(उ) विद्यार्थीले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

(ऊ) विद्यार्थीलाई अभ्यास २ तर्फ केन्द्रित गर्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिन अभिप्रेरित गर्नुहोस् । यस सन्दर्भमा वाक्यको पूर्ण संरचनामा उत्तर दिनुपर्ने कुरा पुनःस्मरण गराउनुहोस् र उत्तरको नमुनासमेत प्रदर्शन गरी अभ्यास गराउनुहोस् । जस्तै :

प्रश्न : आगोको लप्काबाट के खारिन्छ ?

उत्तर : आगोको लप्काबाट फलाम खारिन्छ ।

(ऋ) सुनाइ पाठका आधारमा विभिन्न प्रश्नका चिट्ठाहरू निर्माण गर्नुहोस् । विद्यार्थीलाई चिट्ठा टिप्न लगाई आफूलाई परेको प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) विद्यालयमा उपद्रव मच्चाउने साथीप्रति व्यङ्ग्य गर्दै अभिनयात्मक रूपमा हास्यव्यङ्ग्यात्मक प्रस्तुति दिन लगाउनुहोस् ।**

**(ख) सुनाइ पाठ १३ का आधारमा दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् :**

(अ) म पात्रले आँखाबाट आँसु झर्नु कस्तो कुरा होइन भनेका छन् ?
(आ) म पात्रले कस्ता कुराको शाश्वत रहस्य बुझ्न समय दिन भनेका छन् ?
(इ) म पात्रले कस्तो अवस्थामा प्रफुल्ल रहन सक्नुपर्ने बताएका छन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पदसङ्गतिको पहिचान र | लिङ्ग, वचन, आदर र पुरुष सङ्गतिको पहिचान | स्लाइड वा प्रोजेक्टर वा |

| | | |
|---|---|---|
| प्रयोग | र प्रयोग गर्न | पदसङ्गतिसम्बन्धी अनुच्छेद चार्ट<br>● लिङ्ग, वचन, पुरष र आदरको तालिका<br>● हलन्त र अजन्त वर्ण प्रयुक्त अनुच्छेदपत्ती |
| हलन्त र अजन्त वर्ण | हलन्त र अजन्त वर्ण पहिचान गरी प्रयोग गर्न | |
| हास्यव्यङ्ग्य रचनाको विषयवस्तु खोज (परियोजना कार्य) | विद्युतीय माध्यमबाट प्रसारित हास्यव्यङ्ग्य रचनाको विषयवस्तु र सन्देश टिपोट गर्न (गृहकार्य) | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) इच्छुक विद्यार्थीलाई आफ्नो हास्यव्यङ्ग्य प्रतिभा देखाउने अवसर प्रदान गरी कक्षा सुरु गर्नुहोस् ।

(आ) अगिल्लो पाठमा पढेको व्याकरणको स्मरण गराउँदै यस पाठमा पढ्नुपर्ने व्याकरणका विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरणसम्बन्धी क्रियाकलाप**

पदसङ्गति

(अ) पदसङ्गति नमिलेका वाक्यको तालिका देखाई विद्यार्थीलाई ती वाक्य शुद्ध गर्न लगाउनुहोस् ।
जस्तै : तिमी मामाघर गयो । उनीहरू चाहिँ हिजो आएछ । उर्मिला विद्यालय गए । शिक्षक कक्षामा आयो ।

(आ) पदसङ्गति शिक्षणलाई रमाइलो बनाउन यो कथांश स्लाइडमा प्रदर्शन गरी विद्यार्थीलाई सुनाउन लागउनुहोस् ।

| **पदसङ्गतिको कथा** |
|---|
| भाषापुर भन्ने नगरमा एउटा वडामा पदसङ्गति प्रसाद बस्थे । ती पदसङ्गतिका चार सन्तान थिए : लिङ्ग नारायण, वचन कुमारी, पुरुष कान्त र आदर देवी । एक दिन पदसङ्गति बुढाले चारै सन्तानलाई बोलाएर भने, तिमीहरूले काम गर्ने वाक्यमा हो । तिमीहरूले मिलेर वाक्य बनायौ भने वाक्य राम्रा हुन्छन् । मिल है । वचन कुमारीले भनिन्, हामी त मिलेकै छौँ नि बुबा । लिङ्ग, वचन पुरुष, आदर चारै जनाले मिलेर वाक्य बनाउँछौँ । हाम्रो कर्ता जुन पुरुष लिङ्ग वचन र आदरको हुन्छ क्रियापद पनि त्यही त्यही पुरुष, लिङ्ग, वचन र आदर हुन्छ । तर कोहीकोही विद्यार्थी हामीले भनेको टेर्दैनन् । हामी तिनलाई सम्झाउँछौ र सम्झाइरहन्छौँ । यति भनेपछि पदसङ्गतिप्रसाद खुसी भए र राम्रो काम गरेकामा सन्तानलाई स्याबासी दिए । |
| |

(इ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गतको क्रियाकलाप नं. १ र २ को तालिका स्लाइडबाट देखाइ लिङ्ग, वचन, पुरुष र आदरसम्बन्धी पहिचान शिक्षण गर्नुहोस् । पहिचान गर्न समस्या भएका विद्यार्थीलाई आवश्यक सहजीकरण गर्नुकोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यास प्रश्न न. ३ र ४ का अभ्यासका लागि विद्यार्थीलाई लिङ्ग वचन पुरुष र आदरसम्बन्धी सङ्गतिको अभ्यास गराउनुहोस् । आवश्यक भएमा सहजीकरण गरी थप अभ्यास गराउनुहोस् ।

**हलन्त र अजन्त वर्ण**

(अ) कक्षामा विद्यार्थीलाई हलन्त समूह र अजन्त समूह गरी दुई समूहमा विभाजित गर्नुहोस् र पाठको भाषिक संरचना र वर्णविन्यासअन्तर्गत क्रियाकलाप ५ अभ्यास गर्न लगाउनुहोस् । आआफ्नो समूहलाई आआफ्ना समूहका ५, ५ ओटा शब्द कसले कसले पहिले खोज्न सक्छ भन्ने प्रतियोगिता गराउनुहोस् । निर्दिष्ट अनुच्छेदमा रहेका छोड्नोस्, मान्नोस्, पिउनुस् जस्ता अरू हलन्त शब्द र गर्भ, हुन, अब जस्ता अजन्त शब्द खोज्न लगाउनुहोस् ।

(आ) खोजेका शब्दलाई प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द फरक परेमा विद्यार्थीलाई हौसलासहित आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(इ) भाषिक संरचना र वर्णविन्यासअन्तर्गत क्रियाकलाप ६ विद्यार्थीलाई गर्न लगाउनुहोस् । हलन्त र अजन्त पहिचान गरी उत्तर लेख्दा अलमलमा परे आवश्यक सिकाइ सहजीकरणसमेत गर्नुहोस् ।

(ई) अजन्त र हलन्तबारे रोचक यो चुटकिला स्लाइडबाट प्रदर्शन गरी कक्षामा विद्यार्थीलाई पढ्न लगाउनुहोस्,जस्तै :

एक दिन 'होस्' भन्ने क्रियापद खुट्टा खोज्याउँदै हिँडिरहेको थियो । त्यसै वेला 'हुन्न' भन्ने क्रियापद लमकलमक गर्दै आइपुग्यो । हुन्न' ले 'होस्'लाई देख्यो र भन्यो । हैन 'होस्' ज्यू किन खुट्टा खोज्याउनुभयो ? 'होस्'ले भन्यो, हेर्नुस् न ! मेरो खुट्टा काटेर चोट लागेको छ, सन्चो नहुन्जेल म हलन्त हुँ त्यही भएर खोज्याएको हुँ है । 'हुन्न' ले भन्यो, केही छैन, म त अहिले अजन्त अर्थात् खुट्टो नकाटिएको शब्द नै हुँ । कहिलेकाहीँ म पनि यसरी हलन्त हुन्छु चिन्ता नगर्नु । वाक्य टुङ्ग्याउन दुवैको उस्तै महत्त्व छ भनेर व्याकरण हजुरबाले भन्नुभएको छ ।

(उ) हलन्त र अजन्त प्रयोगसम्बन्धी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

(ऊ) विद्यार्थीले पहिचान र प्रयोग गरेको अवस्थामा हौस्याउनुहोस् र त्रुटि गरेमा त्यसलाई सिकाइकै प्रक्रिया मान्दै उत्साह प्रदान गर्नुहोस् ।

**हास्यव्यङ्ग्य रचनाको विषयवस्तु खोज (परियोजना कार्य)**

(अ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा पूर्व ज्ञानमा आधारित रहेर कक्षामा छलफल चलाउनुहोस् ।

(आ) समाजमा देखिएका विकृति शीर्षकमा हास्यव्यङ्ग्य शैलीमा निबन्ध लेख्नका लागि आवश्यक विषयवस्तु खोजेर तयारी गरेर आउन निर्देशन दिनुहोस् ।

(इ) सञ्चार माध्यम वा सामाजिक सञ्जालमा विभिन्न हास्यव्यङ्ग्य रचना पाइने विषयमा कुनै श्रव्यदृश्य सामग्री प्रस्तुत गरेर छलफल गराउनुहोस् । विद्यार्थीलाई कक्षामा सुनाउने गरी सञ्चार माध्यम वा सामाजिक सञ्जालबाट त्यस्ता हास्यव्यङ्ग्य रचना सङ्कलन गरेर टिपोट गरी ल्याउन लगाउनुहोस् । यसको प्रस्तुतीकरण भोलिपल्टको कक्षामा गर्नुपर्ने कुरा पनि जानकारी गराउनुहोस् ।

(ई) परियोजना कार्यका बारेमा विद्यार्थीमा कुनै सन्देह भए सहजीकरण गरिदिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासम्बन्धी प्रश्न ४ का प्रश्नको उत्तर लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

(ख) पख्नोस् निबन्धबाट पाँच पाँचओटा हलन्त र अजन्त शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निबन्ध रचना (सिर्जनात्मक कार्य) | निर्देशित शीर्षकमा निबन्ध रचना गर्न | • दृश्य सामग्री, स्लाइड वा प्रोजेक्टर वा चार्ट<br>• निबन्ध लेखनका लागि बुँदाहरूको नमुना चार्ट<br>• निबन्धको नमुना |
| हास्यव्यङ्ग्य रचनाको विषयवस्तु खोज (परियोजना कार्य) | विद्युतीय माध्यमबाट प्रसारित हास्यव्यङ्ग्य रचनाको विषयवस्तु र सन्देश प्रस्तुत गर्न | |

| | | |
|---|---|---|
| | | |

२. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई कुनै रमाइलो र छोटो निबन्धांश सुनाएर उनीहरूमा जिज्ञासा जगाउँदै उनीहरूका अनुभव सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

(ख) **विषयवस्तु सम्बद्ध सहजीकरण क्रियाकलाप**

**निबन्ध रचना (सिर्जनात्मक कार्य)**

(अ) सातौँ दिनको क्रियाकलापमा आधारित भई निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गर्नुहोस् । निबन्धमा हँसाउने र व्यङ्ग्य गर्ने शैली पनि प्रस्तुत गर्न सकिने विषय पनि जानकारी गराउनुहोस् ।

(आ) निबन्धमा हुनुपर्ने पक्ष, जस्तै : आदि, मध्य र अन्त्यको जानकारीसहित निबन्धको सङगठन वा संरचनाबारे समूहमा छलफल गराउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) शिक्षकले सर्वप्रथम निबन्ध लेखनका लागि आफूले तयार पारेर ल्याएको हास्यव्यङ्ग्य निबन्ध शीर्षकका सूची स्लाइड वा तालिकामा प्रस्तुति गर्नुहोस् । जस्तै :

सभ्य समाजका असभ्य गतिविधि
कृषिप्रधान मुलुक : खाद्यपदार्थमा परनिर्भर
जलस्रोतको धनी देश : पिउने पानीको अभाव आदि ।

(ई) प्रदर्शित शीर्षकमा समावेश गर्न सकिने विषयवस्तुका बारेमा छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीलाई सिर्जना वा परियोजनाको निर्दिष्ट शीर्षकमध्ये कुनै एक शीर्षक छनोट गर्न लगाउनुहोस् ।

(ऊ) शीर्षक छनोट गरेपछि त्यस शीर्षकसँग सम्बन्धित बुँदाहरू टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि आफूले तयार गरी ल्याएका बुँदा प्रदर्शन गर्नुहोस् । बुँदा प्रदर्शनपश्चात् ती बुँदा समेटी तयार गरेको नमुना निबन्ध पनि प्रदर्शन गर्नुहोस् । जस्तै :

**फेसबुकका अधमरा लाइक्स र कमेन्ट्स् .....**

फेसबुक एकक्षण खेलाउन पाइएन भने संसारै शून्य र रित्तो लाग्छ । फेसबुकमा हामी जे पनि अपलोड गर्छौं । गाडी किनेको विराट चाबी देखाएर नयाँ गाडीमा अडेसिएर मेरो नयाँ अतिथि भनी किसिम किसिमका चित्र अपलोड गर्छौं । त्यसपछि किसिम लाइक्स कमेन्टस् पूरै । कतिले बधाई, कतिले कङ्ग्रयाचुलेसन लेख्छन् । त्यसपछि हामी मोबाइल कोट्याउँदै दिनभरिमा कति लाइक्स र कति कमेन्टस् आयो त्यो गन्ती गर्छौं । घरकी श्रीमतीले सोध्छिन्, मदन सरले लाइक गरेछन् ? सरकी म्याडमले ? बाइचान्स सर म्याडमले उनीहरूले देखाएको गाडीको चित्रमा लाइक कमेन्टस् केही नगरेका भए फेरि श्रीमती गर्जिन्छे, औ पापा...अबदेखि तिनीहरूकोमा पनि एउटै लाइक कमेन्टस् गर्दैन है । श्रीमतीले अर्डर गरेपछि श्रीमान् महोदयले टार्ने कुरै आएन । अहिले त लाइक्स् र कमेन्टस्मा पनि डाह हुन थालेको देखिन्छ ।

सुँगुरले पन्ध्रओटा पाठा ब्याई भने पनि सुँगुरको फोटो फेसबुकमा ड्याम्मै । हाम्री भुकुलीका सन्तानहरू । त्यसमा पनि लाइक्स् कमेन्टस् । दसैं र तिहारको निम्ति ल्याइएका कार्टुनका कार्टुन बियर र रमहरू सेन्टर टेबलमा लस्करै राखी फोटो खिचेर फेसबुकमा अपलोड गर्ने मैं हुँ अरूलाई किन भन्नु ? अनि नक्सामुनि क्यापसन- लु यसपालि दसैं-तिहार मज्जाले मनाउने भयौं । बस ! लाइक्स र कमेन्टस् । कोही लेख्छन्, आम्बो....थुक पो आयो हौ । कोही लेख्छन्, तपाईंको चिज देख्दै म मातें है । कसैको कमेन्ट, कङ्ग्रयाट्स् ! किप इट अप !

हामी परिवार घुम्न गयौं निकै टाढ़ा । हावाजहाजभित्र बसेर लोग्ने स्वास्नीको सेल्फी....क्यापसन - हामी अब चेन्नाईतिर । त्यसमा पनि कङ्ग्रयाट्स् ! किप इट अप ! सेफ जोर्नी !

यहाँसम्म त ठिकै छ । चेन्नईको एउटा सपिङ मलमा हिँड्दा खुट्टा मड्केर केही दिन थलिएँ । फेसबुकमा अपलोड नगरुँ भन्दा भन्दै मैले थाहा नपाई श्रीमान्ले कति वेला फेसबुकमा अपलोड गरिदिएछन् । मलाई केही थाहै छैन ।

बेलुकी डिनर गरेर फेसबुक कोट्याएकी मात्र थाहा सबैलाई भएछ । मेरो खुट्टा मड्केको नक्सा देखेर कतिले सान्त्वना दिएर, कतिले गेट वेल सुन ! लेखी कमेन्टस् गर्दा खुसी लाग्यो । तर हेर्दै जाँदा त्यस चित्रमाथि लेखिएका कमेन्टस् -
वाओ !
सो नाइस !
अ लोड अफ कङ्ग्रयाचुलेसन्स !
वेल डन .......... किप इट अप !
ग्रेट एचिभमेन्ट्स् ......... साथी !
थुन्सेभरि बधाई !
यसबाट के प्रमाणित भयो भने, हामी कसैले पनि फेसबुकमा अपलोड गरिएका कुरा नपढी नै कमेन्ट्स गर्दा रहेछौँ ।
यसकारण फेसबुकका लाइक्स कमेन्टस् अधमरा भएर बाँचिरहेको देखेँ ।

स्रोत : समकालीन साहित्य डट कम
नगिता राई लेप्चा

(ऋ) बुँदा टिपोटपछि आदि, मध्य र अन्त्य खण्डका विषयवस्तु स्मरण गरी विद्यार्थीलाई निश्चित समय तोकी निबन्ध लेख्न लगाउनुहोस् ।
(ए) विद्यार्थीले तयार पारेका निबन्ध प्रतिनिधिमूलक रूपमा प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण र पृष्ठपोषण गर्न लगाउनुहोस् ।

**हास्यव्यङ्ग्य रचनाको विषयवस्तु खोज र प्रस्तुति (परियोजना कार्य)**
(अ) विद्यार्थीलाई अगिल्लो कक्षामा दिइएको परियोजना कार्य प्रत्येक विद्यार्थीलाई पालैपालो कक्षामा प्रस्तुतिको अवसर दिनुहोस् ।
(आ) विद्यार्थीको प्रस्तुतिको शैली, विषयवस्तु तथा सन्देशबारे साथीहरूलाई सकारात्मक प्रतिक्रिया दिन लगाउनुहोस् ।
(इ) विद्यार्थीको खोज र प्रस्तुतिको अवस्था विचार गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**
(क) 'खुला दिसामुक्त क्षेत्र : नारामा सीमित' शीर्षकमा हास्यव्यङ्ग्य निबन्ध लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## घरको माया

**पाठ : १४**

**विधा : रूपक (एकाङ्की)** **कार्यघण्टा : ९**

**परिचय**

आदर्शवादी नाटककार भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) द्वारा रचित 'घरको माया' एकाङ्की रूपक विधाअन्तर्गतको पाठ हो । एकाङ्की शिक्षणको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता विकास गराउनु हो । यसको

उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति क्षमताको (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउनु पनि हो ।

एकाङ्की शिक्षण गर्दा निर्दिष्ट संवादलाई परिस्थिति, पात्र र भावानुकूल वाचन अभिनय र भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । कथ्य अभिव्यक्ति क्षमताका मूल घटक हाउभाउ, स्वरको आरोह अवरोह, आघात, गति, यतिको ख्याल गर्नुपर्छ । यस एकाङ्कीमा बोध र अभिव्यक्ति क्षमता अभिवृद्धिका लागि सस्वर पठन र शब्दोच्चारण, शब्दार्थ र प्रयोग, संरचना, परिवेश, पात्र र घटना पहिचान, प्रश्नोत्तर, कुराकानी, भाव पहिचान, संवादपूर्ति, श्रुतिलेखन र स्वतन्त्र लेखन, संवादको अनुकरण लेखन जस्ता क्रियाकलाप समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिकानिर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सस्वर पठन र शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, शब्दभण्डार (विपरीतार्थी शब्द, टुक्का, अनुकरणात्मक शब्द), कथ्य र लेख्य स्वरूप, संरचनाबोध सम्बद्ध प्रश्नोत्तर, प्रश्नोत्तर, सङ्क्षिप्त उत्तर लेखन, पात्र पहिचान, व्याख्या लेखन, संवाद लेखन, चित्र वर्णन, समीक्षात्मक उत्तर लेखन, प्रतिक्रिया लेखन, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र संवेगमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत व्याकरणिक कोटीका आधारमा वाक्यान्तरण तथा चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोगलाई कार्यमूलक बनाइएको छ । सिर्जना र परियोजना कार्यअन्तर्गत एकाङ्की सङ्कलन र प्रस्तुति, संवाद लेखनमा जोड दिइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ १४ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ १४ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| पहिलो दिन | • सांस्कृतिक/सामाजिक विषयवस्तुमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (सबै) | • सांस्कृतिक/सामाजिक विषयवस्तुमा आधारित छलफल गरी सन्दर्भबोध गर्न<br>• एकाङ्कीका पात्रको हाउभाउसहित भूमिका प्रदर्शन गरी निर्दिष्ट संवाद गति, यति मिलाई सस्वर पठन गर्न | • स्लाइड वा चार्ट<br>• चित्र<br>• अनुच्छेदपत्ती | १ |
| दोस्रो दिन | • पाठगत शब्दार्थ र प्रयोग<br>• शब्दभण्डार<br>• विपरीतार्थी शब्द<br>• टुक्का<br>• अनुकरणात्मक शब्द | • निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट शब्दको विपरीत अर्थ पहिचान गर्न<br>• पाठमा प्रयुक्त टुक्का पहिचान गरी प्रयोग गर्न<br>• पाठमा प्रयुक्त अनुकरणात्मक शब्द पहिचान गरी प्रयोग गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती | १ |
| तेस्रो दिन | • कथ्य र लेख्य स्वरूप<br>• संरचनाबोध सम्बद्ध प्रश्नोत्तर<br>• प्रश्नोत्तर | • पाठमा प्रयुक्त कथ्य शब्द पहिचान गरी लेख्य परम्पराअनुसार लेख्न<br>• निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिन | • शब्दपत्ती<br>• लेख्य र कथ्य शब्द चार्ट<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना | १ |
| चौथो दिन | • सङ्क्षिप्त उत्तर लेखन<br>• पात्र पहिचान<br>• व्याख्या लेखन | • निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन<br>• पाठमा व्यक्त भनाइका आधारमा पात्र पहिचान गर्न<br>• निर्दिष्ट गद्यांश व्याख्या गर्न | • अनुच्छेदपत्ती<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना<br>• व्याख्याको नमुना | १ |
| पाँचौँ दिन | • संवाद लेखन<br>• समीक्षात्मक उत्तर लेखन<br>• चित्र वर्णन | • निर्दिष्ट शीर्षकमा संवाद रचना गर्न<br>• विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन<br>• निर्दिष्ट चित्र वा तस्बिरका बारेमा वर्णन गर्न | • विभिन्न चित्र<br>• संवादको नमुना<br>• समीक्षात्मक उत्तरको नमुना | १ |
| छैटौँ दिन | • प्रतिक्रिया लेखन<br>• बोध प्रश्नोत्तर<br>• भाषिक प्रकार्य | • निर्दिष्ट भनाइप्रति सहमति वा असहमति प्रकट गर्दै प्रतिक्रिया दिन<br>• बोध प्रश्नोत्तर गर्न<br>• संवेगमा आधारित भाषिक सञ्चार गर्न | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• प्रतिक्रिया लेखनको नमुना<br>• प्रश्नोत्तर चार्ट | १ |
| सातौँ दिन | • व्याकरणिक कोटि | • लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, करण-अकरणका आधारमा वाक्यान्तरण गर्न | • वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• कोटिका आधारमा वाक्यान्तरण चार्ट | १ |

| | | | | |
|---|---|---|---|---|
| **आठौँ दिन** | • 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को पहिचान र प्रयोग<br>• श्रुतिबोध (सुनाइ पाठ १४)<br>• एकाङ्की सङ्कलन (परियोजना कार्य) | • 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' प्रयोग भई बनेका शब्द पहिचान गरी प्रयोग गर्न<br>• सुनाइ पाठ १४ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न<br>• पुस्तकालय वा विद्युतीय सामग्री प्रयोग गरी एकाङ्की सङ्कलन गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती वा चार्ट | १ |
| **नवौँ दिन** | • एकाङ्की सङ्कलन र प्रस्तुति (परियोजना कार्य)<br>• संवाद र एकाङ्की लेखन (सिर्जनात्मक कार्य) | • पुस्तकालय वा विद्युतीय सामग्री प्रयोग गरी एकाङ्की सङ्कलन गरी प्रस्तुत गर्न<br>• निर्दिष्ट शीर्षक र समसामयिक विषयमा संवाद र एकाङ्की रचना गर्न | • अनुच्छेदपत्ती<br>• एकाङ्कीको नमुना चार्ट<br>• संवादको नमुना | १ |
| | | **जम्मा कार्यघण्टा** | | ९ |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सांस्कृतिक/सामाजिक विषयवस्तुमा आधारित छलफल | सांस्कृतिक/सामाजिक विषयवस्तुमा आधारित छलफल गरी सन्दर्भबोध गर्न | • स्लाइड वा चार्ट<br>• चित्र<br>• अनुच्छेदपत्ती |
| सस्वर पठन र शब्दोच्चारण<br><br>(सबै) | एकाङ्कीका पात्रको हाउभाउसहित भूमिका प्रदर्शन गरी निर्दिष्ट संवाद गति, यति मिलाई सस्वर पठन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले चुट्किला वा कुनै संवादात्मक अभिव्यक्ति सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

(आ) राष्ट्रिय पहिचान झल्किने चित्र स्लाइड वा चार्टमा प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सांस्कृतिक/सामाजिक विषयवस्तुमा आधारित छलफल**

(अ) विभिन्न चाडपर्वका चित्र प्रदर्शन गरी मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) शिक्षकले तयार पारेका सामाजिक/सांस्कृतिक सन्दर्भमा आधारित पाठ्य सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(इ) पाठमा दिइएको चित्रका बारेमा विद्यार्थीलाई पालैपालो वर्णन गर्न लगाउनुहोस् । विदेशी भूमिमा काम गर्दै गरेका अन्य चित्र स्लाइडबाट प्रदर्शन गरी छलफल गराएर सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

## सस्वर पठन र शब्दोच्चारण

(अ) शिक्षकले विद्यार्थीलाई पात्र र भावानुकूल वाचन, अभिनय र भूमिका निर्वाहसहित एकाङ्की पढ्नुपर्ने जानकारी गराई पाठ पढ्न उत्प्रेरित गर्नुहोस् ।

(आ) कक्षाबाट हाउभाउसहित वाचन गर्न इच्छुक विद्यार्थीलाई हात उठाउन लगाई तीमध्ये सुरुमा हात उठाउने पाँच जना विद्यार्थीलाई कक्षाको अगाडि बोलाएर पात्रअनुसारको जिम्मेवारी रोज्न लगाउनुहोस् ।

(इ) कक्षाको कुनै एक जना विद्यार्थीलाई पृष्ठभूमिमा भएका विषयवस्तु सुनाउन लगाई छलफल चलाउनुहोस् ।

(ई) प्रत्येक पात्रले आफ्नो भूमिका निर्वाह गर्दा कोष्ठकभित्र लेखिएअनुसारको हाउभाउसहित निर्वाह गर्नुपर्ने बताई दिनुहोस् ।

(उ) अभिनयसहित एकाङ्की सस्वर पठन गर्न लगाउनुहोस् । त्यसैगरी अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न र उच्चारण अभ्यास गर्नुपर्ने शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ऊ) एकाङ्की वाचनपश्चात् ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

(ऋ) विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा टिपोट गरिएका शब्द पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ए) ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् । जस्तै :

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| अल्लारे | /अल्.ला.रे/ | खरीगाँठे | /ख.रि.गाँ.ठे/ |
| बाँकटे | /बाँ.क.टे/ | दर्सनढुङ्गा | /दर्.सन्.ढुङ्.गा/ |
| गधेपच्चिसी | /ग.धे.पच्.चि.सि/ | प्लावित | /प्ला.बित्/ |
| जुँगा | /जुँ.गा/ | दृष्टि | /दृस्.टि/ |
| पिँढी | /पिँ.ढि/ | एक्कासि | /एक्.का.सि/ |
| ढुङ्गेधारा | /ढुङ्.गे.धा.रा/ | भुटुन | /भु.टुन्/ |
| पँधेरो | /पँ.धे.रो/ | रोपाइँ | /रो.पाइँ/ |

| | | | |
|---|---|---|---|
| नेपथ्य<br><br>उत्कण्ठा | /ने.पथ्.थ्य/<br><br>/उत्.कन्.ठा/ | शीतल<br><br>मुद्रा | /सि.तल्/<br><br>/मुद्.द्रा/ |

(ऐ) बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

अल्लारे, रोपाइँ, तख्ता, झलक्क, काँगियो, दाह्री, घाँटी, अलपत्र, छट्टु, भुइँ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |
| विपरीतार्थी शब्द, टुक्का र अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | निर्दिष्ट शब्दको विपरीत अर्थ पहिचान गर्न | |
| | पाठमा प्रयुक्त टुक्का पहिचान गरी प्रयोग गर्न | |
| | पाठमा प्रयुक्त अनुकरणात्मक शब्द पहिचान गरी प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका बारेमा छलफल गरी कुनै विद्यार्थीलाई आफूले जानको प्रतिभा प्रस्तुत गर्न उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) एकाङ्की सस्वर पठन गर्ने क्रममा टिपोट गरिएका नयाँ शब्दहरू विद्यार्थीलाई भन्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । अर्थ थाहा नभएका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसकेका शब्दको अर्थ शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भन्नुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

अल्लारे : बेकाममा यताउति हिँडिरहने

बाँकटे : आधा वा सिङ्गै बाउला नभएको

गधेपच्चिसी : सोह्र वर्षमाथि र पच्चिस वर्षमुनिको अवस्था

नेपथ्य : पर्दापछाडिको नदेखिने ठाउँ

कछाड : छोटो धोती

भकारो : मल, गोबर

कोदो : तोरीको दाना जस्तै एक प्रकारको अन्न

सोते : बाँसको हुक्का

पिर्रे : परपऱ्याउने झाम्टादार बिरुवा विशेष

खरीगाँठे : असभ्य, गँवार

मति : बुद्धि

चिट्टे : सानो, छरितो

शमी : धार्मिक कार्यमा प्रयोग गरिने एक प्रकारको रुख

(इ) टिपोट गरिएका शब्दका केही वाक्यपत्ती प्रदर्शन गरी सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

| **शब्द** | **पाठगत सन्दर्भ** | **वाक्यमा प्रयोग** |
|---|---|---|
| नेपथ्य | यत्तिकैमा नेपथ्यबाट कसिएको आवाजमा "गरम गरम चाय", "मुम्फली मुम्फली" कराएको सुनिन्छ । | नटक हेर्दा हेर्दै नेपथ्यबाट डरलाग्दो आवाज सुनियो । |
| कछाड | छोटो कछाड कस्यो, फाटेको ठुटे र भोटो लायो, भैँसीको भकारो सोहोऱ्यो, बस्यो । | मेरा हजुरबा दौरा र कछाड लगाउनुहुन्छ । |
| बिजुली हुनु | बेसै गरिस् कान्छा, त्यो पाखामा बसेको भए पाखे, खसीगाँठे हुन्थिस्, बुद्धि पुऱ्याइस् बेलैमा । हाम्रा | सरिताका मामा देशविदेश घुमेकाले बिजुली पो हुनुभएछ । |

| | | |
|---|---|---|
| | उमेरमा त बिजुली भइसक्छस् । | |

(उ) कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : तीर्थव्रत, सामल, माना, पुलुक्क, उत्कण्ठा आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## शब्दभण्डार : विपरीतार्थी शब्द, टुक्का र अनुकरणात्मक शब्द

(अ) शिक्षकले शब्दको चार्ट प्रस्तुत गरी विपरीतार्थी शब्द पहिचान गर्न लगाउनुहोस् । जस्तै :

| **शब्द** | **विपरीत अर्थ** |
|---|---|
| आयात | निर्यात |
| जटिल | सरल |
| पाप | पुण्य |
| आकर्षण | विकर्षण |

सम्पन्न, सहज, सङ्कीर्ण, नराम्रो, पूर्व, खण्ड

(आ) शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएको शब्दका विपरीत अर्थ एकाङ्कीबाट खोजी गरेर लेख्न लगाउनुहोस् ।

(इ) विपरीतार्थक शब्द प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मिले नमिलेको यकिन गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) शिक्षकले टुक्का र तिनका अर्थसहितको चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् । जस्तै :

| **टुक्का** | **अर्थ** |
|---|---|
| कम्मर कस्नु | हिम्मत गर्नु |
| आँखा पर्नु | लोभ लाग्नु |
| माया मार्नु | बिर्सनु |
| आलु खानु | असफल हुनु |

(उ) शिक्षकले अनुकरणात्मक शब्द तिनका क्रियामूलका केही उदाहरण प्रस्तुत गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :**अनुकरणात्मक शब्द क्रियामूल**

| | |
|---|---|
| टिलिक्क | टल्कनु |
| ढकमक्क | फुल्नु |

जुरुक्क उठ्नु

बुरुक्क उफ्रिनु

(ऊ) शिक्षकले तयार पारेका वाक्यपत्ती प्रस्तुत गरी टुक्का र अनुकरणात्मक शब्दको प्रयोगका बारेमा छलफल गराउनुहोस् । जस्तै :

| **टुक्का** | **प्रयोग** | **अनुकरणात्मक शब्द** | **प्रयोग** |
|---|---|---|---|
| कानमा तेल हाल्नु | केटाकेटीका कुरामा कानमा तेल हालेर बस्नुहुँदैन । | टिलिक्क | घाम परेपछि झ्यालको सिसा टिलिक्क टल्कियो । |
| आलु खानु | मिहिनेत नगरेपछि परीक्षामा आलु खाइन्छ त । | भुसुक्क | मैले त आज गृहकार्य गर्न भुसुक्क बिर्सिएछु । |

(ऋ) शब्दभण्डार खण्डको क्रियाकलाप ४ को निर्देशानुसार पाठबाट पाँच पाँचओटा टुक्का र अनुकरणात्मक शब्द खोजी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ए) विद्यार्थीले पहिचान गरेका शब्द र बनाएका वाक्य प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मिले नमिलेको यकिन गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## ३. मूल्याङ्कन

**(क) शब्दार्थ जोडा मिलाउन लगाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| बाटुलो | बाटाका लागि बोकेको खाद्य वस्तु |
| सामल | परिवार |
| आली | धानको चामल |
| जहान | दुई व्यक्तिबिचको मिलिमतो |
| हित्तचित्त | गोलो आकारको |
| | खेतको डिल |
| | हृदय भएको |

(ख) दिइएका शब्दको विपरीतार्थी शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् :

विपना, वर, बेइज्जत, पछाडि, बलियो, उँधो, अनेक, दुःखी

(ग) दिइएका टुक्का र अनुकरणात्मकलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

आँत सुक्नु, उखुम पार्नु, कुरामा कुरा चल्नु, दुविधामा पर्नु, हित्तचित्त मिल्नु, अलपत्र पर्नु, किक्लिक्क, झमझम, रमरम, परपर, झलक्क, प्याकप्याक

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कथ्य र लेख्य स्वरूप | पाठमा प्रयुक्त कथ्य शब्द पहिचान गरी लेख्य परम्पराअनुसार लेख्न | • शब्दपत्ती<br>• लेख्य र कथ्य शब्द चार्ट<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना |
| संरचनाबोध सम्बद्ध प्रश्नोत्तर | निर्दिष्ट संरचनाबोध सम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन | |
| प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका बारेमा छलफल गरी कुनै विद्यार्थीलाई आफूले जानको प्रतिभा प्रस्तुत गर्न उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**कथ्य र लेख्य स्वरूप**

(अ) कथ्य र लेख्य स्वरूपका बारेमा कक्षामा छलफल चलाउनुहोस् । जस्तै :

| **कथ्य** | **लेख्य** |
|---|---|
| बैनी | बहिनी |
| गा'को | गएको |
| ताहाँ | त्यहाँ |

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप २ को निर्देशानुसार पाठबाट १० ओटा कथ्य शब्द टिपोट लगाउनुहोस् ।

(इ) टिपोट गरिएका शब्द प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् र टिपिएका शब्द मिले नमिलेको यकिन गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) टिपोट गरिएका कथ्य शब्दको लेख्य रूप लेख्न लगाउनुहोस् र प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मिले नमिलेको यकिन गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## संरचनासम्बद्ध प्रश्नोत्तर

(अ) एकाङ्कीको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । समूहमा बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ संरचना बोधसम्बद्ध प्रश्नोत्तर छलफल गराउनुहोस् । जस्तै :

(क) कुन पात्रको संवादबाट एकाङ्की सुरु भएको छ ?

(ख) एकाङ्कीमा पात्रहरूले कति पटक संवाद गरेका छन् ?

(ग) एकाङ्कीमा सबैभन्दा थोरै पटक संवाद गर्ने पात्र को हुन् ?

(घ) एकाङ्कीको समापन कुन घटनाबाट भएको छ ?

(ई) समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ५ को निर्देशानुसार दिइएको एकाङ्कीको अंश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्न समय उपलब्ध गराउनुहोस् ।

(इ) विद्यार्थीले कक्षाकार्य गर्ने क्रममा शिक्षकले लेखिरहेको ठाउँमा गई आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) कक्षाकार्य लेखन पूरा भएपछि पालैपालो प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(उ) उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र थप बोधात्मक प्रश्नोत्तर गराई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

**दिइएको एकाङ्कीको अंश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :**

कान्छो : घरै जाऔँ लाल दाइ, यस्तो ठाउँमा यो गर्मी खाएर किन बस्नु ?

लाल : के कुरा गर्छस्, कान्छा ? देश भनेको देशै हो । के छ र गाउँमा ? एक छाक मकै, एक छाक भोकै हुन जाने ?

कान्छो : दुवै छाक भोकै भे'र भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती । क्यै नभे' पनि चिसो बतास त छ कि ! यो बर्खामास पन्चेबाजा बजा'र बादकहरू आलीमा बस्ता हुन्, रोपारहरू धान रोप्ता हुन्, लाठेहरू बाउसे गर्दा हुन्, मेरो त मनै उहीँ पुगिराख्या छ । झलक्क झलक्क त्यहीँको रमाइलो सम्झन्छु, बोल्न पनि सक्तिनँ म त लाल दाइ, भोकले पो हो कि छिन छिनमा घाँटी नै प्याकप्याक्ती सुकेर थुकको थोपासम्म पनि जिभ्रामा छैन, सम्झन्छु,रोउँरोउँ जस्तो लाग्छ । के दशा लागेर अर्काको बहकाउमा मरेर आ'छु नि जस्तो लाग्छ ।

**प्रश्न**

(क) माथिको संवाद ककसका बिच भएको हो ?

(ख) किन कान्छोलाई आफ्नै गाउँ जाती लाग्यो ?

(ग) कान्छाले गाउँका कुन कुरा सम्झिएको छ ?

(घ) लालले कान्छोलाई के भनेर सम्झायो ?

(ङ) कान्छालाई विदेशमा बस्न मन नलाग्नुको कारण के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • अनुच्छेदपत्ती<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना<br>• व्याख्याको नमुना |
| पात्र पहिचान | पाठमा व्यक्त भनाइका आधारमा पात्र पहिचान गर्न | |
| व्याख्या लेखन | निर्दिष्ट गद्यांश व्याख्या गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) देशभक्ति गीत वा कविता सुनाएर पाठ्यवस्तुप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् र आजको पाठ्य विषयवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सङ्क्षिप्त उत्तर लेखन**

(अ) सङ्क्षिप्त उत्तर लेखनबारे छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) शिक्षकले तयार पारेका केही सङ्क्षिप्त उत्तरात्मक प्रश्न स्लाइड वा चार्टमा प्रस्तुत गरी समूहमा छलफल चलाउनुहोस् । जस्तै :

(क) सपनामा पनि आफ्नो गाउँ फर्कन नचाहने लालबहादुरको मन अन्त्यमा किन परिवर्तन भयो ?

(ख) 'घरको माया' एकाङ्कीकी पात्र बतासेले आफ्नो गाउँघरप्रति कस्तो माया देखाएकी छे ?

(ग) 'चुम्बकले फलामलाई तान्छ तर सुनलाई खिच्न सक्दैन' भन्नुको तात्पर्य के हो ?

(घ) जमानसिंह र लालबहादुरमा केकस्तो चारित्रिक भिन्नता पाइन्छ ?

(ङ) 'घरको माया' एकाङ्कीले दिने सन्देश के हो ?

(इ) शिक्षकले सङ्क्षिप्त उत्तरात्मक प्रश्न र उत्तरको नमुना स्लाइड वा चार्टपेपरमा प्रस्तुत गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**(क) सपनामा पनि आफ्नो गाउँ फर्कन नचाहने लालबहादुरको मन अन्त्यमा किन परिवर्तन भयो ?**

उत्तर : लालबहादुर 'घरको माया' एकाङ्कीको मुख्य पात्र हो । उसले आफ्नो गाउँमा दुःखैदुःख र विदेशमा सुखैसुख छ भन्ने ठानेको थियो । विदेशमा पुगेपछि त्यहाँको रमझममा भुलिएर उसले गाउँमा बस्ने मानिस, त्यहाँको चालचलन र दुःख सम्झेर गाउँ नफर्कने कुरा गऱ्यो । जब उसको मित जमानसिंह, बतासे र कान्छो आफ्नो देशको मायाले तानेर घर फर्किए तब उसका मनमा विदेशमा एक्लै दुःख भोग्नुपर्ने, मितले पनि बिर्सिने, गाउँ पनि बिरानो हुने जस्ता विचारहरू खेल्न थाले । उसको अन्तर्मनमा सुषुप्त रूपमा लुकेर बसेको देशप्रतिको प्रेम एक्कासि जागृत भएर आयो । उसको मित जमानसिंहले पनि स्वदेश फर्कन आह्वान गरे । त्यसैले सपनामा पनि आफ्नो गाउँ फर्कन नचाहने लालबहादुरको मन अन्त्यमा परिवर्तन भयो ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ६ मा दिइएका सङक्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गराउनुहोस् । प्रत्येक समूहलाई कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थी समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

(ऊ) समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पात्र पहिचान

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गरी बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ मा दिइएको निर्देशानुसार पात्र पहिचान गर्ने समय प्रदान गर्नुहोस् । लेखनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) लेखनपश्चात् प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## व्याख्या लेखन

(अ) व्याख्या लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) पाठमा प्रयुक्त व्याख्यांश स्लाइड वा चार्टमा प्रस्तुत गरी समूहमा छलफल चलाउनुहोस् । जस्तै :

(क) भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती ।

(ख) हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमाली बतासमा मिलाए, हामी पनि त्यसै गरौँला ।

(इ) शिक्षकले तयार पारेको व्याख्याको नमुना स्लाइड वा चार्टपेपरमा प्रस्तुत गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**(क) भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती ।**

उत्तर : आफू जन्मिएको गाउँ आफ्नो जन्मभूमि हो । गाउँमा दुई छाक खान र एकसरो लाउन पनि गाह्रो छ तैपनि आफ्नो गाउँ प्रिय लाग्छ । गाउँमा एकछाक मकै खाएर भए पनि बाँच्न मन लाग्छ । हिमालको चिसो हावा लिएर हाँस्न मन लाग्छ ।

कतिपय मानिसलाई गाउँको दुःख र गरिबीले विदेशसम्म पुऱ्याएको छ । विदेशमा परिवार, आफन्त, इष्टमित्र साथमा नहुँदा एक्लो महसुस हुने, अर्काको देशमा दुःख पाउने, अकालमा ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएपछि विदेसिएका नेपालीहरू घर फर्किएका कयौँ उदाहरण छन् । यस एकाङ्कीमा पनि कान्छो लहैलहैमा लागेर भारत पुगेको थियो । त्यहाँको हावा, पानी, गर्मी उसलाई सही नसक्नु भयो । बेलामा खान पाएन । भोकले घाँटी नै प्याकप्याक्ती सुकेर आयो । ऊ अर्काको देशमा खानै नपाई मर्नुभन्दा आफ्नो देशमा भोकै मर्दा निकै राम्रो हुने निष्कर्षमा पुग्यो । उसलाई आफ्नो गाउँमा मर्दा आफन्तहरू हुने, सामाजिक तथा सांस्कृतिक परम्पराअनुसार दाहासंस्कार गरिने तर विदेशको मरण पशुतुल्य हुन्छ भन्ने लाग्यो । यसरी खाना खान नपाए पनि आफ्नै गाउँमा मर्नु राम्रो हो भन्ने माथिको गद्यांशले देशप्रेमको भाव जागृत गरेको छ । यस एकाङ्कीमा जे फल्छ, त्यही फलाउने, जति पाइन्छ त्यति नै खाने सन्देश मिठो र आकर्षक भाषाशैलीको प्रयोग गरी दिइएको छ ।

अत : एकाङ्कीकारले कान्छाका माध्यमबाट भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती भन्ने देशभक्ति भावना सम्प्रेषण गरेका छन् । त्यसैले आफ्नो गाउँघर कमजोर छ, पिछडिएको छ, काम र माम पाइँदैन भनेर मातृभूमिलाई चटक्क छाडी अर्काको देशमा जानु ठिक छैन ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ८ मा दिइएका व्याख्या लेखनसम्बद्ध प्रश्नबारे छलफल गराउनुहोस् ।

(उ) निर्दिष्ट प्रश्नमा केन्द्रित भएर व्याख्याका सम्भावित बुँदा तयार पार्न लगाउनुहोस् । तयार पारिएका बुँदा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ऊ) निर्दिष्ट प्रश्नमा आधारित भई व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका सङ्क्षिप्त प्रश्नको उत्तर लेख्न वा भन्न लगाउनुहोस् :

(अ) एकाङ्कीमा कुन कुन ठाउँको परिवेश देखाइएको छ ?

(आ) 'घरको माया' एकाङ्कीले दिने सन्देश के हो ?

(ख) व्याख्या गर्न लगाउनुहोस् :

जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला, एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाऔँला

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| संवाद लेखन | निर्दिष्ट शीर्षकमा संवाद रचना गर्न | • विभिन्न चित्र<br>• संवादको नमुना<br>• समीक्षात्मक उत्तरको नमुना |
| समीक्षात्मक उत्तर लेखन | विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | |
| चित्र वर्णन | निर्दिष्ट चित्र वा तस्बिरका बारेमा वर्णन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**संवाद लेखन**

(अ) विद्यार्थीको लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

(आ) संवाद लेखन गर्दा ध्यान दिनुपर्ने विषयवस्तुबारे विद्यार्थीलाई छलफल गराउनुहोस् । छलफलपश्चात् प्राप्त निचोडबारेमा समूह नेतालाई भन्ने अवसर प्रदान गर्नुहोस् ।

(इ) शिक्षकले संवादको नमुना प्रस्तुत गरी थप छलफल गराउनुहोस् । जस्तै :

| परीक्षाको महत्त्व |
|---|

| | | |
|---|---|---|
| सन्देश | : | आहो कल्पना ! के गरिरहेकी ? |
| कल्पना | : | ओहो सन्देश ! तिमी पो आइपुगेछौ त । यसो किताब हेरेकी नाइँ । आऊ न बस । |
| सन्देश | : | तिमी चाहिँ साँच्चै किताबको किरो भयौ साथी । |
| कल्पना | : | बिदाको दिन भनेर के गर्ने ? आफ्नो काम त गर्नै पऱ्यो । घरको माया एकाङ्की पढेर बसेकी हुँ । |
| सन्देश | : | छोडिदेऊ पढ्न यो किताबसिताब । मलाई त किताब भन्यो कि टाउकै घुम्न थाल्छ भन्या । |
| कल्पना | : | त्यसो भनेर कहाँ हुन्छ ? पर्सिबाट परीक्षा छ । एकपटक पाठ पुनरावृत्ति गर्दा सजिलो हुन्छ नि । |
| सन्देश | : | म चाहिँ तिमीसँगै घुम्न जाने भनेर आएको । तिमी भने परीक्षाको बाहाना गर्छौ । हिँड खुरुक्क । |
| कल्पना | : | म त जान्नँ । परीक्षा सकिएपछि घुम्न जाँदा भइहाल्छ । बरु मेरो सल्लाह मान्छौ भने आज मसँगै बसेर पढ । परीक्षा सकिएपछि सँगै घुम्न जाऔँला । असफल भइयो भने आमाबुबा, आफन्त, शिक्षक कसलाई के भन्ने ? |
| सन्देश | : | हुन त तिमीले ठिकै भन्यौ । अब त्यसै गर्नु पर्ला । मलाई घरको माया एकाङ्कीको व्याख्याबारे एक पटक भनिदेऊ न त । |
| कल्पना | : | हुन्छ, म जानेका कुरा भनिहाल्छु नि । |
| | | (दुवै जना बसेर व्याख्या लेखनबारे छलफल गर्न थाल्छन् ।) |

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएको निर्देशानुसार सुख र दुःखको सन्दर्भ झल्किने गरी संवाद लेख्न समय दिनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पात्रअनुसारको भूमिका तोकेर हाउभाउसहित कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई पृष्ठपोषण दिनुहोस् ।

## समीक्षात्मक उत्तर लेखन

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् ।

(आ) साथी साथी मिलेर पाठमा व्यक्त देशप्रेमको भावना टिपोट गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

(ई) बुँदाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

(उ) विद्यार्थीले उत्तर लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले तयार पारेका उत्तर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**चित्र वर्णन**

(अ) चाडपर्व वा उत्सव बोध गराउने चित्रहरू प्रदर्शन गरी छलफल चलाउनुहोस् । विद्यार्थीलाई चित्र हेरेर अनुमान र कल्पना गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई आआफ्ना धारणा भन्ने अवसर प्रदान गरी सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा दिइएको चित्र प्रदर्शन गरी विद्यार्थीलाई विषयवस्तु अनुमान र कल्पना गर्न लगाउनुहोस् ।

(ई) पालैपालो चित्र वर्णन गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) चित्र हेरेर विषयवस्तु लेख्न समय दिनुहोस् । लेखन कार्यपश्चात् साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) 'देशप्रेम' शीर्षकमा संवाद लेख्न लगाउनुहोस् :

(ख) समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् :

'घरको माया' एकाङ्कीकी पात्र बतासेले विदेसिएका दाजुभाइलाई कसरी देश फर्काइन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| प्रतिक्रिया लेखन | निर्दिष्ट भनाइप्रति सहमति वा असहमति प्रकट गर्दै प्रतिक्रिया दिन | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• प्रतिक्रिया लेखनको नमुना<br>• प्रश्नोत्तर चार्ट |
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | |
| भाषिक प्रकार्य | संवेगमा आधारित भाषिक सञ्चार गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गरी सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**प्रतिक्रिया लेखन**

(अ) प्रतिक्रिया लेखनबारे छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) कुनै पनि विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन छलफल गराउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) प्रतिक्रिया वा तार्किक लेखनसम्बद्ध प्रश्न स्लाइड वा चार्टमा प्रस्तुत गरी छलफल गर्नुहोस् । जस्तै :

(क) 'घरको माया' एकाङ्कीको पात्र लालको ठाउँमा तपाईं हुनु भएको भए बतासेको विचार सुनिसकेपछि के गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् ।

(ख) 'साराले आफ्नै देशमा काम पाएका छन्' भन्ने बतासेको भनाइमा तपाईंको सहमति वा असहमति के छ, प्रतिक्रियात्मक उत्तर दिनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १२ को निर्देशानुसार युवालाई बिदेसिनबाट रोक्ने उपायका बारेमा छलफल गराउनुहोस् र आवश्यक उत्तरका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीलाई एउटै विषयप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाउनुहोस् । बुँदा टिपोट गरी प्रतिक्रिया लेखनसम्बद्ध प्रश्नको तर्कयुक्त उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् ।

(ऊ) शिक्षकले आफूले ल्याएको नमुना उत्तर प्रस्तुत गरेर संरचनाबारे छलफल गर्दै उत्तर लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**बोध प्रश्नोत्तर**

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप सातौँ दिनमा र वर्णविन्यास पहिचानबारे आठौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## भाषिक प्रकार्य

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

> मान्छेको मनमा उत्पन्न सुख, दुःख आदि मानवीय संवेग हुन् । सुनितामा पनि ती संवेग छन् । उनलाई घुम्न जान असाध्यै रहर छ तर उनका बुबाआमाले घुमाउन लाने समय निकाल्न सक्नुभएको छैन । आफूले घुम्न चाहेका ठाउँमा जान नपाएर सुनिता पनि दुःखी छिन् । एक दिन बुबाले उनलाई थाहा नदिई पोखरा घुम्न जाने कुरा गर्दै त्यहाँ जानका लागि टिकट ल्याएको कुरा गर्नुभयो । त्यसपछि उनी धेरै खुसी भएर रमाइन् अनि आमालाई अँगालो मार्दै खुसी साटिन् ।

(आ) विद्यार्थीलाई संवेगसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । विद्यार्थीलाई खुसी, दुःख, हाँसो, दया आदि संवेगात्मक भाव प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

(इ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १७ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

प्रश्न : तपाईंलाई तपाईंको बाबाले एकदिन तपाईंले सोच्दै नसोचेको उपहार ल्याइदिनु भयो, तपाईं खुसीले उफ्रनुभयो । यो खुसीको क्षण प्रस्तुत गर्दै कक्षामा मौखिक प्रस्तुति दिनुहोस् ।

(ई) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका संवेगात्मक भाव जगाउने विषयवस्तु वा सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) युवालाई बिदेसिनबाट रोक्न के गर्नुपर्ला, पाठका आधारमा प्रतिक्रिया दिन लगाउनुहोस् ।

(ख) तपाईंलाई कस्ता विषयवस्तुले खुसी वा दुःखी बनाउँछ, यस प्रश्नको उत्तर विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

## सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याकरणिक कोटि | लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, करण अकरणका आधारमा वाक्यान्तरण गर्न | • वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• कोटिका आधारमा वाक्यान्तरण चार्ट |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**व्याकरणिक कोटि**

(अ) शिक्षकले लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, करण-अकरण जनाउने वाक्य प्रस्तुत गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । जस्तै :

| व्याकरणिक कोटि | | उदाहरण |
|---|---|---|
| लिङ्ग | पुलिङ्ग | मामा कविता लेख्नुहुन्छ । |
| | स्त्रीलिङ्ग | माइजू कविता लेख्नुहुन्छ । |
| वचन | एकवचन | म नेपाली भाषा बोल्छु । |
| | बहुवचन | हामी नेपाली भाषा बोल्छौँ । |
| पुरुष | प्रथम पुरुष | म कक्षा १० मा पढ्छु । |
| | द्वितीय पुरुष | तिमी कक्षा १० मा पढ्छौ । |
| | तृतीय पुरुष | उनी कक्षा १० मा पढ्छिन् । |
| आदर | सामान्य आदर | ऊ घर जान्छ । |
| | मध्यम आदर | उनी घर जान्छिन् । |
| | उच्च आदर | उहाँ घर जानुहुन्छ । |

| | | |
|---|---|---|
| काल | भूत | तिमीले कविता लेख्यौ । |
| | वर्तमान | तिमी कविता लेख्छौ । |
| | भविष्यत् | तिमी कविता लेख्ने छौ । |

(आ) शिक्षकले भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप १ मा दिइएको निर्देशानुसार लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, करण-अकरणबारे थप छलफल गर्नुहोस् ।

(इ) एउटा प्रश्न एउटा समूहलाई पर्ने गरी विद्यार्थीको समूह विभाजन गर्नुहोस् तथा भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप २ को निर्देशानुसार वाक्यान्तरण गर्न लगाउनुहोस् ।

(ई) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्यपश्चात् समूह नेतालाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्त्यमा विद्यार्थीले आजको कक्षामा प्रदर्शन गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ३ को निर्देशानुसार पाठबाट फरक फरक काल र पक्षका वाक्य टिपी करण अकरणमा वाक्यान्तरण गर्न लगाउनुहोस् ।

(ऊ) लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औंल्याई विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् ।

(ऋ) व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेदलाई पुलिङ्गमा परिवर्तन गर्न लगाउनुहोस् :

सरिता बाजुरामा जन्मेकी छे । उसले कक्षा सातसम्म पढेकी छे । उसकी केटी साथी छ । उसको घरमा गाई पालेको छ । आमा गाईको हेरचाह गर्नुहुन्छ ।

(ख) दिइएको अनुच्छेदलाई स्त्रीलिङ्गमा परिवर्तन गर्न लगाउनुहोस् :

मेरो भाइ ज्ञानी भएर पढ्छ । ऊ दिनरात नभनी परिश्रम गर्छ । ऊ परीक्षामा प्रथम हुन्छ । ऊ मुसुक्क हाँस्दै विद्यालय जान्छ । ऊ असल नागरिक बन्छ ।

(ग) दिइएको अनुच्छेदलाई एकवचनमा परिवर्तन गर्न लगाउनुहोस् :

विद्यार्थी इलाम घुम्न गए । त्यहाँ विदेशी पर्यटकहरू आएका रहेछन् । उनीहरूले इलाम राम्रो छ भने । विद्यार्थी खुसी भए । गाउँलेहरू पनि दङ्ग परे ।

(घ) दिइएको अनुच्छेदलाई बहुवचनमा परिवर्तन गर्न लगाउनुहोस् :

म नेपाली हुँ । सगरमाथा मेरो गौरव हो । मेरो साथी भारतीय हो । ऊ पनि मलाई देखेर खुसी छ । म पनि उसलाई देखेर खुसी छु ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को पहिचान र प्रयोग | 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' प्रयोग भई बनेका शब्द पहिचान गरी प्रयोग गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती वा चार्ट |
| श्रुतिबोध (सुनाइ पाठ १४) | सुनाइ पाठ १४ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |
| एकाङ्की सङ्कलन (परियोजना कार्य) | पुस्तकालय वा विद्युतीय सामग्री प्रयोग गरी एकाङ्की सङ्कलन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीबाट कुनै प्रहसन वा गीत सुनी सिकाइप्रति उत्प्रेरित बनाउनुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**'चन्द्रबिन्दु' र 'शिरबिन्दु' को पहिचान र प्रयोग**

(अ) विद्यार्थी सङ्ख्याको अनुपात मिलाई दुईओटा समूह बनाउनुहोस् । शिक्षकले तयार पारेको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

(क) साँझको समय थियो । अँध्यारोले आँगन आफू जस्तै बनाउन थाल्यो । वरपरका बाँसका झ्याङ र आँपका रुखहरू बिस्तारै देखिन छाडे । बगैँचामा रमाइरहेका चराहरू आफ्नै गुँडतिर फर्किए । घाँस काट्न गएकाहरू जङ्गलबाट गाउँ आइपुगे । पँधेरा गएकाहरू पानी लिएर आए ।

(ख) बाबु र छोराको संवाद भयो । छोराले अंश माग्ने कुरा गरे । बाबुले सम्झाउँदै भने, "छोरा, त्यसो नभन । हाम्रो संस्कार र संस्कृति भनेको मिलेर बस्नु हो ।" बाबुको कुराले छोराको मन छोयो । छोराले संयमित हुँदै भने, "हुन्छ बाबा ! संसारमा यस्तै चलन छ भने म पनि संयुक्त परिवारमा नै बस्छु ।"

(आ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ४ को निर्देशानुसार अनुच्छेदबाट 'चन्द्रबिन्दु' र 'शिरबिन्दु' प्रयोग भएका शब्द टिपोट गरेर उच्चारण गर्न लगाउनुहोस् । शब्द टिपोट र उच्चारणका क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ६ को निर्देशानुसार दिइएको अनुच्छेद सच्याई अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध (सुनाइ पाठ १४)

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) सुनाइ पाठ १४ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप १ को खाली ठाउँमा उपयुक्त शब्द राखी वाक्य पूरा गर्ने अभ्यास छलफल गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप २ मा दिइएका प्रश्नको मौखिक उत्तर भन्न उत्प्रेरित गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

## एकाङ्की सङ्कलन (परियोजना कार्य)

(अ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(आ) विद्यार्थीलाई पुस्तकालय वा विद्युतीय सामग्री प्रयोग गरी एकाङ्की सङ्कलन गरेर ल्याउन लगाउनुहोस् । विद्यार्थीलाई पछिल्लो कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने पूर्व जानकारीसमेत दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्न लगाउनुहोस् :

सम्योग भोली आउला । संम्बिधानको पुस्तक ल्याउला । म त्यो पुस्तक पढुला । मैंले देश को कानुन जान्नु पर्छ । कानुन अनुषार हामी सबै चल्यौं भने मात्रै मुलुक बन्छ ।

(ख) पुस्तकालय वा विद्युतीय सामग्री प्रयोग गरी एकाङ्की सङ्कलन गरेर ल्याउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| एकाङ्की सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | पुस्तकालय वा विद्युतीय सामग्री प्रयोग गरी एकाङ्की सङ्कलन गरी प्रस्तुत गर्न | • अनुच्छेदपत्ती<br>• एकाङ्कीको नमुना चार्ट<br>• संवादको नमुना |
| संवाद र एकाङ्की लेखन (सिर्जनात्मक कार्य) | निर्दिष्ट शीर्षक र समसामयिक विषयमा संवाद र एकाङ्की रचना गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई संवेगात्मक संवाद गर्न लगाई सिकाइप्रति ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**एकाङ्की सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) पूर्वकक्षामा दिइएको सिर्जना र परियोजना कार्य विद्यार्थीलाई पालैपालो भन्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । एकाङ्कीको विषयवस्तु, पात्र, संवाद, उद्देश्य आदि आवश्यकीय विषयबारे छलफल गरी शिक्षकले स्पष्ट पारिदिनुहोस् ।

(आ) प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**संवाद र एकाङ्की लेखन (सिर्जनात्मक कार्य)**

(अ) विद्यार्थीको लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

(आ) संवाद र एकाङ्की लेखन गर्दा ध्यान दिनुपर्ने विषयवस्तुबारे विद्यार्थीलाई छलफल गराउनुहोस् ।

**संवाद लेख्ने तरिका**

(क) सर्वप्रथम संवाद र एकाङ्कीको शीर्षकसँग सम्बन्धित विषयवस्तु मनन गर्नुहोस् ।

(ख) संवाद र एकाङ्कीका लागि चाहिने उपयुक्त पात्र छनोट गनुहोस् ।

(ग) संवाद र एकाङ्कीका लागि परिवेश तयार पार्नुहोस् र विषयवस्तुको सङ्केतसमेत गर्नुहोस् ।

(घ) सरल तथा स्वाभाविक तरिकाले विषय प्रवेश गर्नुहोस् ।

(ङ) पात्रका स्तरअनुकूलका संवाद तयार पार्नुहोस् ।

(च) दुवै पात्रलाई सशक्त रूपमा प्रस्तुत गर्दै जानुहोस् र फरक मतलाई तर्कपूर्ण बनाउनुहोस् ।

(छ) संवाद र एकाङ्कीको उद्देश्य पूरा भएपछि अन्त्य गर्नुहोस् ।

(इ) सिर्जना र परियोजना कार्यको क्रियाकलाप १ का निर्दिष्ट विषयवस्तुमा आधारित भई संवाद र एकाङ्की रचना गर्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

(ई) संवाद र एकाङ्कीको रचना गरिसकेपछि कुनै एक जना विद्यार्थीले तयार पारेको संवाद र एकाङ्कीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(उ) संवाद र एकाङ्कीमा भएका पात्रअनुसारको भूमिका विभाजन र प्रस्तुति गर्न लगाउनुहोस् ।

(ऊ) संवाद र एकाङ्कीको विषयवस्तु, पात्र चयन, संवाद आदिका बारेमा छलफल गराई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

**(क) दिइएका शीर्षकमध्ये कुनै एक शीर्षकमा संवाद वा एकाङ्की तयार पार्न लगाउनुहोस् :**

(अ) सामाजिक मेलमिलाप सुन्दर समाज

(आ) वैदेशिक रोजगारप्रतिको आकर्षण

(इ) सामाजिक न्याय

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## गाउँमाथि एउटा कविता

**पाठ : १५**

**विधा : कविता** **कार्यघण्टा : १०**

### परिचय

कवि दिनेश अधिकारी (२०१६) को 'गाउँमाथि एउटा कविता' गद्य लयमा संरचित कविता हो । यस कवितामा नेपालका सुदूर पूर्वदेखि सुदूर पश्चिमसम्मका गाउँ र गाउँले जीवनका विवशता र पछौटेपनको कलात्मक रूपमा चित्र उतारिएको छ । यस कवितालाई कक्षामा सहजीकरण गराउँदा विभिन्न फुटकर कविता तथा गीतका नमुना सङ्कलन गर्नुपर्छ । यसमा विषयवस्तुको ज्ञान, कल्पना, कविताको संरचना, शैली, लय तथा कवितामा हुने गति, यति, लयको सामान्य परिचय दिनु आवश्यक हुन्छ । पाठको सहजीकरण तथा सबलीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइका सिप विकासमा केन्द्रित हुनुपर्छ । यसका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, खोजकर्ताको भूमिकाका रूपमा रहँदै कविता सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक तथा आस्वादनीय बनाउनुपर्छ । सिकारुमा वाचनको गेयात्मक सिपसमेतको विकास गराउनुपर्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्पुस्तकमा समाविष्ट क्रियाकलापमा आधारित भई सहजीकरण गर्नुपर्छ ।

यस कवितामा विकासको सम्भावनाबाट टाढा रहेका, अनेकौं शैक्षिक, भौतिक र यातायत जस्ता आधारभूत आवश्यकताको अवसरबाट वञ्चित ग्रामीण जीवनको कारुणिक अवस्थाको कलात्मक चित्र उतारिएको छ । शिक्षकले यस कविताको सहजीकरणमा कविताको संरचना पहिचान, लयबद्ध वाचनपश्चात् शब्दभण्डारअन्तर्गत युग्म शब्द, समान ध्वनियुक्त शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, अनुप्रासको पहिचान, शब्दोच्चारण, शब्दार्थ र प्रयोग, समानध्वनियुक्त शब्द, बोधात्मक प्रश्नोत्तर, कवितापूरण र अनुकरण रचना, गद्यमा रूपान्तरण, भावबोध, व्याख्या, लामा तथा छोटो प्रश्नोत्तर, पाठगत बोध आदिका अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ । बोध र अभिव्यक्ति खण्डभित्र नै सद्भावपूर्ण कुराकानीसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ ।

भाषिक संरचना र वर्णविन्यासन्यासअन्तर्गत आलङ्कारिक र सामान्य पदक्रमको पहिचान र प्रयोग गराउने साथै आलङ्कारिकबाट सामान्य पदक्रम र सामान्यबाट आलङ्कारिक पदक्रमको रूपान्तरण, वर्णविन्यासमा पञ्चम वर्ण र शिरबिन्दुको पहिचान र प्रयोग आदि अभ्यास पनि सञ्चालन गराउनुपर्छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ १५ मा आधारित भई वा अन्य उपयुक्त सामाजिकीकरणको महत्त्वबोधको गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउनसमेत जोड दिइएको छ ।

## पाठ १५ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • सामाजिक विषयवस्तुमा आधारित छलफल<br>• कविताको लयबोध<br>• कविताको संरचना पहिचान | • चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न<br>• तोकिएको कविताांशलाई गति, यति र लय मिलाएर वाचन गर्न<br>• कविताको संरचना पहिचान गर्न | • ग्रामीण परिवेशबोधक चित्र<br>• कविताका अंश (अनुच्छेदपत्ती)<br>• कविता वाचनको श्रव्य सामग्री<br>• कविताको संरचना ताकि | १ |
| दोस्रो दिन | • लयबद्ध वाचन (पुनरावृत्ति)<br>• शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर<br>• सामान्य पदक्रममा रूपान्तरण | • कविता गति, यति, लय र हाउभाउ मिलाएर वाचन गर्न<br>• निर्दिष्ट शब्दको उच्चारण गर्न र अर्थसहित वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नको उत्तर दिन<br>• सामान्य पदक्रममा रूपान्तरण गर्न | • कविताको अंशपत्ती<br>• कविता वाचनको श्रव्य सामग्री<br>• शब्द र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर तालिका<br>• आलङ्कारिक पदक्रमयुक्त वाक्यसूची | १ |
| तेस्रो दिन | • शब्दार्थ र प्रयोग<br>• युग्म शब्दको पहिचान र प्रयोग<br>• समान ध्वनियुक्त शब्दको पहिचान र प्रयोग | • निर्दिष्ट शब्द र पदावलीयुक्त अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• युग्म शब्द पहिचान गरी प्रयोग गर्न<br>• समान ध्वनियुक्त शब्द पहिचान गरी प्रयोग गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती | १ |
| चौथो दिन | • विषयवस्तुमा आधारित अन्तरक्रिया<br>• अनुकरण कविता लेखन<br>• बोधात्मक प्रश्नोत्तर | • विषयवस्तुमा आधारित भएर अन्तरक्रिया गर्न<br>• कुनै कविताको अनुकरण गरेर कविता लेख्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• गद्य कविता लेखनका आधार<br>• श्लोकपत्ती<br>• प्रश्नसूची, उत्तरको ढाँचा | १ |
| पाँचौँ दिन | • कविताको भावबोध<br>• पाठगत बोधात्मक अभ्यास | • निर्दिष्ट कविताको भावबोध गर्न<br>• पाठगत बोधात्मक प्रश्नको उत्तर दिन | • कविताका अंश लेखिएको चार्ट वा स्लाइड<br>• बुँदापत्ती<br>• भाव लेखिएको चार्ट<br>• बोध प्रश्नसूची<br>• बोध उत्तरको नमुना | १ |
| छैटौँ दिन | • छलफल र निष्कर्ष प्रस्तुति<br>• विषयवस्तुको अनुमान, कल्पना र प्रस्तुति<br>• सङ्क्षिप्त उत्तर लेखन | • ग्रामीण परिवेशबारे छलफल गरी निष्कर्ष प्रस्तुत गर्न<br>• विषयवस्तुको अनुमान र कल्पनामा आधारित प्रश्नको उत्तर दिन | • ग्रामीण जनजीवन झल्कने सामग्रीका सूची<br>• बुँदापत्ती<br>• अनुमान र कल्पनामा | १ |

| | | | | |
|---|---|---|---|---|
| | | • प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | आधारित बुँदा टिपोटको नमुना<br>• कविताको अंश लेखिएको चार्ट वा स्लाइड<br>प्रश्नसूची र उत्तरको नमुना | |
| **सातौँ दिन** | • व्याख्या लेखन<br>• मूलभाव लेखन | • निर्दिष्ट कवितांशको व्याख्या गर्न<br>• कविताको मूल भाव लेख्न | • बुँदापत्ती<br>• व्याख्याको संरचना तालिका<br>• व्याख्याको नमुना<br>• मूलभावको नमुना | १ |
| **आठौँ दिन** | • बोधात्मक प्रश्नोत्तर<br>• भाषिक प्रकार्य | • बोध प्रश्नको उत्तर दिन<br>• सद्भावमा आधारित भाषिक सञ्चार गर्न | • अनुच्छेद<br>• प्रश्नसूची र उत्तरका नमुना<br>• प्रश्नोत्तरको नमुना तालिका<br>• सद्भावसम्बन्धी भाषिक सञ्चारको नमुना | १ |
| **नवौँ दिन** | • श्रुतिबोध (सुनाइ पाठ १५)<br>• पदक्रम पहिचान र प्रयोग<br>• वर्णविन्यासको पहिचान र प्रयोग<br>• बाल कविता सङ्कलन (परियोजना कार्य) | • सुनाइ पाठ १५ का आधारमा श्रुतिबोधात्मक उत्तर दिन<br>• आलङ्कारिक र सामान्य पदक्रमको पहिचान र प्रयोग गर्न<br>• पञ्चम वर्ण र शिरबिन्दु प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न<br>• पत्रपत्रिकाबाट गद्य कविता सङ्कलन गरी त्यसको मूलभाव प्रस्तुत गर्न | • प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• सुनाइ पाठ २ को श्रव्य सामग्री<br>• वाक्यसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती | १ |
| **दसौँ दिन** | • बाल कविता सङ्कलन र मूलभावको प्रस्तुति (परियोजना कार्य)<br>• कविता रचना (सिर्जनात्मक कार्य) | • बाल कविता सङ्कलन गरी मूलभाव लेख्न<br>• निर्दिष्ट शीर्षकमा कविता रचना गर्न | • बाल कविता<br>• मूलभावको नमुना<br>• नमुना कविता | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

**पहिलो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सामाजिक विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | • ग्रामीण परिवेशबोधक चित्र<br>• कविताका अंश (अनुच्छेदपत्ती)<br>• कविता वाचनको श्रव्य सामग्री<br>• कविताको संरचना ताकि |
| कविताको लयबोध | तोकिएको कवितांशलाई गति, यति र लय मिलाएर वाचन गर्न | |
| कविताको संरचना पहिचान | कविताको संरचना पहिचान गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई आफूले जानेका, सुनेका चुट्किला, रमाइला कविता वा उत्प्रेरक भनाइ सुनाउन उत्प्रेरित गर्नुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्नुहोस् ।

(आ) आजको पाठवस्तुबारे जानकारी दिँदै सिङ्गो गाउँमाथि कस्तो कविता लेखिँदो रहेछ भन्ने जिज्ञासा उत्पन्न गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सामाजिक विषयवस्तुमा आधारित छलफल**

(अ) कविताको विषयवस्तु सुहाउँदो गाउँको सामाजिक जीवनको सजीव दृश्य झल्किने खालका चित्र स्लाइड वा तालिकामा प्रदर्शन गरी विषयवस्तुबारे अनुमान गर्न लगाउनुहोस् । जस्तै :





(आ) विद्यार्थीले बुझेका विषयवस्तु पालैपालो प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीलाई पाठमा दिइएको चित्र स्लाइडका माध्यमबाट प्रदर्शन गरी पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् ।



(ई) वणर्नका क्रममा छुटेका विषयवस्तु अन्य विद्यार्थीबाट नै जानकारी दिन लगाउनुहोस् । विद्यार्थीका धारणा सुनिसकेपछि यस चित्रले नेपाली समाजको यथार्थलाई बोलेको कुरा सङ्केत गरेको र यस कवितामा समाजका यिनै वास्तविकतालाई पस्किएको कुरा शिक्षकले बताउँदै निष्कर्ष दिनुहोस् ।

**कविताको लयबोध**

(अ) विद्यार्थीलाई उनीहरूले जानेको गीत वा कविता प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । कविता वा गीतमा हुने गति, यति, लयका बारेमा जानकारी दिनुहोस् ।

(आ) पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई गति, यति, लय हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

(इ) यस क्रममा गद्य कविता गति, यति, लय र हाउभाउ मिलाई कविता वाचन गर्न सके नसकेको पहिचान गर्नुहोस् ।

(ई) शिक्षकले गद्य कविताको वाचनका तरिकाबारे छलफल गराएर लयबद्ध वाचन गरेर सुनाउनुहोस् ।

(उ) पाठ्य कविताको प्रत्येक अंशलाई आदर्श वाचन गरी वा मोबाइलमा रेकर्ड गरेको वा अन्य कुनै आधिकारिक स्रोतबाट सङ्कलन/डाउनलोड गरेको सामग्री सुनाउनुहोस् । दृश्य सामग्री उपलब्ध भएमा देखाउनुहोस् ।

(ऊ) सुरुमा आफू सँगसँगै सबै विद्यार्थीलाई वाचन अभ्यास गराउनुहोस् र समूहगत, बेन्चगत तथा युगल रूपमा पालैपालो गति, यति, लय तथा हाउभाउसहित कविता वाचन अभ्यास गराई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

**कविताको संरचना पहिचान**

(अ) फरक फरक कविताका एक एकओटा अनुच्छेदको स्लाइड वा तालिका प्रदर्शन गरी किन हरेक कवितांश एकै प्रकारका नभएका होलान् भनी प्रश्न गर्दै संरचनाका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

(आ) पाठ कवितामा रहेका पङ्क्ति तथा अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । गद्य कविताको जानकारी दिन आफूले तयार पारेको स्लाइड वा संरचना तालिका प्रदर्शन गरी यसको संरचना पक्षको विषयमा छलफल गराउनुहोस् । जस्तै :

**गद्य कविताको संरचना**

- गद्य कवितामा पद्यमा जस्तो वर्ण र मात्राको गणना र नियम नहुने
- कुनै निश्चित विषयवस्तुमा केन्द्रित भई स्वतन्त्र रूपमा भावना वा विचारको प्रस्तुति दिइने
- बाह्य लयको नियममा नबाँधिने तर आन्तरिक लय वा कवितात्मक संरचना हुने
- विविध अंश (अनुच्छेद) मा व्यक्त गर्न सकिने

(इ) पालैपालो पाठ्य कविताको संरचनासम्बन्धी प्रश्न सोधी आवश्यक पृष्ठपोषण दिनुहोस्, जस्तै :

- कवितामा कति पङ्क्ति छन् ?
- कवितामा कति अंश (अनुच्छेद) छन् ?

(ई) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ (ख) मा छलफल गराउनुहोस् र उत्तर भन्न लगाउनुहोस् । यी प्रश्नले पनि गद्य कविताको संरचना पक्षलाई जनाएको कुरा प्रस्ट पारिदिनुहोस् ।

(उ) कुनै विद्यार्थीले उत्तर बताउन असहजता अनुभव गरे अन्य विद्यार्थीलाई त्यही प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

### ३. मूल्याङ्कन

(क) कविताले व्यक्त गरेको सामाजिक विषयवस्तु वर्णन गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई हाउभाउसहित पाठ्य कविताका केही अंश गति, यति, लय र हाउभाउ मिलाई वाचन गर्न लगाउनुहोस् ।

(ग) गद्य कविताको संरचना भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| लयबद्ध वाचन (पुनरावृत्ति) | कविता गति, यति, लय र हाउभाउ मिलाएर वाचन गर्न | • कविताको अंशपत्ती<br>• कविता वाचनको श्रव्य सामग्री<br>• शब्द र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर तालिका<br>• आलङ्कारिक पदक्रमयुक्त वाक्यसूची |
| शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग | निर्दिष्ट शब्दको उच्चारण गर्न र अर्थसहित वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नको उत्तर दिन | |
| सामान्य पदक्रममा रूपान्तरण | सामान्य पदक्रममा रूपान्तरण गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) कक्षामा सुदूर पूर्व र सुदूर पश्चिमका गाउँको चित्र कविताले जसरी प्रस्तुत गरेको छ त्यसअनुसारको गाउँ र गाउँले जीवन तपाईंले देख्नुभएको छ या छैन भन्ने सन्दर्भ उठान गरेर छलफल गराउनुहोस् र आजको कक्षाको विषयवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**लयबद्ध वाचन**

(अ) शिक्षकले पाठ्य कवितालाई स्लाइड वा तालिकामा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

(आ) शिक्षकले गद्य कविताको वाचन गर्दा उपयुक्त गति, कविता वाचन गर्दा हरफमा कहाँ रोकिने हो यति र लयात्मकता ख्याल गर्नुपर्ने कुरा भनिदिनुहोस् र लय मिलाएर आदर्श वाचन गर्नुहोस् । कविता वाचनको नमुना श्रव्य वा श्रव्यदृश्य साधनका माध्यमबाट प्रस्तुत गर्नुहोस् ।

(इ) शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् ।

(ई) यस क्रममा शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने, विद्यार्थीलाई सामूहिक वाचन युगल वाचन र एकल वाचन गराई क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् । विद्यार्थीलले कविता वाचन गर्दैगर्दा उनीहरूलाई उच्चारण गर्न कठिन भएका शब्द टिपोट गर्नुहोस् ।

**शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग**

(अ) विद्यार्थीलाई उच्चारण अभ्यास गर्नुपर्ने शब्द भए टिपोट गर्नुहोस् भनेर समय दिनुहोस् । विद्यार्थीबाट टिपोट गरिएका शब्द पालैपालो भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) अगिल्लो क्रियाकलापमा शिक्षकले टिपोट गरेका र विद्यार्थीबाट टिपोट गरिएका शब्द पालैपालो उनीहरूबाटै उच्चारण गर्न प्रोत्साहन गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई सासको एक झोक्कामा उच्चारण हुने अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(इ) उच्चारण अभ्यास गराउँदा आफूले लगेको अक्षरीकरणसहितका शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस्, जस्तै :

उब्जाउ : /उब्.जाउ/

अन्तरिक्ष : /अन्.त.रिक्.छ्य/

अर्जाप्ने : /अर्.जाप्.ने/

आन्दोलन: /आन्.दो.लन्/

(ई) बहुभाषी कक्षामा इतरनेपाली मातृभाषा भएका र उच्चारणमा बढी त्रुटि गर्ने विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् । उच्चारणका क्रममा बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा निर्दिष्ट शब्दको उच्चारण पनि गराउनुहोस् ।

(उ) विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्नुहोस् । ती शब्दको अर्थ विद्यार्थीबाट नै भन्न प्रेरित गर्नुहोस् ।

(ऊ) शिक्षकले तयार पारेका अर्थपत्ती प्रदर्शन गरी शब्दको अर्थ स्पष्ट पार्नुहोस्, जस्तै :

अन्धविश्वास : एकोहोरो रूपमा गरिने विश्वास

पट्याँस : कलिलो बाँसको बोक्रा

मजेत्रो : ओढ्ने, बर्को

साहित्यिक : साहित्यसँग सम्बन्धित

(ऋ) शब्दकोशको सहयोग लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ए) आफूले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

भकारो : मैले गाई भैँसीको भकारो सोहोरेको छु ।

टुक्रुक्क : भाइ आँगनका डिलमा टुक्रुक्क बसेको छ ।

सिकिस्त : उनकी आमा सिकिस्त बिरामी हुनुभएछ ।

(ऐ) अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । त्यसपछि कम्तीमा १० ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । ती शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ओ) शब्दभण्डार खण्डको अभ्यास ४ ले निर्देश गरेका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र मौखिक उत्प्रेरणा वा स्याबासी प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) पाठ्य कविताको कुनै दुइओटा अंश (अनुच्छेद)लाई स्लाइड वा तालिकामा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत कविताको अंश मौनपठन गरी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(आ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा तालिकाको सहयोग लिई प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

(इ) पाठ्य कविताको अंशका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

- गुजमुजिएका घरले केको टोपी लगाए झैँ देखिन्छन् ?
- सुदूर पश्चिमको गाउँ कसरी तन्नेरी हुन्छ ?
- कुखुराको भालेले के बताउँछ ?

(ई) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा अन्य विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) शिक्षकले प्रस्तुतीकरणका लागि स्याबासी दिँदै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**सामान्य पदक्रममा रूपान्तरण**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र कवितालाई व्याकरणिक पदक्रम मिलाएर लेख्ने तरिकाबारे पूर्वज्ञानका आधारमा छलफल गर्न लगाउनुहोस्, जस्तै :

व्याकरणिक पदक्रम भन्नाले : कर्ता र क्रिया वा कर्ता, कर्म र क्रियाको क्रम बुझ्नु पर्दछ ।

(आ) विद्यार्थीले समूहमा छलफल गरेका विषयको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीलाई तलको कवितांश स्लाइड वा स्मार्ट बोर्डमा प्रदर्शन गरी सामान्य व्याकरणिक पदक्रममा रूपान्तरण गर्न लगाउनुहोस् :

- एउटै इनार छ सम्पूर्ण गाउँमा
- पनि कसैले पानी पिउन नपाएको गुनासो छैन
- काखको नानीलाई मजेत्रोले पिठिउँमा बाँधेर

  निस्कन तयार छे जो कुनै पनि आमा

(ई) विद्यार्थीले रूपान्तर गरेको व्याकरणिक पदक्रमका वाक्य प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस्, जस्तै :

एउटै इनार छ सम्पूर्ण गाउँमा ।

यस वाक्यलाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्दा : कर्ता, कर्म र क्रियाको क्रमअनुसार

सम्पूर्ण गाउँमा एउटै इनार छ । हुन्छ भन्ने जानकारी गराउँदै बाँकी अभ्यास पनि यसै गरी गर्न प्रेरित गर्नुहोस् ।

(उ) माथिका छलफलका आधारमा बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस्

### ३. मूल्याङ्कन

(क) विद्यार्थीलाई कविताको पहिलो श्लोकलाई गति, यति, लय र हाउभाउ मिलाएर वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको उच्चारण गर्न, अर्थ बताउन र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

पर्म, मजेत्रो, भकारो, अनौ

(ग) कविताको पहिलो र दोस्रो अंशका आधारमा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) कवितांशका अनुसार गाउँमा कस्ता घरहरू रहेका छन् ?

(आ) मान्छेहरू कसरी उग्राएका छन् ?

(घ) दिइएका वाक्यलाई सामान्य पदक्रममा रूपान्तरण गर्न लगाउनुहोस् :

(अ) न चुनावले रोक्छ यसलाई ।

(आ) निस्कन तयार छे जो कुनै पनि आमा ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्द र पदावलीयुक्त अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती |

| | | |
|---|---|---|
| युग्म शब्दको पहिचान र प्रयोग | युग्म शब्द पहिचान गरी प्रयोग गर्न | ● अर्थपत्ती<br>● वाक्यपत्ती |
| समान ध्वनियुक्त शब्दको पहिचान र प्रयोग | समान ध्वनियुक्त शब्द पहिचान गरी प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) शिक्षकले कक्षामा युग्म शब्दको प्रयोग गरेर एकछिन कुराकानी गर्नुहोस्, जस्तै : पढाइसढाइ कस्तो चल्दै छ ? भातसात तरकारी सरकारी के खाएर आइयो आदि । विद्यार्थीलाई पनि यस्तै शब्द बोल्न लगाएर रमाइलो वातावरण सिर्जना गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**शब्दार्थ र प्रयोग**

(अ) पाठबाट विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाउँदै आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपिएका ती शब्दको अर्थ भन्न विद्यार्थीलाई नै भन्न प्रोत्साहन गर्नुहोस् । एउटाले नजाने अर्कालाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । अन्त्यमा आफूले लगेका शब्दपत्ती प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस् ।

(आ) शब्दभण्डार खण्डको क्रियाकलाप १ मा भएका शब्द र पदावलीका तालिका प्रदर्शन गर्नुहोस् । पाठबाट पहिचान गरी तिनको जोडा मिलाउन सिकाउनुहोस् । कुनै विद्यार्थी वा समूहलाई शब्द खोज्न समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । शब्दकोशको सहायता लिई थप शब्दको अर्थ खोज्न प्रोत्साहन गर्नुहोस् ।

(इ) प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूहको टोली प्रमुख छान्न लगाउनुहोस् । त्यसपछि शब्दार्थ खण्डमा दिइएका शब्द समूहलाई एकओटा हुने गरी विभाजन गरिदिनुहोस् र मौलिक वाक्य बनाउन निर्देशन दिनुहोस् ।

(इ) विद्यार्थीले समूह कार्य गरिसकेपछि टोली प्रमुखलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा थप सहजीकरण आवश्यक भए शिक्षकले पृष्ठपोषण गर्नुहोस् ।

**युग्म शब्दको पहिचान र प्रयोग**

(अ) शिक्षकले शब्दभण्डार खण्डको अभ्यास २ को अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । उक्त अनुच्छेदमा भएका फरक फरक अर्थ दिए पनि एकआपसमा अन्तर्सम्बन्धित भएर एकै डिकोमा जोडिएर आएका शब्द पहिचान गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीका क्रियाकलापलाई मध्यनजर गरी शिक्षकले युग्म शब्दसूचीका माध्यमबाट टिपोट कार्यमा सहजीकरण गर्नुहोस्, जस्तै :

छिटोछरितो, छरछिमेक, सरसहयोग, हारगुहार, गाउँठाउँ, सहरबजार, सानोतिनो, एकआपस, झैझगडा, एकअर्का, चाडबाड, मेलापर्व, साथीभाइ, मेलमिलाप, भेटघाट आदि ।

(इ) समूह कार्य सकिएपछि विद्यार्थीलाई फरक फरक अर्थ दिए पनि एकआपसमा अन्तर्सम्बन्धित भएर एकै डिकोमा जोडिएर आउने शब्द नै युंग्म शंब्द हुन् भन्ने कुरा बताई युग्म शब्दको धारणा प्रस्ट पारिदिनुहोस् ।

(इ) विद्यार्थीलाई यस्तै प्रकृतिका अन्य युग्म शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् ।

(ई) शब्दभण्डारको अभ्यास ३ मा दिइएका युग्म शब्द चार्ट वा स्लाइडमार्फत प्रस्तुत गरी विद्यार्थीलाई व्यक्तिगत रूपमै ती शब्द प्रयोग गरी एउटा अनुच्छेद तयार गर्न लगाउनुहोस् । शिक्षकले तयार गरी ल्याएको अनुच्छेद प्रदर्शन गरी विद्यार्थीका कार्य मूल्याङ्कन गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् । जस्तै :

> आफ्नो काम छिटोछरितो तरिकाले गरेर हाँसखेल तथा ख्यालठट्टामा रमाउने सरोज गाह्रोसाह्रोमा परेकालाई सरसहयोग गर्न पाउँदा खुसी हुन्छन् । पढेलेखेका मानिस भएर पनि पानीपँधेरो तथा बालबालिकालाई नुहाइधुवाइ गरी सफासुघ्घर हुनुपर्छ भनेर प्रेरित गर्ने, घरको सरसफाइ गर्ने काम गर्न झन्झट नमान्ने उनको स्वभावले परिवारमा सुख र खुसी छाएको तथा पारिवारिक एकता कायम भएको छ । साथीसङ्गीका कुराकानी ध्यान दिएर सुन्नु र तर्कपूर्ण विचार राख्ने उनको स्वभावले धेरै साथीसँग हित्तचित्त मिलेको उनका साथीहरू बताउँछन् । सोचविचार गरेर बोल्ने हो भने कोही कसैको सत्रु हुनु नपर्ने उसको स्पष्ट
>
> धारणा छ ।

### समान ध्वनियुक्त शब्दको पहिचान र प्रयोग

(अ) शिक्षकले पाठभित्रबाट सङ्कलन गरेका समान ध्वनियुक्त शब्दको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उच्चारणका क्रममा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् । उदाहरणका लागि यो कवितांश स्लाइडमा प्रदर्शन गर्नुहोस् :

- दिनभरि फलाकिरहन्छ
- दिनभरि हतारिरहन्छ

(आ) यस्ता समान ध्वनियुक्त शब्दलाई साहित्यमा अनुप्रास भनिने र यस्ता शब्दले कविता वा गीतलाई साङ्गीतिकता प्रदान गर्ने कुरा जानकारी गराउनुहोस् र विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी कविताका अनुच्छेदबाट उदाहरणमा दिइए जस्तै अनुप्रासयुक्त शब्द खोज्न र प्रस्तुत गर्न लगाउनुहोस् ।

(इ) समूह कार्य सकिएपछि टोली प्रमुखलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ई) छलफलका आधारमा बोध र अभिव्यक्ति खण्डको ३ (क) को अभ्यास गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) यस्तै थप उदाहरण दिएर समान ध्वनियुक्त शब्दबारे थप सहजीकरण गर्नुहोस् ।

### ३. मूल्याङ्कन

(क) दिइएका शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

चपरी, दुवाली, भाकल, दन्त्यकथा

(ख) पाँचओटा युग्म शब्द लेख्न लगाउनुहोस् ।

(ग) दिइएको गीतबाट दुईजोडी समान ध्वनियुक्त शब्द पहिचान गर्न लगाउनुहोस् :

सालको पात टपरी हुने नहुने सल्लैको

तिम्रो माया कति छ कति नलाऊ पछि हल्लैको

भाको एउटा जाले रुमाल फूल भरेको छैन

के लैजान्छौ सानु तिम्ले पिरतीमा बैना ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**चौथो दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| विषयवस्तुमा आधारित अन्तरक्रिया | विषयवस्तुमा आधारित भएर अन्तरक्रिया गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• गद्य कविता लेखनका आधार<br>• श्लोकपत्ती<br>• प्रश्नसूची, उत्तरको ढाँचा |
| अनुकरण कविता लेखन | कुनै कविताको अनुकरण गरेर कविता लेख्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कक्षामा विद्यार्थीलाई आँखा बन्द गर्न लगाई तीन पटकसम्म लामो लामो सास तान्दै छोड्दै गर्न लगाउनुहोस् र दुवै हत्केला रगडी तातो हातले आँखा सेक्न लगाई पढाइप्रति ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गराउनुहोस् र आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**विषयवस्तुका आधारित अन्तरक्रिया**

(अ) शिक्षकले गाउँले आमाका र गाउँका घरका कुनै दुईओटा विशेषता स्लाइड वा तालिकाका माध्यमबाट प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई तिनका बारे पालैपालो भन्न उत्प्रेरित गर्नुहोस् ।

(आ) गाउँसँग सम्बन्धित अरू थप तीनओटा मुख्य विषयवस्तु के के हुन सक्छन् भनी विद्यार्थी विद्यार्थीबिचमा छलफल गराउनुहोस् । विद्यार्थीबिच भएको छलफल अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) विद्यार्थीले छलफल गरिसकेपछि विचार प्रस्तुत गर्न लगाउनुहोस् । यसै क्रममा शिक्षकले विद्यार्थीबाट प्रस्तुत भएका मुख्य मुख्य विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

(ई) शिक्षकले तयार पारेका अन्य विशेषता सूची वा तालिकामार्फत प्रस्तुत गर्नुहोस् । शैक्षणिक पाटीमा टिपोट गरिएका र शिक्षकले तयार पारेका कुन कुन विषयवस्तुमा समानता छ, कुन कुन विषयवस्तु छुटेको रहेछन् भन्नेबारे पालैपालो भन्न लगाउनुहोस् । अन्तरक्रियाका क्रममा आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**अनुकरण कविता लेखन**

(अ) "गाउँमाथि एउटा कविता" पढी त्यस्तै शैली र ढाँचामा सहरको वातावरण झल्किने एउटा कविता लेख्न लगाउनुहोस् । गद्य कविता लेखनका लागि निम्न आधार दिनुहोस् :

**सहरमाथि एउटा कविता**

**'सहरमाथि एउटा कविता' कविता लेखन गर्दा यी र यस्तै प्रश्नको उत्तर दिँदै जानुहोस् र कविता तयार पार्नुहोस् ।**

के को दृश्य जस्ता
के जसरी र कसरी ठडिएका
के जस्तो टोपी वा पोसाक पहिरेका
कति घर छन् सहरभित्र

के कुराप्रति विश्वास छ ती घरलाई
कति मान्छे छन् त्यहाँ
समय केले सङ्केत गर्छ, सहरभित्र
विदेश बसेकासँग के कसरी सन्चोबिसन्चो सोध्छ सहरले
के कुराको दृश्य हेरेर अनुमान गर्न सकिन्छ
यो मधेसको सहर हो
र, यो पहाडको सहर हो भनेर
सहरको दिन कसरी सुरु हुन्छ
सहर के गरेर केटाकेटी हुन्छ
सहर के गर्दा गर्दै तन्नेरी हुन्छ
बेग्लाबेग्लै मान्छेका ओठ भएर
सहर के कुरा फलाकिरहन्छ ( जुलुस वा नेताको भाषण वा भिड वा यस्तै कुरा राख्ने यहाँ)
सहर दिनभरि कसरी हतारिन्छ
सहरलाई जन्त जाँदा कहाँ जान्छ
सहरलाई पर्म जानुपर्छ वा जागिर व्यवसाय ?
मान्छे सिकिस्त हुँदा
सहरले कस्तो उपचार गर्छ ?
माइलीलाई सहरले कहाँ नचाउँछ ?
सहरमा जात्रा कहाँ हुन्छ ?
सहरमा बुढाबुढीको प्राण कसरी जान्छ ?

(आ) माथिका बुँदाका आधारमा कविता लेख्न प्रोत्साहित गर्नुहोस् । कविता तयार भएपछि पालैपालो सुनाउन लगाउनुहोस् र कविता वाचनका क्रममा आवश्यक सहजीकरण गरी अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) शिक्षकले तलका जस्तै प्रश्न भएका स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई प्रदर्शित स्लाइड मनमनै पढ्न लगाउनुहोस् ।

**प्रश्न**

**गाउँका मानिसले कस्तो पेसा अपनाएका छन् ?**

- गाउँका मानिसले छिमेकी अँगेनाबाट आगो ओसारेर दिन सुरु गर्ने

- गोठमा वस्तुभाउलाई घासपात हाल्ने
- कृषि र पशुपालन पेसा अपनाएका

**प्रश्न**

**कवितामा केटाकटी र तन्नेरीले के के काम गर्ने कुरा उल्लेख छ ?**

- केटाकेटीले गोठमा वस्तुभाउलाई घाँस हाल्ने र गोठालो गर्ने काम
- तन्नेरीले गोरू नार्ने र हलो जोत्ने काम गर्ने कुरा उल्लेख

(आ) विषयवस्तुको बोधसँग सम्बन्धित बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ५ का प्रश्न स्लाइड वा तालिकामा देखाउनुहोस् । विद्यार्थी तोकी एक एकओटा प्रश्न दिएर माथिकै उदाहरणका आधारमा बुँदा टिपोट गराई ती बुँदालाई समेटेर कम्तीमा पाँच वाक्यमा उत्तर लेख्न लगाउनुहोस् । यसका लागि निश्चित समय दिनुहोस् ।

(इ) विद्यार्थीले उत्तर लेखिसकेपछि कक्षाका केही विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षबारे प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) गाउँमाथि एउटा कविताले गाउँका केकस्ता विषयलाई उठान गरेको छ ? भन्न लगाउनुहोस् ।**

**(ख) गाउँमाथि एउटा कविताकै आधारमा विद्यालयका विषयवस्तुलाई समेटी कविता लेख्न लगाउनुहोस् ।**

**(ग) सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिन लगाउनुहोस् :**

(अ) गाउँमाथि कविताले समेटेको मुख्य विषयवस्तु के हो ?

(आ) कविताको मूल भाव के हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविताको भावबोध | निर्दिष्ट कविताको भावबोध गर्न | • कविताका अंश लेखिएको चार्ट वा स्लाइड<br>• बुँदापत्ती<br>• भाव लेखिएको चार्ट<br>• बोध प्रश्नसूची<br>• बोध उत्तरको नमुना |
| पाठगत बोधात्मक अभ्यास | पाठगत बोधात्मक प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई आफ्ना सिर्जना वा सङ्लन गरिएका कविता वा गीत सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(आ) आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**कविताको भावबोध**

(अ) शिक्षकले पाठ्य कविताको पहिलो अंश (अनुच्छेद) स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सामूहिक रूपमा लयबद्ध वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) कविताको पहिलो अंशको आशय वा भावार्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका विषयवस्तु बुँदागत रूपमा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस टिपोट गरिएका बुँदाका आधारमा छलफल गराउनुहोस् ।

(इ) शिक्षकले तयार गरी ल्याएको कविताको पहिलो अंशको भावार्थका बुँदा स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् ।

(ई) विद्यार्थीलाई कविताको पहिलो अनुच्छेद हेरी बुँदाका आधारमा भावार्थ भन्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीको भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) शिक्षकले पाठ्य कविताको दोस्रो श्लोकको स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । पाठ कविताको दोस्रो अनुच्छेदको भावार्थका बुँदा लेख्न लगाउनुहोस् । पालैपालो बुँदा भन्ने अवसर प्रदान गर्नुहोस् । ती बुँदालाई समेटी भावार्थ भन्न अभिप्रेरित गर्नुहोस् ।

(ऊ) कविताको दोस्रो श्लोकको भावार्थ बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । ती बुँदा हेरी भावार्थ भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऋ) यसैगरी पाठ्य कविताका प्रत्येक श्लोकसम्बद्ध बुँदाहरू पालैपालो प्रर्दशन गरी सम्बन्धित श्लोकको भाव पहिचान गर्न लगाउनुहोस् ।

(ए) ती बुँदाहरू विस्तार गरी भावार्थ लेखनको अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी भावार्थको नमुना प्रदर्शन गरी थप सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् । जस्तै :

**गाउँमाथि एउटा कविताको भावार्थ**

गाउँका घरहरू सेताम्मे कपाल फुलेकी बुढी मान्छेका थोता दाँतहरू जस्तै ठाउँ ठाउँमा रहेका हुन्छन् खर, पराल, ढुङ्गा आदिका छानो लगाइएका घर कतै कतै एकै ठाउँमा गुजमुजिएका पनि हुन्छन् । घरभित्र रहेका मान्छे अन्धविश्वासलाई विश्वास मानेर बसिरहेका हुन्छन् । गाउँमा समय घडीले होइन कुखुराको भालेले बासेर जनाउने गर्छ । विदेसिएकाको सन्चोबिसन्चो अँगेनामा नुन पड्काएर अन्दाज गरिन्छ । कवि गाउँमा विज्ञानको बेग्लै तरिका रहेको कुरा अभिव्यक्त गर्छन् । गाउँका मानिसको आङमा घाम लाग्ने नलाग्ने कुरा अर्थात् जीवन कसरी व्यतीत हुन्छ भन्ने कुरा खेतबारीमा हुने बालीनालीको उब्जाउलाई हेरेर निश्चय गरिन्छ । हाम्रा देशका अधिकांश गाउँको यही अवस्था रहेको छ, चाहे त्यो सुदूर पूर्वका गाउँ होस् चाहे सुदूर पश्चिमका गाउँ नै किन नहोस् ।

गाउँले जीवन छिमेकीको अगेनाबाट आगो ओसारेर सुरु हुन्छ । त्यस्तै गोठमा रहेका गाईवस्तुलाई घाँसपात हालेर केटाकेटी हुन्छ भने खेतमा गोरु नारेर तन्नेरी हुन्छ । गाउँलेहरू दिनभरि कामको चटारो पर्ने हुँदा हतारिइरहन्छन् । आफ्नो व्यक्तिगत कामका अतिरिक्त उनीहरूलाई जन्त जाने, मलामी जाने, पर्म जाने, सिकिस्त बिरामीका लागि धामीझाँक्री बसाउने, जात्रामा गएर रमाइलो गर्ने जस्ता काम पनि गर्नुपर्ने हुन्छ गाउँभरिका मान्छेलाई पानीका लागि एउटा मात्र इनार रहेको हुन्छ । पानीका लागि कहिल्यै झगडा पर्दैन । पानी खान नपाएको गुनासो कहिल्यै सुनिँदैन । मेलापात जाँदा आफ्नै सन्तान पनि भार हुन सक्छ भन्ने कुरालाई बिर्सिएर काखको सानो नानीलाई मजेत्रोले पिठिउँमा बाँधी सबै आमा मेलापातमा जान तयार हुन्छन् । उनीहरूलाई भकारो सोहोर्ने शैली, अनौ समात्ने तरिका, कोदालो अर्जाप्ने कुरा मात्र थाहा हुन्छ । बाली लगाउने र भित्र्याउने समय मात्र थाहा हुन्छ । यसलाई चुनाव, उत्सव केहीले पनि रोक्न छेक्न सक्दैन ।

सम्पादकलाई सम्बोधन गर्दै कवि बमवर्षाका खबर छापिएकामा दुखेसो गर्छन् । बालिग मताधिकारका कुराहरू, साहित्यिक आन्दोलनका इतिहास, अन्तरिक्ष यानका गतिविधि छापेर नयाँ नेपालको कल्पना साकार नहुने कुरा कवि अभिव्यक्त गर्छन् । तपाईँ हामीले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको गाउँ, तपाईँ हामीलाई नागरिकता बाँड्ने देशको जन्मदाता गाउँ अझै पनि लङ्गडो खुट्टा उचालेर ढिकीमा उभइरहेको छ, जाँतोमा टाउको अड्याएर निदाइरहेको छ । चुनावका घोषणापत्र गाउँलेका लागि सिँगान पुछ्ने कागजभन्दा बढी सफल हुन सक्दैन । त्यस्तै अन्तरिक्षका गतिविधि पढ्नु भनेको उनीहरूका लागि दन्त्यकथा अर्थात् एकादेशको कथाको सिलसिला जोड्नु जत्तिको मात्र हो ।

| |
|---|
| गाउँलेहरूका निम्ति यसको केही अर्थ छैन । |

**पाठगत बोधात्मक अभ्यास**

(अ) कविता वाचनका लागि उपयुक्त वातावरण तयार गर्नुहोस् । वाचनका क्रममा आवश्यकताअनुसार सस्वर तथा मौन पठन गराउनुहोस् । पठनपश्चात् सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

(आ) मौन पठनका लागि तयार पारेको पाठ्य कविता यो मेरो देशको .....देखि .....दिनभर हतारिरहन्छ सम्मको अनुच्छेदको स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीले मौन पठन गर्दै गरेको अवधिको अवलोकन गर्दै जानुहोस् ।

(इ) शिक्षकले बोध अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएका प्रश्नसूची फलाटिन पाटी, स्लाइड वा तालिकामार्फत प्रदर्शन गरी छलफल गर्न लगाउनहोस् ।

(ई) बोध प्रश्नको उत्तर लेखन ढाँचा, शैलीका बरेमा छलफल गरी अवश्यक सहजीकरण गरिदिनुहोस् । बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ५ का आधारमा बोध प्रश्नोत्तरको अभ्यास गराउनुहोस् ।

(उ) विद्यार्थीले उत्तरको पहिचान गर्न सके नसकेको बारे छलफल चलाउनुहोस् र नमुना उत्तरसमेत प्रदर्शन गरी आवश्यक सहजीकरण गर्नुहोस्, जस्तै :

प्रश्न : कवितांशमा केटाकेटी र तन्नेरीले के के काम गर्ने उल्लेख छ ?

उत्तर : कवितांशमा केटाकेटीले गोठमा वस्तुभाउलाई घाँस हाल्ने र तन्नेरीले खेतमा गोरु नार्ने जस्ता काम गर्ने कुरा उल्लेख छ ।

(ऊ) सङ्क्षिप्त उत्तरको संरचनाका बारेमा छलफल गर्नुहोस् । छलफलका क्रममा साथीबिच प्रश्नोत्तरको अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएको कवितांशको भावार्थ लेख्न लगाउनुहोस् :**

अँजुलीभरि सपनाहरूको घान हालेर

तिमीले मेरा लागि घुमाइरह जीवनभरि ।

**(ख) दिइएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् :**

(अ) गाउँका मानिसको दैनिकी कसरी बित्छ ?

(आ) गाउँका मानिसलाई के के कुरा थाहा छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**छैटौँ दिन**

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| छलफल र निष्कर्ष | ग्रामीण परिवेशबारे छलफल गरी निष्कर्ष प्रस्तुत गर्न | • ग्रामीण जनजीवन झल्कने सामग्रीका |

| | | |
|---|---|---|
| प्रस्तुति | | सूची<br>● बुँदापत्ती<br>● अनुमान र कल्पनामा आधारित बुँदा टिपोटको नमुना |
| विषयवस्तुको अनुमान, कल्पना र प्रस्तुति | विषयवस्तुको अनुमान र कल्पनामा आधारित प्रश्नको उत्तर दिन | |
| सङ्क्षिप्त उत्तर लेखन | प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | ● कविताको अंश लेखिएको चार्ट वा स्लाइड<br>प्रश्नसूची र उत्तरको नमुना |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

(अ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रस्तुतिपछि राम्रो गर्नेलाई स्याबास भन्नुहोस् र राम्रो गर्न नसक्नेलाई राम्रो कार्य गर्न पृष्ठपोषण दिनुहोस् ।

(आ) आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**छलफल र निष्कर्ष प्रस्तुति**

(अ) विद्यार्थीलाई बेन्चगत समूहमा विभाजन गर्नुहोस् र बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ८ मा दिइएको प्रश्न प्रदर्शन गरी समूहमा छलफल गर्न लगाउनुहोस् ।

(आ) गाउँले परिवेश र जनजीवनका सम्बन्धमा छलफल गरी बुँदागत रूपमा मुख्य मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् । टिपिएका विषयवस्तुबाट निष्कर्ष निकाल्न लगाउनुहोस् । विद्यार्थीले समूहमा छलफल गर्दा शिक्षकले समूह समूहमा पुगी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(इ) समूह कार्य सकिएपछि टोली नेतालाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहका विद्यार्थीलाई ध्यानपूर्वक सुनी मूल्याङ्कन गरी प्रतिक्रियासहितको पृष्ठपोषण दिन लगाउनुहोस् ।

(ई) अन्त्यमा आफूले गाउँले जीवन र गतिविधि झल्काउने बुँदा लेखिएको चार्ट प्रदर्शन गरी थप छलफल र सहजीकरण गरिदिनुहोस् ।

(उ) यसैगरी, विद्यार्थी समूहलाई गाउँले जनजीवन झल्कने विविध दृश्य वा दृश्य सामग्री स्लाइडमा प्रदर्शन गरी पुनः छलफल गर्न लगाउनुहोस् ।
जस्तै : पहाडी भूगोल, ढिकी, जाँतो, हलो गोरु, रोपाइँ गरेको, पशुपालन, भारी बोकेको, धाँसपात, झेलापात, गोठालो जाने चलन .... आदि ।

(ऊ) हरेक समूहका विद्यार्थीलाई समूहभित्रै छलफलमा उठेका विषयवस्तु टिपोट गर्न लगाउनुहोस् । त्यसका लागि बढीमा पाँच मिनेटको समय निर्धारण गर्नुहोस् ।

(ऋ) समय र छलफल सकिएपछि समूहगत रूपमा निष्कर्ष निकालेर प्रस्तुत गर्ने अवसर दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् । आवश्यकताअनुसार सहजीकरण प्रक्रिया अवलम्बन गर्नुहोस् ।

**विषयवस्तुको अनुमान, कल्पना र प्रस्तुति**

(अ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ र १० तर्फ आकर्षित गर्नुहोस् र ती प्रश्नको मागअनुसार अनुमान र कल्पनामा गर्न लगाउनुहोस् ।

(आ) तलका जस्तै अनुमान र कल्पनामा आधारित प्रश्न निर्माण गरी विद्यार्थीबाट उत्तरका लागि छलफल गराउनुहोस् ।

- गाउंमाथि एउटा कविता पढ्दा मलाई गाउँको अवस्थाबारे बडो चिन्ता लागेको
- गाउँमा ससाना बालबालिकाले गाई गोठालो गर्नुपर्ने दयनीय अवस्था
- युवाहरू गोरु नार्ने र परम्परागत कृषिमा मात्र सीमित
- विद्यालय गाउँ गाउँमा खोल्नुपर्ने, विद्यार्थीलाई आफ्नै गाउँ ठाउँमा पढ्ने वातावरण बन्नुपर्ने

- गाउंमा रोजगारीका अवसर सिर्जना गर्नुपर्ने
- वृद्धवृद्धालाई सामजिक सुरक्षाको व्यवस्था गर्नुपर्ने
- गाउँमा आधुनिक स्वास्थ्य सेवा उपलब्ध हुनुपर्ने
- यसो गरेमा गाउँको दयनीय अवस्थाको सुधार हुने

(इ) प्रस्तुत गरिएका प्रश्नका आधारमा विद्यार्थीबाट छलफलपश्चात् आएका बुँदा ठिक बेठिक के छन् बताउनुहोस् र ठिक उत्तरका लागि सहजीकरण गरिदिनुहोस् ।

(ई) विद्यार्थीले तयार गरेका बुँदागत ठिक उत्तर पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले दिएका उत्तरमा देखिएका कल्पनाशीलता, अनुमान तथा सम्भावना आदि पक्षको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**सङ्क्षिप्त प्रश्नोत्तर**

(अ) कुनै रोचक प्रसङ्ग विद्यार्थीलाई सुनाउन लगाएर वा आफूले सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । सिकाइ सहजीकरणको दोस्रो क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(आ) विद्यार्थीलाई चार समूहमा विभाजन गरी बोध अभिव्यक्ति क्रियाकलाप ६ मा निर्दिष्ट सङ्क्षिप्त उत्तरात्मक प्रश्न प्रदर्शन गर्नुहोस् । उत्तर लेखनका लागि प्रश्न मनन गर्न लगाउनुहोस् ।

(इ) सङ्क्षिप्त उत्तर लेख्दा ध्यान दिनुपर्ने कुराका बारेमा कक्षामा छलफल चलाउनुहोस् र स्लाइडका माध्यमबाट नमुना पनि दिनुहोस् ।

**(क) 'गाउँमाथि एउटा कविताले समेटेको मुख्य विषयवस्तु के हो ?**

- गाउँमथि एउटा कवितामा नेपालको ग्रामीण जीवनको विषय
- गाँउका अव्यवस्थित र कच्ची घरहरू रहेको गाउँ
- अन्धविश्वासको विश्वासमा बाँचिरहेका मानिसको बसोबास
- समय पहिचान गर्ने र विज्ञानका कुरा बुझ्ने आफ्नै परम्परागत र अन्धविश्वासयुक्त शैली
- छरछिमेक, अगेनो नै उनीहरूको संसार
- गाइगोठ र वस्तुभाउलाई हेर्दाहेर्दै जीवन व्यतीत गर्नुपर्ने
- जन्त, पर्म, धामी, जात्रा, भाकल चढाउने जस्ता संस्कृतिसम्बद्ध विषय
- मेलापात, भकारो सोहोर्ने र अनौ समात्ने, कोदालो अर्जापने, बालओ लगाउने र भित्र्याउने, कुलो लहगाउने जस्ता श्रम र सिपले भरिएको गाउँ
- सहरका रहरबाट टाढा, सहरले नदेखेको, नलेखेको र चुनावका घोषणापत्रसँग बेखबर राजधनीले वास्ता नगरेको विषय
- दन्त्यकथा र चुनावका घोषणापत्र उस्तै उस्तै लाग्ने विषय
- समग्रमा गाउँको पछौटेपन, दुःख र सङ्घर्ष कविताका मुख्य विषय

(उ) प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न निर्देशन दिई प्रश्नको उत्तर लेख्नका लागि आवश्यक समय दिनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ऊ) कुनै एक विद्यार्थीले लेखेको उत्तर प्रस्तुत गरी पढेर सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने शिक्षकले तयार पारेको नमुना प्रश्नोत्तर स्लाइड वा चार्ट प्रस्तुत गरी कक्षामा छलफल गराई सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) तपाईंको गाउँ वा टोलमा विगत तीन वर्ष अगि र अहिलेको समयमा भएका कुनै तीनओटा परिवर्तन के के छन् ?

(आ) अबको तीन वर्षपछि तपाईँको गाउँ वा टोलमा केकस्ता विषयवस्तु परिवर्तन हुन सक्छन् ? अनुमान गर्नुहोस् ।

**(ख) सङ्क्षिप्त उत्तर दिन लगाउनुहोस् :**

(अ) पाठ्य कवितामा कविले सम्पादकलाई कसरी सचेत गराएका छन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट कवितांशको व्याख्या गर्न | • बुँदापत्ती<br>• व्याख्याको संरचना तालिका<br>• व्याख्याको नमुना<br>• मूलभावको नमुना |
| मूलभाव लेखन | कविताको मूल भाव लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) तलको जस्तै गाउँखाने कथा सुनाएर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् र विद्यार्थीलाई पनि भन्न लगाउनुहोस् :

"बिस तत्त्व एउटै घाउ यति कथा नजाने मुसा पोली खाऊ, के हो ? गोरु जोतेको

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार प्रस्तुतीकरण गर्न लगाउनुहोस् र सिकाइ सहजीकरण क्रियाकलापका लागि आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**व्याख्या लेखन**

(अ) शिक्षकले व्याख्या वा भाव विस्तारलाई कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने बारेमा छलफल चलाई व्याख्या गर्ने तरिका र सोको संरचनासम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् । जस्तै :

**व्याख्या वा भाव विस्तार गर्ने तरिका**

**परिचय खण्ड :** व्याख्याका लागि दिइएको पङ्क्ति/अंशको विषयवस्तु उठान (२/३ वाक्य)

**मूल खण्ड :** पङ्क्तिको आशय वर्णन सम्बन्धित अंशसँग मेल खाने उदाहरण प्रस्तुत गर्दै विषयवस्तुको तार्किक विश्लेषण, मूल अर्थको पहिचान, व्याख्यान र पुष्टि (८/१० वाक्य)

**निष्कर्ष खण्ड :** मूल खण्डको सार र व्याख्याताको व्यक्तिगत धारणा (२/३ वाक्य)

(इ) व्याख्याका लागि बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएका अंश स्लाइडमा प्रदर्शन गरी विद्यार्थीलाई आवश्यक बुँदा टिपोट गर्न लगाउनुहोस्, बुँदाका लागि आवश्यक परे शिक्षकले बुँदासूचीमार्फत सहजीकरण गरिदिनुहोस् ।

(ई) मुख्य बुँदा टिपोटको समूह कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) बुँदाका आधारमा व्याख्या गर्न लगाउनुहोस् । शिक्षकले अवलोकन र सहजीकरण गर्नुहोस् । यसका लागि यसभन्दा अगिल्ला पाठमा दिइएका व्याख्याका नमुना जस्तै नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

**व्याख्याको नमुना**

**"तपाईंले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !"**

'गाउँमाथि एउटा कविता' नेपाली ग्रामीण परिवेश र सामाजिक जनजीवनको सुन्दर चित्र कोर्न सफल छ । कवितामा ग्रामीण परिवेशका यथार्थलाई जस्ताको तस्तै चित्रण गर्दै 'खोलो तऱ्यो लौरो बिर्स्यो' प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने सन्दर्भमा माथिको सुन्दर पङ्क्ति आएको छ ।

हामी नेपाललाई सगरमाथाको देशका नामले चिनाउने गर्छौं । अर्थात् सगरमाथाप्रति गौरव गर्छौं तर सगरमाथालाई आफ्नो काँधमा उभ्याउने गाउँलाई वेवास्ता गर्छौं । सगरमाथाको चर्चा गर्न रमाउँछौं तर सगरमाथाको फेदीको गाउँको अवस्थाप्रति बेखबर रहेका छौं भन्ने उत्कृष्ट विचार व्याख्येय वाक्यमा व्यक्त भएको छ । गाउँ नै गाउँले युक्त नेपालका गाउँमा पराल र ढुङ्गाका छानामा उभिएका घरहरूले गरिबीको कारुणिक अवस्था उजागर गरेका छन् । अशिक्षा र चेतनाको अभावले अन्धविश्वासलाई विश्वास मानेर यहाँका मानिसहरू निर्वाहमुखी खेतीपाती र पशुपालनमा सीमित छन् । गाउँमा बसोबास गर्ने मानिसहरूको दैनिकी समयानुसार बदलिन नसकेको भाव कवितामा व्यक्त छ । चेतनाको बिहानी ल्याउने पत्रपत्रिका र सम्पादकको भूमिकाप्रति प्रश्न उठाउँदै सगरमाथाको समाचार बनाउँदा गर्व गर्ने तर सगरमाथाको काखमा रहेको गाउँको अवस्थाप्रति पत्रपत्रिका बेखबर रहेकामा कविले असन्तुष्टि व्यक्त गरेका छन् । सम्पादकहरूले बिकाउका मात्र समाचार सम्प्रेषण गर्नु नहुने, उनीहरूको समाचारले गाउँ र समाजका समस्या उजागर गर्नुपर्ने र समाज परिवर्तनको आधार बन्नुपर्ने भाव प्रस्तुत कवितांशमार्फत व्यक्त भएको छ ।

गद्यलयमा संरचित सरल, सम्प्रेष्य भाषामा लेखिएको प्रस्तुत कवितांशमा चेतनाको प्रकाश मानिने पत्रपत्रिकामा गाउँघर तथा त्यहाँ सामाजिक जनजीवनका विभिन्न पक्ष समेटिएका समाचार निर्माण तथा प्रकाशन हुनुपर्ने उत्कृष्ट भाव व्यक्त भएको छ । देशको गौरव उठाउन, देशको विकास र परिवर्तनका लागि गाउँ बदलिनुपर्छ, गाउँ परिवर्तन हुनका लागि गाउँका मानिसको चेतना, सोचाइ र व्यवहारमा परिवर्तन आउनुपर्छ भन्ने भावका साथै सगरमाथाप्रति गौरव गर्दा सगरमाथासँगै जोडिएका गाउँलाई वेवास्ता गर्नु नहुने भाव कविताको पङ्क्तिले व्यक्त गरेको छ ।

(ऊ) विद्यार्थीले व्याख्या लेखन कार्य सकेपछि कक्षामा प्रस्तुति गर्न लगाई विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् र समग्रमा सुधार गर्न आवश्यक पक्षलाई स्पष्ट पार्दै थप सहजीकरण गरिदिनुहोस् ।

**मूलभाव लेखन**

(अ) अगिल्ला कक्षामा सिकेका श्लोकका भावार्थलाई छलफलसहित पुनरावृत्ति गराउनुहोस् । यस क्रममा भावार्थ लेखनमा कविताको श्लोकमा केन्द्रित भएर प्रत्येक श्लोकले व्यक्त गर्न खोजेको विषयवस्तु वा

मूल भाव लेखनमा पुरै कविता वा पाठमा केन्द्रित भएर समग्र कविताको मुख्य भाव लेखन गर्नुपर्ने कुरा बताइदिनुहोस् ।

(आ) मूलभाव लेख्दा कविताको सोझो अर्थभन्दा समग्र कविताले बुझाउन खोजेको विषयवस्तुलाई जोड दिएर कविताको आशय लेख्नुपर्ने विषयमा छलफल गराउनुहोस् । शिक्षकले पाठ्य कविताको मूलभाव लेखनको नमुना स्लाइड वा तालिका प्रस्तुत गर्नुहोस् । जस्तै :

### गाउँमाथि एउटा कविताको मूल भाव

'गाउँमाथि एउटा कविता' गद्य शैली (मुक्त लय) मा संरचित कविता हो । प्रस्तुत कवितामा सानाठुला गरेर ६९ हरफ रहेका छन् । सरल र प्रभावकारी भाषाशैलीको प्रयोग गरिएको यस कवितामा कविले नेपालका ग्रामीण भेगहरूको यथार्थ चित्रण गर्दै राष्ट्रिय चेत जागृत गर्ने उद्देश्य राखेका छन् ।

देशमा जतिसुकै ठुला राजनीतिक परिवर्तन आए पनि ग्रामीण क्षेत्र सधैँ उपेक्षित रहेको कटु यथार्थलाई कवितामा चित्रण गरिएको छ । गाउँलेहरू अझै पनि शिक्षा, स्वास्थ्य जस्ता आधारभूत विकासका पूर्वसर्तबाट वञ्चित रहनुपरेको छ । अन्धविश्वासमै जीवन जिउन विवश हुनुपरेको छ । सिकिस्त बिरामी पर्दा पनि धामीझाँक्रीकै भर पर्नु परेको छ ।

ग्रामीण परिवेशका मानिस कर्मशील छन्, निस्वार्थी छन्, इमानदार छन् । आफ्नो नजिकैका छिमेकीको बारेमा पनि उनीहरूलाई सकारात्मक चासो रहेको छ । उनीहरू मिलेर बस्छन्, मिलेर काम गर्छन्, एकअर्काको सुखदुःखमा साथ दिन्छन् । गाउँलेहरूलाई अन्य केही कुरा पनि थाहा छैन । उनीहरूलाई काम गर्ने शैली मात्र थाहा छ । आफ्नो दैनिकीसँग सरोकार भएका भकारो सोहोर्ने, अनौ समात्ने, कोदालो अर्जाप्ने जस्ता विषय मात्र थाहा छ । बाली लगाउने र भित्र्याउने समय थाहा छ । यस्ता कार्यहरूलाई चुनाव र विभिन्न उत्सव तथा पर्वले पनि छेक्न सक्दैन ।

ग्रामीण परिवेशको यो दैनिकीका बारेमा नेपालका पत्रपत्रिका पनि बेखबर छन् वा वास्ता नै गर्दैनन् । सम्पादकहरू विदेशका र सहरका मात्र खबर छाप्न व्यस्त छन्, ग्रामीण क्षेत्रका समाचारलाई प्राथमिकता दिँदैनन् । कवि सम्पादकलाई सम्बोधन गर्दै यस्ता खबरहरू गाउँलेका लागि दन्त्यकथा अर्थात् एकादेशको कथा जस्तै हो भन्ने कुरा दर्शाउन चाहन्छन् । गाउँलेहरूका लागि विदेशी खबर र चुनाबी खबरको कुनै महत्व छैन, गाउँलेहरूका लागि चुनावी घोषणापत्र सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब नहुने तर्क कविको रहेको छ ।

अत : नेपालका ग्रामीण क्षेत्रहरूको वास्तविक चित्र उतार्दै कविले नेपालको राष्ट्रिय र प्राकृतिक पहिचानका रूपमा रहेको ग्रामीण क्षेत्रहरूको विकास नभएसम्म देशको उन्नति नहुने भाव कवितामा अभिव्यक्त गरेका छन् । कवितामा कविले सम्पादकलाई पनि पत्रकारिता गर्ने भए ग्रामीण क्षेत्रका खबरहरू प्राथमिकताका साथ छाप्न र ग्रामीण भेगका समस्या उजागर गर्न आग्रह गरेका छन् । राजनीतिक दलले ग्रामीण भेगका समस्यालाई समेटी घोषणापत्र बनाई कार्यान्वयन गर्नुपर्ने कुरामा समेत कविले जोड दिएका छन् ।

(इ) प्रस्तुत नमुना ध्यानपूर्वक पढ्न लगाउनुहोस् र नमुनाका आधारमा विद्यार्थीलाई कविताको प्रत्येक श्लोकका मुख्य मुख्य विषयवस्तु समेटेर मूलभाव लेख्न उत्प्रेरित गर्नुहोस् । यसका लागि समय तोकी दिनुहोस् । कक्षा कार्यलाई शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(ई) प्रतिनिधि विद्यार्थी छनोट गरी कविताको मूलभाव प्रस्तुतीकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् । छलफलकै क्रममा कविताको श्लोक, भावार्थ र मूलभावबिचको सम्बन्धका बारेमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

**(ग) मूल्याङ्कन**

(क) दिइएको कविताांशको व्याख्या गर्न लगाउनुहोस् :

(अ) फेरि कुन देशको कल्पना गरेर छापिरहनुभएको छ तपाईं
बम वर्षाका खबरहरू

(ख) कविताको मूलभाव मौखिक रूपमा भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोधात्मक प्रश्नोत्तर | बोध प्रश्नको उत्तर दिन | • अनुच्छेद<br>• प्रश्नसूची र उत्तरका नमुना<br>• प्रश्नोत्तरको नमुना तालिका<br>• सद्भावसम्बन्धी भाषिक सञ्चारको नमुना |
| भाषिक प्रकार्य | सद्भावमा आधारित भाषिक सञ्चार गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थी समूहमा समावेशी बसाइ वा सहयोगात्मक वातावरणमा सिकाइ गर्ने परम्परालाई सम्मान गर्दै सद्भावसम्बन्धी अभिव्यक्ति दिँदै कक्षाको आरम्भ गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुका बारेमा छोटो छलफल गराउनुहोस् र आजको कक्षाको सिकाइ पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बोधात्मक प्रश्नोत्तर लेखन**

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोधसँग सम्बन्धित प्रश्न (क) का प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक विद्यार्थीलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् । विद्यार्थीलाई पालैपालो सबै प्रश्नको उत्तर लेख्ने वातावरण तयार गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यासँग सम्बन्धित प्रश्न (ख) का अभ्यास विद्यार्थीको पूर्व ज्ञानका आधारमा गराउनुहोस् । यसका लागि प्रश्नसूची र उत्तरको नमुनाको सहयोग लिनुहोस् । जस्तै :

प्रश्न : अनुच्छेदको पहिलो वाक्यलाई आलङ्कारिक पदक्रममा बदल्नुहोस् ।

उत्तर : परम धर्म मानेको पाइन्छ हरेक धर्मले शुद्ध आचार वा सदाचारलाई ।

प्रश्न : अनुच्छेदको अन्तिम वाक्यलाई दुईओटा वाक्यमा टुक्र्याउनुहोस् ।

उत्तर : विद्यार्थीले पढाइमा एक चित्त भएर पढ्नुपर्छ । यो विद्यार्थीको असल लक्षण हो ।

प्रश्न : अनुच्छेदबाट पञ्चम वर्ण प्रयोग भएका दुईओटा शब्द लेख्नुहोस् ।

उत्तर : पञ्च, सङ्गत

(ऊ) अन्त्यमा भाषिक संरचना र वर्णविन्यास पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

**भाषिक प्रकार्य**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न १२ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहको धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

(इ) शिक्षकले सद्भावमा आधारित विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

**(अनिता र मोहन उँभौली पर्वका बारेमा कुराकानी गर्दै छन् ।)**

अनिता :मोहन जी ! म त मेरा साथी समेशले मनाउँदै गरेको उँभौली चाडमा टुँडिखेलमा पुगेँ नि । त्यहाँ उँभौलीमा किरातीहरू आफ्नो जातीय पहिरनमा साकेला सिली नाचिरहेका थिए । कालो कोट, दौरा, सुरुवाल, बुकी फूल सिउरिएर, खुकुरी भिरेर नेपाली टोपीमा ठाँटिएर पुरुष साकेला सिलीमा ताल मिलाउँदै गोलबन्द भएर नाचेका थिए भने महिला पनि कम्मरमा पटुकी कसेर चौबन्दी चोली र छिटको फरिया अनि पहेँलपुर गरगहनामा सजिएर उनीहरूलाई ईशारा गर्दै नाचिरहेका थिए । कस्तो रमाइलो पो थियो त्यहाँ त ।

मोहन : अँ म पनि त पोहोर गएको थिएँ नि । त्यति वेला पनि उँभौली नाच्नेहरू हातमा चौँरीको पुच्छर, सिल्लिमो, पोमी, चमर र सिम्कौली सेउली लिएर नाचेको दृश्य निकै लोभलाग्दो मानेको थिएँ मैले । स्याउला, ढोल, झ्याम्टा, बिनायो तथा हारी छातीमा झुन्ड्याएर उनीहरूले आफूलाई सजाएका थिए । गोलाकार घेरामा रहेर नाचिने साकेला नाचमा अहिले सबै जातिका युवायुवतीको सहभागिता थियो ।

अनिता : अँ, बालकदेखि वृद्धसम्म एउटै लहरमा सामूहिक रूपमा नाचिने साकेला नृत्यले यो आदिवासी जातिको सामूहिक भावना प्रदर्शन पो गर्दो रहेछ । यसले त सद्भाव र मेलमिलापको भावना पो फैलाउँदो रहेछ ।

मोहन : साकेला के होला भन्ने मलाई लागेको थियो । तर यो त निकै रमाइलो पर्व पो रहेछ । यसमा हात खुट्टाको चाल तथा हाउभाउद्वारा पङ्क्तिबद्ध रूपमा जीवजनावरको नक्कल गरी ढोलझ्याम्टाको तालमा बडो मजाले नाचिँदो रहेछ । अँ भन त अनिता त्यो नाचमा तिमीले के के देख्यौ ।

अनिता : मैले त त्यो साकेला नाच्दा प्रस्तुत गर्ने शरीरको हाउभाउ र अभिनयमा खोरिया फाँडेको, अन्नबाली लगाएको, गोडमेल गरेको र बाली उठाएको जस्ता कृषि कार्य प्रदर्शन गरेको पनि देखेँ ।

मोहन : हो त नि । खेतीपाती र प्रकृतिको पूजा गरिने यो पर्वले आपसी सद्भाव मात्र हैन पृथ्वीको

| सुरक्षाको सन्देश पनि दिँदो रहेछ । |
|---|

(ई) बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ मा दिइएको सन्दर्भ बुझेर निर्देश गरिएको प्रश्नानुसार हाउभाउसहित पालैपालो आफ्ना विचार प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । भाषिक प्रकार्यको क्रियाकलाप गराउँदा पाठ्यक्रमले तोकेको भाषिक प्रकार्यमा विद्यार्थीको स्वभाविक प्रस्तुतिको अपेक्षा गर्नुहोस् ।

(उ) विद्यार्थीले आफना विचार राख्ने क्रममा सद्भावपूर्ण कुराकानीमा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऊ) विद्यार्थीको बोली, हाउभाउ, अभिनय र व्यवहारमा विनम्रताको भाव झल्किएको छ छैन त्यसको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

हरेक दिनको पूजापछि म शङ्ख, घण्ट बजाउँछु र पञ्चमृत पान गर्छु । यो मेरो नित्यकर्म हो ।

**प्रश्न**

(अ) अनुच्छेदको दोस्रो वाक्यलाई आलङ्कारिक पदक्रममा बदल्नुहोस् ।

(आ) अनुच्छेदको पहिलो वाक्यलाई दुईओटा वाक्यमा टुक्र्याउनुहोस् ।

(इ) अनुच्छेदबाट पञ्चम वर्ण प्रयोग भएका दुईओटा शब्द लेख्नुहोस् ।

(ख) सद्भावमा आधारित भाषिक सञ्चारमा प्रयोग भएको कुनै एक वाक्य भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| श्रुतिबोध (सुनाइ पाठ १५) | सुनाइ पाठ १५ का आधारमा श्रुतिबोधात्मक उत्तर दिन | • प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• सुनाइ पाठ २ को श्रव्य सामग्री<br>• वाक्यसूची<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती |
| पदक्रम पहिचान र प्रयोग | आलङ्कारिक र सामान्य पदक्रमको पहिचान र प्रयोग गर्न | |
| वर्णविन्यासको पहिचान र प्रयोग | पञ्चम वर्ण र शिरबिन्दु प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्न | |
| बाल कविता सङ्कलन | पत्रपत्रिकाबाट गद्य कविता सङ्कलन गरी त्यसको मूलभाव प्रस्तुत गर्न (गृहकार्यका रूपमा दिने) | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले तलको जस्तै चुट्किला सुनाएर उत्प्रेरणा जगाउनुहोस् र विद्यार्थीलाई पनि चुट्किला सुनाउन प्रोत्साहन गर्नुहोस् ।

दीपक : राजु मेरो बुबा त यस्तो चिसो ठाउँमा बस्नुहुन्छ कि त्यहाँको पानी सधैँ जमेको हुन्छ ।

राजु : मेरो बुबा त त्योभन्दा पनि चिसो ठाउँमा बस्नुहुन्छ । उहाँ बसेको ठाउँमा त हावा पानी मात्र हैन बोलेको बोली पनि जमेर अर्को मानिसले सुन्न सक्दैन रे ।

दीपक : त्यसो भए गफ चाहिँ कसरी गर्ने त ?

राजु : सबै जना वरिपरि बसेर बिचमा स्टोभ बाल्ने अनि कराही बसालेर गफ गर्न थाल्ने ।

(आ) अगिल्लो दिनको पाठ्यवस्तुको सार प्रस्तुत गर्न लगाई आजको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**श्रुतिबोध (सुनाइ पाठ १५)**

(अ) विद्यार्थीलाई सुनाइ पाठको अभ्यासका लागि तयार गराउनुहोस् । सुनाइ पाठका लागि कक्षाको वातावरण शान्त बनाउनुहोस् र सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका बताउनुहोस् । जस्तै :

- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्ने
- सुनाइ र बोलाइ खण्डमा दिइएका प्रश्न ध्यानपूर्वक सुन्ने
- सुनाइ पाठमा आधारित भएर प्रश्नमा आधारित भएर पूर्ण संरचनासहितको उत्तर भन्ने

(आ) विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

(इ) विद्यार्थीलाई सुनाइ पाठ १५ सुनाउनुहोस् । यस क्रममा शिक्षकले सुनाइ पाठ २ स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्ड गरेर वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक पाठ सुनाउन सक्नुहुने छ ।

(ई) सुनाइ पाठका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठको अभ्यास १ को निर्देशानुसारको प्रश्नसूची प्रदर्शन गरी मौखिक रूपमा सही विकल्प पहिचान गर्न लगाउनुहोस्, जस्तै :

प्रश्न : समाजमा योग्य नागरिक हुनका लागि मानिस कस्ता कुरासँग परिचित हुनुपर्छ ?

उत्तर : सामाजिक मूल्य र आदर्शसँग

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप १ को अभ्यास यसै प्रक्रियाअनुसार मौखिक रूपमा गराउनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ समूहमा छलफल गराउनुहोस् । सामाजिकीकरणबाट व्यक्तिलाई केकस्ता फाइदा हुन्छ, विद्यार्थीलाई पालैपालो बताउन लगाउनुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**पदक्रम पहिचान र प्रयोग**

(अ) पदक्रम मिलेका र नमिलेका वाक्यसूची उदाहरणस्वरूप विद्यार्थीलाई देखाउँदै पदक्रम मिलेका र नमिलेका वाक्यका पदक्रमलाई कसरी राख्दा ठिक हुन्छ ? कसरी राख्दा ठिक हुँदैन ? भनी पदक्रमको धारणा स्पष्ट पारिदिनुहोस् र विद्यार्थीलाई पनि अभ्यासात्मक कार्य गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गरिदिनुहोस् । जस्तै :

बालक परेवाको हुलनिर पुग्यो । सेता परेवा भुरूर्र उडे । बालक प परेवासँग भुरूर्र उड्न खोज्यो । परेवा परको रूखमा गएर बसे । परेवालाई हेर्‍यो । परेवा माकुरघुर गरी कराए । परेवाले बालकलाई भने होलान् । बालकले हात उठाएर परेवालाई बोलाएको इसारा परेवाले भोलि आउँला है भने ।

परेवाको हुलनिर पुग्यो बालक । भुरूर्र उड्न खोज्यो सेता परेवासँग बालक पनि । परको रूखमा गएर बसें परेवा । हेर्‍यो बालकले परेवालाई । बाइबाइ भने होलान् परेवाले बालकलाई । परेवालाई बोलाएको इसारा गर्‍यो बालकले हात उठाएर । भोलि आउँला है भने परेवाले ।

(आ) शिक्षकले पदक्रम रूपान्तरको विभिन्न उदाहरणका स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पदक्रम रूपान्तरणको परिचय स्पष्ट पार्नुहोस् । विद्यार्थीलाई पदको क्रम मिलाएर वाक्य बनाउन उत्प्रेरित गर्नुहोस् । आलङ्कारिक र सामान्य पदक्रमसम्बन्धी भाषिक संरचना र वर्णविन्यासको प्रश्न न. १, २ र ३ मा आधारित रही कक्षामा छलफल चलाउनुहोस् ।

(इ) छलफलबाट आएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । उत्तरका सम्बन्धमा सामूहिक छलफल गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) विद्यार्थीलाई पाठ्य कवितामा आधारित भएर पदक्रमसँग सम्बन्धित अनुच्छेद प्रदर्शन गरी थप अभ्यास गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**वर्णविन्यासको पहिचान र प्रयोग**

(अ) शिक्षकले पञ्चमवर्ण प्रयोग भएका शब्द तालिका/शैक्षणिक पाटी/स्लाइडका माध्यमबाट प्रदर्शन गरी छलफल गराउनुहोस् । पञ्चम वर्ण र शिरबिन्दुसम्बन्धी यो सामग्री प्रदर्शन गर्नुहोस् ।

**'ङ', 'ञ', 'ण', 'न' 'म' को प्रयोग/पञ्चम वर्णको प्रयोग**

- तत्सम शब्दमा क, ख, ग र घ वर्णसँग गाँसिन आउने अनुनासिक वर्ण 'ङ' मा बदलिन्छ; जस्तै : अङ्क, शङ्ख, पङ्क्ति, पङ्कज
- तत्सम शब्दमा 'च' 'छ' 'ज' 'झ' सँग गाँसिन आउने अनुनासिक वर्ण 'ञ' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'ञ' पञ्चम वर्णको प्रयोग हुन्छ, जस्तै : पञ्च, पुञ्ज, सञ्चार, अञ्चल आदि ।
- तत्सम शब्दमा 'ट' 'ठ' 'ड' 'ढ' सँग गाँसिन आउने अनुनासिक वर्ण 'ण' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'ण' पञ्चम वर्णको प्रयोग हुन्छ, जस्तै : कण्टक, कण्ठ, मुसण्ड, दण्ड, घण्ट आदि ।
- तत्सम शब्दमा 'त' 'ध' 'द' र 'ध' वर्णसँग गाँसिन आउने अनुनासिक वर्ण 'न' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'न' पञ्चम वर्णकै प्रयोग हुन्छ, जस्तै : दन्त, पन्थ, सन्धान, मन्दिर, सन्देश आदि ।
- तत्सम शब्दमा 'प', 'फ', 'ब' र 'भ' वर्णमा गाँसिन आउने अनुनासिक वर्ण 'म' मा परिवर्तित हुन्छ र त्यस्तो ठाउँमा 'म' पञ्चम वर्णकै प्रयोग हुन्छ, जस्तै : सम्पन्न, सम्भावना, कम्पन, गुम्फन आदि ।
- नेपाली तद्भव र आगन्तुक शब्दमा भने 'ञ' र 'ण' वर्णको प्रयोग हुँदैन; केवल 'ङ', 'न' र 'म' वर्णको मात्र प्रयोग हुन्छ । यस्ता शब्दमा 'ञ' 'ण' र 'न' का ठाउँमा एउटै 'न' को मात्र प्रयोग हुन्छ, जस्तै : मन्जुर, झन्झट, कन्टेनर, अन्डा, भकुन्डो, झन्डा, पन्जा, टन्टा आदि ।

(ए) संस्कृत भाषाका शब्दमा 'पञ्चम वर्ण' को प्रयोग हुन्छ जसलाई तत्सम शब्द भनिन्छ भनी जानकारी गराउनुहोस् । यसका लागि भाषिक संरचनाको ४ र ५ न. प्रश्नको उत्तरसँग सम्बन्धित रही छलफल चलाउनुहोस् र उत्तर पहिचान र प्रयोग गर्न लगाउनुहोस् । आवश्यक ठाउँमा शिक्षकले पृष्ठपोषण दिनुहोस् ।

(ऐ) विद्यार्थीलाई भाषिक संरचना र वणर्विन्यासको अभ्यास ६ र ७ लाई निश्चित समय दिई अभ्यास गर्न लगाउनुहोस् शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

(ओ) शिक्षकले य, र, ल, व, श, ष, स, ह, ज्ञ वर्णभन्दा अगि शिरबिन्दुको प्रयोग अवस्थाको तालिका प्रदर्शन गर्नुहोस् । यसका लागि ६ न. प्रश्नमा केन्द्रित रही अभ्यास गराउनुहोस् ।

**बाल कविता सङ्कलन (परियोजना कार्य)**

(अ) सिर्जना र परियोजना खण्डअन्तर्गतको क्रियाकलाप २ का बारेमा कक्षामा छलफल चलाउनुहोस् । कविताको मूलभाव लेखनका बारेमा जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई कुनै पत्रपत्रिकामा रहेका कवितामध्ये कुनै एउटा कविताको मूलभाव लेखी ल्याउन लगाउनुहोस् जसलाई भोलिको कक्षामा प्रस्तुति गर्नुपर्ने कुरा पनि जानकारी गराउनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) सुनाइ पाठ १५ मा आधारित भई निम्नलिखित प्रश्नको उत्तर दिनुहोस् :**

(अ) शिक्षाले मानिसलाई कस्तो बनाउँछ ?

(आ) सामाजिकीकरणबाट मानिसले केकस्ता कुरा सिक्छ ?

**(ख) दिइएका वाक्यलाई आलङ्कारिक पदक्रममा परिवर्तन गर्नुहोस् :**

(अ) विदित असाध्यै मेहनती विद्यार्थी हो ।

(आ) सामाजिकीकरणबाट मानिसले केकस्ता कुरा सिक्छ ?

**(ख) दिइएका वाक्यलाई व्याकरणिक पदक्रममा परिवर्तन गर्नुहोस् :**

(अ) आयो कालो रातमा भूत ।

(आ) मानिसको गुण हो असल संस्कार ।

**(ग) शुद्ध पार्नुहोस् :**

(अ) पन्चम, कन्ठ, सम्योग, संबन्ध, पन्डित अन्ग

(आ) पञ्चम वर्ष प्रयोग भएको एक अनुच्छेद तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बाल कविता सङ्कलन र मूलभावको प्रस्तुति (परियोजना कार्य) | बाल कविता सङ्कलन गरी मूलभाव लेख्न | • बाल कविता<br>• मूलभावको नमुना<br>• नमुना कविता |
| कविता रचना (सिर्जनात्मक कार्य) | निर्दिष्ट शीर्षकमा कविता रचना गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले बालकविता वा मुक्तक सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् त्यसपछि आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बाल कविता सङ्कलन र मूलभावको प्रस्तुति (परियोजना कार्य)**

(अ) पुस्तकालयबाट बाल कविता सङ्कलन गरी कुनै एक कविताको मूल भाव लेखेर ल्याउने कार्य अगिल्लो दिन दिइएको सम्बन्धमा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(आ) विद्यार्थीलाई पुस्तकालयबाट कुन बाल कविता छनोट गरेको हो र कविताको मूल भाव के हो सम्बन्धमा पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(इ) सबैको प्रस्तुति सकिएपछि कविताको मूलभाव उपयुक्त भए नभएको सम्बन्धमा कक्षामा विद्यार्थीबिच छलफल गराउनुहोस् र छलफलका क्रममा आएका सुझाव र शिक्षक आफूले गरेको मूल्याङ्कनका आधारमा कुनै विद्यार्थीको लेखनमा सुधार गर्नुपर्ने भएमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ई) शिक्षकले समेत कुनै बाल कविता प्रदर्शन गरी त्यसको बारेमा लेखिएको मूलभाव प्रस्तुत गरी थप धारणा दिनुहोस् ।

**कविता रचना (सिर्जनात्मक कार्य)**

(अ) कविता रचना गर्ने विभिन्न तरिकाका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् । छलफलमा आएका विषयवस्तुलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । शिक्षकले टिपोट गरेका विषयवस्तुमा विद्यार्थीलाई अन्योलता भएमा स्पष्ट पारिदिनुहोस् । आवश्यक सहजीकरणसहित कविता रचना गर्ने तरिका सिकाउँदै शिक्षकले कुनै शीर्षकमा एउटा गद्य कविता लेखी नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

**मनव**

यो सृष्टिमा
सर्वोच्च भनेर चिनिएको
विवेकशील भनेर चिनिएको
बुद्धिमान् भनेर चिनिएको
मानव हुँ म
त्यसैले त म
ईर्ष्या, डाहा, लोभ, लालच र लडाइँका चपेटामा परेको छु ।
हा... हा....हा....!
आफैँलाई सम्झिँदा आफैँसँग हाँसो लाग्छ
को सर्वोच्च रे ?
को विवेकशील र बुद्धिमान् रे ?
यदि हो भने स्वार्थ किन ?
मानवमा त मानवता हुनुपर्ने होइन र ?
खोई त मभित्र मानवता ?
बरु
म त आफैँलाई हिंस्रक र दानव पो देखिरहेको छु ।

(आ) नमुना कविताकै आधारमा विद्यार्थीलाई निश्चित समयभित्रमा ‘मानव’ शीर्षकमा कविता लेख्न लगाउनुहोस् । विद्यार्थीले कविता लेखेको समयमा अवलोकन गर्नुहोस् ।

(इ) विद्यार्थीले लेखेका कविता लेखक स्वयम्लाई वाचन गर्न लगाउनुहोस् । कविताको श्लोकअनुसारको गति, यति र लय मिलाएर वाचन गर्न समस्या भएका स्थानमा सहयोग गरिदिनुहोस् ।

(ई) राम्रो कविता र राम्रो वाचकलाई हौसला दिनुहोस् । कविता रचनामा समस्या भएका विद्यार्थीलाई शिक्षकले थप उदाहरण र प्रयोगसहित आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) आफूलाई मन परेको विषयमा एउटा कविता तयार पार्न लगाउनुहोस् ।

(ख) सामाजिक विषयवस्तुको कविता खोजेर ल्याउन लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

**पाठ : १६** **आयाम**
**विधा : कथा** **कार्यघण्टा : १०**

## परिचय

विना थिङ (२०३७) द्वारा रचित 'आयाम' सामाजिक कथा हो । यस कथामा नेपाली समाजका एकल महिलाले भोग्नुपरेका सामाजिक समस्या, मानसिक पीडा र घरपरिवारप्रति उनीहरूले निर्वाह गरेको दायित्वबारे चर्चा गरिएको छ । पाठ्य कथाको सहजीकरणका क्रममा पनि भाषिक सिपका साथै कथात्मक अभिव्यक्ति सिपको अभिवृद्धिको अपेक्षा गरिएको छ ।

यस पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट भाषिक सिपको विकासमा जोड दिँदै सस्वर र मौन पठन, शब्द उच्चारण र अर्थबोध, संरचना, संवाद, परिवेश र पात्र पहिचान, पाठसँग सम्बन्धित ज्ञान र स्मरण, प्रश्न निर्माण र उत्तर पहिचान गर्न तथा कल्पनामा आधारित अनुमान र निष्कर्ष प्रस्तुत गर्न विभिन्न क्रियाकलाप राखिएका छन् । सहजीकरणका क्रममा कथाको सन्देश, पात्रको संवेग बोध, पाठमा प्रयुक्त टुक्का र चरित्र वर्णन र तुलना, घटनाक्रम टिपोट र मिलान, संवेगात्मक प्रस्तुतिसहित मौखिक अन्तरक्रियासमेत गराएको छ । प्रश्नोत्तर अभ्यास र व्याख्या, सार लेखन, तार्किक र समीक्षात्मक लेखन, श्रुतिबोध तथा भाषिक प्रकार्यअन्तर्गत समस्या समाधानसम्बन्धी सिप विकासमा जोड दिइएको छ । यस्तै अनुकरणात्मक कथालेखन, सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचनाका क्रियाकलाप समावेश गरिएका छन् ।

सुनाइ बोलाइका लागि सुनाइ पाठ १६ मा आधारित भई वा पाठसँग सन्दर्भ मिल्ने अन्य विषयवस्तु सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ । भाषिक संरचनाअन्तर्गत वाक्य संश्लेषण र विश्लेषण, लेख्य चिह्नको पहिचान र प्रयोग, वर्णविन्यासअन्तर्गत 'र' का विभिन्न रूपको पहिचान र प्रयोग, सिर्जना र परियोजना कार्य आदि विषयलाई पाठ्यक्रमको उद्देश्यलाई समेत ख्याल गरी तोकिएको कार्यघण्टाभित्र गर्ने गरी विभिन्न क्रियाकलाप समावेश गरिएका छन् । यीबाहेक सान्दर्भिक अभ्यास पनि गराउनुहुने नै छ भन्ने अपेक्षा गरिएको छ । उत्प्रेरणामूलक क्रियाकलापबाट कक्षाको सुरुआत गर्दै ज्ञानार्जन गराएर सबलीकरण, मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्दै सिकाइ सहजीकरण गनुपर्नेमा जोड दिइएको छ ।

## पाठ १६ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • दृश्यबोध, पेसा, व्यवसाय तथा लैङ्गिक समानताका विषयमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण **अनुच्छेद १–२० ( सहरको त्यो व्यस्त ............. म भित्र पसेँ ) सम्म ।**<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र सन्दर्भका आधारमा पेसा, व्यवसाय तथा लैङ्गिक समानताका विषयमा अनुमान र कल्पना गर्न<br>• गति, यति तथा आरोहअवरोह मिलाई अनुच्छेद सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | • नारीका विविध अवस्था र समस्या तथा सम्मान झल्कने चित्रहरू<br>• विविध पेसा, व्यवसाय एवम् सामाजिक गतिविधिसम्बन्धी चित्र<br>• पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती र अर्थपत्ती<br>• शब्दकोश<br>• कथा संरचनासम्बन्धी चार्ट<br>• प्रश्नोत्तर सूची | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण **अनुच्छेद २१ – ६० ( निलो रङका भित्ता ............ थिच्न व्यस्त थियो ।**) सम्म<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• बोधात्मक प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | • पाठ्यांशको स्लाइड वा चार्ट<br>• शब्दपत्ती र अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तर | १ |
| तेस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण **अनुच्छेद ६१ – ७४ ( आमा रिसाउनुभयो ? ........ डुबिरहेकी थिएँ ।**) सम्म सबै । | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई वाचन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी जोडा मिलाउन | • पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | • पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर<br>• उखान र टुक्का | • निर्दिष्ट अनुच्छेदबाट बोधात्मक प्रश्नोत्तर गर्न<br>• भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट उखान र टुक्काको अर्थ पहिचान गरी अनुच्छेद रचना गर्न | • अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना<br>• शब्दार्थको तालिका | |
| **चौथो दिन** | • समावेशक र समावेश्य शब्द<br>• अन्य भाषाबाट प्रभावित नेपाली शब्द र मानक नेपाली रूप<br>• संरचनासम्बद्ध प्रश्नोत्तर<br>• समयबद्ध मौनपठन<br>• घटना टिपोट र कथासार | • समावेशक र समावेश्य शब्द पहिचान गरी प्रयोग गर्न<br>• पाठमा प्रयुक्त अन्य भाषाबाट प्रभावित नेपाली शब्द पहिचान गरी नेपाली भाषाको मानक रूपमा लेख्न<br>• कथाको संरचनासम्बन्धी बोधात्मक प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेद समयबद्ध मौनपठन गर्न<br>• मुख्य मुख्य घटना टिपोट गरी कथासार लेख्न | • समावेशक र समावेश्य शब्दको सूची वा स्लाइड<br>• तामाङलगायत अन्य भाषाबाट प्रभावित शब्द र मानक नेपाली भाषाका शब्दको सूची<br>• वाक्यपत्ती,<br>• अनुच्छेदपत्ती<br>• घटना, पात्र र परिवेशसम्बन्धी तालिका<br>• घटना टिपोट र कथासारको स्लाइड वा चार्ट | १ |
| **पाँचौं दिन** | • बोध प्रश्नोत्तर<br>• प्रश्न निर्माण र छलफल<br>• सङ्क्षिप्त उत्तर लेखन | • निर्दिष्ट अनुच्छेद पढी प्रश्नोत्तर गर्न<br>• निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गरी उत्तर छलफल गर्न<br>• निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | • सम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट<br>• बोध प्रश्नोत्तर नमुना चार्ट<br>• सङ्क्षिप्त उत्तरको नमुना<br>• कथाको मूल सन्देशका बुँदा | १ |
| **छैटौं दिन** | • चरित्र चित्रण र सामाजिक सम्बन्धको मूल्याङ्कन<br>• व्याख्या लेखन<br>• अनुमान र तार्किक प्रतिक्रिया | • पात्रका चारित्रिक विशेषता र सामाजिक सम्बन्धबारे मूल्याङ्कन गरी लेख्न<br>• निर्दिष्ट उद्धरणको व्याख्या गर्न<br>• नेपाली समाजका विविध विषयवस्तु र कथाले उठान गरेको विषयबारे तार्किक प्रतिक्रिया दिन | • पात्र र चारित्रिक विशेषताको तालिका<br>• व्याख्याको नमुना, स्लाइड वा चार्ट<br>• तार्किक प्रश्नोत्तरको नमुना चार्ट वा स्लाइड<br>• समाजसँग सम्बद्ध विविध घटनाको सूची | १ |
| **सातौं दिन** | • विवेचनात्मक उत्तर लेखन<br>• बोधात्मक प्रश्नोत्तर | • पाठको विवेचना गरी निर्दिष्ट प्रश्नको विवेचनात्मक उत्तर दिन<br>• निर्दिष्ट अनुच्छेदबाट बोधात्मक प्रश्नोत्तर गर्न<br>• भाषिक संरचना र वर्णविन्याससम्बन्धी प्रश्नोत्तर गर्न | • विवेचनाका लागि बुँदाको चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तर चार्ट | १ |
| **आठौं** | • भाषिक प्रकार्य | • समस्या समाधान गर्ने शैलीको भाषिक सञ्चार गर्न | • समस्या समाधानसँग सम्बन्धित भाषिक सञ्चारबारे श्रव्य | १ |

| | | | | |
|---|---|---|---|---|
| दिन | • श्रुतिबोध (सुनाइ पाठ १६) | • सुनाइ पाठ १६ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | सामग्री वा दृश्य सामग्री<br>• सुनाइ पाठ १६ को श्रव्य सामग्री वा दृश्य सामग्री<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट | |
| **नवौँ दिन** | • वाक्य संश्लेषण र विश्लेषण<br>• लेख्य चिह्न पहिचान र प्रयोग<br>• **र** वर्णका विविध रूपको पहिचान र प्रयोग (वर्णविन्यास)<br>• कथा सङ्कलन (परियोजना कार्य) | • धेरै वाक्यलाई जोडेर एउटै वाक्यमा संश्लेषण गर्न<br>• एउटा वाक्यलाई टुक्रा पारेर धेरै सरल वाक्यमा विश्लेषण गर्न<br>• लेख्यचिह्नको पहिचान र प्रयोग गर्न<br>• लेख्य चिह्नको प्रयोग गरी अनुच्छेद रचना गर्न<br>• र वर्णका फरक फरक रूप प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न<br>• पुस्तकालयबाट सामाजिक कथा खोजेर कक्षामा प्रस्तुत गर्न | • वाक्य संश्लेषण र विश्लेषण गरिएको तालिका<br>• अनुच्छेद<br>• लेख्यचिह्नको सूची र वाक्यको तालिका<br>• र वर्णका फरक फरक रूप प्रयोग भएका शब्दको सूची | १ |
| **दसौँ दिन** | • कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य)<br>• कथा रचना (सिर्जनात्मक कार्य) | • आफूले पुस्तकालय वा अन्यत्रबाट खोजेको कथा कक्षामा प्रस्तुत गर्न<br>• विद्यार्थीले आफूलाई मन परेको शीर्षकमा कथा रचना गर्न | • कथा रचनाका लागि आवश्यक तत्त्व उल्लेख भएको चार्ट<br>• बुँदाको स्लाइड वा चार्ट<br>• कथाको श्रव्य सामग्री/दृश्य सामग्री<br>• कथाको नमुना चार्ट | १ |
| **जम्मा कार्यघण्टा** | | | | १० |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| दृश्यबोध, पेसा, व्यवसाय तथा लैङ्गिक समानताका विषयमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा पेसा, व्यवसाय तथा लैङ्गिक समानताका विषयमा अनुमान र कल्पना गर्न | • नारीका विविध अवस्था र समस्या तथा सम्मान झल्कने चित्रहरू<br>• विविध पेसा, व्यवसाय एवम् सामाजिक गतिविधिसम्बन्धी चित्र<br>• पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती र अर्थपत्ती<br>• शब्दकोश<br>• कथा संरचनासम्बन्धी चार्ट<br>• प्रश्नोत्तर सूची |
| सस्वर पठन र शब्दोच्चारण<br>**अनुच्छेद १–२० (सहरको त्यो व्यस्त ............. म भित्र पसेँ ) सम्म ।** | गति, यति तथा आरोहअवरोह मिलाई अनुच्छेद सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न<br>भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) घर परिवार र समाजका मानिसहरूका विभिन्न रोचक गतिविधि र चालचलनसम्बन्धी रमाइला प्रसङ्ग सुनाएर विद्यार्थीलाई जिज्ञासु बनाउनुहोस् ।

(आ) परिवारमा कहिलेकाहीँ हुने आपसी माया, प्रेम, सहयोग र आत्मीयता, मनमुटाव र झगडाका विषयमा कुराकानी गरेर विद्यार्थीलाई थप उत्साहित बनाउनुहोस् । यस क्रममा सामाजिक विविध गतिविधिसम्बन्धी चित्र प्रस्तुत गरेर छलफल गराउनुहोस् ।

(इ) आजको कथाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**दृश्यबोध र पेसा, व्यवसाय तथा लैङ्गिक समानताका विषयमा छलफल**

(अ) विविधताको ख्याल गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । स्लाइड वा चार्टमा नेपाली नारीसँग सम्बन्धित सामाजिक गतिविधि र व्यवहार झल्कने विभिन्न चित्र तथा विषयवस्तु प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् र विद्यार्थीले सिकेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(आ) परिवारमा छोरी, बुहारी, आमा र सासूका रूपमा महिलाले निर्वाह गर्नुपर्ने भूमिका, सहयोग र आत्मीयता, मनमुटाव र झगडाका विषयमा सामूहिक छलफल र कुराकानी गराउनुहोस् ।

(इ) कुनै पेसा, व्यवसाय, घर, कार्यालय तथा समाजमा महिलाले निर्वाह गरेको भूमिका र महिलाले भोग्नुपर्ने समस्या तथा एकल महिलाका पीडा झल्काउने चित्र प्रदर्शन गरी वा कुनै प्रसङ्ग प्रस्तुत गरी तिनका विषयवस्तुबारे अनुमान र कल्पना गर्न लगाउनुहोस् ।

(ई) घर, परिवार र हाम्रो समाजमा केटा र केटी तथा महिला र पुरुषसँग सम्बन्धित विभिन्न व्यवहार, दृष्टिकोण र उनीहरूलाई घरमा गर्न सिकाइने काम आदिबारे विद्यार्थी समूहमा छलफल गराउनुहोस् । माथिल्लो पुस्ताले तल्लो पुस्ताका छोरा छोरी वा भाइ बहिनीलाई गर्ने व्यवहारबिच समानत र असमानताबारे छलफल गराउनुहोस् ।

(उ) विद्यार्थीलाई पाठमा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न लगाउनुहोस् । वर्णनका क्रममा विद्यार्थीले बताउन छुटाएका कुरा अन्य विद्यार्थीलाई नै सोधेर जानकारी दिन लगाउनुहोस् । अन्त्यमा आफूले पाठको विषयवस्तुसँग जोडेर सहजीकरण गरिदिनुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य कथाका अनुच्छेद स्मार्ट बोर्ड, स्लाइड वा अन्य दृश्य सामग्रीमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तुबारे अगिल्लो दिनको पुनरावृत्ति गराई पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) कथा संवादात्मक प्रस्तुतिलाई अभिनयात्मक तरिकाले पठन गर्दा वाचन थप प्रभावकारी बन्ने विषयमा बताइदिनुहोस् ।

(इ) पाठका अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरेर विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।

(ई) अरू विद्यार्थीलाई साथीले सही वाचन गरे नगरेको अवलोकन गरेर प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले पढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ऊ) सस्वर पठनका क्रममा उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।

(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्द शैक्षणिक पाटीमा रिपोट गरिएका शब्दहरू विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस्, जस्तै :
  पृष्ठभूमि, आमन्त्रित, पुट्कक, विषदपूर्ण, केन्द्रबिन्दु, दरखास्त, व्यवस्थापन, कार्यालय, विश्वस्त, स्यागी आदि ।

- सुस्त सिकाइ क्षमता भएका र दोस्रो भाषाका रूपमा नेपाली पढ्ने विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास विद्यार्थीले शुद्ध उच्चारण गर्न नसकेसम्म पटक पटक शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तै:
  व्यवस्थापक /ब्य.बस्.था.पक् /
  प्रमाणपत्र /प्र.माड्.पत्.त्र/
  उत्प्रेरणा /उत्.प्रे.र.ना/
  कम्प्युटर /कम्.प्यु.टर्/

(ए) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऐ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई चार समूहमा विभाजन गरी शब्दोच्चारण प्रतियोगिता पनि सञ्चालन गर्न सक्नुहुने छ । सक्रियताका लागि प्रशंसा गर्नुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

(अ) सस्वर पठनका क्रममा अर्थ बोध हुन नसकेका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस्, **जस्तै :**

| | | |
|---|---|---|
| आकृति | : | स्वरूप, आकार |
| गतिविधि | : | क्रियाकलाप |
| आमन्त्रित | : | निम्तो गरिएको, पाहुना |
| असीमित | : | सीमा नभएको |

(इ) शुद्ध र स्पष्ट उच्चारणका लागि टिपोट गरिएका केही शब्द तथा शब्दको अर्थ सिक्नका लागि टिपोट गरिएका नयाँ शब्दका अर्थ छलफल गराउनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गरेर भन्न लगाउनुहोस् । आवश्यक सहजीकरण गरी सिकाइलाई प्रभावकारी बनाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी छलफल चलाउनुहोस्, **जस्तै :**

व्यवस्थापन : (व्यवस्था गर्ने काम) : हामीले भोलिको साङ्गीतिक कार्यक्रमको सम्पूर्ण व्यवस्थापन गरिसकेका छौँ ।

जिम्मेवारी : (दायित्व) : सबैले आफ्नो आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ ।

(उ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् , जस्तै : प्रतीक्ष, निवेदन, दरखास्त, व्यवसाय, हैरानी आदि ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### बोधात्मक प्रश्नोत्तर

(अ) विद्याथीलाई समूहमा विभाजन गरी पाठ्य कथाका पहिलो र दोस्रो अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गनुहोस् र अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई पाठ्य कथाका अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(इ) यस क्रममा पाठ्य कथांशमा प्रयुक्त अल्पविराम, पूर्णविराम, उद्गार, उद्धरण आदि लेख्यचिह्नको ख्याल गरेर पढ्न सुझाउनुहोस् र पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् ।

(ई) विद्याथीहरू बोधात्मक प्रश्नोत्तरमा धेरै अभ्यस्त भइसकेपनि बोध प्रश्नको उत्तर भन्दा वा लेख्ता सकेसम्म एक वाक्यको छोटो र स्पष्ट हुनुपर्छ भनी प्रश्नसूची तथा नमुना उत्तर प्रस्तुत गर्नुहोस्, जस्तै :

(क) कार्यालयको झ्यालबाट कुन दृश्य देखिन्थ्यो ?
उत्तर : सहरको व्यस्त चोकको मध्यभागको दृश्य कार्यालयको झ्यालबाट देखिन्थ्यो ।
(ख) झ्यालबाट आँखामा के ठोक्किन आइपुग्थे ?
(ग) झ्यालबाट देखिने दृश्य कस्ता हुन्थे ?
(घ) घडीका सुई केमा मस्त थिए ?
(ङ) माथिको कथांशमा प्रयोग भएका चारओटा लेख्यचिह्न टिपी तिनको नाम लेख्नुहोस् ।

(उ) विद्यार्थीलाई समूहगत रूपमा पालैपालो बोध प्रश्न सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) फरक फरक समूहबाट आएका उत्तरलाई तुलना गरेर उत्कृष्ट उत्तर भन्ने समूहलाई स्याबासी दिनुहोस् ।

(ऋ) पाठ्य कथांशका अन्य अनुच्छेदबाट पनि बोधात्मक प्रश्नोत्तर गराएर थप सहजीकरण गराउनुहोस् ।

### ३. मूल्याङ्कन

(क) नारी र पुरुषबिच समानता झल्कने कुनै तस्बिर प्रदर्शन गरेर वर्णन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्द उच्चारण गर्नुहोस् :
आमन्त्रित, आकृति, विषादपूर्ण, कम्प्युटर, सिनित्त, अहिल्यै, घन्टौँ

(ग) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
वृत्ताकार, सीमित, बगैँचा, भद्र, सहायक

(घ) तलका प्रश्नको अति छोटो उत्तर भन्न लगाउनुहोस् :

(अ) व्यस्त चोकको दृश्य कहाँबाट देखिन्थ्यो ?
(आ) घरबाट निस्कँदा आमाले के भन्नुभएको थियो ?
(इ) यङ्जी र आमाबिचको नाता सम्बन्ध के थियो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण **अनुच्छेद २१ – ६० (निलो रङका भित्ता ............ थिच्न व्यस्त थियो ।)** सम्म | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • पाठ्यांशको स्लाइड वा चार्ट<br>• शब्दपत्ती र अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तर |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न<br>भाषिक संरचनासम्बद्ध प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई आफ्नो जीवनको रमाइलो तथा अविस्मरणीय घटना सुनाएर उत्प्रेरित गर्नुहोस् र विद्यार्थीलाई पनि सुनाउने अवसर दिनुहोस् ।
(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र छोटो छलफल गराउनुहोस् ।
(इ) आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य कथाका अनुच्छेद स्मार्ट बोर्ड, स्लाइड वा अन्य दृश्य सामग्रीमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, विराम चिह्न, हिज्जे ख्याल गरी पढ्नुपर्ने आदि विषयवस्तु जानकारी गराई आजको पाठ्य कथांशको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।
(आ) कथाका संवादात्मक प्रस्तुतिलाई अभिनयात्मक तरिकाले पठन गर्दा वाचन थप प्रभावकारी बन्ने विषयमा बताइदिनुहोस् ।
(इ) प्रदर्शित अनुच्छेद विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् ।
(ई) अरू विद्यार्थीलाई साथीले सही वाचन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि विषयमा प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।
(उ) सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा नेपालीभन्दा अन्य मातृभाषा भएका विद्यार्थीलाई विशेष प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीको वाचन कला विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।
(ऊ) सस्वर पठनका क्रममा उच्चारणमा असहज लागेका नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।
(ऋ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :
व्यवस्थापक, सहव्यवस्थापक, विश्वासिलो, आपूर्ति, घुमुर्किएर, पन्ध्र, अधैर्य आदि
(ए) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस्, जस्तै :
पूर्वपट्टि : /पुर्.ब.पट्.टि/

चिरन्तन : /चि.रन्.तन्/
व्यवस्थापन : /व्य.बस्.था.पन्/
विश्वास : /बिस्.स्वास्/

(ऐ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू विद्यार्थीले पूरा गरेको नगरेको अवलोकन गरी समस्या पहिचान तथा सहजीकरण गर्नुहोस् ।

(ओ) विद्यार्थीलाई चार समूहमा विभाजन गरी शब्दोच्चारण प्रतियोगिता पनि सञ्चालन गर्न सक्नुहुने छ । सक्रिय सहभागिता जनाउने विद्यार्थीको प्रशंसा गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) सस्वर पठनका क्रममा विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । पाठमा अर्थ नभएका शब्द विद्यार्थीलाई भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दार्थपत्तीका सहायताले वर्णन गरी अर्थ बताइदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

कलात्मक : कलाले भरिएका, कलापूर्ण
दिनचर्या : दैनिकी, प्रत्येक दिन गरिने काम
सचेत : सजग
सेवानिवृत्त : जागिरबाट अवकाश पाएको व्यक्ति
संसर्ग : सङ्गत

(इ) शुद्ध र स्पष्ट उच्चारणका लागि टिपोट गरिएका नयाँ शब्दलाई वाक्यपत्तीमार्फत वाक्यमा प्रयोग गर्न सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । वाक्यमा प्रयोग गरिएका सबै वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गरी छलफल चलाउनुहोस् । जस्तै :

क्षितिज : (आकाश र जमिन जोडिए जस्तो देखिने टाढाको ठाउँ)
: **क्षितिज**मा चरा उडेको दृश्य मलाई खुब मन पर्छ ।
परिस्थिति : (अवस्था)
: हामीले जस्तोसुकै परिस्थितिमा पनि असल काम गर्न छोड्नुहुन्न ।
पारिश्रमिक : (कुनै काम गरेबापत् पाइने ज्याला)
: काम गर्ने मानिसलाई हामीले समयमा पारिश्रमिक दिनुपर्छ ।

(उ) विद्यार्थी समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस्, जस्तै :
व्यक्तिगत, विवरण, आवश्यकता, अधैर्य, आतङ्क आदि ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि समूह नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस्
।

## बोधात्मक प्रश्नोत्तर

(अ) अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर खोजी गर्ने सिपबारे विद्यार्थी अभ्यस्त भए पनि पुनरावृत्तिका रूपमा थप छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई पाठ्य कथांशबाट **'खुसी हुनुको कारण अर्को पनि ........... कहिले गहिरो मायापिरती । यस्तै यस्तै ...'** अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र मौन पठन गर्न लगाउनुहोस् ।

(इ) अनुच्छेदको विविध विषयवस्तुबारे समूहमा छलफल गराउनुहोस् ।

(ई) विद्यार्थीको पूर्वज्ञानका आधारमा वाक्य संश्लेषण र विश्लेषणबारे प्रश्नोत्तर शैलीमा छलफल गर्नुहोस् ।आवश्यकताअनुसार विद्यार्थीलाई वाक्य संश्लेषण र विश्लेषणबारे सहजीकरण गर्नुहोस् ।

(उ) छलफल सकिएपछि बोधात्मक प्रश्नोत्तरका लागि प्रश्नको सूची प्रस्तुत गर्नुहोस् र पालैपालो उत्तर भन्न लगाउनुहोस्, जस्तै :

प्रश्न :

(क) सानु तामाङ के पेसा गर्थे ?

(ख) शन्तमायाले कस्तो मानिससँग बिहे गरेकी रहिछिन् ?
(ग) शन्तमायाको जीवन अहिले किन सुरिलो भएको हो ?
(घ) अनुच्छेदको दोस्रो र तेस्रो वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् ।

(ऊ) विद्यार्थीको उत्तर र विषयवस्तु बोधको अवस्था हेरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) पाठ्य कथांशका अन्य अनुच्छेदबाट थप प्रश्न बनाएर बोधात्मक प्रश्नोत्तर गराई आवश्यक सहजीकरण गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) विद्यार्थीलाई पाठका एक एक अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
महसुस, खुलस्त, तुवाँलो, परिवर्तन, झमक्क

(ग) तलका प्रश्न सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् :
(अ) शन्तमाया र याङ्जीबिचमा के के समानता पाइन्छ ?
(आ) शन्तमायाले काम गर्ने घर कस्तो थियो ?
(इ) याङ्जीले कार्यालयमा के के काम गर्नुपर्थ्यो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण **अनुच्छेद ६१ – ७४ (आमा रिसाउनुभयो ? ........ डुबिरहेकी थिएँ ।)** सम्म सबै । | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई वाचन गर्न | • पाठ्यांशको स्लाइड<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना<br>• शब्दार्थको तालिका |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>निर्दिष्ट शब्दको अर्थ पहिचान गरी जोडा मिलाउन | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदबाट बोधात्मक प्रश्नोत्तर गर्न<br>भाषिक संरचनासम्बद्ध प्रश्नोत्तर गर्न | |
| उखान र टुक्का | निर्दिष्ट अनुच्छेदबाट उखान र टुक्काको अर्थ पहिचान गरी अनुच्छेद रचना गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउनुहोस र इच्छुक विद्यार्थीलाई पनि सुनाउने अवसर दिनुहोस् ।

(आ) आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले पाठ्य कथाका बाँकी अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइडमा प्रदर्शन गर्नुहोस् । एक अनुच्छेद सस्वर पठन गर्नुहोस् र विद्यार्थीलाई ध्यानपूर्वक सुन्न र पाठ्यांश हेर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीलाई निर्दिष्ट पाठ्यांशका अनुच्छेद क्रमैसँग पालैपालो गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गराउँदा विविध क्षमता भएका तथा अन्य मातेभाषा भएका विद्यार्थीलाई

उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले वाचन गरेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) अरू विद्यार्थीलाई सस्वर पठनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी उच्चारणमा अप्ठ्यारो लागेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(ई) सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : बाध्य, उकुसमुकुस, एकाग्रता, शून्यता, अनुपस्थिति आदि ।

(उ) शैक्षणिक पाटीमा टिपिएका शब्दहरू पालैपालो विद्यार्थीलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस्,

जस्तै :

| | |
|---|---|
| गम्ल्याङ्ङ | : /गम्.ल्याङ्.ङ/ |
| व्यतीत | : /व्य.तित्/ |
| मनस्थिति | : /म.नस्.थि.ति/ |

(ऊ) यो अभ्यास विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म पटक पटक गराइरहनुहोस् । अन्त्यमा थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई अर्थबोध गर्न समस्या भएका नयाँ शब्द पाठबाट टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाटै अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : पथपरेज, शरण, नाबालक, दलान, जिउनी आदि ।

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र पाठको शब्दभण्डारको क्रियाकलाप १ मा दिइएका शब्द र अर्थको छ्यासमिस सूची प्रदर्शन गरी छलफल गराई शब्दार्थको जोडा मिलाउन लगाउनुहोस् ।

(उ) विद्यार्थीले कक्षाकार्य सकेपछि आफूले तयार पारेका शब्दार्थ पत्ती प्रदर्शन गरी सामूहिक उत्तर परीक्षण गर्न लगाउनुहोस् । विद्यार्थीको कार्य अवलोकन र सहजीकरण गरिदिनुहोस् ।

(ऊ) शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् र समूहमा छलफल गराउनुहोस् ।

(ऋ) प्रदर्शित बद्यलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै : अनुहार, रेस्टुराँ, सामना, लगातार, मनस्थिति, दुर्घटना आदि ।

(ए) विद्यार्थीले समूह कार्य गर्दा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् ।

(आ) विद्यार्थीलाई पाठ्य कथांशबाट **'आमाले हठात् ........... टाउकामा आमाका हात सल्बलाइरहे ।'** अनुच्छेद स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र मौन पठन गर्न लगाउनुहोस् ।

(इ) अनुच्छेदको विविध विषयवस्तुबारे समूहमा छलफल गराउनुहोस् । यस्तै, यस अनुच्छेदमा 'र' अक्षरका फरक फरक कुन कुन रूप प्रयोग भएका छने भनेर छलफल गराउनुहोस् । छलफलका क्रममा विद्यार्थीलाई परेको असहजता विचार गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) छलफल सकिएपछि बोधात्मक प्रश्नोत्तरका लागि प्रश्नको सूची प्रदर्शन गरी गर्नुहोस्, जस्तै :

(क) आमाका आँखा किन भित्तामा टाँसिएका थिए ?
उत्तर : भित्तामा कमलको फोटो थियो त्यसैले आमाका आँखा भित्तामै टाँसिएका थिए ।
(ख) एक्लो बाँच्न गाह्रो हुने कुरा आमालाई केले बोध गरायो ?

| |
|---|
| (ग) आमाले श्रीमान् विना कति वर्ष बिताउनुभएको थियो ?<br>(घ) दिइएको अनुच्छेदमा र अक्षरका कुन कुन रूप परिवर्तन भएका छन् ? |

(उ) विद्यार्थीलाई समूहगत रूपमा पालैपालो बोध प्रश्न सोध्नुहोस् र उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीको उत्तर र विषयवस्तु बोधको अवस्था हेरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**उखान र टुक्का पहिचान र प्रयोग**

(अ) उखान र टुक्का प्रयोग भएको छोटो अनुच्छेद स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गर्नुहोस् र मौन पठन गराउनुहोस् ।

(आ) उखान र टुक्काका बारेमा पूर्वज्ञानका आधारमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् । विद्यार्थीलाई अनुच्छेदबाट उखान र टुक्का पहिचान गर्न प्रोत्साहित गर्नुहोस् । यस क्रममा विद्यार्थीले पहिचान गर्न सके नसकेको निर्क्योल गर्नुहोस् । उखान र टुक्काको बारेमा थप जानकारी गराउनुहोस् ।

(इ) विद्यार्थीले लोकजीवनमा प्रचलित उखान र टुक्का सुनेका वा बुझेका हुन सक्छन्, छलफल गराउनुहोस् र उनीहरूलाई भन्न लगाउनुहोस् र उखान र टुक्का सङ्कलन गरी शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(ई) प्रत्येक विद्यार्थीलाई भिन्न भिन्न उखान वा टुक्काका अर्थ भन्न तथा तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण पनि गरिदिनुहोस् ।

(उ) विद्यार्थीलाई पाठ्य कथाको शब्दभण्डार खण्डको क्रियाकलाप २ मा दिइएकाउखान र टुक्का प्रदर्शन गर्नुहोस् र अर्थ छलफल गर्न लगाउनुहोस् ।

(ऊ) उखान र टुक्काको अर्थ विद्यार्थी समूहबिच छलफल गराउनुहोस् । प्रत्येक समूहलाई पालैपालो अर्थ भन्न लगाई सहजीकरण गरिदिनुहोस् ।

(ऋ) दिइएका उखान र टुक्कालाई अर्थपूर्ण वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूहकार्य गरेको अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । दिइएका उखान र टुक्का प्रयोग गरी एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ए) विद्यार्थीले अनुच्छेद रचना गरिसकेपछि प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) विद्यार्थीलाई कथाका अनुच्छेद पालैपालो सस्वर वाचन गर्न लगाउनुहोस् ।**

**(ख) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :**

सुक्कँसुक्कँ, दुर्घटना, अमूल्य, बिउँझदा, साँच्चै, अनुपस्थिति

**(ग) दिइएका शब्द र उखानको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

आमन्त्रण, उत्प्रेरणा, पारिश्रमिक, असह्य, असीमित, आफू भलो त जगतै भलो, शोक न सुर्ता भोक न भकारी

(घ) तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) याङ्जीसँग आमाले के सर्त राख्नुभयो ?

(आ) आमा याङ्जीसँग रिसाउनुको कारण के थियो ?

(इ) याङ्जीले किन लज्जाबोध गरिन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| समावेशक र समावेश्य शब्द | समावेशक र समावेश्य शब्द पहिचान गरी प्रयोग गर्न | • समावेशक र समावेश्य शब्दको सूची वा स्लाइड<br>• तामाङलगायत अन्य भाषाबाट प्रभावित शब्द र मानक नेपाली भाषाका शब्दको |
| अन्य भाषाबाट प्रभावित नेपाली भाषाका शब्द र | पाठमा प्रयुक्त अन्य भाषाबाट प्रभावित नेपाली शब्द पहिचान गरी नेपाली भाषाको मानक | |

| | | |
|---|---|---|
| मानक नेपाली रूप | रूपमा लेख्न | सूची |
| संरचनासम्बद्ध प्रश्नोत्तर | कथाको संरचनासम्बन्धी बोधात्मक प्रश्नोत्तर गर्न | • वाक्यपत्ती,<br>• अनुच्छेदपत्ती |
| समयबद्ध मौनपठन | निर्दिष्ट अनुच्छेद समयबद्ध मौनपठन गर्न | • घटना, पात्र र परिवेशसम्बन्धी तालिका |
| घटना टिपोट र कथासार | मुख्य मुख्य घटना टिपोट गरी कथासार लेख्न | • घटना टिपोट र कथासारको स्लाइड वा चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) दैनिक जीवनमा घट्ने प्रेरक घटना सुनाई पाठ्यवस्तुप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षाको अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

(इ) विद्यार्थीको जीवनमा घटेका वा घट्न सक्ने घटनाको अनुमान तथा छलफल गराई विषयवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**समावेशी समावेश्य शब्द पहिचान र प्रयोग**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । केही समावेश्य समावेशक शब्दको सूची प्रदर्शन गरी छलफलबाट धारणा स्पष्ट पारिदिनुहोस्, जस्तै :

| **समावेशक शब्द** | **समावेश्य शब्द** |
|---|---|
| फूल | सयपत्री, मखमली, चमेली, लालीगुराँस |
| विषय | नेपाली, गणित, सामाजिक, लेखा |
| लुगा | सारी, चोलो, पटुकी, दौरा |
| गहना | पुली, मुन्द्री, बुलाकी, तिलहरी |

(आ) छलफल सकिएपछि विद्यार्थीलाई अरू समावेश्य समावेशक शब्द पालैपालो भन्न लगाउनुहोस् र टिपोट गरी मिले नमिलेको विद्यार्थीबाटै जानकारी लिएर अन्त्यमा आफूले सहजीकरण गरिदिनुहोस् ।

(इ) थप सिकाइ सहजीकरणसँगै विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको क्रियाकलाप ३ का आधारमा समावेश्य समावेशक शब्द पहिचान गरी लेख्न लगाउनुहोस् ।

(ई) विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले आफूले तयार पारेको समावेश्य समावेशक शब्दको सूची प्रदर्शन गरी सही शब्द देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(उ) विद्यार्थीलाई तरकारी, अन्न, दाल, हिमाल, बाटो, आदि शब्द दिएर चार चारओटा समावेश्य शब्द भन्न र लेख्न लगाउनुहोस् । आवश्यकताअनुसार थप अभ्यास गराई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**अन्य भाषाको प्रभावमा परेका नेपाली शब्द र नेपाली भाषाका मानक रूप**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । चाउमिन, ज्यावल, कम्प्युट, कौसी जस्ता विभिन्न भाषाबाट आएका शब्द सूची प्रदर्शन गरी ती शब्द कुन भाषाबाट आएका हुन् भनी छलफल गराउनुहोस्, जस्तै :

| **शब्द** | **मूल भाषा** |
|---|---|
| चाउमिन | चिनियाँ |
| ज्यावल | नेपाल |
| कम्प्युटर | अङ्ग्रेजी |
| कौसी | नेपाल |
| कुर्ता | तुर्की |
| थिङ | तामाङ |

(आ) यसरी विभिन्न भाषाका शब्द अर्को भाषामा प्रयोग हुन्छन् भने त्यस्ता शब्दलाई आगन्तुक शब्द भनिने कुरा छलफल गरेर बताइदिनुहोस् ।

(इ) विद्यार्थी समूहलाई अन्य भाषाबाट नेपाली भाषामा आएर प्रयोग भएका शब्द पाठमा पहिचान गर्न लगाउनुहोस् । यसका लागि निश्चित समय तोकिदिनुहोस् । निश्चित समयमा कति शब्द पहिचान गर्न सके भनेर अवलोकन गरी थप अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीलाई आगन्तुक शब्द र अरू भाषाभाषीले आफ्नो मातृभाषाको प्रभावमा परेर फरक तरिकाले उच्चारण गर्ने नेपाली भाषाका शब्द फरक हुन् भन्नेबारे स्पष्ट धारणा बनाइदिनुहोस् ।

(उ) विद्यार्थीलाई मातृभाषाका प्रभावका कारण अर्को भाषा बोल्दा अर्को भाषामा मातृभाषाको प्रभाव पर्ने कुरा छलफल गरेर बताइदिनुहोस् । अन्य भाषाका वक्ताले नेपाली भाषा बोल्दा वा नेपाली भाषाका वक्ताले अन्य भाषा बोल्दा आफ्नै भाषाका शब्द र लयमा अर्को भाषालाई पनि प्रभावित पारिरहेका हुन्छन् भन्ने विषयमा छलफल गर्नुहोस् ।

जस्तै :

यस आयाम कथाकी एक पात्र शन्तमाया तामाङले पनि नेपाली भाषा बोल्दा तामाङ भाषाकै प्रभावमा परेर केही शब्द त्यसैगरी उच्चारण गरेकी छिन्,

जस्तै : ब्या : विवाह, बिहे

मो : म

(ऊ) विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको क्रियाकलाप ४ का आधारमा पाठबाट तामाङ भाषाबाट प्रभावित भएका शब्द पहिचान गरी तिनको शुद्ध नेपाली मानक रूप लेख्न लगाउनुहोस् । विद्यार्थीले समूहकार्य गर्दा अवलोकन गरी सहजीकरण गनुहोस्, जस्तै : मोइले

| | | |
|---|---|---|
| ब्या | : | विवाह |
| गारेँ | : | गरेँ |
| मोलाई | : | मलाई |
| मो | : | म |
| गार्छ | : | गर्छ |

(ऋ) विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले आफूले तयार पारेको शब्दको सूची प्रदर्शन गरी मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**संरचनासम्बद्ध प्रश्नोत्तर**

(अ) विद्यार्थीको समूह बनाई कथाको संरचनाबारे पूर्वज्ञानका आधारित भएर समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । जस्तै : ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । प्रश्नोत्तर र छलफलको शैली अपनाएर कथाको शीर्षक, कथाको सुरु, मध्य, अन्त्य, वाक्यको लम्बाइ, अनुच्छेद, पात्र, परिवेश, घटनाक्रम, कथानक, दृष्टिबिन्दु, भाषाशैली आदिको संरचनाबारे थप छलफल गराउनुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट पारिदिनुहोस् ।

(इ) शिक्षकले तयार पारेका संरचना पहिचानसम्बद्ध प्रश्न स्लाइड वा चार्टमा प्रस्तुत गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई उत्तर पहिचान गरी मौखिक प्रतिक्रिया दिन अवसर प्रदान गर्नुहोस् र यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

(क) 'आयाम' कथामा कति जना पात्र छन् ?

(ख) कथाको सुरुआतमा कुन ठाउँको वर्णन छ ?

(ग) 'आयाम' कथामा घडीको प्रसङ्ग कतिऔँ अनुच्छेदमा आएको छ ?

(घ) कथाको अन्त्य कुन घटनाबाट भएको छ ?

(ई) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ संरचनासम्बद्ध प्रश्न प्रदर्शन गरी समूहमा छलफल गराउनुहोस् । समूह छलफलपश्चात् टोली नेतालाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । एक प्रश्न एक समूहलाई सोधी उत्तर पहिचान र छलफल गराई आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**मौन पठन र प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा आबद्ध गराई समयबद्ध पठनबारे छलफल गराउनुहोस् र अतिसङ्क्षिप्त उत्तर लेखनका बारेमा विद्यार्थीको पूर्वज्ञानको पहिचान गर्नुहोस् । यस क्रममा आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(आ) शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएको **'निलो रङका ........... रङ छ'** अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् ।

(इ) समूहका दुई विद्यार्थीमध्ये एक जनालाई समय हेर्न लगाई अर्कोलाई मौन पठन गर्न पालैपालो लगाउनुहोस् । यो अभ्यास दुईपटकसम्म गराउनुहोस् । कसले कति समयमा पठन गर्न सक्यो भन्नेबारे कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ई) केही बोध प्रश्नको सूची प्रस्तुत गरी त्यसपछि प्रत्येक दुई जना विद्यार्थीलाई प्रश्न सोध्न र उत्तर भन्न उत्प्रेरित गर्नुहोस् ।

(उ) विद्यार्थीले उत्तर भन्दै गर्दा आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई पालैपालो प्रश्नोत्तर भन्न लगाउनुहोस् ।

(ऊ) प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**घटना टिपोट र कथासार लेखन**

(अ) विद्यार्थीलाई चार समूहमा विभाजन गनुहोस् र समूहलाई क समूह, ख समूह, ग समूह र घ समूह गरी नामकरण गरेर सबै समूहलाई पाठ्य कथाका अनुच्छेद बराबरी पर्ने गरी बाँडिदिनुहोस् र मौन वाचन गर्दै प्रत्येक समूहलाई आआफूलाई दिइएका अनुच्छेदबाट मुख्य मुख्य घटना पहिचानका लागि छलफल गर्न र बुँदागत रूपमा टिप्न लगाउनुहोस् ।

(आ) मुख्य घटनाका बुँदा टिपोट गर्दा हुबहु सार्ने वा अनुलेखन गर्ने कार्य नगर्न नगराउन र बुँदा अपूर्ण वाक्यमा टिप्न उत्प्रेरित गर्नुहोस् र शिक्षकले अवलोकन गरी सहजीकरण गनुहोस् ।

(इ) छलफलपश्चात् तयार गरेका घटना के के रहेछन्, शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

(ई) टिपेका घटनालाई क, ख, ग, र घ समूहलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस्, कुनै बुँदा दोहोरियो वा क्रम मिलेन भने सुधार्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले भनेका बुँदा शैक्षणिक पाटीमा टिप्नुहोस् र छलफल गरेर सहजीकरण गर्नुहोस् ।

(ऊ) शिक्षकले आफूले तयार पारेको पाठ्य कथाका मुख्य घटनाका बुँदालाई छ्यासमिस पारेर विद्यार्थीलाई एउटा एउटा गर्दै बाँड्नुहोस् । अझै रहेको छ पुनः क्रमश सबैलाई बाँड्नुहोस् अनि घटनालाई टिपोट गर्न लगाउनुहोस्

(ऋ) विद्यार्थीलाई कुन घटना पहिले भएको हो, पहिलो घटना पर्ने विद्यार्थीलाई पहिला भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो पर्नेले, त्यसपछि तेस्रो पर्नेले । यसैगरी क्रमशः सबैले पालैपालो आफ्नो घटना बुँदा भन्दै टिप्दै घटना क्रम टिपोट गर्न लगाउनुहोस् । आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

(ए) शिक्षकले घटना टिपोट र घटनाक्रम मिलान भएको रुजु गरेर सबै समूहलाई क्रमशः मिलान गर्न लगाउनुहोस् र आवश्यक परे पृष्ठपोषण दिनुहोस् ।

(ऐ) टिपिएका बुँदाका आधारमा कथाको सार लेखनबारे छलफल गराउनुहोस् । यस क्रममा कथासार एक दुई अनुच्छेदमा समेटिनुपर्ने कुरा बताइदिनुहोस् । कथाको सार लेख्न लगाउनुहोस् र शिक्षकले अवलोकन गरी आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

(ओ) सार लेखन कार्य सकिएपछि समूहबाट कथासार प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) तलका शब्दलाई समावेश्य र समावेशक गरी वर्गीकरण गर्न लगाउनुहोस् :**

फूल, मखमली, सयपत्री, पोखरा, सहर, काठमाडौँ, धवलागिरि, अपी, हिमाल, चामल, कोदो, मकै, अन्न

**(ख) दिइएका दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(अ) आयाम कथाको सुरु र अन्त्य कुन कुन घटनाबाट भएको छ ?

(आ) कथामा कुन ठाउँको परिवेश देखाइएको छ ?

(ग) मातृभाषाको प्रभावमा परेर नेपाली भाषाका शब्दलाई फरक तरिकाले उच्चारण गरिएका केही शब्द पाठमा लेखिएका छन् ? त्यस्ता शब्द पाठबाट खोजेर लेख्न लगाउनुहोस् ।

(घ) तलका बोध प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् :
(अ) कोठाको झ्यालमा कुन रङको पर्दा लगाइएको छ ?
(आ) व्यवस्थापकको कोठा कस्तो छ ?
(ङ) विद्यार्थीलाई आयाम कथाको कथासार भन्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद पढी प्रश्नोत्तर गर्न | • सम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट<br>• बोध प्रश्नोत्तर नमुना चार्ट<br>• सङ्क्षिप्त उत्तरको नमुना<br>• कथाको मूल सन्देशका बुँदा |
| प्रश्न निर्माण र छलफल | निर्दिष्ट अनुच्छेदबाट प्रश्न निर्माण गरी उत्तर छलफल गर्न | |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) 'एक मुठी खर घुमाउने घर' के हो ?(छाता), 'जति फाट्यो त्यति राम्रो' के हो ? (बादल) । यी र यस्तै नेपाली गाउँ खाने कथा सोधेर कक्षाको सुरुआत गर्नुहोस् । एक दुई जना विद्यार्थीलाई गाउँखाने कथा सुनाउने अवसर प्रदान गर्नुहोस् ।
(आ) अगिल्लो कक्षामा भएको छलफल र सिकेका विषय वस्तुबारे विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र आजको पाठ्यवस्तु बोधात्मक प्रश्नोत्तर, प्रश्न निर्माण तथा सङ्क्षिप्त उत्तर लेखन भएको जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र पाठ्य कथाको अनुच्छेद स्लाइड वा स्मार्ट बोर्डमा प्रदर्शन गरी सस्वर पठन गर्न लगाउनुहोस् ।
(आ) प्रस्तुत अनुच्छेदमा आधारित भएर छलफल गर्न लगाउनुहोस् । छलफलमा विद्यार्थीलाई असहजता भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।
(इ) पाठ्य कथाको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएका प्रश्नको सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।
जस्तै :
(क) शन्तमायाले कसकामा काम गर्न थालिन् ?
(ख) डाक्टर दम्पतीले कस्तो कामदारको अपेक्षा गरेका थिए ?
(ग) शन्तमाया खुसी हुनुको कारण के थियो ?
(घ) 'मिहिनेती हात' भन्नुको आशय के हो ?
(ई) प्रत्येक समूहलाई फरक फरक प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । शिक्षकले प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
(उ) उत्तर लेखनपश्चात् समूहका प्रतिनिधि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् । एउटा समूहले उत्तर प्रस्तुत गर्दा अन्य समूहलाई ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन र हौसला प्रदान गर्न लगाउनुहोस् । शिक्षकले उत्तर मिले नमिलेको हेरी आवश्यक थपघट गर्नुपर्ने भए सहजीकरण गर्नुहोस् ।

**प्रश्न निर्माण र उत्तर पहिचान**

(अ) विद्यार्थीलाई कुनै अनुच्छेद प्रस्तुत गरेर पूर्वज्ञानका आधारमा केही प्रश्न निर्माण गर्न लगाउनुहोस् । उनीहरूले उपयुक्त प्रश्न बनाउन सके नसकेको विषयमा कक्षामा छलफल गराउनुहोस् ।

(आ) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ७ मा तोकिएको अनुच्छेद प्रदर्शन गर्दै प्रश्न निर्माण कसरी गर्न सकिन्छ र उत्तरको खोजी कसरी गर्ने भन्ने सिपबारे छलफल गर्नुहोस् ।

(इ) पाठ्य अंशमा मुख्य मुख्य विषय के के छन्, पहिचान गर्न लगाउनुहोस् ।

(ई) प्रश्न निर्माण गर्दा विषयवस्तुसँग, अनुमान गर्ने, निष्कर्ष दिने, तर्क दिने, विश्लेषण गर्ने, विवरण दिने खालका प्रश्नसम्बन्धी धारणा निर्माण गर्न लगाउनुहोस् । यसका लागि प्रश्न निर्माण गर्दा सकेसम्म को, के, किन, कसरी, कहिले, कहाँ जस्ता प्रश्नबोधक शब्दको प्रयोग गर्नुपर्ने विषयमा छलफल गरी बताइदिनुहोस् ।

(उ) के, कुन, कसलाई, कसरी आदि प्रश्नसूचक शब्द प्रयोग गरी प्रश्न सोध्ने र तिनको उत्तर पहिचान गर्ने कार्य कसरी भएको छ भनी अवलोकन गर्न लगाउनुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ को निर्देशानुसार छोटो उत्तरात्मक प्रश्न निर्माण गर्न लगाउनुहोस् । शिक्षकले समूह कार्यको अवलोकन र सहजीकरण गर्नुहोस् ।

(ऋ) प्रश्ननिर्माण सकिएपछि विद्यार्थी समूहलाई आपसमा एउटा समूहले बनाएका प्रश्नको उत्तर अर्को समूहलाई सोधेर उत्तर पहिचान गर्न लगाउनुहोस् । प्रश्न निर्माण र उत्तर पहिचानका क्रममा आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

**सङ्क्षिप्त उत्तर लेखन**

(अ) सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । पूर्वज्ञानलाई जोड्दै सङ्क्षिप्त उत्तर पाँच/छ वाक्यमा मुख्य विषयवस्तु समेटेर लेख्नुपर्ने र निचोड वाक्य समावेश गर्नुपर्ने विषयमा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) विद्यार्थीलाई समूहमा विभाजन गरी बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ९ मा दिइएका सङ्क्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गराउनुहोस् ।

(इ) एउटा समूहलाई एउटा प्रश्नका हिसाबले प्रश्न दिएर उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थी समूहलाई पालैपालो उत्तर पढेर सुनाउन लगाई उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुराबारे प्रतिक्रिया दिने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

(उ) समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी उत्तरपुस्तिका परीक्षण गरेर आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) पाठको ४४औँ अनुच्छेदबाट तलका प्रश्न सोधेर उत्तर भन्न लगाउनुहोस् :**

(अ) शन्तमायाले कसकामा काम गर्न थालिन् ?
(आ) डाक्टर दम्पतीले कस्तो कामदारको अपेक्षा गरेका थिए ?
(इ) मिहिनेती हात भन्नुको आशय के हो ?

**(ख) पाठको चौथो अनुच्छेदबाट चारओटा प्रश्न निर्माण गर्न लगाउनुहोस् ।**

**(ग) तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :**

(क) आयाम कथाको मूल विषयवस्तु के हो ?
(ख) आयाम कथामा कस्तो सामाजिक अवस्था वर्णन गरिएको छ ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

<table>
<tr><td>चरित्र चित्रण र सामाजिक सम्बन्धको मूल्याङ्कन</td><td>पात्रका चारित्रिक विशेषता र सामाजिक सम्बन्धबारे मूल्याङ्कन गरी लेख्न</td><td rowspan="3">● पात्र र चारित्रिक विशेषताको तालिका<br>● व्याख्याको नमुना, स्लाइड वा चार्ट<br>● तार्किक प्रश्नोत्तरको नमुना चार्ट वा स्लाइड<br>● समाजसँग सम्बद्ध विविध घटनाको सूची</td></tr>
<tr><td>व्याख्या लेखन</td><td>निर्दिष्ट उद्धरणको व्याख्या गर्न</td></tr>
<tr><td>अनुमान र तार्किक प्रतिक्रिया</td><td>नेपाली समाजका विविध विषयवस्तु र कथाले उठान गरेको विषयबारे तार्किक प्रतिक्रिया दिन</td></tr>
</table>

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै असल समाजसेवीले गरेका कामको प्रशंसा गरेर वा कुनै लोक गीत गाएर कक्षाको सुरुआत गर्नुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र आफूले सार बताइदिनुहोस् र आजको पाठ्यवस्तुबारे विद्यार्थीलाई अनुमान गर्न लगाएर शिक्षकले बताइदिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सामाजिक सम्बन्ध र चरित्र चित्रण**

(अ) विद्यार्थीलाई आवश्यकताअनुसार विभिन्न समूहमा विभाजन गर्नुहोस् र आयाम कथाका विषयवस्तु र पात्रबारे समूहमा छलफल गराउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ९ को निर्देशन स्लाइड वा चार्ट मा प्रदर्शन गरी आयाम कथाका पात्र र चरित्र तथा तिनीहरूको सम्बन्धबारे प्रत्येक विद्यार्थीलाई टिपोट गर्न लगाउनुहोस् ।

(इ) टिपिएका विषयवस्तुका बारेमा विद्यार्थीका समूह समूहबिच छलफल चलाउनुहोस् ।

(ई) कथाकी मुख्य पात्र याङ्जी र उनकी सासूका चारित्रिक विशेषता र उनीहरूबिचको सम्बन्धबारे छलफल गराउनुहोस् ।

(उ) सासू र बुहारी भए पनि उनीहरू सहोदर आमाछोरी सरह मिलेर बसेको सन्दर्भमा आधारित भएर उनीहरूको सम्बन्धबारे विद्यार्थीलाई आफ्ना धारणा राख्न लगाउनुहोस् ।

(ऊ) याङ्जी र उनकी सासूबिचको सम्बन्धबारे विद्यार्थीलाई एक अनुच्छेद लेख्न लगाउनुहोस् र

(ऋ) आफूले टिपोट गरेर ल्याएका विषयवस्तु स्लाइड, प्रोजेक्टर वा चार्टमा प्रस्तुत गरी विद्यार्थीले टिपेका र आफूले तयार पारेका बुँदाबिचका समानता र असमानताबारे तुलनात्मक छलफल चलाई धारणा स्पष्ट पार्नुहोस् । थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**व्याख्या लेखन**

(अ) विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । व्याख्या लेखनका बारेमा सामूहिक छलफल गरी विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् । सामूहिक छलफलपश्चात् वैयक्तिक रूपमा व्याख्या लेखनको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) व्याख्या गर्दा तीन अनुच्छेदमा लेख्नुपर्ने र तलका कुरामा ध्यान दिनुपर्नेबारे छलफल गराउनुहोस्, जस्तै :

**पहिलो अनुच्छेद**

वाक्यमा वर्णित विषयवस्तुको उठान गर्ने

**दोस्रो अनुच्छेद**

वाक्यसँग सम्बन्धित विभिन्न उदाहरण दिएर वा उखान टुक्काको प्रयोग गरेर अर्थ विस्तार गर्दै विस्तारपूर्वक बयान गर्ने

वाक्यसँग सम्बन्धित पाठका घटना र विषयवस्तुको सन्दर्भका आधारमा विश्लेषण गर्ने

**तेस्रो अनुच्छेद**

वाक्यको भाषाशैलीबारे उल्लेख गर्ने

मूल भावसँग सम्बन्धित रहेर निष्कर्ष निकाल्ने ।

(इ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० मा दिइएका व्याख्या लेखनसम्बद्ध प्रश्न तथा अन्य सम्भावित प्रश्नका बारेमा छलफल गराउनुहोस् ।

(ई) एक समूहलाई क्रियाकलाप १० (क) र अर्को समूहलाई क्रियाकलाप १० (ख) मा दिइएका वाक्य दिई व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताइदिनुहोस् ।

(ऊ) शिक्षकले तयार पारेको नमुना व्याख्या स्लाइड वा चार्टमा प्रदर्शन गरी थप छलफलसहित विषयवस्तुप्रति विद्यार्थीको धारणालाई सबलीकरण गरिदिनुहोस् । विद्यार्थीका उत्तरपुस्तिका परीक्षण गरी आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**अनुमान र तार्किक प्रतिक्रिया**

(अ) विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । आयाम कथाका विभिन्न पात्र र तिनीहरूका कामबारे छलफल गराउनुहोस् । कुन पात्र कस्तो चरित्रको छ, कसले राम्रो काम गरेको छ र कसले नराम्रो काम गरेको छ, ती पात्रका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो जस्ता प्रश्न सोधी कक्षामा समूहबिच छलफल गराउनुहोस् ।

(आ) असल र खराब चरित्रबिचको अन्तर के हो ? भन्ने प्रश्नमा आधारित भएर पुनः छलफल गराई विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(इ) कुनै एक विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित फरक विचार राख्न सक्ने क्षमता अभिवृद्धि गराउन फरक फरक बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् ।

(ई) बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएको प्रश्न प्रदर्शन गर्नुहोस् ।

(उ) विद्यार्थीलाई आयाम कथाले उठान गरेका विषयवस्तुबारे छलफल गराउनुहोस् र क्रमशः टिपोट गर्न लगाउनुहोस्, जस्तै :

(क) याङ्जीको समस्या के हो ?
(ख) शन्तमायाको समस्या के हो ?
(ग) शन्तमायाको नयाँ श्रीमान्को समस्या के हो ?
(घ) याङ्जीकी सासूको समस्या के हो ?

(ऊ) यी र यस्तै प्रश्नमा आधारित भएर हाम्रो समाजका कस्ता कस्ता घटनालाई कथाले समेटेको छ भन्नेबारे टिपोट सकिएपछि ती बुँदाका आधारमा विद्यार्थीको सोचाइ र धारणासमेत समेटेर उत्तर भन्न र लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् । समग्रमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ऋ) विद्यार्थीलाई याङ्जीका ठाउँमा भएको भए तपाईं के गर्नुहुन्थ्यो भनी प्रश्न सोधेर समूहगत रूपमा उत्तर पहिचान गर्न लगाउनुहोस् र छलफल गरी आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) व्याख्या गर्न लगाउनुहोस् :**

जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दोरहेछ ।

**(ख) आयाम कथाकी पात्र याङ्जीका स्वभावगत विशेषता भन्न लगाउनुहोस् ।**

**(ग) तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :**

(अ) तपाईं आयाम कथाकी आमाको ठाउँमा हुनुभएको भए तपाईंको याङ्जीप्रति कस्तो हुन्थ्यो ? तर्क दिई लेख्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विवेचनात्मक उत्तर लेखन | पाठको विवेचना गरी निर्दिष्ट प्रश्नको विवेचनात्मक उत्तर दिन | • विवेचनाका लागि बुँदाको चार्ट वा |

| | | |
|---|---|---|
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदबाट बोधात्मक प्रश्नोत्तर गर्न<br><br>भाषिक संरचना र वर्णविन्याससम्बन्धी प्रश्नोत्तर गर्न | स्लाइड<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तर चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै चुटकिला सुनाएर गाउँखाने कथा सोधेर विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

(आ) अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे पुनरावृत्ति गराई सार बताइदिनुहोस् र आजको पाठ्यवस्तुबारे छलफल गराएर जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**विवेचनात्मक उत्तर लेखन**

(अ) विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । कुनै प्रश्नको समीक्षात्मक उत्तर लेख्नका लागि आवश्यक विषयवस्तु विद्यार्थीको पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् ।

(आ) पाठ्य कथाको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप ११ मा रहेको विवेचनात्मक उत्तरका लागि प्रश्न प्रदर्शन गर्नुहोस् ।

(इ) कथा अध्ययन गरी समूहमा छलफल गरेर मुख्य मुख्य विषय टिपोट गर्न लगाउनुहोस् ।

(ई) विवेचनाका लागि बुँदा लेखन गर्दा निम्न कुरामा ध्यान दिनुपर्नेबारे छलफल गर्नुहोस्, जस्तै :

- कथाकारको नाम र कथाको परिचय (एक दुई वाक्यमा)
- कथाका पात्र र तिनीहरूको चरित्र
- कथामा वर्णन भएको समाज र परिवेश
- कथामा वर्णन गरिएका मुख्य मुख्य सामाजिक घटना र याङ्जी र शन्तमायाले गरेका सङ्घर्ष
- कथामा वर्णन भएका घटना र वास्तविक हाम्रो समाजमा हुने घटनाबिच तुलना
- विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयको राम्रा नराम्रा पक्षको विश्लेषण
- निष्कर्ष

(उ) विवेचनात्मक उत्तर लेखन गर्दा ध्यान दिनुपर्ने कुराका लागि शिक्षक निर्मित चार्ट वा स्लाइड प्रस्तुत गरी छलफल गरेर सहजीकरण गरिदिनुहोस् ।

(ऊ) यसपछि मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर लेख्न लगाउनुहोस् शिक्षकले विद्यार्थीले गरेका कार्यको अवलोकन गर्नुहोस् ।

(ऋ) लेखन कार्य समाप्त भएपश्चात् प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रस्तुतीकरण सुनेर आवश्यकताअनुसार विषयवस्तु थपघट गर्नुपर्ने अवस्था भए आवश्यक सहजीकरण गरिदिनुहोस् । आवश्यकता भए थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोध प्रश्नोत्तर**

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विद्यार्थी समूहलाई आपसमा छलफल गर्न लगाउनुहोस् र अनुच्छेदमा वर्णन भएका मुख्य विषयवस्तु बोध गर्न लगाउनुहोस् ।

(ई) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ (क) मा दिइएका प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(उ) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया दिन लगाउनुहोस् । विद्यार्थीले दिएका उत्तरको स्तर र अवस्था हेरेर आवश्यक सहजीकरण गर्नुहोस् ।

(ऊ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ (ख) मा दिइएका भाषिक संरचनासँग सम्बन्धित प्रश्न पूर्वज्ञानका आधारमा गराउनुहोस् । विद्यार्थीलाई उत्तर दिन असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :**

(अ) आयाम कथाको मुख्य विषयवस्तु के हो ? चर्चा गर्नुहोस् ।

**(ख) पाठको बोध तथा अभिव्यक्ति खण्डको क्रियाकलाप १३ मा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | समस्या समाधान गर्ने शैलीको भाषिक सञ्चार गर्न | • समस्या समाधानसँग सम्बन्धित भाषिक सञ्चारबारे श्रव्य सामग्री वा दृश्य सामग्री<br>• सुनाइ पाठ १६ को श्रव्य सामग्री वा दृश्य सामग्री<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| श्रुतिबोध (सुनाइ पाठ १६) | सुनाइ पाठ १६ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई चुट्किला सुनाएर वा प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

(इ) आजको कक्षाको सिकाइ सहजीकरणको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**भाषिक प्रकार्य**

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई समस्या समाधानसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले मान्छेको जीवनमा विभिन्न समस्या आउने र ती समस्या विवेकपूर्ण तरिकाले समाधान गर्नुपर्ने र समस्या समाधान गर्दा व्यक्तिले प्रयोग गर्ने भाषा, शैली र अनुहारको हाउभाउबारेमा छलफल गराउनुहोस् । समस्या समाधानसम्बन्धी विषयवस्तुमा आधारित भएर विभिन्न स्थानमा विभिन्न समस्याको कस्तो समाधान निकाल्ने भनी विविध सन्दर्भ प्रस्तुत गर्नुहोस्, जस्तै :

(क) बजारमा हराएर एक्लै पर्दा
(ख) कक्षामा साथीको किताब हराउँदा
(ग) आफू र भाइ मात्र घरमा भएको बेला अचानक भाइको पेट दुखेर भाइ रुन थाल्दा
(घ) बाटोमा हिँड्दा हिँड्दै नचिनेको मानिसले अचानक बोलाउँदा
(ङ) बस चढेर कतै गएको अवस्थामा आफूले पैसा नबोकेको थाहा पाएपछि

(ई) यी माथिका समस्या आइपरे भने तपाईंहरू के गर्नुहुन्छ ? यस्ता समस्याको समाधान कसरी निकाल्नुहुन्छ ? भनेर विद्यथीलाई प्रश्न सोध्नुस् र मनन गर्न र थप समूहमा छलफल गर्न लगाउनुहोस् । यी र यस्तै

अन्य समस्या दिएर ती समस्याको समाधान गर्ने प्रसङ्गमा कम्तीमा दुई जना साथीबिच संवाद गरेर प्रस्तुत गर्न लगाउनुहोस् । सकेसम्म सबै विद्यार्थीलाई संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् ।

(उ) प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार, शब्द चयन, समस्याअनुसारको हाउभाउ र बोलीको आरोहअवरोह आदिबारे अवलोकन गरी पटक पटक प्रस्तुतिको अवसर दिनुहोस् ।

(ऊ). बोध र अभिव्यक्ति खण्डको अभ्यास १६ मा दिइएको सन्दर्भ दुई जना विद्यार्थीलाई संवादात्मक प्रस्तुति गर्न लगाउनुहोस् र विद्यार्थीलाई एकछिन छलफल गर्न समय दिनुहोस् ।

(ऋ) निर्दिष्ट प्रश्नमा दिइएको सन्दर्भअनुसार संवादात्मक रूपमा प्रस्तुत गर्न र अन्य विद्यार्थीलाई सक्रिय साथ दिन लगाउनुहोस् ।

(ए) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गति, वाक्य गठन आदिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऐ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका व्यवसाय गर्न सिकाउने विषयवस्तु वा सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**श्रुतिबोध (सुनाइ पाठ १६)**

(अ) विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् । सुन्दा ध्यान दिनुपर्ने विविध विषय र पक्षबारे छलफल गर्नुहोस् ।

(ई) सुनाइ पाठ १६ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताअनुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को क्रयाकलापमा दिइएका खाली ठाउँ भर्ने प्रश्न स्लाइड वा स्मार्ट बोड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

(ऊ) विद्यार्थीलाई ती प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । उत्तर लेखन कार्य सकिएपछि समूह समूहलाई पालैपालो उत्तर भन्न लगाई छलफल गराउनुहोस् ।

(ऋ) एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ए) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको क्रियाकलाप २ मा दिइएका प्रश्न प्रदर्शन गर्नुहोस् र विद्यार्थी समूहलाई पालैपालो उत्तर भन्न उत्प्रेरित गर्नुहोस् । एउटा समूहले उत्तर दिन नसके अर्को समूह वा व्यक्तिलाई उत्तर भन्ने मौका दिनुहोस् । सबै प्रश्न सोधिसकेपछि आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

(ऐ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न सुनाइ पाठसँग सम्बन्धित थप प्रश्न निर्माण गरी अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) तलको समस्या दिएर प्रस्तुतीकरण गर्न लगाउनुहोस् :**

बस चढेर कतै जानुभएको थियो । बसबाट ओलँदा तपाईंले पैसा नबोकेको थाहा पाउनुभयो । अब यस्तो अवस्थामा बसको सहचालकसँग कसरी कुरा गर्नुहुन्छ ? दुई साथी मिलेर कक्षामा कुराकानी प्रस्तुत गर्नुहोस् ।

**(ख) सुनाइ पाठका आधारमा तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :**

(क) नेपालमा धानपछिको मुख्य बाली कुन हो ?

(ख) मकै उत्पादन वृद्धि गर्न कस्तो हावापानी उपयुक्त हुन्छ ?

(ग) मकै उम्रन कति तापक्रम चाहिन्छ ?

(घ) मकैमा पाइने मुख्य भिटामिन कुन हो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वाक्य संश्लेषण र विश्लेषण | • धेरै वाक्यलाई जोडेर एउटै वाक्यमा संश्लेषण गर्न<br>• एउटा वाक्यलाई टुक्रा पारेर धेरै सरल वाक्यमा विश्लेषण गर्न | • वाक्य संश्लेषण र विश्लेषण गरिएको तालिका<br>• अनुच्छेद<br>• लेख्यचिह्नको सूची र वाक्यको तालिका<br>• र वर्णका फरक फरक रूप प्रयोग भएका शब्दको सूची |
| लेख्य चिह्न पहिचान र प्रयोग | • लेख्यचिह्नको पहिचान र प्रयोग गर्न<br>• लेख्य चिह्नको प्रयोग गरी अनुच्छेद रचना गर्न | |
| 'र' का विभिन्न रूपको पहिचान र प्रयोग (वर्णविन्यास) | र वर्णका फरक फरक रूप प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न | |
| कथा सङ्कलन (परियोजना कार्य) | पुस्तकालयबाट सामाजिक कथा खोजेर कक्षामा प्रस्तुत गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले विद्यार्थीलाई कुनै गाउँखाने कथा सुनाएर वा प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको सिकाइ सहजीकरणको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**वाक्य संश्लेषण र विश्लेषण**

(अ) विद्यार्थीलाई पूर्वज्ञानका आधारमा वाक्य संश्लेषण र विश्लेषणसम्बन्धी विषयमा छलफल गराउनुहोस् ।

(आ) पाठ्य कथाको कुनै एक कथांश वाचन गर्न लगाएर त्यहाँबाट दुईओटा सरल वाक्य टिपोट गर्न लगाउनुहोस् । ती दुई वाक्यलाई जोडेर एउटै वाक्य बनाउन लगाउनुहोस् ।

(इ) विद्यार्थीको पूर्वज्ञानका आधारमा वाक्य संश्लेषण र विश्लेषणबारे प्रश्नोत्तर शैलीमा छलफल गर्नुहोस् । वाक्य संश्लेषण गर्दा सरल, मिश्र वा संयुक्तमध्ये कुनै एक वाक्यमा गर्नुपर्ने विषयमा छलफल गर्दै उदाहरण दिएर स्पष्ट पारिदिनुहोस् र वाक्य संश्लेषण र विश्लेषणबारे तालिका प्रदर्शन गरेर थप छलफल गराउनुहोस्, जस्तै :

| सरल वाक्यमा विश्लेषण | संश्लेषित वाक्य |
|---|---|
| (अ) उनीहरूले हिमाली क्षेत्र घुम्छन् । उनीहरू घर फर्कन्छन् । | (अ) उनीहरू हिमाली क्षेत्र घुमेर घर फर्कन्छन् । (सरल)<br>(आ) उनीहरू हिमाली क्षेत्र घुम्छन् र घर फर्कन्छन् । (संयुक्त)<br>(इ) जब उनीहरू हिमाली क्षेत्र घुम्छन् तब फर्कन्छन् । (मिश्र) |
| (आ) क्रिकेट खेलाडी राम्रो खेल्छन् । उनीहरू खेल जित्छन् । | (अ) क्रिकेट खेलाडीले राम्रो खेलेर खेल जित्छन् ।<br>(आ) क्रिकेट खेलाडी राम्रो खेल्छन् त्यसैले खेल जित्छन् ।<br>(इ) क्रिकेट खेलाडीले राम्रो खेले भने खेल जित्छन् । |

(ई) छलफल सकिएपछि भाषिक संरचना तथा वर्णविन्यास खण्डको क्रियाकलाप १ मा दिइएका अनुच्छेद र उदाहरण प्रदर्शन गरी छलफल गरेर क्रियाकलाप २ मा दिइएको अनुच्छेदबाट सोधिएका प्रश्नको उत्तर

लेख्नका लागि प्रश्नको सूची प्रस्तुत गर्नुहोस् र पालैपालो उत्तर भन्न र लेख्न लगाउनुहोस् । विद्यार्थीले गरेको कक्षाकार्यको अवलोकन गरी थप सबलीकरण गर्नुहोस् ।

(उ) भाषिक संरचना तथा वर्णविन्यास खण्डको क्रियाकलाप ३ को निर्देशनानुसार अनुच्छेदबाट सरल वाक्य टिपोट गरी लेख्न लगाउनुहोस् । विद्यार्थीलाई असहजता महसुस भए सहजीकरण गरिदिनुहोस् ।

(ऊ) उदाहरणमा जस्तै गरी अन्य वाक्यहरू दिई वाक्य संश्लेषण र विश्लेषसम्बन्धी थप अभ्यास गराउनुहोस् ।

## लेख्यचिह्न र प्रयोग

(अ) विद्यार्थीलाई समूहमा विभाजन गरेर लेख्य चिह्न र तिनको प्रयोग सम्बन्धमा छलफल गराउनुहोस् ।

(आ) विभिन्न लेख्य चिह्न प्रदर्शन गरी तिनको प्रयोग भएका वाक्य टिपोट गर्न लगाउनुहोस् । थप उदाहरण दिएर धारणा स्पष्ट पारिदिनुहोस् ।

(इ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ४ को अनुच्छेद प्रस्तुत गरी लेख्य चिह्नका नाम पहिचान गरी लेख्न लगाउनुहोस् ।

(ई) विद्यार्थीलाई कुनै असहज भए उदाहरण दिएर वा अन्य तरिकाबाट सहजीकरण गरिदिनुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ५ मा दिइएका लेख्यचिह्नको प्रयोग गरेर एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीको कार्य अवलोकन गरी सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई उत्तर प्रस्तुत गर्न लगाएर छलफल गराउनुहोस् ।

(ऋ) शिक्षकले तयार पारेको उत्तरको स्लाइड वा चार्ट प्रस्तुत गरेर समूहमा उत्तर परीक्षण गराउनुहोस् । आवश्यक परे थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## 'र' का विभिन्न रूपको पहिचान र प्रयोग (वर्णविन्यास)

(अ) 'र' का विभिन्न रूप प्रस्तुत गरी छलफल गराउनुहोस् ।

'र' का विभिन्न रूप

(क) र : बहर, रहर, कहर, रसिलो, रमाइलो आदि ।

(ख) ्र : प्रेम, प्रकृति, प्रसिद्ध, व्रत, त्रास, वज्र, आदि ।

(ग) र् : निष्कर्ष, सिर्जना, हर्षित, तार्किक, सर्वत्र आदि

(घ) ्र : राष्ट्र, उष्ट्र, ड्रम, ट्रम्प, राष्ट्रिय आदि ।

(ङ) र्‍ : पुर्‍यायो, भर्‍यो, र्‍याल, र्‍याइँर्‍याइँ आदि ।

(आ) यसरी शब्दमा प्रयोग हुँदा 'र्' विभिन्न स्वरूपमा परिवर्तन हुन्छ भन्ने जानकारी तलफल गराउँदै 'र' को सही प्रयोगबारे आवश्यक सबलीकरण गर्नुहोस् ।

(इ) पाठ्य कथाबाट 'र्' प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् र कस्तो अवस्थामा यिनको प्रयोग भएको छ भन्ने छलफल गरी मनन गर्न लगाउनुहोस् ।

(ई) 'र्' का विविध रूप प्रयोग गरिएका कथांश हेरी कुन कुन शब्दमा 'र्' को प्रयोग छ, टिपोट गरी भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ६ र ७ गर्न दिनुहोस् ।

(उ) विद्यार्थीका कार्यको समूह समूहमा पुगी अवलोकन गर्दै सबलीकरण गर्नुहोस् ।

(ऊ) उत्तर लेखिसकेपछि प्रस्तुतीकरण गर्न लगाई आवश्यक छलफल र थप पृष्ठपोषण दिनुहोस् । पाठ्य कथाबाट 'र्' को प्रयोगसम्बन्धी अभ्यास गराई शब्दकोशको प्रयोग गराउनुहोस् ।

**कथा सङ्कलन (परियोजना कार्य)**

(अ) परियोजना कार्यअन्तर्गत कथा खोज र सङ्कलन गर्ने सम्भावित स्थान र पुस्तकबारे विद्यार्थीको पूर्वज्ञानका आधारमा कक्षामा छलफल चलाउनुहोस् । यस क्रममा यसपूर्व पनि विभिन्न स्रोतबाट गीत, कविता आदि खोजेर ल्याई कक्षामा प्रस्तुत गरेको सन्दर्भ जोडेर खाजी कार्य गर्न प्रोत्साहन गर्नुहोस् ।

(आ) विद्यार्थीलाई मन परेको कथा खोजी गरी लेखेर ल्याउन र भोलिको कक्षामा प्रस्तुति गर्नुपर्ने विषयमा जानकारी दिनुहोस् ।

(इ) भोलिको कक्षामा स्वतन्त्र कथा लेखन र कथा प्रस्तुतिबारे विस्तृत छलफल गरिने भएकाले आवश्यक तयारी गरेर आउने विषयमा जानकारी दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) तलका वाक्यलाई कोष्ठकका आधारमा परिवर्तन गर्न लगाउनुहोस् :**

(अ) सफल बिहानै उठे । सफल शौचालय गए । (वाक्य संश्लेषण)

(आ) नित्य कर्म गरेर नास्ता खाई सफल लेख्न बसे । (वाक्य विश्लेषण)

**(ख) दिइएको वाक्यलाई लेख्यचिह्न र वर्णविन्यास मिलाई शुद्ध गर्न लगाउनुहोस् :**

राष्ट्र र राष्ट्रीय स्वाभिमान जोगाउने कार्यमा सारानेपाली जनताले योगदान पुर्‍याएका छन् यो कुरा हामि सबैले बुझ्नुपर्छ

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दसौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | आफूले पुस्तकालय वा अन्यत्रबाट खोजेको कथा कक्षामा प्रस्तुत गर्न | • कथा रचनाका लागि आवश्यक तत्त्व उल्लेख भएको चार्ट<br>• बुँदाको स्लाइड वा चार्ट<br>• कथाको श्रव्य सामग्री/दृश्य सामग्री<br>• कथाको नमुना चार्ट |
| कथा रचना (सिर्जनात्मक कार्य) | विद्यार्थीले आफूलाई मन परेको शीर्षकमा कथा रचना गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै कथा सुनाएर विद्यार्थीलाई उत्साहित बनाउनुहोस् र विद्यार्थीबाट सिर्जनात्मक प्रतिभा सुनी ध्यानाकर्षण गर्नुहोस् ।

(आ) अगिल्लो दिन दिइएको परियोजना कार्यका बारेमा विद्यार्थीलाई सोधेर छलफल गर्नुहोस् र आज कक्षाकार्यका रूपमा कथा प्रस्तुतीकरण तथा कथा लेखन गरिनेबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**कथा सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) विद्यार्थीलाई अगिल्लो दिन दिइएको परियोजना कार्यअनुसार कथा खोजेर ल्याएको नल्याएकोबारे सोधेर यकिन गर्नुहोस् ।

(आ) प्रत्येक विद्यार्थीले कथाको भाव र पात्र तथा शैलीअनुसार अभिनयात्मक तरिकाले कथा कथन गर्नुपर्ने बताइदिनुहोस् । सम्भव भए यस क्रममा कथा वाचनको श्रव्यदृश्य सामग्री (श्रव्य सामग्री वा दृश्य सामग्री) प्रस्तुत गरी नमुना प्रस्तुत गर्नुहोस् ।

(इ) विद्यार्थीलाई पालैपालो कथा कथनका लागि समय दिनुहोस् । विद्यार्थीको प्रस्तुतिको सम्मान गर्दै थप हौसला प्रदान गर्नुहोस् ।

(ई) सबै विद्यार्थीको प्रस्तुतीकरण सकिएपछि उत्कृष्ट कथा कथन गर्ने विद्यार्थीलाई विशेष प्रशंसाको पुरस्कार दिनुहोस् र थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**कथा रचना (सिर्जनात्मक कार्य)**

(अ) मौलिक कथा रचनाका लागि के के कुरामा ध्यान दिनुपर्ला भन्ने प्रश्न राखी कुनै विषयवस्तुमा आधारित कथा लेखन कसरी गर्न सकिन्छ भन्ने विषयमा आवश्यक तत्त्वको सूची प्रदर्शन गरी छलफल गराएर विद्यार्थीलाई उत्प्रेरणा प्रदान गर्नुहोस् ।

(आ) विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र कथाको **शीर्षक, आदि भाग, मध्य भाग, अन्त्य भाग, कथामा संवाद, कथाका घटना हुने समय, ठाउँ र अवस्था** आदिबारे निश्चित समय तोकेर छलफल गराउनुहोस् ।

(इ) समाजमा घट्ने समस्याको पहिचान वा अनुमान गर्न लगाई पात्र चयन, संवादात्मक अभिव्यक्ति, कथा लेखनको उद्देश्य, कथाका घटनाको वातावरण, कुन समयलाई सङ्केत गर्ने, कथाको शीर्षक के राख्ने आदि प्रश्न गर्दै तिनको उत्तरको खोजी गरेर मौलिक कथा रचना गर्न उत्प्रेरित गर्नुहोस् ।

(ई) कथा लेखन गर्दा ध्यान दिनुपर्ने कुराबारे विद्यार्थी समूहमा छलफल गराई प्राप्त निचोड समूहको कुनै एक विद्यार्थीलाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा मौलिक कथा लेखनका लागि शिक्षकले केही बुँदा तयार पारेर ल्याई कक्षामा प्रदर्शन गरेर तिनै बुँदाका आधारमा कथा रचना गर्न लगाउन पनि सकिन्छ ।

(उ) विद्यार्थीलाई कथा लेखन सिपको अन्तरक्रिया गराई कथा लेखनको अभ्यास गराउनुहोस् ।

(ऊ) कथाको रचना गरिसकेपछि प्रत्येक समूहको एक एक विद्यार्थीलाई कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् । कथा रचना र कथनपछि प्रत्येक विद्यार्थीका लागि ताली बजाएर प्रशंसा गर्नुहोस् ।

(ऋ) शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई आवश्यक छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

**(क) विद्यार्थीलाई मन परेको विषय वा शीर्षकमा एउटा कथा लेख्न लगाउनुहोस् ।**

**(ख) विद्यार्थीलाई आफूले जानेको कुनै कथा भन्न लगाउनुहोस् ।**

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सन्दुक रुइत

**पाठ १७**

**विधा : जीवनी** **कार्यघण्टा : ९**

**परिचय**

‘सन्दुक रुइत’ चिकित्सा क्षेत्रमा विशेष योगदान पुऱ्याएका राष्ट्रिय व्यक्तित्वको जीवनीमा आधारित जीवनीपरक पाठ हो । समाज राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको विभिन्न पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्रीको क्रमबद्ध तथा सुन्दर प्रस्तुति नै जीवनी हो । जीवनी शिक्षणबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ । जीवनी शिक्षणबाट विद्यार्थीमा उत्साह र प्रेरणा प्रदान हुन्छ । बालबालिकाको व्यक्तित्वको निर्माण र भाषिक सिपको विकासमा जीवनी शिक्षणबाट महत्त्वपूर्ण सहयोग पुग्छ ।

यस जीवनीपरक पाठमा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र मौन पठन, शब्द उच्चारण र अर्थबोध, संरचना पहिचान, घटनाक्रम पहिचान, व्यक्तिवृत्त बोध, लक्ष्य निर्धारण, सन्देश बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । शब्दभण्डारअन्तर्गत सिङ्गो शब्द र सङ्क्षिप्त शब्दको पहिचान र प्रयोगसम्बद्ध सिकाइ क्षेत्र समेटिएको छ । अभिव्यक्ति क्षमता अभिवृद्धिका लागि घटनाक्रम टिपोट, प्रश्नोत्तर र व्याख्या, समीक्षात्मक लेखन, बुँदा टिपोट र सारांश लेखन, सार लेखन, व्यक्तिवृत्त लेखन, अनुकरणात्मक जीवनी लेखन, पाठक प्रतिक्रिया, सम्बन्धित विधा वा

विषयवस्तुमा आधारित स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत सस्वर पठन र शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डार (मौलिक र आगन्तुक शब्द) संरचनाबोध सम्बद्ध प्रश्नोत्तर, घटनाक्रम पहिचान, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या लेखन, समीक्षात्मक उत्तर लेखन, सार लेखन, बुँदा टिपोट र सारांश लेखन, व्यक्तिवृत्त लेखन, पाठक प्रतिक्रिया लेखन, बोध प्रश्नोत्तर आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र अनुकरणमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत वाच्य परिवर्तन र भाषिक सम्पादनलाई कार्यमूलक बनाइएको छ । सिर्जना र परियोजना कार्यअन्तर्गत जीवनी सङ्कलन र प्रस्तुति, अनुकरणात्मक जीवनी लेखनमा जोड दिइएको छ । सुनाइ बोलाइका लागि सुनाइ पाठ १७ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पाठ १७ को सिकाइ क्षेत्रको विवरण

| दिन | पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| पहिलो दिन | • राष्ट्रिय व्यक्तित्वमा आधारित छलफल<br>• सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-५)<br>• पाठगत शब्दार्थ र प्रयोग<br>• बोधात्मक प्रश्नोत्तर | • चित्र र योगदानका आधारमा राष्ट्रिय व्यक्तित्व पहिचान गर्न<br>• निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>• निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | • स्लाइड वा चार्ट<br>• राष्ट्रिय व्यक्तित्वका तस्बिर<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट | १ |
| दोस्रो दिन | • सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ६-१०)<br>• पाठगत शब्दार्थ र | • निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>• निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | • स्लाइड वा चार्ट<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| | प्रयोग<br>● मौन पठन र बोधात्मक प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद मौन पठन गरी बोधात्मक प्रश्नोत्तर गर्न | ● शब्दकोश<br>● वाक्यपत्ती<br>● प्रश्नोत्तरको नमुना चार्ट | |
| **तेस्रो दिन** | ● सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद ११-१५)<br>● पाठगत शब्दार्थ र प्रयोग<br>● मौलिक र आगन्तुक शब्द<br>● बोधात्मक प्रश्नोत्तर | ● निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न<br>● निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>● पाठबाट मौलिक र आगन्तुक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न<br>● निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | ● अनुच्छेदपत्ती<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● शब्दकोश<br>● वाक्यपत्ती<br>● मौलिक र आगन्तुक शब्दसूची<br>● प्रश्नोत्तरको नमुना चार्ट | १ |
| **चौथो दिन** | ● संरचनासम्बद्ध प्रश्नोत्तर<br>● घटनाक्रम पहिचान र मिलान<br>● व्याख्या लेखन | ● निर्दिष्ट संरचनासम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन<br>● घटनाक्रम पहिचान गरी मिलान गर्न<br>● निर्दिष्ट गद्यांश व्याख्या गर्न | ● अनुच्छेदपत्ती<br>● बुँदाका चार्ट वा स्लाइड<br>● प्रश्नोत्तरको नमुना<br>● व्याख्याको नमुना | १ |
| **पाँचौँ दिन** | ● सङ्क्षिप्त उत्तर लेखन<br>● समीक्षात्मक उत्तर लेखन | ● निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन<br>● विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | ● सङ्क्षिप्त उत्तरको नमुना<br>● बुँदाका चार्ट वा स्लाइड<br>● प्रश्नोत्तरको नमुना | १ |
| **छैटौँ दिन** | ● बुँदा टिपोट र सारांश लेखन<br>● सार लेखन<br>● पाठक प्रतिक्रिया लेखन | ● बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न<br>● पाठको सार लेख्न<br>● निर्दिष्ट भनाइप्रति सहमति वा असहमति प्रकट गर्दै पाठक प्रतिक्रिया दिन | ● बुँदाका चार्ट वा स्लाइड<br>● अनुच्छेदपत्ती<br>● पाठक प्रतिक्रियाको नमुना चार्ट वा स्लाइड | १ |
| **सातौँ दिन** | ● बोध प्रश्नोत्तर<br>● भाषिक प्रकार्य<br>● श्रुतिबोध (सुनाइ पाठ १७) | ● बोध प्रश्नोत्तर गर्न<br>● अनुकरणमा आधारित भाषिक सञ्चार गर्न<br>● सुनाइ पाठ १७ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | ● श्रव्य सामग्री वा दृश्य सामग्री<br>● अनुच्छेद पत्ती<br>● प्रश्नको चार्ट वा स्लाइड<br>● प्रश्नोत्तरको नमुना चार्ट | १ |
| **आठौँ दिन** | ● वाच्य परिवर्तन<br>● भाषिक सम्पादन (वर्णविन्यास)<br>● जीवनी सङ्कलन (परियोजना कार्य) | ● कर्तृवाच्यबाट कर्म वा भाव वाच्यमा परिवर्तन गर्न<br>● कर्म वा भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्न<br>● वर्णविन्यास मिलाई भाषिक सम्पादन गर्न<br>● साङ्गीतिक क्षेत्रमा योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गर्न | ● स्लाइड वा चार्ट<br>● शब्दपत्ती<br>● वाक्यपत्ती<br>● वाच्यपत्ती<br>● अनुच्छेदपत्ती | १ |

| | | | | |
|---|---|---|---|---|
| **नवौं दिन** | • जीवनी सङ्कलन र प्रस्तुति (परियोजना कार्य)<br>• अनुकरणात्मक जीवनी लेखन (सिर्जनात्मक कार्य) | • साङ्गीतिक क्षेत्रमा योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गरी प्रस्तुति दिन<br>• दिइएका बुँदाका आधारमा तथा विशिष्ट व्यक्तिको जीवनका मुख्य मुख्य घटना सङ्कलन गरी अनुकरणात्मक जीवनी लेख्न | • जीवनीका बुँदा चार्ट वा स्लाइड<br>• जीवनीको नमुना चार्ट | १ |
| **जम्मा कार्यघण्टा** | | | | ९ |

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| राष्ट्रिय व्यक्तित्वमा आधारित छलफल | चित्र र योगदानका आधारमा राष्ट्रिय व्यक्तित्व पहिचान गर्न | • स्लाइड वा चार्ट<br>• राष्ट्रिय व्यक्तित्वका तस्बिर<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| सस्वर पठन र शब्दोच्चारण (अनुच्छेद १-५) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई सन्दुक रुइतको फोटो र सम्भव भएसम्म प्रोजेक्टरबाट उनले गरेका कार्यको दृश्य सामग्री देखाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

(आ) विद्यार्थीलाई सन्दुक रुइतको फोटो र आँखाको उपचार गर्दै गरेको प्रोजेक्टर वा मोबाइलबाट दृश्य सामग्री देखाएर उत्प्रेरित गर्दै पाठ प्रारम्भ गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**राष्ट्रिय व्यक्तित्वमा आधारित छलफल**

(अ) विज्ञान र प्रविधि, हिमाल आरोही, सेमाजसेवा, चिकित्सा आदि क्षेत्रबाट विशिष्ट योगदान दिने राष्ट्रिय व्यक्तित्वका तस्बिर प्रदर्शन गरी छलफल गराउनुहोस् ।

(आ) चित्रका आधारमा व्यक्तिको नाम र कामका बारेमा मस्तिष्कमन्थन गराउनुहोस् ।

(इ) आफूलाई मन पर्ने राष्ट्रिय व्यक्तित्वबारे विद्यार्थीलाई धारणा राख्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले निर्दिष्ट पाठको पहिलो अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) पाठको दोस्रो, तेस्रो, चौथो र पाँचौँ अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । पाठका निर्दिष्ट अनुच्छेदमा रहेका उच्चारण अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् ।

(इ) सस्वर पठनका क्रममा कक्षाका विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(ई) शिक्षकले पनि सस्वर पठनका क्रममा विद्यार्थीले उच्चारणमा त्रुटि गरेका शब्द सङ्कलन गर्नुहोस् ।

(उ) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शब्दहरू शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्दहरू : हिमशृङ्खला, विशिष्ट, ओलाङचुङगोला, सङ्घर्षशील, क्षयरोग आदि ।
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तै:

| | | |
|---|---|---|
| गड्याङगुडुङ /ग.ड्याङ्.गु.डुङ्/ | पृथ्वी /प्रिथ्.बि/ | पद्धति /पद्.ध.ति/ |
| दार्जिलिङ /दार्.जि.लिङ्/ | पाङ्देन /पाङ्.देन्/ | क्षयरोग /छ्य.य.रोग् / |

(ऊ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऋ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ए) समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) पाठ पढ्दा अर्थ थाहा नभएका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठमै खोज्न लगाउनुहोस् । अर्थ थाहा नभएका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

(आ) टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् । विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

शिखर : पर्वतको सबैभन्दा माथिल्लो भाग

भूगोल : पृथ्वीको प्राकृतिक विभाग

मुग्ध : मोहमा परेको

क्षयरोग : फोक्सोमा विशेष किसिमका कीटाणुले प्रवेश गरेर लाग्ने रोग, टिबी

(इ) टिपोट गरिएका शब्दका केही वाक्यपत्ती प्रदर्शन गरी सहजीकरण गर्नुहोस् र थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरिएका वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| भूपरिवेष्टित | बाह्रै महिना हिउँ पर्ने उच्च हिमशृङ्खला, पहाड, तराई, मधेस र उपत्यका भूपरिवेष्टित देश नेपालका आफ्ना विशिष्टता हुन् । | नेपाल एउटा भूपरिवेष्टित मुलुक हो । |
| मोतीबिन्दु | उनी विश्व विख्यात सरल र कम लागतमा मोतीबिन्दुको चिकित्सा पद्धतिका रुइतेक्टोमीका सुरुवातकर्ता हुन् । | मेरी ७५ वर्षीया हजुरआमाको दाहिने आँखाको मोतीबिन्दुको सफल उपचार गरियो । |
| अन्तरिक्ष | त्यति मात्र नभएर पछिल्लो समयमा अन्तरिक्षमा पत्ता लागेको उल्काको नामसमेत उनकै नामबाट नामकरण गरिएको छ । | अन्तरिक्षमा अनन्त ग्रह र ताराहरू हुन्छन् । |

(उ) कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : सदरमुकाम, हिमशृङ्खला, मानचित्र, कोसेलीपात, क्षयरोग आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) पाठको तेस्रो अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका ठिक बेठिक छुट्याउने वाक्य फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गर्नुहोस् । जस्तै :

(क) सन्दुकका बाबु बिजुलीका सामानको व्यापार गर्थे ।

(ख) बुबा सोनामको इच्छा छोरालाई डाक्टर बनाउने थियो ।

(ग) ओलाङचुङगोलाबाट दार्जिलिङ पुग्न सात दिन लाग्थ्यो ।

(घ) सन्दुक आमाको पाङ्देन समातेर घँक्कघुँक्क रुन थाले ।

(ई) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एकओटा वाक्य ठिक बेठिक छुट्याउन लगाई पालैपालो भन्ने अवसर दिनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(उ) अन्य अनुच्छेदबाट शिक्षकले खाली ठाउँ भर्ने वा बहुवैकल्पिक प्रश्न तयार गरी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**३. मूल्याङ्कन**

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

हिमशृङ्खला, संस्कृति, पृथ्वी, प्रख्यात

(ख) दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

दुर्गम, पाङ्देन, कोसेलीपात, उपचार, हृदयविदारक

(ग) प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) ओलाङचुङगोला कहाँ पर्छ ?

(आ) दार्जिलिङका विद्यालय किन बन्द भए ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण<br><br>(अनुच्छेद ६-१०) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • स्लाइड वा चार्ट<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| मौन पठन र बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेद मौन पठन गरी बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वर पठन र शब्दोच्चारण**

(अ) शिक्षकले निर्दिष्ट पाठको छैटौँ अनुच्छेद सस्वर पठन गर्नुहोस् । विद्यार्थीलाई ध्यानपूर्वक पाठ सुन्न र हेर्न लगाउनुहोस् ।

(आ) पाठको सातौँ, आठौँ, नवौँ र दसौँ अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वर पठन गराउनुहोस् । सस्वर पठन गराउँदा कक्षाका विविध क्षमता भएका तथा अन्य भाषाभाषी विद्यार्थी सबैलाई उत्तिकै प्राथमिकता दिनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(इ) निर्दिष्ट अनुच्छेदमा रहेका उच्चारण र अर्थबोध अभ्यास गराउनुपर्ने नयाँ शब्दलाई टिपोट गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् ।

(ई) सस्वर पठनको क्रियाकलाप पूरा भएपछि टिपोट गरिएका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- विद्यार्थीलाई पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्दहरू : लखनउ, आकृष्ट, दृष्टिविहीन, वैवाहिक, दक्षता आदि ।
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस्, । जस्तै:

लखनउ /लख्.न.उ/ विशेषज्ञ /बि.से.सग्.ग्यँ/ अन्तर्जातीय /अन्.तर्.जा.ति.य/

आकृष्ट /आ.कृस्.ट/ दृष्टिविहीन /दृस्.टि.बि.हिन्/ महँगो /म.हँ.गो/

(उ) शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

(ऊ) सस्वर पठन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

(ए) समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वर पठन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्दा अर्थ थाहा नभएका नयाँ शब्दहरू टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न लगाउनुहोस् ।

(आ) विद्यार्थीले भन्न नसके शब्दपत्ती, अर्थपत्ती, अभिनय, चित्र, शब्दकोश आदिका आधारमा वर्णन गरी अर्थ भनिदिनुहोस् । आवश्यकताअनुसार शब्दकोशको उपयोग गरी शब्दको अर्थ खोज्न लगाउनुहोस् । जस्तै :

वृत्तचित्र : लघु चलचित्र

उद्देश्य : चाहना गरिएको विषय, लक्ष्य

भयावह : भयानक, भयङ्कर

सर्वोपरि : सबैभन्दा माथि

(इ) उच्चारण तथा शब्दार्थमा प्रयोग गरिएका शब्दलाई वाक्यमा प्रयोग गरी वाक्यपत्ती प्रदर्शन गरेर छलफल चलाउनुहोस् । थप शब्द दिई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् र वाक्यलाई सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।

(ई) शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस्, जस्तै :

| शब्द | पाठगत सन्दर्भ | वाक्यमा प्रयोग |
|---|---|---|
| शल्यक्रिया | शल्यक्रिया गर्ने पद्धति पुरानै थियो । | डाक्टरले उसको मुटुको |

| | | |
|---|---|---|
| | | शल्यक्रिया गरे । |
| वृत्तचित्र | उत्तर कोरियामा उनले गरेको काम नेसनल जियोग्राफिकले एउटा वृत्तचित्रको रूपमा प्रसारण गरेको थियो । | हेर्नें कथा नामक वृत्तचित्रमा गाउँको वास्तविकता देखाइएको छ । |

(उ) कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : प्रविधि, सङ्कीर्णता, आमन्त्रण, संसाधन, आविष्कार आदि । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

(आ) पाठको छैटौँ अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी ती प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् । जस्तै :

(क) रुइतले वीर अस्पतालमा कति वर्ष काम गरे ?

(ख) उनको ध्यान आँखा रोगीतिर जानुको कारण के थियो ?

(ग) उनले बालबालिकाको आँखाको ज्योति फर्किएपछि के अनुभव गरे ?

(घ) उनको जीवनमा नयाँ मोड कसरी सिर्जना भयो ?

(ई) अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(उ) विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

प्रत्येक, आविष्कार, इन्ट्राओकुलर, प्रशंसनीय

(ख) अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

उपस्थिति, टेलिभिजन, इन्स्टिच्युट, अपरेसन

(ग) प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(अ) रुइतको सपना साकार पार्न ककसले साथ दिए ?

(आ) तिलगङ्गा आँखा केन्द्रको स्थापना कहिले भयो ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण<br><br>(अनुच्छेद ११-१५) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | • अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• मौलिक र आगन्तुक शब्दसूची<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| मौलिक र आगन्तुक शब्द पहिचान र प्रयोग | पाठबाट मौलिक र आगन्तुक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | निर्दिष्ट अनुच्छेदमा आधारित भई बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर दिनुहोस् ।

(आ) अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

(अ) विद्यार्थीलाई पालैपालो निर्दिष्ट पाठका एघारौँदेखि पन्ध्रौँ अनुच्छेदसम्म क्रमैसँग गति र यति मिलाई सस्वर पठन गर्न लगाउनुहोस् । सस्वर पठन गर्दा विद्यार्थीले ठिकसँग पढे नपढेको विचार गरी पृष्ठपोषणसहित हौसला प्रदान गर्नुहोस् ।

(आ) अरू विद्यार्थीलाई सस्वर पठनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी उच्चारणमा अप्ठ्यारो लागेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

(इ) सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वर पठन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दहरूलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : दृष्टिशक्ति, कर्मथलो, सङ्कीर्ण, कम्प्युटर, नि:स्वार्थ आदि ।

(ई) शैक्षणिक पाटीमा टिपिएका शब्दहरूलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दहरूलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

| | | | |
|---|---|---|---|
| दृष्टिशक्ति | /दृस्.टि.सक्.ति/ | कर्मथलो /कर्.म.थ.लो/ | स्वदेशी /स्व.दे.सि/ |
| सङ्कीर्ण | /सङ्.किर्.न/ | दृष्टान्त /दृस्.टान्.त/ | समर्पित /स.मर्.पित्/ |

(उ) यो अभ्यास केही पटक दोहोऱ्याउनुहोस्, विद्यार्थीले शुद्ध उच्चारण नगरेसम्म शुद्ध उच्चारणको अभ्यास गराइरहनुहोस् । विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गरी उच्चारण तथा सस्वर पठन प्रतियोगिता गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

(अ) विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

(आ) शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : दृष्टान्त, अनुसन्धान, विभूषित, सुगम आदि ।

(इ) शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

(ई) शब्दभण्डार खण्डअन्तर्गतको क्रियाकलाप १ को शब्दार्थ अभ्यास गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

| **शब्द** | **अर्थ** |
|---|---|
| विख्यात | शिर |
| शोकाकुल | कठिन |
| मातहत | सहज उपलब्ध |
| मोतीबिन्दु | अधीन |
| सर्वसुलभ | विशिष्टता |
| माथा | शोकको पीडाले छटपटाएको |
| | आँखाको नानिमा जालो पर्ने एक रोग |
| | प्रसिद्ध |

(उ) अर्थयुक्त वाक्य निर्माणसम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

| शब्द | पाठगत प्रयोग | वाक्यमा प्रयोग |
|---|---|---|
| मधुमेह | मधुमेह र चोटपटकका कारण आँखाको दृष्टिशक्ति हराउँछ र मानिसमा दृष्टिविहीनता देखापर्छ । | मेरा काका मधुमेह र उच्च रक्तचापको रोगी हुनुहुन्छ । |
| मूल्याङ्कन | नेपाल सरकारले पनि उनको योगदानको उच्च मूल्याङ्कन गर्दै वि.सं. २०६९ मा उज्ज्वल कीर्तिमय राष्ट्रदीप पदकले विभूषित गरेको छ । | विद्यार्थीको सिकाइको मूल्याङ्कन प्रत्येक दिन कक्षाकोठामा गरिन्छ । |

(ऊ) शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : आलोचना, चस्मादोष, शिविर, पलायन, प्रविधि आदि । तीमध्ये कुनै तीनओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ऋ) विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग

(अ) शिक्षकले मौलिक र आगन्तुक शब्दको चार्ट वा स्लाइट प्रदर्शन गरी समूहमा छलफल गराउनुहोस् । जस्तै :

| मौलिक शब्द | आगन्तुक शब्द |
|---|---|
| भूपरिवेष्टित | रुइतेक्टोमी |
| अन्तरिक्ष | क्याम्प |
| आविष्कार | मोबाइल |
| विभूषित | रोमन |

(आ) शब्दभण्डार खण्डको क्रियाकलाप ३ मा दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी मौलिक र आगन्तुक शब्द पहिचान गर्न लगाउनुहोस् ।

(इ) समूह नेतालाई पहिचान गरिएका मौलिक र आगन्तुक शब्द प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अरू समूहलाई मिले नमिलेको यकिन गर्न लगाई शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) क्रियाकलाप ३ को अनुच्छेदबाट पहिचान गरिएका मौलिक र आगन्तुक शब्दलाई वाक्यमा प्रयोग गर्न आवश्यक समय दिनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

(अ) विद्यार्थी सङ्ख्याका आधार समूह निर्धारण गर्नुहोस् । पाठको अन्तिम अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

(आ) मौन पठनका आधारमा छुटेका शब्द भरी वाक्य पुनर्लेखन गर्न लगाउनुहोस् ।

(क) कतिपय सङ्कीर्ण सोचाइ बोकर ........... पलायन भएका छन् ।

(ख) सदा जीवन र ........... विचार हुनुपर्छ ।

(ग) रुइत नि:स्वार्थ रूपले मानव सेवामा .......... छन् ।

(घ) सङ्घर्षले ......... जीवनमा सफल हुन सक्छ ।

(इ) समूह कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) अन्य अनुच्छेदबाट शिक्षकले ठिक बेठिक छुट्याउने वा बहुवैकल्पिक प्रश्न तयार गरी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ३. मूल्याङ्कन

(क) शब्दार्थ जोडा मिलाउन लगाउनुहोस् :

| | |
|---|---|
| सुगम | पराजय |
| सर्वोपरि | सहज |
| पलायन | सबैभन्दा बढी |
| विकट | सम्बन्धित |
| | आफ्नो ठाउँ वा विचार छाड्ने काम |
| | दुर्गम |

(ख) अनुच्छेदबाट दुई/दुईओटा मौलिक र आगन्तुक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

सन्दुक रुइतले वि.सं. २०६३ मा विश्व प्रसिद्ध रोमन म्यागासेसे पुरस्कार पाएका थिए । अहिले उनको नेतृत्वमा तिलगङ्गा आँखा केन्द्रले बनाएका करोडौँ करोड आँखाका लेन्स विदेशमा निर्यात भइरहेका छन् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## चौथो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| संरचनासम्बद्ध प्रश्नोत्तर | निर्दिष्ट संरचनासम्बद्ध प्रश्नको अति सङ्क्षिप्त उत्तर दिन | • अनुच्छेदपत्ती<br>• बुँदाका चार्ट वा स्लाइड |

| | | |
|---|---|---|
| घटनाक्रम पहिचान र मिलान | घटनाक्रम पहिचान गरी मिलान गर्न | ● प्रश्नोत्तरको नमुना<br>● व्याख्याको नमुना |
| व्याख्या लेखन | निर्दिष्ट गद्यांश व्याख्या गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**संरचनासम्बद्ध प्रश्नोत्तर**

(अ) जीवनीको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । जस्तै : शीर्षक, सामान्य परिचय, योगदान, सम्मान तथा पुरस्कार, मूल्याङ्कन आदि ।

(आ) विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । समूहमा बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ३ संरचना बोधसम्बद्ध प्रश्नोत्तर छलफल गराउनुहोस् । जस्तै :

(क) 'सन्दुक रुइत' जीवनी कति अनुच्छेदमा संरचित छ ?

उत्तर : 'सन्दुक रुइत' जीवनी पन्ध्र अनुच्छेदमा संरचित छ ।

(ख) इन्ट्राओकुलर लेन्सको प्रसङ्ग कुन अनुच्छेदमा छ ?

(ग) रुइतेक्टोमीको विकासबारे कुन अनुच्छेदमा वर्णन गरिएको छ ?

(घ) जीवनीको अन्त्य कुन विषयवस्तुबाट भएको छ ?

(ई) समूह कार्यपश्चात् टोली नेतालाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**घटनाक्रम पहिचान र मिलान**

(अ) राष्ट्रिय क्षेत्रका विशिष्ट व्यक्तिको जीवनका मुख्य घटनाको सूची उदाहरणका रूपमा प्रस्तुत गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

(आ) सन्दुक रुइतकाका जीवनमा घटेका मुख्य मुख्य घटनाहरू आउने गरी प्रश्न बनाएर विद्यार्थीलाई सोध्नुहोस् ।

जस्तै : -		(क) सन्दुक रुइतको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) सन्दुक रुइत किन दार्जिलिङ गए ?

(ग) सन्दुक रुइतले एमबिबिएस र एमडी कुन कुन कलेजबाट गरे ?

(घ) तिलगङ्गा आँखा केन्द्रको स्थापना कहिले गरियो ?

(इ) विद्यार्थीले दिइएका उत्तरहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका मुख्य घटनाहरू विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ५ मा दिइएका घटनालाई क्रम मिलाएर लेख्न लगाउनुहोस् ।

(उ) विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा घटनाक्रम मिलान गरेर देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । जस्तै :

(क) ओलाङचुङ्गोलाबाट १५ दिन लगाएर दार्जिलिङ पुग्नु

(ख) काठमाडौँ आएर विद्यालय भर्ना हुनु

(ग) प्रवेशिका परीक्षा उत्तीर्ण हुनु

(घ) एमबिबिएस पढ्न भारतको लखनउ जानु

(ङ) अल इन्डिया इन्सिच्युट अफ मेडिकल साइन्स कलेजबाट एमडी गर्न छात्रवृत्ति पाउनु

(च) रोमन म्यागासेसे पुरस्कार पाउनु

## व्याख्या लेखन

(अ) व्याख्या लेखनका बारेमा सामूहिक छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । सामूहिक छलफलपश्चात् वैयक्तिक रूपमा व्याख्या लेखनको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ६ मा दिइएका व्याख्या लेखनसम्बद्ध प्रश्न तथा अन्य सम्भावित प्रश्नका बारेमा छलफल गराउनुहोस् । जस्तै :

(क) धैर्य , साहस, दृढ इच्छाशक्ति र सङ्घर्षले नै मानिस जीवनमा सफल हुन सक्छ ।

(ख) प्रत्येक जातिको आफ्नो जातीय, भाषिक र धार्मिक पहिचान हुन्छ ।

(ग) सादा जीवन र उच्च विचारमा विश्वास राख्ने रुइत निःस्वार्थ रूपले मानव सेवामा समर्पित छन् ।

(इ) समूहमा निर्दिष्ट प्रश्नमा केन्द्रित भएर व्याख्याका सम्भावित बुँदा तयार पार्न लगाउनुहोस् । तयार पारिएका बुँदा प्रस्तुतिको अवसर प्रदान गरी आवश्यक सहजीकरण गनर्सहोस् ।

(ई) व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) सन्दुक रुइतका जीवनका कुनै पाँचओटा मुख्य घटना भन्न लगाउनुहोस् ।

(ख) व्याख्या गर्न लगाउनुहोस् :

(अ) धैर्य , साहस, दृढ इच्छाशक्ति र सङ्घर्षले नै मानिस जीवनमा सफल हुन सक्छ ।

(आ) नेपालको एउटा दुर्गम गाउँमा जन्मिएका रुइत अहिले विश्वभर चर्चाको शिखरमा छन् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## पाँचौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • सङ्क्षिप्त उत्तरको नमुना<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना |
| समीक्षात्मक उत्तर लेखन | विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) कुनै रमाइलो घटना वा चुट्किला प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सङ्क्षिप्त उत्तर लेखन**

(अ) सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गरी शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(आ) शिक्षकले सङ्क्षिप्त उत्तरात्मक प्रश्न र उत्तरको नमुना स्लाइड वा चार्टपेपरमा प्रस्तुत गरी छलफल गराउनुहोस् । जस्तै :

**प्रश्न : रुइतको बाल्यकाल कसरी बित्यो ?**

**उत्तर :** सन्दुक रुइतको जन्म ताप्लेजुङ जिल्लाको दुर्गम ठाउँ ओलाङचुङगोलामा भएको थियो । उनको घर तमोर नदीको सिरानको अलि तल खोचमा थियो । त्यही होचो ठाउँमा डाँडापाखाभरि रातै फुलेका फूल र वरिपरिका सेताम्मे हिमाल हेरेर बाल्यकाल अगाडि बढ्यो । उनी पढ्नका लागि दार्जिलिङ गएपछि भने उनको जीवन सङ्घर्षशील बन्यो । प्रारम्भमा उनको बाल्यकाल निकै आनन्दको थियो भने पढाइ सुरु भएपछि सङ्घर्षपूर्ण बन्यो ।

(इ) विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ७ मा दिइएको सङक्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गराई एउटा समूहले कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

(ई) विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

(उ) समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीबिच कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## समीक्षात्मक उत्तर लेखन

(अ) विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् ।

(आ) विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । साथी साथी मिलेर पाठ पढी सन्दुक रुइतले आधुनिक चिकित्साका क्षेत्रमा दिएका योगदानसम्बद्ध प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(इ) विद्यार्थीले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

(ई) बुँदाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय उपलब्ध गराउनुहोस् ।

(उ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीले तयार पारेका उत्तर कक्षा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

## ३. मूल्याङ्कन

(क) सङ्क्षिप्त उत्तर लेख्न लगाउनुहोस् :

(अ) सन्दुक रुइतले डाक्टर बन्ने अठोट कसरी पूरा गरे ?

(आ) सन्दुक रुइतको जीवनीबाट पाइने प्रेरणा के हो ?

(ख) समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् :

(अ) सन्दुक रुइत कसरी विश्वका चर्चित र सफल डाक्टर बने ?

(आ) सन्दुक रुइतले आँखाको उपचारमा पुऱ्याएका योगदानलाई चर्चा गर्नुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## छैटौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बुँदा टिपोट र सारांश लेखन | बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• पाठक प्रतिक्रियाको नमुना चार्ट वा स्लाइड |
| सार लेखन | पाठको सार लेख्न | |
| पाठक प्रतिक्रिया लेखन | निर्दिष्ट भनाइप्रति सहमति वा असहमति प्रकट गर्दै पाठक प्रतिक्रिया दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) सन्दुक रुइतले स्वास्थ्य क्याम्प चलाउँदा खिचेका दृश्य सामग्री युट्युबबाट डाउनलोड गरी सम्भव भएसम्म प्रोजेक्टर वा मोवाइलबाट प्रस्तुत गरेर बालबालिकालाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे छलफल गराई सार भन्न लगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### बुँदा टिपोट र सारांश लेखन

(अ) बुँदा टिपोटका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । विद्यार्थीलाई बुँदा टिपोटको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

(आ) बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्षका बारेमा समूह छलफल गराई समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले निर्दिष्ट पाठभित्रका कुनै अनुच्छेद प्रदर्शन गरी बुँदा टिपोट गर्न लगाउनुहोस् । बुँदा टिपोटका क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) टिपिएका बुँदा विद्यार्थीलाई प्रस्तुत गर्न लगाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(उ) सारांश लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । सारांश लेखन गर्दा ध्यान दिनुपर्ने पक्षका बारेमा समूह छलफल गराई समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ऊ) आफूले शैक्षणिक सामग्रीका रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत वाचन गर्न लगाउनुहोस् । सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

(ऋ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ९ को निर्देशानुसार अनुच्छेदलाई मौन पठन गरी चारओटा बुँदा टिपोट गर्न आवश्यक समय दिनुहोस् ।

(ए) विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि र शीर्षकीकरणसहित एक तृतीयांशमा सारांश लेख्न लगाउनुहोस् ।

(ऐ) निर्धारित समय सकिएपछि कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित गरिदिनुहोस् ।

## सार लेखन

(अ) शिक्षकले सन्दुक रुइत जीवनीपरक पाठको मुख्य मुख्य विषयवस्तुका बारेमा समूहमा छलफल गराउनुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १० को प्रश्न 'सन्दुक रुइत जीवनीको सार पक्ष'बारे मुख्य विषयवस्तु रेखाङ्कन गर्न र रेखाङ्कित विषयवस्तु आदि, मध्य, अन्त्यको शृङ्खलामा टिपोट गर्न लगाउनुहोस् ।

(इ) टिपोट गरिएका विषयवस्तु टोली नेतामार्फत प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । प्रस्तुत बुँदाहरूका आधारमा छलफल गर्न लगाई आवश्यकताअनुसार सबलीकरण गरिदिनुहोस् ।

(ई) छलफलबाट प्राप्त निष्कर्षलाई छोटकरीमा लेख्न दिई पाठसार तयार गर्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

## पाठक प्रतिक्रिया लेखन

(अ) सन्दुक रुइतले गरेका योगदानबारे विद्यार्थीलाई आआफ्ना विचार व्यक्ति गर्न लगाउनुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र छलफल चलाउनुहोस् ।

(आ) दिइएका प्रश्नका आधारमा विद्यार्थीका विचारलाई संगठित पार्न लगाउनुहोस् । जस्तै :

(क) सन्दुक रुइतको योगदान विश्वभरि रहेको छ । यस भनाइप्रति तपाईंको सहमति वा असहमति के रहेको छ ?

(ख) सन्दुक रुइतले आफ्नो जन्मभूमिको उचाइ बढाउन गरेको योगदान तपाईंलाई कस्तो लाग्यो ?

(इ) पाठक प्रतिक्रिया तथा तार्किक उत्तर लेखन ढाँचा र संरचनाबारे समूहमा छलफल गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ई) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ११ को प्रश्नको तार्किक तथा प्रतिक्रियामूलक उत्तर लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

(उ) विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

(क) पाठको पाँचौँ अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् ।

(ख) तपाईं सन्दुक रुइत हुनु भएको भए आफ्नै जन्मभूमिमा बसेर सेवा गर्नुहुन्थ्यो ? तर्कसहित आफ्ना विचार लेख्न लगाउनुहोस् ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## सातौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | • श्रव्य सामग्री वा दृश्य सामग्री<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| भाषिक प्रकार्य | अनुकरणमा आधारित भाषिक सञ्चार गर्न | |
| श्रुतिबोध (सुनाइ पाठ १७) | सुनाइ पाठ १७ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

(अ) शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## बोध प्रश्नोत्तर

(अ) बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १२ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

(इ) विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

(ई) उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

(उ) भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । जस्तै :

(अ) 'यसले रोजगारीका अरू अवसर सिर्जना गर्छ ।' यस वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् ।

उत्तर : रोजगारीका अरू अवसर सिर्जना गरिन्छ ।

(आ) अनुच्छेदबाट एउटा कर्तृवाच्य पहिचान गरी त्यसलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् ।

(इ) 'यो प्रविधि हो, ज्ञान को भण्डार हो रकुनै पनिराष्ट्र, जाति र भाषा को गौरव पनि हो ।' यस वाक्यलाई पदयोग र पदवियोग मिलाई लेख्नुहोस् ।

(ऊ) अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप आठौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## भाषिक प्रकार्य

(अ) विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

(आ) विद्यार्थीलाई अनुकरणसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) शिक्षकले अनुकरणसम्बन्धी विषयवस्तुमा आधारित सन्दर्भ प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

**अनुकरण**

हिजो कवि भूपि शेरचनको जन्मजयन्ती परेको थियो । उनको स्मृतिमा एउटा कार्यक्रमको आयोजना गरिएको थियो । त्यस कार्यक्रममा धेरै साहित्यकार उपस्थित भएका थिए । वक्ता सबैले भूपिलाई एक स्वाभिमानी र प्रतिभाशाली कविका रूपमा चित्रण गरे । उनको कवित्व शक्तिको मुक्तकण्ठले प्रशंसा गरे । एक जना वक्ताले त भूपि जस्ता कवि नेपाली साहित्यमा पाउन कठिन छ भन्ने विचार पनि व्यक्त गरे । उनी सरल भाषामा गहन भाव व्यक्त गर्ने प्रसिद्ध व्यङ्ग्यवादी कवि पनि हुन् भन्ने कुरा त्यहाँ सुन्न पाइयो । बिम्ब र प्रतीकको प्रयोग गरेर राम्रा राम्रा गद्य कविता रच्ने भूपि एक बेजोड प्रतिभा हुन् भन्ने धारणा पनि साहित्यकारले प्रकट गरे । त्यस कार्यक्रममा प्रकृतिप्रेमी, देशप्रेमी, मानवतावादी र प्रखर

> व्यङ्ग्यचेत भएका कविका रूपमा भूपिको सबैले उच्च प्रशंसा गरे । उनको योगदान अनुकरण गर्न योग्य लाग्यो ।

(ई) प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

(उ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(ऋ) विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका अनुकरण गर्न सिकाउने विषयवस्तु वा सन्दर्भमा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध (सुनाइ पाठ १७)

(अ) विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

(आ) विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

(इ) शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

(ई) सुनाइ पाठ १७ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् ।

(उ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर मौखिक बोध प्रश्न र उत्तर छलफल गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

(ऊ) सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । विद्यार्थीलाई पालैपालो मनाङ जिल्लालाई किन हिमालपारिको जिल्ला भनिएको हो, सुनाइ पाठका आधारमा उत्तर भन्न उत्प्रेरित गर्नुहोस् ।

(ऋ) विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## ३. मूल्याङ्कन

**(क) दिइएको अनुच्छेदबाट दुईओटा प्रश्न निर्माण गरी उत्तरसमेत लेख्न लगाउनुहोस् :**

तारादेवी निर्भीक र साहसी महिला थिइन् । उनले सङ्गीतको साधना गर्न छाडिनन् । २०५६ साल फागुन १३ गते उनले सांस्कृतिक कार्यक्रममा गीत गाइन् । त्यसपछि उनको चर्चा र साधनाले निरन्तरता पायो । तारादेवीलाई २०५० सालमा जगदम्बाश्री पुरस्कार प्रदान गरियो ।

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| भाषिक संरचना<br>• वाच्य परिवर्तन | कर्तृवाच्यबाट कर्म वा भाव वाच्यमा परिवर्तन गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• वाच्यपत्ती<br>• अनुच्छेदपत्ती |
| | कर्म वा भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्न | |
| वर्णविन्यास<br>• भाषिक सम्पादन | वर्णविन्यास मिलाई भाषिक सम्पादन गर्न | |
| जीवनी सङ्कलन (परियोजना कार्य) | साङ्गीतिक क्षेत्रमा योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

(अ) विद्यार्थीलाई आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

(आ) अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**वाच्य परिवर्तन**

(अ) वाच्यबारे अगिल्लो कक्षामा छलफल गरेका विषयवस्तु स्मरण गर्न लगाई जिज्ञासा जगाउनुहोस् । विद्यार्थीलाई कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् र पूर्वज्ञान लिनुहोस् ।

(आ) शिक्षकले दुई जना वक्ताले भनेका सन्दर्भ स्लाइड वा चार्टमा प्रस्तुत गरी दुई साथीको दुई तरिकाको भनाइबिचको फरकका बारेमा छलफल चलाउनुहोस् ।

> एउटा साथीले भन्यो, "म त हिजो बिहानै उठेँ । नास्ता खाएँ । केहीबेर पत्रिका हेरेँ । विद्यालय गएँ । पाँच घण्टी पढाएँ । चार बजेपछि घर फर्कें ।"
>
> अर्को साथीले त्यही कुरालाई यसरी भन्यो, "आफू त हिजो बिहानै उठियो । नास्ता खाइयो । केहीबेर पत्रिका हेरियो । विद्यालय गइयो । पाँच घण्टी पढाइयो । चार बजेपछि घर फर्किइयो ।"

(इ) वाच्य पहिचान र वाक्यान्तरणबारे छलफल चलाउनुहोस् र वाच्यसम्बन्धी धारणा थप स्पष्ट बनाउनुहोस् ।

(ई) विद्यार्थीलाई उपयुक्त समूहमा विभाजन गरी भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप १ र २ को निर्देशानुसार वाच्य परिवर्तन गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्यपश्चात् प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्तमा विद्यार्थीले आजको कक्षामा प्रदर्शन गरेका सबल पक्षको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औंल्याई कक्षा कार्य सम्पन्न गर्नुहोस् ।

(उ) भाषिक संरचना र वर्णविन्यास खण्डअन्तर्गत क्रियाकलाप ३ को अनुच्छेद प्रस्तुत गरी सोधिएका प्रश्नको उत्तर लेख्न लगाउनुहोस् र प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

(ऊ) अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## भाषिक सम्पादन (वर्णविन्यास)

(अ) सर्वप्रथम भाषिक सम्पादन गर्दा सुधार गर्नुपर्ने पक्ष र क्षेत्रका बारेमा छलफल चलाई विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

(आ) वर्णविन्यास र लेख्य चिह्नका बारेमा छलफल गराई भाषिक सम्पादनसम्बन्धी अभ्यास समूहमा गराउनुहोस् । यसका लागि दिइएका प्रश्नलाई उपयोग गर्नुहोस् । जस्तै :

(क) बिश्वको मानचित्र पल्टायर हेर्नेहो भने नेपाल भौगोलिक हिसावले अत्यन्तै सानो देखिन्छ

(ख) प्रत्एक जातीको आफ्नो जातिय, भासिक र धार्मिक पहिचान हून्छ ?

(ग) सादा जिवन र उच्च बिचारमा विश्बास राख्ने रूइत नि:स्वार्थ रूपले मानवसेवामा समर्पितछन् ।

(इ) विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । लेखन कार्यपश्चात् प्रस्तुतीकरणको अवसर दिनुहोस् । अन्य समूहलाई सहजीकरण गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

(ई) भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ४ मा दिइएको निर्देशानुसार शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

(उ) एउटा समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अर्को समूहलाई मिले नमिलेको ख्याल गरी सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## जीवनी सङ्कलन (परियोजना कार्य)

(अ) कसैको जीवनी सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

(आ) सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

(इ) विद्यार्थीलाई सामाजिक सञ्जालबाट साङ्गीतिक क्षेत्रमा योगदान दिने व्यक्तिको जीवनीसम्बद्ध विषयवस्तु खोजी लेखेर ल्याउन लगाउनुहोस् । विद्यार्थीलाई पछिल्लो कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने पूर्व जानकारीसमेत दिनुहोस् ।

## ३. मूल्याङ्कन

(क) कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर्न लगाउनुहोस् :

(अ) एलिनाले उपन्यास लेखिन् । (कर्मवाच्य)

(आ) अशोक विज्ञान पढ्दै छन् । (कर्मवाच्य)

(इ) इमानले किस्सा सुनाएर हामीलाई हँसाए । (भाववाच्य)

(ई) निर्मला राम्ररी नाचिन् । (भाववाच्य)

(उ) अबदुलद्वारा धेरै पढियो । (कर्तृवाच्य)

(ऊ) सङ्गीताद्वारा गीत गाइयो । (कर्तृवाच्य)

(ख) दिइएको अनुच्छेदलाई शुद्ध पारी पुनर्लेखन गर्न लगाउनुहोस् :

अत्यन्त नीर्बिकार शहज मन लियर बाबूसाहेब मन्त्रीज्युको जलपान समा रोह स्थलमा पुग्नेबित्तीकै साराका आँखा उनको कोटमा टाँस्सिए । बिष्फारीत नेत्रले सबै उनीलाई हेरी रहे । अनि पछि एउटा दबेको मुस्क्याइ सबैको ओठमा पक्रे पनि कोहि बोलेनन् ?

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| जीवनी सङ्कलन र प्रस्तुति (परियोजना कार्य) | साङ्गीतिक क्षेत्रमा योगदान दिने व्यक्तिको जीवनी सङ्कलन गरी प्रस्तुति दिन | • जीवनीका बुँदा चार्ट वा स्लाइड<br>• जीवनीको नमुना चार्ट |
| अनुकरणात्मक जीवनी लेखन (सिर्जनात्मक कार्य) | दिइएका बुँदाका आधारमा तथा विशिष्ट व्यक्तिको जीवनका मुख्य मुख्य घटना सङ्कलन गरी अनुकरणात्मक जीवनी लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

(अ) विद्यार्थीलाई आआफ्ना सिर्जनात्मक प्रतिभा प्रस्तुत गर्ने अवसर दिई सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(आ) अगिल्लो दिनका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुमा छलफल गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**जीवनी सङ्कलन र प्रस्तुति (परियोजना कार्य)**

(अ) परियोजना कार्यका बारेमा छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीले तयार पारी ल्याएका सामाजिक सञ्जालबाट साङ्गीतिक क्षेत्रमा योगदान दिने व्यक्तिको जीवनीसम्बद्ध विषयवस्तु पालैपालो प्रस्तुतीकरण गर्ने अवसर दिनुहोस् ।

(आ) प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**अनुकरणात्मक जीवनी लेखन (सिर्जनात्मक कार्य)**

(अ) जीवनीको संरचना र आदि, मध्य र अन्त्य भागबारे छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

(आ) जीवनी लेख्दा ध्यान दिनुपर्ने विषयवस्तुका बारेमा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष समूह नेतालाई प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

(इ) सिर्जना र परियोजना खण्डको अभ्यास १ मा दिइएको निर्देशन र बुँदाका आधारमा निर्देशित जीवनी लेखनको अभ्यास गराउनुहोस् ।

(ई) लेखन कार्यपश्चात् प्रस्तुतिको अवसर दिनुहोस् । यस क्रममा विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

**३. मूल्याङ्कन**

**(क) दिइएका बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | तारादेवी श्रेष्ठ |
| जन्म | : | वि.सं. २००२ साल माघ २ गते मङ्गलबार |
| जन्मस्थान | : | इन्द्रचोक, काठमाडौँ |
| पितामाता | : | कृष्णबहादुर कार्की/राधादेवी |
| न्वारको नाम | : | डोलकुमारी |
| शिक्षा | : | इलाहावादबाट सङ्गीत विशारद |
| व्यक्तित्व | : | निर्भीक र साहसी महिला |
| | : | लोकप्रिय गायिका |
| | : | 'तिम्रो एक नजरको सिकार हुँ' गीतबाट साङ्गीतिक यात्रा प्रारम्भ |
| | : | २०५६ साल फागुन १३ गते उनले सांस्कृतिक कार्यक्रममा गीत गाएकी |
| | : | रेडियो नेपालमा गायिकाको रूपमा कार्य गरेकी |
| पुरस्कार | : | जगदम्बाश्री पुरस्कार, इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार, छिन्नलता पुरस्कार, मैना पुरस्कार र नइ सुर सम्मान, सुप्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु प्रथम |
| मृत्यु | : | वि.सं. २०६२ माघ ८ गते काठमाडौँ |

आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकताअनुसार थप सहजीकरण र मूल्याङ्कनमा पृष्ठपोषणसहित कक्षा समापन गर्नुहोस् ।

# परिशिष्ट

## सुनाइ पाठ १

### नेपाल सर्वोपरि

रातो बन्छ चुली बिहान रविको झुल्का परी झलमल
भाले बास्छ बिहान डाक्छ वनमा पाक्छन् मिठा काफल
दिन्छन् अमृत गीतको लयसँगै झर्नाहरूले जल

सुन्दा कोकिल कण्ठको मधुरता बढ्दो छ ऊर्जा बल ।

हात्ती बाघ बँदेल आदि वनका उम्दा कलाकार छन्
भाषा, जाति अनेक गुम्फित भई अहा ! माला अलङ्कार छन्
पाखा भीर र फाँट रम्य सब छन् ऐश्वर्यका खेत छन्
हामी एक हुने अनेक थरिका सद्भावका चेत छन् ।

शान्ति सापकोटा

## सुनाइ पाठ २

### मेलमिलापको फल

एक दिन सुनैसुनले बनेको चरो उड्दै आएछ र हत्केलामा बसेछ । सुनको चरो देखेर हत्केलालाई लोभ लागेछ । उसले तुरुन्त पाँचै भाइ औँलालाई मुठी कसेर बस्न र चरालाई थिच्न आदेश दिएछ । पाँचओटै औँलाले चरो थिचेछन् । चरो निकै बलियो रहेछ । उनीहरूलाई थिचिरहन निकै गाह्रो भएछ । बुढी औँलाले म बुढो भएँ थिच्न सक्दिन भनेछ । हत्केलाले होइन होइन तँ बुढो भएको छैनस् थिचिराख् भनेछ । चोर औँलाले मलाई चोर भनेको होइन, चोरले यो काम किन गर्नु भनेछ । हत्केलाले होइन बाबु तँ चोर होइनस् । चरो उड्ला, थिचिराख् भनेछ । माहिली औँलाले मलाई किन अग्ले र नराम्रो भनेको त, थिच्दिनँ भनेर निहुँ खोजेछ । हत्केलाले हत्त न पत्त भनेछ, होइन तँ नराम्रो छैनस् । अग्लो हुनु पनि कहिलेकाहीँ फाइदै हुन्छ, राम्ररी थिच् । त्यसपछि साहिँली औँलाले म नामै नभएको छोराको के काम ? चरो उडेर गए जाओस् । म त थिच्दिनँ भनेर निहुँ खोजेछ । उसलाई पनि फकाउँदै हत्केलाले भनेछ । त्यसो नभन् बाबु चरो उड्यो भने त बरबाद भइहाल्छ नि । अबदेखि तलाई नाम नभएको कहिल्यै भन्दिनँ । तँ राम्रो नाम भएको छोरो होस् । अन्तिममा कान्छी औँलाले भनेछ, म त झन् सानो र दुब्लो, कुनै हैसियत नभएको मैले चरो कसरी थिच्नु ? म त फुत्किएर छुट्टै बस्छु । कान्छी औँलाको कुरा सुनेर हत्केलाले आत्तिँदै भनेछ । त्यसो नभन् कान्छा, तँ छुट्टिस् भने त चरो छेउबाट उडेर भागिहाल्छ नि । फेरि यस्तो चरो कहाँ पाइन्छ र ? हत्केलाको अनुरोधपछि पाँचओटै औँलाले सुनको चरो मुठीभित्र पक्रेर राखेको राख्यै गरेछन् । उनीहरूको बल र सहयोगबाट हत्केलाले धेरै पैसामा चरो बेचेछ । त्यो दिनदेखि हत्केलो र औँला नजिक नजिक बस्न थालेछन् र सबैलाई मिलेर बस्दाको फाइदा बताएछन् ।

## सुनाइ पाठ ३

### इमानसिंह चेमजोङ

भाषा संस्कृतिको खोज अनुसन्धान गरेर लुप्त हुनै लागेको जातीय अस्तित्वलाई पुनर्जागृत गर्न इमानपूर्वक आजीवन समर्पित हुने एक महान् व्यक्ति हुन्; इमानसिंह चेमजोङ । उनको जन्म दार्जिलिङको कालेबुङमा सन् १९०४ जनवरी १ तारिखका दिन भएको थियो । आफ्नो जाति र भाषा जब विकासको गतिमा पछि परेको देखेपछि तब उनी किराँत भाषा संस्कृतिको संरक्षण र विकास गर्नेतर्फ आकर्षित भए । उनले आफ्ना बुबाबाट किराँतीहरूको गौरवशाली अतीत रहेको; आफ्नै भाषा, लिपि र संस्कृतिमा हुर्किएको

भए पनि पछि किराँत भाषा संस्कृति लोप हुने अवस्थामा पुगेको कुरा थाहा पाए । किराँत लिम्बू भाषा र लिपिको पुनर्जागरण गरे ।

चेमजोङ आफ्नो भाषा र संस्कृति संरक्षण र संवर्धन गर्नुपर्ने ठहर गरी उनले कलकत्तामा स्नातक तहको अध्ययन गर्दागर्दै आफ्नो अध्ययनलाई बिचैमा छाडे । भाषा संस्कृतिकै अध्ययनका लागि उनी सन् १९५३ मा लिम्बूहरूको बसोबास भएका क्षेत्रमा प्रवेश गरे । चेमजोङ ती क्षेत्रमा खोज अनुसन्धानमा समर्पित रहे । रहँदाबस्दा उनी उक्त भाषा संस्कृतिप्रति जनचेतना जगाउने काममा संलग्न भए । इमानसिंह चेमजोङ किराँत भाषा र संस्कृतिसम्बन्धी थुप्रै पुरातात्विक सामग्रीको सङ्कलन गरेर काठमाडौँ आए र त्यस्ता सामग्री धमाधाम प्रकाशन गर्न थाले । उनका प्रकाशित कृतिहरूमा 'किराँत मुन्धुम', किराँत दर्शनको सारांश', 'किराँत साहित्यको इतिहास', किराँत दन्त्यकथा' लगायत

दर्जनौँ पुस्तक र थुप्रै लेख रहेका छन् । उनले किराँत भाषाका पाठ्यपुस्तक साथै साहित्यिक कृतिहरू पनि रचना गरेका थिए । उनको नामबाट हुलाक टिकटसमेत प्रकाशन भएको छ । भाषा संस्कृतिका क्षेत्रमा छ दशकको अटुट योगदान दिएपछि सन् १९७५ मा उनी यस संसारबाट विदा भए । उनी यस धर्तीमा नरहे पनि उनका योगदानले उनी आज पनि अमर बनेका छन् ।

## सुनाइ पाठ ४

### प्रमिथस र मान्छे

त्यस वेला पृथ्वीमा सर्वत्र अन्धकार मात्र थियो । उज्यालो कतै थिएन । विचरा मान्छे त्यस समयमा जन्मन, अन्धकारमै सङ्घर्ष गरी बाँच्न अनि अन्धकारमै मर्न अभिशप्त थिए । मानिसको त्यो दयनीय अवस्थादेखि प्रमिथसलाई दुःखको अनुभूति भयो । एक दिन उनले स्वर्गबाट आगो चोरी पृथ्वीमा ल्याए अनि मान्छेलाई दिए ।

आगो चोरी पृथ्वीमा लगेको अभियोगमा स्वर्गका राजा जिउसले प्रमिथसलाई अजम्मरी पीडाको सजाय दिए । यता पृथ्वीमा आगो आइपुगेपछि मानिसले सभ्यताको विकास गरे, इतिहासको रचना गरे । उज्यालाको ज्ञान विज्ञानको विकास गरी मान्छे देवताभन्दा शक्तिशाली भए । एक दिन शक्तिको मदमा उनीहरूले एकअर्काको संहार गरे ।

पृथ्वीमा फेरि अन्धकार छायो । अन्धकारमा केही मान्छे मात्र बाँच्न सफल भए ।

अजम्मरी पीडा भोगिरहेका प्रमिथसलाई मान्छेको त्यो दयनीय अवस्थादेखि टिठ लाग्यो । एक दिन उनले फेरि स्वर्गबाट आगो चोरी फेरि पृथ्वीमा लगे । आगो देखेर मान्छे ओडारतिर भागे ।

"ए ! तिमीहरू किन भागेका ? म स्वर्गबाट आएको प्रमिथस हुँ । ल, यो आगो लिएर अब सभ्यताको विकास गर ।" प्रमिथसले माया मानेर भने ।

"होइन हजुर, हामीलाई आगो चाहिँदैन, हामीलाई अन्धकारमै रुमलिन दिनुहोस् ।" मान्छेले भने ।

"किन ?" प्रमिथसले सोधे ।

"आगाले उज्यालो मात्र दिँदोरहेनछ, पोल्दो पनि रहेछ । उज्यालाले सभ्यता विकास मात्र गर्दोरहेनछ, सभ्यता विनाश पनि गर्दोरहेछ ।" मान्छेले भने अनि ओडारमा गहिरो अन्धकार हरायो ।

प्रमिथसको अजम्मरी पीडामाथि अर्को अजम्मरी पीडा थपियो ।

सरुभक्त

## सुनाइ पाठ ५

### कालिदास र सरस्वती

कालिदास भ्रमणको क्रममा एउटा गाउँमा पुगे । उनी एकदमै तिर्खाएका थिए । एउटा घरको ढोकामा पुगेर उनले पानी मागे । ढोकामा उभिएकी एक युवती र ज्ञान हासिल गरेर चर्चित भइसकेका कालिदासको बिच रोचक संवाद भयो ।

कालिदास : कृपया, पानी दिएर पुण्य कमाउनुहोस् ।

युवती : मैले तपाईंलाई चिनेकै छैन । पहिला आफ्नो परिचय दिनुहोस् । म अवश्य पानी दिने छु ।

कालिदास : म पाहुना हुँ, कृपया पानी दिनुहोस् ।

युवती : तपाईं कसरी पाहुना ? संसारमा त दुईओटा कुरा मात्र पाहुना हुन्छन् । एउटा धन र अर्को यौवन । यिनीहरू आउन र जानमा समय लाग्दैन । सत्य कुरा भन्नुहोस्, खासमा तपाईं को हुनुहुन्छ ?

(तर्क दिँदा दिँदा हैरान भएका उनी अलि हताश भइसकेका थिए)

कालिदास : म सहनशील हुँ । अब पानी दिनुहोस् ।

युवती : होइन, सहनशील दुई मात्र हुन्छन् । पहिलो पृथ्वी जसले अधर्मी र धर्मात्मा सबैलाई बोकेकी हुन्छिन् । उनको छाती चिरेर बिउ रोप्नेलाई पनि फल दिन्छिन् । अर्को सहनशील हो वृक्ष, जसले ढुङ्गाले हान्दा पनि फल दिन्छ । तपाईं सहनशील होइन । साँचो कुरा बताउनुहोस् ।

(कालिदास लगभग तनावपूर्ण अवस्थामा पुगिसकेका थिए । थप तर्क गर्न थाले)

कालिदास : म हठी हुँ ।

युवती : फेरि झुठ । हठी त नङ र कपाल हुन् । जति काट्नुहोस्, पटक पटक आउँछन् । सत्य कुरा भन्नुहोस् यहाँ को हुनुहुन्छ ?

(केही पनि बोल्न नसकेपछि कालिदास युवतीको पाउ परे र पानी माग्न थाले)

युवती : उठ्नुहोस् महानुभाव ! (आवाज सुनेर कालिदासले माथि हेर्दा त उनी साक्षात् सरस्वती रहिछन्, अनि कालिदास झन् नतमस्तक भए)

सरस्वतीले भनिन्, “शिक्षाबाट ज्ञान हासिल गर्नुपर्छ न कि अहङ्कार । तपाईंले शिक्षाको बलबाट प्राप्त गर्नुभएको मान र प्रतिष्ठालाई नै आफ्नो उपलब्धि मान्नुभयो र घमण्ड गर्नुभयो । यसकारण तपाईंको तेस्रो नेत्र खोल्न म यहाँ आएकी हुँ ।”

कालिदासले आफ्नो गल्ती महसुस गरे र टन्न पानी पिएर फर्किए ।

### सुनाइ पाठ ६

## उँभौली र उँधौली पर्व

मङ्सिर शुक्ल पूर्णिमाका दिन पितृको मान र प्रकृतिको सम्मानका रूपमा किराँत समुदायले उँधौली पर्व मनाउने गर्छन् । वैशाख शुक्ल पूर्णिमामा उँभौली पूजा गरेका किराँतले मङ्सिर शुक्ल पूर्णिमामा उँधौली पूजा गर्छन् । उँभौली खेतीपाती लाउने वेलामा मनाइने चाड हो भने उँधौली खेतीपाती स्याहार्ने वेला मनाइने चाड हो ।

उँभौलीमा खेतीपाती राम्रो होस् भनी पूजा गर्ने र उँधौलीमा खेतीपाती राम्रो गरेकामा साकेला तथा भूमेलाई धन्यवाद दिने पर्वका रूपमा मनाउने गरिएको विश्वाससमेत किराँत जातिमा छ । दुवै पर्वलाई किराँत समुदायले भव्य रूपमा मनाउँछन् । उँधौली पर्वलाई उँधौली साकेला पनि भनिन्छ । किराँत समुदायका याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उँधौली सकेला र लिम्बूले चासोक तङ्नाम पर्वका नाममा उँधौली धुमधामसँग मनाउँछन् । मङसिर शुक्ल पूर्णिमाका दिन भने संयुक्त रूपमा किराँत समुदायका सबै समुदायले उँधौली सकेला अर्थात् उँधौली पर्व मनाउँछन् । किराँतभित्रका जातजातिले यो पर्वलाई फरक फरक नाम दिए पनि समग्रमा यो पर्व

उँधौलीका नामले नै चिनिन्छ । यो किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिन हो । भूमिपूजाका लागि बिहानैदेखि किराँत महिला तथा पुरुष जातीय वेशभूषामा सजिएर च्याब्रुङ बाजाको तालमा धाननाच नाच्दै यो पर्व मनाउने स्थानमा पुग्छन् । पर्व र रीतिरिवाज एउटै भए पनि आआफ्नो भाषाअनुसार पर्वलाई पुकार्ने चलन छ ।

काठमाडौँ उपत्यकामा ललितपुरको सानो हात्तीवन किराँतकालदेखिको ऐतिहासिक धार्मिक तीर्थस्थल मानिन्छ । किराँतको ऐतिहासिक पवित्र धार्मिक स्थल सानो हात्तीवनमा किराँत वर्गको यो उँभौली चाड विशेष रूपमा मनाइन्छ । पूजापछि आआफ्नो परम्पराअनुसार चण्डीनाच, च्याब्रुङ नाच, ढोलनाचलगायत नाच नाचेर मनोरञ्जन गर्छन् । पर्व मनाउन त्यहाँ भेला भएका किराँतले आफ्नो परम्परगत सांस्कृतिक कार्यक्रम र विभिन्न खेलकुद प्रतियोगिता पनि आयोजना गर्ने परम्परा छ । खस आर्यले मनाउने धान्यपूर्णिमा, नेवार समुदायले मनाउने योमरी पुन्ही अर्थात् योमरी पूर्णिमा र किराँत समुदायले मनाउने उँधौली पर्वको भाव भने एकै छ । यो पर्व नयाँ अन्नबाली भित्र्याएपछि आआफूले मानेका देवीदेवतालाई चढाएर खाने परम्परा हो ।

## सुनाइ पाठ ७

### पश्चाताप

आफ्ना छोराले १२ कक्षा पूरा गरेकामा नरेशका आमाबुबा धेरै खुसी भए । उनीहरूले छोरालाई क्याम्पसमा पढाउने र असल मान्छे बनाउने सपना देखे । छोरालाई पढ्न सहर पठाए । एक वर्षपछि नरेश घर फर्कियो । उसको पहिरन देखेर बुढाबुढी छक्क परे । उसले कानमा मुन्द्रा लगाएको थियो । उसको कपाल लामो पालेको थियो । ती सोझासाझा आमाबुबाले सम्झे, सायद क्याम्पस पढ्दा यस्तै गर्नुपर्छ होला । नरेशले साँझ आमाबुबासँग आफू विदेश जाने कुरा गऱ्यो । पहिले त उनीहरूले मानेनन् तर नरेशको जिद्दीका अगाडि उनीहरूको केही चलेन । एक्लो छोरो गरुन् त के गरुन् बुढाबुढी । भए पनि यसकै नभए पनि यसकै भनेर भात खाने खेत बेचेर छोरालाई विदेश पठाए ।

नरेश विदेश गएको पाँच वर्ष पूरा भयो तर ऊ घर फर्किएन । बुढाबुढी छोरो घर नआएकामा दुःखी थिए । उता विदेशमा नरेश कुलतमा फसेको र राम्रोसँग काम पनि नगरेको खबर आयो । त्यस गाउँबाट विदेश जाने नरेश पहिलो युवा थियो । त्यसैले पनि सबैले नरेशले विदेशमा के गर्छ भन्ने कुरामा धेरै चासो दिने गर्थे । नरेशले भने उतै बिहे गरेको कुरा सुनियो । बुढाबुढीलाई अब नरेश स्वदेश फर्किने कुरामा विश्वास लाग्न छोड्यो । उसले आफ्नो बिहेमा त आफ्ना आमाबुबालाई सम्झेन भन्ने कुरामा उनीहरूको चित्त दुख्यो । यति हुँदाहुँदै पनि 'सास रहुन्जेल आस छोड्नुहुँदैन' भन्ने विचार लिएर उनीहरू नरेशको प्रतीक्षा गरिरहे । अब बुढाबुढी निकै अशक्त हुन थाले । उनीहरूलाई जीवन निर्वाह गर्न पनि निकै कठिन हुँदै थियो । छोरालाई विदेश पठाउँदा खेत पनि बेचेका

हुनाले उनीहरूलाई जीवन धान्न कठिन भएको थियो । अब उनीहरूलाई छोरो आउने आस मरिसकेको थियो । एक दिन बुढालाई बिसन्चो भयो । उनलाई छिमेकीले अस्पताल पुऱ्याए । जाँचको सबै नतिजा आउँदा मृगौलामा समस्या भएको पाइयो । एकातिर आर्थिक अभाव र अर्कातिर बुढेसकालको सहारा नपाउँदा बुढाबुढी छोरालाई विदेश पठाएकामा पश्चाताप भयो ।

खगेन्द्र घोडासैनी

## सुनाइ पाठ ८

### पारिस्थितिक प्रणाली

सजीव र जीव र निर्जीव दुई आधारभूत तत्त्व मिली वातावरण बनेको हुन्छ । सजीव तत्त्व भन्नाले सूक्ष्म जीवाणुदेखि ठुला ठुला जनावरका साथै बोटबिरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिलाई बुझिन्छ । निर्जीव तत्त्व भन्नाले घाम वा ऊर्जा, हावा, पानी, माटो जस्ता जीवनलाई आवश्यक पर्ने तत्त्व बुझिन्छ । सजीव र उसको वरपरको वातावरण वा निर्जीव तत्त्वबिच अदृश्य वा अप्रत्यक्ष किसिमको घनिष्ट अन्तरसम्बन्ध भइरहन्छ । यही अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ ।

वातावरणीय तत्त्वको समानुपातिक संरचनाका आधारमा पृथ्वीको वातावरणलाई जल, स्थल र वायु गरी प्रमुख तीन भागमा वर्गीकरण गरिएको छ । जलीय वातावरण त्यस्तो वातावरण हो जहाँ पानीको मात्रा बढी हुन्छ । जस्तै : ताल, पोखरी, कुवा, खोला, नदी, सागर, महासागर आदि । यस वातावरणबाट जलीय पारिस्थितिक प्रणाली पनि तयार हुन्छ । वायु वातावरण त्यस्तो वातावरण हो जसमा हावाको मात्रा बढी हुन्छ, जस्तै : वायुमण्डल । वायु वातावरणमा चराचुरुङ्गी तथा कीटपतङ्गको वातावरण पनि पर्छ । यिनै वातावरणमा वायु पारिस्थितिक प्रणालीको पनि सिर्जना हुन्छ । त्यस्तै स्थल वातावरण हामी बसेकै ठाउँको वातावरण हो । घर, गोठ, माटो, ढुङ्गा, वन, खेतबारी, घाँसे मैदान, चउर, मरुभूमि र ठुला ठुला बस्ती नै स्थल वातावरणसँग सम्बन्धित छन् । यिनै वातावरणभित्र विभिन्न स्थलीय पारिस्थितिक प्रणाली स्वतन्त्र रूपमा सञ्चालित भएको पाइन्छ । स्थलीय पारिस्थितिक प्रणाली वन, मरुभूमि तथा घाँसेमैदान जस्ता तीनओटा स्थलीय प्रणालीमा वर्गीकृत हुन्छ । मानिसले प्राकृतिक स्रोतको प्रयोग गरी कृषि वा बाली प्रणालीलगायत ताल वा पोखरी बनाएर माछा पाल्ने जस्ता कृत्रिम पारिस्थितिक प्रणालीको विकास गरेको छ ।

## सुनाइ पाठ ९

### इन्टरनेट बजार

इन्टरनेट बजार भनेको विद्युतीय उपकरणबाट गरिने व्यवसाय हो । यसमा इन्टरनेटलाई मुख्य आधार मानिन्छ । यसमा विद्युतीय उपकरण, प्रविधि र सञ्जालका माध्यमद्वारा बजार व्यवस्थापन गरिन्छ । यो व्यवसाय सञ्चालन र विस्तारको भरपर्दो माध्यम हो । इन्टरनेटले कम्प्युटरमार्फत विश्वव्यापी सञ्जाल वा नेटवर्क स्थापना गर्छ । यही इन्टरनेट र सञ्जालले क्रेता र विक्रेताबिच सञ्चार माध्यमका रूपमा काम गर्छ । यसअन्तर्गत वस्तुको खरिद बिक्री गर्न क्रेता र विक्रेताबिच प्रत्यक्ष भेटघाट गरिरहनु पर्दैन । वस्तु तथा सेवाको आदानप्रदानका लागि क्रेता र विक्रेताबिचको सम्बन्ध इन्टरनेटबाट नै हुन्छ । इन्टरनेट व्यवसायमा कम्प्युटर प्रविधिको प्रयोग गरी विज्ञापन गर्ने, उत्पादन बढाउने, बजार व्यवस्थापन गर्ने कार्य गरिन्छ । सूचना आदानप्रदान गर्ने, उत्पादनको माग गर्ने, उपभोक्ताले बुकिङ गर्ने र उपयुक्त स्थानमा वस्तु तथा सेवा प्राप्त गर्ने कार्य पनि हुन्छ । विश्वभर कम्प्युटरमा इन्टरनेट सम्बन्ध जोडिएको हुनाले आपूर्तिकर्ता, मध्यस्थकर्ता, ग्राहक, प्रतिस्पर्धीसँग सजिलै सम्पर्क गरी व्यवसाय सञ्चालन गर्न सकिन्छ । विद्युतीय उपकरण, प्रविधि र सञ्जालमार्फत उत्पादक तथा वितरक सङ्घ सङ्गठनले आफ्ना वस्तु तथा सेवाका बारेमा ग्राहकलाई सूचना दिने र प्रोत्साहन गर्ने आदि कार्य गर्छन् । मध्यस्थकर्ताको संलग्नता नरहने तथा उत्पादक र उपभोक्ताबिच प्रत्यक्ष सम्बन्ध रहने कारण यसलाई प्रत्यक्ष बजार पनि मानिन्छ । यसमा मध्यस्थकर्ताको सहभागिता नहुने भएकाले उनीहरूलाई कमिसन, छुट र नाफा पनि

दिनुपर्दैन । उत्पादक र वितरकले आफ्ना वस्तु तथा सेवाका बारेमा विवरणात्मक क्याटलग वा सूची अनलाइनमा राख्छन् । त्यसपछि ग्राहकले त्यही अनलाइन हेरेर वस्तु तथा सेवाको खरिद आदेश पनि अनलाइनमार्फत दिन्छन् । ग्राहक विभिन्न खुद्रा पसलमा धाइरहनु पर्दैन । ग्राहकले घरमै बसी बसी वस्तुको मूल्य घटेको वा बढेको जानकारी सहजै प्राप्त गर्न सक्छन् । व्यक्तिगत सञ्चार हुनु, मध्यस्थकर्ता नरहनु, तथ्याङ्कको व्यवस्थित भण्डारण हुनु, ग्राहकसँग सोभ्मा सम्बन्ध रहनु इन्टरनेट बजारका मुख्य विशेषता हुन् । यसले उपभोक्ता र सङ्घसंस्थालाई प्रशस्त फाइदा पुऱ्याउँछ । सुविधाजनक हुनु, बृहत् छनोटको अवसर रहनु, प्रशस्त सूचना पाउनु उपभोक्ताका लागि फाइदाजनक पक्ष हुन् । सीमित ग्राहक र गोपनीयतामा कमी हुनु यसका मुख्य सीमा हुन् । आजकाल विकसित तथा विकासोन्मुख मुलुकमा यसको प्रभाव बढ्दै गएको छ ।

## सुनाइ पाठ १०

### चाणक्य

आचार्य चाणक्यले मित्र र शत्रुका केही खास विशेषता बताएका छन् । यसबाट मानिसले सही मित्र सजिलै छान्न सक्छन् । आचार्य चाणक्य महान् शासक चन्द्रगुप्त मौर्यका गुरु थिए । उनको नीतिलाई चाणक्य नीति भनिन्छ । चाणक्य नीतिमा शत्रु र मित्र कसरी चिन्ने भन्नेबारे चर्चा गरिएको छ । आचार्य चाणक्यका अनुसार जीवनमा सफल हुनका लागि सच्चा र असल मित्र बनाउनुपर्छ । जीवनमा  सफल हुनका लागि शत्रु हुनु पनि उत्तिकै जरुरी छ । चाणक्यका अनुसार मित्रले मानिसलाई सहयोग गर्छ तर शत्रुले मानिसका कमीकमजोरीलाई देखाएर सुधार्न मदत गर्छ । उनका अनुसार मानिस आफ्ना मित्रको कमजोरी र शक्तिका बारेमा राम्ररी जान्न सक्छन् । आफ्नो शत्रुलाई पराजित गर्न चाहने हो भने उसका कमजोरी र शक्तिका बारेमा जान्नु पनि धेरै महत्त्वपूर्ण हुन्छ । यदि सम्भव छ भने शत्रुसँग पनि मित्रता कायम राख्नु राम्रो हुन्छ । यदि कसैले सफलता प्राप्त गर्नु छ भने शत्रुसँग पनि राम्रो व्यवहार गर्नुपर्छ ।

## सुनाइ पाठ ११

### मकै खेती

नेपालका धान, मकै, गहुँ जस्ता प्रमुख तीन बालीमध्ये उत्पादनका आधारमा धानपछिको मुख्य बाली मकै हो । खास गरी पहाडी क्षेत्रमा महत्त्वपूर्ण खाद्यस्रोतका रूपमा मकैलाई लिइन्छ । मकै नेपालको एउटा परम्परागत खाद्य बाली भए तापनि अरू विकसित देशको दाँजामा भने यसको औसत उत्पादन कमै देखिन्छ । कम उत्पादन हुनुको मुख्य कारण जमिनको राम्रो तयारी नहुनु, गुणस्तरीय बिउको कम प्रयोग गर्नु र प्राङ्गारिक तथा अन्य मलको कमी हुनु आदि रहेका छन् । त्यस्तै मकै उत्पादमा वृद्धि गर्न न्यानो हावापानी र मध्यम बर्सात उपयुक्त हुन्छ । मकै खेतीमा मकै उम्रनका लागि २० डिग्री सेल्सियस तापक्रम आवश्यक पर्छ भने बिरुवा बढ्नका लागि औसत २१ देखि २७ डिग्री सेल्सियस तापक्रम उपयुक्त हुन्छ । मकै खेतीका लागि उर्वर, दोमट र भिरालो वा पानी नजम्ने ठाउँ राम्रो हुन्छ ।

धान चमरा निस्कने समयमा पानी अत्यधिक परेमा मकै बालीमा विभिन्न प्रकारका रोग लाग्ने, घोगामा कम दाना लाग्ने समस्या आउन सक्ने भएकाले सामान्यतया चैतको अन्तिम हप्तादेखि वैशाखको पहिलो हप्ताभित्र नै मकै रोप्नु राम्रो मानिन्छ । मकै खेतीका लागि जमिन तयार गर्दा बाली लगाउनुभन्दा अगाडि जमिनको राम्रो खनजोत गर्नुपर्छ । कम्पोस्ट मलको प्रयोग गर्नुपर्छ । त्यसपछि उपयुक्त बिउ छनोट गरी मकै छर्नुपर्छ ।

मकैमा प्रशस्त पोषण तत्त्व पाइन्छ । यसबाट भिटामिन डी, पोटासियम, फस्फोरस आदि प्रचुर मात्रामा पाइन्छ । ताजा कलिला मकैमा प्रशस्त रेसा हुने भएकाले खराब कोलेस्टोलको मात्रालाई कम गर्न सहयोग पुग्छ । त्यस्तै पेटको कब्जियत हटाउन सहयोग पुग्छ । त्यस्तै छालाको समस्या घटाउन, मस्तिष्कको ह्रास हुन नदिन उपयोगी हुन्छ । मधुमेहका बिरामीका लागि पनि यो निकै उपयोगी मानिन्छ । सामान्यतः नेपालमा मकै उसिनेर, पोलेर, भुटेर साथै पिँधेर विभिन्न परिकार बनाएर खाने गरिन्छ । कुनै समयमा नेपाली समाजमा कमसल खाद्यका रूपमा मानिने मकैका परिकार अहिले सामान्य रेस्टुराँदेखि तारे होटेलसम्म उत्तिकै महत्त्वका साथ पाक्ने गरेको पाइन्छ ।

## सुनाइ पाठ १२

### लिङ्गे पिङ

दसैँको टीकाको दिन एकछिन भए पनि धर्ती छोड्नुपर्छ अर्थात् धर्तीमा टेक्नुहुँदैन' भन्ने परम्परागत कथन छ । यही कथनलाई चरितार्थ गर्दै दसैँका वेला गाउँ सहर जताततै लिङ्गे पिङ हाल्ने र खेल्ने चलन छ । गाउँदेखि सहरसम्म दसैँ आउनु केही समयअगिदेखि नै लिङ्गे पिङ हालेर खेलिने चलन नेपालीको मौलिक परम्परा हो । दसैँ आउनुअगि नै खरबारीमा गई बाबियो काटेर ल्याउने, अलि पाको मान्छेलाई बाबियोको लठ्ठा बाट्न लगाउने, काठ वा बाँसका खाँबा हालिने र पिङ बनाएर मज्जाले पिङ खेल्ने गज्जबको चलन छ । यसरी दसैँ, तिहार जस्ता चाडपर्वमा गाउँ सहर जताततै लिङ्गे पिङ हालिन्छ र आआफ्ना साथीभाइ, दौतरीसँग भेला भएर चचहुइ गर्दै पिङमा मच्चिएर रमाइलो गरिन्छ । यसरी पिङ खेल्न बालबालिकादेखि युवाको भीड हुने गर्छ । यो सबैको मनोरञ्जन गर्ने साधन हो । यो संस्कृतिक परम्पराको जगेर्ना र सामाजिक सद्भाव कायम राख्ने माध्यम हो ।

दसैँका वेला गाउँका चौतारी, दोबाटो र डाँडामा जम्मा भएर सामूहिक रूपमा पिङ खेल्ने र रमाइलो गर्ने यो परम्परालाई जीवन्त राख्नुपर्छ । अहिलेका युवापुस्तालाई आफ्ना परम्परागत मान्यता, सिप र प्रविधितर्फ थप आकर्षित गर्नुपर्छ । आजभोलि त परम्परागत पिङ बनाउने आवश्यक सामग्री र बनाउने मान्छेको कमी छ । आजभोलि विज्ञान र प्रविधिको युगसँगै पिङका लागि बाबियोको सट्टा नाइलन जस्ता साधनको प्रयोग गरी आधुनिक पिङ बनाउने चलन छ । साथै विभिन्न मेला र उत्सवमा विद्युत्बाट चल्ने पिङको प्रयोग गर्ने र मनोरञ्जन गर्ने चलन छ । हाम्रा यस्ता मौलिक संस्कृति र परम्परालाई नयाँ पुस्ताले संरक्षण र संवर्धन गर्न जरुरी छ ।

## सुनाइ पाठ १३

### मेरो छोराले के सिकोस्

ह्वाइट हाउस, वासिङ्टन

२/४/१८८२

श्री प्रधानाध्यापकज्यू,

मेरो छोराले सबै मानिस एकै किसिमका हुँदैनन् भन्ने कुरा सिकोस् । समाजमा सज्जन मानिस हुन्छन् । दुष्ट र स्वार्थी पनि हुन्छन् । त्यस्तै निष्ठावान् राजनेता छन् भने स्वार्थी राजनीतिज्ञ पनि छन् । त्यस्तै शत्रु पनि छन् मित्र पनि छन् । यो कुरा बुझाउन त समय लाग्ला नै तापनि उसलाई परिश्रम गरी कमाएको एक डलर सित्तैमा कमाएको पाँच डलरभन्दा मूल्यवान् हुन्छ भन्ने कुरा बताइदिनुस् । उसले विजय र पराजय भनेको के हो, राम्ररी बुझोस् । त्यस्तै ईर्ष्याले मुक्त भएको हाँसोको भित्री मर्म बुझोस् । उसलाई आकाशमा उडिरहेका चरा, घमाइलो दिनमा भुनभुनाइरहेका मौरी र पहाडी काखमा फुलेका फूलको शाश्वत रहस्य बुझ्न केही समय दिनुहोस् ।

मेरो छोरो जतातिर हुल छ, त्यतैतिर लाग्ने प्रवृत्तिको नहोस् । सुनेका कुरालाई राम्ररी छुट्याउन सक्ने होओस्, दुःख र कष्टमय अवस्थामा प्रफुल्ल रहन सक्ने होस् ।

उसलाई कहिलेकाहीँ आँखाबाट आँसु झार्नु लाजमर्दो कुरो होइन भनिदिनुहोस् । ऊ आफ्नो बाउबल, बुद्धि र सामर्थ्यमा विश्वास गरोस् । यदि उद्देश्य उपयुक्त र सही छ भने जस्तोसुकै विरोध भए पनि जिउ ज्यानले लागिपरोस् । उसमा सत्य र न्याय प्राप्तिका लागि सङ्घर्ष गर्न सक्ने साहस र दृढ शक्तिको विकास गरिदिनुहोस् । ऊसँग नम्र त हुनुहोस् तर उसले टाउकाले टेक्ने गरी चाहिँ होइन । सम्झनुहोस्, आगाका लप्काबाटै फलाम खारिन्छ । ऊभित्र साहस र सधैँ केही गरौँ भन्ने भावना भइरहोस् । मेरो छोरो स्वयम् निर्भिक, साहसी र उत्साही बन्न प्रेरित भइरहोस् अनि मात्र ऊ मानवताप्रति परम् आस्थावान् हुनसक्छ, धन्यवाद ।

तपाईंको अब्राहम लिन्कन

## सुनाइ पाठ १४

### सङ्गीत

नृत्य, गीत र वाद्यवादनको मेल नै सङ्गीत हो । सङ्गीतले मावन हृदयलाई आह्लादित तुल्याउँछ । मूलतः सङ्गीतलाई पूर्वीय र पाश्चात्य गरी दुई भागमा बाडिन्छ । पूर्वीय र पाश्चात्य सङ्गीतको छुट्टाछुट्टै पहिचान र महत्त्व छ । पूर्वीय सङ्गीतमा प्रयोग हुने बाजा भिन्नै किसिमका छन् । ती बाजा आर्थिक दृष्टिकोणले पनि त्यति महँगा छैनन् । प्रायः काठबाट निर्मित त्यस्ता वाद्यवादनमा हाम्रा नेपालीको सिप पोखिएको हुन्छ । मादल, खैँजडी, डम्फु, च्याब्रुङ, नौमती बाजा, मुजुरा, मुरली, सारङ्गी, टुङ्ना, मुर्चुङ्गा, बिनायो, एकतारे, ढ्याङ्ग्रो, कठताल आदि बाजा नेपाली सिप र कलाका उपज हुन् । तीमध्ये नौमती बाजा नेपाली समाजमा बढी प्रचलित बाजा हो । नौमती बाजामा सनही दुईओटा, दमाहा दुईओटा, ट्याम्को, कर्नाल, झ्याम्टा, नरसिङ्गा, ढोलक एक एकओटा गरी नौओटा बाजा पर्छन् । नेपाली समाजमा यी बाजा निकै लोकप्रिय र प्रसिद्ध छन् । समाजका हरेक खुसियालीमा यस किसिमका बाजा बजाइने गरिन्छ । यी माथिका बाजाबाट निस्किएको सङ्गीतले मानवीय हृदयलाई प्रफुल्लित पार्छ ।

## सुनाइ पाठ १५

### सामाजिकीकरण

मानिस सामाजिक प्राणी हो । समजिक गुणबिना मानव जीवन अर्थहीन हुन्छ । मानवमा जन्मदेखि नै सामाजिक गुण विकास भएका हुँदैनन् । मानवलाई सामाजिक प्राणी बनाउने काम शिक्षाले नै गर्छ । यसका लागि मानव मानवबिचको पारस्परिक सहयोग जरुरी हुन्छ । समाजले चाहेका व्यवहार, स्वीकार गरेका मूल्य र प्रचलित सिद्धान्तलाई आत्मसात् गर्न नसकेसम्म कुनै पनि व्यक्तिलाई समाजमा मिलेर बाँच्न मुस्किल पर्छ । जीवनयापनका क्रममा व्यक्तिले सामाजिक मूल्य, मान्यता, सिद्धान्त र विचारलाई आत्मसात् गर्दै जान्छ । त्यसपछि ऊ सामाजिक प्राणीमा विकसित हुन्छ । समाजमा योग्य नागरिक बन्नका लागि उसले सामाजिक मूल्य र आदर्शसँग परिचित हुनुपर्छ । त्यसैले बालकलाई जन्मेदेखि नै सामाजिक संस्कारयुक्त व्यवहार गर्न सिकाइन्छ । हरेक व्यक्तिले अनिवार्य रूपमा गर्ने सिकाइको यही प्रक्रिया नै सामाजिकीकरण हो । समाजले स्वीकार गरेका मूल्य मान्यता, सिद्धान्त एवम् आदर्श ग्रहण र त्यसैअनुसारको जिम्मेवारी पूर्ण भूमिका निभाउन नसकेमा सामाजिकीकरणमा बाधा पुग्छ । मानिसले समाजमा आफ्नो के स्थान हो र अरूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने कुरा सामाजिकीकरणबाट सिक्छ । सामाजिकीकरणबाट नै बालबालिकाले आआफ्नो समजिक मूल्यमान्यता, विश्वास र आदर्श सिक्दै जान्छ । तसर्थ व्यक्तिको व्यक्तित्व विकासमा सामाजिकीकरणको अहम् भूमिका रहन्छ ।

## सुनाइ पाठ १६

### भाषाशैली

कुनै पनि भाव अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरिका शैली हो । विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छाटकाट आदिलाई नै शैली भनिन्छ । हुन त शैली एक साधन मात्र हो तर सबै साहित्यिक कृतिमा शैलीको महत्त्व हुन्छ । भाषाको स्वाभाविक सुन्दरता, सशक्तता, साहित्यिक उच्चता र लेखकको योग्यताबाट शैलीको जन्म हुन्छ । जबसम्म कुनै वैशिष्ट्य आउँदैन, त्यसलाई भाषाशैली भन्न सकिँदैन । शैली विज्ञानले कुनै रचनाकारको विशिष्ट रचना, कौशल वा अभिव्यक्तिलाई शैली मान्छ । शाब्दिक प्रयोग र भाषिक उच्चताका दृष्टिले शैली सरल र अलङ्कृत गरी दुई प्रकारका हुन्छन् । यस्तै शैलीलाई वर्णनात्मक, आत्मकथनात्मक, हास्यमय, व्यङ्ग्यमय आदिमा विभाजन गरेको पाइन्छ । शैली रचनाकारको व्यक्तित्वको परिचायक भएकाले व्यक्तिपिच्छे फरक हुन्छ । शैलीले सामान्य भाषाको विचलन गरी विशिष्टता प्रदान गर्छ भने शैली सौन्दर्यबोधक तत्त्व पनि हो । त्यसैले बोलचालको सामान्य भाषामा विचलन देखापरेपछि त्यो विचलित अभिव्यक्ति नै रचनाको शैली बनेको हुन्छ ।

## सुनाइ पाठ १७

### हिमालपारिको जिल्ला मनाङ

मनाङलाई हिमालपारिको जिल्ला भनेर चिनिन्छ । मनाङ जिल्लाको सदरमुकाम चामे हो । यसको सदरमुकामसम्मको उचाइ समुद्र सतहदेखि २८३१ मिटर रहेको छ । विश्वकै अग्लो स्थानमा रहेको तिलिचो ताल भएको जिल्लाका रूपमा पनि चिनिने गर्छ । यहाँ जानका लागि पृथ्वी राजमार्गअर्न्तगतको तनहुँ जिल्लाको डुम्रे हुँदै लमजुङको बेसीसहर जाने गाडी चढनुपर्छ । बेसीसहरको मनाङे चौताराबाट मनाङ जाने सवारी साधन चढेपछि मनाङ जान सडक मार्गबाट बिस्तारै अगि बढ्दै जानुपर्छ । जिल्लामा ठुला सवारी साधन आउन सक्ने सडक नभएकाले बोलेरो जिपबाट यात्रा गर्नुपर्छ । अन्य सवारी साधनका हकमा चारपाङग्रे साना सवारी साधन फोरहि्वल भएका साधन लिएर मनाङको यात्रा गर्न सकिन्छ । मर्स्याङ्दी नदीको छेउ छेउ हुँदै मनाङको यात्रा हुन्छ । बेसीसहरबाट हिँडेपछि अगाडिका लमजुङ जिल्लाका रमणीय ठाउँले पर्यटकलाई लोभ्याउँछन् । बढ्दै जाँदा लमजुङ जिल्लाका खुदी, भुलभुले, ङादी, बाउन डाँडाँ, स्याँगे, जगत, च्याम्चे गाउँ हुँदै लमजुङ र मनाङको सिमाना रहेको

मार्दी खोला पुगिन्छ । मनाङ जिल्लामा सबैको स्वागतका लागि तम्तयार भएर बसेको अति रमणीय गाउँ ताल गाउँ आइपुग्छ । मनाङ जिल्लामा प्रवेश गरेपछिको पहिलो गाउँ ताल गाउँ हो ।

मनाङ जिल्लाको पहिलो गाउँ ताल गाउँलाई पनि पछि पार्दै अर्को गाउँ आउछ धारापानी । धारापानीमा प्रहरीको चेकजाचपश्चात् फेरि पनि अगाडि बढनुपर्छ । धारापानी गाउँबाट अगाडि बढने क्रममा उकालो चढेपछि तिमाङ हुँदै कोतो पुगिन्छ । कोतोमा रहेको प्रहरी चौकी जाचपश्चात् कोतोबाट नार्फु गाउँ पुगिन्छ । कोतोको प्रहरी चेकजाचपछि केही समयमै मनाङ जिल्लाको सदरमुकाम चामे पुगिन्छ । चामेमा रहेको तातोपानी कुण्डमा स्नान गर्नुको मज्जा नै बेग्लै छ । चामेबाट अगाडि बढेपछि तलेखु, भ्राताङ, स्वार्गद्वारी,  ढुकुर पोखरी हुँदै पिसाङ पुगिन्छ । पिसाङबाट हुम्डे, भ्राका हुँदै अपर मनाङ पुगिन्छ । यही अपर मनाङ गाउँको नामबाटै मनाङ जिल्लाको नामाकरणसमेत गरिएको हो । मनाङभन्दा माथि तिलिचो ताल जाने मार्गतर्फ खाङसारसम्म मात्र सडक मार्ग रहेको छ । यता थोरङगला पास गर्न जाने मार्गतिर भने सडक मार्ग अपर मनाङसम्म मात्र भएकाले बाँकी यात्राका लागि भने पैदलै तय गर्नुपर्ने देखिन्छ ।

मनाङ जिल्लाको पर्यटकीय क्षेत्र मा अत्यधिक आन्तरिक तथा बाह्य पर्यटकले हेर्ने र घुम्न जाने भनेकै तिलिचो ताल हो । विश्वको सर्वाधिक उचाइमा रहेको यो तालको नाम विश्वमा प्रख्यात छ । तिलिचो ताल विश्वकै सर्वाधिक उचाइ ४९१९ मिटर मा अवस्थित छ । तिलिचो तालाका साथै यहाँका गङ्गापूर्ण ताल, द्रोण ताल र आइस लेक (हिम ताल) पनि अति रमणीय स्थान छन्  । यहाँका प्रसिद्ध हिमालमा लमजुङ हिमाल, पिसाङ हिमाल, काङ्गला हिमाल, अन्नपूर्ण द्वितीय, अन्नपूर्ण तृतीय हिमाल, गङ्गापूर्ण हिमाल, जुलु हिमाल (चुलु हिमाल), थोराङला हिमाललगायत पिसाङ पिक, हिमाली शृङ्खला पर्यटकको दोस्रो रोजाइमा पर्छन् । चिसो पानी छङछङ बग्ने मस्याङदी नदी खोला बगेको यो जिल्ला घोरल, पाटेबाघ हिउँ चितुवा, भालु जस्ता जीवजन्तु यार्चागुम्बा पाँच औँले टिमुर,  जिम्बु, जटामसी, कुटुकी, गछेच्याउ, कुरीलो जस्ता जडीबुटीका लागिसमेत प्रसिद्ध छ । यहाँ स्याउ खेती, आलु खेती, फापर खेती, कोदो खेती गरिन्छ ।